**प्रकाशकः**

बागमती प्रदेश सरकार

**प्रदेश नीति तथा योजना आयोग**

हेटौँडा, नेपाल



फोनः (+९७७) ०५७-५२०५२४

इमेलः pradeshyojanahtd@gmail.com

वेबसाइटः pppc.bagamati.gov.np


## बागमती प्रदेशको पहिलो आवधिक योजना

## (२०७६/७७-२०८०/८१ को

# मध्यावधि प्रगति समीक्षा प्रतिवेदन

२०७९

## प्रदेश नीति तथा योजना आयोग

बागमती प्रदेश

हेटौँडा, नेपाल

# विषय सूची


परिच्छेद-एक : परिचय ........ १४

१.१ पृष्ठभूमि ........ १४

१.२ प्रदेशको संक्षिप्त वस्तुस्थिति ........ १४

१.३ मध्यावधि समीक्षाको उद्देश्य ........ १५

१.४ समीक्षाको क्रममा अपनाइएका विधि र प्रक्रिया ........ १५

१.५ अध्ययनको सीमा ........ १७

परिच्देद-दुई : प्रदेशको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यको समीक्षा ........ १८

२.१ पृष्ठभूमि ........ १८

२.२ दीर्घकालीन सोच ........ १८

२.३ आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य ........ २०

२.४ आवधिक योजनाको रणनीति तथा कार्यनीति ........ २७

२.५ परिमाणात्मक उपलब्धि ........ २८

२.६ योजनामा गरिएको लगानी ........ २९

२.७ कोभिड १९ महामारीको असर ........ ३२

२.७.१ पृष्ठभूमि ........ ३२

२.७.२ दिगो विकास लक्ष्य प्राप्तिमा परेको असर ........ ३२

२.७.३ कृषि तथा सोसँग सम्बन्धित व्यवसायमा परेको असर ........ ३४

२.७.४ उद्योग, व्यापार व्यवसायमा कोभिड १९ को असर ........ ३५

२.७.५ विप्रेषण आप्रवाहमा परेको असर ........ ३६

२.७.६ सामाजिक आर्थिक प्रभाव ........ ३६

२.७.७ स्वास्थ्य क्षेत्रमा परेको असर ........ ३७

२.८ योजनाका लक्ष्य प्राप्तिमा देखिएका प्रमुख समस्याहरू ........ ३८

२.९ समस्या समाधानका लागि सुझावहरू ........ ४०

परिच्छेद —तीन : प्रमुख आर्थिक क्षेत्र ........ ४६

३.१ समष्टिगत आर्थिक क्षेत्र ........ ४६

३.१.१ पृष्ठभूमि ........ ४६

३.१.२ उपलब्धि विश्लेषण ........ ४६

३.१.३ समस्या तथा सुझावहरू ........ ५२

**३.२ कृषि** ........ ५२

३.२.१ पृष्ठभूमि ........ ५२

३.२.२ उपलब्धि विश्लेषण ........ ५२

३.२.३ समस्या तथा सुझावहरू ........ ६३

**३.३ उद्योग** ........ ६४

३.३.१ पृष्ठभूमि ........ ६४

३.३.२ उपलब्धि विश्लेषण ........ ६४

३.३.३ समस्या र सुझाव ........ ६८

**३.४ वाणिज्य तथा आपूर्ति** ........ ६९

३.४.१ पृष्ठभूमि ........ ६९

३.४.२ उपलब्धि विश्लेषण ........ ६९

३.४.३ समस्या र सुझावहरू ........ ७१

**३.५ पर्यटन** ........ ७२

३.५.१ पृष्ठभूमि ........ ७२

३.५.२ उपलब्धि विश्लेषण ........ ७२

३.५.३ समस्या तथा सुझावहरू ........ ७६

**३.६ सहकारी** ........ ७६

३.६.१ पृष्ठभूमि ........ ७६

३.६.२ उपलब्धि विश्लेषण ........ ७७

३.६.३ समस्या तथा सुझावहरू ........ ८०

**परिच्छेद –चार : सामाजिक क्षेत्र** ........ ८२

**४.१ शिक्षा** ........ ८२

४.१.१. पृष्ठभूमि ........ ८२

४.१.२ उपलब्धि विश्लेषण........ ८२
४.१.३ समस्या र सुझावहरू........ ८९
**४.२ स्वास्थ्य, पोषण र जनसङ्ख्या**........ ९१
४.२.१ पृष्ठभूमि ........ ९१
४.२.२ उपलब्धि विश्लेषण........ ९२
४.२.३ समस्या र सुझावहरू........ १०१
**४.३ लैङ्गिक समानता, सामाजिक समावेशीकरण र संरक्षण**........ १०२
४.३.१ पृष्ठभूमि ........ १०२
४.३.२ उपलब्धि विश्लेषण........ १०३
४.३.३ समस्या र सुझावहरू........ ११०
**४.४ युवा तथा खेलकुद**........ १११
४.४.१ पृष्ठभूमि ........ १११
४.४.२ उपलब्धि विश्लेषण........ ११२
४.४.३ समस्या र सुझावहरू........ ११५
**४.५ भाषा, संस्कृति र कला**........ ११६
४.५.१ पृष्ठभूमि ........ ११६
४.५.२ उपलब्धि विश्लेषण........ ११७
४.५.३ समस्या र सुझावहरू........ १२०
**परिच्छेद – पाँच : सहरीकरण र पूर्वाधार विकास**........ १२१
**५.१ सहरीकरण**........ १२१
५.१.१ पृष्ठभूमि ........ १२१
५.१.२ उपलब्धिको विश्लेषण........ १२२
५.१.३ समस्या र सुझावहरू........ १२४
**५.२ यातायात**........ १२४
५.२.१ पृष्ठभूमि ........ १२४

५.२.२ उपलब्धि विश्लेषण......१२४

५.२.३ समस्या र सुझावहरू......१२८

**५.३ उर्जा**......१२९

५.३.१ पृष्ठभूमि ......१२९

५.३.२ उपलब्धि विश्लेषण......१३०

५.३.३ समस्या र सुझावहरू......१३३

**५.४ दूरसञ्चार**......१३३

५.४.१ पृष्ठभूमि ......१३३

५.४.१ उपलब्धि विश्लेषण......१३४

५.४.३ समस्या र सुझावहरू......१३५

**५.५ सिँचाइ**......१३५

५.५.१ पृष्ठभूमि ......१३५

५.५.२ उपलब्धि विश्लेषण......१३६

५.५.३ समस्या र सुझावहरू......१३८

**५.६ आवास, बस्ती विकास र भवन निर्माण**......१३८

५.६.१ पृष्ठभूमि१३८

५.६.२ उपलब्धि विश्लेषण......१३९

५.६.३ समस्या र सुझाव......१४१

**५.७ खानेपानी, सरसफाइ र फोहोरमैला व्यवस्थापन**......१४१

५.७.१ पृष्ठभूमि ......१४१

५.७.२ उपलब्धि विश्लेषण......१४३

५.७.३ समस्या र सुझावहरू......१४५

**५.८. प्राकृति प्रकोप तथा मानव सिर्जित जोखिमबाट सुरक्षा**......१४५

५.८.१ पृष्ठभूमि ......१४५

५.८.२ उपलब्धि विश्लेषण......१४६

५.८.३ समस्या र सुझावहरू......१४७

**५.९ लगानी, वित्त, जग्गा र संस्थागत व्यवस्था** ...... १४७
५.९.१ पृष्ठभूमि ...... १४७
५.९.२ उपलब्धि विश्लेषण ...... १४८
५.९.३ समस्या र सुझावहरू ...... १४९

**परिच्छेद–६ : वन, वातावरण र विपद् व्यवस्थापन** ...... **१५०**
**६.१ वन व्यवस्थापन तथा जलाधार संरक्षण** ...... १५०
६.१.१ पृष्ठभूमि ...... १५०
६.१.२ उपलब्धि विश्लेषण ...... १५०
६.१.३ समस्या तथा सुझावहरू ...... १५५
**६.२ वातावरण व्यवस्थापन र जलवायु परिवर्तन** ...... १५५
६.२.१ पृष्ठभूमि ...... १५५
६.२.२ उपलब्धि विश्लेषण ...... १५६
६.२.३ समस्या तथा सुझावहरू ...... १५९
**६.३ विपद् जोखिम व्यवस्थापन** ...... १६०
६.३.१ पृष्ठभूमि ...... १६०
६.३.२ उपलब्धि विश्लेषण ...... १६१
६.३.३ समस्या तथा सुझावहरू ...... १६५
**परिच्छेद–सात : अन्तरसम्बन्धित क्षेत्र** ...... **१६६**
**७.१ श्रम तथा रोजगार** ...... १६६
७.१.१ पृष्ठभूमि ...... १६६
७.१.२ उपलब्धि विश्लेषण ...... १६६
७.१.३ समस्या तथा सुझावहरू ...... १६९
**७.२ गरिबी निवारण** ...... १७०
७.२.१ पृष्ठभूमि ...... १७०
७.२.२ उपलब्धि विश्लेषण ...... १७०

७.२.३ समस्या तथा सुझावहरू............................................................................................१७३

**७.३ सुशासन**............................................................................................१७४

७.३.१ पृष्ठभूमि ............................................................................................१७४

७.३.२ उपलब्धि विश्लेषण............................................................................................१७४

७.३.३ समस्या तथा सुझावहरू............................................................................................१८१

**७.४ सूचना तथा सञ्चार**............................................................................................१८१

७.४.१ पृष्ठभूमि ............................................................................................१८१

७.४.२ उपलब्धि विश्लेषण............................................................................................१८२

७.४.३ समस्या तथा सुझावहरू............................................................................................१८४

**७.५ विज्ञान तथा प्रविधि**............................................................................................१८५

७.५.१ पृष्ठभूमि ............................................................................................१८५

७.५.२ उपलब्धि विश्लेषण............................................................................................१८५

७.५.३ समस्या तथा सुझावहरू............................................................................................१८७

**७.६ तथ्याङ्क प्रणाली, योजना प्रक्रिया एवम् अनुसन्धान**............................................................................................१८८

७.६.१ पृष्ठभूमि ............................................................................................१८८

७.६.२ उपलब्धि विश्लेषण............................................................................................१८८

७.६.३ समस्या तथा सुझावहरू............................................................................................१९१

# तालिका सूची

तालिका १ : दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरूः ............................................ १८
तालिका २ : सुसंस्कारका लक्ष्य, गन्तव्य र सूचकहरू ........................................................ २१
तालिका ३ : सुखका लक्ष्य, गन्तव्य र सूचकहरू ................................................................ २२
तालिका ४: समृद्धिका लक्ष्य, गन्तव्य र सूचकहरू ................................................................ २४
तालिका ५: विषयगत रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था ........................................ २७
तालिका ६: योजनाको परिमाणात्मक उपलब्धि समीक्षा विवरण .................................................. २८
तालिका ७: विषय क्षेत्रगत उपलब्धि विवरण ....................................................................... २९
तालिका ८समीक्षा अवधिमा प्रदेश सरकारको विनियोजन र खर्चको विवरण :............................ ३०
तालिका ९ :आन्तरिक आयको विवरण ................................................................................ ३०
तालिका १० :राजस्वमा कर राजस्व र गैरकर राजस्वको हिस्सा ............................................. ३१
तालिका ११ :पुँजीगत खर्चको प्रवृत्ति ................................................................................ ३१
तालिका १२: दिगो विकास लक्ष्यमा कोभिड १९ को प्रभावसम्बन्धी विवरण ............................. ३२
तालिका १३: प्रदेशगत कोभिड १९ सङ्क्रमण, निको हुने र मृत्युदर ......................................... ३७
तालिका १४: समष्टिगत आर्थिक क्षेत्रसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था .................... ५०
तालिका १५: कृषि, पशुपक्षी तथा मत्स्य विकाससम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ......... ५९
तालिका १६: खाद्य सुरक्षासम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ..................................... ६२
तालिका १७: भूमि व्यवस्थासम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ................................. ६२
तालिका १८: उद्योगसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ............................................ ६७
तालिका १९: खानी तथा उत्खनन्सम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था .......................... ६८
तालिका २०: वाणिज्य तथा आपूर्ति उपक्षेत्रको परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ..................... ७०
तालिका २१: पर्यटन उपक्षेत्रको परिमाणात्मक लक्ष्य र प्रगति अवस्थाः ...................................... ७४
तालिका २२: सहकारीसम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण ........................... ७९
तालिका २३: शिक्षा उपक्षेत्रको परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण ........................... ८७
तालिका २४: स्वास्थ्य तथा पोषण उपक्षेत्रका परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण ......... ९८
तालिका २५: जनसङ्ख्या र बसाइँसराइ उपक्षेत्रका परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण १००
तालिका २६: सामाजिक समावेशीकरण उपक्षेत्रका परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण . १०८
तालिका २७: सामाजिक सुरक्षा र संरक्षणसम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धि विवरण ........... १०८
तालिका २८: जेष्ठ नागरिकसम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धि विवरण ............................. १०९
तालिका २९: अपाङ्गतासम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धि विवरण ................................. १०९

तालिका ३०: बालबालिका तथा किशोर किशोरीसम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धि विवरण ....१०९
तालिका ३१: युवा तथा खेलकुद उपक्षेत्रका परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण..........११५
तालिका ३२: भाषा, साँस्कृति र कला उपक्षेत्रको परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण....११९
तालिका ३३: सहरीकरण, आवास तथा बस्ती विकास उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण ........................................................................................................१२३
तालिका ३४: यातायात उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण................................१२७
तालिका ३५: जलविद्युत् उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण...............................१३१
तालिका ३६: सौर्य तथा नवीकरणीय उर्जा उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण .........१३२
तालिका ३७: सिँचाइ उक्षेत्रका परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण...................................१३७
तालिका ३८: खानेपानी, सरसफाइ र फोहोरमैला उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण १४४
तालिका ३९: वन व्यवस्थापन तथा जलाधार संरक्षणसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था...१५३
तालिका ४०: वातावरण व्यवस्थापन र जलवायु परिवर्तनसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ........................................................................................................१५९
तालिका ४१: प्रकोप व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था..........................१६२
तालिका ४२: विपद् व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ..........................१६३
तालिका ४३: श्रम तथा रोजगारीसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था .........................१६८
तालिका ४४: गरिबी निवारणसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था.............................१७२
तालिका ४५: सुशासन र क्षमता विकाससम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था.................१७७
तालिका ४६: मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थासम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ..................................................................................................१७९
तालिका ४७: सूचना तथा सञ्चारसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था........................१८३
तालिका ४८: विज्ञान तथा प्रविधिसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ........................१८६
तालिका ४९: तथ्याङ्क, योजना प्रकृया तथा अनुसन्धानसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था ........................................................................................................१९०

# मन्तव्य

विक्रम सम्वत् २०७२ मा नेपालको संविधान जारी भएपछि नेपाल लामो समयदेखि विद्यमान एकात्मक शासन प्रणालीबाट सङ्घीय शासन प्रणालीमा रूपान्तरण भएको थियो । संविधान जारी भएपछि २०७४ सालमा भएको प्रदेशसभाको निर्वाचनपछि अन्य प्रदेशमा जस्तै यस प्रदेशमा पनि प्रदेश सरकारको गठन भएको थियो । प्रजातान्त्रिक संस्थाको रूपमा प्रदेशसभा र सरकारको गठनसँगै संविधानमा व्यवस्थित अधिकार क्षेत्रभित्रका जिम्मेवारी वहनको अभ्यास सुरु भयो ।

सङ्घीय स्वरूपको एक प्रादेशिक भूगोल हुँदाहुँदै पनि बागमती प्रदेश सङ्घीय राजधानी र नेपालकै प्रमुख आर्थिक सामाजिक गतिविधिको एक महत्त्वपूर्ण क्षेत्र हो । यही तथ्यलाई दृष्टिगत गरी प्रदेशको योजनाबद्ध विकासका लागि बागमती प्रदेश सरकारले प्रदेश नीति तथा योजना आयोगको तत्कालै गठन गरेको थियो । आयोगको गठनसँगै बागमती प्रदेशको आर्थिक सामाजिक विकासको लागि पहिलो आवधिक योजना तर्जुमा गर्ने कामले गति लिएको थियो। फलस्वरूप, २०७६ सालमा प्रदेशको पहिलो पञ्चवर्षीय आवधिक योजना (२०७६/७७-२०८०/८१) तयार भई कार्यान्वयनमा आएको थियो । यो योजना कार्यान्वयनमा आएको तीन वर्ष पुरा भइसकेको छ ।

प्रदेशस्तरीय संरचनाहरू भर्खर भर्खर निर्माण भइरहेका, प्रदेशस्तरको आवधिक योजनाको पहिलो अभ्यास भएको र पन्ध्रौं राष्ट्रिय योजना तर्जुमा हुनुभन्दा अगाडि तर्जुमा गरिएको कारण यस योजनाको मध्यावधि समीक्षा नियमित रूपमा गरिने समीक्षाभन्दा बढी महत्त्वपूर्ण हुने भएकोले नै योजना कार्यान्वयनको बिचमा यसको मध्यावधि समीक्षा गर्ने व्यवस्थालाई योजनाको दस्ताबेजमा नै समावेश गरिएको थियो । फेरि, आवधिक योजना कार्यान्वयनमा आएको दोस्रो वर्षदेखि नै कोभिडको विश्वव्यापी महामारी सुरु भई असामान्य अवस्था सिर्जना भएको थियो । कोभिडका कारण योजनाका गतिविधि कसरी प्रभावित भयो भन्ने विषय पनि योजना प्रक्रियामा संलग्न सबैको चासोको विषय बन्न पुगेको थियो ।

यही पृष्ठभूमिमा प्रदेश नीति तथा योजना आयोगले प्रदेशको पहिलो आवधिक योजनाको मध्यावधि समीक्षा गरी यो प्रतिवेदन सार्वजनिक गरेको छ । योजना प्रक्रिया भनेको निरन्तरको सिकाइको अनुभव र अभ्यासहरूको परिमार्जन पनि हो । यस अर्थमा यो मध्यावधि समीक्षाले आवधिक योजनाको बाँकी अवधिमा गर्नुपर्ने गतिविधि निर्क्योल गर्न, आगामी दिनमा योजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने सुधारको मार्गचित्र प्रदान गर्न र भविष्यमा तर्जुमा गरिने अर्को आवधिक योजनाका लागि आधार तयार गर्न ठोस रूपमा सहयोग गर्ने विश्वास लिएको छु ।

अन्तमा, आवधिक योजनाको मध्यावधि समीक्षामा संलग्न माननीय मुख्यमन्त्रीज्यू लगायत सम्पूर्ण माननीय मन्त्रीज्यूहरू, प्रमुख सचिव, सचिव, लगायत सम्पूर्ण प्रदेश सरकारका कर्मचारीहरू, प्रदेश नीति तथा योजना आयोगका पदाधिकारी एवम् कर्मचारी तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै समीक्षा कार्यलाई सहजीकरण गर्न प्राविधिक सहयोग उपलब्ध गराउने द एसिया फाउन्डेसनप्रति अभार व्यक्त गर्दछु ।

प्रा.डा. नरविक्रम थापा
उपाध्यक्ष

# कार्यकारी सारांश

बागमती प्रदेशले पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । पहिलो आवधिक योजना भएकोले यसमा लिइएका रणनीति तथा कार्यनीतिको कार्यान्वयनको अवस्था कस्तो रह्यो, लक्षित उपलब्धिहरू के कति हासिल भए, त्यसबाट योजनाको समग्र लक्ष्य, उद्देश्य प्राप्तिमा कत्तिको योगदान पुग्यो र भविष्यमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषय उजागर गर्ने प्रयोजनका लागि प्रदेश नीति तथा योजना आयोगले यो मध्यावधि प्रगति समीक्षा गरेको छ।

यस प्रदेशमा १३ जिल्ला र ३ महानगरपालिका, एक उप-महानगरपालिका, ४१ नगरपालिका तथा ७४ गाउँपालिका गरी कुल ११९ स्थानीय तह रहेका छन् । प्रदेशको राजधानी मकवानपुर जिल्लाको हेटौंडामा अवस्थित छ । २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजाअनुसार यस प्रदेशको जनसङ्ख्या ६० लाख ८४ हजार ४२ रहेको छ । देशको राजधानी काठमाडौं यसै प्रदेशमा रहनुका साथै देशका महत्त्वपूर्ण आर्थिक गतिविधिहरू पनि यसै प्रदेशमा सञ्चालित छन् । यस प्रदेशको आर्थिक तथा सामाजिक सूचकाङ्क पनि तुलनात्मक रूपमा अन्य प्रदेसहरूको भन्दा राम्रो रहेको छ ।

आवधिक योजनाको विगत तीन वर्षको समष्टिगत भौतिक र वित्तीय प्रगतिको समीक्षा, योजनाले लिएका नीतिगत, कार्यक्रमिक तथा नतिजा सूचकहरूमा समायोजन, आगामी आवधिक योजनाको लागि पृष्ठपोषण, सङ्घीय सरकार, स्थानीय तह र प्रदेश सरकारबिचको सहयोग, समन्वय र सहकार्यको अवस्थाको समीक्षा, आवधिक योजना र वार्षिक कार्यक्रमबिचको तादात्म्य तथा आवधिक योजनाप्रति सबै सरोकारवालाको स्वीकार्यता एवम् अपनत्व ग्रहणको अवस्थाबारे समीक्षा गरी सुझाव दिनु यस समीक्षाको उद्देश्य रहेको छ।

मध्यावधि समीक्षाको क्रममा *समिति तथा उपसमितिहरू गठन, कार्ययोजना तयारी र स्वीकृति, परामर्शदाताको नियुक्ति, नीति तथा योजना आयोगका पदाधिकारीहरूसँग छलफल,* मन्त्रालयस्तरबाट तथ्याङ्क एवम् सूचना सङ्कलन, विषय विज्ञ र प्रदेशसभा सदस्यसँगको छलफल र परामर्शको आधारमा प्रारम्भिक दस्ताबेज तयार गरी विभिन्न तहगत छलफलको आयोजना गरिएको थियो । छलफलबाट प्राप्त सुझावका आधारमा परिमार्जन गरी मस्यौदालाई अन्तिम रूप दिई प्रतिवेदन तयार गरिएको छ । समीक्षाको क्रममा सङ्घीय सरकार तथा स्थानीय तह र निजी एवम् सहकारी क्षेत्रबाट भएको लगानी र उपलब्धिसम्बन्धी विवरण प्राप्त गर्न सम्भव नभएकोले प्रदेश सरकारबाट सञ्चालन भएका कार्यक्रम र लगानी तथा उपलब्धिको आधारमा मात्र समीक्षा गरिएको छ ।

आवधिक योजनाको सोच **"संस्कृति, कृषि, उद्योग, पर्यटन, मानव पुँजी र पूर्वाधार, सुसंस्कृत, सुखी र समृद्ध प्रदेशको आधार"** भन्ने रहेको छ । प्रदेशको दीर्घकालीन सोचका ३१ ओटा प्रमुख परिमाणात्मक लक्ष्य सूचकमध्ये प्रतिव्यक्ति आय, साक्षरता दर, मानव विकास सूचकाङ्क लगायतका ८ ओटा सूचकहरूमा

आधार अवस्थाको तुलनामा सन्तोषजनक प्रगति भएको पाइएको छ भने बाँकी सूचकहरूको प्रगति सन्तोषजनक देखिएको छैन । आवधिक योजनामा समावेश भएका परिमाणात्मक लक्ष्यको कार्यान्वयन अवस्था हेर्दा बाँकी अवधिमा योजनाको दीर्घकालीन लक्ष्य प्राप्त गर्न कठिन हुने देखिन्छ ।

प्रदेशको दीर्घकालीन सोचअन्तर्गत सुसंस्कारका ३३ ओटा गन्तव्य सूचकहरू तय गरिएकोमा समीक्षाको क्रममा प्रगति विवरण उपलब्ध भएका १० ओटा सूचकहरूमध्ये फ्लस सुविधा भएको शौचालय उपलब्ध परिवार लगायतका ३ ओटा सूचकको मात्र उपलब्धि सन्तोषजनक देखिन्छ । त्यसैगरी समृद्धिका ३५ सूचकहरूमध्ये १० ओटा सूचकहरूमा लक्ष्यअनुसार प्रगति सन्तोषजनक देखिएको छ । आवधिक योजना तर्जुमा गर्दा तीनै तहका सरकारको संयुक्त योगदानबाट लक्षित उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ । कतिपय स्थानीय तहले आवधिक योजना नै तर्जुमा गरेका छैनन् । तर्जुमा भएका योजनामा नीतिगत रूपमा केही सामञ्जस्य देखिए पनि कार्यक्रममा सामञ्जस्य देखिएको छैन ।

आवधिक योजनामा विकास र समृद्धिका उत्प्रेरकको रूपमा प्राथमिकतामा राखिएका गुणस्तरीय ग्रामीण तथा सहरी पूर्वाधार, कृषिको व्यवसायीकरण, जैविक कृषिको प्रवर्धन र कृषिलाई उद्यमका रूपमा विकास र विस्तार, विशिष्टीकृत सेवा र मानव पुँजीको विकास उद्योग, सम्पदामैत्री गुणस्तरीय पर्यटन, र सामाजिक सांस्कृतिक विकास क्षेत्रहरूमा वार्षिक नीति, कार्यक्रम तथा बजेटमा प्राथमिकताका साथ बजेट विनियोजन हुन सकेको छैन । योजनामा ९ ओटा समष्टिगत रणनीति तथा विषय क्षेत्रगत रूपमा १२७ ओटा रणनीति र ६९१ ओटा कार्यनीति तय गरिएका थिए । उपलब्ध विवरणअनुसार समीक्षा अवधिमा ४६ प्रतिशत कार्यनीतिहरू मात्र कार्यान्वयनमा आएको देखिन्छ ।

योजनाको नतिजा खाकामा प्रभाव, असर र प्रतिफल तहका गरी कुल ८१६ ओटा सूचकहरू तय गरिएकोमा २७२ सूचकहरूमा मात्र प्रगति विवरण प्राप्त हुन सकेको छ । प्रगति विवरण उपलब्ध भएका २७२ सूचकहरूमध्ये पनि ७५ प्रतिशतभन्दा माथि प्रगति भएका, ५० देखि ७५ प्रतिशतसम्म प्रगति भएका र ५० प्रतिशतभन्दा कम प्रगति हासिल हुने सूचकहरू क्रमशः ५०, १३ र ३७ प्रतिशत रहेका छन् । योजना अवधिमा प्रदेश सरकारको तर्फबाट कुल ५६ अर्ब ६८ करोड ५३ लाख १६ हजार पुँजीगत लगानी गरिएको थियो भने यस अवधिमा प्रदेश सरकारले ६४ अर्ब ९० करोड ६६ लाख राजस्व परिचालन गरेको थियो ।

विश्वका अन्य मुलुकमा जस्तै नेपाल र खासगरी बागमती प्रदेशमा समेत मुख्यतः पर्यटन, उत्पादन तथा व्यापार, आपूर्ति र स्वास्थ्य क्षेत्रमा कोभिड १९ महामारीको अत्यधिक प्रभाव परेको छ । महामारीले नागरिकको दैनिक जीवनदेखि निजी र सार्वजनिक जीवनमासमेत असर गरेको छ । कोभिड १९ महामारीको अवधिमा योजना कार्यान्वयनको मुख्य अवधि परेको कारण यसको लक्ष्य प्राप्तिमा प्रत्यक्ष असर परेको देखिन्छ । फलस्वरूप आर्थिक वर्ष २०७७/७८ मा प्रदेशको आर्थिक वृद्धिदर ४.६५ प्रतिशतमा सीमित रहन गएको थियो । कोभिड १९ बाट यस प्रदेशमा सङ्क्रमित सङ्ख्या ४३,३६,५६० रहेको

थियो । सङ्क्रमितमध्ये ५९१,३१९ बिरामी रहेकोमा ५,८५,९२१ जना निको भएका छन् भने ५३५६ को मृत्यु भएको छ ।

योजनाको लक्ष्य प्राप्तिमा *तथ्याङ्कीय आधार कमजोर हुनु, प्रदेश आवधिक योजना र वार्षिक कार्यक्रमबिच सामञ्जस्य कमजोर हुनु, आवधिक योजनामा लिइएका नीति र निर्धारित कार्यक्रमको कार्यान्वयन कमजोर हुनु, कमजोर अन्तरसरकार समन्वय र सहकार्य, प्रतिकूल आर्थिक अवस्था एवम् प्रकोपको असर, सूचकको अस्पष्टता, कमजोर संस्थागत संरचना तथा नीतिगत व्यवस्था, योजनाको प्रगति प्राप्त नहुनु, रणनीति र कार्यनीतिबिच अन्तरआबद्धता नहुनु र विकासका मुख्य चालकहरूअनुसार कार्यक्रम र साधनस्रोत विनियोजन नहुनु*जस्ता प्रमुख समस्याहरू देखिएका छन् ।

चालु आवधिक योजनाको बाँकी अवधिका लागि *प्रदेशको वस्तुस्थिति विवरण अध्यावधिक गर्ने, योजनाको पुनरावलोकन गर्ने, प्रदेश र स्थानीय योजनाबिच सामञ्जस्य कायम गर्न स्थानीय तहलाई सहजीकरण गर्ने, आयोजना छनोटको वस्तुगत आधार तथा आयोजना बैंक तयार गर्ने, मध्यकालीन खर्च संरचना तयार गर्ने, अन्तरसरकार सूचना सञ्जालको विस्तार गर्ने, अन्तरसरकार र अन्तरनिकाय समन्वयका लागि जिम्मेवार संस्थागत संयन्त्रहरूलाई क्रियाशील तुल्याउने, अन्तरप्रदेश समन्वय गर्नुपर्ने र अधुरा आयोजना पुरा गर्नेतर्फ जोड दिन* आवश्यक छ ।

आगामी आवधिक योजनाको लागि *प्रदेश सरकारको कार्यजिम्मेवारीमा केन्द्रित रही योजना तर्जुमा गर्ने, उपलब्ध जनशक्ति, स्रोत साधन र क्षमतामा आधारित रही योजना तर्जुमा गर्ने, दीर्घकालीन लक्ष्य र आवधिक योजनाको लक्ष्यबिच सामञ्जस्य कायम गर्ने, सूचकमा स्पष्टता कायम गर्ने, नतिजा सूचक केन्द्रित हुने गरी वार्षिक कार्यक्रम तर्जुमा गर्ने, आधार तथ्याङ्क उपलब्ध नहुने नतिजा सूचक समवेश नगर्ने र लक्ष्य सूचक अनिवार्य गर्ने, आयोजना कार्यान्वयन गर्ने निकायलाई नतिजा प्राप्तिमा जिम्मेवार बनाउने, अनुदान प्रणालीलाई नतिजा प्राप्तिसँग आबद्ध गर्ने, प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्ने, प्रदेश विकासका मुख्य चालक क्षेत्रहरूलाई मध्यनजर गर्दै तदनुसार वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने र महामारी वा विशेष परिस्थितिको लागि वैकल्पिक रणनीतिको व्यवस्था गर्ने* लगायतका विषयमा ध्यान केन्द्रित गर्न आवश्यक देखिएको छ ।

**आर्थिक क्षेत्र**

योजनाले आर्थिक क्षेत्रको दीर्घकालीन सोच "उच्च, फराकिलो र दिगो आर्थिक वृद्धिसहितको समृद्ध प्रदेश" राखेको देखिन्छ भने "प्राकृतिक, मानवीय एवम् आर्थिक स्रोत र साधनहरूको उच्चतम परिचालन गरी उच्च, फराकिलो र दिगो आर्थिक वृद्धिदर हासिल गर्ने" लक्ष्य निर्धारण गरेको छ । त्यसैगरी कुशल सार्वजनिक खर्च प्रणालीको पालना र समायानुकूल सुधार गर्ने, निजी र सहकारी क्षेत्रको लगानी प्रवर्धन गर्दै विकास प्रक्रियामा सहभागी गराउने र राजस्व परिचालनलाई प्रभावकारी बनाउने उद्देश्य राखेको छ।

समष्टिगत आर्थिक क्षेत्रको निर्धारित सोच, लक्ष्य तथा उद्देश्य प्राप्त गर्न ६ ओटा रणनीति र सोअन्तर्गत ३७ ओटा कार्यनीति निर्धारण गरिएकोमा २० ओटा कार्यान्वयनमा आएका छन् । कुल ४९ ओटा सूचकमध्ये ८ ओटाको प्रगति शतप्रतिशतभन्दा बढी भएको, ५ ओटाको ७५ देखि १०० प्रतिशतको बिचमा, चार ओटाको ५० देखि ७५ को बिचमा र तीन ओटाको ५० प्रतिशतभन्दा कम रहेको देखिन्छ। प्रदेश गौरवका आयोजनाहरूको छनोटका सम्बन्धमा मापदण्ड बनाउने, आन्तरिक राजस्वको सम्भावनाको अध्ययन गरी समयसापेक्ष दर र दायरा बढाउने तथा मन्त्रालयहरूको अनुगमन संयन्त्रलाई सुदृढ बनाउनेजस्ता विषयमा ध्यान दिन आवश्यक देखिन्छ ।

योजनाले "खाद्य तथा पोषण सुरक्षासहितको सम्पन्न कृषक" भन्ने दीर्घकालीन सोच तथा "खाद्य र पोषण सुरक्षा, व्यावसायिक कृषि र लाभप्रद रोजगारीद्वारा किसानको आयस्तर वृद्धि भई समृद्ध प्रदेशको निर्माणमा योगदान पुऱ्याउने" लक्ष्य निर्धारण गरेको छ । योजनामा दिगोपनसहितको कृषि उत्पादनमा बढोत्तरी हासिल गर्ने र प्रतिएकाइ जमिन र प्रतिएकाइ कृषि श्रमिकको उत्पादकत्व बढाउने लगायतका उद्देश्य निर्धारण गरिएको छ । कृषिसम्बन्धी ५ ओटा रणनीति र ५४ ओटा कार्यनीति निर्धारण गरिएकोमा २४ ओटा कार्यनीति मात्र हालसम्म सम्बोधन भएको देखिन्छ । कृषि, पशुपक्षी तथा मत्स्य विकास, खाद्य सुरक्षा र भूमि व्यवस्थातर्फ जम्मा १३१ ओटा सूचकमध्ये ५ ओटा सूचकको प्रगति ५० देखि ७५ प्रतिशतको बिचमा रहेको, ४ ओटाको प्रगति ७५ प्रतिशत देखि १०० प्रतिशतको बिचमा रहेको र १६ ओटा सूचकको प्रगति १०० प्रतिशतभन्दा बढी भएको देखिन्छ ।

मल बिउ लगायतका कृषि सामग्रीको पर्याप्त व्यवस्था गरी मागको आधारमा आपूर्तिको व्यवस्था मिलाई अभाव हुन नदिने, कृषि तथा मासुजन्य उत्पादनमा यान्त्रीकरण, व्यवसायीकरण र बजारीकरणमा कृषकहरूलाई प्रोत्साहन गर्ने, स्थानीय तहमा कार्यरत कृषि जनशक्तिलाई मागको आधारमा क्षमता अभिवृद्धि गर्ने आदि नतिजा देखिने थोरै कुरामा ध्यान केन्द्रित गरी कार्यक्रम तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

योजनाले "औद्योगिक उत्पादनको अभिवृद्धि, प्रदेशको समृद्धि" भन्ने दीर्घकालीन सोचका साथ औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा कृषिको औद्योगिकीकरण, औद्योगिक रोजगारीको सिर्जना, निर्यात प्रवर्धन र आयात प्रतिस्थापनमा सहयोग पुऱ्याई समृद्धिको आधार तयार गर्ने लक्ष्य राखेको छ । उद्योग उपक्षेत्रमा ४ ओटा रणनीति र २४ ओटा कार्यनीति निर्धारण गरिएकोमा १५ ओटा कार्यान्वयनमै नआएको देखिन्छ। उद्योग र खानी उत्खनन क्षेत्रका २६ ओटा सूचकमध्ये तीन ओटा सूचकको मात्र उपलब्धि हासिल भएको देखिन्छ । उपलब्धि हासिल भएका सूचकको प्रगति पनि आशाप्रद छैन ।

प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको साङ्गठनिक संरचना सुदृढ गर्न र नतिजाप्रति जिम्मेवार बनाउन आवश्यक छ । प्रदेशका प्रतिस्पर्धात्मक क्षमता बढी भएका उद्योगहरूको पहिचान र औद्योगिक विकासका लागि अनुसन्धान र विकासमा जोड दिने, लगानीमैत्री नीति, कानुनहरूको तर्जुमा गरी

कार्यान्वयन गर्ने, स्थानीय तहको समन्वयमा स्थानीय कच्चा पदार्थमा आधारित आय र रोजगारमूलक लघु, साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन दिने आदि विषयमा पनि जोड दिन जरुरी देखिन्छ ।

योजनाले "वाणिज्य क्षेत्रको विस्तार र सहज आपूर्ति" भन्ने दीर्घकालीन सोच सहित प्रदेशको व्यापार प्रवर्धन तथा आपूर्ति व्यवस्था सुदृढ गर्ने लक्ष्य राखेको छ । आवधिक योजनाले दुई रणनीति र १० ओटा कार्यनीतिहरू तय गरेकोमा चार ओटा मात्र कार्यान्वयनमा आएका छन् । समग्रमा ११ ओटा सूचकमा दुई ओटा सूचकको मात्र प्रगति उपलब्ध छ । उपभोक्ता सन्तुष्टि सूचकाङ्क, कालोबजारी नियन्त्रण, कार्टेलिङ, उपपभोक्ता ठगी नियन्त्रण आदिको तथ्याङ्क प्राप्त नभएको कारण अनुगमन प्रभावकारी हुन सकेको देखिँदैन ।

योजनाले "पर्यटन आयमा वृद्धि; रोजगारी र समृद्धि" भन्ने दीर्घकालीन सोच राखेको छ भने पर्यटन सेवा र गन्तव्यको विविधीकरण गर्ने लक्ष्य निर्धारण गरेको छ । यसका लागि ४ ओटा रणनीति र २९ ओटा कार्यनीति निर्धारण गरिएकोमा समीक्षा अवधिमा १५ ओटा कार्यनीति कार्यान्वयन भएको र ११ ओटा सूचकमा मात्र प्रगति प्राप्त भएको देखिन्छ । तीन ओटा सूचकको ५० देखि ७५ प्रतिशतको बिचमा र एउटाको मात्र ७५ प्रतिशतभन्दा माथि प्रगति देखिन्छ । यसरी हेर्दा योजना अवधिमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुने देखिन्छ ।

एकीकृत पूर्वाधारको विकास गरी नयाँ पर्यटकीय गन्तव्यको विकास गर्ने, निजीक्षेत्रलाई प्रोत्साहन गरी पर्यटन पूर्वाधार विकास गर्ने, नयाँ पर्यटकीय स्थलमा होमस्टेलाई प्रवर्धन गर्ने तथा प्रचार प्रसार आदिमा निजीक्षेत्रको सहभागिता अनुकूलका नीतिहरू तर्जुमा गर्ने नीतिहरू कार्यान्वयन गर्न जोड दिनु पर्ने देखिन्छ। साथै पर्यटन जोखिम बिमाको व्यवस्था गर्ने, कन्फरेन्स, अध्ययन तालिम, पर्यापर्यटन, माउन्टेनरिङ, खेलकुद आदिको विकास गरी पर्यटन उपजको विकास र विस्तार गर्ने जस्ता विषयमा पनि ध्यान दिनु आवश्यक छ ।

योजनाले सहकारीतर्फ "स्थानीय पुँजी परिचालनमार्फत उत्पादन, रोजगारी र आयमा अभिवृद्धि" भन्ने दीर्घकालीन सोच राखेको छ । स्थानीय जनताको श्रम, सिप, पुँजी तथा स्रोतलाई सामूहिक हितका लागि सङ्गठित रूपमा परिचालन गरी आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र समन्यायिक विकासको आधारशिला तयार गर्ने भन्ने लक्ष्य राखेको छ । यसका लागि २१ ओटा कार्यनीति निर्धारण गरिएकोमा १९ ओटा कार्यनीति कार्यान्वयन भएका छन् । जम्मा १४ ओटा सूचकमध्ये तीन ओटाको मात्र प्रगति प्राप्त भएकोमा दुई ओटाको शतप्रतिशतभन्दा बढी छ ।

मन्त्रालयको साङ्गठनिक संरचना र कार्यालय पूर्वाधारको सुदृढीकरण गर्ने, सहकारी संस्थाहरूको नियमित अनुगमन र नियमन गर्ने, सहकारी संस्था, सञ्चालक, लेखा राख्ने तथा अन्य कर्मचारीहरूको क्षमता विकासमा सहयोग गर्ने, सहकारीको लगानीलाई उत्पादनशील एवम् प्राथमिकताका क्षेत्रमा प्रवाह गर्ने

व्यवस्था मिलाउन आवश्यक छ । विशेषगरी गरिब, सीमान्तकृत, महिला आदिलाई आय र रोजगारीमा योगदान दिने कार्यमा लगाउन प्रोत्साहित गर्ने विषयमा जोड दिन आवश्यक छ ।

**सामाजिक क्षेत्र**

सामाजिक आर्थिक रूपान्तरणको लागि गुणस्तरीय शिक्षालाई दक्ष, प्रतिस्पर्धी, उद्यमशील र नवप्रवर्तनशील मानव पुँजीको निर्माणको आधारको रूपमा लिँदै गुणस्तरीय शिक्षामा सबै वर्ग एवम् समुदायको समतामूलक पहुँच स्थापित गर्ने, प्राविधिक, व्यावसायिक, सिपयुक्त र व्यवहारिक शिक्षाको विकास एवम् विस्तार गर्ने, शिक्षामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने, उच्च शिक्षालाई अनुसन्धानमूलक बनाई विकास प्रक्रियामा आबद्ध गर्न सङ्घीय विश्वविद्यालहरूसँग सहकार्य गर्नुको साथै प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रदेश विश्वविद्यलायको स्थापना र सञ्चालन गर्ने, शैक्षिक क्षेत्रमा नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्ने उद्देश्य प्रासिका लागि ४ रणनीति र ३२ ओटा कार्यनीति रहेकोमा १६ ओटा कार्यान्वयन नै भएका छैनन् ।

नतिजा खाकाको प्रभाव तहका ३ मध्ये १, असर तहका २३ मध्ये १२ र प्रतिफल तहका ३५ मध्ये १२ नतिजा सूचकको मात्र प्रतिवेदन हुन सकेको छ । बाँकी सूचकहरूमा प्रतिवेदन हुन सकेको छैन । विद्यालय शिक्षाको आधारभूत तह (१-८) मा ०.९६ र माध्यमिक तह (९-१२) मा खुद भर्ना दरमा लैङ्गिक समता दरको अनुपातमा र विश्वविद्यालय स्थापनामा शतप्रतिशतभन्दा बढी प्रगति भएको छ । प्रदेशभित्रका सबै १३ जिल्ला पूर्ण साक्षर घोषणा भएका छन् । बाँकी अवधिको लागि प्रदेश सभा निर्वाचन क्षेत्रका कम्तीमा एक एक विद्यालयलाई नमुना विद्यालय घोषणा गरी सुधारको सघन गतिविधि सञ्चालन गर्ने, शैक्षिक जनशक्तिको परिचालनलाई प्रभावकारी बनाउने, स्थापना भएका संस्थालाई सुदृढीकरण गर्ने र सूचना प्रणालीको विकास र सञ्चालनमा ध्यान केन्द्रित गर्न उपयुक्त हुन्छ ।

योजनामा "स्वस्थ नागरिक: गुणस्तरीय जीवनयापन" लाई दीर्घकालीन सोचको रूपमा राखिएको छ । स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गरी जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य निर्धारण गरिएको छ । लक्ष्य प्रासिको लागि ९ राणनीति र सोअन्तर्गत ४९ कार्यनीति प्रस्ताव गरिएको छ । योजना अवधिमा ९ रणनीतिअन्तर्गत कुल ४९ कार्यनीति प्रस्ताव गरिएकोमा तीन वर्ष अवधिमा ३७ ओटा कार्यनीति कार्यान्वयनमा आएका छैनन् ।

विगत तीन आर्थिक वर्षमा ५ वर्ष मुनिका कम तौल भएका बालबालिकाको प्रतिशतमा ५० भन्दा कम, चार पटक गर्भवती जाँच गराउनेको प्रतिशत, संस्थागत सुत्केरी सेवाको दायराको प्रतिशत, दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने गर्भवती महिलाको प्रतिशत, सुत्केरी तथा नव शिशु जाँच (तेस्रो) दायराको प्रतिशत, औलो रोग लागेका बिरामीको सङ्ख्या, औलो रोगबाट सङ्क्रमित व्यक्ति सङ्ख्या, प्रतिलाखमा क्षयरोगको Case Notification Rate र नयाँ कुष्ठ रोगका बिरामीको सङ्ख्या आदि विषयमा

लक्ष्यभन्दा बढी प्रगति भएको छ । पूर्ण खोपको दायरा ९५.७६ प्रतिशत र विद्यालय नर्स सेवा विस्तार भएका विद्यालयको सङ्ख्यामा ६२.७१ प्रतिशत प्रगति भएको छ ।

योजनाको बाँकी अवधिका लागि खासगरी सबै क्षेत्रका गतिविधिमा जनस्वास्थ्यका गतिविधिलाई समाहित गर्नको लागि समन्वयात्मक वातावरण तयार गर्ने, प्रवर्धनात्मक गतिविधिलाई जोड दिने, स्वास्थ्य क्षेत्रमा विद्यमान जनशक्तिको उपलब्धता र परिचालनमा देखिएका समस्या समाधान गर्ने र तीन तहका सरकारबिच आबद्धता भएको स्वास्थ्य सेवा सूचना प्रणालीको विकासलाई प्रथमिकतामा राख्नु पर्दछ । त्यसैगरी स्वास्थ्य बिमा कार्यक्रमको प्रवर्धनमा सहयोग गरेर बिमाको कभरेज बढाउन ध्यान दिनु पर्दछ।

योजनामा लैङ्गिक समता र समावेशीकरण, सुरक्षित संरचना तथा सामाजिक न्यायलाई दीर्घकालीन सोचको रूपमा तय गरिएको छ । जना अवधिमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा वञ्चितीकरणमा परेका समूहको अर्थपूर्ण सहभागिता, आर्थिक समानता, समृद्धि, सामाजिक न्याय र सामाजिक सुरक्षा कायम भई सबै प्रकारको हिंसा, शोषण तथा दुर्व्यवहारबाट मुक्त लैङ्गिक एवम् सामाजिक विभेदको अन्त्य भएको हुने लक्ष्य राखिएको छ । यसका लागि १० रणनीति र ४४ कार्यनीति रहेकोमा २१ ओटा कार्यनीति कार्यान्वयनमा रहेका छन् । आवधिक योजनाको बाँकी दुई वर्षको लागि हालसम्म कार्यान्वयनमा नआएका कार्यनीतिमध्ये धेरैलाई प्रभावित गर्ने र छोटो अवधिमा कार्यान्वयन गर्न सकिने कार्यनीति छनोट गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । सबै स्थानीय तहसँग आबद्धता रहने गरी वर्गीकृत तथ्याङ्क राख्ने र प्रतिवेदन गर्ने प्रणाली विकासको गतिविधि सञ्चालन गर्न उपयुक्त हुन्छ ।

"प्रदेशको गौरव, युवाको पौरख" लाई योजनामा खेलकुदतर्फको दीर्घकालीन सोच निर्धारण गरिएको छ । त्यसैगरी उद्यमशीलता र खेलकुदको विकासको माध्यमबाट युवाशक्तिको विकास गरी प्रदेशको समृद्धिमा योगदान गर्ने लक्ष्य निर्धारण गरिएको छ । यसका लागि ६ ओटा रणनीति र ३४ कार्यनीति तर्जुमा गरिएकोमा तीन वर्ष अवधिमा १८ ओटा कार्यनीति कार्यान्वयन हुन सकेका छैनन् । समीक्षा अवधिमा युवा स्वयंसेवक परिचालनतर्फ लक्ष्यभन्दा बढी प्रगति भएको छ । कभर्ड हलमा ६९ प्रतिशत र उद्यमशीलता विकास तालिम, खेल मैदान र जिल्लास्तरीय रङ्गशाला निर्माण गर्ने कार्यमा ५० र सोभन्दा कम प्रतिशत प्रगति भएको छ । योजनाको बाँकी अवधिको लागि विशेषगरी युवाको परिचालन र सशक्तीकरण तथा उनीहरूलाई प्रोत्साहन गर्ने खालका गतिविधिलाई प्रथमिकता दिनु सान्दर्भिक हुन्छ ।

"प्रदेशको पहिचान: भाषा, कला र संस्कृतिको प्रवर्धन" लाई दीर्घकालीन सोचको रूपमा निर्धारण गरिएको छ । ऐतिहासिक सम्पदा तथा मौलिक संस्कृतिको जगेर्ना भई समग्र संस्कृतिमा गर्व गर्ने परिपाटीका साथै सामाजिक सद्भाव, सहिष्णुता र ऐक्यबद्धता सुदृढ गर्ने लक्ष्य योजनाले राखेको छ । योजनामा प्रस्ताव गरिएका ६ ओटा रणनीति र २० ओटा कार्यनीतिमध्ये १५ ओटा कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेको देखिएन । यस अवधिमा प्रदेशको कुल बजेटमा भाषा, साहित्य, कला, संस्कृति,

पुरातात्विक सम्पदा संरक्षणको अंश प्रतिशतमा लक्ष्यभन्दा बढी प्रगति भएको छ भने सङ्ग्रहालय स्थापनामा लक्ष्यअनुसार प्रगति भएको छ । आवधिक योजनाको बाँकी अवधिका लागि मौलिक कला संस्कृतिको पहिचानसहितको विवरण सङ्कलन गर्ने र मातृभाषाको संरक्षण र विकास गर्ने तथा यस उपक्षेत्रसँग सम्बन्धित तथ्याङ्क र विवरणलाई अद्यावधिक गर्ने र सूचना प्रणाली विकास गर्ने विषयलाई प्रथमिकतामा राख्नुपर्दछ ।

## सहरीकरण र भौतिक पूर्वाधार क्षेत्र

योजनामा "सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार, सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार" भन्ने सोच निर्धारण गरिएको छ । प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिक पूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । सहरीकरण उपक्षेत्रको लागि तय गरिएका तीनओटा रणनीति र १७ ओटा कार्यनीतिमध्ये दुई ओटाको आंशिक कार्यान्वयन भएको छ । विगत तीन वर्षको अवधिमा उपलब्धि सूचकमा समावेश २० मध्ये सहरी पार्क/उद्यान निर्माण सुधारमा ८५ प्रतिशत प्रगति भएको छ ।

योजनाको बाँकी अवधिमा कार्यान्वयनमा आउन नसकेका मध्ये जग्गा विकास योजनाको निर्माण, कार्यान्वयन र आवास भवन निर्माणको मापदण्ड नबनेका स्थानीय निकायहरूमा मापदण्ड निर्माण र कार्यान्वयनको लागि स्थानीय तहको क्षमता विकास गर्ने, सङ्घीय सरकारसँगको समन्वयमा सहरहरूको तहगत खाका निर्धारण गर्ने आदि विषयमा ध्यान दिनु सान्दर्भिक देखिन्छ ।

योजनाले प्रादेशिक यातायात सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्ने उद्देश्य राखेको छ । यसका लागि प्रस्ताव गरिएका १८ ओटा कार्यनीतिमध्ये ४ मा कुनै काम हुन सकेको छैन । यस अवधिमा सडकको कालोपत्रे सडकमा स्तारोन्नति, सडक पुल निर्माण र झोलुङ्गेपुल निर्माणमा लक्ष्यभन्दा बढी प्रगति भएको छ भने ५८ स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणको लक्ष्यअनुसार भएको छ । खण्डास्मित सडकमा स्तरोन्नतिमा ८३.७६ प्रतिशत प्रगति भएको छ ।

प्रदेश सरकारले बहुवर्षीय ठुला, धेरै साधन स्रोतको माग गर्ने र जटिल प्राविधिक र व्यवस्थापकीय क्षमताका माग गर्नेभन्दा ठिकै आकारका, प्रदेशको क्षेत्राधिकारभित्रका छोटो अवधिमा सकिने तर प्रभावकारी आयोजना छनोटलाई ध्यानमा राख्नुपर्दछ ।

सौर्य र नवीकरणीय ऊर्जातर्फ नतिजा खाकामा समावेश सूचकहरूमध्ये धेरैमा प्रगित विवरण प्राप्त भएको छैन । विगत तीन आर्थिक वर्षमा विद्युतमा पहुँच प्राप्त जनसङ्ख्या र २०० के.भी. प्रसारण लाइन विस्तारमा लक्ष्यभन्दा बढी प्रगति भएको छ । विद्युत् चुहावटमा ९६.१५ प्रतिशत प्रगति भएको छ भने प्रतिव्यक्ति विद्युत् खपतमा ५९.२६ प्रतिशत प्रगति भएको छ । प्रदेश सरकारले केन्द्रीय ग्रिड नपुगेका

क्षेत्रहरूमा सौर्य ऊर्जाको लागि स्थानीय तहसँगको समन्वयमा अनुदान दिएर प्रवर्धन गर्ने, प्रदेशमा दर्ता हुने विद्युतीय सवारी साधनलाई अनुदान दिएर प्रवर्धन गर्ने, प्रदेश भित्र विद्युत् प्रधिकरण र स्थानीय तहसँग समन्वय गरी बढीभन्दा बढी चार्जिङ स्टेसनहरू निर्माण गर्ने लगायतका क्षेत्रमा काम गर्न उपयुक्त देखिन्छ।

योजनामा  प्रदेशको सबै स्थानीय तहमा सूचना र सञ्चार प्रविधि र सेवाहरूमा परिवारहरूको शतप्रतिशत पहुँच पुऱ्याउने उद्देश्य निर्धारण गरिएको छ । सोच, लक्ष्य र उद्देश्य हासिल गर्नको लागि २ ओटा रणनीति र ७ ओटा कार्यनीति तर्जुमा भएकोमा कुनै पनि कार्यान्वयनमा आउन सकेका छैनन् । प्रदेश सरकारको विद्युतीय शासन क्षमता विकासको लागि व्यावसायिक योजना बनाई ठुलो सङ्ख्यामा सेवाग्राही संलग्न हुने क्षेत्रमा कार्यान्वयनको सुरुआत गर्ने र स्थानीय तहको विद्युतीय शासन क्षमता विकास गर्न व्यावसायिक  योजना बनाई कार्यान्वयन गर्न सहजीकण गर्ने काममा केन्द्रित रहन उपयुक्त हुन्छ ।

योजनामा कृषियोग्य जमिनमा दिगो सिँचाइ सुविधा पुऱ्याउने उद्देश्य रहेको छ । योजनाको सोच, लक्ष्य र उद्देश्य हासिल गर्न उपयुक्त प्रविधिमा आधारित सिँचाइ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार गर्ने रणनीतिअन्तर्गत ६ ओटा कार्यनीति तय गरिएकोमा ४ ओटा मात्र कार्यान्वयन भएका छन् । तीन वर्षमा सिँचाइयोग्य कृषि भूमिमध्ये वर्षैभरी सिँचाइ सुविधा पुगेको भूमिको प्रतिशतमा, सिँचाइयोग्य कृषि भूमिमा कुल सिञ्चित क्षेत्रफलको प्रतिशतमा, कृषक व्यवस्थित सिँचाइ प्रणाली सुदृढीकरण र सम्पन्न सिँचाइ योजनाको सङ्ख्यामा लक्ष्यभन्दा बढी प्रगति भएको छ । खेतीयोग्यमध्ये सिञ्चित जमिनको प्रतिशतमा ८४ प्रतिशत प्रगति भएको छ भने मझौला सिँचाइ आयोजनाको सङ्ख्यामा भने ५८.३३ प्रतिशत मात्र प्रगति भएको छ ।

बाँकी अवधिभित्र मझौला सिँचाइ आयोजना कार्यान्वयनमा बढी जोड दिने, निर्माण सम्पन्न भएका आयोजनाको नियमित मर्मत सम्भार, पानीका स्रोतहरूको उचित संरक्षण र सुविधाहरूको संयोजन गरेर वर्षभरि नै सिँचाइ सुविधा उपलब्ध गराउन सहकारी र निजी क्षेत्र तथा उपभोक्ता समेतलाई परिचालन गर्ने कार्यलाई दरिलोसाथ अगाडि बढाउन उपयुक्त हुन्छ ।

योजनामा आवासमा सबैको पहुँच सुनिश्चित गर्ने र सुरक्षित र किफायती भवन निर्माण गर्ने उद्देश्य राखिएको छ । यसका लागि योजनाको बाँकी अवधिमा सीमित विशेष गरी निजी क्षेत्रको नियमनको मापदण्ड निर्माण गर्ने, स्थानीय सामग्री र प्रविधिमा आधारित सस्तो, सुविधायुक्त र सुरक्षित घरका नमुनाहरू विकास गर्ने र सो नमुनाअनुसार घर बनाउन उत्प्रेरित गर्न अनुदानको व्यवस्था गर्ने कार्यक्रम उपयुक्त देखिन्छ । साथै प्रदेश सरकारको परिचय दिने खालका प्रदेश राजधानीमा एकीकृत प्रशासकीय र अवास भवन निर्माणलाई प्राथमिकतामा राख्न उपयुक्त देखिन्छ ।

योजनाले स्वच्छ खानेपानी आपूर्ति र सरसफाइमा घरधुरीको शतप्रतिशत पहुँच पुर्‍याउने र व्यवस्थित फोहरमैला व्यवस्थापनको लागि पूर्वाधार तयार गर्ने उद्देश्य लिएको छ । यसका लागि तय गरिएकामध्ये पाँचओटा कार्यनीति हालसम्म कार्यान्वयनमा आएका छैनन् । यस अवधिमा सुधारिएको सरसफाइ सेवा पुगेको परिवारको प्रतिशत, धारा पाइपबाट खानेपानी पुगेको जनसङ्ख्याको प्रतिशत, नयाँ खानेपानी योजनाको सङ्ख्या र ढल निर्माणमा लक्ष्यभन्दा बढी प्रगति भएको छ । खुला दिसामुक्त स्थानीय तहको प्रतिशत र शौचालय सुविधा उपलब्ध भएको परिवारको प्रतिशतमा लक्ष्यअनुसार प्रगति भएको छ । आधारभूत खानेपानी पुगेको जनसङ्ख्याको प्रतिशतमा ९७.६१ प्रतिशत प्रगति भएको छ ।

बाँकी अवधिमा औद्योगिक क्षेत्रको फोहर पानी सम्बन्धमा नियमनकारी निकायसँग समन्वय गरी स्थापना गर्दाको अवस्थामा नै प्रशोधनको मापदण्ड तोकेर कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउन उपयुक्त हुन्छ। फोहरमैला व्यवस्थापनमा उपयुक्त प्रविधिको विकासको लागि निजी क्षेत्रसँग सहकार्य गर्ने र स्थानीय तहलाई फोहरमैलाको विसर्जन र प्रशोधनको मापदण्ड निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिनु पर्दछ ।

योजनामा भौतिक पूर्वाधार र लगानीलाई जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट सुरक्षित बनाउने उद्देश्य राखिएको छ । यस क्षेत्रको नीतिगत तथा परिमाणात्मक उपलब्धि सन्तोषजनक देखिदैन । सर्वसाधारणको सुरक्षित जीवनयापनसँग सम्बन्धित प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्न आपनाउनु पर्ने सुरक्षासम्बन्धी मापदण्ड निर्माण गर्ने र सुरक्षासम्बन्धी सचेतनाका कार्यक्रम बाँकी अवधिमा सम्पन्न गर्न उपयुक्त हुन्छ । योजनामा पूर्वाधार विकासका लागि सुदृढ कार्यान्वयन संरचना स्थापित गर्ने उद्देश्य राखिएको छ । यस उपक्षेत्रको लागि प्रस्तावित १२ मध्ये एकमा आंशिक रूपमा कार्यान्वयन भएको छ भने बाँकी ११ कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

योजनाले वन, जैविक विविधता र जलाधारको एकीकृत व्यवस्थापन मार्फत् वनपैदावारको उत्पादन वृद्धि र पारिस्थितिक सेवा प्रवाहलाई अक्षुण्ण राख्ने लक्ष्य राखेको छ । यसका लागि ६ ओटा रणनीति तथा ३० ओटा कार्यनीतिहरू तय गरिएकोमा १५ ओटा मात्र कार्यान्वयन भएका छन् । योजनमा उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वनपैदावारको उत्पादन ८०० मेट्रिक टन पुर्‍याउने लक्ष्य रहेकोमा ४८१,३९८ मेट्रिक टन पुगेको छ । वैज्ञानिक वन व्यवस्थापन र उपयोगमा समुदायको पहुँचका लागि समूह सङ्ख्याको वृद्धिमा १४१ प्रतिशत र धार्मिक वनको क्षेत्रफलमा करिब १८५ प्रतिशत प्रगति भएको छ । संरक्षित वनको सङ्ख्यात्मक र क्षेत्रफल दुबै लक्ष्य हासिल भएको छ भने वृक्षरोपण गरिएको क्षेत्रफलमा १५२ प्रतिशत प्रगति भएको छ । तर अन्य कतिपय सूचकहरूमा भने लक्ष्यको तुलनामा कम प्रगति हासिल भएको छ ।

प्रदेशको कुल भूभागको २३.४ प्रतिशत चुरे क्षेत्रले ओगटेको र यस क्षेत्रको संरक्षण आफैंमा जटिल भएको कारण प्रदेश सरकारको एकल प्रयासले मात्र सम्भव देखिदैन । साथै कतिपय विषयमा तहगत सरकारबिचको क्षेत्राधिकार विवाद निरुपण हुनुपर्ने अवस्था रहेको छ । डढेलो तथा चरिचरनको समस्या समाधानका लागि स्थानीय तहसँगको समन्वय र सहकार्यमा अग्नि नियन्त्रण दस्ता परिचालन गर्ने तथा वन्यजन्तुको बासस्थान संरक्षण र संवर्धन एवम् जैविक मार्ग निर्माणका लागि बासस्थानको अध्ययन कार्य सञ्चालन गरेर मात्र योजना तर्जुमा गर्न उपयुक्त देखिएको छ । जडीबुटी खेती प्रवर्धनको लागि निजि क्षेत्रलाई प्रोत्साहन गर्न जरुरी छ ।

वातावरण व्यवस्थापन र जलवायु परिवर्तन उपक्षेत्रका लागि वायु प्रदूषण नियन्त्रण गरी नागरिकहरूको स्वास्थ्यमा सुधार ल्याउने, नदीहरूमा हुने प्रदूषण न्यूनीकरण गरी त्यहाँको पारिस्थितिक प्रणालीमा सुधार गर्ने, फोहरमैलाको उचित व्यवस्थापन र पुनर्प्रयोगका उपायहरूबाट रोजगारी सिर्जना गर्ने र धुँवाधूलो तथा आवाजबाट सिर्जित प्रदूषणको नियन्त्रणमा आवश्यक प्रणाली अवलम्बन गर्ने लगायतका उद्देश्य राखिएको छ । यसका लागि ९ ओटा रणानीति र ४४ ओटा कार्यनीति तर्जुमा गरिएकोमा अधिकांश कार्यान्वयनमा आउन सकेका छैनन् । खाना पकाउन ठोस इन्धन (दाउरा, गुइँठा आदि) प्रयोग गर्ने परिवारको सङ्ख्या योजनाको तेस्रो वर्षसम्ममा २८.१२ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २२ प्रतिशतमा झरेको छ ।

जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षणजस्तो बहुसरोकारवाला निकायको संलग्नता रहने अन्तरसम्बन्धित विषयको कार्यान्वयनमा अन्तरतह र अन्तरनिकाय समन्वयको विषय पनि महत्त्वपूर्ण छ। तसर्थ आगामी दिनमा यस विषयमा पनि ध्यान दिन आवश्यक छ । त्यसैगरी पानीका मुहानहरूको पुनर्भरण तथा नियमित सरंक्षण गर्ने नीति तथा कार्यक्रममा जोड दिने, प्रदूषणबाट हुने रोग नियन्त्रण, सचेतनामूलक तथा क्षमतावृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने विषयमा ध्यान दिन आवश्यक देखिन्छ ।

योजनामा विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने लक्ष्य निर्धारण गरिएको छ । लक्ष्य प्राप्तिका लागि ४ ओटा रणानीति र १८ ओटा कार्यनीतिहरू तर्जुमा गरिएकोमा ४ ओटा कार्यनीति कार्यान्वयन भएका छन् । यस अवधिमा प्रदेशको जोखिम नक्साङ्कन गर्ने र ११९ ओटै स्थानीय तहसँग विपद् व्यवस्थापनमा सहकार्य गर्ने कार्य भएको छ । विपद् जोखिम व्यवस्थापन बहुसरोकायुक्त क्षेत्र भएको कारण सबै तहका सरकार र अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउन आवश्यक छ । प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मन्त्रालयको संस्थागत क्षमता बढाउन पनि उत्तिकै जरुरी देखिन्छ ।

**अन्तरसम्बन्धित क्षेत्र**

प्रदेश सरकारले "गुणस्तरीय रोजगारीमा वृद्धि; प्रदेशको समृद्धि" भन्ने दीर्घकालीन सोचका आधारमा प्रथम आवधिक योजनामा बजारको माग सम्बोधन गर्ने गरी दक्ष तथा सिपयुक्त मानव संशाधनको विकास गरी

रोजगारी एवम् स्वरोजगारीका अवसरहरूको उपयोग हुने स्थिति सिर्जना गर्ने लक्ष्य निर्धारण गरेको छ । यसका लागि ४ ओटा रणनीति र त्यसअन्तर्गत १२ ओटा कार्यनीतिहरू तय गरिएकोमा ७ ओटा मात्र कार्यान्वयन भएका छन् । यस उपक्षेत्रको प्रगति सन्तोषजनक देखिँदैन ।

प्रदेश सरकारले सिप विकास तालिम केन्द्रको संस्थागत क्षमता विकास गरी सिपयुक्त प्राविधिक श्रमशक्ति उत्पादनमा जोड दिन आवश्यक छ । साथै सिप र क्षमता भएका युवालाई सहुलियतपूर्ण कर्जा प्रवाह, श्रमबजारसम्बन्धी अध्ययन अनुसन्धान तथा नियमित सूचना प्रवाह, नेपाल सरकार तथा स्थानीय तह, निजी क्षेत्र र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यमा जोड दिनेतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ ।

योजनाले गरिबी निवारण उपक्षेत्रका लागि "गरिबी निवारणसहितको आर्थिक समृद्धि" भन्ने दीर्घकालीन सोच निर्धारण गरेको छ । यसका लागि योजनाले निरपेक्ष गरिबीको न्यूनीकरण गरी विपन्न वर्गलाई प्रदेशको समृद्धिमा सहभागी गराउने लक्ष्य राखेको छ । यसका लागि ४ ओटा रणनीति र १९ ओटा कार्यनीतिहरू तय गरिएकोमा धेरैजसो सूचकमा प्रगति सन्तोषजनक देखिँदैन ।

प्रदेश सरकारले आगामी दिनमा गरिबी निवारणसम्बन्धी विषयमा योजना तर्जुमा र कार्यान्वयन गर्दा यिनै विषयहरूलाई ध्यान दिन जरुरी छ । त्यसबाहेक गरिब घर परिवारका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, बिमा तथा रोजगारीसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने र एकीकृत बस्ती विकासका साथै रोजगारीमूलक कार्यक्रम सञ्चालनमा व्यापकता प्रदान गर्न आवश्यक देखिन्छ ।

योजनाले प्रदेशको शासन प्रणाली समावेशी, कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने लक्ष्य लिएको छ । यस लक्ष्य प्राप्तिका लागि कानुनी र नीतिगत पूर्वाधारहरूको निर्माण गर्ने, सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने र सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्ने उद्देश्य निर्धारण गरिएका छन् । साथै दीर्घकालीन सोच र लक्ष्य उद्देश्य हासिल गर्नका लागि विभिन्न ६ ओटा रणनीति र ४८ ओटा कार्यनीतिहरू तय गरिएकोमा धेरैजसो रणनीति आंशिक रूपमा कार्यान्वयन भएका छन् । परिमाणात्मक लक्ष्यका ४७ ओटा सूचकमध्ये ७ ओटा सूचकमा मात्र प्रगति विवरण उपलब्ध भएको छ । प्रगति विवरण उपलब्ध भएका सूचकमध्ये पाँच ओटा सूचकमा ७५ प्रतिशतभन्दा बढी प्रगति भएको छ । उपलब्धिको हालसम्मको अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिँदैन । मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थासम्बन्धी नतिजा खाकामा १७ ओटा सूचकहरू समावेश गरिएकोमा अधिकांश सूचकमा प्रगति विवरण उपलब्ध हुन सकेको छैन ।

योजनामा पूर्ण प्रेस स्वतन्त्रता सञ्चार र सूचनाको हक कार्यान्वयन गर्दै नागरिकमा सूचनाको पहुँच विस्तार गर्ने लक्ष्य निर्धारण गरेको छ । उक्त लक्ष्य प्राप्तिका लागि आम नागरिकलाई सहज र सर्वसुलभ रूपमा सूचना प्राप्त हुने अवस्था सिर्जना गर्ने र आम सञ्चार माध्यमलाई स्वच्छ सक्षम निष्पक्ष मर्यादित

विश्वसनीय व्यावसायिक र प्रतिस्पर्धी बनाउने उद्देश्य निर्धारण गरिएको छ । सूचना तथा सञ्चार उपक्षेत्रका लक्ष्य उद्देश्य हासिल गर्न योजना दस्तावेजमा विभिन्न ३ ओटा रणनीति र १२ ओटा कार्यनीतिहरू तर्जुमा गरिएकोमा केही मात्र कार्यान्वयन भएका छन् ।

योजनामा विज्ञान प्रविधिको विकास र उपयोगबाट समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि गर्ने र आर्थिक विकासमा टेवा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ । सो लक्ष्य हासिल गर्न प्रदेशमा विज्ञान तथा प्रविधिको विकास उपयोग गर्ने र विज्ञान र प्रविधिलाई विकास र सेवा प्रवाहसँग आबद्ध गर्ने उद्देश्य निर्धारण गरिएको छ । यसका लागि योजनामा ३ ओटा रणनीति र २२ ओटा कार्यनीतिहरू तर्जुमा गरिएको छ । नतिजा खाकामा ५ ओटा नतिजा सूचक समावेश गरिएकोमा योजना अवधिको पहिलो तीन वर्ष अवधिमा कुनै पनि प्रगति हासिल हुन सकेको देखिँदैन ।

आगामी दिनमा योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रदेश सरकारको कार्यक्षेत्रभित्र रही विज्ञान प्रविधिको क्षेत्रमा सम्भव हुने कार्यक्रम मात्र योजनामा समावेश गरी कार्यान्वयन गर्नेतर्फ जोड दिन आवश्यक छ । त्यसका लागि उपयुक्त संस्थागत संरचना निर्माण तथा जनशक्ति व्यवस्था गर्ने र पर्याप्त स्रोतसाधन व्यवस्थापनमा प्राथमिकता दिनुपर्दछ ।

योजना तर्जुमा गर्दा योजनाका हरेक शृङ्खलाहरू यथार्थपरक, अन्तरसम्बन्धित, व्यावहारिक भई लक्ष्य र प्रगतिबिचमा सामञ्जस्य स्थापित गर्ने लक्ष्य निर्धारण गरिएको छ । यस लक्ष्य प्राप्तिका लागि ४ ओटा रणनीति र २२ ओटा कार्यनीतिहरू तथा १९ ओटा नतिजा सूचक समावेश गरिएका छन् । स्थानीय तहको वस्तुगत विवरण तयार गर्ने, स्थानीय तहको आवधिक योजना तर्जुमा गर्ने र प्रदेश तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्यमा प्रगति हासिल भएको भए पनि ठुला आयोजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन, सूचना प्रणालीको स्थापना, सङ्घ र स्थानीय तहसँग तथ्याङ्कको विद्युतीय सञ्जालीकरण, अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका स्थानीय तह जस्ता सूचकमा खासै उपलब्धि हासिल भएको छैन ।

प्रस्तुत आवधिक योजना बागमती प्रदेश सरकारको पहिलो प्रयास हो । त्यसकारण पनि योजनाको तर्जुमा र कार्यान्वयनमा समस्याहरू देखापर्नु स्वभाविकै हो । तसर्थ आगामी दिनमा यस्ता समस्याको समाधानका लागि खासगरी प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमतामा सुधार गरी भरपर्दो तथ्याङ्क प्रणाली स्थापना गर्ने, योजना छनोटको वस्तुपरक मापदण्ड बनाई कार्यान्वयन गर्ने, परियोजना बैंक तथा मध्यमकालीन खर्च संरचनालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने र स्थानीय तहको योजना प्रक्रियामा संस्थागत क्षमता अभिवृद्धि गर्ने जस्ता विषयलाई प्राथमिकतासाथ कार्यान्वयन गर्न जरुरी देखिन्छ।

# परिच्छेद- एक
# परिचय

## १.१ पृष्ठभूमि

नेपालमा भएका विभिन्न राजनैतिक परिवर्तन र लामो संवैधानिक अभ्यास पछि २०७२ सालमा जारी भएको नेपालको संविधानले देशलाई सङ्घीय संरचनामा रूपान्तरण गर्दै सङ्घ, प्रदेश तथा स्थानीय तह गरी तीन तहको शासन प्रणालीलाई अङ्गीकार गरी अधिकारको बाँडफाँट गरेको छ । यही संवैधानिक संरचनाअनुसार तीनै तहका सरकारको निर्वाचन भई एक कार्यकाल पुरा गरिसकेको अवस्था छ । संविधानले प्रदेशको विकासको वाहकको रूपमा प्रदेश सरकारलाई स्थापित गरिदिएको छ । यसै पृष्ठभूमिमा बागमती प्रदेशले पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यस योजनाको तीन वर्ष पुरा भई चौथो वर्षको कार्यान्वयनसमेत प्रारम्भ भैसकेको छ । प्रदेशको पहिलो आवधिक योजना भएकोले यसमा लिइएका रणनीति तथा कार्यनीतिको कार्यान्वयनको अवस्था कस्तो रह्यो, लक्षित उपलब्धिहरू के कति हासिल भए, त्यसबाट योजनाको लक्ष्य, उद्देश्य प्राप्तिमा कत्तिको योगदान पुग्यो र भविष्यमा कसरी अगाडि बढ्न सकिन्छ भन्ने प्रयोजनका लागि प्रदेश नीति तथा योजना आयोगले यो मध्यावधि प्रगति समीक्षा गरेको छ ।

## १.२ प्रदेशको संक्षिप्त वस्तुस्थिति

२६ डिग्री ५५ मिनेट उत्तरी अक्षांशदेखि २८ डिग्री २३ मिनेट उत्तरी अक्षांशसम्म र ८३ डिग्री १५ मिनेट पूर्वी देशान्तरदेखि ८६ डिग्री ३४ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यो प्रदेशको क्षेत्रफल २०,३०० वर्ग कि.मी. रहेको छ । यस प्रदेशमा १३ जिल्ला र ३ महानगरपालिका एक उप-महानगरपालिका, ४१ नगरपालिका तथा ७४ गाउँपालिका गरी ११९ स्थानीय तह रहेका छन् । प्रदेशको राजधानी हेटौंडामा रहेको छ । २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजाअनुसार यस प्रदेशको जनसङ्ख्या ६० लाख ८४ हजार ४२ रहेको छ जुन नेपालको कुल जनसङ्ख्याको २०.८४ प्रतिशत हो ।

देशको राजधानी काठमाडौं यसै प्रदेशमा रहनुका साथै देशका महत्त्वपूर्ण आर्थिक गतिविधिहरू यसै प्रदेशमा अवस्थित छन् ।  देशको कुल गार्हस्थ उत्पादनमा यस प्रदेशको योगदान ३६.९१ प्रतिशत रहेको छ भने बालाजु, पाटन, भक्तपुर र हेटौंडा जस्ता महत्त्वपूर्ण औद्योगिक क्षेत्र यस प्रदेशमा रहेका छन्। आर्थिक वर्ष २०७८/७९ को चैत्र मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्था, बिमकको शाखा र सहकारी संस्थामा प्रदेशको हिस्सा क्रमशः २५,८, २७.८ र ३३.३५ प्रतिशत रहेको छ । प्रदेशभित्र ९१ ओटा तारे होटेल समेत रहेका छन् ।

प्रदेशको आर्थिक तथा सामाजिक सूचकाङ्क पनि तुलनात्मक रूपमा राम्रो रहेको छ । नेपालको कुल गार्हस्थ उत्पादनको वृद्धिदर ५.८४ रहेकोमा यस प्रदेशको ६.७ प्रतिशत रहेको छ । त्यस्तै नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन १ हजार ३ सय ७२ अमेरिकी डलर रहेकोमा यस प्रदेशको २ हजार ४ सय ३० रहेको छ । नेपालको वहुआयामिक गरिबी सन् २०१९ मा १७.४ प्रतिशत रहेकोमा यस प्रदेशको ७ प्रतिशत मात्र रहेको छ । शिक्षा, स्वास्थ्य, लैङ्गिक, पूर्वाधार आदि सबै सूचकाङ्कमा यो प्रदेश अरूको तुलनामा राम्रो देखिन्छ ।

## १.३ मध्यावधि समीक्षाको उद्देश्य

आवधिक योजनाको मध्यावधि समीक्षाको उद्देश्य निम्नानुसार रहेका छन्:

क. आवधिक योजनाको विगत तीन वर्षको समष्टिगत भौतिक र वित्तीय प्रगतिको समीक्षा गर्नु

ख. विगत तीन वर्षको समीक्षाका आधारमा आवधिक योजनाले लिएका नीतिगत, कार्यक्रमिक तथा नतिजा सूचकहरूमा आवश्यकता अनुसार समायोजन गर्नु

ग. आगामी आवधिक योजनाको लागि पृष्ठपोषण तयार गर्नु

घ. प्रदेशको पहिलो आवधिक योजना भएकोले यसमा सङ्घीय सरकार, स्थानीय तह र प्रदेशबिचको सहयोग, समन्वय र सहकार्यको समीक्षा गर्नु, आवधिक योजना र वार्षिक कार्यक्रमबिचको अन्तरसम्बन्ध तथा आवधिक योजनाप्रति सबै सरोकारवालाको स्वीकार्यता एवम् अपनत्व ग्रहणको अवस्था बारे समीक्षा गरी सुझाव दिनु ।

## १.४ समीक्षाको क्रममा अपनाइएका विधि र प्रक्रिया

मध्यावधि समीक्षाको क्रममा पहिलो आवधिक योजना (२०७६/७७-२०८०/८१)२० को मध्यावधि समीक्षा तथा समायोजन ढाँचामा आधारित रहेर देहायअनुसारका विधि र प्रक्रिया अपनाइएको थियो:

**क. समिति तथा उपसमितिहरू गठन**

मध्यावधि समीक्षाका लागि माननीय मुख्यमन्त्रीको अध्यक्षतामा निर्देशक समिति, प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा समीक्षा तथा समायोजन समिति गठन गरिएको थियो भने सम्बन्धित मन्त्रालयको सचिवको अध्यक्षतामा मन्त्रालयस्तरीय समीक्षा तथा सुझाव उपसमिति र प्रदेश नीति तथा योजना आयोगको सचिवको अध्यक्षतामा समीक्षा तथा सुझाव कार्यदल गठन गरिएको थियो ।

**ख. कार्ययोजना तयारी र स्वीकृति**

समीक्षा तथा समायोजन समितिबाट आवधिक योजनाको मध्यावधि समीक्षाको कार्ययोजना तयार गरी निर्देशक समितिबाट स्वीकृत गराइएको थियो ।

**ग. परामर्शदाताको नियुक्ति**

समीक्षा तथा सुझाव कार्यदललाई प्राविधिक सहयोगको लागि तीन जना विज्ञलाई सदस्यको रूपमा नियुक्त गरी कार्यजिम्मेवारी दिइएको थियो ।

**घ. नीति तथा योजना आयोगका पदाधिकारीहरूसँग छलफल**

परामर्शदाता समूहले समीक्षा प्रक्रियाको प्रारम्भमा प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरूसँग छलफल गरेको थियो । छलफलमा समीक्षाको विधि, प्रक्रिया, मध्यावधि समीक्षाले समेट्नुपर्ने विषय तथा प्रतिवेदनको ढाँचा आदि विषयमा विस्तृत छलफल गरिएको थियो।

**ङ.** छलफलमा तय भएअनुसार परामर्शदाता समूहद्वारा प्रदेश नीति तथा योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयसँगको समन्वयमा विभिन्न निकायहरूबाट लिनुपर्ने सूचना, समन्वय र सहजीकरणका लागि मन्त्रालयस्तरीय समीक्षा तथा सुझाव उपसमितिका पदाधिकारीसँग छलफल गरिएको थियो ।

**च.** मन्त्रालयगत समीक्षा तथा सुझाव उपसमितिका पदाधिकारीसँगको छलफल पछि योजनाको पहिलो तीन वर्षे अवधिमा रणनीति तथा कार्यनीतिको कार्यान्वयन एवम् नतिजा सूचक हासिल गर्नमा प्राप्त उपलब्धि तथा आगामी दिनका लागि सुझाव सङ्कलनका लागि तयार गरिएको ढाँचा उपलब्ध गराइएको थियो ।

**छ.** यसरी उपलब्ध गराइएको ढाँचा अनुसार मन्त्रालयहरूबाट प्राप्त तथ्याङ्क एवम् सूचना, मन्त्रालयस्तरीय समीक्षा तथा सुझाव उपसमितिबाट प्राप्त प्रतिवेदन र यससम्बन्धी अन्य सान्दर्भिक दस्ताबेजबाट प्राप्त सूचनाको विश्लेषण र सम्बन्धित निकायका पदाधिकारीसँग भएको छलफल र गत आ.व.को बजेट तथा कार्यक्रम तर्जुमाको सन्दर्भमा प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आयोजना गरिएको प्रदेश सभाका सदस्यहरूसँगको छलफल एवम् परामर्शबाट प्राप्त सुझावसमेतका आधारमा मध्यावधि समीक्षाको प्रारम्भिक दस्तावेज तयार गरियो ।

**ज.** यसरी उपलब्ध गराइएको ढाँचाअनुसार मन्त्रालयहरूबाट प्राप्त तथ्याङ्क एवम् सूचना र यससम्बन्धी सान्दर्भिक दस्ताबेजबाट प्राप्त सूचनाको विश्लेषण र सम्बन्धित निकायका

पदाधिकारीसँग भएको छलफल समेतका आधारमा मध्यावधि समीक्षाको प्रारम्भिक दस्तावेज तयार गरियो ।

झ. प्रारम्भिक दस्तावेजउपर राय सुझावका लागि प्रदेश नीति तथा योजना आयोग र प्रदेश सरकारअन्तर्गतका मन्त्रालयहरूमा उपलब्ध गराईएको थियो ।

ञ. प्रदेश नीति तथा योजना आयोग र मन्त्रालयहरूको सुझाव सङ्कलन गरी सोको आधारमा मस्यौदा परिमार्जन गरी उक्त मस्यौदालाई प्रदेशअन्तर्गतका सबै मन्त्रालयहरू, प्रदेश नीति तथा योजना आयोग, गैसस तथा निजीक्षेत्रका प्रतिनिधिहरू, विज्ञ समूह आदिसँग छलफल गरी राय सुझाव लिइएको थियो ।

ट. मस्यौदामा भएको छलफलबाट प्राप्त राय सुझावलाई समावेश गरी समीक्षा प्रतिवेदनको अन्तिम मस्यौदा समीक्षा तथा समायोजन समितिमा प्रस्तुत गरियो र सो समितिमा भएको छलफल पश्चात नीति तथा योजना आयोगमार्फत निर्देशक समितिमा पेस भई स्वीकृत गरियो ।

## १.५ अध्ययनको सीमा

आवधिक योजनामा सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह, निजी क्षेत्र तथा सरकारी एवम् अन्य क्षेत्रको भूमिका तथा लगानीको अपेक्षा गरी लक्ष्य निर्धारण गरिएकोमा यस समीक्षाको क्रममा सङ्घीय सरकार तथा स्थानीय तह र निजी एवम् सहकारी क्षेत्रबाट भएको लगानी र उपलब्धिसम्बन्धी विवरण प्राप्त गर्न सम्भव नभएको कारण प्रदेश सरकारबाट सञ्चालन भएका कार्यक्रम र लगानी तथा उपलब्धिको आधारमा मात्र समीक्षा गरिएको छ ।

योजना तर्जुमाको समयमा प्रदेश सरकारअन्तर्गत कायम रहेका मन्त्रालयको आधारमा योजनामा विभिन्न विषय क्षेत्र उपक्षेत्र कायम गरी सोही अनुरूप नतिजा खाका तयार गरिएकोमा योजना अवधिमा मन्त्रालयहरू विभाजन भई छुट्टै मन्त्रालय खडा भएका तर नयाँ मन्त्रालयहरूको सूचना प्रणाली व्यवस्थित हुने क्रममै रहेकोले विगत वर्षहरूमा हासिल भएको प्रगतिसम्बन्धी तथ्याङ्क प्राप्तिमा समेत समस्या रहन गयो । तसर्थ मन्त्रालयहरूबाट प्राप्त हुन सकेका सूचना एवम् तथ्याङ्क र पदाधिकारीहरूसँगको छलफलका आधारमा यो समीक्षा गरिएको छ ।

# परिच्छेद-दुई
# प्रदेशको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यको समीक्षा

## २.१ पृष्ठभूमि

यस परिच्छेदमा आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, विकासका मुख्य चालकहरू, प्रमुख रणनीतिहरू, सङ्घ, प्रदेश र स्थानीय तहका योजनासँगको तादात्म्य, प्रमुख समस्या र सुझावहरू समावेश गरिएका छन् ।

## २.२ दीर्घकालीन सोच

प्रदेशको प्रथम आवधिक योजनाको सोच **"संस्कृति, कृषि, उद्योग, पर्यटन, मानव पुँजी र पूर्वाधार; सुसंस्कृत, सुखी र समृद्ध प्रदेशको आधार"** भन्ने रहेको छ । सङ्घीय सरकारको दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरूसँग तादात्म्य कायम हुनेगरी प्रदेश सरकारको दीर्घकालीन सोचको प्रमुख परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । प्रदेशको दीर्घकालीन सोचका ३१ ओटा परिमाणात्मक लक्ष्य सूचक तय गरिएका थिए । उक्त सूचकहरूको आधार अवस्था, आ.व. २१००/०१ को लक्ष्य र आर्थिक वर्ष २०७८/७९ सम्मको प्रगति विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका १ : दीर्घकालीन सोचका प्रमुख परिमाणात्मक लक्ष्यहरूः

| क्र.सं. | प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल* | | बागमती प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य | आ.व. २०७५/७६ को यथार्थ | २०७८/७९ सम्मको प्रगति* | आ.व. २१००/०१ को लक्ष्य |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | १०.३ | ७ | ६.७४ | १०.६ |
| २ | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन क्षेत्रको योगदान | प्रतिशत | २७.० | ९ | १३ | ११.९ | ७.५ |
| ३ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | ३० | १२.६ | ११.४ | २५ |
| ४ | कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६१ | ७४.४ | ७६.७ | ६७.५ |
| ५ | प्रतिव्यक्ति आय | अ. डलर | १,०४७ | १२,१०० | १९१७ | २४३० | २२,४९० |
| ६ | निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | १८.७ | ० | १५.३ | १५.३ | ० |
| ७ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | २८.६ | ३ | १२.२ | ७ | २ |
| ८ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | प्रतिशत | १.३ | १.१ | १.४५ | १.३६ | १.२ |

| क्र.सं. | प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल* | | बागमती प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७४/७५ को यथार्थ | आ.व. २१००/०१ को लक्ष्य | आ.व. २०७५/७६ को यथार्थ | २०७८/७९ सम्मको प्रगति* | आ.व. २१००/०१ को लक्ष्य |
| ९ | सम्पत्तिमा आधारित जिनी गुणक (Ginni Coefficient) | प्रतिशत | ०.३१ | ०.२५ | ०.३५३ | ०.४३ | ०.२८ |
| १० | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ७२ | ४१.७ | | ७८ |
| ११ | वेरोजगारी दर | प्रतिशत | ११.४ | ३.० | ७.२३ | ७.० | १.८ |
| १२ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३७.८ | ७० | ४१.७ | ३०.०८ | ७७ |
| १३ | जलविद्युत् तथा नवीकरणीय ऊर्जा उत्पादन (जडित क्षमता) | मेगाबाट | १,०७४ | ४०,००० | ४१८.२ | १०१६ | ५००० |
| १४ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | १०० | ९८.२ | ९७.४७ | १०० |
| १५ | प्रतिव्यक्ति विद्युत् उपभोग | कि.वा./घण्टा | २४५ | ३,५०० | | ४१४.३५ | ४,५०० |
| १६ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९९ | | ७२.९ | ९९ |
| १७ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग | कि.मी. | ६,९७९ | ३३,००० | ५५६२ | ६९५३ | २०००० |
| १८ | द्रुत मार्ग (भूमिगत मार्गसमेत) | कि.मी. | ० | २,००० | | ० | ५०० |
| १९ | रेलमार्ग | कि.मी. | ४२ | २,२०० | | ० | ३०० |
| २० | इन्टरनेट प्रयोगकर्ता (जनसङ्ख्यामा) | प्रतिशत | ५८ | १०० | ७१.२ | | १०० |
| २१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ८० | ७२.० | | ८५ |
| २२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | जना | २३९ | २० | ७१.२ | | १० |
| २३ | ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | जना | ३९ | ८ | ३६ | २८.४ | ४ |
| २४ | ५ वर्षमुनिका कम तौल भएका बालबालिका | जना | २७ | २ | १३.३ | २.१ (२ वर्ष मुनी) | १ |
| २५ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९८ | ६९ | ९७.२२ | ९९ |
| २६ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ९५ | ४८.२ | ५४.८ | ९८ |
| २७ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | ४० | २२.७ | | ५० |
| २८ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | २० | ९५ | | ३०.० | ९७ |
| २९ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | १७ | १०० | ४१ | | १०० |
| ३० | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.९२५ | १ | ०.९३१ | | १ |
| ३१ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७४ | ०.७६० | ०.६४१ | ०.६६१ | ०.८२० |

**स्रोत: २०७८/७९ को प्रदेश आर्थिक सर्वेक्षण, दिगो विकास लक्ष्यको वर्तमान अवस्था तथा मार्गचित्र, सामाजिक तथ्याङ्क २०७९, केन्द्रिय तथ्याङ्क विभाग र Provincial Poverty in Nepal, G P Gyanwali, Patan Pragya, 2020.*

माथिको तालिकाअनुसार यस प्रदेशका प्रायः सबै सूचकहरू नेपालको औसतभन्दा राम्रा देखिन्छन् र सोहीअनुसार दीर्घकालीन लक्ष्य प्रक्षेपण गरिएका छन् । प्रदेशको आवधिक योजनामा हरेक उपक्षेत्रको दीर्घकालीन सोच निर्धारण गरिएको छ र सबै उपक्षेत्रका दीर्घकालीन सोचको एकीकृत स्वरूपको रूपमा योजनाको समष्टिगत सोच निर्माण गरी तालिकामा देखाइएअनुसार उक्त सोचका आ.व. २१००/०१ का लक्ष्य सूचक निर्धारण गरिएका छन् । यसमा अन्य सूचकका अतिरिक्त आर्थिक वृद्धिदर १०.६ प्रतिशत, प्रतिव्यक्ति आय रु. २२,४९०/- बहुआयामिक गरिबी २ प्रतिशत, बेरोजगारी दर १.८ प्रतिशत, निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या शून्य, अपेक्षित आयु (जन्म हुँदाका बखत) ८५ वर्ष, साक्षरता दर (१५ वर्ष माथि) ९९ प्रतिशत, मानव विकास सूचकाङ्क ०.८२० जस्ता महत्त्वपूर्ण सूचकहरू निर्धारण गरिएका छन् । वास्तवमा दीर्घकालीन सोच एउटै योजनाबाट पुरा हुने लक्ष्य नभए तापनि यो आवधिक योजना र आगामी चार ओटा पञ्चवर्षीय आवधिक योजनाका लागि लक्ष्य सूचक प्राप्तिका आधार हुन् । तर आधार वर्षपछि हरेक पञ्चवर्षीय योजनाको लक्ष्य निर्धारण नगरी एकैपटक २५ वर्ष पछिको लक्ष्य राखिएको छ। त्यसकारण यस योजनाको हालसम्मको प्रगतिले दीर्घकालीन लक्ष्य प्राप्तिमा ठुलो योगदान नगरे पनि पछिका लागि दिशानिर्देश भने हुन सक्दछ ।

प्रदेशको दीर्घकालीन सोचका ३१ ओटा प्रमुख परिमाणात्मक लक्ष्य सूचकमध्ये ५ ओटा सूचकहरूमा आधार अवस्थाको तथ्याङ्क उपलब्ध रहेको छैन भने आवधिक योजनाको परिमाणात्मक लक्ष्य समेत निर्धारण गरिएको छैन । तसर्थ यी सूचकहरूमा मध्यावधि समीक्षा गर्न सकिएन । त्यसैगरी कुल ३१ ओटा सूचकमध्ये समीक्षाको क्रममा ७ सूचकहरूको प्रगति विवरण नै उपलब्ध हुन सकेन । प्रगति विवरण उपलब्ध हुन सकेका सूचकमध्ये प्रति व्यक्ति आय, साक्षरता दर, मानव विकास सूचकाङ्क लगायतका ८ ओटा सूचकहरूमा आधार अवस्थाको तुलनामा सन्तोषजनक प्रगति भएको पाइएको छ भने बाँकी सूचकहरूको प्रगति सन्तोषजनक देखिएको छैन । आवधिक योजनामा समावेश भएका परिमाणात्मक लक्ष्यको कार्यान्वयन अवस्था हेर्दा बाँकी अवधिमा योजनाको दीर्घकालीन लक्ष्य प्राप्त गर्न कठिन हुने देखिन्छ ।

## २.३ आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य

प्रदेशको प्रथम आवधिक योजनाको लक्ष्य "सामाजिक न्यायसहितको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने" रहेको छ । त्यसैगरी दक्ष मानव पुँजीको विकास गरी प्राकृतिक र सांस्कृतिक सम्पदाको दिगो उपयोगबाट रोजगारी सिर्जना, व्यवस्थित सहरीकरण र भौतिक पूर्वाधार विकास, पर्यावरणीय सन्तुलन, लैङ्गिक समता र सामाजिक समावेशीकरणको माध्यमबाट सामाजिक न्यायसहितको उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने सबल आधार तयार गर्ने उद्देश्य योजनाले राखेको छ । योजनाको सोचमा समावेश सुसंस्कार, सुख र समृद्धिका गन्तव्य सूचकहरूलाई नै योजनाको नतिजा सूचक निर्धारण गरिएको छ । योजनाको समष्टिगत प्रभाव र असरसम्बन्धी सूचकहरूको आधार अवस्था, योजना अवधिको लक्ष्य र आ.व. २०७८/७९ सम्मको

प्रगति विवरण तलको तालिकामा समावेश गरिएको छ ।

तालिका २ : सुसंस्कारका लक्ष्य, गन्तव्य र सूचकहरू

| क .सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल* | | बागमती प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | ०७५/७६ को स्थिति | २०७८/७९ सम्मको प्रगति** | २०८०/८१ को लक्ष्य |
| १ | **सम्पदाहरूको संरक्षण र विकास** | | | | | | |
| १.१ | संरक्षण र विकास गरिएका ऐतिहासिक, धार्मिक र पुरातात्विक सम्पदाहरू | सङ्ख्या | | | | ८३ | |
| २ | **भाषा, कला, संस्कृति र साहित्यको संरक्षण र विकास** | | | | | | |
| २.१ | **भाषाको संरक्षण र विकास** | | | | | | |
| २.१.१ | आधारभूत तहको पाठ्यक्रम तयार भएका मातृभाषाहरू (तामाङ, चेपाङ, शेर्पा, नेवार) | सङ्ख्या | | | | ४ | |
| २.१.२ | मातृभाषामा आधारभूत शिक्षा लिइरहेका बालबालिकाको हिस्सा (अध्ययनरत कुल बालबालिकामा) | प्रतिशत | | | | | |
| २.१.३ | नेपाली बाहेकका राष्ट्रभाषामा प्रकाशित पत्रपत्रिका | सङ्ख्या | | | | | |
| २.१.४ | नेपाली बाहेकका राष्ट्रभाषामा प्रकाशित पुस्तकहरू | सङ्ख्या | | | | | |
| २.१.५ | संरक्षित लिपिहरू | सङ्ख्या | | | | | |
| २.२ | **लोक कलाको संरक्षण र विकास** | | | | | | |
| २.२.२ | संरक्षित परम्परागत लोकनृत्यहरू | सङ्ख्या | | | | | |
| २.२.३ | संरक्षित परम्परागत लोकगीतहरू | सङ्ख्या | | | | | |
| २.२.४ | संरक्षित लोकबाजाहरू | सङ्ख्या | | | | | |
| २.२.५ | जातीय शैली झल्कने भवनहरू | सङ्ख्या | | | | | |
| २.२.६ | नेपाली शैली झल्कने भवनहरू | सङ्ख्या | | | | | |
| २.३ | **लोक संस्कृतिको संरक्षण र विकास** | | | | | | |
| २.३.१ | संरक्षित परम्परागत जात्रा तथा मेलाहरू | सङ्ख्या | | | | | |
| २.३.२ | जातीय र सांस्कृतिक सङ्ग्रहालयहरू | सङ्ख्या | | | | २ | ५ |
| २.४ | **लोक साहित्यको संरक्षण र विकास** | | | | | | |
| २.४.१ | भाषा तथा साहित्य सङ्ग्राहलय | सङ्ख्या | | | | | १ |
| ३ | **परिष्कृत तथा मर्यादित जीवन** | | | | | | |
| ३.१ | **नागरिक स्वस्थता तथा सन्तुष्टि** | | | | | | |
| ३.१.१ | ५ वर्ष मुनिको कम तौल भएका बालबालिका | प्रतिशत | २७ | १५ | १३.३ | २.१ (२ वर्ष मुनी) | ७ |
| ३.१.२ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७४ | ०.६२४ | ०.६४१ | ०.६६१ | ०.६७१ |
| ३.१.३ | नागरिक सन्तुष्टिको अनुभूति सूचकाङ्क | सूचकाङ्क | ४.७ | ५.१ | | | ५.७ |
| ३.१.४ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | २९.६ | १३ | १२.२ | ७.० | ९.० |
| ३.२ | **सुरक्षित तथा सुविधा सम्पन्न आवास** | | | | | | |
| ३.२.१ | सुरक्षित (भवन आचार संहिताको मापदण्ड बमोजिम निर्मित) आवासमा | प्रतिशत | ४० | ६० | ३७.८ | | ७० |

| क .सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल* | | बागमती प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | ०७५/७६ को स्थिति | २०७८/७९ सम्मको प्रगति** | २०८०/८१ को लक्ष्य |
| | बसोबास गर्ने जनसङ्ख्या | | | | | | |
| ३.२.२ | फ्लस भएको शौचालय सुविधा भएको परिवार | प्रतिशत | | | ६६.९९ | १०० (आधारभूत) | ८० |
| ३.२.३ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | २१ | ४० | | ३० | ६५.०० |
| **३.३** | **भौतिक तथा आधुनिक सम्पत्ति माथिको समतामूलक पहुँच वा स्वामित्व** | | | | | | |
| ३.३.१ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ | ६७.८० | | ७० |
| ३.३.२ | सार्वजनिक धितोपत्रमा लगानी गर्ने जनसङ्ख्या | प्रतिशत | ४.४ | २० | | | २५ |
| ३.३.३ | लैङ्गिक विकास सूचकाङ्क | प्रतिशत | ०.९२५ | ०.९६३ | ०.९३१ | | ०.९६९ |
| ४ | **सुरक्षित, सभ्य र न्यायपूर्ण समाज** | | | | | | |
| **४.१** | **विभेद, हिंसा र अपराधमुक्त समाज** | | | | | | |
| ४.१.१ | जीवनकालमा शारिरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | १३ | २५.९ | २१.३ | १२.८ |
| ४.१.२ | दर्ता भएका लैङ्गिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानक अनुपात | प्रतिशत | ८६.७ | १०० | ८७.२ | | १०० |
| **४.२** | **सामाजिक सांस्कृतिक विविधता** | | | | | | |
| ४.२.१ | मातृभाषामा पठन पाठन हुने विद्यालय | सङ्ख्या | २७० | ३२४ | ५ | | ८ |
| **४.३** | **सामाजिक सुरक्षा तथा संरक्षण** | | | | | | |
| ४.३.१ | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | २६.३ | १३ | | | |
| ४.३.२ | प्रदेशको बजेटमा सामाजिक सुरक्षा खर्च (सरक्षित आवास, वृद्धाश्रम, बाल गृह, सुधार गृह आदिमा भएको खर्च) | प्रतिशत | | | | | |
| ४.३.३ | आधारभूत सामाजिक सुरक्षामामा आबद्ध जनसङ्ख्या | प्रतिशत | १७ | ६० | ४१.० | | ७५.० |
| ४.३.४ | स्वास्थ्य बिमामा आबद्ध जनसङख्या | प्रतिशत | ३.५ | ६० | ४.८ | ७.३२ | ६२ |
| ४.३.५ | उद्धार गर्नुपर्ने अवस्थामा रहेका सहयोगापेक्षी सडक मानव | सङ्ख्या | | | ३५० | | ५० |
| ४.३.६ | उद्धार गरिएका सहयोगापेक्षी सडक मानव | सङ्ख्या | | | | | थप ३५० |

*स्रोतः * पन्ध्रौं योजनाको आधारपत्र, राष्ट्रिय योजना आयोग, **२०७८/७९ को प्रदेश आर्थिक सर्वेक्षण, Fact Sheet on women of Bagmati Province (www. un.org.np)*

माथिको तालिकामा प्रदेशको दीर्घकालीन सोचअन्तर्गत सुसंस्कारका ३३ ओटा गन्तव्य सूचकहरू तय गरिएकोमा १९ ओटाको आधार तथ्याङ्क नै निर्धारण नभएको, १४ ओटाको योजना अवधिको लागि लक्ष्य निर्धारण नभएको र २४ ओटा सूचकहरूको समीक्षाको क्रममा प्रगति विवरण उपलब्ध हुन सकेको छैन । प्रगति विवरण उपलब्ध भएका १० ओटा सूचकहरूमध्ये पनि फ्लस सुविधा भएको शौचालय उपलब्ध परिवार लगायतका ३ ओटा सूचकको मात्र उपलब्धि सन्तोषजनक देखिन्छ ।

तालिका ३ : सुखका लक्ष्य, गन्तव्य र सूचकहरू

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल* | | बागमती प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | ०७५/७६ को स्थिति | २०७८/७९ सम्मको प्रगति* | २०८०/८१ को लक्ष्य |
| **१** | **स्वस्थ र सन्तुलित पर्यावरण** | | | | | | |
| *१.१* | *प्रदुषणमुक्त र स्वच्छ वातावरण* | | | | | | |
| १.१.१ | वायु प्रदुषणको औसत मात्रा (पीपीएम २.५) | माइक्रोग्राम प्रति घनमिटर | ५३ | ४० | | | ४५ |
| *१.२* | *जैविक विविधता संरक्षण र पर्यावरणीय सन्तुलन* | | | | | | |
| १.२.१ | लोपोन्मुख, सङ्कटापन्न र जोखिममा परेका प्रजाति/वनस्पति संरक्षण | सङ्ख्या | ५८९ | ५८९ | | | |
| *१.३* | *जलवायु परिवर्तन अनुकुलनशीलत* | | | | | | |
| १.३.१ | अनुकुलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह | सङ्ख्या | २१७ | ५५० | | ११ | ११९ |
| *१.४* | *विपद उत्थानशील समाज र अर्थतन्त्र* | | | | | | |
| १.४.१ | विपद्का घटनाबाट प्रभावित जनसङ्ख्या | प्रति हजार | १९.५ | ५ | | | ४ |
| १.४.२ | विपद्का घटनाबाट मृत्यु हुने सङ्ख्या | प्रति लाख | १.७ | १.०९ | | | १ |
| **२** | **सुशासन** | | | | | | |
| *२.१* | *कानुनी शासन* | | | | | | |
| २.१.१ | कानुनी शासन सुचकाङ्क | सुचकाङ्क | ०.५३ | ०.५८ | | | ०.६० |
| *२.२* | *सामाजिक सदाचार, पारदर्शिता र जवाफदेहिता* | | | | | | |
| २.२.१ | भ्रष्टाचार अनुभूति सूचकाङ्क | सुचकाङ्क | ३१ | ४१ | | | ४५ |
| २.२.२ | 'हेलो सरकार' मा प्राप्त उजुरी फछ्र्यौट | प्रतिशत | ४८.१३ | ९८ | | | |
| २.२.३ | मुख्यमन्त्री कार्यालयमा प्राप्त उजुरी फछ्र्यौट | प्रतिशत | | | | | ९० |
| **३** | **सबल लोकतन्त्र** | | | | | | |
| *३.१* | *लैङ्गिक सहभागिता* | | | | | | |
| ३.१.१ | प्रदेश सभामा महिला प्रतिनिधिको सहभागिता | प्रतिशत | | | ३४ | ३४ | ३८ |
| ३.१.२ | प्रदेश कार्यपालिकामा महिलाको सहभागिता | प्रतिशत | | | ० | ४ | ३३ |
| ३.१.३ | स्थानीय तहमा महिला प्रतिनिधिको सहभागिता | प्रतिशत | | | ४४.५२ | ४०.१० | ४६ |
| ३.१.४ | स्थानीय तहको कार्यपालिकामा महिला प्रतिनिधिको सहभागिता | प्रतिशत | | | ८.८४ | | १० |
| ३.४.५ | प्रादेशिक आयोगहरूमा महिलाको सहभागिता | प्रतिशत | | | २५ | | ३३ |
| ३.४.६ | प्रदेश मातहतका राष्ट्रसेवकमा महिला हिस्सा | प्रतिशत | | | | १५ | |
| *३.२* | *समावेशिता* | | | | | | |
| ३.२.१ | प्रदेश सभामा दलित समुदायको सहभागिता | प्रतिशत | | | ०.९१ | १.८१ | २ |
| ३.२.२ | प्रदेश सभामा आदिवासी जनजाति लगायतका समुदायको सहभागिता | प्रतिशत | | | ५०.९१ | ५०.९१ | ५२ |
| ३.२.३ | प्रदेश कार्यपालिकामा महिला, दलित, आदिबासी जनजाति लगायतका समुदायको सहभागिता | प्रतिशत | | | | ५५.५५ | |
| ३.२.४ | स्थानीय तहमा दलित समुदायको सहभागिता | प्रतिशत | | | | २० | |
| ३.२.५ | स्थानीय तहको कार्यपालिकामा महिलाको सहभागिता | प्रतिशत | | | | ४० | |
| ३.२.६ | स्थानीय तहका राष्ट्रसेवकमा दलित, आदिवासी | प्रतिशत | | | | | |

| क.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल* | | बागमती प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | ०७५/७६ को स्थिति | २०७८/७९ सम्मको प्रगति* | २०८०/८१ को लक्ष्य |
| | जनजाति लगायतका समुदायको हिस्सा | | | | | | |
| ४ | **राष्ट्रिय एकता, सुरक्षा र सम्मान** | | | | | | |
| *४.१* | *नेपालीत्वको उच्च भावना* | | | | | | |
| ४.१.१ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | | १०० | | | १०० |
| *४.२* | *मानव तथा अन्य सुरक्षा* | | | | | | |
| ४.२.१ | ५ वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ५६ | १०० | ६३.७ | | १०० |
| ४.२.२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४८.२ | ८० | ५५ | | ८५ |
| *४.३* | *अत्यावश्यक वस्तु र सेवामा आत्मनिर्भरता* | | | | | | |
| ४.३.१ | कुल आयातमा अत्यावश्यक वस्तु (कृषि उपज, जीवजन्तु र खाद्य पदार्थ) को अंश | प्रतिशत | १४.७ | ५ | | | ७ |

*स्रोतः * ०७८/७९ को प्रदेश आर्थिक सर्वेक्षण, Fact Sheet on women of Bagmati Province (www. un.org.np)*

माथिको तालिकामा प्रदेशको दीर्घकालीन सोचअन्तर्गत सुखको प्राप्तिका लागि २५ ओटा गन्तव्य सूचकहरू तय गरिएकोमा १६ ओटाको आधार तथ्याङ्क नै निर्धारण गरिएको छैन भने ६ ओटाको लक्ष्य निर्धारण गरिएको छैन । मध्यावधि समीक्षाको क्रममा १० ओटा लक्ष्य सूचकहरूको मात्र प्रगति विवरण उपलब्ध हुन सकेको छ । प्रगति विवरण उपलब्ध भएका सूचकहरूको आधारमा मात्र सुखका लक्ष्य सूचकहरूमा भएको प्रगतिलाई आकलन गर्न सकिने अवस्था देखिदैन ।

तालिका ४: समृद्धिका लक्ष्य, गन्तव्य र सूचकहरू

| क.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल* | | बागमती प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | ०७५/७६ को स्थिति | २०७८/७९ सम्मको प्रगति** | २०८०/८१ को लक्ष्य |
| १ | **उच्च र समतामुलक राष्ट्रिय आय** | | | | | | |
| *१.१* | *औद्योगिक राष्ट्रको स्तरको उच्च आय* | | | | | | |
| १.१.१ | आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | १०.३ | ७.५ | ६.७४ | १०.६ |
| १.१.२ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय/प्रतिव्यक्ति आय | अ. डलर | १,०४७ | १,५९५ | १९१७ | २४३० | ३०८७ |
| *१.२* | *गरिबीको अन्त्य* | | | | | | |
| १.२.१ | गरिबीको रेखामुनी रहेको जनसङ्ख्या (निरपेक्ष गरिबीको दर) | प्रतिशत | १८.७ | ११ | १५.३ | १५.३ | ८.० |
| *१.३* | *राष्ट्रिय आम्दानीमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा* | | | | | | |
| १.३.१ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | अनुपात | १.३ | १.२५ | १.४५ | १.३६ | १.३७ |
| १.३.२ | सम्पत्तिमा आधारित जिनी गुणक (Ginni Coefficient) | गुणक | ०.३१ | ०.२५ | ०.३५ | ०.४ | ०.२३ |
| २ | **मानव पुँजी निर्माण र सम्भावनाको पूर्ण उपयोग** | | | | | | |
| *२.१* | *स्वस्थ र लामो आयु भएका नेपाली* | | | | | | |
| २.१.१ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७२ | ७२ | ७२.०१ | ७४.४ |
| २.१.२ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | सङ्ख्या | २३९ | ९९ | | | ७० |

| क.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल* | | बागमती प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | ०७५/७६ को स्थिति | २०७८/७९ सम्मको प्रगति** | २०८०/८१ को लक्ष्य |
| २.१.३ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | सङ्ख्या | ३९ | २४ | ३६ | २८.४ | १८ |
| *२.२* | *गुणस्तरीय, रोजगारमूलक तथा जीवनोपयोगी शिक्षा प्राप्त नागरिक* | | | | | | |
| २.२.१ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९० | ६९ | ९७.२२ | ९५ |
| २.२.२ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८५ | ९९ | ९३ | | १०० |
| २.२.३ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९२.३ | ९९.५ | ९४.८ | ९६.३१ | १०० |
| २.२.४ | माध्यमिक तह (९-१२)मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ६५ | ४८.२ | ५४.८ | ७५ |
| २.२.५ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | ९.५ | २२ | २२.७ | | ३२ |
| २.२.६ | काम गर्ने उमेर समूहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिमप्राप्त जनसङ्ख्या | प्रतिशत | २५ | ६० | | | ६५ |
| *२.३* | *उत्पादनशील र मर्यादित रोजगारी* | | | | | | |
| २.३.१ | श्रम सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ४८.५ | ४७.१ | | ५८ |
| २.३.२ | वेरोजगारी दर | प्रतिशत | ११.४ | ६.० | ७.२३ | ७.० | ४ |
| २.३.३ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ५० | ४७.१ | ३०.०८ | ६० |
| **३** | **सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन आबद्धता** | | | | | | |
| *३.१* | *सर्वसुलभ, सुरक्षित र आधुनिक यातायात* | | | | | | |
| ३.१.१ | राष्ट्रिय र प्रादेशिक लोकमार्ग (स्तरोन्नति/कालोपत्रे) | कि.मी. | ६,९७९ | १५,००० | ५५६२ | ६९५३ | ८६६२ |
| ३.१.२ | द्रुत लोकमार्ग (भूमिगत मार्गसमेत) | कि.मी. | ० | ७६ | | ० | १३० |
| ३.१.३ | रेलमार्ग | कि.मी. | ४२ | २०० | ० | ० | ५० |
| *३.२* | *पूर्वाधार पहुँच तथा आबद्धता* | | | | | | |
| ३.२.१ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएको परिवार | प्रतिशत | ७८.९ | ९५ | | | ९७ |
| ३.२.२ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ९९ | ९८.२ | ९७.४७ | १०० |
| ३.२.३ | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ८८ | ९९ | ९४.१ | ९५.१ | १०० |
| ३.२.४ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | २० | ४० | | ३० | ६५ |
| ३.२.५ | इन्टरनेट प्रयोगकर्ता (कुल जनसङ्ख्यामा) | प्रतिशत | ५५.४ | ८० | ७१.२ | | ९० |
| **४** | **उच्च र दिगो उत्पादन तथा उत्पादकत्व** | | | | | | |
| *४.१* | *अर्थतन्त्रमा क्षेत्रगत योगदान* | | | | | | |
| ४.१.१ | प्राथमिक क्षेत्र (कृषि, वन र खानी) | प्रतिशत | २७.६ | २३ | १३ | ११.९ | १०.३ |
| ४.१.२ | द्वितीय क्षेत्र (उत्पादनमुलक उद्योग, विद्युत्, ग्यास र पानी तथा निर्माण) | प्रतिशत | १४.४ | १८.१ | १२.६ | ११.४ | १५.४ |
| ४.१.३ | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ५७.८ | ५८.९ | ७४.४ | ७६.७ | ७४.३ |
| *४.२* | *स्वच्छ ऊर्जाको उत्पादन तथा उपभोग* | | | | | | |
| ४.२.१ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगाबाट | १,०२० | ५,००० | ४८१.२ | १०१६ | २,००० |
| ४.२.२ | प्रतिव्यक्ति विद्युत् उपभोग | कि.वा./ घण्टा | २४५ | ७०० | | ४१४.३५ | ९०० |
| ४.२.३ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको हिस्सा | प्रतिशत | ५ | १२ | | ११ | १५ |

| क.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | नेपाल* | | बागमती प्रदेश | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७५/७६ को स्थिति | २०८०/८१ को लक्ष्य | ०७५/७६ को स्थिति | २०७८/७९ सम्मको प्रगति** | २०८०/८१ को लक्ष्य |
| *४.३* | *व्यापार सन्तुलन* | | | | | | |
| ४.३.१ | वस्तु तथा सेवाको निर्यात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | अनुपात | ९ | १५.७ | | | |
| ४.३.२ | वस्तु तथा सेवाको आयात (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ५०.८ | ५१ | | | |
| *४.४* | *राष्ट्रिय तथा क्षेत्रगत उत्पादकत्व* | | | | | | |
| ४.४.१ | श्रम उत्पादकत्व | रू. हजारमा | १८४.६ | २७६ | २०५.९ | | ३२९ |
| ४.४.२ | कृषि उत्पादकत्व | मेटन प्रति हे | २.९७ | ४ | | ३.१३ | ५ |

*स्रोत: * पन्ध्रौं योजनाको आधारपत्र, राष्ट्रिय योजना आयोग * * ०७८/७९ को आर्थिक सर्वेक्षण तथा दिगो विकास लक्ष्य वर्तमान अवस्था र मार्गचित्र*

माथिको तालिकामा प्रदेश विकासका लागि निर्धारित समृद्धिका ३५ सूचकहरूमध्ये १० ओटाको आधार तथ्याङ्क नै उल्लेख हुन नसकेको, २ ओटाको लक्ष्य निर्धारण समेत नभएको र १२ ओटाको प्रगति विवरण उपलब्ध हुन सकेको छैन । प्रगति विवरण उपलब्ध भएका २३ ओटा सूचकहरूमध्ये १० ओटा सूचकहरूमा मात्र लक्ष्यअनुसार प्रगति सन्तोषजनक देखिएको छ । माथि उल्लिखित गन्तव्य सूचकको लक्ष्य उपक्षेत्रगत कार्यक्रम कार्यान्वयनबाट प्राप्त नतिजा सूचकमा आधारित हुनु पर्नेमा कतिपय विषयहरू उपक्षेत्रगत नतिजा सूचकमा नसमेटिएको कारण त्यस्ता गन्तव्य सूचकको प्रगति प्राप्त हुन सक्ने अवस्था समेत देखिदैन ।

आवधिक योजना तर्जुमा गर्दा तीनै तहका सरकारको संयुक्त योगदानबाट लक्षित उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ । यसका लागि तीनै तहका सरकारको नीतिगत र कार्यक्रमिक समन्वय आवश्यक छ । यसरी हेर्दा प्रदेश भित्रका कतिपय स्थानीय तहले आवधिक योजना नै तर्जुमा गरेका छैनन् । तर्जुमा भएका योजनामा नीतिगत रूपमा केही सामञ्जस्य देखिए तापनि कार्यक्रममा सामञ्जस्य देखिएको छैन। स्थानीय तहले योजना तर्जुमा गर्दा सङ्घीय योजनाको दीर्घकालीन सोच र दीगो विकासका लक्ष्यको भावना समेट्न खोजेकोले स्वभाविक रूपमा तीनै तहका योजनाको सोच र लक्ष्यमा केही समानता देखिन्छ। समीक्षाको क्रममा सङ्घीय योजना, प्रदेश योजना र स्थानीय तहको योजनाहरूबिच सामञ्जस्य भए नभएको अध्ययन गर्न हिमाल, पहाड तथा उपत्यका एवम् नगरपालिका र गाउँपालिका समेतको प्रतिनिधित्व हुने गरी हिमाली जिल्लाबाट रसुवाको नौकुण्ड गाउँपालिका, पहाडी जिल्लाबाट नुवाकोटको सूर्यगढी गाउँपालिका र काठमाडौं उपत्यकाबाट बुढानीलकण्ठ नगरपालिकाको आवधिक योजनाले निर्धारण गरेका सोच, लक्ष्य, उद्देश्यहरू अध्ययन गरिएको थियो । यससम्बन्धी विस्तृत विवरण *अनुसूची १* मा संलग्न छ ।

आवधिक योजनाले समग्र लक्ष्य तथा उद्देश्य प्राप्ति तथा क्षेत्र/उपक्षेत्रगत लक्ष्य प्राप्तिमा मार्गनिर्देश गर्न गुणस्तरीय पूर्वाधारमा जोड दिने, उत्पादन वृद्धि गर्ने, मानवीय क्षमताको विकास र सम्भावनाको उपयोग गर्ने, पर्यटन गन्तव्य, वस्तु र सेवाको विविधीकरण गर्ने, समन्वय र सहकार्य गर्ने, रणनीतिक महत्त्वका

परियोजना र कार्यक्रममा लगानी केन्द्रित गर्ने, शासन प्रणालीलाई नतिजामुखी बनाउने, अनुसन्धान र विकासमा जोड दिने तथा नागरिकको दायित्व निर्वाहमा जोड दिने जस्ता प्रमुख रणनीतिहरू अङ्गीकार गरेको छ ।

आवधिक योजनाले निर्धारित लक्ष्य प्राप्त गर्न देहायका विषयहरूलाई अग्रणी क्षेत्र अर्थात् विकासका उत्प्रेरकको रूपमा लिई निम्न क्षेत्रहरूको विकासलाई प्राथमिकता दिएको देखिन्छः

- गुणस्तरीय ग्रामीण तथा सहरी पूर्वाधार (सडक, खानेपानी, बिजुली, विद्युतीय सञ्चार प्रविधि)
- कृषिको व्यवसायीकरण, जैविक कृषिको प्रवर्धन र कृषिलाई उद्यमका रूपमा विकास र विस्तार (विशिष्टीकृत कृषि)
- विशिष्टीकृत सेवा र मानव पुँजीको विकास
- उद्योग (ठुला, मझौला, साना, घरेलु र लघु उद्यम)
- सम्पदामैत्री गुणस्तरीय पर्यटन
- सामाजिक-सांस्कृतिक विकास ।

आवधिक योजनामा उत्प्रेरकको रूपमा प्राथमिकतामा राखिएका क्षेत्रहरूमा वार्षिक नीति, कार्यक्रम तथा बजेटमा प्राथमिकतासाथ बजेट विनियोजन हुन सकेको छैन । पूर्वाधारमा ठुलो लगानी गरिएको भए तापनि दिगो र गुणस्तरीय पूर्वाधारमा यथेष्ट लगानी हुन सकेको छैन । कृषिमा अपेक्षाकृत कम लगानी भएको छ र भएको लगानी पनि यसको व्यावसायिक रणमा केन्द्रित हुन सकेको छैन । उद्योग क्षेत्रमा सार्वजनिक लगानी शून्यप्रायः छ भने निजी लगानीको लागि पनि अनुकूल वातावरण सिर्जना हुन सकेको छैन । पर्यटन क्षेत्रको विकासमा केही प्रयासहरू गरिएको भए पनि लागत लाभको विश्लेषण नै नगरी लगानी गर्ने गरिएको देखिन्छ । फलस्वरूप योजनाले पहिचान गरेका अग्रणी क्षेत्रको विकासबाट प्रदेशको समग्र आर्थिक सामाजिक विकासमा ठोस योगदान पुग्न सकेको देखिँदैन ।

## २.४ आवधिक योजनाको रणनीति तथा कार्यनीति

प्रथम आवधिक योजनामा ९ ओटा समष्टिगत रणनीति तथा विषय क्षेत्रगत रूपमा १२७ ओटा रणनीति र ६९१ ओटा कार्यनीति तय गरिएका थिए । समष्टिगत रणनीतिहरू विषय क्षेत्रगत रणनीति तथा कार्यनीति मार्फत कार्यान्वयन हुने भएकोले यसको कार्यान्वयन अवस्थालाई विषय क्षेत्रगत रूपमा नै समीक्षा गरिएको छ । उपलब्ध विवरणअनुसार समीक्षा अवधिमा ४६ प्रतिशत कार्यनीतिहरू मात्र कार्यान्वयनमा आएको देखिन्छ । यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ५: विषयगत रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| विषयगत क्षेत्र | रणनीति सङ्ख्या | कार्यनीति सङ्ख्या | कार्यान्वयन अवस्था | | कैफियत |
|---|---|---|---|---|---|
| | | | भएको | नभएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| आर्थिक | २५ | १७२ | ८७ | ८५ | |
| सामाजिक | ३५ | १९५ | ८६ | १०९ | |
| सहरीकरण र पूर्वाधार विकास | २४ | ९७ | २४ | ७३ | |
| वन वातावरण र विपद् व्यवस्थापन | १९ | ९२ | ४४ | ४८ | |
| अन्तरसम्बन्धित | २४ | १३५ | ७८ | ५७ | |
| **जम्मा** | **१२७** | **६९१** | **३१९** | **३७२** | |

आवधिक योजनामा समावेश भएका र प्रदेश सरकारका निकायहरूबाटै कार्यान्वयन हुने रणनीति तथा कार्यनीतिहरूको समीक्षा अवधिको कार्यान्वयन अवस्था हेर्दा योजनाको उपलब्धि सन्तोषजनक देखिँदैन र आवधिक योजनाको लक्ष्य प्राप्ति सहज देखिँदैन । साथै एक उपक्षेत्रको कार्यनीति कार्यान्वयन नहुँदा सो उपक्षेत्रको नतिजा मात्र प्रभावित नभई सो कार्यनीतिले प्रभाव पार्ने अन्य उपक्षेत्रको नतिजालाई समेत प्रभाव पर्ने हुँदा योजनाको लक्ष्य प्राप्ति थप कठिन हुने देखिन्छ ।

## २.५ परिमाणात्मक उपलब्धि

योजनामा हरेक उपक्षेत्रको नतिजा सूचकहरू निर्धारण गर्दा आ.व. २०७५/७६ को अवस्थालाई आधार वर्षको रूपमा लिई योजनाको अन्तिम वर्ष आ.व.२०८०/८१ मा हुने अपेक्षित उपलब्धिलाई लक्ष्यको रूपमा लिइएको छ । योजनाको समष्टिगत लक्ष्य (प्रभावस्तरको नतिजा) आवधिक योजनाको समाप्ति पछि प्राप्त सबै क्षेत्र/उपक्षेत्रको परिमाणात्मक नतिजाहरूको अन्तरसम्बन्ध र अन्तर्क्रियाबाट प्राप्त हुने हुँदा सबै क्षेत्रको सन्तुलित योगदान आवश्यक हुन्छ । योजनाको नतिजा खाकामा कूल ८१६ ओटा प्रभाव, असर र प्रतिफल तहका सूचकहरू तय गरिएकोमा ४५० ओटा (अर्थात ५५ प्रतिशत) सूचकहरूको मात्र आधार तथ्याङ्क समावेश गरिएको छ । त्यसैगरी ५०० ओटा (६३ प्रतिशत) सूचकहरूको लक्ष्य निर्धारण गरिएकोमा २७२ (अर्थात ३३ प्रतिशत) सूचकहरूमा मात्र प्रगति विवरण प्राप्त हुन सकेको छ । यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका ६: योजनाको परिमाणात्मक उपलब्धि समीक्षा विवरण

| विषयगत क्षेत्र | जम्मा सूचक सङ्ख्या | आधार तथ्याङ्क उपलब्ध सूचक सङ्ख्या | लक्ष्य निर्धारण भएका सूचक सङ्ख्या | प्रगति प्राप्त भएका सूचक सङ्ख्या |
|---|---|---|---|---|
| आर्थिक विकास | २६० | १५८ | १६० | १०६ |
| सामाजिक विकास | २३१ | १५१ | १५८ | ६६ |
| सहरीकरण र पूर्वाधार विकास | १२७ | ३९ | ६५ | ३४ |
| वन वातावरण र विपद् व्यवस्थापन | ८० | ३६ | ५१ | ३५ |
| अन्तरसम्बन्धित विषय | ११८ | ६६ | ७६ | ३१ |
| **जम्मा** | **८१६** | **४५०** | **५००** | **२७२** |

उपलब्धि हासिल भएका २७२ सूचकहरू मध्ये पनि ७५ प्रतिशत भन्दा माथि प्रगति भएका, ५० देखि ७५ प्रतिशतसम्म प्रगति भएका र ५० प्रतिशत भन्दा कम प्रगति हासिल हुने सूचकहरू क्रमशः ५०, १३ र ३७ प्रतिशत रहेका छन् । यससम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७: विषय क्षेत्रगत उपलब्धि विवरण

| विषयगत क्षेत्र | प्रगति प्राप्त सूचक सङ्ख्या | प्रगति प्रतिशत (सूचक सङ्ख्यामा) | | |
|---|---|---|---|---|
| | | ७५ प्रतिशत भन्दा माथि | ५० देखि ७५ प्रतिशतसम्म | ५० प्रतिशत भन्दा कम |
| आर्थिक विकास | १०६ | ३७ | १४ | ५५ |
| सामाजिक विकास | ६६ | ३७ | १० | १९ |
| सहरीकरण र पूर्वाधार विकास | ३४ | २८ | ३ | ३ |
| वन वातावरण र विपद् व्यवस्थापन | ३५ | २० | ७ | ८ |
| अन्तरसम्बन्धित | ३१ | १४ | २ | १५ |
| जम्मा | २७२ | १३६ | ३६ | १०० |

आवधिक योजनामा समावेश भएका र प्रदेश सरकारका निकायहरूबाटै कार्यान्वयन हुने परिमाणात्मक उपलब्धि सूचकहरूको समीक्षा अवधिको कार्यान्वयन अवस्था हेर्दा योजनाको लक्ष्य प्राप्ति कठिन हुने देखिन्छ ।

## २.६ योजनामा गरिएको लगानी

योजना अवधिमा जम्मा रु ३७ खर्ब, ६८ अर्ब २४ करोड लगानी हुने अनुमान गरिएको छ । सोमध्ये सार्वजनिक क्षेत्रबाट रु १२ खर्ब १५ अर्ब ३६ करोड अर्थात ३२.३ प्रतिशत, निजीक्षेत्रबाट २३ खर्ब ३२ अर्ब ५० करोड अर्थात ६१.९ प्रतिशत र सहकारी क्षेत्रबाट २ खर्व २० अर्ब ३८ करोड अर्थात ५.८ प्रतिशत लगानी हुने अनुमान गरिएको छ । सार्वजनिक क्षेत्रबाट हुने लगानीमध्ये प्रदेश सरकारबाट योजना अवधिमा जम्मा १ खर्ब ६ करोड पुँजीगत लगानी हुने अनुमान छ जुन कुल सार्वजनिक लगानीको ८.२ प्रतिशत र जम्मा लगानीको २.६५ प्रतिशत हुन आउँछ । समीक्षाको क्रममा निजी तथा सहकारी क्षेत्रको लगानीसम्बन्धी तथ्याङ्क उपलब्ध हुन सकेन । सार्वजनिक लगानीमध्ये पनि सङ्घीय सरकार र स्थानीय तहबाट भएको लगानीसम्बन्धी तथ्याङ्क समेत उपलब्ध हुन नसकेको हुँदा प्रदेश सरकारको लगानी मात्र समावेश गरिएको छ । प्रदेश सरकारले विगत तीन आर्थिक वर्षमा गरेको लगानीसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८: समीक्षा अवधिमा प्रदेश सरकारको विनियोजन र खर्चको विवरण

(रकम रु लाखमा)

| आर्थिक वर्ष | जम्मा विनियोजन | जम्मा खर्च | प्रतिशत | चालु खर्च | प्रतिशत | पुँजीगत | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ०७६/७७ | ४७६०७८.८६ | २७९५०८.७० | ५८.७१ | १२२६८८.४९ | ६०.९५% | १५६८२०.२१ | ५७.७०% |
| ०७७/७८ | ५१४२७४.९४ | ३४१९४८.४१ | ६९.२१ | १४१८६६.०२ | ६४.६९% | २०००८२.३९ | ७२.७७% |
| ०७८/७९ | ५७७२०९.२७ | ३६६९४९.६३ | ६३.५७ | १५६९९९.०६ | ६९.७६% | २०९९५०.५६ | ६३.२१% |
| जम्मा | १५६७५६३.०७ | ९८८४०६.७४ | ६३.०५ | ४२१५५३.५८ | | ५६,६८,५३.१६ | |

माथिको तालिकाअनुसार प्रदेश सरकारले विगत तीन वर्षमा १ खर्ब ५६ अर्ब ७५ करोड ६३ लाख बजेट विनियोजन गरेकोमा जम्मा ६३.११ प्रतिशत मात्र खर्च भएको छ । यसमध्ये पुँजीगततर्फ विनियोजन भएको बजेटमध्ये आ.व. ०७६/७७, ०७७/७८, ०७८/७९ मा क्रमशः ५७.७ प्रतिशत, ७२.७७ प्रतिशत र ६३.२१ प्रतिशत खर्च भई तीन वर्षमा जम्मा रु ५६ अर्ब ६८ करोड ५३ लाख १६ हजार पुँजीगत खर्च भएको देखिन्छ । यसरी हेर्दा प्रदेश सरकारमा विनियोजन बजेटको तुलनामा खर्चगर्ने क्षमता कमजोर रहेको देखिन्छ । यद्यपि योजना अवधिको लागि अनुमान गरिएको कुल पुँजीगत लगानीमध्ये समीक्षा अवधिमा ५६ प्रतिशत भन्दा बढी लगानी भैसकेको देखिएको छ ।

प्रदेश सरकारको लगानी संरचना हेर्दा आन्तरिक आयको अंश न्यून रहेको र लगानीको स्रोतका लागि सङ्घीय सरकारमा निर्भर हुनु पर्ने अवस्था देखिन्छ । विगत तीन आर्थिक वर्षको कुल बजेटमा आन्तरिक आयको अंश हेर्दा आ.व. ०७६/७७, ०७७/७८ र ०७८/७९ मा क्रमशः २६.८३ प्रतिशत, ४३.०३ प्रतिशत र ५१.९८ प्रतिशत रहेको देखिन्छ । आन्तरिक आयको अनुमान र यथार्थ आयबिच ठुलो अन्तर देखिएकोले राजस्व प्रक्षेपण पद्धति विश्वसनीय रहेको देखिदैन । विगत तीन आर्थिक वर्षमा आन्तरिक तर्फको अनुमानित आय र सङ्कलन भएको यथार्थ आयसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ९: आन्तरिक आयको विवरण

(रकम रु लाखमा)

| आ.व. | अनुमानित आन्तरिक आय | यथार्थ आन्तरिक आय | प्रगति प्रतिशत |
|---|---|---|---|
| ०७६/७७ | ६८४४६.८६ | १२७७५२.४१ | १८६.६४ |
| ०७७/७८ | १०४९९७.५६ | २२१२८०.२२ | २१०.७५ |
| ०७८/७९ | ४६९९५.४८ | ३०००६०.१२ | ६३८.४९ |

प्रदेश सरकारको आन्तरिक आयमा गैर कर राजस्वको तुलनामा कर राजस्वको हिस्सा अधिक रहेको देखिन्छ । जुन विषय सकारात्मक नै मान्नु पर्दछ । कर राजस्वतर्फ विगत तीन वर्षको लक्ष्यको तुलनामा थर्थाथ असूलीको अवस्था विश्लेषण गर्दा सन्तोषजनक रहेको देखिन्छ भने गैर कर राजस्वतर्फ

यथार्थ असूलीको अवस्था क्रमशः कमजोर हुँदै गएको देखिन्छ । विगत तीन वर्षको कर राजस्व र गैर कर राजस्वको लक्ष्य र प्रगतिको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १०: राजस्वमा कर राजस्व र गैरकर राजस्वको हिस्सा

(रकम रु लाखमा)

| आ.व. | कर राजस्व | | | गैरकर राजस्व | | |
|---|---|---|---|---|---|---|
| | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
| ०७६/७७ | १९९०१९.०० | १६७८९०.५१ | ८४.३६ | ९६४४६.८६ | १३७५५७.६५ | १४२.६३ |
| ०७७/७८ | २०८२९२.४४ | २०२२३८.४२ | ९७.०९ | ५२२८४.५० | ५८७२५.०३ | ११२.३२ |
| ०७८/७९ | २३८२०३.०० | २५५२८७.३६ | १०७.१७ | ७८७२३.२७ | ७२९०७.१० | ९२.६१ |

पुँजीगत खर्चतर्फ विगत तीन वर्षको प्रवृत्ति विश्लेषण गर्दा आर्थिक वर्ष २०७६/७७ मा जम्मा पुँजीगत खर्चको ५७.७ प्रतिशत मात्र खर्च भएको छ भने आर्थिक वर्ष २०७७/७८ मा यस्तो प्रतिशत ७२.७७ र आर्थिक वर्ष २०७८/७९ मा ६३.२१ प्रतिशत रहेको छ । पुँजीगत खर्चमध्ये पनि आर्थिक वर्ष २०७७/७८ मा चैत्र मसान्तसम्म कुल विनियोजनको २८.९३ प्रतिशत र जेष्ठ मसान्तसम्म ४०.५२ प्रतिशत खर्च भएकोमा आषाढ महिनामा मात्र कुल पुँजीगत बजेटको ३२.२४ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा यो प्रतिशत क्रमशः २२.०१, ३२.७१ र ३०.४९ प्रतिशत रहेको छ । यसरी हेर्दा आर्थिक वर्षको सुरुका नौ महिना पुँजीगत बजेट न्यून रूपमा मात्र खर्च हुने र आर्थिक वर्षको अन्त्य र त्यसमा पनि आषाढ महिनामा मात्र अत्याधिक खर्च गर्ने प्रवृत्ति रहेको देखिन्छ । विगत तीन आर्थिक वर्षको पुँजीगत खर्चको प्रवृत्तिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ११: पुँजीगत खर्चको प्रवृत्ति

(रकम रु लाखमा)

| आर्थिक वर्ष | जम्मा पुँजीगत बजेट | चैत मसान्तसम्मको खर्च | जेठ महिनासम्मको खर्च | आषाढ महिनाको खर्च | जम्मा पुँजीगत खर्च |
|---|---|---|---|---|---|
| २०७६/७७ | २७१७७७.८४ | | | | १५६८२०.२१ |
| २०७७/७८ | २७४९६८.९१ | ७९५४८.८७ | १११४४०.३९ | २००७३९.३२ | २०००८२.३९ |
| २०७८/७९ | ३३२१५८.३७ | ७३१२९.२५ | १०८६७७.०३ | २०९९५०.५६ | २०९९५०.५६ |

## २.७ कोभिड १९ महामारीको असर

### २.७.१ पृष्ठभूमि

जनवरी २०२० को सुरुमा बागमती प्रदेशमा देखिएको कोभिड १९ को पहिलो केशबाट नै नेपालमा यसको प्रकोप सुरु भएको हो । विश्वका अन्य मूलुकमा जस्तै नेपाल र खासगरी बागमती प्रदेशमा समेत मुख्यतः पर्यटन, उत्पादन तथा व्यापार, आपूर्ति र स्वास्थ्य क्षेत्रमा कोभिड १९ महामारीको अत्याधिक प्रभाव परेको छ । महामारीले नागरिकको दैनिक जीवनदेखि निजी र सार्वजनिक जीवनमा समेत असर गरेको देखिएको छ । वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण आयमा परेको नकारात्मक प्रभावले प्रदेशको समग्र आर्थिक सामाजिक अवस्थालाई थप जटिल बनाएको छ । यसैगरी मुलुकको अर्थतन्त्रमा १४.३७ प्रतिशत योगदान गर्ने थोक तथा खुद्रा व्यापारमा कोभिड महामारी पश्चात आएको गिरावटको कारण अर्थतन्त्रमा थप असर पर्नुका साथै मुद्रास्फितिको जोखिम समेत बढ्न गएको छ ।

बागमती प्रदेशमा कोभिड १९ को महामारीबाट विभिन्न क्षेत्रमा पर्न गएको असर बारे सङ्क्षेपमा तल चर्चा गरिएको छः

### २.७.२ दिगो विकास लक्ष्य प्राप्तिमा परेको असर

बागमती प्रदेश कोभिड १९ को प्रभावको हटस्पटको रूपमा देखा पर्‍यो । अझ राजधानी काठमाडौं उपत्यका र प्रमुख सहरी क्षेत्रमा यसको सामाजिक, आर्थिक र मानवीय असर तुलनात्मक रूपमा बढी रहेको देखिन्छ । कोभिड १९ महामारीको अवधिमा योजना कार्यान्वयनको मुख्य अवधि परेको कारण यसको लक्ष्य प्राप्तिमा प्रत्यक्ष असर परेको देखिन्छ । योजनाले समेटेको दिगो विकासको लक्ष्य प्राप्तिमा पनि कोभिड १९ महामारीले असर पुर्‍याएको छ । T.N. Joshi समेतले सन् २०२१ मा गरेको एक अध्ययनअनुसार यसको प्रभाव देहाय बमोजिम रहेको देखाइएको छः

तालिका १२: दिगो विकास लक्ष्यमा कोभिड १९ को प्रभावसम्बन्धी विवरण

| दिगो विकास लक्ष्य | अवस्था | प्रभावहरू |
|---|---|---|
| लक्ष्य १: गरिबीको अन्त्य | उच्च जोखिम | १. उल्लेख्य सङ्ख्याले रोजगारी गुमाउनुपरेको<br>२. वैदेशिक रोजगारीमा रहेका १० देखि ३० प्रतिशत नेपालीले रोजगारी गुमाउनु परेको । |
| लक्ष्य २: शुन्य भोकमरी | उच्च जोखिम | १. करिब २० प्रतिशत घरपरिवारले दैनिक खाद्यान्न उपलब्धताको लागि सङ्घर्ष गर्नु परेको<br>२. कृषि सामग्रीको अभाव भएको |

| दिगो विकास लक्ष्य | अवस्था | प्रभावहरू |
|---|---|---|
| | | ३. खाद्यान्नको माग र आपूर्तिमा असन्तुलन भएको । |
| लक्ष्य ३: स्वास्थ्य तथा आरोग्यता | उच्च जोखिम | १. अस्पतालहरू कोभिड १९ का सङ्क्रमितले भरिभराउ भएका<br>२. टी.बी., मलेरिया जस्ता राष्ट्रिय प्राथमिकतामा परेका रोगको नियन्त्रणमा समेत नकारात्मक असर परेको<br>३. नागरिकको मानसिक स्वास्थ्यमा ह्रास आएको । |
| लक्ष्य ४: गुणस्तरीय शिक्षा | जोखिम | १. एक वर्ष भन्दा बढी विद्यालय तथा क्याम्पस बन्द भएको,<br>२. विद्यार्थीको पठनपाठन र परीक्षा प्रणाली नै प्रभावित भएको,<br>३. ठुलो सङ्ख्यामा विद्यार्थीहरू अध्ययनबाट वञ्चित हुनुपरेको । |
| लक्ष्य ५: लैङ्गिक समानता | जोखिम | १. नागरिकको आयमा असर परेको,<br>२. महिलाहरू आय जोखिमबाट पिडित हुनुपरेको । |
| लक्ष्य ६: शुद्ध खानेपानी तथा सरसफाइ सुविधा | जोखिम | १. सुधारिएको खानेपानी तथा सरसफाइ आयोजनामा नकारात्मक असर परेको । |
| लक्ष्य ७: विद्युत् तथा स्वच्छ उर्जा | जोखिम | १. जलविद्युत् तथा स्वच्छ उर्जासम्बन्धी आयोजना निर्माणमा ढिलाई, |
| लक्ष्य ८: सम्मानित काम र आर्थिक वृद्धि | जोखिम | १. धेरै सङ्ख्यामा मानिसहरू बेरोजगार भएका,<br>२. नेपालको पर्यटन क्षेत्रले २९० लाख डलर बराबरको आम्दानी गुमाएको,<br>३. पर्यटन क्षेत्रमा संलग्न २७२,००० जनाले रोजगारी गुमाएका,<br>४. कुल गार्हस्थ उत्पादनमा ०.०२ प्रतिशतले सङ्कुचन आएको, |
| लक्ष्य ९: उद्योग, नवप्रवर्तन र पूर्वाधार | जोखिम | १. औद्योगिक कच्चा पदार्थको उपलब्धतामा कमी आएको,<br>२. २.७५ प्रतिशत साना तथा मझौला उद्योगहरू बन्द भएका,<br>३. औद्योगिक उत्पादन ५० देखि ७५ प्रतिशतले घटेको,<br>४. गौरव तथा अन्य महत्त्वपूर्ण आयोजना कार्यान्वयनमा ढिलाइ । |
| लक्ष्य १०: असमानता न्यूनीकरण | जोखिम | १. गरिब जनसङ्ख्यामा वृद्धि,<br>२. नागरिकको आयमा कमी, |
| लक्ष्य ११: दिगो सहरी र समुदाय | जोखिम | १. सङ्क्रमितको दरमा वृद्धि, |
| लक्ष्य १२: जिम्मेवार उपभोग र उत्पादन | आंसिक जोखिम | १. खेतीबालीको मौसममा कृषि मजदुर र कृषि सामग्रीको आपूर्तिमा कमी,<br>२. कृषि बजार पूर्वाधार निर्माणमा ढिलाई, |
| लक्ष्य १३: जलवायु कार्य | जोखिम | १. पारिस्थितिकीय प्रणाली र जैविक विविधता संरक्षणमा कमी, |
| लक्ष्य १५: जमिन माथिको जीवन | आंसिक जोखिम | १. पारिस्थितिकीय प्रणाली र जैविक विविधता संरक्षणमा न्यून प्राथमिकता, |
| लक्ष्य १६: शान्ति, न्याय र | जोखिम | १. आत्महत्याको दरमा वृद्धि, |

| दिगो विकास लक्ष्य | अवस्था | प्रभावहरू |
|---|---|---|
| सबल संस्था | | २. महिला तथा बालबालिका माथि हुने हिंसामा वृद्धि, |
| लक्ष्य १७: दिगो विकासको लागि साझेदारी | जोखिम | १. सरकारको राजस्व सङ्कलनमा २८ प्रतिशतले कमी,<br>२. वैदेशिक सहयोगमा कमी, |

स्रोतः T.N. Joshi at. al., Journal of Agriculture and Food Research, 4(2021), www.journals. elsevier.com

## २.७.३ कृषि तथा सोसँग सम्बन्धित व्यवसायमा परेको असरः

श्रम बजारमा ७० प्रतिशत भन्दा बढी योगदान रहेको श्रममूलक कृषि व्यवसायलाई कोभिड १९ ले गम्भीर असर पुऱ्याएको देखिन्छ । यसले कृषि वस्तुको ओसारपसार र आपूर्ति शृङ्खलालाई नै भत्काएको थियो । प्रदेशमा बढी उत्पादन हुने तरकारी, कुखुरापालन, डेरी जस्ता कृषि उपजमा यसको असर सबैभन्दा बढी रहेको थियो । तरकारी विक्रेता सङ्घको सर्भेक्षण अनुसार ६५ प्रतिशत ताजा तरकारी सङ्कलकहरूले महामारीको कारण आफ्नो व्यवसाय नै छोडेका थिए । ताजा तरकारीबाट नेपालमा करिब १८ अर्ब रुपैया हानी भएको अध्ययन प्रतिवेदनले देखाएको छ । यस महामारीले खाद्यान्न आपूर्ति शृङ्खला जस्तै उत्पादन, खाद्य प्रशोधन, ढुवानी र उपभोक्ताको चुलोसम्मको प्रवाह शृङ्खलामा प्रभाव पारेको थियो ।

विश्व खाद्य कार्यक्रमले सन् २०२१ मा गरेको घरपरिवारको जीविकोपार्जन, खाद्य सुरक्षा र जोखिम संवेदनशीलता सर्भेक्षण अनुसार ३८.२ प्रतिशत नेपालीहरूको जीविकोपार्जनको मुख्य स्रोत कृषि तथा सोसँग सम्बन्धित क्षेत्रहहरू रहेको र कोभिड १९ ले कृषि क्षेत्रमा पारेको प्रभाव देहाअनुसार रहेको पाइएको छः

(क) समयमा बाली लगाउन, गोडमेल गर्न र र बाली भित्र्याउन असुविधा

(ख) कृषि उपज ढुवानी तथा बजारीकरणमा असुविधा

(ग) कृषि उपजको मूल्यमा गिरावट

(घ) बजार मागमा न्यूनता ।

बागमती प्रदेशमा कृषि क्षेत्रमा कोभिड १९ को उपरोक्त प्रभावहरू मध्ये ६८.८ प्रतिशत घरपरिवारलाई खेतबारी देखि बजारसम्म कृषि उपज ढुवानी गर्न कठिनाई भएको, ५३.३ प्रतिशतलाई बजारको मागमा न्यूनता आएको र ५० प्रतिशतलाई कृषि उपजको न्यून मूल्य पाएको लगायतका समस्या रहेको पाइएको छ । यसैगरी कोभिड सङ्क्रमणको आपतकालीन अवस्थालाई मध्यनजर गरी अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी अर्थात २५.४ प्रतिशत घरपरिवारले खाद्यान्न सञ्चिति गरेको अध्ययनले देखाएको छ । अध्ययनले आपतकालीन अवस्थामा ८२ प्रतिशत परिवारले बजारबाट खाद्यान्न खरिद गरेको, ३२.५ प्रतिशतले आफ्नै उत्पादन प्रयोग गरेको तथा ०.२ प्रतिशतले राहत सहयोग तथा दानबाट प्राप्त गरेको देखाएको छ ।

यस महामारीको कारणले ५.४ प्रतिशत घरपरिवारको आयमा गम्भीर रूपले गिरावट आएको र १५.२ प्रतिशतमा मध्यम रूपमा गिरावट आएको सर्भेक्षणले देखाएको छ । यसबाट कम सम्पत्ती भएका घरपरिवारमा खाद्य असुरक्षाको अवस्थामा अझ बढी जोखिम रहेको देखिन्छ । यद्यपी कोभिड १९ को असरस्वरूप खाद्यान्न कम उपभोग गर्ने घरपरिवार नेपालमा औषत २.९ प्रतिशत रहेकोमा यस प्रदेशमा यस्तो प्रतिशत २.१ मात्र रहेको देखिएको छ ।

## २.७.४ उद्योग, व्यापार व्यवसायमा कोभिड १९ को असर

नेपालको अर्थतन्त्र आयातमा आधारित रहेको छ । कृषिका लागि आवश्यक बिउबिजन देखि औद्योगिक कच्चा पदार्थ, दैनिक उपभोगका वस्तु र औषधी लगायत सबै चिजका लागि छिमेकीसँग भर पर्नुपर्ने अवस्था छ । वैदेशिक व्यापारको ६६ प्रतिशत भारत, २२ प्रतिशत चीन र बाँकी अन्य मुलुकहरूमा निर्भर रहेको छ । कोभिड १९ को महामारी र सोको रोकथाम र नियन्त्रणको लागि गरिएका निषेधाज्ञाको कारण मुलुकमा आयात तथा निर्यातमा क्रमशः १२.८८ र ७.४५ प्रतिशत ले गिरावट आएको छ । यसैगरी अघिल्लो वर्षमा नेपालको व्यापारको आयतन ११.३३ विलियन अमेरिकी डलर रहेकोमा कोभिड १९ महामारीको कारण उक्त आयतन १०.११ मिलियन अमेरिकी डलरमा खुम्चिएको छ ।

नेपाल राष्ट्र बैंकले गरेको सर्भेक्षणले सन् २०२० को जुनमा देशमा ४.१ प्रतिशत मात्रै उद्योग व्यवसाय सञ्चालनमा रहेकोमा २०२० को नोभेम्बरमा ५४ प्रतिशत र २०२१ को अप्रिल महिना उक्त अनुपात ८१ प्रतिशत पुगी क्रमशः सुधार हुँदै गएको देखाएको छ । यद्यपी अध्ययन अनुसार ४.२ प्रतिशत उद्योग व्यापार अझै पनि सञ्चालनमा आउन सकेका छैनन् । यसैगरी सन् २०२१ को अप्रिल सम्ममा ७४.४ प्रतिशत घरेलु, ७९.२ प्रतिशत लघु, ८१.७ प्रतिशत साना र ७४ प्रतिशत मध्यम तथा ९०.५ प्रतिशत ठुला उद्योग सञ्चालनमा आइसकेको भए तापनि घरेलु, लघु तथा साना उद्योग व्यवसाय ६० प्रतिशत क्षमतामा र मझौला तथा ठुला उद्योग क्रमशः ६४.५ प्रतिशत र ७२.९ प्रतिशत क्षमतामा मात्र सञ्चालनमा आएको अध्ययनबाट देखिएको छ ।

महामारीको अवधिमा ७७.५ प्रतिशत कामदारले रोजगारी प्राप्त गरेकोमा ६३.४ प्रतिशत मात्र तलब र ज्याला प्राप्त गरेका थिए । सन् २०२१ को अप्रिलमा रोजगारीको दर ९३.८ प्रतिशत पुगेको र ८८.५ प्रतिशत तलब तथा ज्याला प्राप्त गरेको सो अध्ययनले देखाएको छ । महामारीबाट प्रभावित व्यक्तिहरूलाई लक्षित गरी कृषि, उद्योग, व्यापार, व्यवसाय, पर्यटन तथा रोजगारी प्रवर्धनका क्षेत्रमा वित्तीय

सहयोग प्रदान गरी जीविकोपार्जनमा टेवा पुऱ्याउन र रोजगारी सिर्जना गर्न सहुलियतपूर्ण ऋण लगानी कार्यक्रम अन्तर्गत ५२०६ जनालाई रु. २ अर्ब भन्दा बढी सहुलियतपूर्ण कर्जा लगानी गरिएको समेत अध्ययनले देखाएको छ । साथै उद्योग क्षेत्रमा परेको नकारात्मक असरलाई न्यूनीकरण गर्न प्रदेश सरकारले आर्थिक ऐन मार्फत उद्योग व्यवसाय दर्तामा छुट सुविधा प्रदान गरेको छ ।

बागमती प्रदेशमा देशको राजधानी समेत रहेको र देशका अधिकांश उद्योग कलकारखाना तथा व्यापार व्यवसाय यसै प्रदेशमा रहेको हुँदा कोभिड १९ बाट उद्योग व्यापार व्यवसायमा पर्ने असर समेत स्वभाविकै रूपमा यस प्रदेशमा उच्च भार रहेको छ ।

## २.७.५ विप्रेषण आप्रवाहमा परेको असर

विप्रेषणले शिक्षा तथा स्वास्थ्यमा घरपरिवारको लगानी वृद्धि गरी नेपालको गरिबी निवारण र मानव विकासमा ठुलो योगदान गरेको छ । नेपालको आर्थिक प्रतिफलमा विप्रेषणको योगदान २६ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ । कोभिड १९ महामारीको कारण करिब १ लाख २७ हजार जनाले वैदेशिक रोजगारी गुमाएर नेपाल फर्किएको र करिब ४ लाख व्यक्तिले भिसा गुमाउने संभावना रहेको अध्ययनले देखाएको छ । अन्य प्रदेमा जस्तै बागमती प्रदेशमा पनि विप्रेषण आप्रवाहमा पर्ने असर स्वभाविकै रूपमा बढी देखिन्छ । यद्यपी अर्थशास्त्रीले प्रक्षेपण गरे जस्तो दरमा नेपालमा विप्रेषण नघटेको देखिएको छ ।

## २.७.६ सामाजिक आर्थिक प्रभाव

विश्वका अन्य देशमा जस्तै नेपालमा र मुख्यगरी बागमती प्रदेशमा पनि कोभिड १९ को महामारीले व्यक्ति, परिवार र समुदायको सामाजिक तथा मानसिक स्वास्थ्यमा असर गरेको देखिन्छ । महामारीको कारण लघु, साना तथा मध्यम उद्यम व्यवसायमा संलग्न प्रत्येक ५ जनामा ३ जनाले रोजगारी गुमाएको अध्ययनले देखाएको छ । रोजगारी गुमेको कारण जीविकोपार्जन तथा खर्च गर्ने क्षमतामा ह्रास आएको छ । महिलाहरूको घरेलु कामको भारमा वृद्धिसँगै प्रजनन स्वास्थ्य, घरेलु हिंसा तथा मानसिक स्वास्थ्य लगायतका क्षेत्रमा नकारात्मक असर पर्न गएको देखिएको छ ।

कोभिड १९ को सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि गरिएको निषेधाज्ञा, बन्दाबन्दी र अन्तर्राष्ट्रिय सिमानाका बन्द गरिएको कारण थोक तथा खुद्रा व्यापारमा परेको नकात्मक असरका कारण कुल गार्हस्थ्य उत्पादन घट्न गएको देखिन्छ । साथै सरकारी खर्चको वृद्धि दर समेत सन्तोषजनक हुन सकेको छैन । प्रदेशमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ६.७४ प्रतिशत रहेको छ । आर्थिक वर्ष

२०७७/७८ मा कोभिड १९ को असरका कारण राष्ट्रिय रूपमा आर्थिक वृद्धिदरमा कमी आएकोले बागमती प्रदेशमा पनि आर्थिक वृद्धिदर संकुचित हुँदा ४.६५ प्रतिशतमा सीमित रहन गएको थियो ।

कोभिडको प्रभाव तुलनात्मक रूपमा बढी भए तापनि अन्य प्रदेशको तुलनामा बागमती प्रदेशमा कोभिड १९ को त्रासको कारण कुनै पनि प्रकारको मनोवैज्ञानिक तनाब कम भएको अध्ययनले देखाएको छ (WFP, 2021) । समग्रमा कोभिड १९ महामारीबाट प्रभावित भएका आर्थिक क्रियाकलापहरू क्रमशः सुचारु हुँदै गएका छन् भने विकास कार्यक्रम तथा आयोजनाको कार्यान्वयनमा पनि सुधार भैरहेको पाइएको छ ।

## २.७.७ स्वास्थ्य क्षेत्रमा परेको असर

नेपालका कुल अस्पतालमध्ये एक चौथाई हिस्सा बागमती प्रदेशमा रहेको देखिन्छ । उपलब्ध विवरण अनुसार आर्थिक वर्ष २०७८/७९ सम्म बागमती प्रदेशभित्र प्रादेशिक अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य एकाइ, आयुर्वेद स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय र निजी अस्पताल गरी २७४६ स्वास्थ्य संस्थाहरू सञ्चालन रहेका छन् । यसैगरी स्वास्थ्य बिमाअन्तर्गत बागमती प्रदेशमा १५ प्रतिशत जनसङ्ख्या बिमित रहेका छन् ।

कोभिड १९ सङ्क्रमणको पहिलो केश नेपालमा सन् २०२० को जनवरी २३ फेला परे पश्चात आर्थिक वर्ष २०७७/७८ को तेस्रो त्रैमासिकको अन्त्यसम्म सङ्क्रमितको सङ्ख्या ६४५,४४३ र निको हुनेको सङ्ख्या ६१५,४४३ रहेको थियो । यस अवधिमा मृत्यु हुनेको सङ्ख्या ९४२४ जना रहेको थियो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अद्यावधिक तथ्याङ्कअनुसार २०७९ मंसिर महिनाको अन्त्यमा कुल ७४,५७,३५५ जनाको पिसिआर तथा एण्टिजेन विधिबाट परीक्षण गरिएको, ११ लाख ५३ हजार १७४ जना सङ्क्रमित भएकोमा ९ लाख ८८ हजार ९२१ जना निको भएका र १२,०१९ जनाको मृत्यु भएको देखिन्छ । कोभिड १९ बाट निको हुने दर ९८.८ प्रतिशत रहेको छ । २०७६/७७ र २०७७/७८ को प्रदेशगत कोभिडको प्रभाव तलको तालिकामा प्रस्तुत गरिएको छः

तालिका १३: प्रदेशगत कोभिड १९ सङ्क्रमण, निको हुने र मृत्युदर

| प्रदेश | आर्थिक वर्ष २०७७/७८ सम्मको विवरण | | | |
|---|---|---|---|---|
| | सङ्क्रमित सङ्ख्या | निको हुने सङ्ख्या | मृत्यु हुनेको सङ्ख्या | कोभिड मृत्युदर (CFR) |
| प्रदेश १ | ७७५२६ | ७१४६५ | १२७६ | १.६ |
| मधेश प्रदेश | ३९६६९ | ३९३३७ | ७३२ | १.८ |

| | | | | |
|---|---|---|---|---|
| बागमती प्रदेश | ३३७४६३ | ३२२५४९ | ४०३० | १.२ |
| गण्डकी प्रदेश | ५६०१० | ५१५३६ | ९८६ | १.८ |
| लुम्बिनी प्रदेश | ८४७१८ | ८१२४० | १५५८ | १.८ |
| कर्णाली प्रदेश | १७८८२ | १६५११ | ४०६ | २.३ |
| सूदुर पश्चिम प्रदेश | ३२१२५ | ३२८०५ | ४३५ | १.४ |
| नेपाल (जम्मा) | ६४५३९३ | ६१५४४३ | ९४२४ | १.५ |
| आ व २०७६/७७ को विवरण | १७१७७ | ११०२५ | ३९ | ०.२३ |

बागमती प्रदेशमा आर्थिक वर्ष २०७८/७९ को तेस्रो त्रैमासिकको अन्त्य (चैत्र समान्त) सम्म कोभिड १९ विरुद्धको पहिलो मात्राको खोप लगाउने १८ वर्ष भन्दा माथिको उमेर समूहको सङ्ख्या ४५,७७,२०५ जना रहेको छ भने पूर्ण खोप लगाउनेको सङ्ख्या ४४,६८,७४९ रहेको छ । १२ देखि १७ वर्ष उमेर समूहका ७९.८५ प्रतिशतले पहिलो मात्राको खोप लगाएका छन् भने सोही उमेर समूहका ५५.११ प्रतिशतले पूर्ण खोप लगाएका छन् । यस प्रदेशमा पहिलो लहरमा १,००४ जना, दोस्रो लहरको २०७८ ज्येष्ठ सम्म १,७३१ जना त्यसपछि २,६२१ जना गरी २०७९ मंसिर मसान्तसम्म ५,३५६ जनाको मृत्यु भएको छ ।

प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट उपलब्ध पछिल्लो तथ्याङ्क अनुसार कोभिड १९ बाट बागमती प्रदेशमा जम्मा पिसिआर तथा एन्टिजेन प्रविधिबाट ४३,३६५६० जनाको परीक्षण गरिएकोमा ५९१,३१९ सङ्क्रमित रहेको र ५,८५,९२१ जना निको भएका छन् भने ५,३५६ को मृत्यु भएको देखिन्छ । यस प्रदेशमा कोभिड विरुद्धको खोप कभरेजमध्ये पहिलो मात्राको कभरेज १०४.४ प्रतिशत, दोस्रो मात्राको कभरेज १०३.६ प्रतिशत र बुस्टर डोज ३.६ प्रतिशत रहेको छ ।

## २.८ योजनाका लक्ष्य प्राप्तिमा देखिएका प्रमुख समस्याहरू:

**क. तथ्याङ्कीय आधार कमजोर हुनु:** प्रदेशको संरचना भर्खर तयार भएकोले सङ्घीयस्तरमा भएका तथ्याङ्क पनि प्रदेशगतरूपमा उपलब्ध नहुनु, प्रदेशको वस्तुस्थिति विवरण २०७५ तयार भए तापनि पुराना र द्वितीय तहका तथ्याङ्कमा आधारित भएकोले तथ्याङ्कीय आधार कमजोर हुनु, खण्डीकृत तथ्याङ्कको ज्यादै न्यूनता हुनु, प्रदेश मन्त्रालयहरू नयाँ भएकाले तथ्याङ्क तथा सूचना नहनु आदि समस्या रहेका छन् । प्रदेश मन्त्रालयहरूको जिम्मेवारीमा भएको हेरफेरले पनि तथ्याङ्कको उपलब्धतामा प्रभाव परेको देखिएको छ ।

**ख. प्रदेश आवधिक योजना र वार्षिक कार्यक्रमबिच सामञ्जस्यता कमजोर हुनु:** कुनै पनि आवधिक योजना कार्यान्वयन गर्ने माध्यम भनेको वार्षिक बजेट तथा कार्यक्रम हो । तर योजनाका नीतिगत प्राथमिकता कार्यक्रममा रूपान्तरित नहुनु, योजना छनोटको मापदण्ड पालना नगरी नतिजा नदेखिने प्रचारमुखी ससाना आयोजनामा बजेट छर्ने प्रवृत्ति विद्यमान रहनु, योजना प्राथमिकीकरणको व्यवस्था कमजोर हुनु र योजनाको नतिजा सूचकमा आधारित कार्यक्रम तर्जुमा नहुनु आदि समस्या विद्यमान

रहेका छन् । मध्यमकालीन खर्च संरचना जस्ता वित्तीय अनुशासन पालनासम्बन्धी औजारको पनि प्रभावकारी उपयोग हुन सकेको देखिदैन ।

ग. **आवधिक योजनामा लिइएका नीति र निर्धारित कार्यक्रमको कार्यान्वयन कमजोर हुनुः** योजनाको लक्ष्य सरकारी, निजी, सहकारी तथा अन्यक्षेत्रको संयुक्त प्रयास एवम् योगदानबाट प्राप्त हुने हो । निजी, सहकारी तथा अन्य क्षेत्रलाई आकर्षित एवम् सहजीकरण गर्न योजनाले निर्दिष्ट गरेका नीतिगत तथा कानुनी व्यवस्थाको सफल कार्यान्वयन र पूर्वाधारको विकास हो । तर आवधिक योजनाले उपक्षेत्रगत रूपमा तयगरेका ४६ प्रतिशत नीति मात्र आंशिक वा पूर्ण रूपमा कार्यान्वयन भएको देखिएको छ । नेपालको सन्दर्भमा प्रदेश संरचना विल्कुलै नयाँ भएको कारण नीति, कानुन, संरचना एवम् जनशक्ति लगायतका आधारभूत पक्षको समयमै व्यवस्थापन नहुँदा नीतिको कार्यान्वयन पक्ष कमजोर देखिएको छ । जसले गर्दा सशक्तीकरण तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने विपन्न, वञ्चितिमा परेका र जोखिममा रहेका समुदाय तथा महिलाहरूको महिला अधिकार अवस्थामा सुधार ल्याउन समय लाग्ने अवस्था रहने देखिन्छ ।

घ. **कमजोर अन्तरसरकार समन्वय र सहकार्यः** योजनाको कार्यान्वयनमा सङ्घीय तथा स्थानीय सरकारको नीतिगत तथा कार्यक्रमगत समन्वय र सहकार्य विना निर्धारित लक्ष्य प्राप्त हुन सक्दैन । यी एक अर्काका परिपूरक पनि हुन् । यसका अतिरिक्त प्रदेश सरकार स्वयमका निकायहरूबिच पनि नीतिगत तथा कार्यक्रमगत समन्वय र सहकार्यमा कमजोरी देखिन्छ । यसबाट अधिकार क्षेत्रभन्दा बाहिरको कार्यक्रम तर्जुमा हुने र कार्यक्रममा दोहोरोपना हुने अवस्था देखिएको छ ।

ङ. **प्रतिकूल आर्थिक अवस्था एवम् प्रकोपको असरः** आवधिक योजना तर्जुमा भएकै वर्षदेखि कोभिड-१९ को प्रकोपले धेरै अवधि आर्थिक गतिविधि ठप्प रह्यो । यसले गर्दा योजना अवधिमा आर्थिक वृद्धि दर औसत १०.६ प्रतिशत गर्ने लक्ष्य रहेकोमा योजनाको पहिलो वर्ष आ.व. ०७६/७७ मा ३.७३ प्रतिशत ऋणात्मक, आ.व. ०७७/७८ मा ४.६५ प्रतिशत र आ.व. ०७८/७९ मा ६.७० प्रतिशत गरी तीन वर्षको औसत २.५४ प्रतिशतमात्र हुन सकेको छ । महामारीको हालसम्म पनि आंशिक प्रभाव रहीरहेको छ । त्यसपछि रुस युक्रेन युद्धले समेत अर्थतन्त्रमा उल्लेख्य नकारात्मक प्रभाव पारिरहेकोले योजनाको लक्ष्य प्राप्तिमा ठुलो समस्या देखिन्छ ।

च. **सूचकको अस्पष्टताः** दीर्घकालीन सोचका परिमाणात्मक लक्ष्य सूचकमा कतिपय आधार तथ्याङ्क खाली छन् भने लक्ष्य राख्दा पनि २५ वर्ष पछिको मात्र राखिएको छ । दीर्घकालीन सोचअनुसारका गन्तव्य सूचकहरू पनि धेरै खाली छन् । त्यसमा पनि गन्तव्य सूचक नै यस आवधिक योजनाका समष्टिगत लक्ष्य सूचक भनिएको छ । कतिपय उपक्षेत्रगत नतिजा सूचक र गन्तव्य सूचकमा मेल खाएको देखिदैन । साथै कतिपय उपक्षेत्रगत परिमाणात्मक नतिजा सूचकहरू पनि खाली रहेको देखिन्छ । योजना दस्तावेजमा न आधार तथ्याङ्क राखिएको छ न योजनाको अन्तिम वर्षको लक्ष्य राखिएको छ । यसले गर्दा वार्षिक कार्यक्रम तर्जुमा र प्रगति समीक्षामा समेत

अस्पष्टता सिर्जना हुने गरेको छ ।

छ. **कमजोर संस्थागत संरचना तथा नीतिगत व्यबस्थाः** नेपालका लागि प्रदेश सरकार नितान्त नयाँ संरचना हो । सुरुका वर्षहरूमा अधिकार र जिम्मेवारीको अस्पष्टता, कमजोर संस्थागत संरचना र कर्मचारीहरूको न्यूनता, आवश्यक नीति तथा कानुनहरूको अभाव, योजनाबद्ध विकास अभ्यासको अभाव हुन सक्ने यथार्थलाई ध्यानमा नराखी महत्वाकाङ्क्षी योजना तर्जुमा गरिएको कारण पनि कार्यान्वयनमा ठुलो समस्या भोग्नु परेको अवस्था छ ।

ज. **योजनाको प्रगति विवरण प्राप्त नहुनुः** स्थानीय तह तथा सङ्घीय सरकारबाट सञ्चालित कार्यक्रमको प्रगति प्राप्त गर्न सकिने अवस्था नहुनु, प्रदेशअन्तर्गतकै आयोजनाको प्रगति समेत अध्यावधिक नहुनु, नतिजा सूचक केन्द्रित तथ्याङ्क नहुनु जस्ता समस्याले पनि लक्ष्य प्राप्ति दुरूह बन्न पुगेको छ । प्रदेश नीति तथा योजना आयोगलाई समेत तथ्याङ्क तथा सूचना प्रणालीको व्यवस्थापनमा जिम्मेवार बनाउन सकिएको देखिदैन ।

झ. **रणनीति र कार्यनीतिबिच अन्तरआबद्धता नहुनुः** एक विषय क्षेत्रको रणनीति तथा कार्यनीति अर्को विषय क्षेत्रको रणनीति तथा कार्यनीति एक आपसमा अन्तरनिर्भर हुन्छन् । एक क्षेत्रको रणनीति तथा कार्यनीति कार्यान्वयन हुँदा वा नहुँदा अर्को विषय क्षेत्रको उपलब्धिमा असर गर्ने हुन्छ । जस्तैः कृषि रणनीतिको कार्यान्वयनको लागि पूर्वाधार तथा लगानी र बजारसम्बन्धी कार्यनीति कार्यान्वयन हुन आवश्यक हुन्छ । सो भएन भने कृषि क्षेत्रको रणनीति कार्यान्वयन हुन सक्दैन । योजना तर्जुमा गर्दा अन्तरसम्बन्धित रणनीति तथा कार्यनीतिको विश्लेषण गरी सोअनुसार वार्षिक नीति, कार्यक्रम तथा बजेट विनियोजन र लगानी भएको देखिदैन । सोअनुसार कार्यक्रम, आयोजना र बजेट कार्यान्वयन नहुँदा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन ।

ञ. **विकासका मुख्य चालकहरू अनुसार कार्यक्रम र साधनस्रोत विनियोजन नभएकोः** आवधिक योजनामा प्रदेश विकासका प्रमुख चालकको रूपमा निर्धारण गरिएका गुणस्तरीय ग्रामीण तथा सहरी पूर्वाधार, कृषिको व्यवसायीकरण, जैविक कृषिको प्रवर्धन लगायत ६ ओटा विषयगत क्षेत्रमा प्राथमिकतासाथ कार्यक्रम तथा आयोजना तर्जुमा र बजेट विनियोजन हुन नसकेको हुँदा योजनाले अपेक्षा गरेअनुसार उपलब्धि हासिल हुने सम्भावना देखिदैन ।

## २.९ समस्या समाधानका लागि सुझावहरू

योजना तर्जुमासँग सम्बन्धित सुझावहरूलाई आवधिक योजनाको बाँकी अवधि (तत्कालीन) र आगामी आवधिक योजना अवधि (दीर्घकालीन) का लागि गरी दुई भागमा वर्गीकरण गरी देहायअनुसार प्रस्तुत गरिएको छः

### २.९.१ चालु आवधिक योजनाको बाँकी अवधिका लागि सुझावहरू

क. **प्रदेशको वस्तुस्थिति विवरण अध्यावधिक गर्नेः** वस्तुस्थिति विवरण अद्यावधिक नभई योजना तयार गर्न

सकिन्न । तथ्याङ्क नै योजनालाई पोषण गर्ने प्रमुख आधार हो । त्यसकारण प्रदेश वस्तुस्थिति विवरण अद्यावधिक गर्नुपर्छ । तथ्याङ्क विभागबाट भर्खरै मात्र जनगणाना समाप्त गरी तथ्याङ्क अद्यावधिक हुँदै गरेको, धेरैओटा स्थानीय तहले आफ्नो वस्तुस्थिति विवरण तयार गरी सकेको, सङ्घीय मन्त्रालयमा पनि प्रदेशगत आधारमा तथ्याङ्क राख्ने तयारी भैरहेको एवम् प्रदेश मन्त्रालयहरूमा पनि हालसम्म आआफ्ना मन्त्रालयअन्तर्गत तथ्याङ्कीय आधार तयार हुँदै गरेकोले यी सबैको आधारमा र तथ्याङ्क नपुग भए सङ्कलनसमेत गरी खण्डीकृत रूपमा प्रदेशको तथ्याङ्कीय आधार तयार गरी अद्यावधिक वस्तुस्थिति विवरण तयारीको सुरुआत प्रदेश नीति तथा योजना आयोगबाट यसै वर्षदेखि गरिनुपर्छ । आगामी वर्ष दोस्रो आवधिक योजनाको आधारपत्र तयार गर्नुअघि नै यो कार्य समाप्त गरिनुपर्छ ।

ख. **योजनाको पुनरावलोकन गर्नेः** योजना कार्यान्वयनमा विभिन्न समस्या उत्पन्न भएकाले लक्ष्य र प्रगतिबिच ठुलो खाडल आई योजनाको विश्वसनीयतामानै आँच आउने अवस्था रहेकाले योजना अवधिमा कार्यान्वयन गर्न नसकिने नीति तथा कार्यक्रम हटाउने र योजनाको बाँकी अवधीमा कार्यान्वयन गर्न सकिने कार्यक्रम तथा आयोजनाहरू समावेश गर्ने गरी लक्ष्यमा संशोधन गर्न जरुरी देखिन्छ । प्रदेशको कर्तव्य र अधिकार क्षेत्र भित्रका विषयमा केन्द्रित रहेर समायोजन गर्ने ।

ग. **प्रदेश र स्थानीय योजनाबिच सामञ्जस्यता कायम गर्न स्थानीय तहलाई सहजीकरण गर्नेः** प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रम र आयोजनामा दोहोरोपन रहने गरेको भन्ने विषय छलफलमा उठेको छ । तसर्थ सोको सम्बोधनका लागि योजना छनोटसम्बन्धी मापदण्डको पूर्ण कार्यान्वयन र प्रदेश योजना, नीति तथा कार्यक्रमसँग सामञ्जस्यता कायम गरी स्थानीय तहको योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय तहलाई आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना जस्ता क्षेत्रमा क्षमता विकास र सहजीकरण गर्न आवश्यक छ ।

घ. **आयोजना छनोटको वस्तुगत आधार तथा आयोजना बैंक तयार गर्नेः** आगामी दोस्रो आवधिक योजना तर्जुमा कार्य सम्पन्न गर्नु अघिनै आयोजना छनोटको वस्तुगत आधार र मापदण्ड तयार गर्ने र आयोजना बैंक कार्यान्वयनका लागि कार्यविधि बनाई लागु गर्न आवश्यक देखिन्छ ।

ङ. **आवधिक योजना तर्जुमामा तहगत सरकारबिच समन्वय र सहकार्य गर्नेः** प्रदेशको विकास तीनै तहका सरकारको साझा प्रयासबाट मात्र सम्भव छ । देशको राजधानी यसै प्रदेशमा रहेको र देशका महत्त्वपूर्ण आर्थिक सामाजिक पूर्वाधारको महत्त्वपूर्ण हिस्सा यसै प्रदेशमा रहेको तथा राष्ट्रिय अर्थतन्त्रमा समेत यस प्रदेशको उल्लेख्य योगदान रहेको छ । यसरी हेर्दा सङ्घीय योजनाको तर्जुमामा यस प्रदेशले विशेष महत्त्व राख्दछ । त्यसैगरी देशका ६ ओटा महानगरपालिकामध्ये ३ ओटा र एक उपमहानगरपालिका सहित ११९ ओटा स्थानीय तह यस प्रदेशमा रहेका छन् । प्रदेशको विकासका लागि तीनै तहका सरकारका नीति तथा कार्यक्रमको आपसी समन्वय, सहकार्य अपरिहार्य रहन्छ । यी एक अर्काका परिपूरक हुन् । त्यसकारण प्रदेश योजना तर्जुमा गर्दा तीनै

तहका सरकारसँग व्यापक छलफल र समन्वय गर्नुपर्दछ ।

च. **मध्यकालीन खर्च संरचना तयार गर्ने:** आवधिक योजना र वार्षिक कार्यक्रमबिच अन्तरसम्बन्ध स्थापित गरी आयोजनाको प्राथमिकीकरण गर्न मध्यमकालीन खर्च संरचनाको तर्जुमालाई संस्थागत र यथार्थपरक बनाउनुपर्छ । आवधिक योजना र वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियाबाट पहिचान भएका रणनीतिक कार्यक्रम तथा आयोजनाको अवधारणा तयारी, आयोजनाको मूल्याङ्कन (Appraisal) र आयोजना प्रस्ताव तयारी र आयोजनाको छनोट तथा प्राथमिकीकरण प्रक्रियाद्वारा आयोजना बैंक तयार गर्ने र सोअनुसार आयोजना बैंकमा समावेश भएका कार्यक्रम तथा आयोजनामा मध्यमकालीन खर्च संरचना मार्फत बजेट विनियोजन गरी आयोजना कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

छ. **अन्तर सरकार सूचना सञ्जालको विस्तार गर्ने:** तीनै तहका सरकारहरू सूचना सञ्जालबाट एक आपसमा जोडिएको हुनुपर्छ । हरेक तहका सरकारले आफ्नो मासिक प्रगति परिमाण क्षेत्रगत रूपमा तत्काल आफ्नो सूचना प्रणालीमा प्रविष्ट गर्ने प्रणालीको विकास गरिनुपर्छ । यसबाट तीनै तहका सरकारले हासिल गरेका उपलब्धि बारे सहज रूपमा जानकारी प्राप्त गर्न सकिने हुन्छ । प्रदेश नीति तथा योजना आयोगले तीनै तहका सरकारको उपलब्धिलाई एकीकृत गरी उपक्षेत्रगत रूपमा त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्नु पर्छ । साथै त्रैमासिक तथा वार्षिक प्रगति समीक्षा गर्दा र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाका लक्ष्य तथा सूचकहरूलाई आधार लिने व्यवस्थालाई अनिवार्य गरिनु पर्दछ ।

ज. **अन्तरसरकार र अन्तरनिकाय समन्वयका लागि जिम्मेवार संस्थागत संयन्त्रहरूलाई क्रियाशील तुल्याउने:** योजनाको सफल कार्यान्वयनका लागि अन्तर सरकार तथा अन्तर निकायबिच प्रभावकारी समन्वयको खाँचो टड्कारो रूपमा देखिएको छ । किनकी व्यवहारमा अन्तर सरकार तथा निकायहरूबाट गरिने काममा दोहोरोपना देखिने गरेको छ । विशेषगरी बजेट छलफलको समयमा प्रदेश नीति तथा योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयले यसमा रहेको दोहोरोपन हटाउन बढी ध्यान दिनुपर्ने हुन्छ । जनशक्ति विकाससम्बन्धी कार्यक्रम धेरै निकायहरूबाट गरिनुभन्दा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट व्यवस्थापन गर्नु उपयुक्त हुन्छ । अन्तर तह समन्वयमा प्रभावकारिताका लागि प्रदेश समन्वय परिषद् लगायतका संस्थागत संरचनाहरूलाई सक्रिय बनाउनु आवश्यक छ ।

झ. **अन्तर प्रदेश समन्वय गर्नुपर्ने:** बागमती प्रदेशमा देशको राजधानी पनि अवस्थित भएकोले विभिन्न आर्थिक तथा सामाजिक गतिविधिमा अन्य प्रदेशको प्रभाव समेत हुने भएकोले योजना तर्जुमा र कार्यान्वयनमा अन्तर प्रदेश समन्वय र सहकार्य गर्नु आवश्यक देखिन्छ ।

ञ. **अधुरा आयोजना पुरा गर्नेतर्फ जोड दिने:** चालु आवधिक योजनाको चौथो वर्ष कार्यान्वयनमा रहेको र अब यस योजनाको एक वर्षको मात्र बजेट तथा कार्यक्रम तर्जुमा गर्न बाँकी रहेको हुँदा यस

अवस्थामा नयाँ आयोजना तथा कार्यक्रम सुरु गर्नुभन्दा अधुरा तथा क्रमागत आयोजना सम्पन्न गर्न आवश्यक स्रोत सुनिश्चित भएपश्चात मात्र नयाँ आयोजनाको लागि बजेट विनियोजन गरिनुपर्दछ ।

### २.९.२ आगामी आवधिक योजनाको लागि सुझावहरू

क. **प्रदेश सरकारको कार्यजिम्मेवारीमा केन्द्रित रही योजना तर्जुमा गर्नेः** संवैधानिक व्यवस्था र नेपाल सरकारद्वारा स्वीकृत गरिएको कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लिखित कार्यजिम्मेवारीमा खास केन्द्रित रही प्रदेश सरकारले नीति, योजना र सोअनुसार वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ । यसबाट नीति, योजना, कार्यक्रममा दोहोरपना हट्ने तथा उपलब्ध स्रोत साधनलाई जिम्मेवारीको क्षेत्रमा केन्द्रित गरी प्रदेश सरकारको कार्यसम्पादनमा वृद्धि हुने छ ।

ख. **उपलब्ध जनशक्ति, स्रोत साधन र क्षमतामा आधारित रही योजना तर्जुमा गर्नेः** बागमती प्रदेश सरकारको कार्यजिम्मेवारी अनुसार प्रदेश सरकारमा उपलब्ध भौतिक, मानव संशाधन, वित्तीय स्रोत साधन तथा क्षमता आधारित रही व्यवहारिक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ । यसो गर्नाले तर्जुमा गरिएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता वृद्धि हुने छ ।

ग. **दीर्घकालीन लक्ष्य र आवधिक योजनाको लक्ष्यबिच सामञ्जस्यता कायम गर्नेः** प्रदेश सरकारले तर्जुमा गरेका दीर्घकालीन सोचमा उल्लेखित सुसंस्कार, सुख र समृद्धिका लक्ष्य तथा गन्तव्य र पहिलो आवधिक योजनाको लक्ष्यहरूबिच तालमेल देखिदैन । तसर्थ आगामी आवधिक योजना तर्जुमा गर्दा दीर्घकालीन सोचको लक्ष्य तथा गन्तव्यहरू र आवधिक योजनाको लक्ष्यबिच तालमेल हुने गरी आवधिक योजना र सोको आधारमा आयोजना बैंक र मध्यमकालीन खर्च संरचना र वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने व्यवस्थालाई सुनिश्चित गर्नुपर्दछ ।

घ. **सूचकमा स्पष्टता कायम गर्नेः** योजना दस्तावेजमा सबै नतिजा सूचकको आधार तथ्याङ्क र योजना अवधिको लक्ष्य लगायतका सबै विवरण भरिएको हुनुपर्छ । तथ्याङ्क उपलब्ध हुन नसक्ने अवस्थामा त्यस्ता विषय सूचकमा समावेश गर्नु उपयुक्त हुँदैन । दीर्घकालीन सोचका परिमाणात्मक लक्ष्य सूचकहरूलाई पनि आगामी प्रत्येक पञ्चवर्षीय योजनाको लक्ष्य सहित निर्धारण गरी समावेश गरिनु पर्दछ । साथै गन्तव्य सूचक र उपक्षेत्रगत लक्ष्य सूचक एउटै हुन जरुरी छ । साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत समावेश गर्न उपयुक्त देखिन्छ ।

ङ. **नतिजासूचक केन्द्रित हुने गरी वार्षिक कार्यक्रम तर्जुमा गर्नेः** आवधिक योजनामा उल्लिखित नतिजा सूचक अनुसार लक्ष्य हासिल गर्ने कार्यक्रम तथा आयोजना छनोट गरी उक्त कार्यक्रम तथा आयोजनाको आधारमा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने व्यवस्था गर्नुपर्दछ ।

**च. आधार तथ्याङ्क उपलब्ध नहुने नतिजा सूचक समवेश नगर्ने र लक्ष्य सूचक अनिवार्य गर्नेः** पहिलो आवधिक योजनामा आधार तथ्याङ्क उपलब्ध नभएका प्रतिफल तथा असर तहका थुप्रै सूचकहरू रहेको र यसले योजनाको समीक्षा तथा मूल्याङ्कनमा समस्या उत्पन्न गरेको हुँदा आगामी आवधिक योजनामा आधार तथ्याङ्क नभएको नतिजा सूचक समावेश नगर्ने र गन्तव्य सूचक तय गर्दा उपक्षेत्रगत रूपमा उपलब्ध भएसम्म प्रभाव (लक्ष्य) तहका सूचकलाई समावेश गरिनुपर्दछ ।

**छ. योजना तर्जुमा प्रक्रियामा तहगत सरकारबिच समन्वय र सामञ्जस्यता कायम गर्नेः** नेपालको सङ्घीयता समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित रहेको र सङ्घ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, कार्य विस्तृतीकरण प्रतिवेदन तथा सङ्घ, प्रदेश र स्थानीय तह कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६ को आधारमा राष्ट्रिय योजना आयोगबाट जारी प्रदेश योजना तर्जुमा दिग्दर्शन बमोजिम तहगत सरकारबिच समन्वय तथा अन्तरसम्बन्ध कायम गरी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ ।

**ज. मध्यमकालीन खर्च संरचना र आयोजना बैंक कार्यान्वयन प्रणालीलाई संस्थागत गर्नेः** आवधिक योजना र वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियाबिच सामञ्जस्यता कायम गर्न आयोजना बैंक तयार गर्ने र आयोजना बैंकमा समावेश भएका कार्यक्रम तथा आयोजनामा मध्यमकालीन खर्च संरचना मार्फत वार्षिक रूपमा बजेट विनियोजन गर्ने पद्धतिलाई संस्थागत गरिनुपर्दछ । यो विषयमा प्रदेश नीति तथा योजना आयोगले स्थानीय तहलाई समेत प्राविधिक सहयोग प्रदान गर्नुपर्दछ ।

**झ. आयोजना कार्यान्वयन गर्ने निकायलाई नतिजा प्राप्तिमा जिम्मेवार बनाउनेः** कार्यविधि निर्माण गरी योजनामा समावेश भएका विकास कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्ने मन्त्रालय, निर्देशनालय, कार्यालयलाई विकास कार्यक्रम तथा आयोजनाको दस्तावेज, परिवर्तनको सिद्धान्त, नतिजा खाका वा तर्कबद्ध खाका बमोजिको कार्यक्रम तथा आयोजनाको दस्तावेजमा प्रस्तुत नतिजा प्राप्तिमा जिम्मेवार बनाउने व्यवस्था गर्नुपर्दछ । यसलाई विकास कार्यक्रम तथा आयोजनाको नतिजामूलक अनुगमन तथा मूल्याङ्कनसँग आबद्ध गर्नुपर्दछ ।

**ञ. अनुदान प्रणालीलाई नतिजा प्राप्तिसँग आबद्ध गर्नेः** सङ्घीय सरकारबाट प्राप्त हुने अनुदानलाई नतिजासँग आबद्ध गर्ने र प्रदेश तहमा सञ्चालन हुने तथा प्रदेश सरकारबाट स्थानीय तहमा हस्तान्तरण हुने अनुदानलाई पनि नतिजासँग आबद्ध गर्नुपर्दछ । नतिजा प्राप्तिको आधारमा अनुदानमा थपघट गर्ने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ ।

**ट. प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्नेः** प्रदेशको अधिकार सूचीअनुसार अनुसन्धान तथा प्रमाणमा आधारित नीति, योजना, आयोजना बैंक तर्जुमा, मध्यमकालीन खर्च संरचना तयारी, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन एवम् प्रतिवेदन प्रणाली जस्ता विषयमा प्रदेश नीति योजना आयोगको कार्यक्षेत्रभित्र पर्ने देखिन्छ । यस्ता

जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्न आवश्यक पर्ने नीति, कानुन, संस्थागत संरचना तथा जनशक्ति एवम् साधन स्रोतको व्यवस्थापनसहितको व्यावसायिक कार्ययोजना तर्जुमा गरी प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्न आवश्यक देखिन्छ ।

ट. **रणनीति र कार्यनीतिबिच अन्तरआबद्धता कायम गर्नेः** आगामी आवधिक योजना तर्जुमा गर्दा रणानीति र कार्यनीति एवम् कार्यक्रमबिच अन्तरसम्बन्धको विश्लेषण गर्नुपर्दछ । सोको आधारमा वार्षिक नीति, कार्यक्रम तथा बजेट विनियोजन र प्रतिवेदन गर्ने प्रणालीको विकास गरी कार्यान्वयन गरिनुपर्दछ।

ठ. **प्रदेश विकासका मुख्य चालक अनुसार वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्नेः** योजनाको बाँकी अवधिको वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा योजनाले निर्दिष्ट गरेका प्रदेश विकासका मुख्य चालकहरूमा पर्याप्त बजेट विनियोजन हुने गरी गर्ने र सोको प्रगति प्रतिवेदन नियमित रूपमा प्रदेश नीति तथा योजना आयोगमा प्राप्त हुने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

ड. **महामारी वा विशेष परिस्थितिको लागि वैकल्पक रणनीतिको व्यवस्था गर्नेः** कोभिड १९ को विश्वव्यापी महामारी, रूस-युक्रेन युद्ध एवम् यस्तै पूर्वानुमान गर्न नसकिने खालका परिस्थितिका कारण योजना कार्यान्वयनमा प्रभाव परी निर्धारित लक्ष्य प्राप्तिमा कठिनाइ हुने देखिएकोले आगामी योजना तर्जुमा गर्दा यस्ता परिस्थितिको समेत सामना गर्न सक्ने गरी वैकल्पिक रणनीति तर्जुमा गर्न आवश्यक देखिन्छ ।

# परिच्छेद- तीन
# प्रमुख आर्थिक क्षेत्र

## ३.१ समष्टिगत आर्थिक क्षेत्र

### ३.१.१ पृष्ठभूमि

आर्थिक क्षेत्र प्रदेश विकासको मुटु हो । जसरी मुटुबाट रक्तसञ्चार भई सम्पूर्ण शरीर क्रियाशील हुन्छ त्यसैगरी आर्थिक सूचकहरूको विकासले समग्र विकासलाई क्रियाशील बनाउँछ । आर्थिक क्षेत्रको विकासमा नागरिकको आय र रोजगारी, बचत र लगानी, प्रदेश सरकारको आम्दानी र खर्च आदि निर्भर रहन्छन् । अर्थात् समष्टिमा प्रदेशको कुल गार्हस्थ उत्पादन नै यसैमा निर्भर रहन्छ । यस क्षेत्रले अपेक्षित उपलब्धि हासिल नगर्दा यो आफैंमात्र प्रभावित नभई समस्त प्रदेश अर्थतन्त्र र सरकारले लगानी गर्ने अन्य क्षेत्र जस्तै शिक्षा, स्वास्थ्य लगायत सबै सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वन, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन आदि प्रभावित रहन्छन् ।

प्रदेशको प्रथम आवधिक योजनाले आर्थिक क्षेत्रको दीर्घकालीन सोच "उच्च, फराकिलो र दिगो आर्थिक वृद्धि सहितको समृद्ध प्रदेश" राखेको देखिन्छ भने "प्राकृतिक, मानवीय एवम् आर्थिक स्रोत र साधनहरूको उच्चतम परिचालन गरी उच्च, फराकिलो र दिगो आर्थिक वृद्धिदर हासिल गर्ने" लक्ष्य निर्धारण गरेको छ। त्यसैगरी कुशल सार्वजनिक खर्च प्रणालीको पालना र समायानुकूल सुधार गर्ने, निजी र सहकारी क्षेत्रको लगानी प्रवर्धन गर्दै विकास प्रक्रियामा सहभागी गराउने र राजस्व परिचालनलाई प्रभावकारी बनाउने उद्देश्य राखेको छ । यस परिच्छेदमा प्रमुख आर्थिक क्षेत्रअन्तर्गतका सोच, लक्ष्य तथा उद्देश्य परिपूर्तिका लागि तय गरिएका विभिन्न उपक्षेत्रगत नीति एवम् लक्ष्य उपलब्धिबारे समीक्षा गरिएको छ ।

### ३.१.२ उपलब्धि विश्लेषण

उपलब्धिलाई नीतिगत उपलब्धि र परिमाणात्मक उपलब्धि विश्लेषण गरी दुई भागमा विश्लेषण गरिएको छ ।

#### ३.१.२.१ नीतिगत उपलब्धि

समष्टिगत आर्थिक क्षेत्रको निर्धारित सोच, लक्ष्य तथा उद्देश्य प्राप्त गर्न ६ ओटा रणनीति र सोअन्तर्गत ३७ ओटा कार्यनीति निर्धारण गरिएकोमा आंशिक कार्यान्वयन समेत गरी २० ओटा कार्यान्वयनमा आएका छन् । सार्वजनिक खर्च प्रणालीसम्बन्धी नीतिगत, कानुनी र संरचनागत सुधार गर्ने रणनीतिअन्तर्गत ७ ओटा कार्यनीति निर्धारण गरिएका छन् । यसअन्तर्गत सार्वजनिक खर्चसम्बन्धी आवश्यक नीति निर्माण गर्ने कार्यनीतिलाई सम्बोधन गर्न प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८

तर्जुमा भई कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी सार्वजनिक खर्चको स्रोत र संस्थागत दक्षतामा सुधार गर्ने कार्यनीतिलाई मालपोत कार्यालयहरूको संस्थागत क्षमताका लागि रकम विनियोजन गरी आंशिक रूपमा कार्यान्वयनको थालनी गरिएको छ ।

आवधिक योजना, क्षेत्रगत योजना र वार्षिक बजेटबिचमा सामञ्जस्यता कायम गर्ने, गैरबजेटरी खर्चलाई निरुत्साहित गर्ने र मन्त्रालयगत बजेट सूचना प्रणालीलाई सङ्घीय सरकारसँग सहकार्य गरी एकल कोष खातासँग आबद्ध गर्ने कार्यनीतिहरूलाई सम्बोधन गर्न क्रमशः सम्बन्धित मन्त्रालयले नै प्रस्ताब गरेका कार्यक्रम र बजेट छलफल भई वार्षिक कार्यक्रममा समावेश गर्ने, वार्षिक कार्यक्रमको छनोटमा नै पर्याप्त छलफल गरी गैरबजेटरी खर्च निरुत्साहन गर्ने र प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मार्फत बजेट तर्जुमा गर्ने व्यवस्था गरिएको छ । बजेट निर्माण, लेखाङ्कन एवम् सार्वजनिक खर्च व्यवस्थापन प्रणालीलाई एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गर्ने र सार्वजनिक वित्त व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गर्ने कार्यनीतिहरूलाई सम्बोधन गर्न क्रमशः सार्वजनिक खर्चका लागि CGAS, TSA, SUTRA, PAMS जस्ता प्रणाली सञ्चालनमा ल्याइएको र संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ ।

सार्वजनिक खर्चलाई बढी उत्पादनशील क्षेत्रमा केन्द्रित गर्ने रणनीतिअन्तर्गत मध्यमकालीन खर्च संरचना तयारी र सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदनका आधारमा परियोजनाहरूको छनोट गर्ने कार्यनीति सम्बन्धमा मध्यमकालीन खर्च संरचनाको आधारमा मन्त्रालयले प्रस्ताव गरेका कार्यक्रममा मात्र बजेट विनियोजन गर्ने गरिएको छ । परियोजना बैंक तयार गरी स्थानीय आवश्यकता, जनसहभागिता र मापदण्डका आधारमा परियोजनाहरूको प्राथमिकीकरण र छनोट गरी कार्यान्वयन गर्ने कार्यनीति भने व्यवहारमा कार्यान्वयनमै आउन सकेको छैन ।

तोकिएको सूचक, मापदण्ड र पद्धतिका आधारमा परियोजना र कार्यक्रमहरूको मूल्याङ्कन गर्ने, बहुवर्षीय कार्यक्रम तथा परियोजनाको कार्यान्वयन प्रगतिका आधारमा बजेट विनियोजन गर्ने, सङ्घीय सरकारबाट हस्तान्तरण भै आएका बहुवर्षीय परियोजनाहरूमा रकम विनियोजन गर्न प्राथमिकता दिने, नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गर्ने र वित्तीय सुशासन तथा बजेट अनुशासनसम्बन्धी नीति तथा कानुनको निर्माण गरी कार्यान्वयन गर्ने कार्यनीतिहरूको कार्यान्वयनका लागि निश्चित सूचक र मापदण्डका आधारमा कार्यक्रम मूल्याङ्कन हुने गरेको, बहुबर्षिय आयोजनालाई प्राथमिकताका आधारमा बजेट विनियोजन हुने गरेको र यसका लागि ठेक्कासम्बन्धी मापदण्ड, २०७८ तर्जुमा भएको, मन्त्रालयबाट समय समयमा आयोजनाको अनुगमन गरिने गरेको र वित्तीय सुशासन कायम गर्न र कार्यान्वयन सहजताका लागि प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८ जारी भई कार्यान्वयनमा रहेको साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तयार भई प्रदेश सभामा पेस गर्ने क्रममा रहेको अवस्था छ ।

खुला बजेटको अवधारणा अनुरूप बजेट निर्माण प्रक्रियाको अवलम्बन गर्ने र परियोजना कार्यान्वयन गराउने निकायले कार्यान्वयन गर्ने परियोजना प्रमुखसँग र परियोजना प्रमुखले मातहतका कर्मचारीहरूसँग कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाउने कार्यनीतिको क्रमशः बजेट तर्जुमाका बखत प्रदेशस्तरीय कार्यालय, विभिन्न सरोकारवाला निकायसँग छलफल गर्ने र आ.व. २०७७/७८ देखि कार्यालय प्रमुख र महाशाखा प्रमुखबिच कार्यसम्पादन करार गरी कार्यान्वयन गरिएको छ ।

सार्वजनिक, निजी, सहकारी र समुदायको साझेदारीलाई प्रोत्साहित गर्ने रणनीतिअन्तर्गतका ७ ओटा रणनीतिमध्ये सार्वजनिक निजी साझेदारीसम्बन्धी नीति र कानुन कार्यन्वयनमा ल्याउने एक मात्र कार्यनीतिको सार्वजनिक, निजी र सहकारी साझेदारी ऐन, २०७६ र यसको नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । अन्य ६ ओटा कार्यनीतिहरू कार्यान्वयन नै हुन सकेका छैनन् ।

यसैगरी सार्वजनिक ऋण र विकास सहायतालाई प्रभावकारी रूपमा परिचालन गर्ने रणनीति सम्बन्धमा प्रदेश सरकारले कुनै कार्यनीति कार्यान्वयन पनि गरेको छैन र ऋण पनि लिएको छैन । राजस्व परिचालन क्षमता अभिवृद्धि गर्ने रणनीतिअन्तर्गत ८ ओटा कार्यनीति निर्धारण भएकोमा करका आधार र क्षेत्रहरूको पहिचान र बढोत्तरी गर्दै कर तिर्ने संस्कारको विकास गर्ने र राजस्व सङ्कलनमा विद्युतीय प्रणालीको प्रयोगलाई प्रोत्साहन गर्ने दुइओटा कार्यनीतिको क्रमशः हरेक वर्ष आर्थिक ऐन जारी गरी करका दर तोकिनुका साथै दायरा विस्तार गर्ने प्रयास गरिएको र Revenue management Integrated System (RMIS) मार्फत राजस्व सङ्कलन गरी सम्बोधन गर्ने प्रयास गरिएको छ ।

करदाताहरूको परामर्शमा करका दर निर्धारण, सङ्कलन र कर सचेतना कार्यक्रम सञ्चालन गर्ने र तहगत राजस्व बाँडफाँड प्रणाली व्यवस्थित गरी समयबद्ध हस्तान्तरणको व्यवस्था गर्ने कार्यनीतिको सम्बन्धमा क्रमशः करको दर तथा दायराको सन्दर्भमा सरोकारवाला निकायहरूसँग छलफल अन्तरक्रिया गर्ने गरेको र सवारी साधन कर बापतको रकम प्रदेश विभाज्य कोषमा राखी प्रदेश र स्थानीय तहको सञ्चित कोषमा दाखिला गरी कार्यान्वयन गरिएको अवस्था छ । यो रणनीति अन्तर्गत करदाता सूचना प्रणालीको विकास गरी आन्तरिक स्रोत सङ्कलन र परिचालनलाई प्रभावकारी र पारदर्शी बनाउने, राजस्व प्रशासनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्न स्थानीय तहलाई सहयोग गर्ने, तहगत राजस्व बाँडफाँड प्रणाली व्यवस्थित गरी समयबद्ध हस्तान्तरणको व्यवस्था गर्ने, राजस्व क्षमता र सम्भाव्यता अध्ययनका लागि स्थानीय तहलाई सहयोग गर्ने जस्ता ४ ओटा कार्यनीतिहरू भने कार्यान्वयनमै आएका छैनन् ।

वित्तीय हस्तान्तरणलाई पारदर्शी तथा न्यायोचित बनाउने रणनीतिअन्तर्गत तीन ओटा कार्यनीति निर्धारण भएकोमा स्थानीय तहको सामाजिक, आर्थिक, पूर्वाधार विकास, राजस्व परिचालन क्षमता लगायतका आधारमा वित्तीय हस्तान्तरण गर्ने कार्यनीतिको कार्यान्वयनको लागि वित्तीय हस्तान्तरणका सम्बन्धमा प्रदेश समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७७, प्रदेश विशेष अनुदानसम्बन्धी कार्यविधि,२०७७ तथा प्रदेश ससर्त अनुदानसम्बन्धी (पहिलो) संशोधन कार्यविधि, २०७९ तर्जुमा भई सोही बमोजिम अनुदान हस्तान्तरण गरिएको अवस्था छ । स्थानीय तहको मानव विकास सूचकाङ्क तयार गरी वित्तीय

हस्तान्तरणलाई न्यायपूर्ण, पूर्वानुमानयोग्य र पारदर्शी बनाउने कार्यनीतिको कार्यान्वयनको हकमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट गरिने सिफारिसलाई नै आधार मानी वित्तीय समानीकरण अनुदान हस्तान्तरण भएको अवस्था छ । स्थानीय तहको आन्तरिक राजस्व परिचालन क्षमताको विकास गर्ने कार्यनीति कार्यान्वयन नै भएको छैन । समष्टिगत आर्थिक क्षेत्रको नीतिगत उपलब्धि तालिका *अनुसूची २* मा दिइएको छ ।

### ३.१.२.२ परिमाणात्मक उपलब्धि

समष्टिगत आर्थिक क्षेत्रको प्रभाव तहका सूचकहरूको आधार वर्ष २०७५/७६ को अवस्था र आ.व. २०७८/७९ सम्मको लक्ष्य र प्रगति स्थिति हेर्दा प्रतिब्यक्ति कुल आय ३३ प्रतिशतले वृद्धि गर्ने भनिएकोमा २६.७५ प्रतिशतले मात्र वृद्धि भएको, प्रति दिन १.९ डलर (PPP) आम्दानीका आधारमा गरिबी १०.३६ प्रतिशतमा झार्ने भनिएकोमा १०.९८ भएको, राष्ट्रिय गरिबीको रेखामुनि रहेका सबै उमेरका महिलाहरूसम्बन्धी आधार तथ्याङ्क र लक्ष्य दुबै उल्लेख नभए तापनि यसमा १६.१ प्रतिशत प्रगति भएको देखिएको, बहुआयामिक गरिबी सूचकाङ्क बास्तविक गणना (Head Count) अनुपात १२.२ प्रतिशतबाट ९.८ प्रतिशतमा झार्ने भनिएकोमा ७ प्रतिशतमा झरेको, राष्ट्रिय गरिबी रेखामुनिका बालबालिका (५ वर्षमुनिका, प्रतिशत) २३.७ मा झार्ने भनिएकोमा २६.६६ प्रतिशत भएको, आर्थिक वृद्धि दर (आधारभूत मूल्यमा) ७.० प्रतिशतबाट ९.८ प्रतिशत पुऱ्याउने भनिएकोमा ६.७४ प्रतिशत भएको, कुल गार्हस्थ उत्पादन (उत्पादकको मूल्यमा) ३७.२ प्रतिशत वृद्धि गर्ने भनिएकोमा २५ प्रतिशत मात्र वृद्धि भएको देखिन्छ । त्यस्तै मानव विकास सूचकाङ्क ०.६४१ बाट ०.६५९ पुऱ्याउने भनिएकोमा ०.६६१ पुगिसकेको छ । प्रभाव तहका एउटा सूचकको आधार तथ्याङ्क सहित लक्ष्य प्रगति केही उल्लेख छैन भने दुईओटाको प्रगति उपलब्ध हुन सकेको छैन ।

समष्टिगत आर्थिक क्षेत्रका असर तहका सूचकहरूको आधार वर्ष (२०७५/७६) को तुलनामा आ.व. २०७८/७९ सम्मको लक्ष्य र प्रगति स्थिति हेर्दा कृषि क्षेत्र, उद्योग क्षेत्र, सेवा क्षेत्रको वृद्धि दर क्रमशः ६.२ प्रतिशतबाट ५.६ प्रतिशत, ८ प्रतिशतबाट १४.१ प्रतिशत, ६.९ प्रतिशतबाट १०.९ प्रतिशत पुऱ्याउने भनिएकोमा क्रमशः ३.२ प्रतिशत, १०.३ प्रतिशत र ५.९ प्रतिशत पुगेको देखिन्छ । मुद्रास्फिति दर ५.५ प्रतिशतबाट ५.८ प्रतिशतमा सीमित राख्ने लक्ष्य भने पुरा भएको देखिन्छ ।

प्रतिफल तहका मुख्य सूचकहरूको प्रगति स्थिति हेर्दा कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन, मत्स्यपालन र खानी तथा उत्खनन् क्षेत्रको योगदान आधार वर्षको १३.७ प्रतिशतको तुलनामा १२.०८ मा ल्याउने भनिएकोमा ११.९ प्रतिशत भएको, कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्र (उद्योग, विद्युत्, ग्याँस र पानी, निर्माण) को योगदान १२.१ प्रतिशतबाट १३.६६ प्रतिशत पुऱ्याउने भनिएकोमा १२.२ प्रतिशत पुगेको, कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान ७४.४ प्रतिशतबाट ७४.२ प्रतिशतमा घटाउने भनिएकोमा आधार वर्षको भन्दा पनि बढेर ७६.७ प्रतिशत पुगेको, देशको कुल गार्हस्थ

उत्पादनमा प्रदेशको अंश ४१.४ प्रतिशतबाट ४२.७२ पुऱ्याउने लक्ष्य रहेकोमा आधार वर्षको भन्दा पनि घटेर ३६.९ प्रतिशत रहेको, बजेटमा आन्तरिक आयको अंश २६.२ प्रतिशतबाट ३४.५ प्रतिशत पुऱ्याउने भनिएकोमा २३.९ प्रतिशत पुगेको छ । आठ ओटा सूचकको आधार तथ्याङ्कसहित लक्ष्य तथा प्रगति केही पनि राखिएको छैन भने आधार तथ्याङ्क र लक्ष्य भएकामा पनि १४ ओटा सूचकको प्रगति विवरण उपलब्ध हुन सकेको छैन ।

समष्टिमा लक्ष्यको तुलनामा उपलब्धि हेर्दा कुल ४९ ओटा सूचकमध्ये ३२ ओटा अर्थात ६५.३ प्रतिशत सूचकको मात्र प्रगति प्राप्त भएको छ । प्राप्त प्रगतिमध्ये ८ ओटाको सतप्रतिशत भन्दा बढी, १० ओटा सूचकको प्रगति ऋणात्मक, ५ ओटाको प्रगति ७५ देखि १०० प्रतिशतको बिचमा, ४ ओटाको प्रगति ५० देखि ७५ को बिचमा र ३ ओटाको ५० प्रतिशतभन्दा कम रहेको र २ ओटाको लक्ष्य नतोकिएको तर प्रगति देखिएको छ । समष्टिगत आर्थिक क्षेत्रसम्बन्धी सूचकहरूको लक्ष्य प्रगतिको स्थिति तलको तालिकामा दिइएको छ ।

तालिका १४: समष्टिगत आर्थिक क्षेत्रसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि* |
| **क. प्रभाव तह** | | | | |
| प्रतिव्यक्ति कुल आय | अमेरिकी डलर | १९१७ | २५४० | २४३० |
| प्रति दिन १.९ डलर (PPP) आम्दानिका आधारमा गरिबी | प्रतिशत | १३.९ | १०.३६ | १०.९८ |
| राष्ट्रिय गरिबीको रेखामुनि रहेका सबै उमेरका महिलाहरू | प्रतिशत | | | १६.०१ |
| बहुआयामिक गरिबी सूचकाङ्क बास्तविक गणना (Head Count) अनुपात | प्रतिशत | १२.२ | ९.८ | ७ |
| राष्ट्रिय गरिबी रेखामुनिका बालबालिका (५ वर्षमुनिका, प्रतिशत) | प्रतिशत | ३५.१ | २३.७ | २६.६६ |
| आर्थिक वृद्धि दर (आधारभूत मूल्यमा) | प्रतिशत | ७.० | ९.८ | ६.७४ |
| आर्थिक वृद्धि दर उत्पादक)को(मूल्यमा | प्रतिशत | ७.५ | ११.५ | ६.७ |
| कुल गार्हस्थ उत्पादन उत्पादक)को(मूल्यमा | रु. दश लाखमा | १४,३२,७६ | १९,६६,३६ | १७,९०,६८ |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६४१ | ०.६५९ | ०.६६१ |
| ख. असर तह | | | | |
| कृषि क्षेत्रको वृद्धि दर | प्रतिशत | ६.२ | ५.६ | ३.२ |
| उद्योग क्षेत्रको वृद्धि दर | प्रतिशत | ८.० | १४.१ | १०.३ |
| सेवा क्षेत्रको वृद्धि दर | प्रतिशत | ६.९ | १०.९ | ५.९ |
| मुद्रास्फीति दर | प्रतिशत | ५.५ | ५.८ | ५.८ |
| **प्रतिफल तह** | | | | |
| **कृषि क्षेत्र र गैरकृषि क्षेत्रको योगदान** | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा (कृषि तथा वन, मत्स्यपालन र खानी तथा उत्खनन कोयोगदान ) | प्रतिशत | १३.७ | १२.०८ | ११.९ |
| कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्र (उद्योग, विद्युत, ग्याँस र पानी, निर्माण) | प्रतिशत | १२.१ | १३.६६ | ११.४ |
| कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ७४.४ | ७४.२ | ७६.७ |
| देशको कुल गार्हस्थ्य उत्पादनमा प्रदेशको अंश | प्रतिशत | ४१.४ | ४२.७२ | ३६.९ |

| नतिजा तह अनुसार नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि* |
| कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वार्षिक बजेट | प्रतिशत | ३.३ | ४.२६ | १.१८ |
| बजेटमा पुँजीगत र चालु, वित्तीय व्यवस्था विनियोजनको अनुपात | अनुपात | ०.९:१ | ०.९६:१ | ५१:४५:४ |
| वार्षिक विनियोजन र खर्चको अनुपात | प्रतिशत | २६.४ | ६९.९६ | ६५.८३ |
| सङ्घीय बजेटबाट हस्तान्तरित अनुदान (प्रदेशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | १.१ | १.३४ | ०.८७ |
| सङ्घीय विभाज्य कोषबाट राजस्व बाँडफाँटको अंश | प्रतिशत | १५.७ | १५.४६ | |
| सङ्घीय बजेटबाट हस्तान्तरित अनुदान (प्रदेशको हिस्सा) | प्रतिशत | १३.५ | १२.६ | २९.३२ |
| प्रदेशको बजेटमा राजस्वको अंश (खर्च व्यहोर्ने स्रोत) | प्रतिशत | ४८ | ६४.२ | ७०.६७ |
| प्रदेशको बजेटबाट स्थानीय तहमा जाने अनुदानका लागि विनियोजन | प्रतिशत | ३.८६ | ५.१४ | १३ |
| स्थानीय तहहरूको आयमा वित्तीय हस्तान्तरणको अंश | प्रतिशत | ८३.४ | ८१.९६ | |
| स्थानीय तहहरूको बजेटमा पुँजीगत विनियोजनको अंश | प्रतिशत | ४१.५ | ४३.०० | |
| पुँजीगत खर्च  कुल)पुँजीगत विनियोज(न को | प्रतिशत | ४३.९ | ८० | ७०.६८ |
| बजेटमा आन्तरिक आयको अंश | प्रतिशत | २६.२ | ३४.५ | ३१.२७ |
| कुल गार्हस्थ उत्पादनमा राजस्वको योगदान | प्रतिशत | | | |
| आन्तरिक आयमा कर राजस्वको अंश | प्रतिशत | ६९.९ | ७६ | ८५ |
| औद्योगिक उत्पादन | रकम करोडमा | ६११० | ८६९९ | |
| कुल गार्हस्थ्य उत्पादनको अनुपातमा पूर्वाधारमा भएको सार्वजनिक लगानी | प्रतिशत | | | |
| बैंक शाखा विस्तार भएका स्थानीय तह | सङ्ख्या | ११५ | ११९ | ११८ |
| जनसङ्ख्या प्रति बैंक तथा वित्तीय संस्थाको शाखा | जना | २७७० | २३६८ | २०७९ |
| प्रति स्थानीय तह बैंक/वित्तीय संस्थाको शाखा | सङ्ख्या | १८.७ | २१.२८ | २४.५९ |
| लघु वित्त संस्थाको शाखा | सङ्ख्या | २९७ | ३१७ | ७४९ |
| स्थायी लेखा नम्बर लिएका जनसङ्ख्या | प्रतिशत | | | |
| देशका कुल आर्थिक प्रतिष्ठानमा प्रदेशको हिस्सा | प्रतिशत | ३०.६ | २७.६ | ३२.३० |
| प्रति प्रतिष्ठानमा संलग्न जनशक्ति | जना | ४.३ | ४.४८ | |
| प्रदेशका कुल प्रतिष्ठानमा दर्ता भएका प्रतिष्ठानको अनुपात | प्रतिशत | ५०.२ | ८०.०८ | |
| प्रतिष्ठानका व्यवस्थापकको लैङ्गिक अनुपात | पुरुष प्रति | १९४.९ | १५६.० | |
| प्रदेशका कुल प्रतिष्ठानमा लेखा राख्ने प्रतिष्ठानको अनुपात | प्रतिशत | ४५ | ७२ | |
| **कृषि र गैरकृषि क्षेत्रको वृद्धि दर** | | | | |
| कृषि भूमिको उत्पादकत्व | मेटन. प्रति हे | | | ३.१३ |
| श्रमको उत्पादकत्व | रू. हजारमा | २०५.९ | २६७.१ | |
| औद्योगिक लगानिमा वार्षिक वृद्धि | प्रतिशत | | | |
| **मुद्रास्फिति** | | | | |
| खाद्य तथा पेय पदार्थको उपभोक्ता मूल्य सूचकाङ्क | प्रतिशत | | | |
| गैरखाद्य तथा सेवाको उपभोक्ता मूल्य सूचकाङ्क | प्रतिशत | | | |

*स्रोतः बागमती प्रदेश आर्थिक सर्वेक्षण २०७८/७९ तथा मन्त्रालयगत प्रतिवेदन

### ३.१.३ समस्या तथा सुझावहरू

आवधिक योजनाको मध्यावधि समीक्षाको क्रममा भएका छलफल र प्राप्त तथ्याङ्क एवम् सूचनाहरूको विश्लेषणको आधारमा पहिचान गरिएका समस्या तथा सुझावहरू देहायबमोजिम छन्ः

**क. समस्याहरू**

समीक्षाको क्रममा भएका छलफल र प्राप्त तथ्याङ्क एवम् सूचनाहरूको विश्लेषणका आधारमा आर्थिक नीतिहरूको कमजोर कार्यान्वयन हुनु, आन्तरिक आयको अंश घट्दै जानु, आवधिक योजनाको वार्षिक कार्यक्रमसँग सम्बन्ध कमजोर हुनु, सूचना प्रणाली सबल नहुनु, प्रदेशअन्तर्गतका निकायहरूबिच समन्वय प्रभावकारी नहुनु, आर्थिक वर्षको अन्त्यमा रकमान्तर एवम् बढी खर्च गर्ने प्रवृत्ति अन्त्य हुन नसक्नु आदि प्रमुख समस्या देखिएका छन् ।

**ख. सुझावहरू**

प्रदेश मन्त्रालयगत सूचना प्रणाली लगायत खर्चसँग सम्बन्धित प्रणालीहरूलाई real time प्रतिवेदन देखिने गरी विकास गर्नुपर्ने र सोको प्रतिवेदन प्रणालीमा प्रदेश सरकारको पनि स्वामित्व रहनुपर्ने, प्रदेश गौरवका आयोजनाहरूको छनोटका सम्बन्धमा मापदण्ड बनाउनुपर्ने, सार्वजनिक निजी सहकारी साझेदारी नियमावलीको तर्जुमा गर्ने, सार्वजनिक ऋणका सम्बन्धमा नीतिगत व्यवस्था गरी आवश्यक ऐन, कानुन तर्जुमा गर्नुपर्ने, आर्थिक ऐन तर्जुमा गर्दा सरोकारवाला निकायहरूसँग पर्याप्त अन्तरक्रिया र समन्वय गर्ने कार्यमा जोड दिनुपर्ने देखिन्छ । राजस्व असुल गर्ने निकायहरूबिच सूचना आदानप्रदान र पर्याप्त समन्वय हुनुपर्ने, आन्तरिक राजस्वको सम्भावनाको अध्ययन गरी समयसापेक्ष दर र दायरा बढाउने तथा मन्त्रालयहरूको अनुगमन संयन्त्रलाई सुदृढ बनाउने जस्ता विषयमा ध्यान दिन आवश्यक देखिन्छ ।

## ३.२ कृषि

### ३.२.१ पृष्ठभूमि

कृषि नेपालको आय र रोजगारीको महत्त्वपूर्ण उपक्षेत्र हो । प्रदेश सरकारको कार्यजिम्मेवारीमा कृषि, पशुविकास तथा खाद्य र पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, कृषि तथा पशुपक्षीजन्य रोग किरा एवम् महामारी नियन्त्रण, कृषि औद्योगिकीकरण, पशुपक्षी उद्योग व्यवसायको विकास तथा प्रवर्धन, कृषि तथा पशु यान्त्रीकरण र उन्नत औजार विकास तथा विस्तार, राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन, कृषि तथा पशु रोगको निदान प्रयोगशाला व्यवस्थापन र नियमन, कृषि उपज, पशुपक्षी, पशुपक्षीजन्य पदार्थ र पशु उत्पादन सामग्रीको गुणस्तर निर्धारण र नियमन, कृषिजन्य वस्तु, सेवा र प्रविधिको सम्बद्धता, स्तरीयकरण, गुणस्तर निर्धारण र प्रमाणीकरण, बिउ बिजन एवम् नश्लसम्बन्धी गुणस्तर निर्धारण र नियमनसम्बन्धी कार्य समावेश भएका छन् ।

त्यस बाहेक चरन तथा खर्कसम्बन्धी प्रादेशिक नीति, कानुन र नियमन, प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता, कृषिसम्बन्धी प्रादेशिक तथ्याङ्क प्रणाली, अध्ययन, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार तथा सामूहिक खेती प्रणाली, कृषि तथा पशुपक्षी एवम् खाद्य प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान विकास र प्रवर्धन, कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन, कृषि, पशुपक्षी तथा खाद्यसम्बन्धी प्रादेशिक प्रयोगशाला विकास र व्यवस्थापन, कृषिप्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तीकरण, कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन, कृषि र पशुपक्षी बिमासम्बन्धी योजना र कार्यान्वयन, कृषि बजार र पूर्वाधार विकास र सञ्चालन, कृषि फार्म केन्द्रहरूको विकास र व्यवस्थापनजस्ता कार्यहरू समेत पर्दछन् ।

आवधिक योजनाले कृषिलाई अग्रणी उपक्षेत्रको रूपमा लिई विशिष्टीकृत कृषिलाई विकासका प्रमुख चालकहरूमध्ये एकको रूपमा अङ्गीकार गरेको छ । आवधिक योजनाले "खाद्य तथा पोषण सुरक्षासहितको सम्पन्न कृषक" भन्ने दीर्घकालीन सोच तथा "खाद्य र पोषण सुरक्षा, व्यावसायिक कृषि र लाभप्रद रोजगारीद्वारा किसानको आयस्तर वृद्धि भई समृद्ध प्रदेशको निर्माणमा योगदान पुऱ्याउने" लक्ष्य निर्धारण गरेको छ । योजनाले दिगोपनसहितको कृषि उत्पादनमा बढोत्तरी हासिल गर्ने र प्रतिएकाइ जमिन र प्रतिएकाइ कृषि श्रमिकको उत्पादकत्व बढाउनु, खाद्य र पोषण सुरक्षा गर्दै कृषि वस्तुको आयात घटाई निर्यात प्रवर्धन गर्नु, कृषिमा आयमूलक रोजगारीका अवसरहरूको विस्तार गर्नु, र विषादी अवशेषरहित एवम् जैविक पोषणयुक्त खाद्यवस्तु सुपथ मूल्यमा उपलब्ध गराउनु र उपभोक्ताहरूको खाद्य अधिकार सुनिश्चित गर्नु समेत गरी चार ओटा उद्देश्य निर्धारण गरेको छ ।

## ३.२.२ उपलब्धि विश्लेषण

उपलब्धि विश्लेषणलाइ नीतिगत र परिमाणात्मक उपलब्धि गरी दुइ भागमा विभाजित गरी विश्लेषण गरिएको छ ।

### ३.२.२.१ नीतिगत उपलब्धि

आवधिक योजनामा कृषिसम्बन्धी ५ ओटा रणनीति र सोअन्तर्गत ५४ ओटा कार्यनीति निर्धारण गरिएको छ । जसमध्ये २४ ओटा कार्यनीति मात्र हालसम्म सम्बोधन भएको देखिन्छ । कृषिको विशिष्टीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने रणनीतिअन्तर्गत २० ओटा कार्यनीति लिइएकोमा १२ ओटा कार्यान्वयनमै आएका छैनन् । कृषि, पशुपक्षी, माहुरी र माछा विकाससम्बन्धी दीर्घकालीन नीति, कानुन र मापदण्ड तयार गर्ने कार्यनीतिमा भर्खरै मात्र प्रदेश कृषि विकास अध्यादेश २०७९, जारी भएको अवस्था छ । कृषि तथा पशुपक्षीजन्य उत्पादनलाई बजारीकरणका लागि विशेष सुविधा दिने कार्यनीतिका सम्बन्धमा कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गरी खरिद विक्रीमा सहजीकरण गरिएको

देखिन्छ । त्यस्तै, कृषि कलेज तथा कृषि अनुसन्धानमा संलग्न सरकारी निकायहरूलाई कृषि प्रयोगशाला, घुम्ती कृषि प्रसार, प्रविधि विस्तार र कृषक अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहित गर्ने कार्यनीति लिइएकोमा त्रिभुवन विश्विविद्यालय र कृषि तथा वन विश्वविद्यालयबाट अनुसन्धान गर्नको लागि अनुदानको व्यवस्था गरिएको छ ।

अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारका लागि कृषि क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूको सञ्जाल गठन गरी सेवा प्रवाहमा दोहोरोपन नआउने गरी एकद्वार कृषि प्रसार प्रणालीलाई प्रोत्साहित गर्ने कार्यनीतिअन्तर्गत Research, Education & Extention Forum गठन र परिचालन गरी कार्यान्वयन गरिएको छ । परियोजनामा आधारित कृषि ऋण उपलब्ध गराउने व्यवस्थाका लागि अवश्यक नीति बनाउने कार्यनीतिलाई बिउ पुँजी परिचालन कार्यक्रम सञ्चालन गरी सम्बोधन गर्ने प्रयास गरिएको छ । सार्वजनिक तथा वन क्षेत्रमा भएका बाँझो तथा खाली जग्गामा सम्बन्धित निकायसँगको समन्वयमा सामूहिक खेती प्रवर्धन गरी तरकारी, फलफूल, मसला, जडीबुटी लगायत अन्य उच्च मूल्यका बाली उत्पादनको लागि आवश्यक व्यवस्था मिलाउने कार्यनीति सम्बन्धमा बाँझो जमिनमा खेती गर्नको लागि बाँझो जमिनको बैंक स्थापना सम्बन्धमा कार्य भैरहेको तर कार्यान्वयनमा आइनसकेको अवस्था छ ।

सिँचाइ सुविधा नभएको क्षेत्रमा वर्षातको पानी सङ्कलन गरी उपयोगमा ल्याउन पोखरी संरक्षण र निर्माणलाई अभियानको रूपमा सञ्चालन गर्ने र बिउबिजनको अनुसन्धान तथा चौंरी, भेँडा, बाख्रा, बङ्गुर, गाई, भैंसी लगायतका पशु तथा पक्षीको अनुसन्धान र नश्ल सुधार गर्न उपयुक्त स्थानहरूमा स्रोत केन्द्रहरूको स्थापना गर्ने कार्यनीतिका सम्बन्धमा क्रमशः साना सिँचाइ थोपा सिँचाइ कार्यक्रम सञ्चालन गरिएको र जिल्लाहरूमा गाई, भैंसी, बाख्रा तथा बङ्गुर स्रोत केन्द्रहरू स्थापना गरिएको अवस्था देखिन्छ। कृषि तथा पशुपक्षीजन्य वस्तुहरूको उत्पादनमा वृद्धि गर्न विशिष्टीकृत बृहत्तर कृषि उत्पादन क्षेत्र निर्धारण गरी प्रविधि, पूर्वाधार, सिँचाइ, यन्त्र-उपकरण, ऋण, बिमा, मल, उन्नत बिउबिजन तथा बिरुवा लगायतका वस्तु तथा सेवाहरू एकीकृत रूपमा उपलब्ध गराउने व्यवस्था मिलाउने, सङ्घीय कानुनअनुसार प्रदेशको भू-उपयोग नीति र कानुन तर्जुमा गरी कृषि भूमिको व्यवस्थित प्रयोगमा जोड दिने कार्यनीति कार्यान्वयनमा आउन सकेको छैन ।

त्यसैगरी, कृषि भूमिको पहिचान, संरक्षण र विकास गर्न स्थानीय तहसँग सहकार्य गर्ने, कृषि भूमिको संरक्षण र चक्लाबन्दीलाई प्रोत्साहन गर्दै साझेदारी, सामूहिक, सहकारी र करार खेतीलाई प्रोत्साहित गर्ने, खाद्यान्न उत्पादन कम हुने तथा पोषणका हिसाबले असुरक्षित ग्रामीण क्षेत्रमा कृषिजन्य खाद्य उत्पादनमा जोड दिने, बचत तथा ऋण सहकारी संस्थाले कृषि लगायतका उत्पादनशील क्षेत्रमा अनिवार्य रूपमा कम्तीमा ५० प्रतिशत ऋण प्रवाह गर्नुपर्ने व्यवस्था गर्ने, कृषिमा जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील प्रविधिको प्रयोग गरी कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन तथा दिगो उपयोगमा जोड दिने, ठुला सिँचाइ परियोजना सम्भव नभएका क्षेत्रमा साना प्रकृतिका सतह, भूमिगत, थोपा, लिफ्ट र अन्य वैकल्पिक सिँचाइ प्रविधिबाट सिँचाइ सुविधाको व्यवस्था गर्ने, ठुला सडकहरूमा पहुँच पुऱ्याउन साना कृषि

सडक निर्माण गर्ने, जङ्गली जनाबरहरूबाट कृषि, पशुपक्षी र मानवीय क्षतिलाई कम गर्न संवेदनशील स्थानहरूको पहिचान गरी उपयुक्त प्रविधि र उपायको अवलम्बन गर्ने, बाँदरबाट कृषि उपज र सम्पत्तिमा पुगेको क्षतिलाई कम गर्न उपयुक्त प्रविधि र उपायको अवलम्बन गरी व्यवस्थापन गर्ने, वन्यजन्तु तथा पक्षीहरूको पालन, प्रजनन, मांसाहार, बेचबिखन र विदेश निकासी गर्न सकिने सङ्घीय नीतिको कार्यान्वयनमा सहयोग र सहजीकरण गर्ने जस्ता कार्यनीतिहरू कार्यान्वयन नै भएका छैनन् ।

कृषिको यान्त्रिकीकरण, सहजीकरण र बजारीकरणमा सहयोग गर्ने रणनीतिअन्तर्गत १२ ओटा कार्यनीतिमध्ये चार ओटा कार्यनीति कार्यान्वयनमै आएका छैनन् । स्थानीयस्तरमा कृषि औजारहरू उत्पादन गर्न निजी क्षेत्रलाई प्रवर्धन गर्ने कार्यनीतिको कार्यान्वयन सम्बन्धमा निजी तथा सरकारी साझेदारीमा कृषि औजार कारखाना स्थापना भैरहेको अवस्था छ । कृषि सामग्री, अनुदान, बिमा, ऋण, न्यूनतम समर्थन मूल्य, शीत भण्डार, थोक विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच स्थापनामा जोड दिने कार्यनीतिको कार्यान्वयनका लागि प्रदेशका विभिन्न स्थानमा १० ओटा शीत भण्डार निर्माणाधीन अवस्थामा रहेका छन् साथै हेटौँडामा थोक बजार स्थापना गरिएको छ । कृषि उपजको उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास र विस्तारमा सहयोग गर्ने कार्यनीतिलाई दुध उत्पादनमा आधारित अनुदान तथा बिउ उत्पादन अनुदान कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिएको छ ।

कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्दा कृषकको वास्तविक उत्पादन लागतलाई मुख्य आधार मान्ने कार्यनीति सोहीअनुसार कार्यान्वयन गरिएको छ भने स्थानीय तह, सहकारी संस्था र दुग्ध व्यवसायीको सहकार्यमा दुध प्रशोधन तथा दुग्ध पदार्थ उत्पादन र बजारीकरणमा प्रोत्साहन गर्ने कार्यनीतिअन्तर्गत हेटौँडामा पाउडर प्लान्ट स्थापना भई आंशिक कार्यान्वयन भएको छ । पशुपक्षीको आहार, रोग तथा महामारी नियन्त्रण र बिमा सुविधा र सहुलियत दिई यिनीहरूको उत्पादनमा वृद्धि ल्याउने कार्यनीतिको सम्बन्धमा मत्स्यपालनमा बिमाको सुरुआत गरी कार्यान्वयनको थालनी गरिएको छ। कृषि, दुध, मासु तथा माछाजन्य उद्योगहरू स्थापना तथा सञ्चालित उद्योगको आधुनिकीकरण र क्षमता अभिवृद्धि गर्ने कार्यनीतिलाई निजी क्षेत्रलाई दाना उद्योग तथा दुग्ध प्रशोधन केन्द्र स्थापनामा सहयोग गरिएको छ ।

कृषि उपज बजार ऐन जारी गरी कृषि उपज बजारीकरणलाई सहजीकरण र नियमन गर्ने, कृषि उपजको उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास र विस्तारमा सहयोग गर्ने, कृषि तथा पशुपक्षीजन्य उत्पादनको व्यवसायीकरणमा निजी तथा सहकारी संस्थाहरूको भूमिका बढाउने, हिमाली क्षेत्रमा पशु चरिचरणका लागि आवश्यक व्यवस्था गर्ने जस्ता कार्यनीतिहरू कार्यान्वयनमै आएका छैनन् ।

कृषिको औद्योगिकरणमा सहयोग गर्ने रणनीति कार्यान्वयनका लागि ६ ओटा कार्यनीति लिएकोमा ३ ओटा मात्र कार्यान्वयनमा ल्याइएको छ । कृषि, पशुपक्षी, माछा लगायतका वस्तुहरूमा आधारित उत्पादन, प्रशोधन र औद्योगिक वस्तु उत्पादन गर्ने उद्योगहरूको स्थापना, स्तरोन्नति र प्रवर्धन गर्ने कार्यनीतिअन्तर्गत हेटौँडामा पाउडर प्लान्ट स्थापना गरी सम्बोधन गरिएको छ जसले रणनीति २ अन्तर्गत स्थानीय तह, सहकारी संस्था र दुग्ध व्यवसायीको सहकार्यमा दुध प्रशोधन तथा दुग्ध पदार्थ उत्पादन र बजारीकरणमा प्रोत्साहन गर्ने कार्यनीति कार्यान्वयनलाई पनि सहयोग गरेको छ । सबै स्थानीय तहको माटो परीक्षणका लागि मोबाइल माटो परीक्षण सेवा सुरू गर्न आवश्यक व्यवस्था मिलाउने र निरन्तर कृषि पेसामा लागिरहने कृषकहरूलाई सम्मानित र पुरस्कृत गर्ने व्यवस्था मिलाउने कार्यनीतिको सम्बोधनको लागि क्रमशः माटो परीक्षण गरी Soil Health Card वितरण र राष्ट्रपति कृषक पुरस्कारको व्यवस्था गरिएको छ । कृषिको बहुआयामिक विकासका लागि कृषि, वन, पशु तथा जैविक उत्पादनमा आधारित कृषि पर्यटनको विकास र प्रवर्धन गर्ने, कृषि रिसोर्टहरूको विकास र प्रवर्धन गर्ने, काठमाडौं उपत्यका लगायत अन्य सहरी तथा सहरोन्मुख क्षेत्रहरूमा हाइड्रोपोनिक्स र अक्वापोनिक्सजस्ता उच्च प्रविधिको प्रयोग गरी सहरी कृषि उद्योग प्रवर्धनको विशेष कार्यक्रमहरू सञ्चालन गर्ने  जस्ता कार्यनीतिहरू कार्यान्वयनमै आएका छैनन् ।

वडालाई कृषि तथा पशुपक्षी सेवा केन्द्रको रूपमा विकास गर्ने रणनीतिअन्तर्गत १२ ओटा कार्यनीति लिइएकोमा नौ ओटा कार्यनीति कार्यान्वयनमै आएका छैनन् । आवश्यकताका आधारमा वडास्तरमा नमुना प्राङ्गारिक खेती प्रवर्धन गर्न स्थानीय तहको समन्वयमा निजी क्षेत्र, सहकारी र स्थानीय समुदायसँग सहकार्य गर्ने कार्यनीतिलाई सम्बोधन गर्न एक Soil Lab स्थापना मात्र भएको देखिन्छ । बाँझो जमिन राख्ने प्रवृत्तिलाई नियन्त्रण गर्न स्थानीय तहले दिने सेवा सुविधामा कडाइ गर्न नीतिगत व्यवस्था गर्ने र सबै स्थानीय तहका सबै वडाहरूको सहभागिता हुने गरी कृषिसम्बन्धी आवश्यक तालिमहरू सञ्चालन गर्ने कार्यनीति कार्यान्वयनका लागि क्रमशः बाँझो जमिनमा खेतीको लागि प्रोत्साहनस्वरूप अनुदानको व्यवस्था र विभिन्न समयमा तालिम सञ्चालन गरिने गरेको छ ।

माथि उल्लेख भएबाहेक अन्य कार्यनीतिहरू जस्तोः वडागत रूपमा कृषि, पशु, पक्षी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरू पहिचान गरी आवश्यक सहयोगहरू एकीकृत रूपमा उपलब्ध गराउन स्थानीय तहसँग सहकार्य गर्ने, आवश्यकताको आधारमा दुग्ध पकेट क्षेत्रहरूमा दुध चिस्यान केन्द्र, प्रशोधन केन्द्र एवम् मिल्क पार्लरको विकास गर्ने, पशु विकासका पकेट क्षेत्रहरूमा भुइँ तथा डाले घाँसको ब्लक स्थापना गरी पशु आहारको न्यूनतालाई पूर्ति गर्ने, स्थानीय तहसँग समन्वय गरी मोबाइल भेटेरिनरी एम्बुलेन्सको व्यवस्था गरी पशु स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त र भरपर्दो बनाउने, निजी एवम् सहकारीसँगको साझेदारीमा पशु वधशाला, दाना उद्योग, चीज तथा छुर्पी उत्पादन केन्द्र एवम् दुग्ध पाउडर प्लान्ट स्थापनामा जोड दिने, लोपोन्मुख बिउबिजन, नश्ल र कृषि तथा पशुपक्षीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरणमा जोड दिने, उत्पादन वृद्धिको लागि उन्नत जातको पशुपक्षी वितरण गर्ने, कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्ने, पायक पर्ने स्थानमा सम्भाव्यताको आधारमा

सामुदायिक प्रजनन केन्द्रको स्थापना (न्युक्यस एन्ड मल्टिप्लिकेसन) गर्ने कार्यनीतिहरू कार्यान्वयनमै आएका छैनन् ।

खाद्य स्वच्छता कायम गर्ने रणनीतिअन्तर्गत ५ ओटा कार्यनीति निर्धारण गरिएकोमा तीन ओटा कार्यान्वयनमा आएका छन् । रसायनिक मल बढी प्रयोग भइरहेका क्षेत्रहरूमा क्रमशः प्रभावकारी प्राङ्गारिक मलतर्फ आकर्षण बढाउनका लागि प्रसार कार्यका साथै प्राङ्गारिक मल र कीटनाशक उत्पादन गर्ने उद्योगहरू सञ्चालन गर्न प्रोत्साहन र सहयोग गर्ने, जैविक कृषिउपज बढाउन आवश्यक स्थानमा कृषक पाठशाला सञ्चालन एवम् तालिम केन्द्र विकास र विस्तार र कृषक पुरस्कार कार्यक्रमहरू सञ्चालन गर्ने, आन्तरिक बजारमा खपत हुने कृषि वस्तुको प्रयोगशालामा विषादी अवशेष अनिवार्यरूपले परीक्षण हुने व्यवस्था मिलाउने र निर्यात तथा आयात हुने कृषि तथा पशुपक्षीको लागि क्वारेनटाइनमा सहज पहुँच हुने व्यवस्था गर्ने कार्यनीतिको कार्यान्वयनको लागि क्रमशः बिउ पुँजी अनुदान मार्फत प्राङ्गारिक मल कारखाना स्थापनाका लागि प्रोत्साहन गरिएको, कृषक पाठशालाका रूपमा राष्ट्रपति कृषक फार्म स्थापना र चितवनमा द्रुत विषादी परीक्षण केन्द्र स्थापना गरिएको छ ।

त्यसबाहेकका अन्य कार्यनीतिहरू जस्तैः हिमाली क्षेत्र तथा न्यून रासायनिक मल प्रयोग भएको क्षेत्रमा जैविक खेती प्रोत्साहित गर्ने र त्यसको प्रविधि, गुणस्तर निर्धारण, जनशक्ति विकास र बजारीकरणमा सहयोग गर्ने र रासायनिक मल तथा जीवनाशक विषादी प्रयोग नभएको क्षेत्रलाई क्रमशः प्राङ्गारिक क्षेत्र घोषणा गर्दै बृहत्तर जैविक उत्पादन कार्यक्रमहरू सञ्चालन गर्ने कार्यनीति कार्यान्वयनमा नआएको देखिन्छ । रणनीति तथा कार्यनीतिको विस्तृत प्रगति *अनुसूची ३* मा दिइएको छ ।

कृषि उपक्षेत्रको समष्टिगत विश्लेषण गर्दा ५४ ओटा कार्यनीतिमध्ये २४ ओटा मात्र सम्बोधन भएको देखिन्छ । सम्बोधन भएका कार्यनीतिहरूमा पनि कतिपय भर्खर कार्यान्वयन सुरु भएका छन् । जस्तैः प्रदेश कृषि विकास अध्यादेश २०७९, भर्खर मात्र जारी हुनु, बाँझो जमिनमा खेति गर्नको लागि बाँझो जमिनको बैंक स्थापनाकै चरणमा हुनु आदि । यसैगरी कतिपय आंशिक मात्र कार्यान्वयनमा आएका छन्। जस्तैः प्रदेश भरीमा एउटा दुग्ध पउडर मिल, एउटा माटो परीक्षण केन्द्र, एउटा द्रुत विषादी परीक्षण केन्द्र, मत्स्य पालनमा मात्र भर्खर बिमाको सुरुआत हुनु, कृषिक्षेत्रमा दिइने अनुदानको कभरेज सीमित हुनु आदि । यसरी हेर्दा ५ ओटै रणनीतिहरू आंशिक मात्र कार्यान्वयनमा आएका छन् । परिणामस्वरूप योजनाको लक्षित नतिजा प्राप्तिमा ठुलो असर पर्ने देखिन्छ ।

### ३.२.२.२ परिमाणात्मक उपलब्धि

कृषि, पशुपक्षी तथा मत्स्य विकासको ०७५/७६ लाई आधार वर्षको रूपमा लिई उपलब्धिको विश्लेषण गर्दा प्रभावस्तर (लक्ष्यस्तर) को उपलब्धि ०७८/७९ मा कृषि, पशुपक्षी तथा मत्स्य विकासको लक्ष्य ५.६ प्रतिशत राखिएकोमा यसको ३.२ प्रतिशत प्रगति भएको छ । असर (उद्देश्य) तहको नतिजा हेर्दा

प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (धान, मकै, कोदो, फापर, जौ र गहुँ), तेलहन, आलु, नगदे बाली र बागवानीजन्य बालीको उत्पादकत्व प्रति हेक्टर क्रमशः ३.५६, १.२२, २१.३०, ९ र १५ मे.टन पुऱ्याउने लक्ष्य रहेकोमा क्रमशः ३.१३, १.१, १८.५१, १०.८६ र १४.५७ मे.टन उत्पादन भएको देखिन्छ । माछाको उत्पादकत्व प्रति हे. १०.३२ प्रतिशतले वृद्धि गर्ने भनिएकोमा ०.७६ प्रतिशतले ऋणात्मक प्रगति भएको छ । त्यस्तै तरकारीको उत्पादकत्व प्र. हे. १३.३३ प्रतिशत वृद्धि गर्ने भनिएकोमा २.८७ प्रतिशत मात्र वृद्धि भएको देखिन्छ ।

प्रतिफलतर्फका मुख्य उपलब्धिको विश्लेषण गर्दा खाद्यान्न बाली, नगदे बाली (दलहन, तेलहन, आलु र उखु), फलफूल र तरकारी क्रमशः १०.३१ प्रतिशत, १०.३१ प्रतिशत,९.७७ प्रतिशत, र ९.७७ प्रतिशत उत्पादन वृद्धि गर्ने लक्ष्य रहेकोमा क्रमशः ७.६, २.८७,२३.४३ र ३.८२ प्रतिशतले वृद्धि भएको छ । प्रदेशमा चिया, कफी, अलैंची र अदुवाको उत्पादन क्रमशः १०.३१, १०.२३, १०.३५ र १०.३१ प्रतिशत वृद्धि गर्ने लक्ष्य रहेकोमा क्रमशः ४२.८४ (ऋणात्मक), ८०, ० र १२.३१ प्रतिशत. वृद्धि भएको छ । पशुजन्य उत्पादनतर्फ (दुध, मासु, उन र माछा)को उत्पादन १०.३१ प्रतिशतले वृद्धि गर्ने भनिएकोमा ३१.७ प्रतिशतले वृद्धि भएको छ । यसरी हेर्दा पशुजन्य उत्पादनको प्रगति उल्लेखनीय देखिन्छ भने चियाको उत्पादन लगभग ४३ प्रतिशतले घटेको छ ।

खाद्य सुरक्षातर्फको उपलब्धि विश्लेषण गर्दा प्रभावस्तरका नतिजाको रूपमा आधारभूत खाद्य सुरक्षामा रहेको परिवार ७३ प्रतिशत पुऱ्याउने र आधारभूत खाद्य सुरक्षाका दृष्टिले अति जोखिममा रहेका परिवार ४ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा यसको प्रगति नै प्राप्त हुन सकेन । लक्ष्य तोकिएका असर तहको सूचकमध्ये खाद्यान्न बाली उत्पादन र पशुजन्य पदार्थको उत्पादन दुबैमा १०.३१ प्रतिशत वृद्धि गर्ने लक्ष्य रहेकोमा क्रमशः ७.६ र ३१.७ प्रतिशत उत्पादन वृद्धि भएको छ । प्रतिव्यक्ति खाद्य उपलब्धता प्रतिवर्ष २९०.८ के.जी पुऱ्याउने लक्ष्य रहेकोमा प्रगति उपलब्ध हुन सकेको छैन ।

भूमि व्यवस्थातर्फका जम्मा १८ ओटा सूचकमा १६ ओटा सूचकमा आधार तथ्याङ्क र लक्ष्यसमेत उल्लेख छैन भने कुनै पनि सूचकमा प्रगति विवरण प्राप्त हुन सकेको छैन ।

समष्टिमा कृषि, पशुपक्षी तथा मत्स्य विकास, खाद्य सुरक्षा र भूमि व्यवस्थातर्फ जम्मा १३१ ओटा सूचकमध्ये ५५ ओटा अर्थात् ४२ प्रतिशत सूचकको मात्र प्रगति प्राप्त भएको छ । प्राप्त प्रगति विश्लेषण गर्दा १५ ओटा सूचकको प्रगति ऋणात्मक अर्थात् आधार वर्षको भन्दा पनि कम देखिएको, १५ ओटाको प्रगति ० देखि ५० प्रतिशतको बिचमा रहेको, ५ ओटा सूचकको प्रगति ५० देखि ७५ प्रतिशतको बिचमा रहेको, ४ ओटाको प्रगति ७५ प्रतिशत देखि १०० प्रतिशतको बिचमा रहेको र १६ ओटा सूचकको प्रगति १०० प्रतिशतभन्दा बढी भएको देखिन्छ । लगभग ६५ ओटा सूचकको आधार तथ्याङ्क, लक्ष्य तथा प्रगति केही उल्लेख भएको छैन भने केहीमा लक्ष्य तोकिएको भए पनि प्रगति प्राप्त हुन सकेको छैन। परिमाणात्मक उपलब्धिको हालसम्मको अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन । कृषि उपक्षेत्रका सूचकहरूको आधार तथ्याङ्क र आ.व.०७८/७९ को

लक्ष्य तथा प्रगतिको विस्तृत लक्ष्य तथा परिमाणात्मक उपलब्धि तलको तालिकाहरूमा उल्लेख गरिएको छ ।

तालिका १५: कृषि, पशुपक्षी तथा मत्स्य विकाससम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष ०७५/७६ | आ.व.०७८/७९ | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| प्रभाव तह | | | | |
| कृषि क्षेत्रको वृद्धि दर | प्रतिशत | ६.२ | ५.६ | ३.२ |
| असर तह | | | | |
| **कृषिको उत्पादकत्वमा वृद्धि** | | | | |
| प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (धान, मकै, कोदो, फापर, जौ र गहुँ) | मे. टन प्रति हेक्टर | २.९ | ३.५६ | ३.१३ |
| तेलहन बालीको उत्पादकत्त्व | मे.टन प्रति हेक्टर | १.१ | १.२२ | १.१ |
| आलु बालीको उत्पादकत्त्व | मे.टन प्रति हेक्टर | १७.१ | २१.३० | १८.५१ |
| नगदे बालीको उत्पादकत्व | मे.टन प्रति हे | ८ | ९ | १०.८६ |
| वागवानीजन्य बालीको उत्पादकत्व | मे.टन प्रति हे | १४ | १५ | १४.५७ |
| माछाको उत्पादकत्व | के.जी प्रति हे | ५०२९ | ५५४८ | ४९९१ |
| कृषि भूमिको उत्पादकत्व | मे.टन प्रति हे | | | |
| कृषि उत्पादनमा व्यावसायिक कृषिको हिस्सा | प्रतिशत | | | |
| कृषि मजदुरको उत्पादकत्व | अमेरिकी डलर | ८३५ | ९५० | |
| खाद्यान्न बालीको उत्पादकत्व | के.जी./हे. | २९७१ | ३१८४ | ३१३० |
| धान | के.जी./हे. | ३७६५ | ३९५६ | ३८४० |
| मकै | के.जी./हे. | ३००८ | ३१६१ | ३३५० |
| गहुँ | के.जी./हे. | २९६७ | ३११८ | २९४० |
| तरकारीको उत्पादकत्व | मे.ट./हे. | १५ | १७ | १४.५७ |
| काउली | मे.ट./हे. | १५ | १७ | १४.७६ |
| बन्दा | मे.ट./हे. | १६ | १७ | १५.७६ |
| गोलभेंडा | मे.ट./हे. | २० | २२ | २१.१० |
| फलफूलको उत्पादकत्व | मे.ट./हे. | १०.७ | १२ | ११.२८ |
| केरा | मे.ट./हे. | १५.४ | १७ | १६.६४ |
| सुन्तला जात | मे.ट./हे. | ११.२ | १२ | १०.४३ |
| किवी | मे.ट./हे. | ६.१ | ८ | ७.५५ |
| प्रतिफल तह | | | | |
| **खाद्यान्न उत्पादन** | मे.टन | १३४८२८२ | १४८७३३० | १४५०७४२ |
| धान | मे. टन | ५०३२३८ | ५५५१३७ | ५०९५९० |
| मकै | मे. टन | ६०१५२० | ६६३५५५ | ६९१४३७ |
| गहुँ | मे. टन | १६९२७३ | १८६७३० | १७२७८९ |
| अन्य खाद्यान्न बाली | मे. टन | ७४२५१ | ८१९०९ | ७६९२६ |

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष ०७५/७६ | आ.व.०७८/७९ | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| प्रभाव तह | | | | |
| **नगदे बाली (दलहन, तेलहन, आलु र उखु)** | मे.टन | ७९३१९८ | ८७५००१ | |
| दलहन | मे. टन | २६४३३ | २९०१६ | २२९६६ |
| तेलहन | मे. टन | ३७५१३ | ४११७९ | ३४९३६ |
| आलु | मे. टन | ७२४४०९ | ७९५२०० | ७५६७४८ |
| उखु | मे. टन | ४८४३ | ९६०५ | १३९१ |
| **वागवानीजन्य(फलफूल, तरकारी, चिया, कफी, अलैंची, अदुवा)** | मे.टन | ९५८५५१ | १०५२८२६ | |
| फलफूल | मे. टन | **१४५५२२** | **१५९७४३** | **१७९६२५** |
| केरा | मे. टन | ३४४८९ | ३७८५९ | ५५६९२ |
| सुन्तला जात | मे. टन | ५७४८८ | ६३१०६ | ६७५३० |
| किवी | मे. टन | ९७२ | १०६७ | २३८६ |
| अन्य फलफूल | मे. टन | ५२५७३ | ५७७११ | ५४०१७ |
| **तरकारी** | मे. टन | ७०१६०८ | ७७०१७१ | ७२८४३२ |
| काउली | मे. टन | ८५८८८ | ९४२८१ | ८७६०० |
| बन्दा | मे. टन | ८०२४६ | ८८०८८ | ८०१५० |
| गोलभेडा | मे. टन | ११७०५४ | १२८४९३ | १२१७७७ |
| अन्य तरकारी | मे. टन | ४१८४२० | ४५९३०९ | ४३८९०५ |
| **चिया** | के.जी. | ७३५३३ | ८१११६ | ४२०७२ |
| **कफी** | मे. टन | ५५७ | ६१४ | ११६ |
| **अलैंची** | मे. टन | ३३८ | ३७३ | ३२८ |
| **अदुवा** | मे. टन | ३६९९३ | ४०८०८ | ४१५९४ |
| **पशुपक्षीजन्य(दुध, मासु, ऊन) तथा मत्स्य उत्पादन(अण्डा बाहेक)** | मे.टन | ४७१८६९ | ५२०५३३ | ६२२७२५ |
| दुध | मे. टन | ३९१०४२ | ४२९२५६ | ४५५१४१ |
| मासु | मे. टन | ७७५५२ | ८५१३१ | १६३९३९ |
| कुखुरा | मे. टन | २६५९४ | २९१९३ | ११३३४८ |
| खसीबोका | मे. टन | २६० | २८५ | ३४६ |
| राँगा | मे. टन | ३४९९७ | ३८४१७ | ३३३४३ |
| अन्य मासु | मे. टन | १५७०१ | १७२३५ | १६९०२ |
| ऊन | के.जी. | ५४६१० | ५९९४७ | ६५६५९ |
| माछा | के.जी. | ३२२१०६० | ३५३५८३० | ३५८०००० |
| **अन्य उत्पादन** | | | | |
| रेशम | मे. टन | | | |
| पुष्प | मे. टन | | | |
| मह | मे. टन | | | |
| च्याउ | मे. टन | | | |
| खाद्यान्न बाली बिउ | मे. टन | | | |
| तरकारी बिउ | मे. टन | | | |
| घाँसको बिउ | मे. टन | | | |
| **उच्च मूल्यका वालिको ब्रान्डिङ** | सङ्ख्या | | २ | |

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष ०७५/७६ | आ.व.०७८/७९ | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| प्रभाव तह | | | | |
| अर्गानिक प्रमाणीकरण भएको क्षेत्रफल | हेक्टर | NA | NA | |
| कुल बालीमा रैथाने बालीको उत्पादन | प्रतिशत | NA | | |
| खाद्यान्न बालीको बिउ प्रतिस्थापन दर | प्रतिशत | | | |
| तरकारी बालीको बिउ प्रतिस्थापन दर | प्रतिशत | | | |
| पशुको नश्ल सुधार | प्रतिशत | | | |
| पशु खोप सेवाको दायरा | प्रतिशत | | | |
| बाली बिमाको पहुँच प्राप्त कृषक परिवार | प्रतिशत | | | |
| पशुपक्षी बिमाको पहुँच प्राप्त कृषक परिवार | प्रतिशत | | | |
| प्राङ्गारिक खेतीको जोनिङ | सङ्ख्या | | | |
| प्राङ्गारिक खेतीको जोनिङको क्षेत्रफल | हेक्टर | | | |
| नमुना एकीकृत फार्म | सङ्ख्या | | | |
| व्यावसायिक बिउ उत्पादन गर्ने कृषक | सङ्ख्या | | | |
| व्यवसायीक नर्सरी स्थापना र सञ्चालन | सङ्ख्या | | | |
| फलफूलका बिरूवा उत्पादन | सङ्ख्या हजारमा | | | |
| कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | | | |
| कृषि उपज सङ्कलन केन्द्रको क्षमता | मे.ट. | | | |
| शीत भण्डार | सङ्ख्या | | | |
| शीत भण्डारको क्षमता | मे.ट. | | | |
| कृषि उपज थोक बजार स्थल | सङ्ख्या | | | |
| दुग्ध सङ्कलन केन्द्र | सङ्ख्या | | | |
| दुग्ध चिस्यान तथा प्रशोधन केन्द्र | सङ्ख्या | | | |
| दुग्ध चिस्यान तथा प्रशोधन केन्द्रको क्षमता | मे.टन | | | |
| रसायनिक मलखाद आपूर्ति | मे.टन | | | |
| प्राङ्गारिक मलखाद आपूर्ति | मे.टन | | | |
| जैविक विषादी उत्पादन केन्द्र | सङ्ख्या | | | |
| प्राङ्गारिक मलखाद कारखाना | सङ्ख्या | | | |
| **कृषि तथा पशुसेवा प्रसारको प्रवाहमा वृद्धि** | | | | |
| कृषि प्रसार क्षमता विकास | जना | | | |
| कृषि ऋण लिएका कृषकको सङ्ख्या | जना | | | |
| कृषि ऋण प्रवाह | रू. हजार | | | |
| कृषि तथा भेटेरीनरी विषय अध्यापन गराउने संस्थामार्फत कृषि तथा पशुपक्षी प्रसार कार्यक्रम सञ्चालन | ओटा | | | |
| कृषि तथा पशुपक्षी प्रसार कार्यक्रमबाट लाभान्वित कृषक परिवार | प्रतिशत | | | |
| कृषि प्रसारमा स्थानीय तहको क्षमता विकास | सङ्ख्या | | | |
| **विविध** | | | | |
| कृषि तथा वन र मत्स्यपालनसम्बन्धी व्यावसायिक प्रतिष्ठान (कुल | प्रतिशत | २.४ | ३.९६ | |

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष ०७५/७६ | आ.व.०७८/७९ | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| प्रभाव तह | | | | |
| प्रतिष्ठानको हिस्सा) | | | | |
| कृषक परिवारले चलन गरेको प्रति कित्ता जमिनको आकार | हेक्टर | ०.१८ | १.८७ | |
| ३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ३२.६ | ४५.७४ | |
| प्रतिव्यक्ति खाद्य उत्पादन | कि.ग्रा. | १११.७० | १६४.६८ | |

तालिका १६: खाद्य सुरक्षासम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| आधारभूत खाद्य सुरक्षामा रहेको परिवार | प्रतिशत | ५५.० | ७३ | |
| खाद्य सुरक्षाको दृष्टिले अति जोखिममा रहेको परिवार | प्रतिशत | ८.५ | ४ | |
| विश्वव्यापी खाद्य सुरक्षा सूचकाङ्क (अङ्क) स्कोर | सूचकाङ्क | | | |
| **असर तह** | | | | |
| प्रतिव्यक्ति खाद्य उपलब्धता | कि.ग्रा. प्रतिवर्ष | १८७ | २९०.८ | |
| प्रतिव्यक्ति पशुपक्षीजन्य खाद्य पदार्थको उपलब्धता | कि.ग्रा. प्रतिवर्ष | | | |
| आफ्नै कृषि उपजले वर्षभरि धान्ने कृषक परिवार | प्रतिशत | | | |
| कुल उपभोगको दुई–तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | | | |
| खाद्य बालीको उत्पादन | मे.टन | १३४८२८२ | १४८७३३० | १४५०७४२ |
| पशुजन्य पदार्थको उत्पादन | मे.टन | ४७१८६९ | ५२०५३३ | ६१९०८० |
| दिवा खाजा उपलब्ध भएका विद्यार्थी | सङ्ख्या | | | |
| बाली उत्पादन उपरान्त हुने क्षति | प्रतिशत | | | |
| खाद्य सुरक्षा भण्डारमा खाद्यान्न भण्डारण | मे.टन हजारमा | | | |
| उत्पादित वस्तुको व्यवस्थित भण्डारण क्षमता भएका परिवार | प्रतिशत | | | |

तालिका १७: भूमि व्यवस्थासम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजाको स्तर अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | आ.व.२०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| **प्रभाव तह** | | | | |
| संरक्षित र व्यवस्थित भूमिमा वृद्धि | हेक्टर | | | |
| **असर तह** | | | | |
| भूउपयोग योजना अनुसार भूमिको प्रयोग | हेक्टर | | | |
| भूमिको अद्यावधिक विद्युतीय अभिलेख भएका स्थानीय तहको सङ्ख्यामा वृद्धि | | | | |
| भूमिको वैज्ञानिक नक्साङ्कन गरी विद्युतीय अभिलेख व्यवस्थापन र जग्गा खरिदबिक्री सूचना प्रणाली स्थापना भएका भूमि व्यवस्था कार्यालयको सङ्ख्यामा वृद्धि | | | | |

| प्रतिफल तह | | | | |
|---|---|---|---|---|
| भूउपयोग योजना कार्यान्वयन गर्ने स्थानीय तह | सङ्ख्या | | | |
| कृषियोग्य भूमिको क्षेत्रफल | हेक्टर | २५२५६३९ | | |
| कृषियोग्य भूमिमध्ये बाँझो जमिनको अंश | प्रतिशत | ९.२६ | ३.२ | |
| कृषियोग्य भूमिको क्षयीकरण (भूक्षय, घडेरीकरण, गैरकृषि कार्यमा प्रयोग आदि) | प्रतिशत | | | |
| संरक्षित कृषि भूमि | हेक्टर | | | |
| भूमिको वैज्ञानिक नक्साङ्कन गरी विद्युतीय अभिलेख व्यवस्थापन र जग्गा खरिद विक्री सूचना प्रणाली स्थापना भएका भूमि व्यवस्था कार्यालय (नापी र मालपोत) | सङ्ख्या | | | |
| ऐतिहासिक मठ, मन्दिर तथा सम्पदासँग सम्बन्धित गुठीको संरक्षण, संवर्द्धन र विकास | प्रतिशत | | | |
| विद्युतीय नाप नक्सा तयार भएका स्थानीय तह | सङ्ख्या | | | |
| भू-सूचना प्रणालीको स्थापना भएका नापी तथा मालपोत कार्यालयहरू | सङ्ख्या | | | |
| सूचना प्रणाली मार्फत जग्गा खरिद विक्री कारोबार सञ्चालन भएका नापी तथा मालपोत कार्यालयहरू | सङ्ख्या | | | |
| विद्युतीय अभिलेखमा समेटिएका गुठीहरू | सङ्ख्या | | | |
| गुठी सम्पत्तिको संरक्षण र व्यवस्थापनका लागि स्थानीय तहसँग सहकार्य | सङ्ख्या | | | |
| भूउपयोग योजना कार्यान्वयन गर्ने स्थानीय तह | सङ्ख्या | | ३५ | |

## ३.२.३ समस्या तथा सुझावहरू

### क. समस्याहरू

कृषिसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, माहामारी नियन्त्रण, औद्योगीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण, प्रयोगशाला व्यवस्थापन र नियमन, अनुसन्धान तथा विकास, गुणस्तर निर्धारण, प्रवर्धन र नियम, खाद्य सुरक्षा, बिमा, बजार व्यवस्थापन जस्ता प्रदेश सरकारका अधिकारका विषयमा मात्र केन्द्रित भएर कार्यक्रम तर्जुमा हुनु पर्नेमा सो नहुनु, स्रोत साधनको आकलन नगरी कार्यान्वयनमै ल्याउन नसकिने नीति र महत्वाकाँक्षी लक्ष्य तोकिनु, स्थानीय तह, कृषक समूह तथा कृषिसँग सम्बन्धित सङ्घसंस्थासँगको सहकार्य कमजोर हुनु, आधार तथ्याङ्कनै उपलब्ध नभएका सूचकहरू राखिनु, अनुगमन तथा नियमनको प्रभावकारी व्यवस्था नहुनु, प्रगति अद्यावधिक हुन नसक्नु आदि यस उपक्षेत्रमा देखिएका प्रमुख समस्या हुन् ।

### ख. सुझावहरू

खेतीको समयमा स्थानीय तहहरूसँग समन्वय गरी प्रदेशलाई आवश्यक पर्ने मल बिउ लगायतका कृषि सामग्रीको पर्याप्त व्यवस्था गरी मागको आधारमा स्थानीय तहहरूलाई समयमै आपूर्तिको व्यवस्था मिलाई अभाव हुन नदिने, कृषि तथा खाद्य सुरक्षासम्बन्धी नपुग नीति तथा कानुनको तर्जुमा गरी कार्यान्वयन गर्ने,

कृषि तथा मासुजन्य उत्पादनमा यान्त्रीकरण, व्यवसायीकरण र बजारीकरणमा कृषकहरूलाई प्रोत्साहन गर्ने, प्रदेशको कृषि तथा पशुपक्षी मन्त्रालय र मातहतका निकायको संस्थागत क्षमता अभिवृद्धि गर्ने, अनुगमनलाई नियमित एवम् प्रभावकारी बनाई संस्थागत गर्ने, स्थानीय तहमा कार्यरत कृषि जनशक्तिलाई मागको आधारमा क्षमता अभिवृद्धि गर्ने आदि नतिजा देखिने थोरै कुरामा ध्यान केन्द्रित गरी कार्यक्रम तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

## ३.३ उद्योग

### ३.३.१ पृष्ठभूमि

औद्योगिक विकास प्रदेशको आर्थिक वृद्धि एवम् आय र रोजगारीको प्रमुख माध्यम हो भने आर्थिक विकासको परिसूचक पनि हो । उद्योगसम्बन्धी नीति, कानुन, योजना, मापदण्ड कार्यान्वयन र नियमन, औद्योगिक व्यवसाय प्रवर्धन र नियमन, उद्योग दर्ता, अनुमति, नवीकरण खारेजी र नियमन, प्रदेशस्तरको औद्योगिक र विशेष आर्थिक क्षेत्रको विकास र विस्तार, औद्योगिक पूर्वाधार निर्माण, औद्योगिक विकास र प्रवर्धन तथा नियमन एवम् औद्योगिक वस्तुको निर्यात प्रवर्धन जस्ता विषयहरू प्रदेशको कार्य जिम्मेवारीमा परेका छन् ।

आवधिक योजनाले "औद्योगिक उत्पादनको अभिवृद्धि, प्रदेशको समृद्धि" भन्ने दीर्घकालीन सोचका साथ औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा कृषिको औद्योगिकीकरण, औद्योगिक रोजगारीको सिर्जना, निर्यात प्रवर्धन र आयात प्रतिस्थापनमा सहयोग पुगी समृद्धिको आधार तयार गर्ने लक्ष्य राखेको देखिन्छ । त्यस्तै उपलब्ध स्रोत, सिप र क्षमतामा आधारित उद्योगहरूको प्रवर्धनद्वारा प्रादेशिक गार्हस्थ उत्पादनमा औद्योगिक क्षेत्रको योगदान बढाउने, उद्योगको प्रवर्धनद्वारा व्यापार घाटा, वेरोजगारी र गरिबी न्यूनीकरण गर्ने र समग्र उद्योग क्षेत्रलाई वातावरणमैत्री बनाई मानव स्वास्थ्य, सांस्कृतिक सम्पदा र प्राकृतिक स्रोतहरूको संरक्षण गर्ने उद्देश्य राखेको छ । यी लक्ष्य र उद्देश्य प्राप्त गर्न विभिन्न नीति र कार्यक्रम तर्जुमा गरिएका छन् ।

### ३.३.२ उपलब्धि विश्लेषण

उद्योग उपक्षेत्रमा योजना अवधिको पहिलो तीन वर्षमा प्राप्त उपलब्धिलाई नीतिगत र परिमाणात्मक गरी दुई भागमा विश्लेषण गरिएको छ ।

#### ३.३.२.१ नीतिगत उपलब्धि

आवधिक योजनाले यस उपक्षेत्रमा ४ ओटा रणनीति र २४ ओटा कार्यनीति निर्धारण गरेको छ । औद्योगिक लगानीका निम्ति अनुकूल वातावरण तयार गर्ने रणनीतिअन्तर्गत आठ ओटा कार्यनीतिहरू निर्धारण गरिएको छ । जसअनुसार लगानी मैत्री प्रादेशिक औद्योगिक नीति, कानुन आदि तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यनीतिलाई कार्यान्वयन गर्न प्रदेश औद्योगिक व्यवसायक ऐन तर्जुमा गरी

कार्यान्वयनमा ल्याइएको छ । उद्योग स्थापनाका निम्ति आवश्यक पर्ने जमिन प्राप्त गर्न तथा पूर्वाधार विकासमा लगानीकर्तालाई सहयोग गर्ने कार्यनीतिलाई सम्बोधन गर्न उद्योग ग्राम तथा औद्योगिक क्षेत्रको स्थापना तथा विकासको कार्य अगाडि बढीरहेको भए पनि पूर्ण रूपमा अझै कार्यान्वयनमा आईसकेको छैन।

श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापन हुने लगानीलाई प्राथमिकता दिने कार्यनीतिको सम्बोधनका लागि नियमित रूपमा प्रविधि हस्तान्तरण कार्यक्रम गरी आंशिक सम्बोधन गरिएको देखिन्छ । झन्झटमुक्त उद्योग दर्ता अनुमति, नवीकरण, खारेजी प्रक्रियाको कानुनी सुनिश्चितता गर्ने कार्यनीतिलाई सम्बोधन गर्न अनलाइन सफ्टवेयर सञ्चालनको चरणमा रहेको र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुँजी लगानीका लागि प्रदेश लगानी बोर्ड गठन गर्ने कार्यनीतिको सम्बोधन गर्न प्रदेश औद्योगिक व्यवसाय ऐनमा उद्योग तथा लगानी प्रवर्धन समितिको व्यवस्था गरिएको छ । उद्योग विकास तथा लगानी प्रवर्धन कोषको स्थापना गर्ने, प्रत्येक स्थानीय तहमा सम्भाव्यताको आधारमा प्राविधिक महाविद्यालय स्थापनामा जोड दिई उत्पादित जनशक्तिलाई स्वरोजगार सिर्जनामा सहयोग गर्ने र नवप्रवर्तनलाई बढावा दिन बिजनेस इन्क्युबेसन सेन्टर र भेन्चर क्यापिटलको प्रवर्धन गर्ने कार्यनीतिहरू भने कार्यान्वयनमै आएका छैनन् ।

स्थानीय स्रोत, साधन, परम्परागत सिप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकासलाई प्राथमिकता दिने रणनीतिअन्तर्गत आठ ओटा कार्यनीति रहेका छन् । कृषि तथा गैरकाष्ठजन्य प्रशोधन उद्योगलाई प्राथमिकता दिने कार्यनीतिअन्तर्गत नियमित रूपमा प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको लागि मूल्याङ्कनमा प्राथमिकता दिई आंशिक सम्बोधन गर्ने प्रयास गरिएको छ । बहुमूल्य जडीबुटीबाट अधिकतम फाइदा लिन जडीबुटी प्रशोधन तथा जडीबुटीमा आधारित औषधिजन्य वस्तुको उत्पादन र निकासीमा विशेष जोड दिने, सहकारीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगलाई प्रोत्साहन दिने, कम्तीका एक चरणको प्रशोधनपछि मात्र कृषि र वनजन्य वस्तुहरूको निकासी गर्न प्रोत्साहित गर्ने, बन्द भएका खनिज उद्योगहरूलाई सञ्चालनमा ल्याउने व्यवस्था मिलाउनुका साथै सम्भाव्य खानीजन्य वस्तुहरूको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रमहरू अघि बढाउने, रैथाने बाली, जडीबुटी, उच्च मूल्यका फलफूल तथा काष्ठकला र हस्तकलाका सामानहरूको उत्पादनलाई प्रोत्साहित गर्ने, कृषि उद्योगबाट उत्पादित वस्तुको गुणस्तर प्रमाणीकरणका लागि एक्रुडिटेड प्रयोगशालाहरूको सहजता तथा ब्रान्डिङ र ट्रेडमार्कहरू लिन सहज हुने व्यवस्था मिलाउने कार्यनीतिहरू भने कार्यान्वयनमै आएका छैनन् ।

उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार विकासमा जोड दिने रणनीतिअन्तर्गत व्यवस्थित पूर्वाधार र आधुनिक सुविधासहितको औद्योगिक पार्क र औद्योगिक ग्रामहरूको निर्माण गर्ने, निजी क्षेत्रलाई प्रोत्साहन गर्न उद्योग क्षेत्रमा पहुँचमार्ग, विद्युत् लाइन र सञ्चार सञ्जालको विस्तार गर्ने, सम्भाव्यताको आधारमा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रहरूको विकास गर्ने र औद्योगिक उत्पादनको गुणस्तर वृद्धि गर्न

गुणस्तर परीक्षण क्षमता वृद्धि गर्ने समेत गरी चार ओटा कार्यनीति रहेकोमा उद्योगग्राम तथा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्य सुरु भएको छ भने अन्य कार्यनीति कार्यान्वयनमै आएका छैनन् ।

समग्र उद्योग क्षेत्रलाई वातावरणमैत्री बनाउने रणनीतिअन्तर्गत औद्योगिक प्रदूषण नियन्त्रण तथा न्यूनीकरणका प्रविधिहरूको अवलम्बन गर्न प्रोत्साहित गर्ने, काठमाडौं उपत्यकाभित्र रहेका छाला, प्लास्टिक, रासायनिक, र ईंटा लगायत अन्य वातावरण प्रदूषण गर्ने उद्योगहरूलाई विकल्पसहित स्थानान्तरण गर्ने, नदीजन्य सामग्रीहरूको दोहन गर्ने र वातावरणमा असर पुऱ्याउन सक्ने क्रसर उद्योगहरूको नियमन गर्न आवश्यक मापदण्ड बनाउने र वातावरण प्रदूषण गर्ने उद्योगहरूबाट निस्कने फोहरहरूको विसर्जनपूर्व अनिवार्य प्रशोधन गर्नुपर्ने नीतिको प्रभावकारी कार्यान्वयन गर्ने कार्यनीति रहेकोमा कुनै पनि कार्यान्वयनमा आएका छैनन् ।

यसरी हेर्दा चारै ओटा रणनीतिहरूमध्ये कुनै पूर्ण रूपमा कार्यान्वयन नभएको र कुनैमा आंशिक कार्यान्वयन भएको अवस्था देखिन्छ । चार ओटा रणनीतिअन्तर्गत २४ कार्यनीति रहेकोमा १५ ओटा कार्यान्वयनमै नआएको पाँच ओटा कार्यनीतिको आंशिक रूपमा कार्यान्वयन भएको देखिन्छ । उद्योग उपक्षेत्रका नीतिगत उपलब्धिसम्बन्धी विवरण *अनुसूची ४* मा दिइएको छ ।

### ३.३.२.२ परिमाणात्मक उपलब्धि

आवधिक योजनाले उद्योग र खानी तथा उत्खनन उपक्षेत्रमा निर्धारण गरेका नतिजा सूचक, तिनको आधार तथ्याङ्क, २०७८/७९ सम्मको लक्ष्य र उपलब्धिबारे क्रमशः तलका तालिकाहरूमा विश्लेषण गरिएको छ । उद्योगतर्फ कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदानलाई प्रभावस्तरको नतिजाको रूपमा लिई यसको योगदान आधार वर्ष २०७५/७६ को ५.५ प्रतिशतबाट बढाई २०७८/७९मा ५.८ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा ५.५ मा नै स्थिर रहेको अर्थात् शून्य उपलब्धि रहेको छ । औद्योगिक लगानी वृद्धिदर, औद्योगिक उत्पादन र उत्पादनमूलक उद्योग क्षेत्रको रोजगारीलाई असर तहको सूचकको रूपमा निर्धारण गरी सोको लक्ष्य क्रमशः ८.० प्रतिशत, ८६९९ करोड र १५००,००० जना राखिएको छ । त्यस्तै प्रतिफल तहका १६ ओटा सूचक निर्धारण गरी १३ ओटाको आधार तथ्याङ्कसहित लक्ष्य निर्धारण गरिएकोमा एउटा सूचक उद्योग दर्ता आधार वर्ष २०७५/७६ को तुलनामा २०७८/७९ मा ४७.५५ प्रतिशत वृद्धि गरी १७०४८० ओटा पुऱ्याउने लक्ष्य राखिएकोमा ३४.३ अर्थात् लक्ष्यको करिब ७२ प्रतिशतले मात्र वृद्धि भएको छ भने अन्य सूचकको प्रगति प्राप्त भएको छैन ।

त्यसैगरी खानी तथा उखननतर्फ गार्हस्थ उत्पादनमा खानी तथा उत्खनन क्षेत्रको योगदानलाई प्रभाव तहको नतिजाको रूपमा लिई आधार वर्ष २०७५/७६ को ०.६ प्रतिशतलाई २०७८/७९ सम्म पनि स्थिर राख्ने लक्ष्य लिइएकोमा ०.६६ पुगि १० प्रतिशतले वृद्धि भएको छ । खानीजन्य उत्पादनको वृद्धिदरलाई असर तहको सूचकको रूपमा लिइएको भए पनि यसको आधार तथ्याङ्क र लक्ष्य दुबै निर्धारण गरिएको छैन । प्रतिफल तहका चार ओटा सूचक निर्धारण गरी दुईओटाको आधार

तथ्याङ्कसहित लक्ष्य निर्धारण गरिएको छ भने दुइटा सूचकहरूमा आधार तथ्याङ्क नभएको र लक्ष्य निर्धारण समेत गरिएको छैन ।

समष्टिमा हेर्दा उद्योग र खानी उत्खनन् क्षेत्रका २६ ओटा सूचकमध्ये तीन ओटाको अर्थात् ११.५ प्रतिशत सूचकको मात्र उपलब्धि प्राप्त भएको देखिन्छ । प्राप्त भएका सूचकको प्रगति पनि आशाप्रद छैन। यस उपक्षेत्रको नतिजा सूचक र त्यसका लक्ष्य तथा उपलब्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १८: उद्योगसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योग क्षेत्रको योगदान | प्रतिशत | ५.५ | ५.८ | ५.५ |
| **असर तह** | | | | |
| औद्योगिक लगानी वृद्धिदर | प्रतिशत | ५ | ८.० | |
| औद्योगिक उत्पादन | रू .करोडमा | ६११० | ८६९९ | |
| उत्पादनमूलक उद्योग क्षेत्रको रोजगारी (औपचारिक र अनौपचारिक) | सङ्ख्या हजारमा | १०७२ | १५०० | |
| **प्रतिफल तह** | | | | |
| उद्योग दर्ता | सङ्ख्या | ११५५३७ | १७०४८० | १५५१७९ |
| ठुला उद्योग | सङ्ख्या | | | |
| मझौला उद्योग | सङ्ख्या | ४५२ | ४८० | |
| घरेलु तथा साना उद्योग | सङ्ख्या | ११५०८५ | १७०००० | |
| लघु उद्यमीको स्तरोन्नति | सङ्ख्या | ५००० | १०००० | |
| लघु उद्यमी सिर्जना | सङ्ख्या | ३०००० | ३६००० | |
| औद्योगिक क्षेत्र स्थापना र सञ्चालन (जम्मा) | सङ्ख्या | ४ | ६ | |
| स्थापना भएका औद्योगिक ग्राम (जम्मा) | सङ्ख्या | ० | १५ | |
| डिजिटलाईज्ड प्रणालीबाट उद्योग दर्ता गर्ने उद्योग कार्यालय | सङ्ख्या | ० | १३ | |
| बैंक वा वित्तीय संस्थाबाट कर्जा सुविधा लिएका साना तथा घरेलु उद्योग | प्रतिशत | | | |
| वैदेशिक लगानीका लागि स्वीकृति प्राप्त उद्योग | सङ्ख्या | | | |
| औद्योगिक प्रतिष्ठान | सङ्ख्या | ३२७५५ | ३४००० | |
| औद्योगिक प्रतिष्ठानमा संलग्न जनशक्ति | जना हजार | १६११९५ | १७०००० | |
| कुल आर्थिक प्रतिष्ठान मध्ये औद्योगिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ११.६ | १२.२० | |
| प्रतिष्ठानमा संलग्न कुल जनशक्ति मध्ये औद्योगिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | १३.२ | १४.४ | |
| कुल औद्योगिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ४४.४ | ७७.७६ | |

तालिका १९: खानी तथा उत्खनन्सम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| गार्हस्थ्य उत्पादनमा खानी तथा उत्खनन क्षेत्रको योगदान | प्रतिशत | ०.६ | ०.६ | ०.६६ |
| **असर तह** | | | | |
| खानीजन्य उत्पादनको वृद्धि दर | प्रतिशत | | | |
| **प्रतिफल तह** | | | | |
| खनिज अन्वेषण र उत्खननसम्बन्धी प्रतिष्ठान | सङ्ख्या | २६९ | ३२९ | |
| खानी क्षेत्रको पहिचान | सङ्ख्या | | | |
| खानी क्षेत्रमा कार्यरत जनशक्ति रोज)गा(री | जना | ३७७४ | ४६.१४ | |
| खानी उत्खनन् | सङ्ख्या | | | |

## ३.३.३ समस्या र सुझाव

### क. समस्याहरू

अधिकांश नीतिहरू कार्यान्वयनमै नआउनु, प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय भर्खर मात्र गठन भएकोले साङ्गठनिक संरचना कमजोर हुनु, कोरोना लगायत विभिन्न कारणले नीति तथा कार्यक्रम कार्यान्वयन नहुँदा अधिकांश सूचकको उपलब्धि प्राप्त नहुनु र कतिपय नतिजा सूचकहरूको आधार तथ्याङ्क, लक्ष्यसमेत नहुनु, औद्योगिक पूर्वाधार कमजोर हुनु, निजीक्षेत्रको आकर्षण बढ्न नसक्नु, प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिल्याउन नसक्नु आदि यस उपक्षेत्रका प्रमुख समस्याको रूपमा देखिएका छन् ।

### ख. सुझावहरू

आवधिक योजनाले निर्धारण गरेका नीतिहरूको पुनरावलोकन गरी योजनाको बाँकी समयमा कार्यान्वयन गर्न सकिने नीतिलाई मात्र निरन्तरता दिई कार्यान्वयन गर्ने, प्रदेश उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको साङ्गठनिक संरचना सुदृढ गर्ने र नतिजाप्रति जिम्मेवार बनाउन आवश्यक छ । यसको अनुगमन तथा मूल्याङ्कन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने, औद्योगिक पूर्वाधारको विकास गर्ने, कोरोनाले जोखिममा पुगेका उद्योगहरूलाई पुनरुत्थान गर्ने, प्रदेशका प्रतिस्पर्धात्मक क्षमता बढी भएका उद्योगहरूको पहिचान र औद्योगिक विकासको लागि अनुसन्धान र विकासमा जोड दिने, लगानीमैत्री नीति, कानुनहरूको तर्जुमा गरी कार्यान्वयन गर्ने, स्थानीय तहको समन्वयमा स्थानीय कच्चा पदार्थमा आधारित आय र रोजगारमूलक लघु, साना तथा घरेलु उद्योगहरूलाई प्रोत्साहन दिने आदि विषयमा पनि जोड दिन जरुरी देखिन्छ ।

## ३.४ वाणिज्य तथा आपूर्ति

### ३.४.१ पृष्ठभूमि

वाणिज्य तथा आपूर्ति प्रदेश अर्थतन्त्रको महत्त्वपूर्ण उपक्षेत्र हो । यसले अर्थतन्त्रलाई गतिशील बनाउनुका साथै आय, रोजगारी र गार्हस्थ उत्पादनमा महत्त्वपूर्ण योगदान गर्दछ । कार्यजिम्मेवारीअनुसार प्रदेशको कार्यक्षेत्रमा वाणिज्य तथा आपूर्तिसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, व्यापार प्रवर्धन, पूर्वाधार निर्माण, सञ्चालन, सहयोग, सहजीकरण, समन्वय र नियमन, सिन्डिकेट, कार्टेलिङ नियन्त्रण र प्रतिस्पर्धासम्बन्धी नीति तथा कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, वस्तु, सेवा र बौद्धिक सम्पत्तिसम्बन्धी व्यापार, व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन, बजार अनुगमन, कालोबजारी नियन्त्रण, उपभोक्ता हित संरक्षण, गुणस्तर परीक्षण र नियमन, अत्यावश्यक सेवा र वस्तु आपूर्ति व्यवस्था र नियमन, उपभोक्ता अदालत गठन र सञ्चालन आदि कार्यहरू पर्दछन् ।

प्रदेशको आवधिक योजनाले यस उपक्षेत्रका लागि "वाणिज्य क्षेत्रको विस्तार र सहज आपूर्ति" भन्ने दीर्घकालीन सोच निर्धारण गरेको छ । योजनाले प्रदेशको व्यापार प्रवर्धन तथा आपूर्ति व्यवस्था सुदृढ गर्ने लक्ष्य राखेको छ भने प्रादेशिक बजार केन्द्रहरूको सुव्यवस्था मार्फत अत्यावश्यक वस्तुहरूको आन्तरिक आपूर्ति प्रणालीलाई सुदृढ बनाई स्वच्छ, स्वस्थ उपभोग्य वस्तुहरू उपलब्ध गराउने र स्थानीय कच्चा पदार्थ स्रोत, साधन र सिपमा आधारित उत्पादन र निकासी प्रवर्धन गर्ने उद्देश्य राखेको छ । उल्लिखित सोच लक्ष्य, उद्देश्य प्राप्त गर्न विभिन्न नीति र कार्यक्रम तर्जुमा गरिएका छन् ।

### ३.४.२ उपलब्धि विश्लेषण

#### ३.४.२.१ नीतिगत उपलब्धि

आवधिक योजनाले यस उपक्षेत्रमा स्वच्छ र स्वस्थ अत्यावश्यक उपभोग्य वस्तुहरूको सुलभ आपूर्ति र वितरण प्रणालीको विकास गर्ने र निर्यात हुने वस्तु तथा सेवाको उत्पादन वृद्धि हुने वातावरण तयार गर्ने रणनीति निर्धारण गरी सोअन्तर्गत १० ओटा कार्यनीतिहरू तय गरेको छ ।

स्वच्छ र स्वस्थ अत्यावश्यक उपभोग्य वस्तुहरूको सुलभ आपूर्ति र वितरण प्रणालीको विकास गर्ने रणनीतिअन्तर्गत ८ ओटा कार्यनीति निर्धारण गरिएकोमा व्यापार/वाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन गर्ने कार्यनीति सम्बोधनका लागि प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन २०७६ र प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । उत्पादित वस्तुहरूमा मापदण्ड अनुसारको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण प्रयोगशालाहरूको विकास गर्ने कार्यनीति भने कार्यान्वयनमै आएको छैन । कृषि वस्तुको समर्थन मूल्य, गोदाम घर, शीत भण्डार, प्रादेशिक बफरस्टकको व्यवस्था गर्ने कार्यनीतिअन्तर्गत कृषि वस्तुको समर्थन मूल्य तोकी आंशिक कार्यान्वयन गरिएको अवस्था छ ।

प्रमुख सहरी केन्द्रमा कृषि वस्तु सङ्कलन केन्द्र र विक्री केन्द्र विस्तार गर्न सहयोग गर्ने र कृषिजन्य वस्तुहरू बजारमा पुऱ्याउनु अघि कृषिको पकेट क्षेत्र र बजार केन्द्रहरूमा विषादी परीक्षण गर्ने कार्यनीति कार्यान्वयन नै भएको छैन । बजारको सहज पहुँच नभएका क्षेत्रमा सहकारीको माध्यमबाट सुपथ मूल्यका पसलहरू सञ्चालन गर्ने र आन्तरिक आपूर्ति प्रणालीमा कालोबजारी, कार्टेलिङ, सिन्डिकेट र बिचौलियाको नियन्त्रण गर्ने कार्यनीतिअन्तर्गत एउटा सुपथ मूल्यको पसल स्थापना भएको र समय समयमा बजार अनुगमन, उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । आपूर्तिमा आइपर्ने अवरोध घटाउन निजी क्षेत्रसँग सहकार्य गर्ने कार्यनीतिमा खासै प्रगति हुन सकेको छैन ।

निर्यात हुने वस्तु तथा सेवाको उत्पादन वृद्धि हुने वातावरण तयार गर्ने रणनीतिअन्तर्गत निर्यातजन्य वस्तुहरूको पहिचान र विकास गर्न निजी तथा सहकारी संस्थाहरूलाई सहयोग गर्ने र निर्यात प्रवर्धनका लागि उत्पादन क्षेत्रदेखि निकासी विन्दुसम्मको आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यनीति समेत कार्यान्वयनमा आउन सकेका छैनन् । यस उपक्षेत्रको नीतिगत प्रगतिसम्बन्धी विवरण *अनुसूची ५* मा समावेश गरिएको छ ।

### ३.४.२.२ परिमाणात्मक उपलब्धि

यस उपक्षेत्रको नतिजा खाकाअनुसार कुल गार्हस्थ उत्पादनमा वाणिज्य क्षेत्रको योगदान आधार वर्ष २०७८/७९ को २२ प्रतिशतबाट २०७८/७९ सम्म २२.७ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा सोसम्बन्धी प्रगति विवरण उपलब्ध हुन सकेको छैन । असर तहको नतिजा सूचकमा व्यापारिक गतिविधि विस्तार र थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर गरी दुई ओटा सूचक निर्धारण गरिएकोमा व्यापारिक गतिविधि विस्तारमा कुनै तथ्याङ्क उल्लेख भएको छैन भने थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर आधार वर्षको ७.३ प्रतिशतबाट १३ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा प्रगति विवरण उपलब्ध हुन सकेको छैन । प्रतिफल तहका नतिजा सूचकहरू ८ ओटा उल्लेख भएकोमध्ये दुई ओटाको आधार तथ्याङ्क नै छैन भने एउटाको आधार तथ्याङ्क छ तर लक्ष्य प्रगति केही छैन । आधार तथ्याङ्क र लक्ष्यसमेत भएकामध्ये बजार अनुगमनको प्रगति शतप्रतिशतभन्दा पनि बढी भएको छ भने अन्य सूचकको प्रगति उल्लेख छैन ।

समष्टिमा ११ ओटा सूचकमा दुई ओटा सूचकको मात्र प्रगति उपलब्ध छ । प्रगति प्राप्त भएकोमा पनि एउटामा आंशिक उपलब्धि भएको देखिन्छ भने अनुगमनमा लक्ष्यभन्दा बढी प्रगति भएको छ । तर उपभोक्ता सन्तुष्टि सूचकाङ्क, कालोबजारी नियन्त्रण, कार्टेलिङ, उपपभोक्ता ठगी नियन्त्रण आदिको तथ्याङ्क प्राप्त नभएको कारण अनुगमन प्रभावकारी हुन सकेको देखिएन । वाणिज्य तथा आपूर्ति उपक्षेत्रको लक्ष्य तथा प्रगति अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २०: वाणिज्य तथा आपूर्ति उपक्षेत्रको परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा वाणिज्य (थोक तथा खुद्रा व्यापार) क्षेत्रको योगदान | प्रतिशत | २२ | २२.७२ | |
| **असर तह** | | | | |
| व्यापारिक गतिविधि विस्तार | रुपैया करोड | | | |
| थोक तथा खुद्रा व्यापार क्षेत्रको वृद्धिदर | प्रतिशत | ७.३ | १३.० | |
| **प्रतिफल** | | | | |
| उपभोक्ता सन्तुष्टी सूचकाङ्क | सूचकाङ्क | | | |
| व्यापारिक संस्था | सङ्ख्या | १४४४४८ | १९२२६० | |
| व्यापारिक संस्थामा संलग्न व्यक्ति | सङ्ख्या | ३२५२९२ | ४३२९६४ | |
| अन्तर्राष्ट्रिय व्यापारिक नाका | सङ्ख्या | ३ | | |
| सहकारी-सूपथ मूल्यका पसल स्थापना | सङ्ख्या | | | १ |
| बजार अनुगमन | पटक | ६० | १५६ | १८९ |
| कुल आर्थिक प्रतिष्ठान मध्ये व्यापारिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५१.१ | ५१.१ | |
| कुल व्यापारिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ४७ | ७८.८ | |

## ३.४.३ समस्या र सुझावहरू

### क. समस्याहरू

वाणिज्य तथा आपूर्ति मन्त्रालय नयाँ स्थापना भएकोले संस्थागत संरचना तथा पूर्वाधार कमजोर हुनु, प्रदेश सरकारका प्रमुख जिम्मेवारीमा रहेको नीति तथा कानुन तर्जुमा, बजार अनुगमन तथा नियमन, बजार प्रवर्धन, वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन तथा नियमन, कालोबजारी नियन्त्रण, उपभोक्ता हित संरक्षण, बजार व्यवस्थापन आदि विषयमा अपेक्षित कार्य गर्न नसक्नु आदि यस उपक्षेत्रका प्रमुख समस्या हुन् ।

### ख. सुझावहरू

बजारको प्रभावकारी अनुगमन र नियमन गरी उपभोक्ताको हित संरक्षण गर्नु, वाणिज्य तथा आपूर्तिसम्बन्धी नपुग भएका नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन गर्न जरूरी देखिन्छ ।

## ३.५ पर्यटन

### ३.५.१ पृष्ठभूमि

विदेशी पर्यटकको निमित्त प्रवेशद्वारको रूपमा रहेको यो प्रदेश पर्यटकीय महत्त्वको दृष्टिले पनि अग्रणी स्थानमा रहेको छ । प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, ट्राभल तथा ट्रेकिङ एजेन्सी दर्ता अनुमति र नवीकरण, प्रादेशिक पर्यटनको प्रवर्धन, प्रादेशिक पर्यटकीय पूर्वाधारको विकास, पर्यटक प्रहरी व्यवस्थापन, पर्यटकीय होटेल, रिसोर्ट, लज, ट्राभल गाइड, ऱ्याफ्टिङ आदिको प्रवर्धन, दर्ता, अनुमति, नवीकरण र नियमन आदि कार्यहरू प्रदेश सरकारको कार्यजिम्मेवारीमा पर्दछन् ।

आवधिक योजनाले "पर्यटन आयमा वृद्धि; रोजगारी र समृद्धि" भन्ने दीर्घकालीन सोच राखेको छ भने पर्यटन सेवा र गन्तव्यको विविधीकरण गर्ने लक्ष्य निर्धारण गरेको छ । योजनाले आन्तरिक, वाह्य तथा छिमेकी मुलुकका पर्यटकहरू आकर्षित गर्ने र बसाइ लम्ब्याउने एवम् पर्यटकीय वस्तु तथा सेवाको विकास, विस्तार र विविधीकरण गर्दै रोजगारी र आय आर्जनको भरपर्दो र दीगो स्रोत बनाउने उद्देश्य राखेको छ ।

### ३.५.२ उपलब्धि विश्लेषण

#### ३.५.२.१ नीतिगत उपलब्धि

योजनाले निर्धारित गरेका लक्ष्य तथा उद्देश्य प्राप्त गर्न पर्यटनतर्फ नयाँ पर्यटन गन्तव्यहरूको पहिचान र विकास गर्ने, उच्च मूल्यको गुणस्तरीय पर्यटनको प्रवर्धन गर्ने, पर्यटन क्षेत्रको विकासको लागि स्थानीय तह, निजीक्षेत्र र समुदायसँग सहकार्य गर्ने र पर्यटन सूचना, यातायात र सेवा प्रवाहलाई गुणस्तरीय र विश्वसनीय बनाउने गरी ४ ओटा रणनीति र सोअन्तर्गत २९ ओटा कार्यनीति निर्धारण गरिएको छ ।

पर्यटनतर्फ नयाँ पर्यटन गन्तव्यहरूको पहिचान र विकास गर्ने रणनीति कार्यान्वयनका लागि नयाँ पर्यटकीय गन्तव्य पहिचान गर्ने कार्यनीतिअन्तर्गत १० ओटा पर्यटकीय नमुना गन्तव्य घोषणा गर्ने लक्ष्य रहेकोमा ९ ओटाको गुरुयोजना र DPR तयार भई कार्यान्वयनमा रहेको र सम्भाव्य हिलस्टेसनमा पूर्वाधार विकास गर्ने लक्ष्यअन्तर्गत १० ओटा हिलस्टेसन घोषणा गरी गुरुयोजना र DPR तयार गरी ४ ओटा DPR कार्यान्वयनमा रहेका छन् । यस रणनीतिअन्तर्गतका अन्य १० ओटा कार्यनीतिमध्ये जैविक कृषि तथा होमस्टेसहितको कृषि पर्यटनलाई बढावा दिने, मुख्य लोकमार्गहरूलाई सम्भाव्यताका आधारमा पर्यटन करिडोर विकास गर्ने, पर्यटन गुरु/रणनीतिक योजना बनाउने तथा पर्यटन सम्भावना भएका हिलस्टेसनमा एकीकृत विकाससहित सडक विकास गर्ने कार्यनीतीको भने कार्यान्वयन हुन सकेको छैन ।

त्यसैगरी पर्वतारोहण, पर्यापर्यटन तथा साहसिक पर्यटन र खेलकुद पर्यटन विकास गर्ने कार्यनीति रहेकोमा

केही सामुदायिक वनमा पर्यापर्यटनको पहल गरी आंशिक कार्यान्वयन सुरु गरिएको र अन्य कार्यनीतिहरूमा होमस्टे प्रवर्धन गर्नको लागि केही भौतिक सहयोग भएको, त्रिभुवन राजपथको केही ठाउँमा पर्यटन पूर्वाधार विकास भएको, दासढुङ्गामा मदन-आश्रित स्मृति पार्क र मेघौलीमा राइनो पार्क निर्माणाधीन अवस्थामा रहेको, गोञ्जला पास र गौरीशङ्कर परिपथ पदमार्गको डि.पि.आर. तयार गर्ने कार्य सम्पन्न भएको छ ।

उच्च मूल्यको गुणस्तरीय पर्यटनको प्रवर्धन गर्ने रणनीतिअन्तर्गत ४ ओटा कार्यनीति रहेकोमा प्रदेश पर्यटन ऐन तर्जुमा गर्ने, उपत्यका पर्यटन कार्यालयको स्थापना गर्नेजस्ता सामान्य काम बाहेक खासै प्रगति हुन सकेको देखिँदैन । त्यसैगरी पर्यटन क्षेत्रको विकासमा स्थानीय तह, निजीक्षेत्र र समुदायसँग सहकार्य गर्ने रणनीतिअन्तर्गत ६ ओटा कार्यनीति निर्धारण भएकोमा स्थानीय तहको भूमिका बढाउने गरी पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा कार्यको सुरुआत भएको र केही पदमार्गको डिपिआर तयार गर्ने कार्य बाहेक अन्य खासै उपलब्धि हुन सकेको छैन ।

पर्यटक सूचना र यातायात सेवा प्रवाहलाई गुणस्तरीय र विश्वसनीय बनाउने रणनीतिअन्तर्गत ७ ओटा कार्यनीति रहेकोमा केही पर्यटकीय गन्तव्यहरूको सूचनामूलक श्रव्यदृश्य सामग्री तयार गरी प्रसारण गर्ने, टेबल बुक, ब्रोसियर, पम्पलेटजस्ता प्रचार सामग्री तयार गर्ने, चित्लाङ, ककनी जस्ता हिलस्टेसनमा पूर्वाधार विकासको थालनी गर्नेजस्ता कार्यहरू भएका छन् । यसका ७ ओटा कार्यनीतिमध्ये तीन ओटामा कुनै उपलब्धि हासिल हुन सकेको छैन । पर्यटन उपक्षेत्रअन्तर्गतका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थासम्बन्धी विवरण *अनुसूची* ६ मा दिइएको छ ।

### ३.५.२.२ परिमाणात्मक उपलब्धि

पर्यटन क्षेत्रमा प्रभाव तहको सूचकमा कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान आधार वर्ष ०७५/७६ को २.०५ प्रतिशतबाट ०७७/७८ मा ४.० प्रतिशत पुऱ्याउने र असर तहको नतिजा सूचकमा पर्यटन आय आधार वर्षको ९.९ प्रतिशतबाट १७.० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएकोमा प्रगति प्राप्त हुन सकेको छैन । प्रतिफल तहको सूचकको प्रगति स्थिति हेर्दा २९ ओटा सूचकमध्ये ११ ओटाको आधार तथ्याङ्क, लक्ष्य तथा प्रगति सबै महल खाली रहेको छ भने ११ ओटाको मात्र लक्ष्य तथा प्रगति उल्लेख छ । बाँकी सूचकको आधार तथ्याङ्क राखी लक्ष्य तोकिएको छ तर प्रगति उपलब्ध हुन सकेको छैन । प्राप्त सूचकको प्रगति हेर्दा पर्यटकीय गन्तव्य आ.व. ०७८/७९ मा आधार वर्षको तुलनामा ३० प्रतिशत वृद्धि गरी ६५ ओटा पुऱ्याउने भनेकोमा ६१ पुगेको, पर्यटन ग्राम १२ ओटा बनाउने लक्ष्य भएकोमा प्रगति शून्य रहेको छ ।

पर्यटन सूचना केन्द्रको सङ्ख्या ९२.३ प्रतिशत बढाई २५ पुऱ्याउने भनेकोमा प्रगति शून्य रहेको, ट्रेकिङ ट्रेलको सङ्ख्या ३६.४ प्रतिशत बढाई ३० ओटा पुऱ्याउने भनिएकोमा २२.७ प्रतिशतले वृद्धि भई २७ ओटा पुगेको, थिम पार्क को सङ्ख्या ११४ प्रतिशतले बढाई ३० ओटा पुऱ्याउने भनिएकोमा शतप्रतिशतले बढी २८ ओटा पुगेको, केबलकारको सङ्ख्या ६७ प्रतिशतले बढाई ५ ओटा पुऱ्याउने भनिएकोमा प्रगति शून्य रहेको, साहसिक पर्यटन गन्तव्यको सङ्ख्या ३ प्रतिशतले बढाउने भनिएकोमा प्रगति शून्य रहेको, दक्ष जनशक्ति उत्पादन ३७५ प्रतिशतले वृद्धि गरी १५००० पुऱ्याउने भनिएकोमा २५ प्रतिशतले मात्र वृद्धि भएको, हेलिप्याडको सङ्ख्या १४ प्रतिशत बढाउने भनिएकोमा २ प्रतिशतले मात्र बढेको देखिन्छ । यसरी प्रगति उल्लेख भएका ११ ओटा सूचकमा पनि पाँच ओटा सूचकको प्रगति शून्य रहेको अवस्था छ र बाँकी ६ ओटाको पनि लक्ष्यअनुसार प्रगति देखिँदैन । तर लक्षित उपलब्धि प्राप्त नभए पनि थिम पार्क निर्माणको उपलब्धि उल्लेखनीय देखिन्छ ।

समष्टिमा हेर्दा २९ ओटा सूचकमा ११ ओटा अर्थात् करिब ३८ प्रतिशतको मात्र प्रगति प्राप्त भएको देखिन्छ । लक्ष्यको तुलनामा गणना गर्दा प्राप्त प्रगतिमा पनि ५ ओटा सूचकको प्रगति शून्य छ भने दुइटाको ० देखि ५० प्रतिशतको बिचमा र तीन ओटाको ५० देखि ७५ प्रतिशतको बिचमा र एउटाको मात्र ७५ प्रतिशतभन्दा माथि देखिन्छ । यसरी हेर्दा योजना अवधिमा निर्धारित लक्ष्य प्राप्त गर्न कठिन हुने देखिन्छ । पर्यटन उपक्षेत्रअन्तर्गतका परिमाणात्मक लक्ष्य र योजनाको प्रथम तीन वर्ष अवधिमा हासिल भएका उपलब्धिहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २१: पर्यटन उपक्षेत्रको परिमाणात्मक लक्ष्य र प्रगति अवस्थाः

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/ ७९ सम्मको लक्ष्य | २०७८/ ७९ सम्मको उपलब्धि |
|---|---|---|---|---|
| **प्रभाव तह** | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | २.०५ | ४ | |
| **असर तह** | | | | |
| पर्यटन आयको वृद्धि दर | प्रतिशत | ९.९ | १७ | |
| **प्रतिफल तह** | | | | |
| पर्यटन क्षेत्रमा रोजगारी सिर्जना | सङ्ख्या हजारमा | १४५ | २३२ | |
| पर्यटकको सङ्ख्या | | | | |
| भारतीय | सङ्ख्या (हजार) | | | |
| तेस्रो मुलुक | सङ्ख्या (हजार) | | | |
| बसाइ दिन | | | | |
| भारतीय | दिन | | | |

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/ ७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| तेस्रो मुलुक | दिन | १२.४ | १४ | |
| प्रति दिन प्रति व्यक्ति खर्च | | | | |
| भारतीय | अ.डलर | | | |
| तेस्रो मुलुक | अ.डलर | ४४ | ६२ | |
| स्थानीय अर्थतन्त्र तथा अप्रत्यक्ष रोजगारीमा आबद्ध पर्यटन व्यवसाय | सङ्ख्या (हजार) | | | |
| पर्यटकीय गन्तव्य | सङ्ख्या | ५० | ६५ | ६१ |
| पर्यटन ग्राम | सङ्ख्या | | १२ | ० |
| पर्यटन सूचना केन्द्र (सामुदायिक समेत) | सङ्ख्या | १३ | २५ | १३ |
| ट्रेकिङ ट्रेल | सङ्ख्या | २२ | ३० | २७ |
| हिल स्टेसन | सङ्ख्या | | ८ | ६ |
| थिम पार्क | सङ्ख्या | १४ | ३० | २८ |
| केबल कार | सङ्ख्या | ३ | ५ | ३ |
| साहसिक पर्यटन गन्तव्य | सङ्ख्या | ७ | १० | ७ |
| दक्ष जनशक्ति उत्पादन | सङ्ख्या हजारमा | ४ | १५ | ५ |
| क्षेत्रीय तथा आन्तरिक हवाई उडान हुने एयरपोर्ट | सङ्ख्या | ५ | ५ | ५ |
| हेलिप्याड | सङ्ख्या | १०० | ११४ | १०२ |
| पर्यटन स्तरको होटल र बेड सङ्ख्या | | | | |
| तारे होटल | होटल सङ्ख्या | १२५ | १४० | |
| बेड सङ्ख्या | | | | |
| अन्य होटल | होटल सङ्ख्या | ९७७ | १२०० | |
| बेड सङ्ख्या | | | | |
| पर्यटकीय बस सेवा (रुट) | सङ्ख्या | ८ | ९ | |
| पर्यटकीय सम्पदाको संरक्षण, नवनिर्माण र स्तरोन्नति | सङ्ख्या | २० | ३५ | |
| पर्यटकीय पदमार्ग | कि.मी. | १०५ | १५० | |
| होमस्टे )सामुदायिक(निजी/ | सङ्ख्या | १०१ | ११५ | |
| कोशेली घर | सङ्ख्या | १४ | २२ | |
| होटलपर्यटन तथा अतिथि सत् का रतालिम (जम्मा) नयाँ | जना | | २०० | |
| कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | २.०५ | ४ | |

परिमाणात्मक लक्ष्यको आधारमा प्रगति हेर्दा अधिकांश प्रगति विवरण प्राप्त हुन नसकेको देखिन्छ । उपलब्ध हुन सकेका केही प्राप्त प्रगति स्थिति हेर्दा समग्रमा योजनाले राखेको लक्ष्य उद्देश्य प्राप्ति संतोषजनक देखिदैन ।

### ३.५.३ समस्या तथा सुझावहरू

**क. समस्याहरू**

गत वर्षमात्र छुट्टै मन्त्रालय गठन भएकोले यसको साङ्गठनिक पूर्वाधार कमजोर हुनु, नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान हुन नसक्नु र भएका प्रमुख गन्तव्यस्थलमा एकीकृत पूर्वाधारको विकास हुन नसक्नु, पर्यटकीय विकासमा अन्तरसरकार समन्वय र सहकार्य हुन नसक्नु, वनक्षेत्रमा निर्माण हुने पर्यटकीय पूर्वाधारहरूको समयमा जग्गा प्राप्तिमा कठिनाइ हुनु यस उपक्षेत्रका समस्याहरू हुन् । त्यसैगरी मेघौली चितवन र जिरी दोलखाका विमानस्थल सञ्चालनमा नआउनु, पर्यटन प्रवर्धनको कार्यमा यथोचित बजेट विनियोजन हुन नसक्नु, रु ५०० र रु १००० को भारतीय रुपैयाँ कारोबारमा बन्देज हुँदा धेरै सङ्ख्यामा आउने भारतीय पर्यटकको सङ्ख्यामा कमी आउनु, निजी क्षेत्रलाई पर्यटकीय पूर्वाधार निर्माण र प्रवर्धनात्मक कार्यमा आकर्षित गराउन नसकिनु, नयाँ हिमालहरू आरोहणका लागि खुला नगरिनु आदि पनि यस उपक्षेत्रको प्रगति कम हुनुमा समस्याको रूपमा रहेका छन् ।

**ख. सुझावहरू**

एकीकृत पूर्वाधारको विकास गरी नयाँ पर्यटकीय गन्तव्यको विकास गर्ने, निजीक्षेत्रलाई प्रोत्साहन गरी पर्यटन पूर्वाधार विकास गर्ने, नयाँ पर्यटकीय स्थलमा होमस्टे प्रवर्धन गर्ने तथा प्रचार प्रसार आदिमा निजीक्षेत्रको सहभागिता अनुकूलका नीतिहरू कार्यान्वयन गर्न जोड दिनुपर्ने देखिन्छ । साथै पर्यटन पूर्वाधार निर्माणमा BOOT मोडेल अपनाउने, कोरोनाबाट थलिएका पर्यटन व्यवसायलाई राहतको व्यवस्था गर्ने, पर्यटन जोखिम बिमाको व्यवस्था गर्ने, कन्फरेन्स, अध्ययन तालिम, पर्यापर्यटन, माउन्टेनरिङ, खेलकुद आदिको विकास गरी पर्यटन उपजको विकास र विस्तार गर्ने जस्ता विषयमा पनि ध्यान दिनु आवश्यक छ ।

## ३.६ सहकारी

### ३.६.१ पृष्ठभूमि

सहकारी राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण उपक्षेत्र हो । यसले प्रदेशको सामाजिक तथा आर्थिक रूपान्तरणमा उल्लेखनीय योगदान गरेको छ । सहकारी संस्थासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, प्रादेशिक सहकारी संस्था, सहकारी सङ्घ, सहकारी बैंकसम्बन्धी अनुमति, सञ्चालन र नियमन, सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी प्रादेशिक मापदण्ड र नियमन, सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत र अन्तरप्रादेशिक सङ्घ संस्थासँग समन्वय र सहकार्य, सहकारीसम्बन्धी प्रादेशिक एवम् स्थानीय तह भित्रका सङ्घ संस्थासँग समन्वय र सहकार्य,

सहकारीसम्बन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान, क्षमता अभिवृद्धि, सहकारी क्षेत्रको प्रवर्धन र परिचालन आदि कार्यहरू प्रदेश सरकारको जिम्मेवारीमा पर्दछन् ।

आवधिक योजनाले "स्थानीय पुँजी परिचालनमार्फत उत्पादन, रोजगारी र आयमा अभिवृद्धि" भन्ने दीर्घकालीन सोच राखेको छ । योजनाले स्थानीय जनताको श्रम, सिप, पुँजी तथा स्रोतलाई सामूहिक हितका लागि सङ्गठित रूपमा परिचालन गरी आर्थिक समृद्धि, सामाजिक रूपान्तरण र समन्यायिक विकासको आधारशिला तयार गर्ने भन्ने लक्ष्य राखेको छ भने सहकारीमा आधारित कृषि, उद्योग तथा सेवा व्यवसायको विस्तार गरी प्रदेशको सामाजिक आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउने र कानुनको पालना र सहकारीको सिद्धान्त र मूल्यहरूको अनुसरण बढाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने भनी दुई ओटा उद्देश्य लिएको छ र यसैमा आधारित भई नीति र कार्यक्रमहरू निर्धारण गरेको छ ।

## ३.६.२ उपलब्धि विश्लेषण

यसअन्तर्गत आवधिक योजनाका नीतिगत र परिमाणात्मक उपलब्धिहरूको विश्लेषण गरिएको छ ।

### ३.६.२.१ नीतिगत उपलब्धि

योजनामा सहकारीसम्बन्धी चार ओटा रणनीति र सोअन्तर्गत २१ ओटा कार्यनीति निर्धारण गरिएको छ। नीतिगत र संस्थागत प्रबन्ध गर्ने रणनीतिअन्तर्गत एकभन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थासम्बन्धी नीति कानुन र मापदण्ड तयार गर्ने र बचत तथा ऋण सहकारी संस्थाले कृषिलगायतका उत्पादनशील क्षेत्रमा अनिवार्य रूपमा कम्तीमा ५० प्रतिशत लगानी प्रवाह गर्नुपर्ने कार्यनीति रहेकोमा प्रदेश सहकारी ऐन २०७६ र प्रदेश सहकारी नियमावली २०७६ तर्जुमा भई कार्यान्वयनमा रहेको, सहकारी संस्था सञ्चालन मापदण्ड २०७९ तर्जुमा भई कृषि लगायतका उत्पादनशील क्षेत्रमा अनिवार्य रूपमा कम्तीमा ५० प्रतिशत लगानी प्रवाह गर्नुपर्ने व्यवस्था भई कार्यान्वयनको चरणमा रहेको छ ।

त्यसैगरी उत्पादन वितरण र सेवामूलक सहकारीलाई प्रोत्साहन गर्ने रणनीतिअन्तर्गत स्वास्थ्य, उच्च शिक्षा, पर्यटन, यातायात परिवहन, सार्वजनिक वितरण, बिमा, वातावरण संरक्षण, आवास, नवीकरणीय ऊर्जा जस्ता क्षेत्रमा सहकारीको प्रवर्धनलाई प्रोत्साहन दिने भन्ने कार्यनीति कार्यान्वयनमा आएको छैन । सङ्घीय सरकारसँग समन्वय र स्थानीय तहसँग सहजीकरण गरी सहकारी सङ्घ र महासङ्घ लगायतका निकायहरूसँग सहकार्य गर्दै सहकारीको क्षमता अभिवृद्धि र सहकारी क्षेत्रको प्रवर्धन गर्ने, कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन बजारीकरण तथा कृषि सामग्री आपूर्तिका लागि स्थापना गरिएको सहकारी उद्योग/व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुसन्धान सहयोग उपलब्ध गर्ने, पशुपालनको माध्यमबाट बायोग्यास उत्पादन गर्ने कृषि तथा दुग्ध सहकारीहरूलाई क्षमता विकास, प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराउने कार्यनीतिअन्तर्गत सहकारी व्यवस्थापन तथा लेखा व्यवस्थापन तालिम सञ्चालन

गरिएको, चालु आ.व.मा उत्पादनमूलक सहकारी संस्थाको क्षमता अभिवृद्धि तथा बजारीकरणको लागि प्रविधि तथा मेसिनरी सहयोग कार्यक्रम रहेको, शीत भण्डार र कृषि बजार निर्माण तथा सञ्चालन भएको, सहुलियतपूर्ण रूपमा कृषिकर्जाको व्यवस्था भएको तथा चिलिङ भ्याट निर्माण तथा सञ्चालन गरिएको छ।

सामूहिक कृषि उत्पादन र बजारीकरणमा सहकारीलाई प्रोत्साहन गर्ने रणनीतिअन्तर्गत सहकारीतालाई कृषि प्रसार, पूर्वाधार विकास, बजारीकरण तथा स्थानीय स्रोत परिचालनको माध्यमको रूपमा विकास गर्ने भनिएकोमा सो विषयवस्तु समेटेर प्रदेश सहकारी नीति तर्जुमाको क्रममा रहेको, जग्गा चक्लाबन्दी गरी सहकारी पद्धतिबाट व्यावसायिक  परिमाणमा खेती गर्ने कृषकहरूको सहकारीहरूलाई प्रविधि, बिमा, र कृषि सामग्रीमा अनुदान दिने र कृषि उपजका साथै गैर कृषिउपजहरूको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण गर्न सहकारी संस्थाहरूलाई प्रोत्साहित गर्ने भन्ने कार्यनीति कार्यान्वयन क्रमशः कृषकहरूको सहकारीहरूलाई प्रविधि, बिमा, र कृषि सामग्रीमा अनुदानको व्यवस्था र सहकारी संस्थाको संलग्नतामा शीत भण्डार र कृषि बजार निर्माण तथा सञ्चालनमा आवश्यकताअनुसार  साझेदारी गर्ने एवम् सहुलियतपूर्ण कृषि कर्जा दिने आदि गरिएको छ । जैविक कृषि विस्तार र विशिष्टीकरणमा प्रोत्साहन गर्ने भन्ने कार्यनीति कार्यान्वयनमै आएको छैन ।

यसैगरी सहकारी थोक बजार स्थलहरूको निर्माण तथा व्यवस्थापन गर्ने, सहकारीद्वारा कृषि वस्तुको आन्तरिक आपूर्ति व्यवस्थापनका लागि पूर्वाधार विकास गर्ने, कृषि र वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरूको सञ्चालनमा सहकारीको भूमिका अभिवृद्धि गर्ने र उत्कृष्ट सहकारीलाई पुरस्कृत गर्ने कार्यनीतिहरू क्रमशः कृषि बजारस्थलको निर्माण तथा सञ्चालन, शीत भण्डार र कृषि बजार निर्माण तथा सञ्चालनमा साझेदारी एवम् सहुलियतपूर्ण रूपमा कृषिकर्जाको व्यवस्था, कृषि र वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरूको सञ्चालनमा प्रोत्साहन र उत्कृष्ट सहकारी संस्थालाई पुरस्कारको व्यवस्था गर्दैजाने गरी कार्यान्वयन गरिएको छ ।

प्रशिक्षण अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने रणनीतिअन्तर्गत सहकारी संस्थाहरूमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनको प्रभावकारी पालना प्रभावकारी गराउने, सहकारी संस्थाहरूमा सुशासन कायम गराउने र सहकारी संस्थाहरूको एकीकृत सूचना प्रणालीको विकास गर्ने भन्ने कार्यनीतिहरूमा क्रमशः सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनको प्रशिक्षण तथा अनुगमन, अनुगमन मापदण्ड तयार भएको एवम् चालु वर्षदेखि कर्मचारीहरूको लागि सहकारी अनुगमन क्षमता अभिवृद्धि तालिमको व्यवस्था, सहकारी सङ्घ संस्थाको प्रोफाइल तयार भएको साथै चालु वर्षमा प्रदेश भित्रको क्षेत्रको तथ्याङ्क सङ्कलन र प्रकाशन गर्ने गरी कार्यान्वयन गरिएको छ ।

यसैगरी प्रादेशिक सहकारी तालिम केन्द्रको निर्माण गर्ने, आवश्यक कानुनी दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवम् उपयुक्त सङ्गठनात्मक संरचनाको निर्माण गर्ने र सहकारी सङ्घ-संस्थाहरूको सदस्य तथा कर्मचारीहरूको क्षमता विकास गर्ने कार्यनीतिहरूमा क्रमशः प्रदेश तालिम केन्द्र स्थापना नभए

पनि सहकारी तालिम सञ्चालन हुने गरेको, दीर्घकालीन रणनीतिक योजना तर्जुमा हुन नसके पनि प्रदेश सहकारी ऐन, नियम र मापदण्ड जारी भएको, प्रदेश सहकारी सङ्घ/प्रदेशस्तरीय विषयगत सङ्घसँग साझेदारीमा सहकारीका सदस्यहरूलाई तालिम तथा अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गरी कार्यान्वयन गरिएको छ । सहकारीसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने र सहकारी सूचना प्रणालीलाई प्रभावकारी बनाउने कार्यनीति कार्यान्वयनमै आएका छैनन् । सहकारी क्षेत्रको नीतिगत उपलब्धि विवरण *अनुसूची ७* मा समावेश गरिएको छ ।

### ३.६.२.२ परिमाणात्मक उपलब्धि

कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको योगदान र कृषि तथा पशुपक्षीजन्य उत्पादन र वितरणमा सहकारी क्षेत्रको योगदानलाई प्रभाव र प्रादेशिक लगानीमा सहकारी क्षेत्रको योगदानलाई असर तहको नतिजा सूचक निर्धारण गरिएकोमा आधार तथ्याङ्क र हालसम्मको प्रगतिसम्बन्धी विवरण उपलब्ध हुन सकेको छैन ।

प्रतिफल तहका ११ ओटा नतिजा सूचकमा ५ ओटाको आधार तथ्याङ्क, लक्ष्य तथा उपलब्धि केही छैन भने तीन ओटाको आधार तथ्याङ्क उल्लेख गरी लक्ष्यसम्म तोकिएको छ तर उपलब्धि विवरण प्राप्त हुन सकेको छैन । सहकारी सङ्घ संस्थाको कुल सदस्यता आधार वर्ष ०७५/७६ को तुलनामा आ.व. ०७५/७६ मा १५.७७ प्रतिशत वृद्धि गरी २३,७८,००० पुऱ्याउने भनिएकोमा लक्ष्यभन्दा बढी ३२.२८ प्रतिशतले वृद्धि भई २७,१७,००० पुगेको, सहकारी सङ्घ संस्थामा महिला सदस्य ४९.६ प्रतिशतबाट ५०.२ प्रतिशत पुऱ्याउने भनिएकोमा लक्ष्यभन्दा बढी वृद्धि भई ५३.६२ प्रतिशत पुगेको र सेयर पुँजी आधार वर्षको तुलनामा ३३ प्रतिशतले वृद्धि गर्ने भनिएकोमा चार प्रतिशतले मात्र वृद्धि भएको छ ।

समष्टिमा हेर्दा जम्मा १४ ओटा सूचकमध्ये तीन ओटा सूचकको मात्र प्रगति प्राप्त भएको त्यसमा पनि दुई ओटाको प्रगति शतप्रतिशतभन्दा बढी रहेको छ भने एउटाको प्रगति लक्ष्यको तुलनामा धेरै नै न्यून रहेको देखिन्छ । त्यसमा पनि सहकारीको अर्थतन्त्रमा योगदान, सहकारीको लगानी, रोजगारी, कर्जा प्रवाह, उत्पादन क्षेत्रमा कर्जा प्रवाह आदि महत्त्वपूर्ण सूचकहरूको प्रगति नै उपलब्ध छैन । यसरी हेर्दा सहकारी क्षेत्रको सूचना प्रणाली र यस क्षेत्रमा प्रदेश सरकारको भूमिका अति कमजोर देखिन्छ । सहकारी उपक्षेत्रअन्तर्गत योजनाको आधार वर्ष र प्रथम तीन वर्षको परिमाणात्मक लक्ष्य तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २२: सहकारीसम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| सहकारी क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | | | |
| कृषि तथा पशुपक्षीजन्य उत्पादन र वितरणमा सहकारी क्षेत्रको योगदान | प्रतिशत | | | |
| **असर तह** | | | | |
| प्रादेशिक लगानीमा सहकारी क्षेत्रको योगदान | रूपैया करोडमा | | ३९२९.८ | |
| **प्रतिफल तह** | | | | |
| सहकारी क्षेत्रको रोजगारीमा योगदान | सङ्ख्या | २९५६० | ३४२१९ | |
| सहकारी सङ्घ संस्था | सङ्ख्या | | | |
| कृषि सहकारी | सङ्ख्या | २३०१ | २६६४ | |
| महिलाद्वारा सञ्चालन गरिएको सहकारी संस्था | सङ्ख्या | | | |
| सहकारी सङ्घ संस्थाको कुल सदस्यता | सङ्ख्या हजारमा | २०५४ | २३७८ | २७१७ |
| सहकारी सङ्घसंस्थामा महिला सदस्य | प्रतिशत | ४९.६ | ५०.२ | ५३.६२ |
| सेयर पुंजी | रू (दश लाखमा) | ४९२३१ | ६५५२६ | ५१४०६ |
| सहकारी क्षेत्रको निक्षेप सङ्कलन | रूपैया करोडमा | | | |
| सहकारी क्षेत्रबाट कर्जा प्रवाह | रूपैया (दश लाखमा) | १५३२२० | २०३९३६ | |
| सहकारी क्षेत्रबाट कृषि क्षेत्रमा कर्जा प्रवाह | रूपैया करोडमा | | | |
| सहकारीमा आबद्ध जनशक्ति | सङ्ख्या | | | |

## ३.६.३ समस्या तथा सुझावहरू

### क. समस्या

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको साङ्गठनिक संरचना तथा पूर्वाधार कमजोर रहेको, नतिजा सूचकमा केन्द्रित रहेर कार्यक्रम तर्जुमा नभएको, सहकारीसम्बन्धी रणनीति तथा कार्यनीतिहरूमा कतिपय कार्यान्वयन नै नभएको र कतिपयको कमजोर कार्यान्वयन रहेको, सहकारीको अनुगमन र नियमन कमजोर रहेको देखिन्छ । साथै सहकारीको लगानी उत्पादनशील क्षेत्रमा कम हुने गरेको, प्रगति अद्यावधिक नराखिएको, प्रदेश सरकारको संरचनात्मक परिवर्तनले गर्दा विगतमा भएका उपलब्धिसम्बन्धी तथ्याङ्क प्राप्तिमा पनि समस्या भएको आदि प्रमुख समस्या रहेका छन् ।

### ख. सुझावहरू

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको साङ्गठनिक संरचना र कार्यालय पूर्वाधारको सुदृढीकरण गर्ने, सहकारीसम्बन्धी विभिन्न तहका सङ्घसंस्थासँग समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने, वार्षिक रूपमा कम्तिमा पाँच प्रतिशत बजेट सहकारीसम्बन्धी अध्ययन अनुसन्धानमा लगाउने, सहकारी संस्थाहरूको नियमित अनुगमन र नियमन गर्ने, सहकारी संस्था, सञ्चालक, लेखा राख्ने तथा अन्य कर्मचारीहरूको क्षमता विकासमा सहयोग गर्ने, सहकारीको लगानीलाई उत्पादनशील एवम्

प्राथमिकताका क्षेत्रमा प्रवाह गर्ने व्यवस्था मिलाउन आवश्यक छ । विशेषगरी गरिब, सीमान्तकृत, महिला आदिको आय र रोजगारीमा योगदान दिने कार्यमा लगाउन प्रोत्साहित गर्ने आदि विषयमा जोड दिन आवश्यक छ ।

# परिच्छेद -चार
# सामाजिक क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१. पृष्ठभूमि

नेपालको संविधानले आधारभूत तहको शिक्षलाई अनिवार्य र नि:शुल्क, माध्यमिक तह नि:शुल्क, अपाङ्ग र आर्थिक रूपमा विपन्नले उच्च र मातृभाषामा शिक्षा पाउने हक सुनिश्चित गरेको छ । त्यसैगरी शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउने राष्ट्रिय नीति समेत अङ्गीकार गरेको छ । सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा जीवनपर्यन्त सिकाइका अवसर प्रवर्धन गर्ने दिगो विकास लक्ष्य छ । प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र सङ्ग्रहालय प्रदेशको एकल अधिकारको सूचीमा रहेको छ । प्रादेशिक शैक्षिक योजना, शैक्षिक परामर्श सेवाको नियमन, प्रादेशिक प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम र छात्रवृत्तिको नियमन, पाठ्यक्रम, पाठ्यपुस्तक र सामग्री, शिक्षक र क्षमता विकास तथा माध्यमिक परीक्षा र प्राज्ञिक अनुसन्धान तथा तथ्याङ्क व्यवस्थापनको विषय प्रदेशको कार्य क्षेत्रमा समावेश छन् ।

आर्थिक वर्ष २०७५/७६ मा प्रदेशमा ६९१९ विभिन्न तहका विद्यालय र ४ विश्वविद्यालयअन्तर्गत ६१२ क्याम्पस र २ ओटा स्वास्थ विज्ञान प्रतिष्ठान थिए । खुद भर्ना दर तल्लो तहमा ९५.८ देखि माथिल्लो तह १ देखि १२ सम्म ५१ प्रतिशत रहेको थियो । आधारभूत (१-८) तह र माध्यमिक (९-१२) तहको लैङ्गिक समता क्रमश: ०.९० र ०.९८, शिक्षक विद्यार्थी अनुपात क्रमश: १५१ र १२० थियो । अधारभूत तह र मध्यमिक तहको विद्यालय छाड्ने दर ३.८ र २.४, कक्षा दोहोर्‍याउने दर ३.९ र २.९, बालिकाहरूले कक्षा दोहोर्‍याउने दर ३.४ र ३.७ प्रतिशत र उत्तिर्ण दर ९२.८ र ९३.८ प्रतिशत थियो । प्रदेशमा कुल साक्षरता ७४.८५ रहेकोमा महिला ६४.०४ र पुरुष ८२.८२ प्रतिशत रहेको थियो । विद्यालयको भौतिक संरचना कमजोर, गुणस्तरीय शिक्षामा सहज पहुँचमा सीमितता र सामुदायिक र संस्थागत विद्यालयको शैक्षिक गुणस्तर र सिकाइ उपलब्धिमा ठुलो अन्तर रहेको थियो ।

यो पृष्ठभूमिमा प्रदेश योजनामा सामाजिक आर्थिक रूपान्तरणको लागि गुणस्तरीय शिक्षालाई दक्ष, प्रतिस्पर्धी, उद्यमशील र नवप्रवर्तनशील मानव पुँजीको निर्माणको आधारको रूपमा लिँदै गुणस्तरीय शिक्षामा सबै वर्ग एवम् समुदायको समतामूलक पहुँच स्थापित गर्ने, प्राविधिक, व्यावसायिक, सिपयुक्त एवम् व्यवहारिक शिक्षाको विकास एवम् विस्तार गर्ने, शिक्षामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने, उच्च शिक्षालाई अनुसन्धानमूलक बनाई विकास प्रक्रियामा आबद्ध गर्न सङ्घीय विश्वविद्यालहरूसँग सहकार्य गर्नुको साथै प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रदेश विश्वविद्यलायको स्थापना र सञ्चालन गर्ने

एवम् शैक्षिक क्षेत्रमा नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्ने उद्देश्य निर्धारण गरेको र यस लक्ष्यको प्राप्तिको लागि चार ओटा रणनीतिहरू तय गरिएको छ । शिक्षासम्बन्धी नीति, कानुन, योजना मापदण्ड र पाठयक्रम तयार गरी कार्यान्वयनन गर्ने रणनीतिअन्तर्गत विभिन्न १३ ओटा कार्यनीति, सार्वजनिक शिक्षालाई गुणस्तरीय, समावेशी, समतामूलक एवम् पहुँचयोग्य बनाउन रणनीतिअन्तर्गत १३ ओटा, रोजगारी र उद्यमशीलता विकास गर्नका लागि जीवनोपयोगी, प्राविधिक एवम् व्यावसायिक शिक्षा र तालिमको विस्तार गर्ने रणनीतिअन्तर्गत ६ ओटा र विशिष्टीकृत उच्च शिक्षा केन्द्रहरूको विस्तार गर्ने रणनीतिअन्तर्गत ३ ओटा कार्यनीतिहरू अङ्गीकार गरिएको छ । साथै, प्रदेशले सङ्घ, स्थानीय तह, निजी क्षेत्र र सहकारी र अन्य निकायसँगसमेत सहकार्य गर्नेगरी विभिन्न २९ ओटा प्रमुख कार्यक्रम पनि प्रस्ताव गरिएको छ ।

### ४.१.२ उपलब्धि विश्लेषण

#### ४.१.२.१ नीतिगत उपलब्धि

योजना अवधिको प्रथम तीन आर्थिक वर्षमा शिक्षासम्बन्धी नीति, कानुन, योजना, मापदण्ड तथा पाठयक्रम तर्जुमा गरी कार्यान्वयनन गर्ने रणनीतिअन्तर्गत प्रादेशिक शिक्षा नीति र शिक्षा ऐनको मस्यौदा तयार भएको छ भने प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमसम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण गरी पठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री उत्पादन र वितरण गर्ने नीतिअन्तर्गत प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् ऐन, २०७५ स्वीकृत भएको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रणालीगत सुधारको लागि नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना कार्यान्वयन कार्यविधि, २०७८ स्वीकृत भई कार्यान्वयनमा रहेको छ । मापदण्डका आधारमा विद्यालय गाभ्ने, तह घटाउने, सार्ने र नक्साङ्कन कार्यमा स्थानीय तहलाई सहयोग, सहजीकरण र प्रोत्साहनको लागि सामुदायिक विद्यालय समायोजन प्रोत्साहनसम्बन्धी कार्यविधि २०७८ स्वीकृत भई तोकिएको मापदण्डअनुसार समायोजन भएका विद्यालयलाई १९ ओटा विद्यालय बसको लागि अनुदान प्रदान गरिएको छ ।

विद्यालयको भौतिक पूर्वाधार आवश्यकताको प्रक्षेपणका साथै कार्ययोजना बनाई लागु गर्ने कार्यनीति रहेकोमा प्रक्षेपण र कार्ययोजना बन्न नसकेको तर डिजिटल विद्यालय निर्माण, ई-लाइब्रेरी व्यवस्थापन तथा बालमैत्री कक्षा व्यवस्थापनको लागि अनुदान सहयोग प्रदान गरिएको छ । शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने गरी तथ्याङ्क व्यवस्थापन, समन्वय र सदृढीकरण गरी नीति निर्माण र निर्णय प्रक्रियामा उपयोग गर्ने कार्यनीतिअन्तर्गत शैक्षिक व्यवस्थापन सूचना प्रणाली प्रतिवेदन (Education Management Information System Report) २०७७/७८ प्रकाशित गरिएको छ ।

त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयमा ऐच्छिक विषयका समान पाठ्यक्रम लागु गर्नुपर्ने व्यवस्था मिलाउने र पाठ्यक्रममा प्रदेशका जातजाति, सांस्कृतिक विशिष्टता र भौगोलिक विविधतालाई प्रतिविम्बित गराउने नीति रहेकोमा पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका २०७७ स्वीकृत भई २ ओटा ऐच्छिक विषयको पाठ्यक्रम निर्माण र अन्य दुईको मस्यौदा तयार भएको छ । विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षको अनुगमन गरी सुधारका लागि प्रोत्साहन गर्ने नीतिअन्तर्गत माध्यमिक तहमा गणित, विज्ञान वा अङ्ग्रेजी विषयमा शून्य दरबन्दी रहेका २६२ विद्यालयलाई शिक्षण सहयोग अनुदान प्रदान गरिँदैआएको छ । माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १०) को सञ्चालन र व्यवस्थापनका लागि संस्थागत संरचनाको स्थापना र सञ्चालन गर्ने नीति रहेकोमा प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति गठन गरिएको छ भने परीक्षा बोर्ड गठनको प्रक्रियामा रहेको छ । उच्च शिक्षामा सबैको पहुँच पुऱ्याउन खुल्ला शिक्षा र दुरशिक्षा प्रणालीलाई संस्थागत गर्न आवश्यक व्यवस्था गर्ने कार्यनीतिअन्तर्गत प्रदेश उच्च शिक्षा ऐन, २०७८ जारी भई उच्च शिक्षा परिषद्को गठन तथा नियमावली र संस्थागत संरचना निर्माणको कार्य अगाडि बढेको छ ।

विद्यालय शिक्षाको गुणस्तरमा एकरूपता कायम हुनेगरी पाठ्यक्रम विकास गर्ने, भौतिक पूर्वाधार विकासको कार्ययोजना बनाउने, विद्यालय तहका शिक्षकको क्षमता तथा पेसागत विकासका लागि आवश्यकता प्रक्षेपण गरी विषयगत शिक्षकको माग र आपूर्तिबिच सन्तुलन कायम गर्न शैक्षिक विकास योजना तर्जुमा गरी लागु गर्ने, शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको नतिजासँग आबद्ध गर्न स्थानीय तहसँग सहकार्य गर्ने र सिकाइमा सहजता ल्याउन अङ्ग्रेजी, विज्ञान, गणित र प्राविधिक लगायतका विषयमा डिजिटल पाठ्य सामग्री विकास गरी प्रयोगमा ल्याउने कार्यनीति भने कार्यान्वयनमा आउन सकेका छैनन् ।

सार्वजनिक शिक्षालाई गुणस्तरीय, समावेशी, समतामूलक एवम् पहुँचयोग्य बनाउने रणनीतिअन्तर्गत १३ ओटा कार्यनीति प्रस्ताव गरिएकोमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा विद्यालय छाड्ने दर घटाउन विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्नको लागि गरिब, विपन्न तथा दुर्गम क्षेत्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न तथा विद्यालय छाड्ने दरलाई कम गर्न प्रदेशका ५ ओटा विद्यालयमा आवासीय सुविधासहितको पठनपाठनको व्यवस्था र आवासीय सुविधाको लागि भौतिक पूर्वाधार निर्माणको कार्य भइरहेको छ । आधारभूत तहमा अनिवार्य नि:शुल्क शिक्षा तथा नि:शुल्क माध्यमिक शिक्षाको सुनिश्चितताको लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गर्ने कार्यनीति अनुरूप विद्यालय जाने उमेर पुगेका सबै बालबालिकालाई अनिवार्य तथा नि:शुल्क शिक्षाको सुनिश्चितता भएको घोषणा गर्ने स्थानीय तहलाई प्रोत्साहन अनुदानको लागि आर्थिक वर्ष २०७८/७९ मा बजेटको व्यवस्था गरिएको छ । मापदण्डका आधारमा पूर्ण साक्षर प्रदेश घोषणा गर्न स्थानीय तहसँगको सहकार्य अभियानको रूपमा विशेष कार्यक्रम (विद्यालय केन्द्रित साक्षरता अभियान, अनौपचारिक शिक्षा आदि) सञ्चालन गर्ने कार्यनीति रहेकोमा प्रदेशका १३ ओटै जिल्ला साक्षर घोषणा भई २०७८ असोज ११ गते प्रदेशलाई नेपालकै पहिलो साक्षर प्रदेश घोषणा गरिएको छ ।

त्यसैगरी सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र मन्त्रालय तथा मातहत निकायमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने कार्यनीति अनुरूप शिक्षकको क्षमता र पेसागत विकासको लागि मागका आधारमा आधारभूत तथा माध्यमिक तहका शिक्षक पेसागत तालिम, सूचना र सञ्चार प्रविधि तालिम, प्रधानाध्यापकको लागि विद्यालय व्यवस्थापन तालिम, विशेष कक्षा शिक्षक तथा शिक्षा सम्बद्ध स्थानीय तह र प्रदेशमा कार्यरत कर्मचारीका लागि व्यवस्थापन तालिम सञ्चालन गरिएको छ । सबै सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला र ई-लाइब्रेरीसहितको स्मार्ट कक्षा सञ्चालन र स्मार्ट विद्यालय स्थापना गर्न स्थानीय तहसँग सहकार्य एवम् सहयोग गर्नको लागि सामुदायिक विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला र विषयगत प्रयोगशाला स्थापना गर्न सहयोग गरिएको छ । विद्यालयहरूको भौतिक पूर्वाधार स्तरोन्नतीको लागि विद्यालय भवन निर्माण तथा मर्मत सम्भार, विद्यालय घेरावार, खेल मैदान र शौचालय निर्माण तथा खानेपानी व्यवस्थापन लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

त्यसैगरी सामुदायिक विद्यालयमा भएका असल अभ्यासहरूलाई अन्य विद्यालयसँग आदान प्रदान गर्ने अवसरमा जोड दिने, स्थानीय तहको सहकार्यमा विद्यालय सुरक्षा तथा जोखिम न्यूनीकरणका न्यूनतम उपायहरूको प्याकेज र विद्यालय भवन मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने र सामुदायिक र संस्थागत विद्यलायका सम्पूर्ण शिक्षकले सूचना तथा प्रविधि, भाषा र आधुनिक सिकाइसम्बन्धी तालिम लिनै पर्ने व्यवस्थाका लागि स्थानीय तहसँग सहकार्य एवम् सहयोग गर्ने, विद्यालय उमेर पुगेका सबै बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्न र टिकाउन स्थानीय तहसँग सहयोग र सहकार्य गर्ने, वैज्ञानिक परीक्षा प्रणाली अवलम्बन गरी माध्यमिक तहको शिक्षण सिकाइको गुणस्तरीयताको मूल्याङ्कन गर्ने, योग्यता पुगेका महिलाहरूलाई शिक्षण पेसामा आकर्षित गर्नको लागि प्रोत्साहित गर्ने र महिला शिक्षिकाको नेतृत्व विकासको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने तथा प्रदेशका उत्कृष्ट सामुदायिक विद्यालयहरूलाई पुरस्कृत गर्ने कार्यनीतिहरू भने कार्यान्वयन हुन सकेका छैनन् ।

रोजगारी र उद्यमशीलता विकासका लागि जीवन उपयोगी, प्राविधिक एवम् व्यावसायिक शिक्षा र तालिमको विस्तार गर्ने रणनीति अन्तगत ६ ओटा कार्यनीति रहेकोमा आवश्यकताको आधारमा सामुदायिक माध्यमिक विद्यालयमा कम्तीमा एक विषयको पठनपाठन गराउन स्थानीय तहलाई सहजीकरण गर्न प्राविधिक धार सञ्चालित सामुदायिक विद्यालयका शिक्षकलाई विषयगत तालिम प्रदान गरिएको, दिनेश रामजी बहुप्राविधिक शिक्षालयको भवन निर्माण भइरहेको तथा जिरी प्राविधिक विद्यालयको भवन निर्माण कार्य सम्पन्न भएको छ । स्थानीय तहमा व्यावसायिक सम्भाव्यतामा आधारित प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गर्न सहयोग गर्ने कार्यनीतिअन्तर्गत एक बहुप्राविधिक शिक्षालय स्थापनाको लागि आ.व. २०७९/८० मा बजेट विनियोजन गरिएको छ ।

प्राविधिक विषयका शिक्षकहरूको क्षमता अभिवृद्धिमा जोड दिन क्षमता विकास तालिम सञ्चालन

भइरहेको, दिगो तथा सम्मानित रोजगारीको लागि सिप परियोजना १० ओटा स्थानीय तहमा पाइलटिङ गरिएको, नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना कार्यान्वयन भइरहेको छ भने प्राविधिक तथा व्यावसायिक शिक्षाको दिगो विकासको लागि निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्ने तयारी भइरहेकोछ । परम्परागत सिप तथा विदेशमा सिकेको सिप र अनुभवलाई मापदण्डका आधारमा प्रमाणीकरण र उपयोग गर्ने कार्यनीति रहेकोमा व्यक्तिले आनौपचारिक विधिबाट सिकेका ज्ञान, सिप, अनुभवको पहिचान तथा प्रमाणीकरणको कार्य अगाडि बढाइएको छ ।

विशिष्टीकृत उच्च शिक्षा केन्द्रको विस्तार गर्ने रणनीतिअन्तर्गत ५ ओटा कार्यनीति रहेकोमा आवश्यक सिप तथा प्रविधियुक्त जनशक्ति उत्पादन गर्न सम्भाव्यताका आधारमा प्रत्येक जिल्लामा कम्तिमा एक बहुप्राविधिक महाविद्यालयको स्थापना र सञ्चालन गर्नको लागि बहुप्राविधिक शिक्षालय स्थापनाको कार्यलाई निरन्तरता दिइएको छ । सामुदायिक क्याम्पसको सुदृढीकरण गरी उच्च शिक्षाको गुणस्तर अभिवृद्धिमा जोड दिनको लागि सामुदायिक क्याम्पसलाई भौतिक अनुदान कार्यविधि, २०७८ स्वीकृत भई २० ओटा क्याम्पसलाई अनुदान प्रदान गरिएको छ । क्याम्पसको निर्माण र मर्मत सम्भार कार्यक्रम सञ्चालन भइरहेको छ भने उच्च शिक्षाको नियमन र व्यवस्थापनको लागि ऐन जारी भई संरचनागत विकासको कार्य अगाडि बढाइएको छ । प्रदेश विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने कार्यनीतिअन्तर्गत स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना भएको छ भने तीन ओटा विश्वविद्यालय स्थापना भएका छन् ।

विश्वविद्यालयहरूलाई व्यवहारिक र प्राविधिक विषयहरूमा भौगोलिक क्षेत्रगत स्रोत र प्रसार केन्द्रका रूपमा विकास र उपयोग गर्न सहकार्य गर्ने, उच्च शिक्षामा अनिवार्य रूपमा कम्तीमा ६ महिनाको स्वयंसेवक सेवा कार्यक्रम पाठ्यक्रम अङ्गकै रूपमा विकास गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने, विश्वविद्यालय र विशिष्टीकृत अध्ययन संस्थानहरूबाट शिक्षित विद्यार्थीलाई सम्बन्धित उद्यमहरूसँग आबद्ध गर्न सम्बन्धित निकायसँग सहकार्य गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

यसरी समीक्षा अवधिमा प्रस्ताव गरिएका ५ ओटा रणनीतिअन्तर्गतका ३२ मध्ये १६ ओटा कार्यनीतिहरू हालसम्म कार्यान्वयन भएका छैनन् । यस क्षेत्रका रणनीति र कार्यनीतिहरूको कार्यान्वयनको अवस्थाको विस्तृत विवरण *अनुसूची ८* मा संलग्न गरिएको छ ।

### ४.१.२.२ परिमाणात्मक उपलब्धि

समीक्षा अवधिमा १५ वर्षदेखि ६० वर्षसम्मको साक्षरता, प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर, खुद भर्ना दर र पूर्वप्राथमिक शिक्षा पुरा गरी कक्षा १ मा भर्ना दर, आधारभूत तह (१-५) मा ९७.५, आधारभूत तह (१-८) मा ९७.९२, माध्यमिक तह (९-१०) मा ८५ र माध्यमिक तह (९-१२) को खुद भर्ना दर, आधारभूत तह (१-८) मा टिकाउ दर र बाल कक्षा/पूर्व

प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दरमा ७५ प्रतिशतभन्दा बढी प्रगति भएको छ । विद्यालय शिक्षाको आधारभूत तह (१-८) मा ०.९६ र माध्यमिक तह (९-१२) मा खुद भर्ना दरमा लैङ्गिक समता दरको अनुपातमा र विश्वविद्यालय स्थापनामा शतप्रतिशतभन्दा बढी प्रगति भएको छ । प्रदेश भित्रका सबै १३ जिल्ला पूर्णसाक्षर घोषणा भएका छन् ।

यस अवधिमा प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर, पूर्वप्राथमिक शिक्षा पुरा गरी कक्षा १ मा भर्ना दर, आधारभूत तह (१-५) मा ९७.५, आधारभूत तह (१-८) मा ९७.९२, माध्यमिक तह (९-१०) मा ८५ र माध्यमिक तह (९-१२) को खुद भर्ना दर, आधारभूत तह (१-८) मा टिकाउ दर र बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर, आधारभूत तह (१-८) टिकाउ दर र प्राविधिक धारका सामुदायिक माध्यमिक विद्यालयको सङ्ख्यामा ७५ प्रतिशतभन्दा बढी प्रगति भएको छ । यस अवधिमा १५ वर्ष देखि ६० वर्षसम्मको सरक्षता, विद्यालय शिक्षाको आधारभूत तह (१-८) मा ०.९६ र माध्यमिक तह (९-१२) मा खुद भर्ना दरमा लैङ्गिक समता दरको अनुपातमा र विश्वविद्यालय स्थापनामा शतप्रतिशतभन्दा बढी प्रगति भएको छ भने प्रदेश भित्रका सबै जिल्ला साक्षर भएका छन् ।

आधारभूत तह (१-५), आधारभूत तह (१-८), माध्यमिक तह (९-१०) विद्यालय उमेरका अपाङ्गता भएका बालबालिकामध्ये विद्यालय भर्ना भएका बालबालिकाको सङ्ख्या, आधारभूत तह (१-५), आधारभूत तह (१-८) मा शिक्षक विद्यार्थी अनुपात ५० देखि ७५ प्रगति भएको छ । माध्यमिक तह (११-१२) विद्यालय उमेरका अपाङ्गता भएका बालबालिकामध्ये विद्यालय भर्ना भएका बालबालिकाको सङ्ख्या, सामुदायिक आवासीय विद्यालय र नमुना विद्यालयको सङ्ख्यामा ५० प्रतिशतभन्दा कम प्रगति भएको छ।

नतिजा खाकाको प्रभाव तहका ३ मध्ये १, असर तहका २३ मध्ये १२ र प्रतिफल तहका ३५ मध्ये १२ नतिजा सूचकको मात्र प्रतिवेदन हुन सकेको छ, बाँकी सूचकहरूमा प्रतिवेदन हुन सकेको छैन । शिक्षा उपक्षेत्रको परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका २३: शिक्षा उपक्षेत्रको परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण

| नतिजाको तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| साक्षरतादर (५ वर्ष माथि) | प्रतिशत | ७५ | ८८.२० | |
| साक्षरता दर (१५-६० वर्ष) | प्रतिशत | ९४०. | ९५.५ | ९७.२२ |
| साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ६९ | ८४.६० | |

| नतिजाको तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९३ | ९७.२० | |
| **असर तह** | | | | |
| प्रारम्भिक बाल शिक्षा तथा विकासपूर्व प्/राथमिक शिक्षामा कुलभर्ना दर | प्रतिशत | ११०३. | १०६ | १०८ |
| प्रारम्भिक बाल शिक्षा तथा विकासपूर्व प्/राथमिक शिक्षामा खुदभर्ना दर | प्रतिशत | ८३५. | ९१ | ७४.६ |
| पुर्वप्राथमिक शिक्षा पुरा गरी कक्षा १ माभर्नादर | प्रतिशत | ६७२. | ७९ | ७०.६ |
| खुद भर्नादर | | | | |
| क) आधारभूत तह (१-५) | प्रतिशत | ९५८०. | ९७५. | ९७.२ |
| ख) आधारभूत तह (१-८) | प्रतिशत | ९४.८ | ९७.९२ | ९६.१ |
| ग) माध्यमिक तह (९-१०) | प्रतिशत | ७४१. | ८५ | ७५.५ |
| घ) माध्यमिक तह (९-१२) | प्रतिशत | ४८.२ | ६७.८० | ५४.८ |
| उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | २२.७ | २८.२८ | |
| टिकाउ दर | | | | |
| क) आधारभूत तह (१-५) | प्रतिशत | N/A | | ८८.९ |
| ख) आधारभूत तह (१-८) | प्रतिशत | ८९.७ | ९३ | ८३.५ |
| ग) माध्यमिक तह (९-१०) | प्रतिशत | N/A | | |
| घ) माध्यमिक तह (९-१२) | प्रतिशत | ८० | ८३ | |
| उच्चशिक्षामा भर्ना भएका मध्ये प्राविधिक विषयमा भर्ना दर | प्रतिशत | | | |
| सिकाइ दर | | N/A | | |
| आधारभूत तह कक्षा -५ | प्रतिशत | | | |
| आधारभूत तह कक्षा -८ | प्रतिशत | | | |
| माध्यमिक तह कक्षा १० | प्रतिशत | | | |
| लैङ्गिक समता दर (विद्यालय शिक्षाको खुद भर्नादरमा) | | | | |
| क) आधारभूत तह (कक्षा १-८) | अनुपात | ०.९१ | ०.९६ | १ |
| ख) माध्यमिक तह (कक्षा ९-१२) | अनुपात | ०.९८ | ०.९९ | १.०७ |
| ग) उच्च शिक्षा | अनुपात | | | |
| प्राविधिक तथा व्यावसायिक शिक्षामा (माध्यमिक)भर्नादर | प्रतिशत | N/A | | |
| कामगर्ने उमेरका प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त जनसङ्ख्या | प्रतिशत | N/A | | |
| आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका | प्रतिशत | ८.७ | ४.०८ | |
| बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्नादर | प्रतिशत | ६५.७ | ८३.२८ | ७०.६ |
| **प्रतिफल तह** | | | | |
| साक्षर जिल्ला | सङ्ख्या | ११ | १३ | १३ |
| सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन | सङ्ख्या | ४६० | ४६० | |
| विद्यालय केन्द्रितउच्च शिक्षा इन्टर्न/सिपसञ्चालन गर्ने स्थानीय तह | सङ्ख्या | | | |
| डिजिटल निरन्तर शिक्षा सञ्चालन गर्ने स्थानीय तह | सङ्ख्या | N/A | ६ | |
| विद्यालय उमेरका अपाङ्गता भएका बालबालिकामध्ये विद्यालयमा भर्ना | प्रतिशत | N/A | | |
| विद्यालय उमेरका अपाङ्गता भएकामध्ये विद्यालयमा भर्ना भएका बालबालिका | सङ्ख्या | | | |

| नतिजाको तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| आधारभूत तह (१-५) | सङ्ख्या | ७०५४ | ७२६९ | ५०२१ |
| आधारभूत तह (१-८) | सङ्ख्या | ९१९५ | ९४७४ | २२४७ |
| माध्यमिक तह (९-१०) | सङ्ख्या | १९२० | १९७८ | २६०६ |
| माध्यमिक तह (९-१२) | सङ्ख्या | २०७४ | २१३७ | २३६ (G 11-12) |
| शिक्षक विद्यार्थी अनुपात | | | | |
| आधारभूत तह (१-५) | अनुपात | २० | २० | १४ |
| आधारभूत तह (१-८) | अनुपात | २४ | २४ | १६ |
| माध्यमिक तह (९-१०) | अनुपात | १९ | १९ | १९ |
| माध्यमिक तह (९-१२) | अनुपात | २७ | २७ | २१ |
| माध्यमिक तह (१-१२) | अनुपात | १६.४ | १६.७६ | |
| बालमैत्री पूर्वाधार भएका सार्वजनिक विद्यालय | प्रतिशत | N/A | ८० | |
| भूकम्प प्रतिरोधी भवन भएका विद्यालय | सङ्ख्या | | | |
| कम्प्युटर ल्याब स्थापना भएका विद्यालय | सङ्ख्या | ३५० | १०४० | |
| पानी तथा सरसफाइ सुविधासहित शौचालय निर्माण भएका विद्यालय | सङ्ख्या | | | |
| इन्टरनेट सुविधा पुगेको माध्यिमक विद्यालय | सङ्ख्या | N/A | | |
| सामुदायिक आवासीय विद्यालय (Cumulative) | सङ्ख्या | १ | १५ | ५ |
| नयाँ कक्षा कोठा निर्माण | सङ्ख्या | | | |
| पुस्तकालय भएका माध्यमिक विद्यालय | सङ्ख्या | | | |
| नमुना विद्यालय | सङ्ख्या | ५६ | १०० | २० |
| प्राविधिक धारका सामुदायिक माध्यमिक विद्यालय | सङ्ख्या | ७६ | १०६ | १०४ |
| प्राविधिक धारका माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | प्रतिशत | N/A | २१ | |
| प्राविधिक शिक्षालय | सङ्ख्या | १४ | १७ | |
| विश्वविद्यालय स्थापना | सङ्ख्या | ० | १ | ३ |
| शैक्षिक अनुसन्धान केन्द्र स्थापना | सङ्ख्या | ० | ० | |
| उत्तीर्ण प्रतिशतको आधारमा उच्च शैक्षिक संस्थालाई अनुदान सहयोग | सङ्ख्या | ० | | |
| प्राविधिक विषयमा उच्च शिक्षा दिने शिक्षण संस्थाहरूलाई सहयोग | सङ्ख्या | N/A | | |
| पिछडिएको समुदाय र आर्थिक रूपमा विपन्नलाई उच्च शिक्षामा पहुँचका लागि सहयोग | सङ्ख्या | N/A | ६०० | |
| विद्युत्को पहुँच भएको विद्यालय | सङ्ख्या | N/A | | |
| अपाङ्ग मैत्री विद्यालय | सङ्ख्या | N/A | | |
| माध्यिमक विद्यालय खेल मैदान | सङ्ख्या | N/A | ५० | |
| मोटर बाटो पुगेको विद्यालय | सङ्ख्या | N/A | | |

## ४.१.३ समस्या र सुझावहरू

### क. समस्याहरू

यस उपक्षेत्रका लागि प्रस्तावित कार्यनीतिमध्ये आधाजसो कार्यान्वयनमा आएका छैनन् । परिमाणात्मक उपलब्धितर्फ ६१ मध्ये २५ को मात्र प्रतिवेदन भएकोमा ५ ओटामा ७५ र ३ ओटामा ५०

प्रतिशतभन्दा कम प्रगति भएको तथ्यले कार्यान्वयनमा समस्याको सङ्केत गर्दछ । सङ्घीय शिक्षा ऐन नबनेको कारण द्विविधा र दोहोरोपना देखिएको छ भने तीन तहका सरकारका गतिविधिलाई एक आपसमा आबद्ध गर्न नसक्दा हस्तक्षेपको खास खास क्षेत्र पहिल्याउन नसकिने अवस्था उत्पन्न भएको छ । सेवामूलक क्षेत्र भए तापनि जनशक्ति परिचालनमा रहेको अन्तरनिहित समस्या ज्युँका त्युँ रहेकोले सुधारका गतिविधिले अपेक्षित नतिजा दिन सक्ने अवस्था देखिदैन । प्रदेश भित्रको शैक्षिक गुणस्तर सुधारमा हस्तक्षेप प्रभावकारी हुन सकेका छैनन् भने साधन स्रोत विनियोजनमा यो उपक्षेत्रले आवश्यक प्राथमिकता पाउन नसकेको देखिन्छ । विद्यालयस्तरसम्मको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा परेका कारण प्रदेशको हस्तक्षेपमा नवीन विधि र प्रक्रियाको दरकार भए तापनि अधिकांश गतिविधि परम्परागत विधि र शैलीमा सञ्चालन भएको कारण अपेक्षित परिमाण आएको छैन ।

उच्च र प्रविधिक शिक्षा सुधारको लागि के कसरी हस्तक्षेप गर्ने भन्ने कुराको टुङ्गो नलगाई तदर्थवादी ढङ्गबाट अनुदान दिने दृष्टिकोणबाट गतिविधि गर्दा लक्ष्य प्राप्त नभएको अवस्था छ । भइरहेका वा स्थापना गरिएका संस्थालाई सुदृढ बनाएर मात्र नयाँ संस्था स्थापनामा ध्यान जानु पर्नेमा नयाँ नयाँ संरचना थप गर्दैजाने प्रवृत्ति देखिएको छ । बालविकास, दिवा खाजा जस्ता सङ्घीय सरकारले प्राथमिकतासाथ अगाडि बढाएका कार्यक्रमहरू प्रदेशको योजनामा समावेश भएको पनि देखिदैन । कार्यान्वयन निकायको संस्थागत क्षमताको सीमितताले पनि उपलब्धिलाई सीमित पारेको छ ।

**ख. सुझावहरू**

यस सन्दर्भमा योजनाको बाँकी अवधिको लागि प्रदेश सरकारले विद्यालयस्तरमा शैक्षिक सुधारको लागि अङ्गीकार गर्ने नीतिहरू निर्धारण गर्ने र सोहीअनुसार हस्तक्षेप गर्नु पर्दछ । प्रदेशसभा निर्वाचन क्षेत्रका कम्तीमा एक एक विद्यालयलाई नमुना विद्यालय घोषणा गरी सुधारको सघन गतिविधि (बालविकास र दिवा खाजा, प्राविधिक विषय, गणित, विज्ञान र अङ्ग्रेजी विषयमा जोड समेत राखी) सञ्चालन गर्ने, शैक्षिक जनशक्तिको परिचालनलाई प्रभावकारी बनाउने, स्थापना भएका संस्थालाई सुदृढीकरण गर्ने र सूचना प्रणालीको विकास र सञ्चालनमा ध्यान केन्द्रित गर्न उपयुक्त हुन्छ । यस अवधिमा ७५ भन्दा कम प्रगति भएका क्षेत्रमा आवधिक योजनाले लक्ष्य गरेअनुसार प्रगति प्राप्त हुने गरी गतिविधि सञ्चालन गर्नु पर्दछ । विद्यालय शिक्षामा पहुँच र टिकाउपन बढाउनको लागि विशेष र लक्षित समूह, क्षेत्र र तरिका पहिचानको लागि अध्ययन गराउने गतिविधि बाँकी अवधिको लागि महत्त्वपूर्ण हुने देखिन्छ । त्यसैगरी कार्यान्वयन निकायको संस्थागत क्षमता र संस्थागत विद्यालयको नियमनलाई सुदृढ बढाउनेतर्फ पनि ध्यान जानु नितान्त जरुरी छ ।

## ४.२ स्वास्थ्य, पोषण र जनसङ्ख्या

### ४.२.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने र आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने संवैधानिक व्यवस्था छ । गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने राज्यको नीति रहेको छ भने स्वस्थ जीवनको सुनिश्चितता एवम् सबै उमेरका सबै मानिसको भलाई प्रवर्धन गर्ने दिगो विकासको लक्ष्य रहेको छ । स्वास्थ्य र वैकल्पिक उपचार सेवासम्बन्धी कार्य र स्वास्थ सेवाको गुणस्तर, औषधिजन्य र स्वास्थ्य प्रविधिसम्बन्धी सामग्री र स्वास्थ्य बिमा र सामाजिक सुरक्षा कार्यक्रम र स्वास्थ्यजन्य फोहरको नियमन, औषधि निगरानी र उचित प्रयोग, सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण, खोप, औषधि तथा अन्य स्वास्थ्य सामग्रीको व्यवस्थापन, अध्ययन, अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य व्यवस्थापन, जनस्वास्थ्य व्यवस्थापन, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ सेवा, सरुवा तथा नसर्ने रोगको व्यवस्थापन, भौतिक पूर्वाधार विकास र व्यवस्थापन, मानव स्रोत विकास र व्यवस्थापन, पोषण प्रवर्धन, परिवार नियोजन सेवा र जनसङ्ख्या व्यवस्थापनजस्ता विषय प्रदेशको कार्यक्षेत्रमा पर्दछन् ।

योजनाको आधार वर्षमा बागमती प्रदेशको औसत आयु ७२ वर्ष, बाल मृत्यु दर ३६, नवजात शिशु मृत्यु दर १७, मातृ मत्यु दर २३९, कुल प्रजननदर १.८, स्वास्थ संस्थामा सुत्केरी हुने ७१ प्रतिशत र खोप लगाउने बालबालिका ८५ प्रतिशत थियो भने ५ वर्ष मुनिका बालबालिकामा रक्तअल्पता ४२.८ प्रतिशत, प्रजननयोग्य महिलामा रक्तअल्पता २९ प्रतिशत र १५ वर्ष माथिका १९.१ प्रतिशत महिला र २८.७ प्रतिशत पुरुषमा उच्च रक्तचापको समस्या रहेको थियो । अतिकम तौल भएका शिशु ९.९ प्रतिशत थिए भने ५ वर्ष मुनिका २९ प्रतिशतमा पुड्कोपना देखिएको थियो । विवाहको औसत उमेर पुरुषमा २१.७ र महिलामा १९.७ वर्ष रहेको थियो । प्रदेश भित्र २७ अस्पताल, ४३ प्राथमिक स्वास्थ्य केन्द्र, ६४४ स्वास्थ्य चौकी, १३९ नगर स्वास्थ्थ केन्द्र, १४४ सामुदायिक स्वास्थ्य एकाइ, ६४ आयुर्वेद स्वास्थ्य संस्था, ३९८ बर्थिङ सेन्टर, २४८२ खोप केन्द्र र १९८३ गाँउघर क्लिनिक सञ्चालनमा थिए भने ९५६१ महिला स्वास्थ्य स्वयंसेविका परिचालित थिए । सहरी क्षेत्रमा विशेषज्ञ सेवासहितका सामुदायिक र निजी अस्पताल र मेडिकल कलेज पनि सञ्चालनमा थिए । प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५अन्तर्गत प्रादेशिकस्तरमा स्वास्थ्य सेवा पुऱ्याउने काम भइरहेको थियो ।

माथि उल्लिखित परिवेशमा तर्जुमा गरिएको आवधिक योजनामा "स्वस्थ नागरिक: गुणस्तरीय जीवनयापन" लाई दीर्घकालीन सोचको रूपमा राखिएको छ । त्यसैगरी स्वास्थ्य सेवामा सबैको पहुँच स्थापित गरी जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्य निर्धारण

गरिएको छ । लक्ष्य प्राप्तिको लागि अधारभूत स्वास्थ्य सेवामा नि:शुल्क र सर्वसुलभ पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य प्रणालीमा सुधार तथा सेवाको गुणस्तर अभिवृद्धि गर्ने, स्वास्थ्यसम्बन्धी विषयहरूलाई एकीकृत रूपमा सम्बोधन गर्ने र सहरी क्षेत्रमा हुने बसाइँ सराइलाई नियन्त्रण गर्ने उद्देश्य राखिएको छ । यी लक्ष्य र उद्देश्य हासिल गर्न विभिन्न ९ राणनीति र सोअन्तर्गत कार्यनीतिहरू प्रस्ताव गरिएको छ ।

स्वास्थ्यसम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण गर्ने रणनीतिअन्तर्गत १० ओटा, स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्ने रणनीतिअन्तर्गत ८, स्वास्थ्य संस्था र सेवाको विस्तार गर्ने रणनीतिअन्तर्गत १०, स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने रणनीतिअन्तर्गत ५, सबै क्षेत्रको सार्वजनिक नीति तर्जुमा र कार्यान्वयनन गर्दा स्वास्थ्यसम्बन्धी विषयलाई समावेश गर्ने रणनीतिअन्तर्गत १०, स्वास्थ्य प्रवर्धन र स्वास्थ्यसम्बन्धी चेतना विस्तार गर्ने रणनीतिअन्तर्गत ७, प्रजनन स्वास्थ्यलाई अधिकारको रूपमा स्थापित र सुनिश्चित गर्ने रणनीतिअन्तर्गत ४ र जनसङ्ख्या, बसाइँ सराइ र सहरीकरण व्यवस्थित गर्ने रणनीतिअन्तर्गत ५ ओटा कार्यनीति समावेश गरिएको छ । योजनाको लक्ष्य हासिल गर्नको लागि विभिन्न २९ ओटा प्रमुख कार्यक्रमहरू समेत पहिचान गरिएको छ ।

## ४.२.२ उपलब्धि विश्लेषण

### ४.२.२.१ नीतिगत उपलब्धि

वितेको तीन वर्षको अवधिमा स्वास्थ्यसम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण गर्ने रणनीतिअन्तर्गत स्वास्थ्यसम्बन्धी कानुन, नीति, रणनीति, मापदण्ड, प्रोटोकल, योजना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यनीतिमा प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ र प्रदेश स्वास्थ्य सेवासम्बन्धी नियमावली, २०७६ जारी भई कार्यान्वयनमा आएका छन् । स्वास्थ्य संस्थाको सेवाको स्तर र मापदण्ड निर्धारण गर्ने र स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्धन गर्ने नीति तर्जुमा गर्ने कार्यनीतिअन्तर्गत आर्थिक वर्ष २०७८/७९ मा प्रदेश स्वास्थ्यसम्बन्धी नीति निर्माणको कार्यलाई प्राथमिकतामा राखी अगाडि बढाइएको छ । स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू सञ्चालन र नियमनका लागि आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयनन गर्ने कार्यनीतिअन्तर्गत मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ जारी भई प्रतिष्ठान स्थापना भएको र सञ्चालनको लागि पदाधिकारी व्यवस्थापन तथा सेवा सुविधासम्बन्धी नियमावली, २०७७, आर्थिक प्रशासन नियमावली, २०७७, कर्मचारी सेवा सर्त र सुविधासम्बन्धी नियमावली,२०७७, अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७७ र शिक्षक सेवा, सर्त र सुविधासम्बन्धी नियमावली, २०७७ जारी भएको छ ।

औद्योगिक प्रतिष्ठान तथा कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका उपाय र मापदण्ड निर्धारण गरी नियमन र पालना गर्ने, स्वास्थ्य सेवा, औषधि र उपकरणको मूल्यलाई नीति निर्माण गरी व्यवस्थित गर्ने, अस्पतालजन्य फोहर व्यवस्थापनको लागि आवश्यक कानुनी र मापदण्ड निर्माण गरी व्यवस्थित गर्ने,

औषधि उत्पादन गर्ने स्वदेशी उद्योगहरूलाई प्रवर्धन र प्रोत्साहित गर्ने, जेनेरिक मेडिसिनको प्रवर्धन गर्न नीतिगत व्यवस्था गर्ने तथा स्वास्थ्य संरक्षण र प्रवर्धनका लागि पानी, वायु, ध्वनि, प्रदूषण र जलवायु परिवर्तनबाट हुने प्रतिकूल असरको प्रभावकारी नियन्त्रण गर्न मापदण्ड बनाई बहुक्षेत्रीय संयन्त्र परिचालन गरी नियमन गर्ने कार्यनीतिहरू हालसम्म पनि कार्यान्वयनमा आउन सकेका छैनन् ।

स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्ने रणनीतिअन्तर्गत ८ कार्यनीति प्रस्ताव गरिएकोमा आधारभूत स्वास्थ्य सेवालाई नि:शुल्क रूपमा सबै नागरिकहरूको पहुँचमा पुऱ्याउने कार्यनीति अनुरूप प्रदेश भित्रका प्रत्येक स्थानीय तहमा १५ शैयाको अस्पताल स्थापना गरी सञ्चालनमा ल्याइएको छ । दुर्गम तथा विकट ग्रामीण क्षेत्रमा आधारभूत लगायतका स्वास्थ्य सेवा सुलभ रूपमा पुऱ्याउन सङ्घीय सरकार र स्थानीय तहसँगको साझेदारीमा जनस्वास्थ्य कोष स्थापना गरी कार्यक्रम सञ्चालन गर्ने कार्यनीति कार्यान्वयनको लागि पहुँच नभएका क्षेत्रमा सहज पहुँच स्थापना गर्न, स्वास्थ्य प्रणालीको सुदृढीकरण गर्न, मातृशिशु, बालबालिका, किशोर किशोरीको स्वास्थ्य सेवाको आवश्यकतालाई सम्बोधन गर्न विशेष क्षेत्र लक्षित आयोजना सञ्चालनमा ल्याइएको छ ।

सामुदायिक स्वास्थ्य प्रणालीको सुदृढीकरण तथा सार्वजनिक, निजी र सहकारी साझेदारीलाई प्रोत्साहन गर्ने कार्यनीति कार्यान्वयननको लागि सङ्घीय सरकारको स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ बमोजिम स्थापना भएका आधारभूत स्वास्थ्य केन्द्रको भौतिक पूर्वाधार निर्माण र सञ्चालनको लागि अनुदानको व्यवस्थापन हुँदै आएको छ । प्राकृतिक चिकित्सा, होमियोपेथिक जस्ता वैकल्पिक चिकित्सा सेवा विस्तार गर्न नेपाल सरकारसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन भइरहेको छ भने चितवनको रत्ननगरमा प्रादेशिक वैद्यखाना स्थापना गरी कर्मचारी व्यवस्थापनको कार्य भइरहेको छ ।

सरकारी स्वास्थ्य संस्था र स्वास्थ्य प्रतिष्ठान र मेडिकल कलेजबाट स्थानीय तहमा विशेषज्ञ स्वास्थ्य सेवा र संस्थागत क्लिनिक सञ्चालन गर्न आवश्यक समन्वय गर्ने, स्वास्थ्य सेवाको सहज पहुँचको लागि कानुनी र नीतिगत व्यवस्थाहरू गरी व्यवधान हटाउने, स्वास्थ्य बिमालाई प्रदेश स्वस्थ्य प्रणालीसँग समन्वयात्मक रूपमा कार्य गर्नेगरी संयन्त्र सुदृढीकरण र नियमन गर्ने, जीवनपथको अवधारणा अनुरूप मातृशिशु, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक लगायतका सबै उमेर समूहका नागरिकको स्वास्थ्य सेवाको आवश्यकता सम्बोधन गर्न आवश्यक व्यवस्था मिलाउने र आयुर्वेद एवम् वैकल्पिक चिकित्सा पद्धतिलाई विशिष्टताको आधारमा एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराउने कार्यनीतिहरू कार्यान्वयनमा आउन सकेका छैनन् ।

स्वास्थ्य संस्था र सेवाहरूको विस्तार गर्ने रणनीतिअन्तर्गत १० ओटा कार्यनीति तय गरिएकोमा आवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मी सहितको सेवा विस्तार गर्ने कार्यनीति अनुरूप स्वास्थ्य संस्थामा औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मी उपलब्ध गराउने कार्य भइरहेको, प्रादेशिक

अस्पतालमा सेवा विस्तार गर्न डाइलाइसिस सेवा, अर्थोपेडिक सेवा, गाइनेकोलोजी सेवा, CEONC सेवा स्थापना गरिएको, प्रदेश सरकारअन्तर्गतका १३ अस्पतालमा पिसिआर ल्याब स्थापना भएको, १२ अस्पताल र एक प्राथमिक स्वास्थ्य केन्द्रमा अक्सिजन प्लान्ट जडान भएको छ भने ११ अस्पतालमा NICU स्थापना गर्ने कार्य अगाडि बढेको छ । स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन प्रादेशिक अस्पतालको भौतिक पूर्वाधार निर्माण भइरहेको छ भने जनशक्ति व्यवस्थापनको लागि करार प्रक्रियाबाट जनशक्ति आपूर्ति गरिएको छ । अस्पतालबाट प्रदान गरिने विशिष्टीकृत सेवाको पहुँच अभिवृद्धि गर्न विगतमा विशिष्टीकृत सेवा दिइरहेका त्रिशूली, भक्तपुर, रसुवा, चौतारा, धादिङ, हेटौंडा, रामेछाप र सिन्धुली गरी आठ अस्पतालमा बकुलहर, टोखा, वज्रवाराही, पशुपति चौलागाईं र मेथिनकोट गरी पाँच अस्पताल थप गरी १३ पुऱ्याइएको छ भने अस्पतालको प्रेषण सेवालाई व्यवस्थित गर्नको लागि प्रदेशस्तरीय एम्बुलेन्स डिस्प्याच सेन्टर धादिङ, हेटौंडा, धुलिखेल र काठमाडौंमा स्थापना गर्ने प्रक्रिया अगाडि बढेको छ ।

वडामा आवश्यकताको आधारमा प्रसूति सेवासहितको स्वास्थ्य चौकी स्थापना गर्न स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने कार्यनीति अनुरूप प्रदेशका दुर्गम वडामा खोप तथा गाँउघर क्लिनिक सेवाको पहुँच स्थापना र गुणस्तर सुनिश्चित गर्न ११९ स्थानमा गाँउघर र खोप क्लिनिक स्थापना गरिएको छ । मानसिक रोग, उच्च रक्तचाप, दीर्घ स्वासप्रश्वास रोग, मधुमेह, मुटु रोग लगायतका नसर्ने रोगहरू तथा सडक दुर्घटनाको रोकथाम र नियन्त्रण उपायको रूपमा सचेतना र स्वास्थ्य प्रवर्धन कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्न सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने तथा दुर्गम र पिछडिएको क्षेत्रहरूमा स्वास्थ्य सेवा विस्तार र गुणस्तरीय बनाउन यी क्षेत्रको मानसिक स्वास्थ्यको सुधारको लागि रसुवा र सिन्धुपाल्चोकमा दुर स्वास्थ्य सेवा सञ्चालनमा ल्याइएको छ । दुर्गम र ग्रामीण क्षेत्रमा घुम्ती तथा स्याटेलाइट स्वास्थ्य सेवा सञ्चालन गर्ने कार्यनीतिअन्तर्गत फूलखर्क ग्रामीण अस्पताल, कालिन्चोक, भाल्चे र तातोपानी स्वास्थ्य चौकी, जलबिरे प्राथमिक स्वास्थ्य केन्द्र र चितवन अस्पतालमा वातानुकूलन प्रणाली जडान गरिएको छ ।

अति सीमान्तकृत एवम् लोपोन्मुख समुदायका आमाले स्वास्थ्य संस्थामा प्रसूति गराएमा र बालबालिकालाई पूर्ण खोप लगाएमा प्रोत्साहन भत्तास्वरूप रु ५००० उपलब्ध गराउने कार्य भइरहेको छ। विद्यालय नर्स कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तह र सङ्घसँग सहकार्य गरी यसको विकास र दिगोपनाको लागि समेत आवश्यक कार्य गर्ने कार्यनीतिअन्तर्गत प्रदेशअन्तर्गतका ४५९ माध्यमिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम कार्यान्वयन भइरहेको छ । राजमार्ग क्षेत्रमा निश्चित दुरीमा अवस्थित स्वास्थ्य संस्थालाई सडक दुर्घटनाको तत्काल सम्बोधन गर्न सक्ने गरी सवलीकरण गर्नको लागि राजमार्ग नजिकका स्वास्थ्य संस्थाहरूको लागि दुर्घटनाबाट घाइते हुनेको उपचारको लागि सामग्रीको व्यवस्थापन गरिएको छ ।

मानसिक स्वास्थ्य सेवा विस्तार गरी पहुँच सहज बनाउने र स्थानीय तहमा अस्पताल स्थापनाको लागि स्थानीय तहसँग समन्वय र सहजीकरण गर्ने कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् । स्वास्थ्य

सेवाको गुणस्तर सुनिश्चित गर्ने रणनीतिअन्तर्गत ५ कार्यनीति निर्धारण गरिएकोमा स्वास्थ्य जनशक्तिको ज्ञान, सिप र दक्षता विकास र अभिवृद्धिका लागि आवश्यक तालिम र अभिमुखीकरण लगायतका क्रियाकलापको योजना तथा सञ्चालन र स्वास्थ्यसम्बन्धी तालिमको नियमन गर्ने कार्यनीति अनुरूप प्रदेश स्वास्थ्य तालिम केन्द्रबाट विभिन्न तालिमको आयोजना भइरहेको छ । त्यसैगरी स्वास्थ्यजन्य महामारी तथा प्रकोप, इमर्जिङ र रिइमर्जिङ रोगहरूको रोकथाम तथा व्यवस्थापनको अग्रिम तयारीको लागि RRT, CICTT टोली गठन गरी परिचालन गरिएको छ भने जिल्लास्तरमा समन्वय समिति गठन गरिएको छ । आकस्मिक कोष, जनशक्ति, औषधि तथा अन्य आवश्यक सामग्रीसहितको प्रादेशिक आपत्कालीन व्यवस्थापनको लागि प्रादेशिक आपत्कालीन स्वास्थ्य व्यवस्थापन केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ ।

स्वास्थ्य संस्थाको स्तर मापदण्डअनुसार स्वास्थ्यसम्बन्धी पूर्वाधारको विकास ज्येष्ठ नागरिक, अपाङ्ग, लैङ्गिकमैत्री हुनेगरी बनाउने, स्वास्थ्यलाई हानि गर्ने सुर्तीजन्य पदार्थ, मदिरा, लागु औषध, अखाद्य वस्तुहरूको मिसावट र प्रयोगलाई न्यूनीकरण गर्न आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयनन गर्ने र स्वास्थ्यलाई हानि गर्ने खाद्य पदार्थमा रहेको रासायनिक पदार्थको परीक्षणका लागि आवश्यक व्यवस्था गर्न स्थानीय तहलाई सहयोग गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

सबै क्षेत्रको सार्वजनिक नीतिको तर्जुमा र कार्यान्वयनमा स्वास्थ्यसम्बन्धी विषयलाई समावेश गर्ने रणनीतिअन्तर्गत चार कार्यनीति रहेकोमा “स्वास्थ्य सबै नीतिमा” भन्ने विश्वव्यापी नारालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि बहुक्षेत्रीय समन्वय र सहकार्यको लागि निर्देशिका बनाई लागु गर्ने, स्वास्थ्य साक्षरता वृद्धि गर्न, खाद्य पदार्थमा विषादीको प्रयोगको न्यूनीकरण र नियमन गर्न, स्वस्थ खाद्य सामग्रीको उपलब्धता गराउन, स्वस्थ वातावरणको सिर्जना गर्न, स्वच्छ पानी र सरसफाइको व्यवस्था गर्न, स्वस्थ आवास र सुरक्षित पूर्वाधारको व्यवस्था गर्न आवश्यक नीतिगत र कानुनी व्यवस्था लगायतका संयन्त्र विकास गरी सम्बन्धित निकायसँग पैरवी, समन्वय र सहकार्य गर्ने, बहुक्षेत्रीय पोषण कार्यक्रमलाई स्वास्थ्यसँग आबद्ध गरी प्रभावकारी रूपमा सञ्चालन गर्न स्थानीय तहसँग सहकार्य गर्ने र विद्यालय शिक्षामा स्वास्थ्य र सरसफाइलाई विद्यालय स्वास्थ्य कार्यक्रमसँग आबद्ध गर्ने कार्यनीति कार्यान्वयनमा आउन सकेको छैन ।

स्वास्थ्य क्षेत्रमा सुशासन अभिवृद्धि गर्ने रणनीतिअन्तर्गत स्वास्थ्य सेवालाई जनउत्तरदायी, जिम्मेवार, पारदर्शी र प्रभावकारी बनाउन सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ लगायतका कार्यक्रम निरन्तर सञ्चालन गर्ने कार्यनीति रहेकोमा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ लगायतका कार्य निरन्तर सञ्चालनमा रहेको छ भने स्वास्थ्य सेवामा समयानुकूल सुधार, तथ्यमा आधारित योजना तर्जुमा गर्न एवम् नवप्रविधिको विकासको लागि अनुसन्धान र विकासलाई जोड दिदै नीतिगत र कानुनी व्यवस्था समेत गर्ने कार्यनीतिअन्तर्गत स्वास्थ्यसम्बन्धी नीति र कार्यक्रममा तर्जुमा गर्दा प्राथमिकतामा राखिएको छ । जनसङ्ख्या, भौगोलिक अवस्था र आवश्यकतासमेत विचार गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी

प्रदेश भित्रका स्वास्थ्य संस्थामा कार्य र सेवाबोझको आधारमा समयानुकूल र आवश्यक स्वास्थ्यकर्मीको पद र दरबन्दीको सर्वेक्षण, निर्धारण र व्यवस्थापन मिलाई स्वास्थ्य सेवामा सुशासन कायम गर्ने कार्यनीति अनुरूप स्वास्थ्य संस्थाहरूको सङ्गठन तथा व्यवस्थापन गर्ने कार्य हुँदै आएको छ ।

त्यसबाहेक विकट क्षेत्रका स्वास्थ्यकर्मीलाई काम गर्न प्रोत्साहित गर्न विशेष सुविधा र अवसरको व्यवस्था गर्ने, स्वास्थ्यकर्मीको कार्यसम्पादनलाई निजको सेवासँग घनिष्ट रूपमा आबद्ध गर्ने, वित्तीय सुशासन अभिवृद्धि गरी स्वास्थ्य क्षेत्रको वित्तीय जोखिम न्यूनीकरण गर्ने, एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीसँग सम्बन्धित सूचनाको गुणस्तरीय र प्रविधिमैत्री सङ्कलन, सम्प्रेषण र उपभोगलाई व्यवस्थित गर्न प्रदेश स्वास्थ्य सूचना प्रणाली विकास गर्ने र प्रदेशको स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई स्थानीय तहको स्वास्थ्य सूचना प्रणालीसँग आबद्ध गर्ने कार्यनीति भने कार्यान्वयनमा आउन सकेका छैनन् ।

स्वास्थ्य प्रवर्धन र स्वास्थ्यसम्बन्धी जनचेतना विस्तार गर्ने रणनीतिअन्तर्गत स्वस्थ बानी, व्यवहार र अभ्यासको प्रवर्धन घर घरसम्म पुऱ्याउन स्थानीय तहसँगको समन्वय र सहकार्यमा शारीरिक अभ्यास र सुगठनका लागि व्यायाम हल, योगाभ्यास केन्द्र निर्माण र पैरवी गर्ने कार्यनीति अनुरूप व्यायाम हल र योगाभ्यास केन्द्र निर्माणको लागि विशेष अनुदान कार्यक्रम सञ्चालन भइरहेको छ । शरीरलाई हानि पुऱ्याउने सुर्तीजन्य पदार्थ, मदिरा, रासायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य, प्रशोधित तथा तयारी खाना र पत्रु खाद्य पदार्थ विरुद्ध जनचेतनामूलक र यस्ता पदार्थको तथ्यहीन र भ्रमपूर्ण प्रचार र विज्ञापनलाई नियन्त्रण र नियमन गर्ने कार्यक्रम सञ्चालन गर्ने कार्यनीतिअनुसार पत्रु खाद्यपदार्थ विरुद्धको अभियानलाई एक विद्यालय एक नर्स कार्यक्रममार्फत स्थानीय तहको अगुवाइमा अगाडि बढाइएको छ ।

प्रवर्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रम स्थानीय तहसँग समन्वय र सहकार्य गरी व्यापक रूपमा सञ्चालन गर्ने, स्वस्थ्य बानी, व्यवहार र अभ्यासको प्रवर्धन गर्न सूचना र सञ्चार प्रविधिलाई अभियानको रूपमा सञ्चालन गर्ने, खेलकुद र स्वास्थ्यलाई अभिन्न अङ्गको रूपमा विकास गर्न सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय, सहकार्य, पैरवी र संयन्त्रको विकास गर्ने, स्थानीय रूपमा उपलब्ध पौष्टिक खाना तथा पोषणलाई प्रवर्धन गर्ने र जीवनशैलीजन्य रोगहरू मधुमेह, दीर्घ श्वासप्रश्वास रोग, क्यान्सर, मुटुरोग र मानसिक स्वास्थ्य समस्यालाई रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य प्रवर्धन कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

प्रजनन स्वास्थ्यलाई अधिकारको रूपमा स्थापित र सुनिश्चित गर्ने रणनीतिअन्तर्गत किशोरी गर्भ र त्यस्ता आमाबाट हुने जन्मदर घटाउने, बालविवाह न्यूनीकरण गर्ने कार्यक्रम सञ्चालन गर्ने कार्यनीति कार्यान्वयनको लागि सुरक्षित यौन तथा प्रजनन स्वास्थ्य प्रवर्धन र व्यवस्थित परिवारका अवधारणालाई प्रोत्साहित गर्न विशेष कार्यक्रमहरू सञ्चालन भइरहेको छ । यो रणनीतिअन्तर्गत किशोर किशोरी तथा युवायुवतीका लागि जीवनोपयोगी सिप र क्षमता विकास तथा अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने र लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मान्यताअनुरूप स्वास्थ्य, जनसङ्ख्या र दीगो विकास कार्यक्रममा लक्षित वर्गको सहभागितालाई सुनिश्चित गर्ने कार्यनीतिहरू हालसम्म कार्यान्वयनमा आएका छैनन् ।

जनसङ्ख्या, आन्तरिक बसाइँसराइ र सहरीकरणलाई व्यवस्थित गर्ने रणनीतिअन्तर्गत ५ ओटा कार्यनीति रहेकोमा विकास कार्यक्रम र जनसङ्ख्याबिच सामञ्जस्य कायम गर्दै जनसङ्ख्या व्यवस्थापनलाई समन्वयात्मक रूपमा सञ्चालन गर्न विविध पक्षलाई समेटी जनसङ्ख्या व्यवस्थापन कार्यक्रम कार्यान्वयन भइरहेको छ । यो कार्यनीतिबाहेक यस रणनीतिअन्तर्गतका बाँकी आन्तरिक बसाइँसराइ र सहरीकरणलाई निरुत्साहित गर्न नागरिक बसोबास गरेकै स्थानमा शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, सडक सञ्जाल, सञ्चार, सूचना प्रविधि र निर्माण लगायतका समानुपातिक विकास गर्ने र रोजगारीको अवसर सिर्जना समन्वय गर्ने, जनसङ्ख्या र बसाइँसराइसम्बन्धी नीति र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, जन्म, मृत्यु, विवाह, बसाइँसराइ जस्ता घटना दर्तालाई अनिवार्य गर्ने कार्य स्थानीय तहसँगको समन्वयमा गर्ने र जनसङ्ख्या र बसाइँसराइसम्बन्धी सूचना, तथ्याङ्क र अभिलेखलाई पारदर्शी, वैज्ञानिक, अध्यावधिक बनाउन र त्यस्ता सूचना नीति र योजना तर्जुमामा उपायोग गर्न जनसङ्ख्या र बसाइँसराइ अध्ययन र अनुसन्धानलाई जोड दिने कार्यनीतिहरू कार्यान्वयनमा आउन सकेका छैनन् ।

यसरी योजना अवधिमा ९ रणनीतिअन्तर्गत कुल ४९ कार्यनीति प्रस्ताव गरिएकोमा पहिलो तीन वर्ष अवधिमा ३७ ओटा कार्यनीति कार्यान्वयनमा आएका छैनन् । स्वास्थ्य, पोषण, जनसङ्ख्या र बसाइँसराइ क्षेत्रका रणनीति र सोअन्तर्गतका कार्यनीति कार्यान्वयनको अवस्थाको विस्तृत विवरण *अनुसूची* ९ मा संलग्न गरिएको छ ।

### ४.२.२.२ परिमाणात्मक उपलब्धि

विगत तीन आर्थिक वर्षमा ५ वर्ष मुनिका कम तौल भएका बालबालिकाको प्रतिशत ५० भन्दा कम भएको छ । चार पटक गर्भवती जाँच गराउनेको प्रतिशत, संस्थागत सुत्केरी सेवाको दायराको प्रतिशत, दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने गर्भवती महिलाको प्रतिशत, सुत्केरी तथा नवशिशु जाँच (तेस्रो) दायराको प्रतिशत लक्ष्यभन्दा बढी भएको छ । त्यसैगरी परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजननयोग्य महिला ५५ प्रतिशत, जिल्ला अस्पताललाई प्रेषण/रिफरल अस्पतालको रूपमा विकास गर्ने अस्पतालको सङ्ख्या, अस्पतालजन्य फोहरको वैज्ञानिक व्यवस्थापन भएका अस्पताल, आयुर्वेद लगायत वैकल्पिक स्वास्थ्य सेवाको स्तरोन्नति गरिने स्वास्थ्य संस्थाको सङ्ख्यामा पनि उल्लेखनीय प्रगति भएको छ । औलो रोग लागेको बिरामीको सङ्ख्या, औलो रोगबाट सङ्क्रमित व्यक्ति (इन्डोजेनस सङ्क्रमण मात्र) सङ्ख्या, प्रतिलाखमा क्षयरोगको Case Notification Rate र नयाँ कुष्ठ रोगका बिरामीको सङ्ख्यामा पनि लक्ष्यभन्दा बढी प्रगति भएको छ ।

पूर्ण खोपको दायरा (१५ महिना मुनिका बालबालिका) को प्रतिशतमा ९५.७६ प्रतिशत र विद्यालय नर्स सेवा विस्तार भएका विद्यालयको सङ्ख्यामा ६२.७१ प्रतिशत प्रगति भएको छ । बाँकी मानसिक स्वास्थ्य सेवा विस्तार भएका स्वास्थ्य संस्थाको सङ्ख्या, एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सङ्ख्या

र विस्तारित पोषण पुन:स्थापना केन्द्रको सङ्ख्यामा ५० प्रतिशतभन्दा कम प्रगति रहेको छ । स्वास्थ्य बिमा गर्नेको सङ्ख्या ४ लाख नाघेको छ । जनसङ्ख्या र बसाइँसराइतर्फ पूर्ण खोपको दायरा (१५ महिना मुनिका बालबालिका) को प्रतिशतमा ९५ भन्दा बढी प्रगति भएको छ भने परिवार नियोजनको आधुनिक साधनको प्रयोगकर्ताको दरमा ५४ प्रतिशत मात्र प्रगति भएको छ ।

समीक्षा अवधिमा स्वास्थ्य र पोषणतर्फको नतिजा खाकाको असर तहका १२ मध्ये १, प्रतिफल तहका ४५ मध्ये १९ नतिजा सूचकमा मात्र प्रतिवेदन प्राप्त भएको छ भने प्रभाव तहको सूचकमा कुनै प्रतिवेदन प्राप्त भएको छैन । त्यसैगरी जनसङ्ख्या र बसाइँसराइतर्फ असर तहका १४ मध्ये २ ओटा नतिजा सूचकमा मात्र प्रतिवेदन प्राप्त भएको छ भने प्रभाव तहका ५ नतिजा सूचकमध्ये कुनै पनि सूचकमा प्रतिवेदन प्राप्त भएको छैन । स्वास्थ्य तथा पोषण र जनसङ्ख्या तथा बसाइँसराइ उपक्षेत्रको परिमाणात्मक लक्ष्य एवम् प्रगति अवस्थालाई तलको तालिकामा क्रमशः प्रस्तुत गरिएको छ ।

तालिका २४: स्वास्थ्य तथा पोषण उपक्षेत्रका परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण

| नतिजाको तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| अपेक्षित आयु) जन्म हुँदाको समय | वर्ष | ७२ | ७३.४४ | |
| **असर** | | | | |
| ५ वर्ष मुनिको बालमृत्यु दर(प्रतिहजार जीवित जन्ममा) | जना | ३६.० | २५.२ | |
| शिशु मृत्युदर(प्रतिहजार जीवित जन्ममा) | जना | २९.० | २०.० | |
| नवजात शिशु मृत्युदर(प्रतिहजार जीवित जन्ममा) | जना | १७ | १२.२ | |
| आधा घण्टाको दुरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार | प्रतिशत | ५०.६ | ७०.०४ | |
| ५ वर्षभन्दा मुनिका बालबालिकामा भएको पुड्कोपन (उमेर अनुसार उचाइ कम) | प्रतिशत | २९.४ | १७.७६ | |
| ५ वर्ष मुनिका कमतौल भएका बालबालिका | प्रतिशत | १३.३ | ९.५२ | २.१(<2yrs) |
| ५ वर्ष मुनिका ख्याउटेपन भएका बालबालिका | प्रतिशत | ४.२ | ३.० | |
| ५ वर्ष मुनिका बालबालिकामा रक्तअल्पत्ता | प्रतिशत | ४२.८ | २९.७२ | |
| प्रजननयोग्य (१५देखि ४९वर्षका) महिलामा रक्तअल्पत्ता | प्रतिशत | २९ | २० | |
| कुल प्रजनन दर | प्रतिशत | १.८ | १.७४ | |
| कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | ४२.१ | २८.८४ | |
| आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ५५ | ७३ | |
| **प्रतिफल तह** | | | | |
| प्रोटोकल अनुसार (४पटक) गर्भवती जाँच | प्रतिशत | ४९.० | ७०.० | १३९ |
| संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | ७०.७ | ८१.०८ | ९८.६ |
| दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिने गर्भवती महिला | प्रतिशत | ६९.९ | ७९.० | ९७.७ |
| नवजात शिशुको विशेष उपचार सेवा उपलब्ध भएका स्थानीय तह | सङ्ख्या | ६.० | १०.० | |

| नतिजाको तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| नवजात शिशुको सघन उपचार सेवा उपलब्ध भएका स्थानीय तह | सङ्ख्या | ३.० | ६.० | |
| सुत्केरी तथा नवशिशु जाँच (तेस्रो) को दायरा | प्रतिशत | ९.६ | २५.० | ४२.२ |
| पूर्ण खोपको दायरा (१५ महिना मुनिको बालबालिका) | प्रतिशत | ८५.० | ९२.० | ८८.१ |
| परिवार नियोजनका आधुनिक साधन प्रयोग गर्ने प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ४९.० | ५५.० | ३०.४ |
| स्वास्थ्यकर्मीको अनुपात (Proxy indicator - national data, Provincial data not available) | प्रति हजार जनसङ्ख्या | ०.३७* | | |
| डाक्टरको अनुपात (Proxy indicator - national data, Provincial data not available) | प्रतिहजार जनसङ्ख्या | ०.१८* | | |
| नर्सको अनुपात (Proxy indicator - national data, Provincial data not available) | प्रतिहजार जनसङ्ख्या | ०.५* | | |
| स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ६.४ | ३०.० | ४३९५९५ |
| विशिष्टीकृत उपचार सेवा प्रदान गर्ने स्वास्थ्य संस्था | सङ्ख्या | ०.० | ६.० | |
| आयुर्वेद लगायत वैकल्पिक चिकित्सा पद्धतिको सेवा प्रदान गर्ने स्वास्थ्य संस्था | सङ्ख्या | ६८ | ८० | १३ |
| स्वास्थ्य संस्थामा वर्षैभरी आधारभूत औषधीको (tracer drugs) उपलब्धता | स्थानीय तह | ० | ६५ | |
| नवजात शिशु स्थिरीकरण (Stabilization) केन्द्र विस्तार | सङ्ख्या | ११ | १२ | |
| जिल्ला अस्पताललाई प्रेषण/रिफरल अस्पतालको रूपमा विकास | सङ्ख्या | २ | ६ | ५.९ |
| अस्पतालजन्य फोहोरको वैज्ञानिक व्यवस्थापन भएका अस्पताल | प्रतिशत | १ | ६ | १३ |
| ट्रमासेन्टर सहितको विशिष्टीकृत उपचार सेवा विस्तार | सङ्ख्या | २ | ४ | |
| मानसिक स्वास्थ्य सेवा विस्तार भएका स्वास्थ्य संस्था | सङ्ख्या | ० | १५ | १ |
| एकद्वार सङ्कट व्यवस्थापन केन्द्र | सङ्ख्या | ८ | ११ | ५ |
| विद्यालय नर्स सेवा विस्तार भएका विद्यालय | सङ्ख्या | २० | ७०० | ४३९ |
| अस्पतालहरूमा आयुर्वेद लगायत वैकल्पिक उपचारको एकीकृत सेवा | सङ्ख्या | ० | ३ | |
| आयुर्वेद लगायत वैकल्पिक स्वास्थ्य सेवाको स्तरोन्नति | सङ्ख्या | ० | ५ | ७ |
| बहुक्षेत्रीय पोषण कार्यक्रम विस्तार | स्थानीयतह | ५१ | ८५ | |
| पोषण पुनर्स्थापना केन्द्र विस्तार | सङ्ख्या | ३ | ५ | २ |
| १ घण्टाभित्र स्तनपान गराउने आमा | प्रतिशत | ५६.४ | ७८.० | |
| स्तनपान गराउने औसत अवधि | महिना | ३.६ | ५.५ | |
| औलोरोग पत्ता लागेको बिरामी सङ्ख्या | प्रतिलाख | ०.०२ | ०.००१ | ०.०२ |
| औलो रोगबाट सङ्क्रमित व्यक्ति (इन्डोजेनस सङ्क्रमण मात्र) | जना | ९ | ४ | १ |
| एचआइभी सङ्क्रमित व्यक्ति (नयाँ) | जना | ६३० | ४०० | |
| गर्भवती महिलामध्ये पीएमटीसीटी सेवा पाएका महिला | प्रतिशत | ७६ | ८४ | |
| क्षयरोग (Case Notification Rate) | प्रतिलाख | १२१ | १४० | १४३.४ |

| नतिजाको तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| १५वर्ष माथिका उमेरका महिलाहरूमा उच्च रक्तचापको दर | प्रतिशत | १९ | १७.८ | |
| १५वर्ष माथिका उमेरका पुरूषहरूमा उच्च रक्तचापको दर | प्रतिशत | २९ | २६.६ | |
| किशोरी अवस्थाको प्रजनन (प्रजननयोग्य उमेरका महिलाको अनुपात) | प्रतिशत | १० | ६.४० | |
| प्रजननयोग्य उमेरका महिलामा परिवार नियोजनका आधुनिक साधनको न्युनता | प्रतिशत | २० | ११.६० | |
| **संवेदनशील रोगको प्रिभ्यालेन्स** | | | | |
| कुष्ठ रोगका बिरामीहरू New cases | सङ्ख्या | २७७१* | ११८७ | ८३ |
| कालाजारको सङ्क्रमण भएका व्यक्ति (प्रति दश हजारमा) | सङ्ख्या | ० | ० | |
| हात्ती पाइले | प्रतिलाख | २०५ | १४० | |
| डेङ्गे | सङ्ख्या | ४६५ | २५० | |
| हेपाटाइटिस बी | सङ्ख्या | NA | | |
| ट्रकोमा | सङ्ख्या | १६९७ | ९५० | |
| पछिल्लो २ हप्तामा पखाला लागेका ५ वर्ष मुनिका बालबालिका | प्रतिशत | १२* | ७.८ | |
| प्रयोगशाला परीक्षणबाट पत्ता लागेका इन्फ्युन्जाका बिरामीहरू (H1N1) | सङ्ख्या | २०४* | ११४ | |

तालिका २५: जनसङ्ख्या र बसाइँसराइ उपक्षेत्रका परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधारवर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| कुल प्रजनन दर | प्रतिमहिला | १.८ | १.८ | |
| अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७२ | ७३.४४ | |
| सक्रीय उमेरको जनसङ्ख्या | प्रतिशत | ६२.९ | ६४ | |
| खुद आन्तरिक बसाइँसराइ उच्च भएका जिल्ला | सङ्ख्या | ४ | १.६ | |
| ऋणात्मक जनसङ्ख्या वृद्धिदर भएका जिल्ला | सङ्ख्या | ७ | ३ | |
| जनघनत्व | जना/वकिमी | २७२ | ३२०.६० | |
| **असर तह** | | | | |
| शिशुमृत्यु दर | प्रतिहजार जीवित जन्ममा | २९.० | २०.० | |
| श्रमशक्ति सहभगिता दर | प्रतिशत | ४७.१ | ५३.६ | |
| वेरोजगारी दर | प्रतिशत | ७.० | | |
| किशोरी अवस्थामा गर्भवती वा आमा भएका | प्रतिशत | १० | ७ | |
| पहिलो बच्चा जन्माउने औषत उमेर | वर्ष | २१.४ | २२.३ | |
| ५ वर्ष मुनिको बालमृत्यु दर | प्रतिहजार जीवित जन्ममा | ३६.० | २५.२ | |
| शिशुमृत्यु दर | प्रतिहजार जीवित जन्ममा | २९.० | २०.० | |
| पहिलो विवाह गर्ने औषत उमेर | वर्ष | २१.२ | २१.६ | |

| नतिजा तह अनुसार सूचक | एकाइ | आधारवर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| कुल प्रजनन दर र इच्छित प्रजनन दरको अन्तर | प्रतिशत | २८ | २० | |
| परिवार नियोजनका आधुनिक साधनको प्रयोगकर्ता दर | प्रतिशत | ४९ | ५५ | ३०.४ |
| परिवार नियोजनका आधुनिक साधनको न्यूनता | प्रतिशत | २० | १७ | |
| पूर्णखोपको दायरा (१५ महिना मुनिको बालबालिका) | प्रतिशत | ८५ | ९२ | ८८.१ |
| विदेश गएको अनुपस्थित जनसङ्ख्या | प्रतिशत | | | |
| जनसङ्ख्यामा आश्रित अनुपात | अनुपात | ५९ | ५५.४० | |

## ४.२.३ समस्या र सुझावहरू

**क. समस्याहरू**

यस उपक्षेत्रको लागि तय गरिएका कार्यनीति कार्यान्वयनको अवस्था कमजोर छ । हालसम्म पचहत्तर प्रतिशतभन्दा बढी कार्यनीति कार्यान्वयन हुन सकेका छैनन् । स्वास्थ्य र पोषण तर्फका ५८ सूचकमध्ये २० ओटा र जनसङ्ख्या र बसाईंसराइ तर्फका १७ मध्ये २ ओटाको मात्र उपलब्धि प्रतिवेदन भएको छ। प्रतिवेदन प्राप्त भएकामध्ये पनि ३ ओटामा ७५ र ३ ओटामा ५० प्रतिशतभन्दा कम प्रगति भएको छ ।

कार्यनीतिको सङ्ख्या अत्याधिक हुनु, सरकारको संस्थागत क्षमता सीमित हुनु, तीन तहका सरकारबिच समन्वय र सहकार्यको उपयुक्त वातावरण बन्न नसक्नु, जनशक्तिको व्यवस्थापन र परिचालन प्रभावकारी हुन नसक्नु, सूचना प्रणालीको अभाव र योजना र वार्षिक कार्यक्रमबिच कमजोर तादात्म्य यस उपक्षेत्रका प्रमुख समस्या हुन् । स्वास्थ्य सेवाको गुणस्तर र सेवामा सबै वर्ग र समूहको पहुँच सुनिश्चितताको लागि लक्षित वर्गको पहिचान र विद्यमान अवरोध पहिल्याउन सकिएको छैन । विशेषगरी प्रवर्धनात्मक स्वास्थ्य र विकासका सबै क्षेत्रमा जनस्वास्थ्यका गतिविधिलाई समाहित गर्ने कार्यमा ठोस प्रगति भएको छैन । परम्परागत उपचार पद्धतिलाई लोप हुनबाट बचाउन र यसको यथोचित विकासको लागि प्रदेशबाट कार्य हुन सकेको छैन । जनसङ्ख्या र बसाईंसराइको क्षेत्रमा खासै गतिविधि सञ्चालन हुन सकेको छैन ।

**ख. सुझावहरू**

यस अवस्थामा योजनाको बाँकी अवधिको लागि कार्यान्वयनमा नआएकामध्ये तत्काल कार्यान्वयन गर्न सकिने र प्रभावकारी हुने कम से कम कार्यनीति छनोट गरी कार्यान्वयनमा ल्याउन उपयुक्त हुन्छ । साथै हालसम्म लक्ष्यको तुलनामा कमजोर प्रगति भएका गतिविधिलाई सुदृढ गर्दै योजनाले निर्दिष्ट गरेका लक्ष्य सम्पूर्ण रूपमा प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्दछ । खासगरी सबै क्षेत्रका गतिविधिमा

जनस्वास्थ्यका गतिविधिलाई समाहित गर्नको लागि समन्वयात्मक वातावरण तयार गर्ने, प्रवर्धनात्मक गतिविधिलाई जोड दिने, प्रदेश भित्र खेलकुद अस्पताल वा क्लिनिक स्थापना गरी सञ्चालनमा ल्याउने, परम्परागत उपचार पद्धतिमध्ये कुनै एकको केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने, स्वास्थ्य क्षेत्रमा विद्यमान जनशक्तिको उपलब्धता र परिचालनमा देखिएका समस्या समाधान गर्ने र तीन तहका सरकारबिच आबद्धता भएको स्वास्थ्य सेवा सूचना प्रणालीको विकासलाई प्रथमिकतामा राख्नु पर्दछ । प्रदेश भित्र आयुर्वेदीय औषधि उत्पादन केन्द्र स्थापना भइसकेको सन्दर्भमा प्रदेश भित्र जडीबुटी उत्पादनलाई प्रवर्धन गर्ने कार्यलाई पनि प्राथमिकतामा राख्नु पर्दछ । त्यसैगरी स्वास्थ्य बिमा कार्यक्रमको प्रवर्धनमा सहयोग गरेर बिमाको कभरेज बढाउन ध्यान दिनु पर्दछ । यस अवधिमा प्रदेशले जनसङ्ख्या र बसाइँसराइको नीति बनाउनु उपयुक्त हुन्छ ।

## ४.३ लैङ्गिक समानता, सामाजिक समावेशीकरण र संरक्षण

### ४.३.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा नै समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तको आधारमा समतामूलक समाज निर्माणको लागि लैङ्गिक हिंसा र छुवाछुत लगायत सबै किसिमका विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सङ्कल्प गरिएको छ । महिला अधिकार लगायत विपन्न, लोपोन्मुख तथा सीमान्तकृत समुदायले राज्यबाट पाउनुपर्ने आधारभूत मानवीय सेवा सुविधाको समावेशी पहुँच र उपभोगका लागि जवाफदेही शासन प्रणालीको स्थापना गर्ने परिकल्पना संविधानले गरेको छ । दिगो विकासमा लैङ्गिक समानता हासिल गर्ने तथा महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने र शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच स्थापना गर्ने र प्रभावकारी, उत्तरदायी तथा समावेशी संस्थाहरूको निर्माण गर्ने लक्ष्य रहेको छ ।

महिलाको हकसम्बन्धी नीति निर्माण र सोको नियमन, लैङ्गिक उत्तरदायी बजेट र परीक्षण, महिला सशक्तीकरण, लैङ्गिक समता, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग, लोपोन्मुख सीमान्तकृत समुदायको विकास र संरक्षण, महिला सशक्तीकरण तथा लैङ्गिक समतासम्बन्धी अध्ययन अनुसन्धान, बालबालिकाको हकहितसम्बन्धी नीति निर्माण र नियमन, अध्ययन अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन, बाल सुधार र पुनर्स्थापना, ज्येष्ठ नागरिक, अपाङ्ग र असक्त, बालबालिका र महिलासम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन, समाज कल्याण र सङ्घसंस्थासम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन प्रदेशको क्षेत्राधिकारमा छ ।

योजना तर्जुमा गर्दाको अवस्थामा प्रदेश तहमा महिला र दलितको प्रतिनिधित्व ४४.५२ र प्रदेश सभामा ३४.५५ प्रतिशत, लैङ्गिक असमानता सूचक ०.४८९, माहिला मानव विकास सूचक ०.५२१, बालविवाह २९ प्रतिशत, आफनो कमाइ खर्च गर्ने महिला ५८.६ प्रतिशत, पतिको कमाइ खर्च गर्ने महिला १४.९

प्रतिशत, घरको स्वमित्व भएका महिला ८.९ प्रतिशत, जग्गाको स्वामित्व रहेका महिला १३.४ प्रतिशत, महिला श्रमशक्ति सहभागिता दर २६.३ प्रतिशत, पुरुष श्रमशक्ति सहभागिता दर ५३.८ प्रतिशत, महिला वेरोजगारी १३.१ र पुरुष वेरोजगारी १०.३ रहेको छ ।

त्यसै गरी साक्षरतामा महिला ६७.०४ र पुरुष ८२.८२ प्रतिशत, पाँच वर्ष मुनिका शिशुको मृत्यु दर उच्च शैक्षिकस्तर भएका महिलामा २१ र कम भएकामा ६०, बालमृत्युदर धनी समूहमा ६ र गरिबमा १२ रहेको छ । पन्ध्र वर्षको उमेरदेखि शारीरिक हिंसा भोगेका महिला १९.१६ प्रतिशत, अति गरिब, मध्यम र धनी समूहमा क्रमश:२१, २५ र १४ प्रतिशत, कम पढेकामा ३४.४ र एसएलसी भन्दा माथि पढेकामा ७.७ प्रतिशत रहेको छ । कुल जनसङ्ख्याको १.६३ प्रतिशत अपाङ्गता भएकामध्ये ३५.२५ शारीरिक र २.०२ प्रतिशत श्रवणसम्बन्धी समस्या भएका छन् । कुल ज्येष्ठ नागरिक ४,५५,९८७ रहेकोमा पुरुष ३.९८ र महिला ४.२६ प्रतिशत रहेका छन् ।

योजनामा लैङ्गिक समता र समावेशीकरण, सुरक्षित संरचना तथा सामाजिक न्यायलाई दीर्घकालीन सोचको रूपमा तय गरिएको छ । योजना अवधिमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा वञ्चितीकरणमा परेका समूहको अर्थपूर्ण सहभागिता, आर्थिक समानता, समृद्धि, सामाजिक न्याय र सामाजिक सुरक्षा कायम भई सबै प्रकारको हिंसा, शोषण तथा दुर्व्यवहारबाट मुक्त लैङ्गिक एवम् सामाजिक विभेदको अन्त्य भएको हुने लक्ष्य राखिएको छ ।

योजनाले राखेका लक्ष्य उद्देश्य हासिल गर्न लैङ्गिक समता, सशक्तीकरण तथा सामाजिक समावेशीकरण प्रणाली, संरचनाको स्थापना तथा विस्तार गर्ने, वञ्चितीकरणमा परेका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, विपन्न, वञ्चितिमा परेका र जोखिममा रहेका समुदायको आर्थिक, सामाजिक तथा समतामूलक पहुँच सुनिश्चित गर्ने, महिला बालबालिका तथा किशोर किशोरीले भोग्नु परेका दुर्व्यवहार, भेदभाव र हिंसाको अन्त्य गर्ने र विपन्न, ज्येष्ठ नागरिक, जोखिममा परेका, अपाङ्गता भएका, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, दलित, लोपोन्मुख र सीमान्तकृत जातजातिसम्म प्रभावकारी रूपमा सामाजिक सुरक्षा पुर्‍याउने उद्देश्य निर्धारण गरिएको छ।

## ४.३.२ उपलब्धि विश्लेषण

### ४.३.२.१ नीतिगत उपलब्धि

यस उपक्षेत्रअन्तर्गत लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को नीति, पद्धति र संस्थागत संयन्त्रको स्थापना गरी क्रियाशील बनाउने रणनीतिअन्तर्गत सात कार्यनीति रहेकोमा लैससाससम्बन्धी नीति, कानुन तथा योजनालाई संस्थागत गर्न मन्त्रालयहरूबिच समन्वय गर्ने कार्यनीति अनुरूप मन्त्रालयमा

सामाजिक विकास महाशाखा स्थापना गरी महिला, बालबालिका, आपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको कार्यक्षेत्र निर्धारण गरिएको, बाल अधिकारसम्बन्धी ऐन,२०७६ जारी भई कार्यान्वयनमा आएको, बालअधिकार र महिला अधिकारसम्बन्धी र अपाङ्गता भएका व्यक्तिको हक अधिकार तथा यौनिक र लैङ्गिक अल्पसङ्ख्यकहरूको हक अधिकारसम्बन्धी नीतिको मस्यौदा तयार भएको छ ।

प्रदेशको लैससास रणनीति तयार गर्ने र स्थानीय तहलाई समेत उक्त रणनीति तयार गर्न सहजीकरण गर्ने, लैससाससम्बन्धी संस्थागत क्षमता अभिवृद्धि गर्ने, लैससाससम्बन्धी अभिलेख व्यवस्थापनका लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गर्ने लैससास सूचकहरू तयार गरी अनुगमन र मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने, सार्वजनिक निकायलाई लैङ्गिक संवेदनशील तुल्याउन नीतिगत व्यवस्था गर्ने र लैङ्गिक समता प्राप्तिका लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गर्ने समेत गरी छ ओटा कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

महिलाहरूको सशक्तीकरण र समावेशीकरणमा जोड दिने रणनीतिअन्तर्गत चार कार्यनीति रहेकोमा माहिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण गरी अर्थपूर्ण सहभागिता बढाउने कार्यनीति अनुरूप जनप्रतिनिधहरूलाई क्षमता अभिवृद्धिको लागि नेतृत्व विकास तालिम सम्पन्न भएको छ । मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडितको संरक्षण र पुनर्स्थापनाको लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरूको स्थापना र सञ्चालनको लागि अल्पकालीन आश्रय सहितका सेवाकेन्द्र बनाउन पुँजीगत अनुदान उपलब्ध गराएकोमा धादिङ, मकवानपुर, दोलखा र रामेछापमा सेवाकेन्द्र निर्माण भई सञ्चालनमा आएका छन् भने सेवा केन्द्र, ग्रामीण सामुदायिक सेवा केन्द्र मनोपरामर्श सेवाकेन्द्र र सेफहाउस सञ्चालन गरी रहेका संस्थाहरूलाई अनुदान सहयोग उपलब्ध गरिएको छ ।

यस रणनीतिअन्तर्गतका लैङ्गिक हिंसा अन्त्यको लागि प्रदेशस्तरीय महिला तथा सामाजिक सुरक्षा कोषको स्थापना र सञ्चालन गर्ने र  गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, चेपाङ, जिरेल, सुरेल, थामी, हायु आदि जस्ता वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्नेगरी आर्थिक, सामाजिक विकासका कार्यक्रम सञ्चालन गर्ने दुई कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

बालबालिकाको संरक्षण गर्ने र सार्वजनिक निकायलाई बालमैत्री बनाउने रणनीतिअन्तर्गत छ ओटा कार्यनीति रहेकोमा बालबालिका तथा किशोरीहरूमाथि हुने सबै प्रकारको दुर्व्यवहार, हिंसा, शोषण र भेदभाव अन्त्यका लागि स्थानीय तह, समुदाय, विद्यालय, निजी क्षेत्र, सञ्चारजगत् र बालअधिकार क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य गर्ने कार्यनीतिअनुसार स्थानीय तह, सरकारी, गैरसरकारी र सहकारी संस्था तथा सञ्जालसँग निरन्तर सहकार्य भइरहेको छ । अनाथ, असहाय, बेवारिसे, अशक्त, अपाङ्गता

भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोर किशोरीहरूको संरक्षण र प्रवर्धन गर्न संरक्षण सेवाको व्यवस्थपन गर्ने कार्यनीतिअनुसार अपाङ्गताको क्षेत्रमा काम गर्ने सङ्घ-संस्थाहरूलाई सरक्षणको लागि अनुदान दिने गरिएको छ भने बेवारिसे, सडक बालबालिका, हराएका बालबालिकाको खोजतलास, परमर्श, परिवारको खोजी पुनर्स्थापनाको लागि सिविन र दियालो परिवारसँग साझेदारी गरिएको छ ।

कानुनी विवादमा परेका बालबालिकाको संरक्षण र बाल सुधारगृहको लागि आवश्यक व्यवस्था मिलाउने कार्यनीति अनुरूप यस्ता बालबालिकाको लागि जीवनोपयोगी सिप विकास तालिम, स्वास्थ्य शिविर सञ्चालनको कार्य भक्तपुर र मकवानपुरमा भइरहेको छ भने अनाथ बालबालिकाको संरक्षणको लागि बालगृह सञ्चालक संस्थालाई चालु र आश्रय भवन निर्माणको लागि पुँजीगत अनुदान प्रदान गर्ने कार्य भइरहेको छ । साथै, त्यस्ता बालबालिकाको विशेष संरक्षणको लागि प्रदेशस्तरीय बालसंरक्षण गृह र अपाङ्ग दीर्घकालीन भवन निर्माण सम्पन्न भएको छ । सबै स्थानीय तह र प्रदेशलाई बालमैत्री सार्वजनिक निकाय बनाउने नीति र कार्यक्रमको व्यवस्था गर्ने कार्यनीतिअनुसार सम्वत् २०८० सम्म बालमैत्री प्रदेश निर्माण गर्ने नीति निर्माण भई ११९ तहलाई बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहनको लागि अनुदान प्रदान गरिएको छ । यसमध्ये ८ ओटा स्थानीय तहले बालमैत्री स्थानीय तह घोषणा गरिसकेका छन् ।

यो रणनीतिअन्तर्गतको बाल क्लब, बाल समूह, किशोर किशोरी समूहजस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिका तथा किशोर किशोरीको सहभागिता बढाउने कार्यनीति कर्यान्वयनमा आउन सकेको छैन । ज्येष्ठ नागरिकहरूको सम्मान र संरक्षण गर्ने रणनीतिअन्तर्गत चार कार्यनीति रहेकोमा  हिंसा, दुर्व्यवहार र भेदभावमा परेका, मानसिक तनावमा रहेका, परिवारविहीन र विपन्न ज्येष्ठ नागरिकहरूको  संरक्षणका लागि दिवा सेवाकेन्द्र र वृद्धाश्रमहरूमार्फत सेवा प्रदान गर्न आवश्यक व्यवस्था गर्ने कार्यनीति अनुरूप ज्येष्ठ नागरिक आश्रम र दिवा सेवाकेन्द्र सञ्चालक संस्थासँगको साझेदारीमा भवन निर्माण र सञ्चालन खर्च अनुदान दिने कार्य भइरहेको छ भने मानसिक स्वास्थ्य समस्या समाधान गर्न आश्रमका स्याहारकर्ताहरूलाई तलिम दिने कार्यक्रम तयार भएको छ ।

त्यसैगरी स्थानीय तहसँगको समन्वय र सहकार्यमा सहयोगापेक्षी सडकमानवमुक्त प्रदेश बनाउने नीति अनुरूप मानव सेवा आश्रम, मानव कल्याण समाज र कोसिस नेपालको साझेदारीमा चालु अनुदान तथा भौतिक पूर्वाधार निर्माणको लागि सहयोग गर्ने कार्य भइरहेको छ ।  प्रदेशस्तरीय ज्येष्ठ नागरिक नीतिको मस्यौदा गर्ने काम समेत भइरहेको छ । यो रणनीतिअन्तर्गतका ज्येष्ठ नागरिकको संरक्षणसम्बन्धी सङ्घीय र प्रादेशिक कानुनहरूको पालना गर्न गराउन आवश्यक पहल गर्ने र ज्येष्ठ

नागरिकहरूको अनुभव, सिप, र ज्ञानलाई स्थानीय तह र प्रदेशको विकासमा उपयोग गर्ने कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् ।

अपाङ्गता भएका व्यक्तिको संरक्षण र सशक्तीकरण गर्ने रणनीतिअन्तर्गत छ ओटा कार्यनीति रहेकोमा अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारसम्बन्धी नीतिको मस्यौदा तयार भएको छ भने आर्थिक सशक्तीकरणको लागि जनचेतनामूलक कार्यक्रम र सिप विकास तालिमको लागि बिउपुँजी उपलब्ध गराइएको छ । आमसञ्चार, सूचना र प्रविधिमा आपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्नेगरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था गर्ने कार्यनीति अनुरूप राष्ट्रिय अपाङ्ग महासङ्घसँगको साझेदारीमा दोभासेसहितको आपङ्गता सूचना केन्द्र सञ्चालनमा रहेको छ भने उपकरणको लागि सहायक सामग्री वितरण हुँदैआएको छ । अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापन सहज बनाउन सहायक सामग्री उत्पादनको व्यवस्था मिलाई उनीहरूको आवागमनलाई सरल र व्यवस्थित बनाउने कार्यनीतिअन्तर्गत दोभासे तालिम उपलब्ध गराइएको छ भने अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गता पहिचान, परामर्श, उपचार, उपकरण जडानको लागि आपाङ्ग बाल अस्पताललाई पुँजीगत अनुदान उपलब्ध गराइएको छ ।

यी बाहेक आधारभूत शिक्षा, स्वस्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने, स्थानीय तह र प्रदेशको विकासमा अपाङ्गता भएका व्यक्तिको सहभागिता बढाउँदै लग्ने, अपाङ्गता भएका व्यक्तिलाई सरकारी र निजी क्षेत्रमा रोजगारीका अवसर वृद्धि गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने रणनीतिअन्तर्गत दुई कार्यनीति रहेकोमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमाथि हुने हिंसा, दुर्व्यवहार र सामाजिक भेदभाव अन्त्यका लागि सङ्घीय सरकार, स्थानीय तह, नागरिक संस्था, सञ्चारजगत् र सरोकारवाला निकायसँग सहकार्य गर्ने कार्यनीति अनुरूप प्रदेशस्तरीय नीति बन्ने क्रममा रहेको छ । आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको पहुँच सुनिश्चित गर्ने कार्यानीतिअनुसार यस्ता व्यक्तिहरूको आत्मनिर्भरताका लागि सिप विकास तालिम उपलब्ध गराइएको छ भने प्रदेशमा बन्ने समितिहरूमा सहभागी गराउने कार्य भइरहेको छ । दलित समुदायको सशक्तीकरण र विकास गर्ने रणनीतिअन्तर्गत तीन कार्यनीति रहेकोमा दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने कार्यनीति अनुरूप मागमा आधारित सिप विकास तालिम उपलब्ध गराइएको छ । जातीय भेदभाव अन्त्यका लागि सङ्घीय सरकार, स्थानीय तह, नागरिक संस्था र सरोकारवाला निकायहरूसँग सहकार्य गर्ने र समुदाय, स्थानीय तह र प्रदेशको विकासमा दलितको अर्थपूर्ण सहभागितालाई संस्थागत गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

विपन्न वर्गको सशक्तीकरण र विकास गर्ने रणनीतिअन्तर्गत चार कार्यनीति रहेकोमा विपन्न वर्गको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने कार्यनीतिअनुसार गरिब, विपन्न र सीमान्तकृत समुदायका महिलाहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणको लागि जनचेतनामूलक कार्यक्रमहरू र मागमा आधारित सिप विकास तालिम सञ्चालन गरिएको छ भने यो कामको लागि बिउ पुँजी उपलब्ध गराउने कार्य पनि हुँदैआएको छ । यसबाहेक विपन्न वर्ग लक्षित सङ्घीय र प्रादेशिक कानुनहरूको पालना गर्न गराउन आवश्यक पहल गर्ने, आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा विपन्न सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने र विपन्न वर्ग लक्षित कार्यक्रम र परियोजनाहरूको पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा विपन्न वर्गको सहभागिता सुनिश्चित गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आएका छैनन् ।

लोपोन्मुख र सीमान्तकृत समुदायको सशक्तीकरण र विकास गर्ने रणनीतिअन्तर्गत लोपोन्मुख र सीमान्तकृत समुदायको संरक्षणसम्बन्धी सङ्घीय र प्रादेशिक कानुनहरू पालना गर्न गराउन आवश्यक पहल गर्ने, लोपोन्मुख र सीमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गर्ने, आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आय आर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा विपन्न र सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाउने र लोपोन्मुख र सीमान्तकृत समुदायलक्षित कार्यक्रम र परियोजनाहरू पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा उनीहरूको सहभागिता सुनिश्चित गर्ने कार्यनीति क्षेत्राधिकारको कारण कार्यान्वयनमा आउन सकेका छैनन् ।

लैससास परीक्षण गर्ने रणनीतिअन्तर्गत चार कार्यनीति तय गरिएकोमा प्रदेश सरकार र स्थानीय तहले तर्जुमा गरेका नीति, कानुन र मापदण्ड लैससास बनाउन आवश्यक व्यवस्था मिलाउने कार्यनीति अनुरूप प्राप्त उपलब्धिहरूको लैससास परीक्षण गरिने विषय नीति तथा कार्यक्रममा समावेश भएको, लैससास कार्यक्रमहरूको दोहोरोपना हटाउन सम्बन्धित निकायसँग समन्वय गर्ने र प्रदेशस्तरीय लैङ्गिक फोकल पर्सनको समिति निर्माण गरी बैठक र अभिमुखीकरण गर्ने काम भएको छ । यो बाहेक प्रदेश सरकार र स्थानीय तहले विकास गरेका सार्वजनिक निकायका पूर्वाधार संरचना महिला, बालबालिका, अपाङ्गता र ज्येष्ठ नागरिकमैत्री भए नभएको परीक्षण गर्ने व्यवस्था मिलाउने र महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसख्यक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदायसम्बन्धी खण्डीकृत तथ्याङ्क र प्रतिवेदन तयार गर्ने लगायतका कार्यनीति कार्यान्वयन भएका छैनन् । समीक्षा अवधिमा यस उपक्षेत्रमा दश रणनीति र चौबालीस कार्यनीतिमध्ये एक्काइस मात्र कार्यान्वयनमा आउन सकेको देखिन्छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १० मा समावेश गरिएको छ ।

### ४.३.२.२ परिमाणात्मक उपलब्धि

आवधिक योजनाको नतिजा खाका अन्तर्गत सामाजिक समावेशीकरण, समाजिक सुरक्षा र संरक्षण, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालवालिका तथा किशोर किशोरी गरी पाँच वेग्लावेग्लै विषय उपक्षेत्रमा नतिजा सूचकहरू प्रस्ताव गरिएकोमा सोको उपलब्धि विवरण क्रमशः तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २६: सामाजिक समावेशीकरण उपक्षेत्रका परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| राजनीतिक, सामाजिक तथा आर्थिक विकासमा पछाडि परेका समुदायको आय असमानता | जिनी गुणक | ०.२५ | ०.२४ | |
| **असर तह** | | | | |
| राजनीतिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | | | |
| सामाजिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | | | |
| आर्थिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | | | |
| **प्रतिफल तह** | | | | |
| रैथाने पेसा र प्रविधिको स्तरीकरण र आधुनिकीकरण | सङ्ख्या | | | |
| प्राकृतिक स्रोतको उपयोगमा स्थानीय समुदायको लगानी अंश | प्रतिशत | | | |
| रैथाने पेसा लगायत सिप विकास तालिम | जना | | | |
| बञ्चितिमा परेका समुदायको क्षमता विकास | जना | | | |

तालिका २७: सामाजिक सुरक्षा र संरक्षणसम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धि विवरण

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव** | | | | |
| सामाजिक सुरक्षाको अनुभूति सूचकाङ्क | सूचकाङ्क | | | |
| आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ४१.०० | ६१.४० | |
| **असर** | | | | |
| सामाजिक सुरक्षा तथा संरक्षण प्राप्त जनसङ्ख्या | प्रतिशत | | | |
| प्रादेशिक बजेटमा सामाजिक सुरक्षामा भएको खर्च | प्रतिशत | ११.३ | १२.९ | |
| बैंक खाता भएको परिवार | प्रतिशत | ७४.६ | ८४.२ | |
| औपचारिक वित्तीय सेवाहरूबाट समेटिएका परिवार | प्रतिशत | | | |
| स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | ४.८० | ३९.१२ | ४३९५९५ |
| **प्रतिफल** | | | | |
| बैंकिङ सेवा विस्तार भएको स्थानीय तह | सङ्ख्या | ११५ | ११९ | ११८ |
| प्रतिष्ठानहरूको सामाजिक सुरक्षा कार्यक्रममा आबद्धता | प्रतिशत | | | |
| सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान /रोजगारदाता | सङ्ख्या | | | |

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| | (हजार) | | | |
| वृद्धाश्रम दिवा सेवा केन्द्रसहित | सङ्ख्या | ३३ | ३३ | |
| सिपमूलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | जना | ७६ | १५० | |
| जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपत्कालीन उद्धार | जना | | | |

तालिका २८: जेष्ठ नागरिकसम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धि विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| वृद्ध अवस्थाको सूचकाङ्क (Index of ageing) | सूचकाङ्क | | | |
| **असर तह** | | | | |
| सुरक्षित र सम्मानजनक जीवनयापन गरिरहेका जेष्ठ नागरिक | प्रतिशत | | | |
| **प्रतिफल तह** | | | | |
| सुविधा सम्पन्न ज्येष्ठनागरिक ग्राम (ज्ञान केन्द्र)स्थापना तथा सञ्चालन | ओटा | | | |
| दिवा सेवा केन्द्रको स्थापना | स्थानीय तह | | | |
| ज्येष्ठ नागरिक कल्याण कोषको स्थापना | स्थानीय तह | | ११९ | |

तालिका २९: अपाङ्गतासम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धि विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| अपाङ्गगता न्युनीकरण | प्रतिशत | | | |
| **असर** | | | | |
| अपाङ्गगता भएका व्यक्तिको आत्मनिर्भर, स्वावलम्वी र सम्मानजनक जीवनयापन | प्रतिशत | | | |
| **प्रतिफल** | | | | |
| अपाङ्गतामैत्री भौतिक संरचना निर्माण | प्रतिशत | | | |
| प्रादेशिक सुचना केन्द्र हेल्पडेस्क र सफ्टवेयर निर्माण (मन्त्रालय) | सङ्ख्या | | | |
| आवश्यकतामा आधारित सिपमूलक तालिम | जना | | | |

तालिका ३०: बालबालिका तथा किशोर किशोरीसम्बन्धी परिमाणात्मक लक्ष्य र उपलब्धि विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| श्रममा संलग्न बालबालिका तथा किशोर किशोरी | प्रतिशत | | | |
| **असर तह** | | | | |
| बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह | सङ्ख्या | | ७० | |
| पाँच वर्षमुनिका बालबालिकको जन्म दर्ता | प्रतिशत | ६३.७० | ८५.४८ | |
| **प्रतिफल तह** | | | | |
| अल्पकालीन बाल संरक्षण केन्द्रको सञ्चालन | सङ्ख्या | | ४२६ | |
| बाल मनोविमर्श सेवा तथा कानुनी परामर्श केन्द्रको सञ्चालन | ओटा | | | |
| सबै प्रकारका बालविवाह विरुद्धमा स्थानीय तहहरूमा अभियान सञ्चालन | ओटा | | ११९ | |
| अनाथ बालबालिका पुनर्स्थापना | सङ्ख्या | ११७३९ | ९००० | |
| सडक बालबालिकाविहिन पालिका | सङ्ख्या | | ७० | |
| किशोर किशोरीका लागि जीवन उपयोगी सिप तालिम | सङ्ख्या | | ५०० | |
| किशोर किशोरी लक्षित विद्यालय शिक्षा कार्यक्रम | सङ्ख्या | | | |
| बाल संरक्षण कोष स्थापनामा स्थानीय तहसँग सहकार्य | सङ्ख्या | ११९ | ११९ | |
| हराएका बालबालिकामा फेला पार्न नसिकएकाको अनुपात (Untraced | प्रतिशत | ३८.२ | २६.६८ | |

यस उपक्षेत्रअन्तर्गतका सबैजसो सूचकहरूमा उपलब्धिसम्बन्धी विवरण प्राप्त हुन नसकेको हुँदा लक्ष्यको अनुपातमा के कति प्रगति हासिल भयो भन्ने समीक्षात्मक विश्लेषण गर्न सम्भव भएन ।

## ४.३.३ समस्या र सुझावहरू

**क. समस्याहरू**

आवधिक योजनामा यस उपक्षेत्रको लागि ४४ कार्यनीति र २७ ओटा प्रमुख कार्यक्रमहरू प्रस्ताव गरिएको थियो । समीक्षाको क्रममा यीमध्ये पचास प्रतिशत भन्दा बढी कार्यनीति हालसम्म कार्यान्वयनमा आउन नसकेको देखिन्छ । विषेशगरी बर्गीय सशक्तीकरणका लागि अत्यावश्यक बालवालिकालाई सङ्गठित गर्ने, जेष्ठ नागरिकको ज्ञान सिप र अनुभवको उपयोग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसख्यक, विपन्न, दलित र लोपोन्मुख र सीमान्तकृतलाई सार्वजनिक सुविधा र अवसरमा पहुँच तथा नीति निर्माणमा सहभागिता गराउने कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् ।

कार्यनीति कार्यान्वयनमा संस्थागत क्षमताको सीमितता र अन्तरनिकाय र सरकारहरू बिचको क्षेत्राधिकारको समस्या पनि देखिएको छ । यो उपक्षेत्रमा उल्लिखित अधिकांश कामहरू स्थानीय तहको क्षेत्राधिकारमा समावेश भएको देखिन्छ । यसले प्रदेशलाई स्थानीय तहसँग मिलेर काम गर्न वाध्य बनाउँछ । यसबाट समन्वय र सहकार्यको समस्या सिर्जना भएको छ । प्रदेश र स्थानीय तहमा

खण्डीकृत तथ्थाङ्क राख्ने, एक अर्कासँग आबद्ध गर्ने कार्य हुन नसक्दा कार्यक्रम कार्यान्वयन र अनुगमनमा समस्या देखिएको छ ।

**ख. सुझावहरू**

यस पृष्ठभूमिमा आवधिक योजनाको बाँकी दुई वर्षको लागि हालसम्म कार्यान्वयनमा नआएका कार्यनीतिमध्ये धेरैलाई प्रभावित गर्ने र छोटो अवधिमा कार्यान्वयन गर्न सकिने कार्यनीति छनोट गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । सवै स्थानीय तहसँग आबद्धता रहने गरी खण्डीकृत तथ्याङ्क राख्ने र प्रतिवेदन गर्ने प्रणाली विकासको गतिविधि सञ्चालन गर्न उपयुक्त हुन्छ । लोपोन्मुख र सीमान्तकृत वर्गसम्बन्धी जिम्मेवारीमा देखिएको अन्यौल तत्काल मेटाएर जिम्मेवार निकाय तोक्नु पर्दछ । सार्वजनिक सेवा सुविधा र अवसरमा सवै वर्ग र समूहको पहुँच र निर्णय प्रक्रियामा सहभागी गराउने खालका कार्यक्रम प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्दछ ।

## ४.४ युवा तथा खेलकुद

### ४.४.१ पृष्ठभूमि

संविधानले युवाहरूको विकास गरी उनीहरूलाई राष्ट्रको सर्वाङ्गिण विकासमा परिचालन गर्ने नीति निर्देशन गरेको छ । युवाशक्तिलाई शारीरिक, मानसिक, वौद्धिक र संवेगात्मक रूपमा सबल र नैतिकवान बनाई अनुशासित र मर्यादित समाज निर्माण गर्दै विकास तथा समृद्धिमा रूपान्तरण गर्न खेलकुदको भूमिका महत्त्वपूर्ण हुन्छ । युवा र खेलकुदसम्बन्धी नीति, कानुन, तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिकको प्रोत्साहन, खेलकुद तथा त्यसको पूर्वाधारको विकास र प्रवर्धन, प्रशासन र सङ्घ संस्थाको नियमन, प्रतियोगिता, कार्यक्रम, परियोजना र सहभागिता जस्ता विषय प्रदेशको कार्यक्षेत्रमा पर्दछन् ।

नेपालमा सन् २०१६ देखि २०२५ सम्म जनसाङ्खिक लाभको अवस्था कायम रहने प्रक्षेपण गरिएको छ। योजना तर्जुमाको अवस्थामा प्रदेशभित्र १६ वर्ष देखि ४० वर्ष समूहको जनसङ्ख्या हिस्सा ३५.७९ प्रतिशत रहेको छ । पछिल्लो पाँच वर्षमा रोजगारीको लागि मुलुक बाहिर (भारत बाहेक) गएका युवाको सङ्ख्या ४,९३,४७६ रहेकोमा पुरुष ४,३०,१५५ र महिला ६३,३२१ छ । युवा तथा साना व्यवसायी स्वरोजगार कोषले विभिन्न ४०० सहकारी संस्थामार्फत दुई अर्ब भन्दा बढी लगानी गरेको अवस्था छ ।

प्रदेशको गौरव, युवाको पौरखलाई योजनामा दीर्घकालीन सोच निर्धारण गरिएको छ । त्यसैगरी उद्यमशीलता र खेलकुदको विकासको माध्यमबाट युवाशक्तिको विकास गरी प्रदेशको समृद्धिमा योगदान गर्ने लक्ष्य निर्धारण गरिएको छ । साथै, योजना अवधिमा युवा उद्यमशीलता र रोजगारीको अभिवृद्धि गर्ने,

खोज अनुसन्धानमा जोड दिँदै प्रदेशको विकासमा युवा परिचालन गर्ने र खेलकुदको विकासद्वारा स्वस्थ, सिर्जनशील र अनुशासित युवाहरूको निर्माण गर्ने उद्देश्य राखिएको छ ।

योजनामा उल्लिखित सोच, लक्ष्य र उद्देश्य हासिल गर्न ६ ओटा रणनीति तय गरिएको छ । युवाहरूको क्षमता विकास गरी रोजगारीसँग आबद्ध गर्ने रणनीति अन्तर्गत ३ ओटा कार्यनीति निर्धारण गरिएका छन् भने युवाको तालिम, उद्यमशीलता, विकास र रोजगारीमूलक कार्यमा लगानी अभिवृद्धि गर्ने रणनीति अन्तर्गत ५, शासकीय प्रक्रिया र विकास निर्माणमा युवाको समावेशी सहभागिता अभिवृद्धि गर्ने रणनीति अन्तर्गत ५, सबै प्रादेशिक नीतिहरूमा युवाका आवश्यकतालाई समावेश गर्ने रणनीति अन्तर्गत ३, खेलकुद पूर्वाधार निर्माण र विस्तार गर्ने रणनीति अन्तर्गत ६ र व्यावसायिक खेलकुदका विकासलाई संस्थागत गर्ने रणनीतिअन्तर्गत १२ ओटा कार्यनीतिहरू समावेश गरिएको छ । साथै, योजनाको लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि २२ ओटा प्रमुख कार्यक्रम समेत निर्धारण गरिएको छ ।

## ४.४.२ उपलब्धि विश्लेषण

### ४.४.२.१ नीतिगत उपलब्धि

योजनाको पहिलो तीन वर्ष अवधिमा युवाहरूको क्षमता विकास गरी रोजगारीसँग आबद्ध गर्ने रणनीति अन्तर्गत युवालाई बजारको आवश्यकता अनुरूप जीवनोपयोगी तथा प्राविधिक शिक्षा र सिपमूलक तालिम प्रदान गर्न १२० जनालाई ३९० घण्टे, ८० जनालाई पूर्वरोजगार र ४० जनालाई लेभल एकको तालिम दिइएको छ । यस बाहेकका स्थानीय विकासका कार्यलाई रोजगारमुखी बनाउन प्रोत्साहन गर्ने र निजी क्षेत्र, गैरसरकारी र विकास साझेदारसँग समन्वय गरी युवा रोजगारी प्रवर्धन गर्ने कार्यनीति भने कार्यान्वयनमा आउन सकेका छैनन् ।

युवाको तालिम, उद्यमशीलता विकास, रोजगारीमूलक कार्यमा लगानी अभिवृद्धि गर्ने रणनीतिअन्तर्गत युवामा प्रविधि एवम् परम्परागत सिपको आधुनिकीकरण गरी पेसा व्यवसायीकरण गर्न र स्वरोजगारमूलक कार्यमा सहुलियत लगानी र व्याजमा अनुदान प्रदान गर्ने, युवाको शिक्षा, तालिम तथा रोजगारी अभिवृद्धि गर्ने खालका कार्यक्रममा लगानी बढाउने, युवा वैज्ञानिकको पहिचान गर्दै विकासका विविध क्षेत्रमा अनुसन्धान र विकासलाई प्रोत्साहन गर्ने, परम्परागत पेसामा व्यवसायीकरण गर्न लगानी अभिवृद्धि गर्ने र सफल युवाको राम्रा सिकाइ र अनुभव हस्तान्तरण हुनेगरी युवा अगुवाको अन्तरक्रिया, अवलोकन भ्रमण र ज्ञान तथा अनुभव आदानप्रदानको व्यवस्था गर्ने कार्यनीतिहरू कार्यान्वयनमा आउन सकेका छैनन् ।

शासकीय प्रक्रिया र विकास निर्माणमा युवाहरूको समावेशी सहभागिता अभिवृद्धि गर्ने रणनीति अन्तर्गत युवामा सेवाभाव एवम् स्वयंसेवी संस्कृतिको विकास हुनेगरी युवा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन गर्ने कार्यनीति अनुरूप २६० जना युवा स्वयंसेवक तयार गरिएको छ । विदेशबाट फर्केका युवाहरूलाई सामाजिक पुनःएकीकरण गरी आर्जित ज्ञान, सिप र दक्षताको स्वदेशमा प्रयोग गर्न आर्थिक एवम्

प्राविधिक सहयोग पुऱ्याउने कार्यनीति अनुसार विदेशबाट फर्किएका २० जना युवालाई विदेशी सिप प्रयोग गरी तालिम प्रदान गरिएको छ । प्रदेश युवा परिषदको स्थापना गरी प्रादेशिक युवाहरूको क्षमता विकास, उद्यमशीलता, रोजगार र विभिन्न क्षेत्रमा खोज अनुसन्धानमा जोड दिने कार्यनीति अनुरूप प्रदेश युवा परिषद्को स्थापना गरिएको छ ।

युवाको नेतृत्व विकास गरी शासकीय जिम्मेवारी बहन गर्न सक्षम बनाउदै लग्ने र विकास प्रक्रियामा युवा परिचालन गर्दा समावेशी सिद्धान्त अवलम्बन गरी सहभागिता सुनिश्चित गर्ने कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् । सबै प्रादेशिक नीतिमा युवा आवश्यकतालाई समावेश गर्ने रणनीति अन्तर्गत तीन कार्यनीति रहेकोमा प्रदेश युवा नीतिको मस्यौदा तयार गरी अन्तिम रूप दिने कार्य भइरहेको छ । हरेक क्षेत्रगत नीति तर्जुमा गर्दा युवाको आवश्यकताहरूलाई सम्बोधन गर्ने र वातावरण संरक्षण, द्वन्द्व व्यवस्थापन, सामाजिक परिचालनजस्ता बहुसरोकारका विषयमा युवा सहभागिता र परिचालनलाई प्राथमिकता दिने कार्यनीति पनि कार्यान्वयनमा आउन सकेका छैनन् ।

खेलकुद पूर्वाधारको निर्माण तथा विस्तार गर्ने रणनीति अन्तर्गत गुणस्तरयुक्त खेलकुद पूर्वाधारहरूको विकासको लागि लगानी वृद्धि गर्दै लगिएको छ । जिल्लामा रङ्गशाला र प्रदेशमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण गर्ने कार्यनीति अनुरूप ७ लिल्लामा रङ्गशाला निर्माण भईसकेको छ भने बाँकी ६ जिल्लामा रङ्गशाला र मकवानपुरको गौरीटारमा अन्तर्राष्ट्रिय रङ्गशाला निर्माणाधीन छ । विद्यालय खेल मैदान र स्थानीय तहमा बहुउद्देश्यीय खेलकुदस्थल निर्माण गर्न स्थानीय तहसँग सहकार्य गर्ने कार्यनीति अनुरूप चितवन, रामेछाप र नुवाकोटका विद्यालयमा खेल मैदान निर्माण भएको छ । साहसिक खेलकुदमा सम्भाव्य क्षेत्र (साइक्लिङ्ग, हाईकिङ्ग, बञ्जी जम्पिङ्ग, जिप प्लायर, प्याराग्लाइडिङ आदि) पहिचान गरी अधारभूत पूर्वाधार विकास र प्रवर्धन गर्ने कार्यनीति अनुरूप साइक्लिङको लागि रसुवा र दोलखा तथा बञ्जी जम्पिङका लागि सिन्धुपाल्चोक जिल्लालाई पहिचान गरिएको छ । यी बाहेक निर्वाचन क्षेत्रमा कभर्ड हलको व्यवस्था गर्ने र परम्परागत खेलकुदको पहिचान र प्रवर्धन गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

व्यावसायिक खेलकुदको विकासलाई संस्थागत गर्ने रणनीति अन्तर्गत १२ ओटा कार्यनीति रहेकोमा प्रादेशिक खेलकुद नीतिको मस्यौदा तयार गर्न समिती गठन गरिएको छ । भौगोलिक सम्भाव्यताको आधारमा विभिन्न भौगोलिक क्षेत्रलाई खेलकुद हबको रूपमा विकास गर्नको लागि दोलखा, रसुवा र धादिङको रुबी भ्याली पहिचान गरिएको छ । व्यावसायिक खेलकुद क्लब स्थापना गर्न प्रोत्साहन गर्ने कार्यनीति अन्तर्गत काठमाडौंमा खेलकुद क्लब स्थापना गर्न प्रोत्साहन गरिएको छ । व्यावसायिक कम्पनीहरूलाई खेलकुद कार्यक्रमहरूको परियोजना तथा खेलकुद क्लबको गठनमा सामाजिक

उत्तरदायित्व कोषहरूको परिचालन गर्न प्रोत्साहित गर्नको लागि कार्यक्रम निर्माण भइरहेको छ । फरक क्षमता भएकाको विशिष्टिकृत खेलकुद प्रतियोगिताको परियोजना गर्ने र खेलकुदप्रति आकर्षित गर्ने कार्ययोजना अनुरूप नेत्रहीन क्रिकेट र पाराओलम्पिक कमिटीसँग सहकार्य भइरहेको छ ।

सबैका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने नारालाई सार्थक बनाउन प्रदेश खेलकुद विकास परिषद् गठन गरी प्रत्येक २ वर्षमा प्रादेशिक खेलकुद कार्यक्रम सञ्चालन गर्ने र खेलाडीको व्यावसायिक जीवन संरक्षण गर्ने कार्यनीतिअनुसार २०७८ मा प्रादेशिक खेलकुद कार्यक्रम सम्पन्न गरिएको छ । त्यसैगरी अन्तरस्थानीय तह, प्रादेशिक, अन्तरप्रादेशिक, अन्तरमहाविद्यालय स्तरका खेलकुद प्रगियोगिता परियोजना गर्ने कार्यनीति अनुरूप चितवनमा ९ ओटा खेलकुद प्रतियोगता आयोजना गर्ने व्यवस्था मिलाईको छ । साथै विद्यालय तहदेखि नै प्रतिभावान खेलाडी पहिचान गरी खेलकुद क्षेत्रमा प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्ने कार्यनीति अनुरूप माध्यमिक विद्यालयमा खेलकुद शिक्षकको व्यवस्थाको लागि बजेट व्यवस्था गरिएको छ ।

यी बाहेक पाँच अन्तराष्ट्रिय प्रतियोगिता हुने कम्तीमा ५ खेललाई प्राथमिकतामा राखी उक्त खेलहरूको विकास गर्न भौगोलिक क्षेत्र केन्द्रित विषेश कार्यक्रम सञ्चालन गर्ने, जनसहभागिता र स्थानीय तहसँगको सहकार्यमा स्थानीय स्तरका खेलकुद पूर्वाधार निर्माणालाई प्रोत्साहित गर्ने, खेलकुद क्षेत्रमा अन्तरसरकार तथा निजी क्षेत्रसँग सहकार्य र समन्वय गर्ने र तुलनात्मक सम्भावना खेलहरू (हात्तीपोलो, प्याराग्लाइडिङ, बञ्जी जपिङ, क्रिकेट, उचाइमा भलिबल प्रतियोगिता) परियोजना तथा प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने कार्यनीतिहरू हालसम्म पनि कार्यान्वयनमा आउन सकेका छैनन् ।

यसरी योजनामा यस उपक्षेत्रको लक्ष्य उद्देश्य हासिल गर्न ६ ओटा रणनीति र सो अन्तर्गत कुल ३४ ओटा कार्यनीति तर्जुमा गरिएकोमा योजनाको प्रथम तीन वर्ष अवधिमा १८ ओटा कार्यनीति कार्यान्वयन हुन सकेका छैनन् । युवा तथा खेलकुद क्षेत्रका रणनीति र कार्यनीति कार्यान्वयनको अवस्थाको विस्तृत विवरण *अनुसूची ११* मा संलग्न गरिएको छ ।

### ४.४.२.२ परिमाणात्मक उपलब्धि

समीक्षा अवधिमा युवा स्वयंसेवक परिचालनतर्फ लक्ष्यभन्दा बढी प्रगति भएको छ । कभर्ड हलमा ६९ प्रतिशत र बाँकी उद्यमशीलता विकास तालिमको सङ्ख्या, खेल मैदान व्यवस्थित गर्ने सङ्ख्या र जिल्लास्तरीय रङ्गशाला निर्माण गर्ने कार्यमा ५० र सोभन्दा कम प्रतिशत प्रगति भएको छ । यस क्षेत्रका परम्परागत पेसाका संरक्षण एवम् आधुनिकीकरण, युवा सिर्जनशीलता प्रोत्साहन गर्न वैज्ञानिक युवा/कोष, खेलकुद प्रशिक्षण, खेलकुदको व्यावसायिकरण र साहसिक खेलकुद विकास प्रवर्धन लगायतका सूचकमा शून्य प्रगति भएको छ ।

यस अवधिमा युवा तथा खेलकुदतर्फको नतिजा खाकाको प्रभावतहका २ ओटा सूचकमा प्रगति विवरण प्राप्त हुन सकेको छैन भने असर तहका ७ मध्ये ४ र प्रतिफल तहका ६ ओटै नतिजासूचकमा प्रतिवेदन प्राप्त भएको छ । यस क्षेत्रका परिमाणात्मक लक्ष्य तथा उपलब्धिसम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत छ ।

तालिका ३१: युवा तथा खेलकुद उपक्षेत्रका परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| युवा वेरोजगारी दर | | | | |
| राष्ट्रिय खेलकुद प्रतियोगितामा प्राप्त गरेको स्वर्ण पदक सङ्ख्यामा वृद्धि | | | | |
| **असर तह** | | | | |
| शिक्षा, तालिम र रोजगारीबाट विमुख युवा | प्रतिशत | | | |
| परम्परागत पेसाको संरक्षण एवम् आधुनिकीकरण | सङ्ख्या | | ३ | नभएको |
| युवा स्वरोजगार कोषमा युवा पहुँच | सङ्ख्या | | | |
| उद्यमशीलता विकास तालिम | सङ्ख्या | | १५०० | १२० |
| युवा स्वयंसेवक परिचालन | सङ्ख्या | ११५ | २०० | २६० |
| युवा सिर्जनशील युवा/वैज्ञानिक प्रोत्साहन कोष (Innovation fund) स्किम (प्रविधिको स्थानीयकरणका लागि उपयोग कोष) | सङ्ख्या | ० | ६० | नभएको |
| राष्ट्रिय खेलकुद प्रतियोगितामा खेलाडीले प्राप्त गरेको स्वर्ण पदक | ओटा | ० | ० | |
| **प्रतिफल तह** | | | | |
| खेलकुद पूर्वाधार विकास | | | | |
| (क) व्यवस्थित खेल मैदान | ओटा | ६६ | १०५ | ४३ |
| (ख) जिल्लास्तरीय रङ्गशाला | ओटा | १० | १४ | ७ |
| (ग) कभर्ड हल निर्माण | ओटा | १९ | ४३ | ३० |
| खेलकुद प्रशिक्षण | खेलाडी सङ्ख्या | ० | ४०० | ० |
| खेलकुदको व्यावसायीकरण | खेलाडी सङ्ख्या | ० | १०० | ० |
| साहसिक खेलकुद विकास प्रवर्धन | प्रकार | ० | ३ | ० |

## ४.४.३ समस्या र सुझावहरू

**क. समस्याहरू**

समीक्षा अवधिसम्ममा पचास प्रतिशतभन्दा बढी कार्यनीति कार्यान्वयनमा आएका छैनन् । त्यसैगरी १५ ओटा परिमाणात्मक उपलब्धि सूचकमध्ये १० ओटामा मात्र प्रतिवेदन प्राप्त भएको छ । प्रतिवेदन भएको

सूचकमध्ये एउटामा ७५ र ३ ओटामा ५० प्रतिशत भन्दा कम प्रगति भएको छ । पाँच सूचकमा हालसम्मको प्रगति शुन्य रहेको छ । यसबाट यस उपक्षेत्रको हालसम्मको अवस्था सन्तोषजनक नभएको देखाउँछ । युवा र खेलकुद क्षेत्रको निकायगत जिम्मेवारी फेरिइ रहनु, राजनीतिक र प्रशासनिक नेतृत्व कार्यनीति र कार्यक्रम कार्यान्वयनमा प्रतिबद्ध रहन नसक्नु र कार्यान्वयन निकायको संस्थागत क्षमता कमजोर रहनु यस क्षेत्रका मुख्य समस्या देखिन्छन् ।

**ख. सुझावहरू**

आवधिक योजनाको बाँकी अवधिको लागि कार्यान्वयन हुन नसकेकामध्ये यस अवधिमा कार्यान्वयन गर्न सकिने कार्यनीति छनोट गरी कार्यान्वयन गर्नु उपयुक्त हुन्छ । विषेशगरी युवाको परिचालन र सशक्तीकरण तथा उनीहरूलाई प्रोत्साहन गर्ने खालका गतिविधिलाई प्रथमिकता दिनु सान्दर्भिक हुन्छ । लक्ष्य तोकिएका सूचक अनुसार प्रगति नभएका गतिविधिलाई अग्राधिकार दिएर आवधिक योजनाको लक्ष्य प्राप्त गर्ने गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ४.५ भाषा, संस्कृति र कला

### ४.५.१ पृष्ठभूमि

नेपालमा बोलिने सबै भाषा राष्ट्रभाषा र देवनागरी लिपिको नेपाली भाषा सरकारी कामकाजको भाषा हुने संवैधानिक व्यवस्था छ । त्यसैगरी प्रत्येक व्यक्ति र समुदायलाई आफनो भाषा प्रयोग गर्ने, समुदायको जीवनमा सहभागी हुन पाउने र नेपालमा बस्ने प्रत्येक नेपाली समुदायलाई आफनो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणको हक संविधानमा उल्लेख भएको छ । सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण, ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको सरक्षण र संवर्धन, सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय जनसहभागिता, कला, साहित्य र सङ्गीतको विकास, समाजमा विद्यमान विभेद, असमानता, शोषण र अन्यायको अन्त, भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण तथा विकास एवम् बहुभाषिक नीति अवलम्बन गर्ने राज्यको नीति रहेको छ ।

भाषा, कला, संस्कृति र धर्मको संरक्षणसम्बन्धी नीति निर्माण र नियमन, ऐतिहासिक, कला र सम्पदा महत्त्वका दरवारको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन, सङ्ग्रहालय, पुरातात्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सम्पदा, प्राचिन स्मारक र सांस्कृतिक धरोहरसम्बन्धी नीति निर्माण र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुननिर्माण, धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वको सञ्चालन र व्यवस्थापन र संस्कृतिको विकाससम्बन्धी नीति निर्माण र नियमन प्रदेशको क्षेत्राधिकारमा पर्दछ ।

योजनाको आधार वर्षमा प्रदेश जनसङ्ख्यामा तामाङ २०.४२, पहाडी ब्राम्हण १८.३, क्षेत्री १७.३, नेवार १६.९२, दलित ५.४, मगर ४.९, गुरुङ्ग २.२, थारु १.७, राई १.५, चेपाङ १.१ र अन्य समुदाय १०.३ प्रतिशत छ । प्रदेशभित्र ११३ ओटा भाषा बोलिनेमा प्रमुख तीनमा नेपाली ५७.४, तामाङ १८.३ र नेवारी १२.३ प्रतिशत रहेका थिए । धर्मका अनुयायीमध्ये हिन्दू ७१.८, वौद्ध २३.३ र क्रिश्चियन २.९ प्रतिशत रहेको छ । विश्व सम्पदा सूचीमा रहेका १० मध्ये ८ सम्पदाको अतिरिक्त प्रचिन स्मारक, अभिलेख, गुठी, भौतिक र अभौतिक सांस्कृति सम्पदा, मठ, मन्दिर, गुम्बा, मस्जिदको साथै विभिन्न जाति र समुदायका सांस्कृतिक मान्यता र लोकपरम्परा, रितिरिवाज, लोक साहित्य र विभिन्न संस्कृति चाडपर्व, चित्रकला, मूर्तिकला, पौवाकला, शिल्पकला, काष्ठ कला, आदि कला प्रदेशमा छन् । सम्वत् २०७२ को भूकम्पमा प्रदेशका १४३२ सम्पदा क्षतिग्रस्त भएका थिए ।

योजनामा "प्रदेशको पहिचानः भाषा, कला र संस्कृतिको प्रवर्धन" लाई यस उपक्षेत्रको दीर्घकालीन सोचको रूपमा निर्धारण गरिएको छ । ऐतिहासिक सम्पदा तथा मौलिक संस्कृतिको जगेर्ना भई समग्र संस्कृतिमा गर्व गर्ने परिपाटीका साथै सामाजिक सद्भाव, सहिष्णुता र एक्यबद्धता सुदृढ गर्ने लक्ष्यसँगै सबै सांस्कृतिक सम्पदाको अभिलेखीकरण गरी संरक्षण गर्ने, विभिन्न भाषा र लिपिको संरक्षण र उत्थान गर्ने र सबै किसिमका मौलिक कलाको संरक्षण, विकास र प्रवर्धन गर्ने उद्देश्य योजनाले राखेको छ ।

योजनाको सोच, लक्ष्य र उद्देश्य प्राप्त गर्न ६ ओटा राणनीति तय गरिएको छ । पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीको संरक्षण, संवर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण गर्ने रणनीति अन्तर्गत ४ ओटा कार्यनीति रहेका छन् भने भाषा, साहित्य र कलाको संरक्षण र विकास गर्ने रणनीति अन्तर्गत ७, विभिन्न भाषा, भाषिका, लिपिको पहिचान गरी तिनीको संरक्षण एवम् उत्थान गर्ने रणनीति अन्तर्गत २, परम्परागत मौलिक कला र लोक सङ्गीत, नृत्य, नाट्य लगायतका प्रदर्शनकारी लोक कलाको संरक्षण, अनुसन्धान र विकास गर्ने रणनीति अन्तर्गत २, मूर्त तथा अमूर्त सम्पदा, भाषा र लिपिको संरक्षणमा उत्प्रेरित गर्ने रणनीति अन्तर्गत २ र मौलिक भाषा, संस्कृति र कलासम्बन्धी सामग्री शैक्षिक पाठ्यक्रममा समावेश गर्ने रणनीति अन्तर्गत ३ ओटा कार्यनीतिहरू समावेश गरिएका छन् । साथै, योजनाले भाषा, संस्कृति र कला क्षेत्रको लागि विभिन्न १३ ओटा प्रमुख कार्यक्रम पहिचान गरी कार्यान्वयन गर्न निर्देश गरेको छ ।

## ४.५.२ उपलब्धि विश्लेषण

### ४.५.२.१ नीतिगत उपलब्धि

पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संवर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण गर्ने रणनीति अन्तर्गत ऐतिहासिक, प्राकृतिक एवम् पुरातात्विक सम्पदाको

मर्मत र सम्भार गर्ने कार्यनीति अनुरूप केही ठाँउमा मर्मत सम्भारको कार्य भएको छ भने प्रदेश सङ्ग्रहालयको स्थापना गरी स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तु प्रदर्शन गर्ने भनिएकोमा दोलखामा संस्कृति मुद्रा सङ्ग्रहालय, सिन्धुलीमा रुट आर्ट सङ्ग्रहालय र चितवनमा थारु सङ्ग्रहालय स्थापना भई सञ्चालनमा रहेका छन् । त्यसैगरी परम्परादेखि लाग्दै आएका ठुला मेलाको उचित व्यवस्थापन गर्ने प्रवन्ध मिलाउने कार्यनीति अनुरूप केही ठुला मेलाको लागि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराइएको छ ।

विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रम, टेलिफिल्म, भिडियो बनाउने र विद्यालय तथा समुदायस्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गर्ने कार्यनीति भने कार्यान्वयनमा आउन सकेको छैन । भाषा, साहित्य र कलाको संरक्षण र विकास गर्ने रणनीति अन्तर्गत भाषा, साहित्य र कला प्रवर्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने कार्यनीति अनुरूप नेवारी र तामाङ भाषालाई सरकारी कामकाजको पनि भाषा बनाउनको लागि नीतिगत प्रक्रिया अगाडि बढेको छ । सबै जातजातिको भाषा, संस्कृति, कला, आदिको संरक्षण गर्न सङ्ग्रहालयको स्थापना गर्न आवश्यक व्यवस्था मिलाउने कार्यनीति अनुरूप चितवनमा थारु सङ्ग्रहालय स्थापना भई सञ्चालनमा आएको छ भने नुवाकोटमा तामाङ सङ्ग्रहालय स्थापनाको प्रक्रिया सुरु भएको छ ।

मातृभाषा, लोक साहित्य, लोक सङ्गीत, आधुनिक सङ्गीत, लोक नाट्य र ललितकलाको अनुसन्धान, संरक्षण र विकासको लागि स्वायत्त निकायको रूपमा भाषा, साहित्य तथा कला प्रज्ञा प्रतिष्ठानको गठन गर्ने, सामाजिक जागरण, राष्ट्रिय जागरण र परिवर्तनमुखी साहित्य र कलाको संरक्षण र विकास गर्ने, भाषा, साहित्य, नाट्यकला, सङ्गीत र ललितकलाको क्षेत्रमा योगदान पुऱ्याउने सङ्घ, संस्था तथा व्यक्तित्वको अभिलेख तयार गरी अद्यावधिक गर्ने, भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गर्ने व्यक्तित्वलाई सम्मानित र पुरस्कृत गर्ने र गायन, सङ्गीत र नाटकसम्बन्धी व्यावसायिक र गैरव्यावसायिक प्रशिक्षण केन्द्रको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गर्ने कार्यनीतिहरू भने हालसम्म कार्यान्वयन हुन सकेका छैनन् ।

विभिन्न भाषा, भाषिका, लिपिको पहिचान गरी तिनीहरूको संरक्षण एवम् उत्थान गर्ने रणनीतिअन्तर्गत लोपोन्मुख स्थानीय कला, भाषा, लिपि र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गर्ने एवम् भाषा, कला, लिपि, र संस्कृतिलाई अभ्यास र स्थानीय सघनताको आधारमा समूहीकृत गरी विकास र संरक्षणका कार्यक्रम सञ्चालन गर्ने कार्यनीति समेत हालसम्म कार्यान्वयनमा आएका छैनन् । परम्परागत मौलिक कला र लोक सङ्गीत, नृत्य, नाट्य लगायतका प्रदर्शनकारी लोककलाको संरक्षण, अनुसन्धान र विकास गर्ने रणनीति अन्तर्गत विभिन्न जाती र समुदायका लोकगीत, लोककथा, नाट्यकला, परम्परागत भजन लगायतका लोकसाहित्यका विभिन्न विधाको सर्भेक्षण, सङ्कलन, अध्ययन, संरक्षण र प्रवर्धन गर्ने र प्रदेशको स्थानीय र परम्परागत मौलिक कला र संस्कृति र सम्पदाको संरक्षणमा योगदान दिने व्यक्ति,

संस्था र समुदाय वा स्थानीय तहलाई प्रोत्साहित र सम्मानित गर्ने कार्यनीति पनि हालसम्म कार्यान्वयन हुन सकेको देखिदैन ।

मूर्त तथा अमूर्त सम्पदा, भाषा र लिपिको संरक्षणमा उत्प्रेरित गर्ने रणनीति अन्तर्गत स्थानीय कला, भाषा, लिपि, लोकसंस्कृतिको संरक्षणमा सम्बद्ध समुदायलाई उत्प्रेरित गर्न स्थानीय तहसँग सहकार्य गर्ने र भाषा संस्कृति, लोकसाहित्य, कलाजस्ता मूर्त र अमूर्त सम्पदाको संरक्षणमा विद्यालय/शिक्षण संस्था, सञ्चारमाध्यम र नागरिक समाजको भूमिका प्रभावकारी बनाउने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । त्यसैगरी मौलिक भाषा, संस्कृति र कलासम्बन्धी सामग्री शैक्षिक पाठ्यक्रममा समावेश गर्ने रणनीति अन्तर्गत मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउने, मातृभाषासम्बन्धी जानकारीलाई आधारभूत पाठ्यक्रममा समावेश गर्ने र लोक तथा परम्परागत संस्कृतिसम्बन्धी जानकारी विद्यालयको पाठ्यक्रममा समावेश गर्ने कार्यनीति पनि हालसम्म कार्यान्वयननमा आउन सकेका छैनन् ।

यसरी योजनामा प्रस्ताव गरिएका ६ ओटा रणनीति र सो अन्तर्गतका कुल २० ओटा कार्यनीतिमध्ये १५ ओटा कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेको देखिएन । भाषा, कला र साँस्कृति क्षेत्रका रणनीति र कार्यनीति कार्यान्वयनको अवस्थालाई *अनुसूची १२* मा संलग्न गरिएको छ ।

### ४.२.२.२ परिमाणात्मक उपलब्धि

यस अवधिमा प्रदेशको कुल बजेटमा भाषा, साहित्य, कला, संस्कृति, पुरातात्विक सम्पदा संरक्षणको अंश लक्ष्य भन्दा बढी प्रगति भएको छ भने सङ्ग्रहालय स्थापनामा लक्ष्यअनुसार प्रगति भएको छ । सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको अध्ययन अनुसन्धानमा ६६ प्रतिशत र बाँकी पुरातात्विक सम्पदाको संरक्षण र सामुदायिक पुस्तकालयको सबलीकरणमा ५० प्रतिशत भन्दा कम प्रगति भएको छ। पाँच ओटा सूचकमा प्रगति शून्य रहेको छ ।

यस अवधिमा भाषा, काल र संस्कृतितर्फको नतिजा खाकामा रहेको प्रभाव तहका ३ र असर तहका १ नतिजासूचकमा प्रतिवेदन प्राप्त भएको छैन भने प्रतिफल तहका १० ओटै नतिजासूचकमा प्रतिवेदन प्राप्त भएको छ । यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३२: भाषा, साँस्कृति र कला उपक्षेत्रको परिमाणात्मक लक्ष्य र उपलब्धिसम्बन्धी विवरण

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/०७६ | २०७८/०७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| संरक्षित भाषाहरूको सङ्ख्यामा वृद्धि | सङ्ख्या | | | |
| संरक्षित कलाहरूको सङ्ख्यामा वृद्धि | सङ्ख्या | | | |
| संरक्षित साहित्यहरूको सङ्ख्यामा वृद्धि | सङ्ख्या | | | |

| | | | | |
|---|---|---|---|---|
| संरक्षित सम्पदाहरूको सङ्ख्यामा वृद्धि | सङ्ख्या | | | |
| **असर तह** | | | | |
| मौलिक संस्कृतिको संरक्षण र संवर्धन | सङ्ख्या | १ | ११ | |
| **प्रतिफल** | | | | |
| प्रदेशको कुल बजेटमा भाषा, साहित्य, कला, संस्कृति, पुरातात्विक सम्पदा संरक्षण र विकासको अंश | प्रतिशत | ०.१३ | ०.६० | ०.७० |
| सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरूको अध्ययन अनुसन्धान | सङ्ख्या | १ | ३ | २ |
| पुरातात्विक सम्पदा (वर्षभन्दा पुराना १००) संरक्षण | सङ्ख्या | ५ | १ | १ |
| परम्परागत तथा सांस्कृतिक गुठी संरक्षण | सङ्ख्या | ० | ५ | ० |
| भाषाको कम्प्युटर इन्जिनियरिङ | सङ्ख्या | ० | २ | ० |
| लोपोन्मुख भाषा संस्कृतिको संरक्षण | सङ्ख्या | ० | ११ | ० |
| सङ्ग्रहालयको स्थापना | सङ्ख्या | ० | २ | २ |
| बहुजातीय सांस्कृतिक ग्राम | सङ्ख्या | ० | ० | ० |
| सामुदायिक पुस्तकालय सबलीकरण | सङ्ख्या | ० | २० | १ |
| मातृभाषाको पाठ्य सामग्री विकास | सङ्ख्या | ० | ४ | ० |

## ४.५.३ समस्या र सुझावहरू

### क. समस्याहरू

यस उपक्षेत्रको लागि तय गरिएकामध्ये तीन चौथाई कार्यनीतिहरू हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । सांस्कृतिक परम्परा र रितिरिवाज झल्काउने खालका प्रचार सामग्री निर्माण र प्रदर्शन, मातृभाषा, लोक साहित्य, लोक सङ्गीत, आधुनिक सङ्गीत, लोक नाट्य र ललितकलाको अनुसन्धान, संरक्षण र विकास, भाषा, भाषिका, लिपिको पहिचान गरी तिनीहरूको संरक्षण एवम् उत्थान गर्ने, मौलिक भाषा, संस्कृति र कलासम्बन्धी सामग्री शैक्षिक पाठ्यक्रम विकास गर्ने जस्ता कार्यनीति कार्यान्वयन नभएको देखिन्छ । परिमाणात्मक उपलब्धितर्फ प्रगिति प्रतिवेदन प्राप्त भएका १० मध्ये एक नतिजा सूचकमा ७५ र २ ओटामा ५० प्रतिशत भन्दा कम मात्र प्रगति भएको छ । पाँच ओटा नतिजा सूचकमा प्रगति शून्य रहेको छ । यसबाट यस उपक्षेत्रमा समस्या रहेको स्पष्ट हुन्छ । निकाय र निकायगत कार्यविभाजनमा भएको परिवर्तन, तथ्याङ्कमा आधारित अनुगमन प्रणालीको अभाव र संस्थागत क्षमताको सीमितता यस क्षेत्रका मुख्य समस्या हुन् ।

### ख. सुझावहरू

यस अवस्थामा आवधिक योजनाको बाँकी अवधिको लागि मौलिक कला संस्कृतिको पहिचानसहितको विवरण सङ्कलन गर्ने र मातृभाषाको संरक्षण र विकास गर्ने तथा यस उपक्षेत्रसग सम्बन्धित तथ्याङ्क र विवरणलाई अद्यावधिक गर्ने र सूचना प्रणाली विकास गर्ने विषयलाई प्रथमिकतामा राख्नु पर्दछ । त्यसैगरी हालसम्म लक्ष्य भन्दा कम प्रगिति भएका र प्रगति नै नभएका सूचकमा योजनाको लक्ष्य प्राप्त गर्नेगरी कार्यक्रम तर्जुमा गरी सघन रूपमा कार्यान्वयन गर्नु उपयुक्त हुन्छ ।

# परिच्छेद - पाँच
# सहरीकरण र पूर्वाधार विकास

## ५.१ सहरीकरण

### ५.१.१ पृष्ठभूमि

सरकारी कार्यालयको भौतिक व्यवस्थापनको नियमन, सहरी विकास योजना तर्जुमा, पूर्वाधार निर्माण, सञ्चालन, मर्मतसम्भार र आवास र भवनसम्बन्धी योजना, उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन, राष्ट्रिय भवन संहिताको नियमन, कर्मचारी आवास, अस्पताल र विद्यालय निर्माण, लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक लक्षित नीतिको नियमन, प्रदेश राजधानी र अन्तरस्थानीय सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण प्रदेशको अधिकार क्षेत्रभित्र समावेश छ ।

योजना तर्जुमाको आधार वर्षमा प्रदेशको करिब ७३ प्रतिशत जनसङ्ख्या नगरपालिकामा बसोबास गर्ने र सहरीकरणको स्तर ४९.६ प्रतिशत रहेको थियो । सन् २००१ देखि ११ सम्म प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर २ प्रतिशत थियो । यसमा पनि काठमाडौं उपत्यकाजस्ता सहरी केन्द्रहरूको जनसङ्ख्या वृद्धिदर उच्च थियो । सहरी जनसङ्ख्या मुख्य रूपमा काठमाडौं, चितवन, मकवानपुर र काभ्रे जिल्लामा केन्द्रित थियो । जनघनत्व काठमाडौं महानगरको १९७२६, भरतपुर महानगरको ६४८ र हेटौंडा उपमहानगरको ५८४ जना प्रति वर्ग किलोमिटर थियो । सहरी स्वरूप एकीकृत भइरहेको थियो भने सहरी कोरिडोर विकास हुने क्रममा थियो ।

आवधिक योजनामा "सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार, सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार" भन्ने सोच निर्धारण गरिएको छ । त्यसैगरी प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिक पूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ भने प्रादेशिक र स्थानीय भौतिक योजना र एकीकृत मापदण्डको कार्यान्वयनलाई संस्थागत गर्ने र क्षेत्रीय र आधारभूत सहरी पूर्वाधारको अवस्थामा सुधार गर्ने उद्देश्य योजनाको छ । यी उद्देश्य र लक्ष्य हासिल गर्न रणनीति र कार्यनीतिहरू समेत तय गरिएका छन् ।

## ५.१.२ उपलब्धिको विश्लेषण

### ५.१.२.१ नीतिगत उपलब्धि

योजनामा काठमाडौं उपत्यकाको दीर्घकालीन विकास सोचसँग मेल नखाने क्रियाकलापलाई उपत्यका बाहिर विकेन्द्रित गर्ने रणनीतिअन्तर्गत ५ ओटा कार्यनीति रहेका छन्, पूर्वाधार विकासलाई भौतिक योजनाद्वारा निर्देशित गर्ने रणनीतिअन्तर्गत ४ र सहरहरूको एकीकृत विकास गर्ने रणनीतिअन्तर्गत ८ ओटा कार्यनीति रहेका छन् । साथै, सहरीकरणको सोच अनुरूप लक्ष्य र उद्देश्य हासिल गर्नको लागि १० ओटा प्रमुख कार्यक्रमहरू पहिचान गरी कार्यान्वयन गर्ने प्रस्ताव गरिएको छ ।

काठमाडौं उपत्यकाको दीर्घकालीन विकास सोचसँग मेल नखाने क्रियाकलापलाई उपत्यका बाहिर विकेन्द्रित गर्ने रणनीतिअन्तर्गत साना सहर तथा बजार केन्द्रहरूमा एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयनको लागि एकीकृत बस्ती विकासको प्रवर्धन गर्ने कार्यनीति अनुरूप कार्यविधि स्वीकृत भएको तर कार्यान्वयनमा आउन नसकेको अवस्था छ । यो बाहेक काठमाडौं उपत्यकाको दीर्घकालीन सहरी विकास योजनाको तीन तहका सरकारबिच समन्वय गरी कार्यान्वयन गर्ने, हेटौंडा र चितवनमा स्मार्ट सहर योजना कार्यान्वयन गर्ने, पर्यटकीय सहर बनाउने, बस्ती विकास, जग्गा एकीकरण, निर्देशित जग्गा विकास र भवन एकीकरण गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

पूर्वाधार विकासलाई भौतिक योजनाद्वारा निर्देशित गर्ने रणनीतिअन्तर्गतको सहरी चाप बढी भएका ठाँउमा आकासे पुल र अन्डरपास निर्माण गर्ने नीति रहेकोमा केही ठाँउमा आकासे पुल निर्माण कार्यक्रममा समावेश भएको छ । योबाहेक भौतिक योजनासम्बन्धी निर्देशिका तयार गर्ने, भूउपयोग योजना निर्माण र विस्तारलाई प्रोत्साहन गर्ने र जिरी र स्याफ्रुबेसी लगायतका स्थानमा स्मार्ट सहर र जग्गा विकास गर्ने कार्यनीति पनि कार्यान्वयमा आउन सकेका छैनन् ।

सहरको एकीकृत विकास गर्ने रणनीतिअन्तर्गत आर्थिक कोरिडोरको विकास गर्ने, एकीकृत सहरी विकासको लागि तीन तहका सरकार र समुदायबिच सहकार्य गर्ने, विशिष्टीकृत नयाँ सहरको विकास गर्ने, सहरी विकासको लागि वैदेशिक लगानी आकर्षित गर्ने, काठमाडौं उपत्यकाको सहरी विकासको विशेष योजना बनाई कार्यान्वयन गर्ने, जैविक फोहरको व्यवस्थापन गर्ने, सहरी गरिब परिवारका लागि आवास र सेवा सुविधाको व्यवस्था गर्ने र सङ्घ तथा स्थानीय तहसँगको सहकार्यमा नदी प्रणालीलाई स्वच्छ, व्यवस्थित र मनोरम क्षेत्रको रूपमा विकास गर्ने कार्यनीतिहरू पनि समीक्षा अवधिसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

यसरी समीक्षा अवधिमा सहरीकरण उपक्षेत्रको लक्ष्य उद्देश्य प्राप्तिका लागि तय गरिएका तीनओटा रणनीति र १७ ओटा कार्यनीतिमध्ये दुई ओटाको आंशिक कार्यान्वयन भएको छ भने बाँकी १५ ओटा कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् । यससम्बन्धी विस्तृत विवरण *अनुसूची १३* मा संलग्न

गरिएको छ ।

### ५.१.२.२ परिमाणात्मक उपलब्धि

विगत तीन वर्षको अवधिमा उपलब्धि सूचकमा समावेश २० ओटा नतिजा सूचकमध्ये सहरी पार्क/उद्यान निर्माण सुधारमा ८५ प्रतिशत प्रगति भएको छ । यस अवधिमा नतिजा खाकाको प्रभाव तहका ४ ओटा नतिजा सूचक र असर तहका ४ नतिजा सूचकमा प्रगति प्रतिवेदन प्राप्त भएको छैन भने प्रतिफल तहका १२ ओटा नतिजा सूचकमध्ये एउटा नतिजा सूचकमा मात्र प्रगति विवरण उपलब्ध हुन सकेको छ । यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३३: सहरीकरण, आवास तथा बस्ती विकास उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| सुरक्षित (भवन आचारसंहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबासगर्ने जनसङ्ख्या | प्रतिशत | ३७.८ | ५७.१ | |
| आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ६७.८० | ६९.१२ | |
| ३० मिनेटको पैदल दुरीमा बजार केन्द्रको पहुँच पुगेको परिवार | प्रतिशत | ५७.५० | ७५.८० | |
| ग्रामीण र सहरी जनघनत्वको अनुपात | अनुपात | १:६.७० | १:४.४८ | |
| **असर तह** | | | | |
| आधारभूत सेवा सुविधा पुगेको परिवार | प्रतिशत | | | |
| सहर केन्द्रीकरण अनुपात (City concerntration ratio) | अनुपात | ६३६. | | |
| सहरको औषत आकार (Mean city size) – जनसङ्ख्याको आधारमा | सङ्ख्या | ८७८१९ | | |
| गाउँको औषत आकार (Mean rural size) - जनसङ्ख्याको आधारमा | सङ्ख्या | २००२६ | | |
| **प्रतिफल तह** | | | | |
| नक्सापास गरी भवन निर्माण | प्रतिशत | | | |
| सिमेन्ट ढलानसहितका भवन | प्रतिशत | २१.२ | २६.५ | |
| जस्तापाता छाना भएको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ३३.७ | २७.३ | |
| आर.सि.सि.छाना भएको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ४१.७ | ४३.७ | |
| बत्ती बाल्न बिजुली प्रयोग गर्ने परिवार | प्रतिशत | ८५.७ | ९४.३ | ९७.४७ |
| शौचालय सुविधा भएको परिवार | प्रतिशत | | १०० | १०० |
| सुरक्षित नागरिक आवास निर्माण | सङ्ख्या | | | |
| सहरी गरीब आवास एकाइ निर्माण | सङ्ख्या | - | | |
| बस्ती स्थानान्तरणका लागि पूर्वाधार सहितको एकीकृत बस्तीविकास | सङ्ख्या | - | १ | |
| एकीकृत सहरी सेवा केन्द्र निर्माण | सङ्ख्या | - | २ | |
| सहरी पार्कउद्यान निर्माण तथा सुधार/ | सङ्ख्या | - | ६० | ५१ |
| स्मार्ट सिटीका रूपमा सहरको विकास | सङ्ख्या | ० | १ | |

### ५.१.३ समस्या र सुझावहरू

**क. समस्याहरू**

योजनामा प्रस्ताव गरिएका कार्यनीतिमध्ये हालसम्म दुई अर्थात् ११ प्रतिशत मात्र कार्यान्वयन भएका छन्। काठमाडौं उपत्यका र अन्य क्षेत्रको सहरीकरणसम्बन्धी नवीन र ठुला र महत्त्वपूर्ण कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् । परिमाणात्मक उपलब्धितर्फ २० ओटा नतिजा सूचकमध्ये लक्ष्य तोकिएको १३ ओटामा सहरी पार्क निर्माण सुधार लगायतका ३ ओटा सूचकमा मात्र प्रगति भएको देखिन्छ । प्रदेश भित्रको सहरीकरण, अवास र सहरमा उपलब्ध सेवाहरू प्रतिविम्वत गर्ने प्रमुख सूचकहरूमा प्रगति विवरण उपलब्ध हुन सकेको छैन ।

आवधिक योजना अनुरूप वार्षिक कार्यक्रम बनाएर कार्यान्वयन गर्ने तथा सोको अनुगमन र सूचना सङ्कलन र प्रतिवेदनमा समस्या रहेको देखिएको छ । तीन तहका सरकारबिचको समन्वय र सहकार्यबाट मात्र कार्यान्वयन हुन सक्ने सहरीकरणका मुख्य मुख्य गतिविधि समन्वयात्मक वातावरणको अभावमा कार्यान्वयन हुन नसकेको देखिन्छ । सङ्घीय राजधानी काठमाडौं सङ्घीय सरकारको प्राथमिकतामा पर्ने भएकोले पनि उपत्यका भित्रका सहरमा प्रदेशको कार्यमा बढी समन्वय र सहकार्य गर्न मात्र आवश्यक हुदैन प्रदेशको क्षेत्राधिकार पहिल्याउन पनि सजिलो हुदैन । यसकारण पनि यस्ता गतिविधि कार्यान्वयनमा आउन नसकेको देखिन्छ ।

**ख. सुझावहरू**

योजनाको बाँकी अवधिमा कार्यान्वयनमा आउन नसकेकामध्ये जग्गा विकास योजनाको निर्माण र कार्यान्वयन, आवास भवन निर्माणको मापदण्ड नबनेका स्थानीय तहहरूमा मापदण्ड निर्माण र कार्यान्वयनको लागि स्थानीय तहको क्षमता विकास गर्ने, सङ्घीय सरकारसँगको समन्वयमा सहरहरूको तहगत खाका निर्धारण गर्ने र स्याफ्रुवेसी र जिरीमा स्मार्ट सहरको योजना सञ्चालन गर्ने कार्यको सुरुआत गर्न उपयुक्त हुन्छ । साथै सहरीकरण, आवास र सहरी सुविधाको अवस्था वारेको सूचना सङ्कलनको लागि स्थानीय तहसँग समन्वय र प्रोत्साहन गरी सूचना प्रणाली विकास गर्नु सान्दर्भिक देखिन्छ ।

## ५.२ यातायात

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात र प्रदेश लोकमार्ग प्रदेशको एकल अधिकारको सूचीमा राखेको छ । प्रदेश लोकमार्ग प्रणालीको नियमन, सडकको मापदण्ड तथा आधार निर्माण, गुरुयोजना, निर्माण/स्तरोन्नति, कार्यान्वयन र नियमन, मर्मत सम्भार र व्यवस्थापन, तथ्याङ्क व्यवस्थापन, यातायात सुरक्षा, सम्भार कोष

व्यवस्थापन, सडक प्रविधि तथा संस्थागत विकास र अध्ययन अनुसन्धान र जलस्रोतसम्बन्धी अन्तरसेवा सञ्चालनको कार्य प्रदेशको कार्यक्षेत्रमा पर्दछ ।

योजना तर्जुमा गर्दा प्रदेशका सबै जिल्ला सदरमुकाम राजमार्ग वा फिडर सडकबाट जोडिएका थिए । भरतपुर र हेटौंडा पूर्व पश्चिम राजमार्गमा अवस्थित थिए भने मदन भण्डारी राजमार्गले हेटौंडालाई अन्य सहरहरूसँग जोड्ने अवस्था थियो । काठमाडौं उपत्यकामा सडकको घनत्व उच्च रहे पनि बाहिरका जिल्लामा निकै कम रहेको र सडक सञ्जालको गुणस्तर र मानकमा न्यूनता रहेको थियो । प्रदेशमा कुल ५५६२ की. मी. लामो जिल्ला सडक रहेकोमा कालोपत्रे ५.५, ग्राभेल १६.२ प्रतिशत र बाँकी माटे सडक थिए । कालोपत्रेको वितरण काठमाडौंमा ३८.७, भक्तपुरमा ६१.९ र चितवनमा २१.५ प्रतिशत रहेको थियो भने बाँकी ९ जिल्लामा कम थियो । रामेछाप, दोलखा, रसुवामा राष्ट्रियबाहेक अन्य कालोपत्रे सडक थिएनन् ।

योजनामा "सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार, सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार" भन्ने दीर्घकालीन सोच सहित प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिक पूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । साथै, योजनाले प्रादेशिक यातायात सञ्जालको विकास, संरचना र व्यवस्थापनका सुधार गर्ने उद्देश्य राखेको छ ।

यी दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्न योजनामा ४ रणनीति तय गरिएको छ । यातायात पहुँच (Accessability) र गतिशीलता (Mobility) मा सुधार गर्ने रणनीतिअन्तर्गत ७ ओटा कार्यनीति रहेका छन् भने सडक सञ्जाल सुधार गर्ने रणनीतिअन्तर्गत ३, प्रादेशिक सडक र संरचनाहरूलाई व्यावसायिक सिद्धान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने रणनीतिअन्तर्गत २ र यातायात व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्ने रणनीतिअन्तर्गत ६ ओटा कार्यनीतिहरू समावेश गरिएको छ । साथै, योजनामा यसको लागि २९ ओटा प्रमुख कार्यक्रम पहिचान गरी कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ ।

## ५.२.२ उपलब्धि विश्लेषण

### ५.२.२.१ नीतिगत उपलब्धि

यातायातको पहुँच र गतिशीलता सुधार गर्ने रणनीतिअन्तर्गत ७ ओटा कार्यनीति रहेकोमा प्रादेशिक यातायात गुरुयोजना तर्जुमा गर्ने कार्यनीति अनुरूप गुरुयोजनाको ड्राफ्ट तयार भएको छ भने प्रदेशस्तरीय सडकको अधिकार क्षेत्र तथा कोरिडोरको चौडाई यकिन गरी सोको परिभाषा, छनोट एवम् नामावली तयार गर्ने कार्यको लागि प्रदेश सार्वजनिक सडक ऐन, २०७८ जारी गरिएको छ । सबै स्थानीय तहको

केन्द्रसम्म पक्की सडक निर्माण गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने कार्यनीति अनुरूप स्थानीय तहको केन्द्रसम्म पक्की सडक निर्माणको कार्य भइरहेको र प्रादेशिक र स्थानीय तहको केन्द्र जोड्ने सडकको नियमित मर्मत सम्भारको कार्य सडक हेरालुको व्यवस्था गरी सुरु गरिएको छ । त्यसैगरी आवागमन सहजीकरण गर्न लिङ्क सडक, बाइपास र टनेल निर्माणअन्तर्गत रासी बाइपास निर्माणको कार्य चालु रहेको छ । पहुँच, गतिशीलता, समय र लागत कम गर्न सुरुङ्ग मार्ग निर्माणलाई प्राथमिकता दिने कार्यनीति अनुरूप भीमफेदी कुलेखानी सुरुङ मार्गको डी.पी.आर. तयार भएको छ ।

अन्तरप्रदेश, अन्तरसहरी लामो दुरीका ठुला बस तथा मालवाहक सवारी साधनहरूको पार्किङ्क तथा मर्मत सुविधासहितको बहुउद्धेश्यीय क्षेत्रीय लजिस्टिक अटो पार्क र क्षेत्रीय बस पार्कको विकास गर्नको लागि स्थानीय तहसँग सहकार्य गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आएको छैन । सडक सञ्जाल सुधार गर्ने रणनीतिअन्तर्गत ३ ओटा कार्यनीति रहेकोमा वातावरणमा न्यूनतम क्षति हुने गरी आर्थिक प्रतिफल पाउने सुनिश्चित गरेर मात्र ठुला सडक र पुल निर्माण गर्ने कार्यनीति अनुरूप प्रदेश वातावरण संरक्षण ऐन, २०७७ जारी गरी सडक र पुलको वातावरणीय अध्ययन गर्ने गरिएको र सतही भूक्षय नियन्त्रणको लागि बायो- इन्जिनियरिङ लगायतका उपयुक्त प्रविधिको उपयोग गर्ने विषय सडकको डी.पी.आर. तयार गर्दा नै समावेश गर्ने गरिएको छ ।

योबाहेक सडक र पुल निर्माणको लागि पर्याप्त अध्ययन र अनुसन्धान गर्ने र निजी क्षेत्र र विकास साझेदारको आर्थिक सहभागितासहितको विशेष साङ्गठनिक संयन्त्र बनाई प्रादेशिक नयाँ यातायात संरचनाको विकास गर्ने कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् । प्रादेशिक सडक र संरचनालाई व्यावसायिक सिद्धान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने रणनीतिअन्तर्गत प्रादेशिक भौतिक योजना अनुरूप अन्तरसहरी रणनीतिक सडक र पक्की तथा झोलुङ्गे पुलको अवस्थाबारे सूची तयार गरी आवश्यक मर्मत सम्भारका लागि प्राथमिकता निर्धारण गर्ने कार्यनीति अनुरूप सहरी रणनीतिक सडक र पक्की तथा झोलुङ्गे पुलको अवस्थाबारे सूची तयार गर्ने कार्य भइरहेको छ ।

सडक संरचना मर्मत सम्भारको निम्ति निश्चित बजेट प्रदेशले नै छुट्याई वा प्रयोगकर्ताबाट नै निर्धारित शुल्क उठाई संरचनाको (डिजाइन) कार्यक्षमता बनाइराख्ने विधिमा आधारित सक्रिय (Proactive) मर्मत सम्भार व्यवस्था (Preformence Based Maintenance) मिलाउने र सोको लागि आवश्यक सहकार्य गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेको छैन ।

यातायात व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्ने रणनीतिअन्तर्गत छ ओटा कार्यनीति प्रस्ताव गरिएकोमा यातायातसम्बन्धी नीति, कानुन र मापदण्ड तयार गर्ने कार्यनीति अनुरूप प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७५ जारी भएको छ । सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्तासम्बन्धी कार्यविधि, २०७८, सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षास्थल

(छनोट र सञ्चालन) कार्यविधि, २०७८, सार्वजनिक यात्रुवाहक विद्युतीय टयाक्सी सेवाको गुणस्तर, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८ र प्रदेश भित्र सञ्चालन हुने (टयाक्सी बाहेकका) साना यात्रुवाहक सार्वजनिक साधनको गुणस्तर, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ जारी भएको छ ।

योबाहेक यो रणनीतिअन्तर्गतका रुज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रणालीको विकास र प्रवर्धन गर्ने, नारायणी नदीमा क्रुजशिप र जेट/मोटरबोट आदि सञ्चालन हुने व्यवस्था मिलाउने, हेटौंडा काठमाडौं रज्जुमार्ग सञ्चालन गरी आपूर्तिको व्यवस्था सहज बनाउने, दिगो र वातावरणमैत्री सवारी साधनको प्रयोगको लागि नीतिगत व्यवस्था गर्ने र सार्वजनिक यातायात सञ्चालनमा स्थानीय तह, निजी क्षेत्र र सहकारीसँग सहकार्य गरिने गरी पाँच कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

यसरी समीक्षा अवधिमा चार रणनीतिअन्तर्गत प्रस्ताव गरिएका १२ ओटा कार्यनीतिमध्ये ४ मा कुनै काम हुन सकेको छैन भने बाँकी ८ कार्यनीतिमा आंशिक मात्र कार्य हुन सकेको छ । यस क्षेत्रअन्तर्गत प्रस्ताव गरिएका रणनीति र कार्यनीति कार्यान्वयन अवस्थाको विस्तृत विवरण *अनुसूची १४* मा संलग्न गरिएको छ ।

### ५.२.२.२ परिमाणात्मक उपलब्धि

यस अवधिमा सडकको कालोपत्रे सडकमा स्तारोन्नति, सडक पुल निर्माण र झुलुङ्गेपुल निर्माणमा लक्ष्य भन्दा बढी प्रगति भएको छ भने ५८ स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माणको लक्ष्य अनुसार भएको छ । सडकको खण्डास्मिथ सडकमा स्तरोन्नतिमा ८३.७६ प्रतिशत प्रगति भएको छ ।

यसरी यस क्षेत्रको नतिजा खाकामा प्रस्ताव गरिएको प्रभावमा १ मा १ र असरमा ६ मा ४ नजितासूचकको प्रतिवेदन प्राप्त भएको छैन भने प्रतिफलमा २३ मध्ये ४ नजिता सूचकको प्रतिवेदन प्राप्त भएको छ । यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३४: यातायात उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| कुलगार्हस्थ्य उत्पादनमा यातायात क्षेत्रको योगदान | प्रतिशत | | | |
| **असर तह** | | | | |
| आधा घण्टाको पैदल यात्रामा यातायातको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८६ | ९५ | |
| ३० मिनेटको पैदल दुरीमा बजार केन्द्रको पहुँच पुगेको परिवार | प्रतिशत | ५७.५ | ७५.८ | |
| ३० मिनेटसम्मको दुरीमा कृषि उपज बिक्रीका लागि बजार | प्रतिशत | ३२.६ | ४५.८ | |

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| उपलब्ध भएका कृषक परिवार | | | | |
| सडक घनत्व | कि.मि.प्रति 100 वर्ग किमि. | ८३ | ८९ | |
| वर्षभरिसडक यातायातमा आबद्ध स्थानीय तहका केन्द्र | सङ्ख्या | ५३ | ९८ | |
| विद्यमान सडकको वर्षभरि यातायात सुचारू हुने गरी स्तरोन्नति | कि.मि. | | | |
| **प्रतिफल** | | | | |
| राष्ट्रिय तथा प्रादेशिक लोकमार्ग | कि.मि. | ५५६२ | ७४२२.०० | ६९५३ |
| स्थानीय सडक | कि.मि. (हजार) | १५.१ | १६.९६ | |
| कालोपत्रे सडकमा स्तरोन्नति | कि.मि. | २६२६ | २९८६ | ३३१७ |
| खण्डास्मिथ सडकमा स्तरोन्नति | किमि. | २९३६ | ४४३६ | ३७१५.६३ |
| स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण | कि.मि. | - | ५२ | ५८ |
| सडकपुल निर्माण | सङ्ख्या | - | ७५ | ६९ |
| सडक फुटपाथ निर्माण | कि.मि. | | | |
| रज्जुमार्ग निर्माण | सङ्ख्या | - | २ | |
| झोलुङ्गे पुल निर्माण | गोटा | - | १०० | २८१ |
| ग्राभिटि केबुलकार | सङ्ख्या | १ | - | |
| ट्राफिक पोस्ट स्थापना | गोटा | | | |
| साइकल लेन | कि.मि. | | | |
| ट्राफिक लाईट (क्रसरोड) | सङ्ख्या | - | ४५ | |
| विद्युतीय चार्ज स्टेसन सहितको सवारी साधन पार्किङ स्थलनिर्माण | सङ्ख्या | - | १७ | |
| निर्माण गुणस्तर परीक्षण प्रयोगशाला | सङ्ख्या | १ | ४ | |
| ट्रायल सेन्टर निर्माण | सङ्ख्या | - | ३ | |
| सवारी मर्मत केन्द्र जोनिङ | सङ्ख्या | - | ३ | |
| भार परीक्षण केन्द्र | सङ्ख्या | - | ३ | |
| प्रदुषण परीक्षण केन्द्र | सङ्ख्या | - | ३ | |
| सडकको मर्मत सम्भार | किमि | - | ३००० | |
| यातायात प्रणालीलाई विद्युतीय प्रणालीमा आबद्धता | प्रतिशत | | | |
| यातायात कर्मचारी, ट्राफिक प्रहरी लगायतलाई तालिम | ओटा | - | | |
| सडक सुरक्षा तालिम | ओटा | | | |

## ५.२.३ समस्या र सुझावहरू

### क. समस्याहरू

यस उपक्षेत्रका कार्यनीतिमध्ये ५० प्रतिशतभन्दा बढी हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । विषेश गरी सडक, पुल र झुलुङ्गे पुलको मर्मत सम्भारलाई व्यवस्थित गर्ने, यातायात प्रशासन र

सार्वजनिक यातायात प्रणाली सुधार गर्ने र रज्जु र जलमार्गको विकास गर्ने जस्ता प्रदेशको आर्थिक गतिविधिसँग प्रत्यक्ष जोडिएका महत्त्वपूर्ण कार्यनीतिहरू कार्यान्वयनमा आउन नसकेको देखिन्छ । परिमाणात्मक उपलब्धितर्फ ३० ओटा नतिजा सूचक रहेकोमा २५ ओटामा कुनै प्रगति विवरण प्राप्त हुन सकेको छैन । प्रगति विवरण प्राप्त भएका ५ ओटा सूचकमध्ये पनि दुई ओटा सूचकमा लक्ष्यको तुलनामा प्रगति हुन सकेको देखिदैन । प्रदेश सरकारको संस्थागत क्षमता र साधन स्रोतको सीमितता र सङ्घीय सरकारसँग सहकार्य र समन्वय आवश्यक पर्ने ठुला र महत्त्वपूर्ण रज्जुमार्ग, भूमिगत मार्ग र जलमार्ग जस्ता गतिविधिमा काम हुन नसकेको देखिन्छ । एकीकृत विकास योजना बन्न नसकेको र आयोजनाहरू मापदण्ड बिना छनोट हुँदा सरकारसँगै प्राथमिकताको परिवर्तन पनि चुनौती बन्न गएको छ । प्रदेशको आफ्नै स्रोत साधुरो भएको र सङ्घबाट प्राप्त हुने साधन स्रोत पूर्वानुमानयोग्य नभएकोले ठुला र बहुवर्षीय आयोजना सञ्चालनमा समस्या देखिएको छ । सडक पूर्वाधारको हिसावले नभई नहुने र रणनीतिक हिसावले महत्त्वपूर्ण भन्दा ससाना र छरिएका आयोजनाले प्रथमिकता पाउँदा आयोजनाको सङ्ख्या र प्रगति बढे पनि यस्ता आयोजनाको असर भने सीमित भएको पाइएको छ । योजना कार्यान्वयनमा प्रदेश सरकारको क्षमता र सङ्घीय सरकारसँगको समन्वय र सहकार्य पनि चुनौतीको रूपमा देखिएको छ ।

**ख. सुझावहरू**

योजनाको बाँकी अवधिमा एकीकृत रूपमा सडक पूर्वाधार विकासको योजना बनाउने, आयोजना छनोटको मापदण्ड निर्धारण गर्ने, सडक, पुल र झुलुङ्गे पुलको सूची तयार गर्ने कार्य सम्पन्न गर्ने, आफ्नो क्षेत्राधिकारमा पर्ने सडक, पुल र झुलुङ्गे पुल मर्मत अभावमा सञ्चालनमा आवरोध आउन नदिन मर्मत सम्भारको उपयुक्त व्यवस्था मिलाउने, चितवन र हेटौंडाको सहरी सार्वजनिक यातायातको पूर्वाधार तयार गर्न उपयुक्त संयन्त्र बनाउने, यातायात प्रशासनलाई कागज विहीन बनाउने र प्रदूषण जाँचको काम निजीकरण गरी विस्तार गर्ने कार्य प्राथमिकतामा राख्नु उपयुक्त हुन्छ । प्रदेश सरकारले बहुवर्षीय ठुला, धेरै साधन स्रोतको माग गर्ने र जटिल प्राविधिक र व्यवस्थापकीय क्षमताका काम गर्ने भन्दा ठिकै आकारका, प्रदेशको क्षेत्राधिकार भित्रका र छोटो अवधिमा सकिने तर प्रभावकारी आयोजना छनोटलाई प्राथमिकता दिन उपयुक्त देखिन्छ ।

## ५.३ उर्जा

### ५.३.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार प्रदेशस्तरको विद्युत् प्रदेशको एकल अधिकार क्षेत्रमा सूचीकृत छ । विद्युत्को नियमन, योजना/गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, सञ्चालन, सम्भार र

व्यवस्थापन, वितरण र सेवाको गुणस्तर नियमन, सेवाको शुल्क दस्तुरको अधार निर्धारण र सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन र नियमन प्रदेशको कार्यक्षेत्रमा पर्दछ ।

योजना तर्जुमा गर्दा राष्ट्रियस्तरमा उत्पादन भएको विद्युत्मध्ये एक तिहाई (४१८.२ मेगाबाट) प्रदेशमा उत्पादन हुने गरेको थियो । कुलेखानी १, २ र ३, त्रिशुली, माथिल्लो भोटेकोसी, खिम्ती र चिलिमे प्रदेशका प्रमुख चालु परियोजना र माथिल्लो तामाकोसी निर्माणाधीन परियोजना थियो । प्रदेशभित्र थुप्रै साना जलविद्युत् परियोजना सञ्चालनमा रहेका र नयाँ प्रस्ताव भएको अवस्था थियो । विद्यमान र निर्माणाधीन प्रसारण लाइनको क्षमता ३९२७ सर्किट कि. मि. रहेको थियो ।

प्रदेश भित्रको घरधुरीको बत्तीको प्रयोगको हिस्सामा बिजुली ८५.७ प्रतिशत, मट्टितेल ७.५, वायोग्यास ०.३, सौर्य ४ र अन्यको १.७ प्रतिशत रहेको थियो भने खाना पकाउनको लागि प्रयोग हुने इन्धनतर्फ काठदाउरा ४६ प्रतिशत, मट्टितेल १.८ प्रतिशत, एलपी ग्यास ४७.७ प्रतिशत, वायोग्यास २ प्रतिशत र बाँकी अन्य अवस्था विद्यमान थियो । काठमाडौं उपत्यका बाहिर धेरै घरधुरी बिजुलीका पहुँचबाट वञ्चित थिए । मकवानपुर, सिन्धुली र रामेछाप जस्ता जिल्लामा घरधुरीको बिजुलीमा पहुँच हुने जनसङ्ख्या केबल २५ प्रतिशत मात्र थियो ।

योजनामा "सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार" भन्ने दीर्घकालीन सोच सहित प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिक पूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य रहेको छ । साथै, प्रदेशमा सबै घरधुरीको बिजुलीमा सतप्रतिशत पहुँच पुऱ्याउने उद्देश्य यस योजनाले राखेको छ ।

## ५.३.२ उपलब्धि विश्लेषण

### ५.३.२.१ नीतिगत उपलब्धि

आवधिक योजनाको लागि यस प्रदेश भित्र सबै भौगोलिक क्षेत्रका उर्जालाई भरपर्दो र सुलभ बनाउने रणनीति अन्तर्गतका पाँच कार्यनीतिमध्ये बिजुलीको पहुँच नपुगेका क्षेत्रमा विद्युत् प्रसारण लाइनको विस्तार गर्न गर्ने कार्यनीति अनुरूप प्रशारणलाइन विस्तारको कार्य भइरहेको छ । साना जलविद्युत् परियोजना र नवीकरणीय तथा वैकल्पिक उर्जा प्रवर्धन गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने कार्यनीति अनुरूप कार्य भइरहेको छ । यी बाहेक जलविद्युत् उत्पादन बढाउन तीन तहका सरकार र निजी क्षेत्रसँग सहकार्य गर्ने, बहुउपयोगी जलासययुक्त, रन अफ रिभर, लघु जलविद्युत् परियोजनाको विकास गर्ने र उर्जा उत्पादनमा निजी क्षेत्रको भूमिकालाई बढावा दिने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । उर्जाको वृहद् प्रयोगमा जोड दिने रणनीति अन्तर्गत दुई कार्यनीति तय गरिएकोमा सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरी यातायात, कृषि तथा उद्योगको आधुनिकीकरणमा

विद्युतको उपयोग गर्ने नीतिगत व्यवस्थाको लागि विद्युत् ऐनको मस्यौदा तयार गर्ने कार्य सम्पन्न भएको छ ।

आधारभूत स्वास्थ्य, गरिवी निवारण जस्ता उद्देश्यसँग गासिएका खानेपानी, लिफ्ट सिचाई, घरेलु उद्योग लगायतको क्षेत्रमा खपत हुने बिजुलीमा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाउने कार्य हालसम्म कार्यान्वयनमा आएको छैन । वि. सं. २०८५ सम्ममा पेट्रोलियममा निर्भर यातायातका साधनलाई क्रमशः विस्थापन गर्ने रणनीति अन्तर्गत हाइब्रिड प्रविधि र बिजुलीबाट चल्ने सार्वजनिक तथा निजी यातायातका साधनहरूलाई उचित सहुलियत दिई प्रवर्धन गर्न चरणबद्ध योजना बनाई लागु गर्ने र निजी क्षेत्र समेतको सहभागितामा विद्युतीय सवारी साधनहरूको लागि चर्जिङ्ग स्टेसनहरूको स्थापना र सञ्चालन गर्ने कार्यनीति पनि हालसम्म कार्यान्वयनमा आउन सकेको देखिँदैन ।

यसरी समीक्षा अवधिमा तीन रणनीति अन्तर्गतका ९ कार्यनीतिहरूमध्ये ७ ओटा कार्यान्वयन हुन सकेका छैनन् भने दुई ओटा कार्यनीति मात्र कार्यान्वनयनमा आएका छन् । यस उपक्षेत्रअन्तर्गतका रणनीति र कार्यनीति कार्यान्वयन अवस्थासम्बन्धी विस्तृत विवरण *अनुसूची १५* मा संलग्न गरिएको छ ।

### ५.३.२.२ परिमाणात्मक उपलब्धि

विगत तीन आर्थिक वर्षमा विद्युतमा पहुँच प्राप्त जनसङ्ख्या र २०० के भी प्रसारण लाइन विस्तारमा लक्ष्य भन्दा बढी प्रगति भएको छ । विद्युत् चुहावटमा ९६.१५ प्रतिशत प्रगति भएको छ भने प्रति व्यक्ति विद्युत् खपतमा ५९.२६ प्रतिशत प्रगति भएको छ । सडक सोलार बत्ती र मझौला टार र खानेपानीमा सौर्य र नवीकरणीय उर्जा जडान गर्ने कार्यमा २० प्रतिशत भन्दा कम प्रगति भएको छ ।

समीक्षा अवधिमा जलविद्युत् क्षेत्रको नतिजा खाकामा समाविष्ट प्रभाव तहको एउटा नतिजा सूचकमा कुनै प्रतिवेदन भएको छैन भने असर तहमा रहेका ६ मध्ये ३ ओटामा र प्रतिफल तहमा रहेका ७ मध्ये ६ ओटा नतिजासूचकमा प्रगति प्राप्त हुन सकेको छैन । सौर्य र नवीकरणीय उर्जाको नतिजा खाकामा उल्लेख भएको प्रभाव तहको एउटा नतिजासूचकमा प्रतिवेदन प्राप्त भएको छैन भने असर तहमा रहेका ५ मध्ये ३ ओटा र प्रतिफल तहमा रहेका ३ मध्ये कुनै पनि नतिजासूचकको प्रगति विवरण प्राप्त हुन सकेको छैन । नतिजासूचकको परिमाणात्मक उपलब्धि विवरण क्रमशः तलको तालिकाहरूमा प्रस्तुत गरिएको छ ।

तालिका ३५: जलविद्युत् उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण

| नतिजासूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव** | | | | |

| नतिजासूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव** | | | | |
| कुलगार्हस्थ्य उत्पादनमा ऊर्जा क्षेत्रको योगदान | प्रतिशत | | | |
| **असर** | | | | |
| प्रतिव्यक्ति विद्युत् खपत | किलोवाट घण्टा | | ६०० | ४१४.३५ |
| विद्युत्मापहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | ८५.७ | ९४.३ | ९७.४७ |
| विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९८.२ | ९९.२८ | |
| जलविद्युत् उत्पादन जडित क्षमता | मेगावाट | ४१८.२ | १३६७.२८ | |
| विद्युत् चुहावट (उत्पादनमा) | प्रतिशत | १९ | १६ | १५.३८ |
| यातायातमा विद्युतीय सवारी साधनको हिस्सा | प्रतिशत | - | ११५. | |
| **प्रतिफल** | | | | |
| निर्माण सम्पन्न जलविद्युत् आयोजना | सङ्ख्या | | | |
| निर्माणाधीन जलविद्युत् आयोजना | सङ्ख्या | | | |
| निर्माण चरणमा जाने जलविद्युत् आयोजना | सङ्ख्या | | | |
| प्रसारण तथा वितरण लाइन निर्माण | | | | |
| प्रसारण लाइन (६६के.भि. तथा सो भन्दा माथि | स.मि.कि. | ४९४ | | |
| प्रसारण लाइन (१३२के तथा सो भन्दा.भि.माथि) | स.मि.कि. | १६०१ | | |
| वितरण लाइन २०० के.भि. | स.मि.कि. | १४३२ | | १०२२५ |
| वितरण लाइन ४०० के.भि. | स.मि.कि. | ७८ | | |

तालिका ३६: सौर्य तथा नवीकरणीय उर्जा उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण

| नतिजासूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव** | | | | |
| उर्जा उपभोगमा सौर्य तथा अन्य नवीकरणीय उर्जाको अनुपात | प्रतिशत | ४३. | ७३. | |
| **असर** | | | | |
| नवीकरणीय उर्जा | परिवार सङ्ख्या | ५४६४४३ | ९२७६८ | |
| घरेलु सौर्य बत्ती | सङ्ख्या | | २००० | |
| सुधारिएको चुलो (फलामे चुलो सहि) | सङ्ख्या | | २००० | |
| सोलार सडक बत्ती | स्थान | | १००० | १०० |
| भूमिगत मझौला टारमा सौर्य लिफ्ट सिँचाइ र खानेपानी | सङ्ख्या | | ६० | ११ |
| **प्रतिफल** | | | | |
| लघु जलविद्युत् उत्पादन | कि.वा. | - | ६०० | |
| सौर्य ड्रायर तथा कुकर जडान | सङ्ख्या | | | |
| वायोग्याँस जडान (घरायसी, सामुदायिक तथा संस्थागत र सहरी) | सङ्ख्या | | २५०० | |

### ५.३.३ समस्या र सुझावहरू

**क. समस्याहरू**

यस क्षेत्रको लागि प्रस्तावितमध्ये करिब ८० प्रतिशत कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् । विषेशगरी जलविद्युत् आयोजनाको विकास र कार्यान्वयन, यातायात, कृषि र उद्योगमा विद्युत्को उपयोग बढाउने र स्वास्थ्य, खानेपानी र सिँचाइमा हुने विद्युत् खपतमा सहुलियत प्रदान गर्ने र विद्युतबाट चल्ने सवारी साधनको प्रवर्धन गर्ने कार्यनीतिमा कुनै प्रगति हुन सकेको छैन । सौर्य र नवीकरणीय उर्जातर्फ प्रदेश आफैंले गरेका सडक बत्ती र पानी लिफ्ट गर्ने काममा सौर्य उर्जाको प्रयोगमा सीमित मात्र प्रगति भएको छ । जलविद्युत् आयोजनाको विकास र कार्यान्वयन जटिल प्राविधिक र धेरै साधन स्रोत माग गर्ने गतिविधि हो । यसमा प्रदेश सरकारको संस्थागत क्षमतामा सीमितता देखिएको छ । त्यसैगरी जिवाष्म उर्जामा आधारित सवारी साधनलाई विस्थापन गर्ने विषयलाई सङ्घीय सरकारको यससम्बन्धी नीति र अन्य प्रदेशको सक्रियाताले पनि प्रत्यक्ष प्रभावित गर्दछ । विद्युत्को औद्योगिक र अन्य क्षेत्रमा उपभोग बढाउने कुरामा पनि यसको उत्पादन र पहुँचद्वारा नियन्त्रित हुन्छ जुन कार्य सङ्घ मातहतको नेपाल विद्युत् प्रधिकरणले गर्दै आएको छ । विद्युत् प्राधिकरणसँगको सहकार्य र समन्वय बिना यो कार्य सम्भव देखिदैन ।

**ख. सुझावहरू**

यस अवस्थमा विद्युत्तर्फ बाँकी अवधिको लागि प्रदेश सरकारले अझ पनि केन्द्रीय ग्रिड नपुगेका क्षेत्रहरूमा सौर्य उर्जाको लागि स्थानीय तहसँगको समन्वयमा अनुदान दिएर प्रवर्धन गर्ने, प्रदेश मातहतका अस्पताल लगायत सार्वजनिक निकायहरूमा सौर्य उर्जा जडान गर्न अनुदान दिने, सडक बत्तीहरूको व्यापक विस्तार गर्ने, प्रदेशमा दर्ता हुने विद्युतीय सवारी साधनलाई अनुदान दिएर प्रवर्धन गर्ने, प्रदेशभित्र विद्युत् प्रधिकरण र स्थानीय तहसँग समन्वय गरी बढी भन्दा बढी चार्जिङग स्टेसनहरू निर्माण गर्ने र एक वर्षको लागि विद्युतीय सवारी साधनको लागि चार्जिङबापत लाग्ने सम्पूर्ण खर्च प्रदेश सरकारले विद्युत् प्राधिकरणलाई उपलब्ध गराउने आदि क्षेत्रमा काम गर्न उपयुक्त हुन्छ ।

## ५.४ दूरसञ्चार

### ५.४.१ पृष्ठभूमि

योजना तर्जुमा गर्दाको अवस्थामा प्रदेशमा घरधुरीको ७६.१ प्रतिशतको मोवाइल फोनमा, १९.५ प्रतिशतको कम्प्युटरमा, १० प्रतिशतको इन्टरनेटमा र १६.७ प्रतिशतको टेलिफोनमा पहुँच रहेको थियो। सबै तहका सरकारमा सूचना र सञ्चार प्रविधि र सूचनाको वितरण, सरकारहरू बिच हुने कारोवार,

सरकार र नागरिकबिच हुने कारोवार र सरकार र व्यवसायीबिच हुने करोवारलाई विद्युतीय प्रणालीमा रूपान्तरण गर्न सीमितताहरू रहेको थियो । सीमित जिल्लामा मात्र इ-भिलेज कार्यक्रमहरू सञ्चालन हुदै आएको अवस्था थियो ।

यस योजनामा "सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार, सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार" भन्ने दीर्घकालीन सोच र प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिकपूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य राखिएको छ । साथै, प्रदेशको सबै स्थानीय तहमा सूचना र सञ्चार प्रविधि र सेवाहरूमा परिवारहरूको शतप्रतिशत पहुँच पुर्याउने उद्देश्य निर्धारण गरिएको छ ।

योजनाको सोच, लक्ष्य र उद्देश्य हासिल गर्नको लागि २ ओटा रणनीतिहरू प्रस्ताव गरिएको छ । प्रदेश भित्र सूचना र सञ्चार प्रविधि सेवालाई सरल र सुलभ बनाउने रणनीति अन्तर्गत ४ ओटा र प्रदेश सरकार र स्थानीय तहको प्रभावकारी व्यवस्थापनको लागि विद्युतीय शासन (इ–गभरनेन्स) क्षमता विकास गर्ने रणनीति अन्तर्गत ३ ओटा कार्यनीतिहरू समावेश गरिएको छ । साथै, योजनाको लक्ष्य र उद्देश्य प्राप्तिको लागि कार्यान्वयन गर्न ५ ओटा प्रमुख कार्यक्रम प्रस्ताव गरिएको छ ।

## ५.४.१ उपलब्धि विश्लेषण

### ५.४.२.१ नीतिगत उपलब्धि

दूरसञ्चार उपक्षेत्रको पहिलो रणनीति प्रदेश भित्र सूचना सञ्चार प्रविधि सेवाहरूलाई सरल र सुलभ बनाउने तथा प्रदेशअन्तर्गतका सबै स्थानमा दूरसञ्चार सेवा विस्तार गर्ने, सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरी आवश्यक वडाहरूमा इ-भिलेज स्थापना गर्ने, सरकार र सरकारबिचको सहकार्य, सरकार र व्यावसायिक/निजी संस्थाबिचको सहकार्य तथा सरकार र समुदायबिचको सहकार्यको सम्भाव्यतालाई अध्ययन गरी संरचनाहरूको विस्तार र सेवाहरूलाई संस्थागत गर्ने र दूरसञ्चार सेवा नपुगेका वडाहरूमा सो सेवा पुऱ्याउन सेवा प्रदायक संस्थाहरूलाई सहजीकरण गर्ने चार ओटा कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

त्यसैगरी प्रदेश सरकार र स्थानीय तहको प्रभावकारी व्यवस्थापनका लागि विद्युतीय शासन (इ-गभरनेन्स) क्षमता विकास गर्ने रणनीतिअन्तर्गत व्यवस्थित प्रदेश सरकारको विद्युतीय शासन क्षमता विकास गर्न व्यावसायिक योजना बनाई कार्यान्वयन गर्ने, स्थानीय तहको विद्युतीय शासन क्षमता विकास गर्न व्यावसायिक योजना बनाई कार्यान्वयन गर्न सहजीकरण गर्ने र सूचना प्रविधि पूर्वाधारहरूको निर्माण तथा विकास गर्ने तीनओटा कार्यनीतिहरू पनि कार्यान्वयनमा आउन सकेका छैनन् । यस उपक्षेत्र अन्तर्गतका रणनीति र कार्यनीति कार्यान्वयन अवस्थासम्बन्धी विस्तृत विवरण *अनुसूची १६* मा संलग्न गरिएको छ ।

#### ५.४.२.१ परिमाणात्मक उपलब्धि

यस उपक्षेत्रको लागि नजिता  खाकामा छुट्टै सूचकहरू प्रस्ताव गरिएको छैन । दूरसञ्चारसँग सम्बन्धित केही सूचकहरू भने परिच्छेद ७ मा समावेश भएको हुँदा यसमा छुट्टै समीक्षा गरिएको छैन । अन्य सूचकहरूमा हासिल भएको उपलब्धिसम्बन्धी विवरण प्राप्त नभएकोले समीक्षा प्रस्तुत गर्न सम्भव भएन ।

### ५.४.३ समस्या र सुझावहरू

**क. समस्याहरू**

दूरसञ्चार क्षेत्र नेपालको संविधान र कार्यविस्तृतिकरण प्रतिवेदन दुवैमा प्रदेश सरकारको कार्यक्षेत्रमा परेको देखिदैन । यस अवस्थामा दूरसञ्चार सेवा प्रदायकहरूको काममा सहजीकरण गर्ने काम मात्र प्रदेश सरकारले गर्न सक्ने देखिन्छ, जुन कार्यको लागि छुट्टै कार्यनीति र कार्यक्रम आवश्यक पर्दैन ।

**ख. सुझावहरू**

त्यसकारण बाँकी अवधिमा प्रदेश सरकारको विद्युतीय शासन क्षमता विकासको लागि व्यावसायिक योजना बनाई ठुलो सङ्ख्यामा सेवाग्राही संलग्न हुने क्षेत्रमा कार्यान्वयनको सुरुआत गर्ने र स्थानीय तहको विद्युतीय शासन क्षमता विकास गर्न व्यावसायिक योजना बनाई कार्यान्वयन गर्न सहजीकण गर्ने काममा प्रदेश सरकार केन्द्रित रहन उपयुक्त हुन्छ ।

## ५.५ सिँचाइ

### ५.५.१ पृष्ठभूमि

प्रदेश भित्रको सिँचाइको नियमन, ठुला सिँचाइ प्रणालीको सञ्चालन, सम्भार र व्यवस्थापन, सिँचाइसम्बन्धी सेवाको शुल्क दस्तुरको आधार निर्धारण, सिँचाइ विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धनसम्बन्धी नीति, मापदण्ड र नियमन गर्ने कार्य प्रदेशको क्षेत्राधिकारमा पर्दछ ।

योजना तर्जुमा गर्दा प्रदेशमा कुल कृषियोग्य जमिन ३,४३,२७४ हेक्टर रहेकोमा ४९.५ पतिशत मात्र सिँचाइ योग्य रहेको थियो । यसमध्ये ८० प्रतिशत भन्दा बढी सिँचाइयोग्य जमिन चितवन, मकवानपुर, सिन्धुली, नुवाकोट, काठमाडौं, सिन्धुपाल्चोक र धादिङमा गरी छ जिल्लामा रहकोमा चितवनको ७३ प्रतिशत जमिन सिञ्चित थियो भने बाँकी छ जिल्लाको एक तिहाई भन्दा कम मात्र सिञ्चित थियो । प्रदेशको कुल सिँचाइयोग्य जमिनको ५९.७ प्रतिशत मात्र सिञ्चित रहेको थियो ।

योजनाले सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार भन्ने दीर्घकालीन सोच र प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिक पूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । साथै, योजनाले कृषियोग्य जमिनमा दिगो सिँचाइ सुविधा पुऱ्याउने उद्देश्य रहेको छ ।

योजनाको सोच, लक्ष्य र उद्देश्य हासिल गर्न उपयुक्त प्रविधिमा आधारित सिँचाइ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार गर्ने रणनीति अन्तगत ६ ओटा कार्यनीति र ९ ओटा प्रमुख कार्यक्रम प्रस्ताव गरिएको छ ।

## ५.५.२ उपलब्धि विश्लेषण

### ५.५.२.१ नीतिगत उपलब्धि

योजना कार्यान्वयनको पहिलो तीन वर्षको अवधिमा उपयुक्त प्रविधिमा आधारित सिँचाइ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार गर्ने रणनीति अन्तर्गत सातओटा कार्यानीतिको प्रस्ताव गरिएकोमा सिँचाइको दीर्घकालीन गुरुयोजना/रणनीतिक योजना निर्माण गर्ने कार्यनीति अनुरूप प्रदेशका सबै १३ जिल्लामा सिँचाइ गुरुयोजना निर्माणको कार्य सम्पन्न भएको छ । सङ्घीय सरकारबाट अध्ययन भईसकेका मझौला तथा बहुउद्देशीय सिँचाइ परियोजनाहरूलाई प्राथमिकता दिई कार्यान्वयन गर्न सङ्घीय सरकार, स्थानीय तह र समुदायसँग सहकार्य गर्ने कार्यनीतिअनुसार सङ्घीय सरकारबाट प्राप्त हुने ससर्त अनुदानबाट र प्रदेशले स्थानीय तहलाई पठाउने गरेको ससर्त अनुदानबाट कार्यान्वयन भइरहेको छ । सिँचाइको लागि वर्षातको पानी सङ्कलन, पोखरी, ताल तलैया, सिमसार र जलाधार क्षेत्रको संरक्षण र सुदृढीकरणका लागि विभिन्न पोखरी, ताल तलैयाको निर्माण, संरक्षण र सुदृढीकरणको कार्य भइरहेको अवस्था छ । सिँचाइ प्रणालीलाई सरकारी निकायद्वारा व्यवस्थापन गर्ने प्रणालीबाट किसानद्वारा व्यवस्थापन गर्ने प्रणालीमा क्रमिक रूपमा रूपान्तरणको लागि सिँचाइ योजना सम्पन्न भएपछि जलउपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने कार्य हुदै आएको छ ।

यी बाहेक विभिन्न क्षेत्रमा उपयुक्तताको आधारमा सतह सिँचाइ, स्यालो तथा डिप ट्युवेल सिँचाइ तथा नयाँ प्रविधिमा आधारित सिँचाइ योजनाहरूबाट संयोजनात्मक रूपमा खेतीयोग्य जमिनमा दिगो, भरपर्दो र वर्षभरी सिँचाइ सुविधाको प्रवन्ध गर्ने र बहुउद्देश्यीय सुनकोसी मरिन डाइभर्सन सिँचाइ परियोजनाबाट लाभ लिनको लागि सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने कार्यनीतिहरू भने कार्यान्वयनमा आउन सकेका छैनन् । यस उपक्षेत्रअन्तर्गतका रणनीति र कार्यनीति कार्यान्वयनसम्बन्धी विवरण *अनुसूची १७* मा संलग्न छ ।

### ५.५.२.२ परिमाणात्मक उपलब्धि

समीक्षाको तीन वर्षमा सिँचाइयोग्य कृषि भूमिमध्ये वर्षैभरी सिँचाइ सुविधा पुगेको भूमिको प्रतिशतमा, सिँचाइयोग्य कृषि भूमिमा कुल सिञ्चित क्षेत्रफलको प्रतिशतमा, कृषक व्यवस्थित सिँचाइ प्रणाली सुदृढीकरण र सम्पन्न सिँचाइ योजनाको सङ्ख्यामा लक्ष्य भन्दा बढी प्रगति भएको छ । सरकार व्यवस्थित सिँचाइको क्षेत्रफलमा लक्ष्य अनुसार प्रगति भएको छ । खेतीयोग्य मध्ये सिञ्चित जमिनको प्रतिशतमा ८४ प्रतिशत प्रगति भएको छ भने मझौला सिँचाइ आयोजनाको सङ्ख्यामा भने ५८.३३ प्रतिशत मात्र प्रगति भएको छ ।

सिँचाइ क्षेत्रको लागि प्रस्ताव गरिएको नतिजा खाकाको प्रभावमा १ मा १ कै, असरमा ४ मध्ये ३ ओटा र प्रतिफलमा ५ मध्ये ४ ओटाको नतिजासूचक प्रतिवेदन भएको छ । यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३७: सिँचाइ उक्षेत्रका परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| सिँचाइयोग्यकृषि भूमिमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको भूमि | प्रतिशत | २८.४ | ४०.१६ | ५२ |
| **असर तह** | | | | |
| सिँचाइयोग्य कृषि भूमिमा कुल सिञ्चित क्षेत्रफल | प्रतिशत | ५८.८ | ६४.० | ६५.९ |
| कृषक व्यवस्थित सिँचाइप्रणाली सुदृढीकरण | हेक्टर | - | ४००० | ६४६३ |
| खेतीयोग्य जमिन मध्ये सिञ्चित जमिन | प्रतिशत | ४३ | ५३.२० | ४४.८ |
| वर्षभरी सिँचाइ हुने खेतियोग्य जमिन | प्रतिशत | २८.४ | ४०.१ | |
| **प्रतिफल तह** | | | | |
| मझौला सिँचाइ आयोजना (२००-२००० हे) | सङ्ख्या | - | १२ | ७ |
| मझौला सिँचाइ आयोजना (नयाँ प्रविधीमा आधारित, टार र लिफ्ट सिँचाइ) (१०-२००हे) | सङ्ख्या | - | २९० | ४६५ |
| भूमिगत सिँचाइ (स्यालो तथा डिप ट्युवेल) | सङ्ख्या | - | ८० | ८३ |
| सिँचाइ व्यवस्थापन | | | | |
| सरकार व्यवस्थित | हेक्टर | ८६०० | ८६०० | ८६०० |

### ५.५.३ समस्या र सुझावहरू

**क. समस्याहरू**

यस उपक्षेत्रमा भएका सुविधाको उपयुक्त व्यवस्थापन गरी वर्षभरी सिँचाइ सुविधा उपलब्ध गराउने र सङ्घीय सरकारले सञ्चालन गरेको आयोजनाबाट लाभ लिने दुई कार्यनीति र मझौला सिँचाइ आयोजना कार्यान्वयनमा मात्र समस्या देखिएको छ बाँकी कार्यनीति र परिमाणात्मक उपलब्धि राम्रो रहेको छ । सङ्घीय सरकारले सञ्चालन गरेको बहुउद्देश्यीय सुनकोसी मरिन डाइभर्जन सिँचाइ परियोजनाको निर्माण कार्य भर्खर मात्र सुरु भएकाले लाभ लिन विषयसँग सम्बन्धित आवधिक योजनाको लक्ष्य हालको अवस्थामा सान्दर्भिक पनि भएन ।

**ख. सुझावहरू**

यस अवस्थामा बाँकी अवधि भित्र मझौला सिँचाइ आयोजना कार्यान्वयनमा बढी जोड दिई योजना अवधिको लागि निर्धारित लक्ष्य प्राप्त गर्न, निर्माण सम्पन्न भएका आयोजनाको नियमित मर्मत सम्भार, पानीका स्रोतहरूको उचित संरक्षण र सुविधाहरूको संयोजन गरेर वर्षभरी नै सिँचाइ सुविधा उपलब्ध गराउन सहकारी र निजी क्षेत्र तथा उपभोक्ता समेतलाई परिचालन गर्ने कार्यलाई दरिलोसाथ अगाडि बढाउन उपयुक्त हुन्छ ।

## ५.६ आवास, बस्ती विकास र भवन निर्माण

### ५.६.१ पृष्ठभूमि

प्रदेश भित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र अवास तथा अन्य भवनसम्बन्धी योजनाको कार्यान्वयन र मार्गनिर्देशन, उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन, राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन, लक्षित आवाससम्बन्धी नीति, मापदण्ड, योजना र कार्यान्वयन र प्रादेशक राजधानी र अन्तर स्थानीय सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण प्रदेशको कार्यक्षेत्रभित्र पर्दछ ।

यस योजना तर्जुमाको अवस्थामा प्रदेशमा निजी आवासहरूमा योजना तथा भवनसम्बन्धी मापदण्ड र संहितको कमी रहेको, सहरी जग्गा वजार औनौपचारिकताग्रस्त रहेको, घरजग्गा खरीद विक्रीमा मध्यस्तकर्ताको सहयोग लिनुपर्ने अवस्था रहेको, कृषियोग्य जमिन प्लटिङ्ग गरी विक्री गर्ने क्रम बढेको र सहरी विस्तार अस्तव्यस्त रहेको थियो । औपचारिक आवास केबल काठमाडौं उपत्यकामा मात्र केन्द्रित भएको र सहरी आवासको लागि सरकारले बाटोयुक्त जग्गाको आपूर्तिमा जोड दिने गरेको र प्रमुख सहरी क्षेत्रमा एकीकृत जग्गा विकास कार्यक्रम कार्यान्वयन भइरहेको अवस्था रहेको थियो । काठमाडौंमा वहालमा वस्ने घरधुरीको अनुपात ५८.६ प्रतिशत, ललितपुरमा ४०.९ प्रतिशत र भक्तपुरमा ३२.६

प्रतिशत र बाँकी जिल्लामा १० प्रतिशत भन्दा कम रहेको थियो । काठमाडौंका भित्री भागमा धेरै व्यक्तिहरू भिडभाडमा बस्ने र कतीपय सार्वजनिक जग्गाको अस्वस्थकर बस्तीहरूमा बस्न वाध्य भएको अवस्था रहेको थियो । काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका १५ देखि ३८ प्रतिशत, चितवनमा २०.९ प्रतिशत र बाँकी जिल्लाहरूमा ९४.५ प्रतिशत घर ढुङ्गा वा इँटामा माटोको जोडाइका थिए ।

प्रस्तुत सन्दर्भमा तर्जुमा गरिएको यस योजनामा "सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार, सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार" भन्ने दीर्घकालीन सोच निर्धारण गरिएको छ । प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिक पूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य योजनाले लिएको छ । साथै, योजनामा आवासमा सबैको पहुँच सुनिश्चित गर्ने र सुरक्षित र किफायती भवन निर्माण गर्ने उद्देश्य राखिएको छ ।

योजनाका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्नको लागि आवास, बस्ती विकास र भवनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने रणनीति अन्तर्गत ४ ओटा कार्यनीति रहेका छन् । सुरक्षित र व्यवस्थित बस्ती विकास र सूचना प्रणालीलाई प्रवर्धन गर्ने रणनीति अन्तर्गत ६ ओटा र एकीकृत सरकारी भवन निर्माण गर्ने रणनीति अन्तर्गत ३ ओटा कार्यनीति समावेश गरिएका छन् ।

### ५.६.२ उपलब्धि विश्लेषण

#### ५.६.२.१ नीतिगत उपलब्धि

यस उपक्षेत्रको आवास, बस्ती विकास र भवनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने रणनीतिअन्तर्गत चार कार्यनीति प्रस्तव गरिएकोमा आवास, बस्ती विकास र भवनसम्बन्धी आवश्यक नीति तथा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन गर्ने कार्यनीति अनुरूप एकीकृत बस्ती विकाससम्बन्धी कार्यविधि २०७७, खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन मापदण्ड, २०७७, चेपाङ, वनकरिया, माझी, थामी, मुसहर, वोटे, र हायु एकीकृत बस्ती तथा आवास निर्माणसम्बन्धी कार्यविधि २०७९, र प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ तर्जुमा भएको छन् । एकीकृत मुसहर बस्ती विकास कार्यक्रम र एकीकृत माझी बस्ती विकास कार्यक्रमको लागि सर्भेक्षण प्रतिवेदन तयार भएको छ । न्यून आय वर्गका लागि आवास (एफोर्डेवल हाउजिङ) को व्यवस्था गर्न सङ्घीय सरकार, स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गर्ने रणनीतिअन्तर्गत नुवाकोट, धादिङ, रसुवा, चितवन, मकवानपुर, सिन्धुपलाञ्चोक, काभ्रेपलञ्चोक, दोलखा, सिन्धुली र रामेछापमा जनता आवास कार्यक्रम सञ्चालन भइरहेको छ ।

यस रणनीतिअन्तर्गतका भूउपयोग नीति अनुसार सङ्घीय सरकार, स्थानीय तह र निजी क्षेत्र समेतको सहकार्यमा आवास तथा बस्ती विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने कार्यनीति अनुरूप रुवी भ्याली बस्ती विकास, गोसाईंकुण्ड एकीकृत बस्ती विकास र दासढुङ्गा नारायणी एकीकृत विकास अयोजना तयार गरी कार्यान्वयन गर्ने कार्य भइरहेको छ । यस रणनीतिअन्तर्गतको निजी क्षेत्रबाट भइरहेको घडेरी तथा आवास विकास कार्यलाई उचित मापदण्डका आधारमा नियमन तथा प्रवर्धन गर्न स्थानीय तहसँग सहकार्य गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेको छैन ।

सुरक्षित र व्यवस्थित बस्ती विकास र सूचना प्रणालीलाई प्रवर्धन गर्ने रणनीतिअन्तर्गतका सुरक्षित र व्यवस्थित बस्ती विकासको लागि योग्य र अयोग्य भूमिको पहिचान गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने, जोखिममा रहेका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने, सार्वजनिक जग्गा नदी किनार लगायतका क्षेत्र अतिक्रमण गरी गरिने बस्ती विकासलगायतका कार्यहरूलाई निरुत्साहित गर्न स्थानीय तहसँग सहकार्य गर्ने, सुकुम्वासी बस्ती, अव्यवस्थित बस्ती र गुठी जग्गासँग सम्बन्धित समस्या समाधान गर्नका लागि सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने र घरजग्गा व्यवसायलाई औपचारिक क्षेत्रमा ल्याउन आवश्यक व्यवस्था गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आएका छैनन् ।

एकीकृत सरकारी भवन निर्माण गर्ने रणनीतिअन्तर्गत प्रदेशस्तरमा प्रशासनिक सेवालाई सहज र मितव्ययी बनाउन प्लाजा तथा एकीकृत सरकारी भवन निर्माण गर्ने र मन्त्री तथा कर्मचारीको लागि आवश्यक आवास गृह एकीकृत रूपमा निर्माण गर्ने कार्यनीति अनुरूप प्रदेश राजधानीको गुरुयोजना निर्माण भएको छ भने प्रदेश सभाहलको निर्माण भइरहेको छ । सरकारी भवनहरू निर्माण गर्दा वातावरणमैत्री, किफायती र परम्परागत निर्माण प्रविधि एवम् वास्तुकला समेतको जगेर्ना हुने गरी निर्माण गर्ने कार्यनीति अनुरूप कार्य भइरहेको छ ।

यसरी यस उपक्षेत्रका तेह्र कार्यनीतिमध्ये सात कार्यनीतिहरू हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन्। योजनाको पहिलो तीन वर्ष अवधिमा यस उपक्षेत्रका रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था *अनुसूची १८* मा समावेश गरिएको छ ।

### ५.६.२.२ परिमाणात्मक उपलब्धि

यस उपक्षेत्रको नतिजा खाका अनुसारको परिमाणात्मक उपलब्धिको विवरण प्राप्त हुन सकेको छैन तापनि वितेको तीन वर्षमा चकमके तालिम केन्द्र, सामुदायिक भवन दोरम्वा, भुजेल सामुदायिक सेवा भवन मन्थली, शहिद स्मृति सभाहल ध्यारलेख, सामुदायिक भवन वेल्कोटगढी, त्रिशुली सामुदायिक भवन त्रिशुली, अतिथि भवन मनहरी सिप विकास केन्द्र मनहरी, रक्तसञ्चार कन्द्र काभ्रे र जेष्ठ नागरिक सेवा केन्द्र भवन निर्माणको कार्य सम्पन्न भएको छ ।

त्यसैगरी गोकुलगङ्गा गाउँपालिकाको ताँथे डाँडामा मन्दिर र पार्क, रात्री नगरपालिकामा एकता स्तभ पार्क तथा हरियाली पार्क, माडी नगरपालिकामा रेड हिल पार्क र हेटौँडामा पानीसरधाप तथा गणेशमान पार्क निर्माण सम्पन्न भएको छ । उज्वल स्मृति पार्क बालिघाट, पुस्पलाल पार्क गजुरी, गौरीशङ्कर गाउँपालिकामा खर्कथोक ढकालथोक पर्यटकीय पूर्वाधार र चिल्ड्रेन पार्क र खेल मैदान निर्माण भएको छ। क्रियापुत्री भवन पिपलटार, कुशमण्डप त्रिवेणिधाम ट्रस, क्रियापुत्री भवन निर्माण तथा घाट व्यवस्थापन बनेपा, खस्रे मसानेपाटी मण्डनदेउपुर, क्रियापुत्री घर मण्डनदेउपुर, क्रियापुत्री भवन नेत्रावती र गिद्ध मरेको चिहान डाँडाको मरणपाटी निर्माण यस अवधिमा भएको छ । यस उपक्षेत्रको नतिजा खाका छुट्टै तयार नगरिएको हुँदा यससँग सम्बन्धित परिमाणात्मक उपलब्धिको विवरण माथि तालिका नं १४ मा समावेश रहेको छ ।

### ५.६.३ समस्या र सुझाव

**क. समस्याहरू**

यो उपक्षेत्रको लागि प्रस्तावित आधाभन्दा बढी कार्यनीतिहरू हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । खासगरी निजी क्षेत्रबाट सञ्चालित आवास कार्यक्रमको नियमन गर्ने र सुरक्षित र व्यवस्थित बस्ती विकासको लागि पहिल्याइएका कार्यनीतिहरू कार्यान्वयन भएका छैनन् । परिमाणात्मक उपलब्धितर्फ पनि छरिएका ससाना गतिविधिको वाहुल्यता रहेको देखिन्छ ।

**ख. सुझावहरू**

यस अवस्थामा योजनाको बाँकी अवधिमा सीमित मात्र कार्यनीति छनोट गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ । विषेशगरी निजी क्षेत्रको नियमनको मापदण्ड निर्माण गर्ने, स्थानीय सामग्री र प्रविधिमा आधारित सस्तो, सुविधायुक्त र सुरक्षित घरका नमुनाहरू विकास गर्ने र सो नमुनाअनुसार घर बनाउन उत्प्रेरित गर्न अनुदानको व्यवस्था गर्ने कार्यक्रम उपयुक्त देखिन्छ । प्रदेशले कार्यान्वयन गर्ने योजना ससाना, धेरै र छरिएका भन्दा ठुला र महत्त्वपूर्ण र प्रदेश सरकारको परिचय दिने खालका प्रदेश राजधानीमा एकीकृत प्रशासकीय र अवास भवन निर्माणलाई प्राथमिकतामा राख्नुपर्दछ ।

## ५.७ खानेपानी, सरसफाइ र फोहोरमैला व्यवस्थापन

### ५.७.१ पृष्ठभूमि

खानेपानी सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यमा पनि खानेपानी र सरसफाइसम्बन्धी स्पष्ट लक्ष्यहरू निर्धारण गरिएको छ । खानेपानी, सरसफाइ

र स्वच्छतासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, योजना/गुरुयोजनाको तर्जुमा, आयोजनाको पहिचान, अध्ययन, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन, सेवाशुल्क दस्तुरको आधार निर्माण, निजी क्षेत्रको सहभागिता प्रवर्धनसम्बन्धी नीति, र मापदण्ड र नियमन र पीछडिएको वर्गको पहुँचको सुनिश्चिताको कार्य प्रदेशको अधिकारक्षेत्र अन्तर्गत पर्दछ ।

यस योजना तर्जमा गर्दाको अवस्थामा बागमती प्रदेशमा ६७.२ प्रतिशत घरधुरीमा पाइपजडित वा धाराको पानीमा पहुँच रहेको भए पनि चितवन, सिन्धुली र काठमाडौं लगायतका केही जिल्लामा यो अनुपात योभन्दा कम रहेको अवस्था थियो । उपलब्ध पानीको गुणस्तर र सेवाको स्तरमा पनि कमी रहेको थियो। काठमाडौंमा मेलम्ची खानेपानी परियोजना पुरा भएपछि पनि खानेपानी आपूर्ति अझै अपुग हुने अवस्था भएकोले जमिन मुनीको पानी निकाल्ने काम नरोकिएको अवस्था विद्यमान थियो । काठमाडौं उपत्यका, भरतपुर, हैटौडा र काभ्रेमा खानेपानीको व्यवस्थापन स्वायत्त वोर्ड अन्तर्गत हुदै आएको अवस्था थियो ।

प्रदेशमा औषत ८२.८ प्रतिशत घरधुरीमा शौचालयको पहुँच रहे पनि १३ मध्ये ९ जिल्लामा यस्तो पहुँच कम रहेको अवस्था थियो । सहरी क्षेत्रमा सीमित ढलको व्यवस्था, फोहोर पानी प्रशोधन प्रणालीका अभाव र फोहोरमैलाको नदीमा विसर्जनले वातावरणमा प्रतिकूल असर परीरहेको अवस्था थियो । फोहोरमैलाको कमजोर व्यवस्थापनले वातावरणीय समस्यालाई थप जटिल वनाउदा सहरी केन्द्रहरूको बस्नयोग्य अवस्था खस्किदै गएको थियो । त्यसैगरी स्यानिटरी ल्याण्डफिल साइटको अभाव, अपुग पूर्वाधार तथा लजिष्टिक र नगरपालिकाहरूको कमजोर संस्थागत क्षमताले फोहोर मैला व्यवस्थापनको समस्यामा जटिलता बढाउदै लगेको अवस्था थियो ।

प्रस्तुत सन्दर्भमा तर्जुमा भएको यस योजनाले "सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार, सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार" भन्ने दीर्घकालीन सोच निर्धारण गरेको छ । योजनाले प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिक पूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। साथै, स्वच्छ खानेपानी आपूर्ति र सरसफाइमा घरधुरीको शतप्रतिशत पहुँच पुऱ्याउने र व्यवस्थित फोहोरमैला व्यवस्थापनको लागि पूर्वाधार तयार गर्ने यस क्षेत्रको विशिष्ट उद्देश्य रहेको छ ।

योजनाको सोच, लक्ष्य र उद्देश्य हासिल गर्नको लागि रणनीति र थुप्रै कार्यनीति तय गरिएका छन् । स्वच्छ खानेपानीलाई सर्वसुलभ र सरसफाइलाई व्यवस्थित गर्ने रणनीति अन्तर्गत ९ ओटा र फोहोरमैलालाई व्यवस्थित रूपमा विसर्जन गर्ने रणनीति अन्तर्गत २ ओटा कार्यनीति समावेश गरिएको छ। साथै, योजना अवधिमा विभिन्न १८ ओटा प्रमुख कार्यक्रमहरू पहिचान गरी कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ ।

## ५.७.२ उपलब्धि विश्लेषण

### ५.७.२.१ नीतिगत उपलब्धि

स्वच्छ खानेपानीलाई सर्वसुलभ र सरसफाइलाई व्यवस्थित गर्ने रणनीति अन्तर्गत नौ ओटा कार्यनीति प्रस्ताव गरिएकोमा योजनाको समीक्षा अवधिमा खानेपानी, सरसफाइसम्बन्धी आवश्यक नीति, कानुन र मापदण्ड तर्जुमा गर्ने सिलसिलामा प्रदेश खानीपानी तथा सरसफाइ विधेयक तयार भएको छ । आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित क्षेत्रमा खानेपानी तथा सरसफाइ कार्यक्रम सञ्चालनमा प्राथमिकता दिने कार्यनीति अनुरूप प्रथमिकताकासाथ कार्यक्रम सञ्चालन भइरहेको छ । उच्चस्तरीय खानेपानी तथा सरसफाइ सेवाको विकासको लागि वैकल्पिक स्रोत परिचालनको प्रस्ताव गरिएकोमा स्रोत परिचालनको काम भइरहेको छ । खानेपानी तथा सरसफाइको अधारभूत पूर्वाधार र सेवाको गुणस्तर वृद्धि गर्न स्थानीय तह एवम् सेवा प्रदायकहरूलाई सहयोग गर्ने कार्यनीति अनुरूप स्थानीय तहसँग सहकार्य भइरहेको छ । स्वच्छ खानेपानीको प्राकृतिक स्रोतहरूको सरक्षण, सामूहिकीकरण, वितरण र भूमिगत जलको पुनर्भरण तथा व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र निर्देशिका बनाई कार्यान्वयनको लागि सबै स्थानीय तहलाई सहजीकरण गर्ने र वितरण गरिने खानेपानीको गुणस्तर वृद्धिका लागि विषेश कार्यक्रम सञ्चालन गर्ने कार्य भइरहेको छ ।

एकभन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने संरचनाको विकासलाई प्राथमिकता दिने र सुख्खा क्षेत्रहरूमा प्राकृतिक नाला, पोखरी तथा जलाधार क्षेत्रको संरक्षण र सुकेका त्यस्ता स्रोतहरूको पुनर्उत्थानका लागि जल सम्भाव्य भूअध्ययन तथा नक्साङ्कनमा आधारित संरक्षण र पुनर्उत्थान कार्यहरूवारे मापदण्ड बनाउने र "प्रदूषकले नै व्यहोर्ने" सिद्वान्त वमोजिम औद्योगिक फोहोर पानी प्रशोधन गर्ने व्यवस्था मिलाउने कार्यनीतिहरू कार्यान्वयनमा आउन सकेका छैनन् । त्यसैगरी फोहोरमैलालाई सुरक्षित रूपमा विसर्जन गर्ने रणनीति अन्तर्गत रहेका सुरक्षित फोहोरमैला विसर्जन स्थलको पहिचान र व्यवस्थापन गर्न स्थानीय तहलाई सहयोग, समन्वय र सहजीकरण गर्ने, फोहोरलाई मोहर बनाउने प्रविधिको प्रयोग लगायतका कार्यमा स्थानीय तहलाई सहयोग गर्ने र शुन्य फोहोर कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई सहयोग गर्ने कार्यनीति पनि कार्यान्वयनमा आउन सकेका छैनन् ।

यसरी खानेपानी, सरसफाइ र फोहोरमैला क्षेत्रको लागि दुई रणनीति अन्तर्गत बाह्र कार्यनीति प्रस्ताव गरिएकोमा पाँच कार्यनीति हालसम्म कार्यान्वयनमा आएका छैनन् । यसमा पनि फोहोरमैला अन्तर्गतको कुनै पनि कार्यनीति कार्यान्वयनमा आएका छैनन् । यस उपक्षेत्रका रणनीति र कार्यनीतिहरूको कार्यान्वयन अवस्थाको विस्तृत विवरण *अनुसूची १९* मा संलग्न गरिएको छ ।

### ५.७.२.२ परिमाणात्मक उपलब्धि

यस अवधिमा सुधारिएको सरसफाइ सेवा पुगेको परिवारको प्रतिशत, धारा पाइपबाट खानेपानी पुगेको जनसङ्ख्याको प्रतिशत, नयाँ खानेपानी योजनाको सङ्ख्या र ढल निर्माणमा लक्ष्य भन्दा बढी प्रगति भएको छ । खुला दिशामुक्त स्थानीय तहको प्रतिशत र शौचालय सुविधा उपलब्ध भएको परिवारको प्रतिशतमा लक्ष्य अनुसार प्रगति भएको छ । आधारभूत खानेपानी पुगेको जनसङ्ख्याको प्रतिशतमा ९७.६१ प्रतिशत प्रगति भएको छ भने उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवारको प्रतिशतमा ५४.५४ प्रतिशत प्रगति भएको छ । प्रशोधन प्रणाली निर्माणमा ४० प्रतिशत मात्र प्रगति भएको छ । खानेपानीको गुणस्तर परीक्षणसम्बन्धी प्रयोगशाला स्थापना गर्ने कार्य र फोहोर व्यवस्थापन प्रणाली सहितको स्यानिटरी ल्याण्डफिल साइट निर्माण गर्ने कार्यको प्रगति शून्य रहेको छ ।

समीक्षा अवधिमा यस क्षेत्रको नजिता खाकामा समाविष्ट प्रभाव तहका ३ ओटा, असर तहका ५ ओटामध्ये ४ र प्रतिफल तहका ७ ओटा मध्ये ४ ओटा नतिजासूचकमा प्रगति विवरण उपलब्ध भएको छ । यससम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३८: खानेपानी, सरसफाइ र फोहोरमैला उपक्षेत्रको परिमाणात्मक उपलब्धिसम्बन्धी विवरण

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| आधारभूतखानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | ९४.१ | ९७.६४ | ९५.३१ % |
| उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | NA | ५५.०० | ३०% |
| सुधारिएको सरसफाइ सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ६४.०० | ७९.६० | ८०% |
| **असर तह** | | | | |
| सुधारिएको सरसफाइ सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | ६४ | ७९.६ | ८०% |
| धारापाइपबाट खानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | ६७.२ | ८६.३ | ९५.३१ % |
| झाडापखालाबाट प्रभावित ५ वर्ष मुनिका बालबालिका | प्रतिशत | ९ | ४.२ | |
| खुलादिशामुक्त स्थानीय तह | प्रतिशत | - | १०० | १००% |
| शौचालय सुविधा उपलब्ध भएको परिवार | प्रतिशत | - | १०० | १००% |
| **प्रतिफल तह** | | | | |
| पूर्णसरसफाइ सुविधा पुगेका स्थानीय तहका वडा | प्रतिशत | - | १०० | |
| नयाँ खानेपानी आयोजना | सङ्ख्या | - | ५५ | ६२१ |
| सार्वजनिक शौचालय निर्माण | सङ्ख्या | २० | ८० | २२ |
| खानेपानीको गुणस्तर परिक्षणसम्बन्धी प्रयोगशाला | सङ्ख्या | - | १ | |
| ढल निर्माण | कि.मि. | - | ८ | १४.४१ |
| ढल प्रशोधन प्रणाली | सङ्ख्या | १ | १५ | ६ |
| फोहोर व्यवस्थापन प्रणालीसहितको स्यानिटरी ल्यान्डफिल साइट | सङ्ख्या | | | |

### ५.७.३ समस्या र सुझावहरू

**क. समस्याहरू**

यस क्षेत्रका बाह्रमध्ये पाँच नीतिहरू हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । विषेश गरी वहुस्थानीय तहलाई लाभ पुग्ने संरचनाको निर्माण, सुख्खा क्षेत्रमा पानीका स्रोतहरूको संरक्षण र पुनरउत्थानको मापदण्ड बनाउने, औद्योगिक फोहर पानीको प्रशोधनको व्यवस्था गर्ने र खानेपानीको गुणस्तर परीक्षण तथा फोहरमैला व्यवस्थापनसम्बन्धी काममा कुनै प्रगति हुन सकेको छैन । मध्यमस्तरको खानेपानी सेवा पुगेको परिवार सङ्ख्या र प्रशोधन प्रणाली निर्माणमा न्यून प्रगति भएको छ।

एक भन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने खालका ठुला आयोजनामा प्रदेशको ध्यान नसकेको र सरसफाइको विषय स्थानीय तहसँग बढी सम्बन्धित भएकोले समन्वयात्मक प्रयास माग गर्ने हुँदा समस्या आएको देखिएको छ । त्यसैगरी उद्योगको नियमन अर्कै निकायबाट हुने कारणले फोहर पानी प्रशोधनमा समस्या देखिएको छ ।

**ख. सुझावहरू**

योजनाको बाँकी अवधिमा जनस्वास्थ्य र सुविधाको दृष्टिकोणले महत्त्वपूर्ण हुने तर हालसम्म न्यून प्रगति भएका खानेपानी सेवा पुगेको परिवारको सङ्ख्या र प्रशोधन प्रणाली निर्माण जस्ता विषयमा योजनाको लक्ष्य प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयन गर्न जोड दिनु पर्ने देखिन्छ । औद्योगिक क्षेत्रको फोहर पानी सम्बन्धमा नियमनकारी निकायसँग समन्वय गरी स्थापना गर्दाको अवस्थामा नै प्रशोधनको मापदण्ड तोकेर कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाउन उपयुक्त हुन्छ । फोहरमैला व्यवस्थापनमा उपयुक्त प्रविधिको विकासको लागि निजी क्षेत्रसँग सहकार्य गर्ने र स्थानीय तहलाई फोहरमैलाको विसर्जन र प्रशोधनको मापदण्ड निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्दछ ।

## ५.८. प्राकृति प्रकोप तथा मानव सिर्जित जोखिमबाट सुरक्षा

### ५.८.१ पृष्ठभूमि

भौतिक पूवार्धार योजनामा पाकृतिक प्रकोप र जलवायु परिवर्तनले पुऱ्याउन सक्ने जोखिमलाई दृष्टिगत गरी योजनामा "सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार, सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार" भन्ने दीर्घकालीन सोच निर्धारण गरिएको छ । प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिक पूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य योजनाले लिएको छ । साथै, योजनाको भौतिक पूर्वाधार र

लगानीलाई जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट सुरक्षित बनाउने उद्देश्य राखिएको छ ।

योजनाको सोच, लक्ष्य र उद्देश्य हासिल गर्न योजनामा जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्ने उपायहरूलाई अवलम्बन गर्ने र संस्थागत गर्ने रणनीति अन्तर्गत ४ ओटा कार्यनीति तथा ७ ओटा प्रमुख कार्यक्रमहरू प्रस्ताव गरिएको छ ।

## ५.८.२ उपलब्धि विश्लेषण

### ५.८.२.१ नीतिगत उपलब्धि

यस उपक्षेत्रमा जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमहरूबाट बच्ने उपायहरूलाई अवलम्बन गर्ने र संस्थागत गर्ने रणनीतिअन्तर्गत प्राकृतिक प्रकोपको जोखिमबाट बच्न अपनाउनु पर्ने सुरक्षामा (क) स्थानीय (लोकेसन) सुरक्षासम्बन्धी प्रकोप नक्साङ्कन (ख) जल उत्पन्न प्रकोपको जोखिम सुरक्षासम्बन्धी एकीकृत जल व्यवस्थापन (ग) भवनमा भूकप प्रतिरोधात्मक क्षमताका लागि राष्ट्रिय भवन संहितालाई संस्थागत गर्न सहजीकरण गर्ने रणनीति अनुरूप प्रदेशस्तरमा गरिने भवन निर्माणमा राष्ट्रिय भवन संहिताको पालना गर्ने गरिएको छ भने स्थानीय तहलाई पनि पालना गर्ने कार्यमा सहजीकरण गर्ने काम भई रहेको छ । सहरी बनावट, डिजाइन, क्रियाकलाप र वातावरणीय गुणस्तरको अभावले हुने मानव सिर्जित जोखिबाट अपनाउनु पर्ने सुरक्षामा (क) योजना तथा भवन निर्माणसम्बन्धी मापदण्ड (ख) भौतिक पूर्वाधार र सेवाको गुणस्तरसम्बन्धी नर्मस् तथा स्टेण्डर्स (ग) वातावरणी गुणस्तरसम्बन्धी मापदण्डलाई संस्थागत गर्न सहजीकरण गर्ने कार्यनीति अनुरूप कार्य भई रहेको छ ।

यस रणनीतिअन्तर्गतका प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट वच्न अपनाउनु पर्ने सुरक्षासम्बन्धी एकीकृत मापदण्ड निर्माण गरी लागु गर्ने र प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्न अपनाउनुपर्ने सुरक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने दुई कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । यस उपक्षेत्रका रणनीति र कार्यनीतिहरूको कार्यान्वयन अवस्थाको विस्तृत विवरण *अनुसूची २०* मा संलग्न गरिएको छ ।

### ५.८.२.२ परिमाणात्मक उपलब्धि

योजना दस्तावेजमा यस उपक्षेत्रको छुट्टै नतिजा खाका समावेश नभएको हुँदा यस उपक्षेत्रका परिमाणात्मक लक्ष्य र उपलब्धि विवरण छुट्टै प्रस्तुत गर्न सकिएको छैन ।

### ५.८.३ समस्या र सुझावहरू

**क. समस्याहरू**

यस उपक्षेत्रका ५० प्रतिशत कार्यनीति हालसम्म कार्यान्वयन हुन सकेका छैनन् भने नतिजा खाका नै तयार नगरिएको कारण उपलब्धि समीक्षा गर्न सम्भव भएन । साथै यस उपक्षेत्रको रणनीति र कार्यनीतिमा समावेश भएका कतिपय विषयहरू विपद् व्यवस्थापन उपक्षेत्रसँग सम्बन्धित देखिन्छन् ।

**ख. सुझावहरू**

सर्वसाधारणको सुरक्षित जीवनयापनसँग सम्बन्धीत प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्न अपनाउनु पर्ने सुरक्षासम्बन्धी मापदण्ड निर्माण गर्ने र सुरक्षासम्बन्धी सचेतनाका कार्यक्रम बाँकी अवधिमा सम्पन्न गर्न उपयुक्त हुन्छ । यो उपक्षेत्रको लागि प्रस्तावित गतिविधि अन्य क्षेत्रसँग पनि सम्बन्धित हुने भएकोले कार्यनीतिहरूको प्रभावकारी कार्यान्वयनको लागि कार्यक्रमगत र निकायगत समन्वय र सहकार्यको व्यवस्था मिलाउनु पर्दछ भने स्थानीय तहसँगको समन्वय र सहकार्यमा पनि ध्यान दिनु आवश्यक हुन्छ । आगामी योजना तर्जुमा गर्दा यो विषयलाई छुट्टै उपक्षेत्रको रूपमा राख्नु भन्दा विपद् व्यवस्थापन उपक्षेत्र मै समावेश गर्न उपयुक्त देखिन्छ ।

## ५.९ लगानी, वित्त, जग्गा र संस्थागत व्यवस्था

### ५.९.१ पृष्ठभूमि

प्रदेशको आर्थिक गतिविधिमा प्रत्यक्ष योगदान गर्ने भौतिक पूर्वाधारहरूको व्यापक विस्तारको लागि आवश्यक लगानी, वित्त, जग्गा र संस्थागत व्यवस्थामा जोड दिन आवश्यक छ । यसको लागि योजनामा "सहरीकरण र भौतिक पूर्वाधारको लागि विकास र समृद्धिको आधार, सन्तुलित सहरी प्रणाली र गुणस्तरीय पूर्वाधार" भन्ने दीर्घकालीन सोच र प्रदेशका ठुला सहर, मझौला सहर, बजार केन्द्र र ग्रामीण आवासीय बस्तीहरूमा नियोजित रूपमा भौतिकपूर्वाधार तथा सेवाहरूको विकास, त्यसको गुणस्तर र पहुँच अभिवृद्धि गर्ने लक्ष्य निर्धारण गरिएको छ । साथै योजनाको पूर्वाधार विकासका लागि सुदृढ कार्यान्वयन संरचना स्थापित गर्ने उद्देश्य राखिएको छ ।

योजनाको सोच, लक्ष्य र उद्देश्य हासिल गर्नको लागि ४ ओटा रणनीति तय गरिएका छन् । उच्च प्रतिफल र दीगो रणनीतिक पूर्वाधारको विकास र मर्मत सम्भारमा लगानीलाई प्राथमिकता दिने रणनीति अन्तर्गत २ ओटा कार्यनीति रहेका छन् । प्रादेशिक पूर्वाधार परियोजनामा वित्तीय स्रोत जुटाउन बहुसंस्थागत साझेदारी पद्धति अवलम्बन गर्ने रणनीति अन्तर्गत ३ ओटा कार्यनीति, भौतिक पूर्वाधारका

लागि जग्गाको व्यवस्था गर्ने रणनीति अन्तर्गत २ ओटा कार्यनीत र प्रदेशले दीगो साङ्गठनिक विकास र प्रभावकारी कार्यान्वयनका लागि अपुग विज्ञता र जनशक्ति बाहिरबाट ल्याउने र सङ्गठनलाई चुस्त र व्यावसायिक बनाउने रणनीति अन्तर्गत ४ ओटा कार्यनीति प्रस्ताव समावेश गरिएको छ । त्यसैगरी योजना अवधिमा कार्यान्वयन गर्न आवश्यक भनी ६ प्रमुख कार्यक्रमहरू पहिचान गरी प्रस्ताव गरिएको छ।

## ५.९.२ उपलब्धि विश्लेषण

### ५.९.२.१ नीतिगत उपलब्धि

यस उपक्षेत्रको उच्च प्रतिफल र दिगो रणनीतिक पूर्वाधारको विकास र मर्मत सम्भारमा लगानीलाई प्राथमिकता दिने रणनीतिअन्तर्गत सभाव्यता अध्ययन, वातावरणीय मूल्याङ्कन तथा प्रकोपबाट हुन सक्ने क्षति र उपायसम्बन्धी विश्लेषण गरिएको भौतिक पूर्वाधारमा मात्र लगानी गर्ने र छुट्टै कोषको व्यवस्था गरी पूर्वाधार मर्मत सम्भारको व्यवस्था मिलाउने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन्।

प्रादेशिक पूर्वाधार परियोजनामा वित्तीय स्रोत जुटाउन वहुसंस्थागत साझेदारी पद्धति अवलम्बन गर्ने रणनीतिअन्तर्गत पूर्वाधार विकासमा स्वदेशी र विदेशी लगानीलाई आकर्षित गर्ने, पूर्वाधार लगानीको निम्ति वित्तीय स्रोत जुटाउन स्थानीय तह, निजी क्षेत्र र परियोजनाबाट लाभान्वित परिवारहरूसमेतको साझेदारीमा आधारित वित्तीय पद्धतिलाई प्राथमिकता दिने र सहरी विकासका लागि वैकल्पिक वित्तीय स्रोतको रूपमा भ्यालु क्याप्चर अवधारणको प्रयोग गर्ने तीन कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

भौतिक पूर्वाधारको लागि जग्गाको व्यवस्था गर्ने रणनीतिअन्तर्गत जग्गा प्राप्तिसम्बन्धी नीतिगत आधार र कानुनी संयन्त्र निर्माण गर्ने र सहभागितामूलक जग्गा विकास, जग्गा व्यवस्थापन तथा जग्गा सट्टा पट्टा जस्तो विकल्पहरूलाई प्राथमिकता दिई भौतिक पूर्वाधारको लागि जग्गा व्यवस्था गर्ने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् ।

प्रदेशले दिगो साङ्गठनिक विकास र प्रभावकारी कार्यान्वयनका लागि अपुग विज्ञता र जनशक्ति बाहिरबाट ल्याउने (आउट सोर्स) र सङ्गठनलाई चुस्त र व्यावसायिक बनाउने रणनीतिअन्तर्गत सङ्गठनको दिगो विकासको लागि विषेशज्ञ सेवा सङ्घीय सरकार वा निजी क्षेत्रबाट प्राप्त गरिने र सिप हस्तान्तरण गरिने प्रणाली स्थापित गर्ने कार्यनीति अनुरूप आवश्यकताअनुसार बाहिरबाट विशेषज्ञ सेवा प्राप्त गर्ने कार्य भइरहेको छ ।

यो बाहेक कर्मचारीको काम-जिम्मेवारीमा सुस्पष्टता, वृत्ति विकास र विद्युतीय प्रविधिको प्रयोगलाई जोड दिई नतिजामूलक कार्यसम्पदान र व्यावसायिक कुशलता संस्थागत गर्ने प्रक्रियालाई प्राथमिकता दिने,

प्रभावकारी कार्यान्वयनका लागि प्रदेशको विद्यमान साङ्गठनिक संरचनालाई मुख्यतः नीतिगत र प्रशासनिक व्यवस्थाको अनुपालन र अनुगमनमा (कमप्लाइन्स ओभरसाइट) केन्द्रित गर्दै लग्ने र प्रदेशस्तरमा छुट्टै संरचना गठन गरी परियोजना कार्यान्वनयको समन्वय र व्यवस्थापन गर्दै लग्ने र पूर्वाधार परियोजनाको विस्तृत प्रतिवेदनमा नै परियोजना कार्यान्वनयको निम्ति प्रदेश वा फिल्ड तहमा आवश्यक संस्थागत संरचना/एकाइ, विज्ञ, प्राविधिक, कार्मचारी, स्रोत, औजार, सामग्रीको निम्ति बहुवर्षीय बजेटको आकलन गर्ने र सोहीअनुरूप वार्षिक बजेट मिलाउने कार्यनीति हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । यस उपक्षेत्रका रणनीति र कार्यनीतिहरूको कार्यान्वयन अवस्थाको विस्तृत विवरण *अनुसूची २१* मा संलग्न गरिएको छ ।

#### ५.९.५.२ परिमाणात्मक उपलब्धि

योजना दस्तावेजमा यस उपक्षेत्रको छुट्टै नतिजा खाका समावेश गरिएको छैन । तसर्थ यसमा परिमाणात्मक लक्ष्य प्रगतिको विश्लेषण गरी प्रस्तुत गर्न सम्भव भएन । यस उपक्षेत्रका कतिपय विषयहरू आर्थिक क्षेत्रसँग सम्बन्धित रहेका छन् ।

### ५.९.३ समस्या र सुझावहरू

#### क. समस्याहरू

यस उपक्षेत्रको लागि प्रस्तावित १२ ओटा कार्यनीतिहरूमध्ये एउटा मात्र आंशिक रूपमा कार्यान्वयन भएको छ भने बाँकी ११ ओटा कार्यनीतिहरू हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । यस उपक्षेत्रमा समावेश भएका विषयमा प्रदेश सरकारको भूमिका न्यून हुने मात्र नभई संस्थागत क्षमताले पनि नभ्याउने देखिन्छ ।

#### ख. सुझावहरू

योजनाको बाँकी अवधिमा यी कार्यनीतिमध्ये मर्मत संम्भार कोष स्थापना गर्ने, पूर्वाधार विकासमा स्वदेशी र विदेशी लगानी आकर्षिक गर्न प्रदेश भित्र सम्भाव्य आयोजनाहरूको विवरण तयार गर्ने र सङ्घीय सरकारसँग सहकार्य गरेर लगानी सम्मेलनको आयोजना गर्ने, जग्गा प्राप्तिसम्बन्धी नीतिगत व्यवस्था गरी र कानुनी संयन्त्र निर्माण गर्ने र कर्मचारीको काम-जिम्मेवारीमा सुस्पष्टता र नजितामूलक कार्यसम्पदन प्रणालीका स्थापनालाई प्रथमिकतामा राख्न उपयुक्त हुन्छ ।

# परिच्छेद-६

# वन, वातावरण र विपद् व्यवस्थापन

## ६.१ वन व्यवस्थापन तथा जलाधार संरक्षण

### ६.१.१ पृष्ठभूमि

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ । खासगरी वन पैदावरको आपूर्ति तथा कृषि, पशुपालन, पर्यटन, सिँचाइ आदि मार्फत रोजगारी सिर्जना र आय आर्जनमा वन क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसबाहेक नेपाल जस्तो अधिकांश पहाडी भूभाग भएको मुलुकका लागि माटो र पानीको संरक्षण नगरी दिगो विकास सम्भव नभएको हुँदा भू-तथा जलाधार संरक्षणमा ध्यान पुऱ्याउन पनि उत्तिकै जरुरी छ । यसै यथार्थलाई मनन गरेर नै प्रदेशको चालु प्रथम आवधिक योजनाले वन, जैविक विविधता र जलाधारको एकीकृत व्यवस्थापन मार्फत् वन पैदावारको उत्पादन वृद्धि र पारिस्थितिकीय सेवा प्रवाहलाई अक्षुण राख्ने लक्ष्य राखेको छ ।

त्यसैगरी वन पैदावारको उत्पादन वृद्धि तथा व्यवसायीकरण एवम् वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण र एकीकृत जलाधार व्यवस्थापन मार्फत् नदी-नाला, माटो र अन्य प्राकृतिक संरचनाहरूको संरक्षण गरी स्वस्थ र सन्तुलित वातावरण कायम गर्ने उद्देश्य यस योजनाले राखेको छ । साथै पारिस्थितिकीय सेवा प्रवाहलाई अक्षुण राख्ने र चुरेक्षेत्रको वन अतिक्रमण स्थायी समाधान गरी एकीकृत व्यवस्थापन गर्ने तथा वन क्षेत्रलाई उद्योग र पर्यटनसँग आबद्ध गरी समृद्धिका लागि योगदान पुऱ्याउने उद्देश्य योजनाले लिएको छ ।

### ६.१.२ उपलब्धि विश्लेषण

#### ६.१.२.१ नीतिगत उपलब्धि

वन व्यवस्थापन तथा जलाधार संरक्षण उपक्षेत्रको लागि आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच र लक्ष्य उद्देश्य हासिल गर्नका लागि विभिन्न ६ ओटा रणनीति तथा ३० ओटा कार्यनीतिहरू तय गरिएका छन् । उक्त रणनीतिहरूमध्ये वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन गर्न नीति र कार्यान्वयन संरचना निर्माण गर्ने रणनीति अन्तर्गत विभिन्न ६ ओटा कार्यनीति रहेका छन् । वन तथा जैविक विविधता अध्ययन, सर्वेक्षण तथा अनुसन्धान केन्द्र, सङ्ग्रहालय, उद्यान तथा हार्बेरियमहरूको स्थापनाका लागि आवश्यक तयारी गर्ने कार्यनीति अन्तर्गत अध्ययन अनुसन्धान र हाइटेक नर्सरी स्थापनासम्बन्धी कार्य प्रारम्भ भएको छ ।

त्यसैगरी चुरे क्षेत्र, भिरालो र पहाडी धरातलमा सडक र पूर्वाधार निर्माणका लागि नियमावली बनाइ निश्चित मापदण्ड र तोकिएका प्राविधिक अवस्था बाहेक डोजर, एक्सक्याभेटर आदिको प्रयोगमा प्रतिबन्ध लगाउने कार्यनीति अन्तर्गत IEE/EIA गर्दा स्थान विशेषलाई संवेदनशील क्षेत्र तोक्न सक्ने गरी वातावरण संरक्षण ऐन २०७७ जारी गरिएको छ । चुरे तथा मध्यवर्ती लगायतका क्षेत्रको नदीजन्य वन पैदावर, ढुङ्गा, गिटी, बालुवाको सङ्कलन, ओसारपसार र बिक्री वितरणलाई व्यवस्थित गर्ने नीतिगत व्यवस्था गर्ने कार्यनीतिको सन्दर्भमा भने सङ्घीय मापदण्ड अनुसार नै उक्त कार्यको व्यवस्थापन गर्ने गरिएको छ ।

वैज्ञानिक वन व्यवस्थापन परियोजनाहरू सञ्चालन गरी मौजुदा एवम् उत्पादित वन पैदावारको उपयोग गर्ने रणनीति अन्तर्गतका ७ ओटा कार्यनीतिहरू मध्ये अधिकांशतः कार्यान्वयनमा आएका छन् । वन्यजन्तु ओहोर दोहोर हुने जैविक मार्गको विकास तथा क्षतिपूर्ति व्यवस्थाद्वारा मानव वन्यजन्तुबिचको द्वन्द्व घटाउने रणनीति अन्तर्गतका ३ ओटा कार्यनीतिहरू रहेकोमा सोको कार्यान्वयन अवस्था प्रारम्भिक अवस्थामै रहेको र स्रोत साधनको विनियोजन पनि पर्याप्त हुन सेकेको छैन । सामुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्गलाई लाभ पुऱ्याउने रणनीति अन्तर्गत ४ ओटा कार्यनीतिहरू रहेकोमा अधिकांश कार्यान्वयनमा ल्याउन प्रारम्भ गरिएको छ ।

नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने रणनीति अन्तर्गत नदी क्षेत्रको एकीकृत उपयोगको लागि रिभरफ्रन्ट परियोजना विकास र कार्यान्वयन गर्ने, समन्वयात्मक एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गर्ने, विशेष जलाधार क्षेत्र घोषणा गर्ने र तामाकोसी, भोटेकोसी, सुनकोसी तथा नारायणी लगायतका नदीलाई धार्मिक र आर्थिक कोरिडोरको रूपमा विकास गर्ने लगायतका ५ ओटा कार्यनीति रहेकोमा केही टतबन्धन र नदी नियन्त्रणको कार्यका अतिरिक्त दोलखादेखि जनकपुरसम्म रामायण सर्किटको अध्ययन कार्य सम्पन्न गर्ने बाहेकका अन्य कार्यनीति कार्यान्वयनमा आउन सकेका छैनन् ।

त्यसैगरी चुरे अतिक्रमण र वन्यजन्तु चोरी-शिकारी जस्ता गैरकानुनी र वातावरण बिनास गर्ने खुल्ला चरिचरन, वन डढेलो जस्ता कार्यमाथि नियन्त्रणका साथै कृषि वन जस्ता वैकल्पिक जीवनयापनका उपायहरूको प्रवर्धन गर्ने रणनीति अन्तर्गत चुरेक्षेत्रलाई भू-उपयोग नीति अनुरूप वर्गीकरण गरी अविच्छिन्न पारिस्थितिकीय प्रणालीको रूपमा दिगो व्यवस्थापन गर्ने, यस क्षेत्र भएर जाने सडक मार्गको निर्माण निरुत्साहित गर्ने, निश्चित वातावरणीय मापदण्दहरू बनाई भैरहेका सडक मार्गको व्यवस्थापन र सम्भार गर्ने, कृषि-वन र चुरेमैत्री विकास र संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गरी चुरेमा आश्रित विपन्न वर्गले लाभ लिन सक्ने बनाउने र यस क्षेत्रको संरक्षण र व्यवस्थापनको लागि सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गर्ने जस्ता कार्यनीतिहरूको कार्यान्वयनमा कुनै खास प्रगति हुन सकेको छैन ।

समग्रमा यस उपक्षेत्रका ३० ओटा कार्यनीतिमध्ये ८३ प्रतिशत कार्यनीति कार्यान्वयन भएका छन् । कार्यान्वयन भएका कार्यनीतिमध्ये धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । यस उपक्षेत्रका रणनीति कार्यनीति कार्यान्वयनको अवस्थासम्बन्धी विस्तृत विवरण *अनुसूची २२* मा समावेश गरिएको छ ।

### ६.१.२.२ परिमाणात्मक उपलब्धि

योजनाको नतिजा खाकामा समावेश भए अनुरूप योजना अविधीको तेस्रो वर्षसम्ममा वन क्षेत्रले ओगटेको क्षेत्रफल, संरक्षित क्षेत्रले ओगटेको क्षेत्रफल र समुदायबाट व्यवस्थापन भएको वनको क्षेत्रफलसम्बन्धी नतिजा सूचकमा आधार वर्षको अवस्थामा कुनै परिवर्तन भएको छैन । यसमा तेस्रो वर्षसम्मको लक्ष्य समेत यथावतै रहने गरी तय गरिएको थियो । योजनमा समावेश केही सूचकहरूको प्रगति लक्ष्यको तुलनामा बढी रहेको देखिन्छ भने केही सूचकमा आधार वर्षको अवस्था र तीन वर्षको लक्ष्यको तुलनामा अप्रत्याशित र आश्चर्यजनक उपलब्धि समेत हासिल भएको देखिएको छ ।

खासगरी उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन ८०० मेट्रिक टन पुऱ्याउने लक्ष्य रहेकोमा ४८१,३९८ मेट्रिक टन पुगेको छ । त्यसैगरी वैज्ञानिक वन व्यवस्थापन र उपयोगमा समुदायको पहुँचका लागि समूह सङ्ख्याको वृद्धिमा १४१ प्रतिशत र धार्मिक वनको क्षेत्रफलमा करिब १८५ प्रतिशत प्रगति भएको छ । कबुलियती वनको भने सङ्ख्यात्मक लक्ष्य हासिल भए पनि क्षेत्रफलको लक्ष्य हासिल हुन सकेको छैन । संरक्षित वनको सङख्यात्मक र क्षेत्रफल दुबै लक्ष्य हासिल भएको छ भने वृक्षारोपण गरिएको क्षेत्रफलमा १५२ प्रतिशत प्रगति भएको छ ।

त्यसैगरी केही सूचकहरूमा लक्ष्यको तुलनामा कम प्रगति हासिल भएको छ । वन क्षेत्रबाट प्राप्त अनुमानित राजस्व रकम आधार वर्षको भन्दा पनि घट्न गएको छ भने वैज्ञानिक वन व्यवस्थापनमा करिब ७४ प्रतिशत मात्र प्रगति भएको छ । काठको उत्पादन र आपूर्ति, जडीबुटी प्रशोधन र भण्डारण उद्योग, काठमा आधारित लघु उद्यम तथा उद्योगहरूको प्रवर्धन, सामुदायिक र निजी वनको सङ्ख्या र क्षेत्रफल एवम् बिरुवा उत्पादन र वन क्षेत्रको अतिक्रमण हटाइएको क्षेत्रफलतर्फको प्रगति पनि लक्ष्यको तुलनामा निकै कम रहेको देखिन्छ ।

पहिरो, गल्छी उपचार, खहरे खोला नियन्त्रण, नदी किनार संरक्षण तथा बायो इन्जिनियरिङ गरेको क्षेत्रफल जस्ता भू-तथा जलाधार संरक्षण क्षेत्रका सूचकहरूमा केकति प्रगति हासिल भयो भन्ने तथ्याङ्क नै उपलब्ध हुन सकेको छैन । त्यसैगरी एकीकृत जलाधार व्यवस्थापन, पानी मुहान संरक्षण र पोखरी संरक्षण, सिमसार क्षेत्र व्यवस्थापन जस्ता सूचकहरूमा लक्ष्यको तुलनामा प्रगति सन्तोषजनक देखिदैन । प्रशोधित जडीबुटीको निर्यात, लोपोन्मुख, सङ्कटापन्न र जोखिममा परेका वनस्पति प्रजातिहरूको संरक्षण योजना

कार्यान्वयन, लोपोन्मुख, सङ्कटापन्न र जोखिममा परेका वन्यजन्तु प्रजातिहरूको संरक्षण योजना कार्यान्वयन, वन अनुसन्धानको लागि स्थायी नमुना प्लटहरूको संरक्षण र वातावरणीय सेवाको भुक्तानी जस्ता सूचकहरू योजनामा समावेश गरिएको भए पनि सोको आधार वर्षको अवस्था र योजना अवधिको लक्ष्य समेत निर्धारण नगरिएको र समीक्षाका लागि प्रगतिसम्बन्धी तथ्याङ्क समेत उपलब्ध हुन सकेको छैन ।

वन व्यवस्थापन तथा जलाधार संरक्षण उपक्षेत्रका परिमाणात्मक लक्ष्यसम्बन्धी ४० ओटा सूचकमध्ये १० ओटा अर्थात् २५ प्रतिशत सूचकमा आधार तथ्याङ्क नै उल्लेख भएको छैन । करिब २५ प्रतिशत सूचकमा लक्ष्य निर्धारण समेत गरिएको छैन भने ३० प्रतिशत सूचकमा प्रगति विवरण उपलब्ध हुन सकेको छैन । प्रगति विवरण उपलब्ध भएका २८ ओटा सूचकमध्ये ७५ प्रतिशतभन्दा बढी प्रगति हुने सूचक १८ ओटा, ५० देखि ७५ प्रतिशत प्रगति हुने ६ ओटा र ५० प्रतिशतभन्दा कम प्रगति हुने सूचकको सङ्ख्या ४ रहेको छ । परिमाणात्मक उपलब्धिको हालसम्मको अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन । योजनाको प्रथम तीन वर्षमा राखिएको परिमाणात्मक लक्ष्य र सो अवधिमा हासिल भएको प्रगतिको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३९: वन व्यवस्थापन तथा जलाधार संरक्षणसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव** | | | | |
| वन क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | ५३.७ | ५३.७ | ५३.७ |
| संरक्षित क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | २९.९८ | २९.९८ | २९.९८ |
| **असर** | | | | |
| समुदायबाट व्यवस्थापन भएको वनको क्षेत्रफल | हेक्टर | ४३३.२ | ४३३.२ | ४३३.२ |
| वन क्षेत्रबाट प्राप्त अनुमानित राजस्व रकम | रु. करोड | ७८.८ | १०० | १२.६१ |
| उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन | मे. टन | ६६०.० | ८०० | ४८१३९८ |
| **प्रतिफल** | | | | |
| वैज्ञानिक वन व्यवस्थापन भएको क्षेत्रफल | हेक्टर | १७९१४.२ | ६०००० | ४४२२४.२३ |
| वैज्ञानिक वन व्यवस्थापन र उपयोगमा समुदायको पहुँच | समूह सङ्ख्या | ६२ | ११६ | १४६ |
| काठको उत्पादन र आपूर्ति | घन फिट | १६.४ | १९ | १८.९ |
| काठ प्रशोधन उद्योगको स्थापना र सञ्चालन (Saw Mills/Veneer) | सङ्ख्या | | | १३० |
| जडीबुटी प्रशोधन र भण्डारण उद्योग | सङ्ख्या | ३० | ४५ | १० |

| | | | | |
|---|---|---|---|---|
| प्रशोधित जडीबुटीको निर्यात परिमाण | मे. टन | | | |
| काठमा आधारित लघु उद्यम तथा उद्योगहरूको प्रवर्धन | सङ्ख्या | ५९.० | २०० | १४० |
| सामुदायिक वन | सङ्ख्या | ४५०९.० | ४६५० | ४४८९ |
| | क्षेत्रफल | ४१६५२६.० | ४३०००० | ४२०३२४.४३ |
| निजी वन | सङ्ख्या | ५८९.० | ६४० | ५७९ |
| | क्षेत्रफल | ३६०.० | ३८४ | ३४६.९२४ |
| धार्मिक वन | सङ्ख्या | ३३.० | ३९ | ३९ |
| | क्षेत्रफल | २०५.४ | २१६ | ३९८.९५ |
| **प्रतिफल तह** | | | | |
| कबुलियती वन | सङ्ख्या | ३१२५.० | ३१५५ | ३३३७ |
| | क्षेत्रफल | १६४६३ | १६६८८ | १६५५२.४९२ |
| संरक्षित वन | सङ्ख्या | १ | १ | २ |
| | क्षेत्रफल | १०४६६ | १०४६६ | १२६७६.०५ |
| लोपोन्मुख, सङ्कटापन्न र जोखिममा परेका वनस्पति प्रजातिहरूको | प्रजाति | | | |
| लोपोन्मुख, सङ्कटापन्न र जोखिममा परेका वन्यजन्तु प्रजातिहरूको | | | | |
| रेड पान्डा | योजना | | | |
| हिम चितुवा | योजना | | | |
| कस्तुरी | योजना | | | |
| सालक | योजना | | १ | |
| वृक्षरोपण गरिएको क्षेत्रफल | हेक्टर | ३३०.० | ५५० | ८३९.६२१ |
| बिरुवा उत्पादन | गोटा (लाख) | १५.७ | २२ | १२.५४८ |
| उच्च प्रविधियुक्त वन नर्सरी | सङ्ख्या | १.० | ३ | २ |
| वन क्षेत्रको अतिक्रमण हटाइएको क्षेत्रफल | हेक्टर | ४९.० | ३०० | ११.४ |
| वन अनुसन्धानको लागि स्थायी नमुना प्लटहरूको सरक्षण | सङ्ख्या | | | |
| एकीकृत जलाधार व्यवस्थापन | सङ्ख्या | ८ | २६ | ५ |
| पानी मुहान | गोटा | १३ | ५३ | ३० |
| पोखरी संरक्षण, सिमसार क्षेत्र व्यवस्थापन | गोटा | ९ | ४५ | ३० |
| पहिरो, गल्छी उपचार | गोटा | २८ | ८० | |
| खहरे खोला नियन्त्रण, नदी किनार संरक्षण | स्थान | २४ | ५८ | |
| बायो इन्जिनियरिङ गरेको क्षेत्रफल | हेक्टर | ४५ | ७७ | |
| वातावरणीय सेवाको भुक्तानी (Payment for Ecosystem) | रु. लाखमा | | | |

### ६.१.३ समस्या तथा सुझावहरू

**क. समस्याहरू**

वन व्यवस्थापन र जलाधार संरक्षण उपक्षेत्रका कतिपय सूचकमा लक्ष्य र प्रगतिबिच ठुलो अन्तर देखिएकोले लक्ष्य निर्धारण यथार्थपरक नभएको देखिन्छ । योजना दस्तावेजको मूल खण्ड र नतिजा खाकाबिच तालमेल हुन सकेको देखिदैन । यस उपक्षेत्रको लक्ष्य उद्देश्य हासिल गर्न निर्धारण गरिएका अधिकांश रणनीति र कार्यनीतिको पनि पूर्ण कार्यान्वयनमा आउन बाँकी रहेको देखिन्छ । प्रदेशको कुल भूभागको २३.४ प्रतिशत चुरे क्षेत्रले ओगटेको र यस क्षेत्रको संरक्षण आफैंमा जटिल भएको कारण प्रदेश सरकारको एकल प्रयासले मात्र सम्भव देखिदैन । साथै कतिपय विषयमा तहगत सरकारबिचको क्षेत्राधिकार विवाद निरुपण हुनु पर्ने अवस्था रहेको र अधिकांश विषयहरू तीन ओटै तहका सरकारको साझा प्रयास र समन्वयको आवश्यकता पर्ने प्रकृतिको हुँदा पनि कार्यान्वयनमा समस्या उत्पन्न हुने गरेको छ ।

**ख. सुझावहरू**

वन ऐन २०७६ र वन नियमावली २०७९ बमोजिम वन संवर्धन प्रणालीमा आधारित कार्ययोजना संशोधन तथा निर्माण गर्ने, डढेलो तथा चरिचरणको समस्या समाधानका लागि स्थानीय तहसँगको समन्वय र सहकार्यमा अग्नि नियन्त्रण दस्ता परिचालन गर्ने तथा वन्यजन्तुको बासंस्थान संरक्षण र संवर्धन एवम् जैविक मार्ग निर्माणका लागि बासस्थानको अध्ययन कार्य सञ्चालन गरिमात्र योजना तर्जुमा गर्न उपयुक्त देखिएको छ । जडिबुटी खेति प्रवर्धनका लागि निजि क्षेत्रलाई प्रोत्साहन गरी खेती गराउने र जलाधार क्षेत्रलाइ जोखिमको आधारमा प्राथमिकीकरण गरी योजना बनाएर कार्यक्रम कार्यान्वयन गर्न उपयुक्त देखिन्छ भने सहरी क्षेत्रका जलाधार क्षेत्रहरूलाई कोरीडोरको रूपमा विकास गर्नेतर्फ ध्यान दिन जरूरी देखिन्छ ।

## ६.२ वातावरण व्यवस्थापन र जलवायु परिवर्तन

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने र वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरेको छ । वातावरण व्यवस्थापनको विषय एक जटिल, बहुक्षेत्रीय र बहुआयममिक विषय पनि हो । तीब्र सहरीकरणको अवस्थामा रहेको नेपाल जस्तो विकासोन्मुख मुलुकका लागि हावा, पानी, माटो र ध्वनी

प्रदूषण नियन्त्रण एवम् फोहरमैला व्यवस्थापन जस्ता विषयको व्यवस्थापन झनै चुनौतीपूर्ण छ । यस्ता विषयको व्यवस्थापन नभएसम्म वातावरणीय स्वच्छता कायम गर्न सम्भव छैन ।

त्यसैगरी जलवायु परिवर्तन विश्वव्यापी रूपमा देखा परेको एक गम्भीर समस्या हो । विज्ञान र प्रविधिको क्षेत्रमा भएको अभूतपूर्व विकाससँगै हरितगृह ग्याँसको उत्सर्जनमा भएको तीव्र वृद्धिले गर्दा यस्तो ग्याँसको न्यून अंश अत्पादन गर्ने नेपाल जस्ता विकासोन्मुख मुलुकहरू यसबाट बढी प्रभावित हुने गरेका छन् । मुलुकको भौगर्भिक र भौगोलिक अवस्थाले गर्दा नेपालमा यसको असर अझै बढी पर्ने गरेको छ । यसबाट कृषि उत्पादन, जलस्रोत, वनजङ्गल र जैविक विविधता, मानव स्वास्थ्य, उर्जा तथा सिँचाइ पूर्वाधार र वसोबास जस्ता क्षेत्रमा पर्ने प्रतिकूल प्रभावबाट खासगरी विपन्न र सिमान्तकृत समुदाय सबैभन्दा बढी पीडित हुने गरेका छन् । त्यसैले नेपालको संविधानले वातावरण संरक्षण र जैविक विविधता जस्ता विषयलाई साझा अधिकारको सूचीमा समेत समावेश गरेको हुँदा यी विषयको कार्यान्वयन प्रदेश सरकारको पनि जिम्मेवारी भित्र पर्दछ ।

यसै संवैधानिक व्यवस्था अनुरूप प्रदेश योजनामा वातावरण व्यवस्थापन र जलवायु परिवर्तन उपक्षेत्रका लागि वायु प्रदूषण नियन्त्रण गरी नागरिकहरूको स्वास्थ्यमा सुधार ल्याउने, नदीहरूमा हुने प्रदूषण न्यूनीकरण गरी त्यहाँको परिस्थितिकीय प्रणालीमा सुधार गर्ने, फोहोरमैलाको उचित व्यवस्थापन र पुनर्प्रयोगका उपायहरूबाट रोजगारी सिर्जना गर्ने र धुँवाधूलो तथा आवाजबाट सिर्जित प्रदूषणको नियन्त्रणमा आवश्यक प्रणाली अवलम्बन गर्ने उद्देश्य राखिएको छ । त्यसैगरी पानीको दिगो उपलब्धता, जलवायुजन्य विपद्का असरहरूको न्यूनीकरण, जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने असरको नियन्त्रण र जलवायु परिवर्तनले कृषि र खाद्यान्न सुरक्षामा पारेको असरसित अनुकूलित हुँदै त्यसबाट सिर्जित लाभ र जलवायु कोष र संयन्त्रहरूबाट हुने लाभको अधिकतम् उपयोग गर्ने उद्देश्य यस योजनाले राखेको छ ।

## ६.२.२ उपलब्धि विश्लेषण

### ६.२.२.१ नीतिगत उपलब्धि

यस उपक्षेत्रलाई योजना दस्तावेजको मूल खण्डमा "वातावरण प्रदूषण नियन्त्रण" र "जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण" गरी दुई अलग अलग उपक्षेत्रको रूपमा उल्लेख भएकोमा नतिजा खाका तयार गर्दा "वातावरण र जलवायु परिवर्तन" भनी एउटै उपक्षेत्रमा समावेश गरिएको छ । तसर्थ रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था समीक्षा गर्दा अलग अलग उपक्षेत्रकै रूपमा विश्लेषण गरिएको छ। वातावरण प्रदूषण नियन्त्रणका लागि योजनाले परिलक्षित गरेको दीर्घकालीन सोच तथा लक्ष्य उद्देश्य हासिल गर्न वातावरण प्रदूषण नियन्त्रण अन्तर्गत ४ ओटा रणानीति र २२ ओटा कार्यनीति तर्जुमा

गरिएका छन् भने जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका लागि ५ ओटा रणनीति र २२ ओटा कार्यनीति रहेका छन् ।

वातावरण प्रदूषण उपक्षेत्र अन्तर्गत यातायातका साधनहरू तथा उद्योगलाई वातावरणमैत्री उन्मुख, वैकल्पिक ऊर्जा र स्वच्छ प्रविधिको प्रयोग तथा हरियाली वृद्धि गर्ने रणनीति कार्यान्वयनका लागि निर्धारित कार्यनीतिमध्ये सार्वजनिक निजी साझेदारीमा विद्युतीय सार्वजनिक यातायात प्रणालीलाई सञ्चालनमा ल्याउने, सवारी प्रदूषण मापनका लागि स्वचालित प्रविधिको स्थापना गर्ने, वि.सं २०८५ वैशाख १ गतेदेखि काठमाडौं उपत्यका, चितवन, हेटौंडा, बनेपा, धुलिखेल र पनौतीमा पेट्रोलियम पदार्थमा आधारित सवारीसाधनमा पूर्ण प्रतिबन्ध लगाउने, पेट्रोलियम पदार्थको आंशिक विकल्पका रूपमा जैविक इन्धनको उत्पादन गर्न किसान र उद्यमीलाई प्रोत्साहित गर्न नीति तर्जुमा गर्ने जस्ता कार्यनीतिहरूको कार्यान्वयनमा खासै प्रगति हुन सकेको छैन ।

त्यसैगरी नगर तथा नगरउन्मुख क्षेत्रमा ढल प्रशोधन, फोहोरमैला व्यवस्थापन, पुनःप्रशोधन र पुनःप्रयोग विधि अवलम्बन गर्ने रणनीति तथा कीटनाशक विषादी र रासायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक उपाय र प्राङ्गारिक मलको प्रयोग र प्लास्टिक झोलाको सट्टामा स्थानीय सामग्रीबाट उत्पादित वातावरणमैत्री झोला उपयोगमा ल्याउने रणनीति कार्यान्वयनका लागि निर्धारण गरिएका कार्यनीतिहरूको कार्यान्वयनमा पनि कुनै ठोस प्रगति हासिल हुन सकेको देखिदैन । प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी वातावरण व्यवस्थापनलाई विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा आबद्ध गर्ने रणनीति अन्तर्गतका कार्यनीतिहरूमा पनि वातावरणीय चेतना र सावधानीका विषयवस्तुहरूमा कार्यक्रमको लागि केही बजेट विनियोजन गर्ने बाहेक अन्य कुनै ठोस उपलब्धि हासिल हुन सकेको देखिदैन ।

जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण उपक्षेत्र अन्तर्गत ५ ओटा रणनीतिमध्ये उपलब्ध पानीका स्रोतहरूको संरक्षण तथा वैकल्पिक उपायहरू अवलम्बन गर्ने रणनीति तथा जलवायु ज्ञान व्यवस्थापन तथा मौसम पूर्वानुमान प्रणालीलाई सुदृढीकरण गर्दै विपद् न्यूनीकरण गर्ने रणनीति अन्तर्गतका कार्यनीतिहरूको कार्यान्वयनमा पनि कुनै ठोस उपलब्धि हासिल हुन सेकेको छैन । चरम जलवायुजन्य घटनाहरूको पहिचान गरी मानव स्वास्थ्यको रक्षा गर्ने रणनीति अन्तर्गतका कार्यनीतिहरू एवम् अन्तर्राष्ट्रिय अभिसन्धिहरूबाट बनेका जलवायु कोष र संयन्त्रहरूबाट उपलब्ध वित्तीय सहयोग तथा लाभ हासिल गर्ने रणनीति कार्यान्वयनका लागि तय गरिएका कार्यनीतिको कार्यान्वयनको लागि क्षमता विकास, खोज तथा अनुसन्धानको निमित्त अनुदान उपलब्ध गराउने र अनुकूलन कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गर्ने गरिएको छ ।

समग्रमा यस उपक्षेत्रका २२ ओटा कार्यनीतिमध्ये २३ प्रतिशत कार्यनीति मात्र कार्यान्वयन भएका छन्। कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । योजनाको पहिलो ३ वर्ष अवधिमा यस उपक्षेत्रका रणनीति तथा कार्यनीति कार्यान्वयनको विस्तृत विवरण *अनुसूची २३* मा समावेश गरिएको छ ।

### ६.२.२.२ परिमाणात्मक उपलब्धि

वातावरण व्यवस्थापन र जलवायु परिवर्तनको क्षेत्रमा योजना अवधिको तेस्रो वर्षसम्मका लागि निर्धारित लक्ष्यमा खासै उपलब्धि हासिल हुन सकेको देखिदैन । योजनाको नतिजा खाकामा समावेश भएका प्रभाव र असर तहका सूचकमा आधार वर्ष र योजना अवधिका लागि कुनै लक्ष्य सूचक नै निर्धारण गरिएको छैन । प्रतिफल तहका १० ओटा सूचकहरूमध्ये पनि ६ ओटा सूचकहरूको आधार वर्ष र योजना अवधिको लक्ष्य सूचक निर्धारण भएको छैन । नतिजा खाकामा जलवायु परिवर्तनसँग सम्बन्धित सूचकहरूको सङ्ख्या पर्याप्त भए पनि वातावरण व्यवस्थापनसँग एउटा मात्र सूचक समावेश भएको छ । तर यसको पनि उपलब्धि सूचक निर्धारण नभएको र सोसम्बन्धी तथ्याङ्कसमेत प्राप्त हुन नसकेको अवस्था रहेको छ ।

योजना अवधिमा वनले ढाकेको क्षेत्रफल आधार वर्षमा ५४ प्रतिशत रहेकोमा तेस्रो वर्षसम्मको लक्ष्य र उपलब्धि समेत यथावत रहेको छ । अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तहको सङ्ख्या योजनाको तेस्रो वर्षसम्म ८३ पुऱ्याउने लक्ष्य रहेकोमा सोको तथ्याङ्क उपलब्ध हुन सकेको छैन। जलवायु परिवर्तन शिक्षा प्रदान गर्ने विद्यालय सङ्ख्या योजनाको आधार वर्षमा १३५५ प्रतिशत उल्लेख भएकोमा यसको पनि लक्ष्य सूचक निर्धारण नभएको र उपलब्धि तथ्याङ्क समेत उपलब्ध हुन सकेको छैन । खाना पकाउन ठोस इन्धन (दाउरा, गुइठा आदि) प्रयोग गर्ने परिवारको सङ्ख्या योजनाको तेस्रो वर्षसम्ममा २८.१२ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २२ प्रतिशतमा झरेको छ ।

यस उपक्षेत्रका परिमाणात्मक लक्ष्यसम्बन्धी १२ ओटा सूचकमध्ये ९ ओटा अर्थात् ७५ प्रतिशत सूचकमा आधार तथ्याङ्क र लक्ष्य निर्धारण समेत गरिएको छैन । १२ मध्ये २ ओटा सूचकमा मात्र प्रगति विवरण उपलब्ध भएको छ । प्रगति विवरण उपलब्ध भएका सूचकमध्ये ७५ प्रतिशतभन्दा बढी प्रगति हुने सूचक १ र ५० देखि ७५ प्रतिशत प्रगति हुने सूचक १ रहेका छन् । परिमाणात्मक उपलब्धिको हालसम्मको अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन । वातावरण व्यवस्थापन र जलवायु परिवर्तन उपक्षेत्रमा योजनाको प्रथम तीन वर्षमा राखिएको परिमाणात्मक लक्ष्य र सो अवधिमा हासिल भएको प्रगतिको विवरण तल प्रस्तुत गरिएको छ ।

तालिका ४०: वातावरण व्यवस्थापन र जलवायु परिवर्तनसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| जलवायुमैत्री दिगो विकास सञ्चालनमा स्थानीय तहसँग सहकार्य | सङ्ख्या | | | |
| **असर तह** | | | | |
| हरित गृह ग्यास उत्सर्जन (यातायात तथा उद्योग क्षेत्र) | प्रतिशत | | | |
| **प्रतिफल** | | | | |
| वायु प्रदुषणको मात्रा (पि एम २.५) | μg/m3 | | | |
| वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ५४ | ५४ | ५४ |
| वाणिज्य क्षेत्रबाट हरितगृह ग्याँस उत्सर्जन | प्रतिशत | | | |
| कृषि क्षेत्रबाट हरितगृह ग्याँस उत्सर्जनको परिमाण | गेगाजुल | | | |
| जलवायु परिवर्तनसम्बन्धी पठनपाठन हुने विद्यालय | प्रतिशत | | | |
| जलवायु परिवर्तनसम्बन्धी तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | | |
| अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह | सङ्ख्या | NA | ८३ | |
| जलवायु परिवर्तन शिक्षा प्रदान गर्ने विद्यालय | प्रतिशत | १३५५ | | |
| खाना पकाउन ठोस इन्धन (दाउरा, गुइँठा आदि) प्रयोग गर्ने परिवार | प्रतिशत | ३८.८ | २८.१२ | २२ |
| जलवायु परिवर्तन अनुकूलनसम्बन्धी स्थानीय तहका योजनामा काम गर्ने तालिम प्राप्त व्यक्ति | जना | | | |

## ६.२.३ समस्या तथा सुझावहरू

### क. समस्याहरू

यस उपक्षेत्रको नतिजा खाकामा समावेश भएका धेरैजसो सूचकमा उपलब्धिसम्बन्धी तथ्याङ्क उपलब्ध हुन सकेको छैन । कुनै सूचकमा एकाइ उल्लेख गर्दा ध्यान पुऱ्याउन सकेको देखिँदैन । योजना दस्तावेजको मूल खण्ड र नतिजा खाकाबिच सामञ्स्यता कायम हुन सकेको छैन । रणनीति र कार्यनीतिमा समावेश गरिएका विषयहरूमध्ये कतिपय विषयहरू प्रदेश सरकारको कार्यक्षेत्र भन्दा बाहिरका विषय पनि समावेश गरिएको छ । योजनामा समावेश भएका कतिपय विषयहरू सङ्घीय सरकार र स्थानीय तहसँगको सहकार्य र समन्वयमा मात्र कार्यान्वयन हुन नसक्ने प्रकृतिका भए पनि अन्तर सरकार समन्वयको अवस्था कमजोर रहेको छ ।

**ख. सुझावहरू**

आगामी योजना तर्जुमा गर्दा योजना दस्तावेजको मूल खण्ड र नतिजा खाकामा सामञ्स्यता कायम गर्ने, प्रदेश सरकारको कार्यक्षेत्र भित्र पर्ने विषयहरू मात्र योजनामा समावेश गर्ने र सूचना तथा तथ्याङ्कको उपलब्धताका लागि प्रतिवेदन प्रणालीको व्यवस्थापनमा पनि ध्यान दिन आवश्यक छ । साथै जलवायु परिवर्तन अनुकूलन तथा वातावरण संरक्षण जस्तो बहुसरोकारवाला निकायको संलग्नता रहने अन्तरसम्बन्धित विषयको कार्यान्वयनमा अन्तरतह र अन्तरनिकाय समन्वयको विषय पनि महत्त्वपूर्ण छ।

प्रदेश सरकारले खासगरी प्लास्टिकका झोला तथा प्याकेजिङ्गमा पूर्णरूपमा प्रतिबन्ध गरी कागजका झोलाहरूको प्रयोगमा जोड दिने तथा फोहोरलाइ वर्गिकरण गरी कुहीने वस्तुहरूलाई प्राङ्गारिक मलको रूपमा व्यवस्थापन गर्ने विषयमा नेपाल सरकार तथा स्थानीय तहसँगको सहकार्यमा जोड दिन जरूरी देखिन्छ । त्यसैगरी पानीका मुहानहरूको पुनर्भरण तथा नियमित सरंक्षण गर्ने नीति तथा कार्यक्रममा जोड दिने, प्रदुषणबाट हुने रोग नियन्त्रण, सचेतनामूलक तथा क्षमता वृद्धि कार्यक्रमहरू सञ्चालन गर्ने र अन्तर्राष्ट्रिय अभिसन्धिहरूबाट बनेका जलवायु कोष र संयन्त्रहरूबाट उपलब्ध वित्तीय सहयोग परिचालन जस्ता विषयमा ध्यान दिन आवश्यक देखिन्छ ।

## ६.३ विपद् जोखिम व्यवस्थापन

### ६.३.१ पृष्ठभूमि

नेपाल विपद् जोखिमका हिसाबले अत्याधिक जोखिममा रहेको मुलुकहरूमध्ये पर्दछ । विपद्सम्बन्धी तथ्याङ्क अनुसार सडक तथा अन्य दुर्घटना बाहेकका प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपबाट वि सं २०२८ देखि २०७२ सम्मको  अवधिमा वार्षिक औषत ९०० जनाको मृत्यु हुने गरेको छ । वर्षेनी हुने सडक दुर्घटनाबाट औसत २००० जनाको मृत्यु हुने गरेको छ । यस्ता घटनाबाट हुने जनधनको क्षति र विकासका पूर्वाधारहरूमा पुग्न जाने हानीनोक्सानीले आम जनताको आधारभूत सेवा साथै जीविकोपार्जनमा समेत प्रतिकूल असर पर्ने गरेको छ । विपद् व्यवस्थापनको महत्त्वलाई ध्यानमा राखेर नै नेपालको संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने नीति अवलम्बन गर्दै विपद् व्यवस्थापनसम्बन्धी कार्यलाई स्थानीय तहको एकल अधिकारका साथै सङ्घ र प्रदेशको साझा अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रूपमा समेत समावेश गरेको छ ।

संवैधानिक व्यवस्थाको कार्यान्वयनका लागि नेपाल सरकारले विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तर्जुमा गर्नुका साथै विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना  (सन् २०१८-२०३०) समेत स्वीकृत गरेको छ । जलवायु

परिवर्तन तथा भौगर्भिक, सामाजिक, आर्थिक गतिविधिका कारण आगामी दिनमा विपद्जन्य घटनाबाट हुने हानी नोक्सानी झनै बढ्न सक्ने र यस्ता जोखिमहरू न्यूनीकरण र व्यवस्थापन गर्न नेपाल सरकारको एकल प्रयासले मात्र सम्भव नभएको हुँदा यस विषयमा राष्ट्रिय, प्रदेश एवम् स्थानीय स्तरमा समेत योजनाबद्ध एकीकृत प्रयासको आवश्यकता रहेको छ ।

यसै आवश्यकता अनुरूप प्रदेश योजनामा विपद्बाट हुने मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी ल्याउने लक्ष्य निर्धारण गरिएको छ । साथै यस लक्ष्यको प्राप्तिका लागि प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवम् सामाजिक पूर्वाधार, सांस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा न्यूनीकरण गर्ने, विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण गर्न विपद् जोखिम रोकथाम, पूर्वतयारी, प्रतिकार्य एवम् पुनर्स्थापना तथा पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गर्ने र जलवायु परिवर्तन एवम् अन्य कारणबाट उत्पन्न जोखिमको रोकथाम गर्ने उद्देश्य योजनामा राखिएको छ ।

## ६.३.२ उपलब्धि विश्लेषण

### ६.३.२.१ नीतिगत उपलब्धि

योजनाको नतिजा खाकामा विपद् जोखिम व्यवस्थापन उपक्षेत्रलाई "प्रकोप व्यवस्थापन" र "विपद् व्यवस्थापन" गरी २ ओटा अलग अलग उपक्षेत्रको रूपमा समावेश गरिएको भए तापनि योजना दस्तावेजमा "विपद् जोखिम व्यवस्थापन" भनी एउटै उपक्षेत्रमा समावेश गरिएको छ । तसर्थ रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्थालाई एउटै उपक्षेत्रको रूपमा विश्लेषण गरिएको छ । विपद् जोखिम व्यवस्थापनका लागि योजनाले परिलक्षित गरेको दीर्घकालीन सोच तथा लक्ष्य उद्देश्य हासिल गर्न ४ ओटा रणानीति र १८ ओटा कार्यनीतिहरू तर्जुमा गरिएका छन् ।

विपद् जोखिमको बुझाई अभिवृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिमसम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्दै पूर्वतयारी सुदृढ गर्ने रणनीति अन्तर्गत ५ ओटा कार्यनीति रहेका छन् । सोमध्ये सिन्धुपाल्चोक जिल्लाको जोखिम तथा सङ्कटासन्नता नक्साङ्कन गर्ने कार्य र सूचना प्रविधिमा आधारित पूर्वचेतावनी प्रणाली विकास तथा विपद्सम्बन्धी तालिम गोष्ठीको आयोजना गर्ने कार्य सम्पन्न भएका छन्। विपद् जोखिम व्यवस्थापनमैत्री शासनको सुदृढीकरण गर्ने रणनीति अन्तर्गत विपद् जोखिम व्यवस्थापनसम्बन्धी कानुनी र नियामक संरचनाको निर्माण, सङ्घीय सरकार र अनुसन्धान संस्थाहरूसँग सहकार्य र साझेदारी विकास, विपद् जोखिम व्यवस्थापनका विभिन्न प्रक्रियामा सबैको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता वृद्धि गरी समावेशिताको सुनिश्चितता गर्ने तथा प्रदेशको योजना तर्जुमा र कार्यान्वयन

प्रक्रियामा विपद उत्थानशीलताको अवधारणालाई आन्तरिकिकरण गर्ने जस्ता कार्यनीतिको कार्यान्वयनमा भने खासै उपलब्धि भएको देखिंदैन ।

विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्ने तथा “अझ राम्रो र अझ बलियो” अवधारणा अनुरूप विपद्पश्चातको पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण सुनिश्चित गर्ने रणनीति अन्तर्गत विभिन्न ८ ओटा कार्यनीति तर्जुमा गरिएको छ । यसमध्ये नेपाल सरकारको कार्यविधि अनुसार उपलब्ध पुनःनिर्माणसम्बन्धी रकम वितरण गर्ने, प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना गरी अनुदान वितरण गर्ने र खोज उद्धारसम्बन्धी तालिम सञ्चालन गर्ने कार्यहरू सम्पन्न भएका छन् । खासगरी जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाउने, विपद् उत्थानशीलता अभिवृद्धि गर्ने, सार्वजनिक नीजि लगानी वृद्धि गर्ने र जोखिम हस्तान्तरणका विधि अवलम्बन गर्ने जस्ता रणनीति र सो अन्तर्गतका कार्यनीतिहरूको कार्यान्वयनमा कुनै ठोस उपलब्धि हुन सेकेको छैन ।

यस अवधिमा प्रदेश विपद व्यवस्थापन नीति तथा रणनीतिक कार्ययोजना तर्जुमा भई स्वीकृत भएको छ भने विपद् राहत वितरण मापदण्डसम्बन्धी कार्यविधि, २०७८ मस्यौदा तयार भई स्वीकृतिको चरणमा रहेको छ । समग्रमा यस उपक्षेत्रका २२ ओटा कार्यनीतिमध्ये ३६ प्रतिशत कार्यनीति मात्र कार्यान्वयन भएका छन् । कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । योजनाको पहिलो ३ वर्ष अवधिमा विपद् व्यवस्थापन उपक्षेत्रका रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्थासम्बन्धी विस्तृत विवरण *अनुसूची* २४मा समावेश छ ।

### ६.३.२.२ परिमाणात्मक उपलब्धि

योजनाको नतिजा खाका तयार गर्दा विपद् जोखिम व्यवस्थापनलाई प्रकोप व्यवस्थापन र विपद् व्यवस्थापन गरी अलग अलग रूमा समावेश गरिएको छ । नतिजा खाकामा प्रकोप व्यवस्थापन अन्तर्गत ९ ओटा र विपद् व्यवस्थापनसम्बन्धी १९ ओटा नतिजा सूचक समावेश गरिएको छ । प्रकोप व्यवस्थापन र विपद् व्यवस्थापन उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र सोसम्बन्धी उपलब्धिको विस्तृत विवरण क्रमशः तलका तालिकाहरूमा समावेश गरिएको छ ।

तालिका ४१: प्रकोप व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| जल उत्पन्न प्रकोपबाट प्रभावित परिवार | सङ्ख्या | | | |
| **असर तह** | | | | |

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| जल उत्पन्न प्रकोप न्यूनीकरण जमिन उ)का(स | हेक्टर | | | |
| जल उत्पन्न प्रकोप न्यूनीकरण (जमिन बचाउ) | हेक्टर | | | |
| निर्मित तटबन्ध (पहिरो रोकथाम समेत) | किमि. | | ५१ | ९४ |
| जोखिम नक्सांकन | सङ्ख्या | | २० | १ |
| बाढीबाट जोखिममा भएका बस्तीको संरक्षण | ओटा | | | |
| **प्रतिफल तह** | | | | |
| बाढी तथा नदी नियन्त्रणका लागि कुल खर्चमा वायो इन्जिनियरिङ लगायत स्थानीय प्रविधिको उपयोग खर्चको अंश | प्रतिशत | | ५ | |
| प्रकोप जोखिम सचेतना अभियान सञ्चालन | सङ्ख्या | | ६० | १० |
| प्रमुख नदीमा बाढी पूर्व सूचना प्रणालीको स्थापना | सङ्ख्या | | १५ | |

तालिका ४२: विपद् व्यवस्थापनसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव** | | | | |
| कुल गार्हस्थ्य उत्पादनमा विपद्वाट भएको क्षतिको अनुपात | प्रतिशत | ०.००४ | | |
| **असर** | | | | |
| विपदका घटनाबाट मृत्यु भएका जनसङ्ख्या | प्रति लाख | ४१७ | २८७ | |
| हराइरहेका र विपद्को कारण प्रभावित भएका व्यक्तिहरू | प्रति | ०.००४ | ०.००२ | |
| **प्रतिफल** | | | | |
| विपदका घटनाबाट प्रभावित परिवार सङ्ख्या | प्रति | | | |
| विपद्बाट सम्पतिमा भएको क्षति | रु. करोड | | | |
| कुल बजेटमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा भएको सरकारी खर्चको अनुपात | प्रतिशत | | | |
| जोखिमयुक्त बस्ती संरक्षण | सङ्ख्या | | | |
| एकीकृत बस्ती विकास | सङ्ख्या | | | |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजना तर्जुमा भएका स्थानीय तह | सङ्ख्या | | | |

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| विपद् पूर्व सूचना प्रणाली स्थापना | सङ्ख्या | | | |
| विपद् जोखिम नक्साङ्कन | सङ्ख्या | | | १ |
| विपद् जोखिम बिमामा आबद्ध जनसङ्ख्या | सङ्ख्या | | | |
| विकास आयोजना सञ्चालनमा विपद् जोखिम परीक्षण | प्रतिशत | | | |
| स्थानीय तहसँग विपद् व्यवस्थापनमा सहकार्य | सङ्ख्या | | | ११९ |
| विपद्बाट क्षतिग्रस्त सरकारी एवम् सुरक्षा निकायका भवन पुनर्निर्माण | प्रतिशत | | | |
| जोखिममा परेका बस्ती स्थानान्तरण | सङ्ख्या | | | |
| विपद् प्रतिकार्य केन्द्र स्थापना र सञ्चालन | सङ्ख्या | | | |
| विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त जनशक्ति | सङ्ख्या | | | |
| विपद् व्यवस्थापनसम्बन्धी नागरिक शिक्षा | प्रतिशत | | | |

माथि उल्लिखित नतिजा खाकाअनुसार प्रकोप व्यवस्थापन अन्तर्गतका ९ ओटा सूचकमध्ये प्रभाव र असर तहका ४ ओटा सूचकमा योजना अवधिको लक्ष्य समेत निर्धारण गरिएको छैन । लक्ष्य निर्धारण गरिएकामध्ये जोखिम नक्साङ्कन गर्ने र प्रकोप जोखिम सचेतना अभियान सञ्चालन गर्ने सूचकमा नितान्त न्यून उपलब्धि भएको छ भने अन्य सूचकहरूमा कुनै किसिमको उपलब्धि हासिल हुन सकेको छैन ।

विपद् व्यवस्थापनसम्बन्धी नतिजा खाकामा समावेश भएका १९ ओटा सूचकहरूमध्ये प्रभाव र असर तहका सूचकमा आधार वर्षको तथ्याङ्क समावेश गरिएको र दुई ओटा सूचकमा लक्ष्य निर्धारण गरिएको छ । प्रतिफल तहका कुनै पनि सूचकहरूमा आधार तथ्याङ्क र योजना अवधिको लक्ष्य समेत निर्धारण गरिएको छैन । लक्ष्य निर्धारण नगरिएको भए पनि बागमती प्रदेशको जोखिम नक्साङ्कन (Hazard Mapping) गर्ने र ११९ ओटै स्थानीय तहसँग विपद् व्यवस्थापनमा सहकार्य गर्ने कार्य सम्पन्न भएको छ। विपद् पूर्वसूचना प्रणाली स्थापना, विपद् जोखिम बिमा, एकीकृत बस्ती विकास, विकास योजनामा विपद् जोखिम परिक्षण, विपद् जोखिममा परेका बस्ती स्थानान्तरण, विपद् प्रतिकार्य कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालन लगाएतका बाँकी सूचकहरूमा भने योजना अवधिको पहिलो तीन वर्षमा कुनै उपलब्धि हासिल हुन सकेको छैन ।

माथिका दुवै नतिजा खाकामा समावेश भएका परिमाणात्मक लक्ष्यसम्बन्धी २८ ओटा सूचकमध्ये ३ ओटा सूचकमा मात्र आधार तथ्याङ्क उपलब्ध छ भने ७ ओटा सूचकमा मात्र लक्ष्य निर्धारण गरिएको छ । २८ मध्ये ५ ओटा सूचकमा मात्र प्रगति विवरण उपलब्ध भएको छ । प्रगति विवरण उपलब्ध भएका सूचकमध्ये एउटा सूचकमा ७५ प्रतिशतभन्दा बढी प्रगति भएको छ भने २ ओटा सूचकमा ५० प्रतिशतभन्दा कम प्रगति भएको छ । बाँकी २ ओटा सूचकमा लक्ष्य नै उल्लेख नभएकोले प्रगतिलाई

प्रतिशतमा उल्लेख गर्न सम्भव भएन । उपलब्धिको हालसम्मको अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन ।

## ६.३.३ समस्या तथा सुझावहरू

### क. समस्याहरू

अव्यवस्थित एवम् छरिएर रहेका बस्तिलाई विपद्को दृष्टिकोणबाट उत्थानशील बनाई नागरिकलाई सुरक्षित बसोबासको व्यवस्था मिलाउन नसक्नु, विकास आयोजना सञ्चालन गर्दा विपद् जोखिमलाई मूलप्रबाहीकरण गर्न नसक्नु, सरोकारवालाहरू बिचको आपसी समन्वय र सहकार्य दृढ हुन नसक्नु, तीनओटै तहका सरकारबिच एकीकृत विपद् व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्चालन गर्न नसक्नु र प्रदेश सरकार र स्थानीय समुदायको क्षमता अभिवृध्दि गर्दै उत्थानशील समाज निर्माण गर्न नसक्नु यस क्षेत्रका मुख्य समस्या हुन् ।

विपद् जोखिम व्यवस्थापनसम्बन्धी विषयलाई एउटै उपक्षेत्र अन्तर्गत समावेश गर्न सकिनेमा योजना दस्ताबेजमा प्रकोप व्यवस्थापन र विपद् व्यवस्थापन गरी दुई अलग नतिजा खाका समावेश गरिएको छ।

### ख. सुझावहरू

योजनाको नतिजा खाकामा रहेका अधिकांश सूचक खाली रहेको र उपलब्धि सूचकसम्बन्धी तथ्याङ्क पनि उपलब्ध हुन नसकेकोले आगामी योजना तर्जुमा गर्दा विशेष ध्यान दिन जरूरी देखिन्छ । त्यसबाहेक प्रकोप व्यवस्थापन र विपद् व्यवस्थापनलाई अलग अलग नराखी एउटै उपक्षेत्रको नतिजा खाकामा समावेश गर्न उपयुक्त देखिन्छ । विपद् बहुसरोकायुक्त क्षेत्र भएको कारण सबै तहका सरकार र अन्तरनिकाय समन्वयलाई प्रभावकारी बनाउन आवश्यक छ । प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि मन्त्रालयको संस्थागत क्षमता बढाउन पनि उत्तिकै जरूरी देखिन्छ।

# परिच्छेद-सात

# अन्तरसम्बन्धित क्षेत्र

## ७.१ श्रम तथा रोजगार

### ७.१.१ पृष्ठभूमि

नेपालको संविधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा समावेश गर्दै दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमीबिच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित पुँजी, सिप, प्रविधि र अनुभवको स्वदेशमा उपयोग गर्ने र सबैका लागि मर्यादित कामको अवसर सुनिश्चित गर्ने नीति लिएको छ । संविधानले परिलक्षित गरेका नीतिको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नीति, कानुन र संस्थागत संरचनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । त्यसबाहेक मर्यादित र सुरक्षित रोजगारीको अवसर सिर्जना र श्रमशक्तिको उत्पादकत्व वृद्धिका लागि सरकारले अन्तर्राष्ट्रिय प्रतिबद्धतामा हस्ताक्षर समेत गरेको छ । देशभित्र सिर्जना भएका रोजगारीका अवसरमा युवा जनशक्तिको व्यापक राष्ट्रिय उपयोग गर्दै जनसाङ्ख्यिक लाभांशको उपयोग गर्ने अहिलेको राष्ट्रिय प्राथमिकता हो ।

संविधानले परिलक्षित गरेको राष्ट्रिय नीति र राष्ट्रिय प्राथमिकताको कार्यान्वयनका लागि विद्यमान सङ्घीय संरचना अनुरूप श्रम र रोजगारीको क्षेत्रमा तीनओटै तहका सरकारको साझा प्रयास आवश्यक छ । यसै आवश्यकता अनुरूप प्रदेश सरकारले "गुणस्तरीय रोजगारीमा वृद्धि; प्रदेशको समृद्धि" भन्ने दीर्घकालीन सोचका आधारमा प्रथम आवधिक योजनामा बजारको माग सम्बोधन गर्ने गरी दक्ष तथा सिपयुक्त मानव संशाधनको विकास गरी रोजगारी एवम् स्वरोजगारीका अवसरहरूको उपयोग हुने स्थिति सिर्जना गर्ने लक्ष्य निर्धारण गरेको छ । यस लक्ष्यको प्रासिका लागि श्रम बजारको वेरोजगारी तथा अर्द्धवेरोजगारी न्यूनीकरण गर्न स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्ने, सिपमूलक तालिमका अवसर वृद्धि गरी प्रतिस्पर्धी श्रमशक्तिको विकास गर्ने र वैदेशिक रोजगारीलाई उत्पादक, सुरक्षित र व्यवस्थित गर्ने उद्देश्य राखिएको छ ।

### ७.१.२ उपलब्धि विश्लेषण

#### ७.१.२.१ नीतिगत उपलब्धि

श्रम तथा रोजगारी उपक्षेत्रको लागि आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच र लक्ष्य उद्देश्य हासिल गर्नका लागि विभिन्न ४ ओटा रणनीति र त्यस अन्तर्गत १२ ओटा कार्यनीतिहरू तय गरिएका छन् । श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना हुने कानुनी तथा आर्थिक आधार तयार गर्ने रणनीति अन्तर्गत राष्ट्रिय रोजगार नीति तथा श्रमिकको हक एवम् रोजगारीको

हकसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन गर्ने, सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनद्वारा असल श्रम सम्बन्धको विकास गर्ने, न्यूनतम पारिश्रमिकको कार्यान्वयन सुनिश्चित गर्ने, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्ड लागु गर्ने र प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सफल बनाउन स्थानीय तह, निजी क्षेत्र र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने कार्यनीति रहेकोमा श्रम नीति तर्जुमाको चरणमा रहेको, नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक लागु गराउन आवश्यक कार्य गरेको र रोजगार संयोजकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने बाहेकका अन्य कार्यमा उल्लेखनीय प्रगति हुन सकेको देखिँदैन ।

निजी तथा सामुदायिक/सहकारी क्षेत्रको निम्ति लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशमै पर्याप्त र मर्यादित रोजगारी एवम् स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने रणनीति अन्तर्गत स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई सुदृढिकरण गरी श्रम तथा रोजगारसम्बन्धी सूचना प्रणालीमा आम जनताको पहुँच पुऱ्याउन प्रदेश भित्रका प्रत्येक स्थानीय तहलाई रु दुई लाखका दरले आ.व. २०७९/८० मा बजेट विनियोजन गरिएको छ । प्राविधिक शिक्षा, सिप तथा व्यावसायिक तालिमका माध्यमबाट प्रतिस्पर्धी, दक्ष श्रम शक्तिको उत्पादन गर्ने रणनीति अन्तर्गत चालु आ.व. मा हेटौंडा तथा गजुरीमा रहेको सिप विकास तालिम केन्द्रलाई थप स्रोत साधन र जनशक्ति प्रदान गरी सिप विकाससम्बन्धी तामिम सञ्चालन गर्ने कार्यक्रम रहेको छ । त्यसैगरी वैदेशिक रोजगारीलाई कम खर्चिलो, सुरक्षित र लाभप्रद बनाउने र आर्जित विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने रणनीति अन्तर्गत चालु आ.व. मा देशभित्र वा वैदेशिक रोजगारमा जानेका निम्ति सिप विकास तालिम सञ्चालन गर्ने कार्यक्रम रहेको छ ।

श्रम तथा रोजगार उपक्षेत्रका लागि निर्धारण गरिएका माथि उल्लेख भए बाहेकका अन्य कार्यनीतिको कार्यान्वयनमा कुनै ठोस उपलब्धि हुन सकेको छैन । समग्रमा यस उपक्षेत्रका १२ ओटा कार्यनीतिमध्ये ९ ओटा कार्यनीति मात्र कार्यान्वयन भएका छन् । कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ। योजनाको तेस्रो वर्षसम्म रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्था *अनुसूची २५* मा समावेश गरिएको छ ।

### ७.१.२.२ परिमाणात्मक उपलब्धि

श्रम तथा रोजगारसम्बन्धी नतिजा खाकामा १७ ओटा नतिजा सूचक समावेश गरिएका छन् । यी सूचकहरूमध्ये वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण, योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा श्रमिकको सहभागिता र वित्तीय साक्षरता तालिम प्राप्त गर्ने व्यक्तिसम्बन्धी आधार वर्षको तथ्याङ्क र योजना अवधिको लक्ष्य सूचक समेत समावेश हुन सकेको छैन । अन्य सूचकहरूको भने आधार वर्षको

तथ्याङ्कककका साथै योजना अवधिको लक्ष्य सूचक समेत निर्धारण गरिएको छ । नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र सोसम्बन्धी उपलब्धिको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।

तालिका ४३: श्रम तथा रोजगारीसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| श्रमशक्ति सहभागिता दर | प्रतिशत | ४७.१ | ५३.६४ | |
| वेरोजगारी दर | प्रतिशत | ७ | ५.२ | ७ |
| **असर तह** | | | | |
| श्रमको उत्पादकत्व | रू. हजारमा | २०५.९ | २७९.७६ | |
| रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ४७.१ | ५४.८४ | ३०.०८ |
| सबैभन्दा तल्लो ५ प्रतिशत र सबैभन्दा माथिल्लो ५ प्रतिशत आम्दानी भएका श्रमिकको मासिक आम्दानीको अनुपात | प्रतिशत | ५.२१ | ३.२ | |
| वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण | रू. अर्ब | N/A | | |
| **प्रतिफल तह** | | | | |
| रोजगारमूलक तालिम | जना वार्षिक | ३ | ७.५ | २.५ |
| युवा स्वरोजगारसम्बन्धी तालिम | जना वार्षिक | २.१ | ३.४ | २.५ |
| रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | | | |
| रोजगारी लैङ्गिक असमानता | अनुपात | २.०४ | १.६ | |
| श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सहभागिता | प्रतिशत | | | |
| पूर्व अभिमुखीकरण तालिम प्राप्त गर्ने व्यक्ति | प्रतिशत | १८ | २८ | |
| सिपमूलक तालिम प्राप्त गर्ने व्यक्ति | प्रतिशत | १३ | २४ | |
| सिप प्रमाणीकरण गर्ने संस्था | सङ्ख्या | ३ | ३ | |
| वार्षिक रोजगारी सिर्जना | सङ्ख्या हजारमा | १४० | १७० | |
| वित्तीय साक्षरता तालिम प्राप्त गर्ने व्यक्ति | प्रतिशत | | | |

श्रम तथा रोजगार उपक्षेत्रको योजनाको प्रथम तीन वर्षको लागि निर्धारण गरिएका लक्ष्यको तुलनामा प्राप्त भएका उपलब्धिको समीक्षाको निमित्त धेरैजसो सूचकमा उपलब्धिसम्बन्धी तथ्याङ्कको प्राप्त नभएको कारण तुलनात्मक विश्लेषण सम्भव भएन । यीमध्ये खासगरी असर तहका सूचक र प्रभाव तहका केही सूचकहरूमा प्रदेश तहमा तथ्याङ्क उपलब्ध हुन कठिन देखिन्छ ।

नतिजा खाकामा समावेश भएका परिमाणात्मक लक्ष्यसम्बन्धी १७ ओटा सूचकमध्ये १३ ओटा सूचकमा आधार तथ्याङ्क उपलब्ध छ भने १२ ओटा सूचकमा लक्ष्य निर्धारण गरिएको छ ।१७ मध्ये ४ ओटा सूचकमा मात्र प्रगति विवरण उपलब्ध भएको छ । प्रगति विवरण उपलब्ध भएका सूचकमध्ये दुईओटा सूचकमा ७५ प्रतिशतभन्दा बढी प्रगति भएको छ भने एक सूचकमा ५० देखि ७५ प्रतिशतको बिचमा र एक सूचकमा ५० प्रतिशतभन्दा कम प्रगति भएको छ । परिमाणात्मक लक्ष्य सूचकहरूमा हालसम्मको उपलब्धि अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन ।

### ७.१.३ समस्या तथा सुझावहरू

#### क. समस्याहरू

श्रम बजारको माग अनुरूप सिपयुक्त श्रमशक्ति उत्पादन गर्ने, शिक्षालाई रोजगारमूलक र उद्यमशील बनाउने, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्ने, वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि सुरक्षित र मर्यादित वातावरण तयार गर्ने, वैदेशिक रोजगारीबाट फर्केका युवासँग भएको ज्ञान, सिप र क्षमतालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, सिपयुक्त जनशक्तिलाई उद्यमशील बनाउन सहुलियतपूर्ण कर्जा र उत्पादित वस्तुको बजार प्रवर्धन गर्ने जस्ता विषयहरू श्रम तथा रोजगार उपक्षेत्रमा विद्यमान प्रमुख समस्या हुन् ।

#### ख. सुझावहरू

माथि उल्लिखित समस्याको समाधानका लागि प्रदेश सरकारले सिप विकास तालिम केन्द्रको संस्थागत क्षमता विकास गरी सिपयुक्त प्राविधिक श्रमशक्ति उत्पादनमा जोड दिन आवश्यक छ । साथै सिप र क्षमता भएका युवालाई सहुलियतपूर्ण कर्जा प्रवाह, श्रम बजारसम्बन्धी अध्ययन अनुसन्धान तथा नियमित सूचना प्रवाह, नेपाल सरकार तथा स्थानीय तह, निजी क्षेत्र र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्यमा जोड दिनेतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ ।

## ७.२ गरिबी निवारण

### ७.२.१ पृष्ठभूमि

नेपालमा विगत दुई दशकभन्दा बढी समयदेखि गरिबी निवारणलाई प्राथमिकतामा राखेर विकास प्रयास अघि बढाइएको छ र यसका लागि विभिन्न लक्षित कार्यक्रमहरू समेत सञ्चालन गरिएका छन् । यिनै प्रयासको फलस्वरूप मुलुकले समग्र गरिबी र मानव विकास सूचकाङ्कमा उल्लेखनीय सुधार गरेको छ। यद्यपी मानव विकास सूचकाङ्कको हिसावले बागमती प्रदेश नेपालको औषत अवस्थाको तुलनामा राम्रो छ। तथापी यस प्रदेशका खासगरी जनजातीहरूको बाक्लो बसोवास रहेको हिमाली र पर्वतीय क्षेत्रमा सापेक्षित रूपमा गरिबीको मात्रा अधिक रहेको छ । गरिबी निवारण राष्ट्रिय विकासको प्राथमिकता र दिगो विकास लक्ष्य प्राप्तिको अनिवार्य पूर्वशर्त मात्र नभएर प्रदेश आवधिक योजनाले निर्धारण गरेको "सुसँस्कृत र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश" को दीर्घकालीन सोच प्राप्तिको प्रमुख आधार पनि हो । यसका लागि योजनाले निरपेक्ष गरिबीको न्यूनीकरण गरी विपन्न वर्गलाई प्रदेशको समृद्धिमा सहभागी गराउने लक्ष्य राखेको छ । साथै सो लक्ष्य प्राप्तिका लागि गरिबीको रेखामुनीको जनसङ्ख्या र बहुआयामिक गरिबीको प्रतिशत आधा घटाउने उद्देश्य रहेको छ ।

### ७.२.२ उपलब्धि विश्लेषण

#### ७.२.२.१ नीतिगत उपलब्धि

गरिबी निवारण उपक्षेत्रको लागि आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच र लक्ष्य उद्देश्य हासिल गर्नका लागि विभिन्न ४ ओटा रणनीति र १९ ओटा कार्यनीतिहरू तय गरिएका छन् । प्राकृतिक र अन्य स्रोत र उत्पादनका साधनमा विपन्न घरपरिवारको पहुँच र स्वामित्व बढाउने रणनीति अन्तर्गत सामुदायिक र कबुलियत वनमा गरिब र सिमान्त कृषकको उत्पादन वृद्धिसम्बन्धी कार्यक्रम वन तथा कृषि मन्त्रालयबाट कार्यान्वयन भैरहेको छ । सार्वजनिक र बाँझो राखिएका निजी जग्गाहरूमा उत्पादनमूलक खेती गर्न विपन्न घरपरिवारलाई प्रोत्साहन गर्ने कार्यका लागि स्थानीय तहसँग छलफल गर्ने कार्यक्रम चालु आर्थिक वर्षमा समावेश गरिएको छ भने यी बाहेकका अन्य कार्यनीतिहरू भने कार्यान्वयनमा आउन सकेका छैनन् ।

गरिब र सीमान्त गरिबको पहिचान गरी उनीहरूको क्षमता र उत्पादकत्व वृद्धि गर्ने रणनीति अन्तर्गत विपन्न घर परिवारको पहिचान गरी परिचयपत्र वितरण गर्ने कार्य अन्तिम चरणमा रहेको र प्रदेशको तथ्याङ्क प्राप्ति र भण्डारणको लागि समन्वय भैरहेको छ भने गरिब घरपरिवार लक्षित गरी सिलाई कटाई, मौरीपालन तथा सामग्री वितरण कार्यक्रम सम्पन्न भएको छ । गरिबी निवारण कार्यक्रमलाई लक्षित समुदायसम्म पुग्ने गरी कार्यान्वयनमा ल्याउन आवश्यक पर्ने तथ्याङ्क सङ्कलनको लागि प्रदेश गरिबी सर्भेक्षण कार्यक्रम चालु आर्थिक वर्षमा राखिएको छ । त्यसबाहेक सफाई मजदुरहरूको स्वास्थ्य

बिमा गरी पेसालाई सुरक्षित र मर्यादित बनाउने, विपन्न दलित र अन्य समुदायको पारम्परिक ज्ञानको संवर्धन गर्दै पेसागत कामलाई व्यावसायिक बनाउन आवश्यक तालिम र वित्तीय सहयोग गर्ने र सिप परीक्षण गरी प्रमाणीकरण गर्ने तथा गरिबमुखी कार्यक्रमको नियमित अनुगमन र मूल्याङ्कन गर्ने जस्ता कार्यनीति तय गरिएकोमा अधिकांशमा खासै उपलब्धि हुन सकेको छैन ।

त्यसैगरी सार्वजनिक सेवा प्रवाह र विकासका काममा गरिबहरूको सहभागिता बढाउने रणनीति कार्यान्वयनका लागि गरीब घरपरिवारको रोजगारी तथा स्वरोजगारीको लागि व्यावसायिक सिप अभिवृद्धि कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा २०० जनालाई ९० दिनको तालिम दिने कार्यक्रम रहेको छ । सो बाहेक सार्वजनिक सेवा प्रवाहमा गरिब र सीमान्त गरिबलाई प्राथमिकता दिने, सहुलियत दरमा स्वास्थ्य बिमाको व्यवस्था गर्ने, वर्षमा कम्तीमा १५० दिन रोजगारी सुनिश्चित गर्ने लगायतका अन्य कार्यनीतिको कार्यान्वयनमा कुनै खास प्रगति हासिल हुन सेकको छैन ।

भौगोलिक र समुदायमा रहेको गरिबीको सघनताका आधारमा गरिबी निवारणका लक्षित कार्यक्रम तर्जुमा गर्ने रणनीति अन्तर्गत सरोकारवालाबिच कार्यशाला गोष्ठी आयोजना गर्ने एवम् भौगौलिक क्षेत्र र समुदायका निम्ति गरिबी निवारणको अल्प र मध्यकालीन योजना सञ्चालन गर्नको लागि प्रदेश गरिवी निवारण नीतिको मस्यौदा तयार गर्ने कार्यक्रम यस आर्थिक वर्षमा रहेको छ । भूकम्पबाट बास गुमेका जोखिमपूर्ण अवस्थाका विपन्न घर परिवारलाई बसोबासको व्यवस्था मिलाउन सहजीकरण गर्ने कार्यनीतिको कार्यान्वयन हुन सकेको छैन ।

समग्रमा यस उपक्षेत्रका १९ ओटा कार्यनीतिमध्ये ५३ प्रतिशत कार्यनीति मात्र कार्यान्वयन भएका छन्। कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । योजना अवधिको तेस्रो वर्षसम्ममा रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थासम्बन्धी विवरण *अनुसूची २६* मा समावेश गरिएको छ ।

### ७.२.२.२ परिमाणात्मक उपलब्धि

योजना दस्तावेजको मूल खण्डमा गरिबी निवारणलाई उपक्षेत्रको रूपमा समावेश गरिएको भए पनि नतिजा खाकामा गरिबी र असमानता न्यूनीकरण शीर्षकमा १७ ओटा नतिजा सूचक समावेश गरिएका छन् । यी सूचकहरूमध्ये गरिबीको विषमता र गहनता तथा तल्लो पञ्चांशका गरिबको उपभोग अंशसम्बन्धी आधार वर्षको तथ्याङ्क र योजना अवधिको लक्ष्य सूचक समेत समावेश हुन सकेको छैन । अन्य सूचकहरूको भने आधार वर्षको तथ्याङ्कको साथै योजना अवधिको लक्ष्य सूचक समेत निर्धारण गरिएको छ । गरिबी निवारण उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र योजनाको पहिलो तीन वर्ष अवधिका हासिल भएको प्रगतिसम्बन्धी विवरण तलको तालिकामा समावेश गरिएको छ ।

तालिका ४४: गरिबी निवारणसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | १२.२ | १०.३ | ७ |
| प्रति दिन १.९ डलर (PPP) आम्दानीका आधारमा गरिबी | प्रतिशत | १३.९ | १०.३६ | १०.९८ |
| गरिबीको विषमता | प्रतिशत | - | - | |
| गरिबीको गहनता | प्रतिशत | - | - | |
| **असर तह** | | | | |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६४१ | ०.६६० | ०.६६१ |
| सम्पत्तिमा आधारित असमानता जनाउने Gini coefficient | Coefficient (0-1) | ०.२५ | ०.२४ | ०.४३ |
| आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (PALMA Ratio) | अनुपात | १.४५ | १.४०२ | १.३६ |
| कुल उपभोगमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा | प्रतिशत | १६.२ | १९.६८ | |
| तल्लो पञ्चांशका गरिबको उपभोग अंश | प्रतिशत | - | - | |
| कुल उपभोगको दुई तिहाइ भन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | २० | १७.६ | |
| रोजगारी प्राप्त गर्ने कुल व्यक्तिहरूमध्ये प्रतिदिन १.२५ अमेरिकी डलरभन्दा कमप्राप्त गर्नेव्यक्तिहरू | प्रतिशत | १४ | १०.४ | |
| आर्थिक दृष्टिकोणले जनसङ्ख्याको तल्लो पञ्चमक (Bottom quintile) को राष्ट्रिय उपभोगमा हिस्सा | प्रतिशत | ५.६ | ४.४ | |
| **प्रतिफल तह** | | | | |
| ५ वर्षमूनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | सङ्ख्या | ३६ | २५.२ | २८.४ |
| आधारभूत तहको खुद भर्नादर (NER) | प्रतिशत | ३६ | २५.२ | ९६.१ |
| बत्ती बाल्न बिजुली प्रयोग गर्ने परिवार | प्रतिशत | ८५.७ | ९४.३ | ९७.४७ |
| शौचालय सुविधा भएको परिवार | प्रतिशत | - | १०० | १०० |
| वेरोजगारी दर | प्रतिशत | ७ | ५.५० | ७ |
| सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा आबद्ध जनसङ्ख्या | प्रतिशत | १७ | ४९ | |
| प्रादेशिक बजेटमा सामाजिक सुरक्षामा भएको खर्च | प्रतिशत | ११.३ | १२.९ | |

गरिबी निवारण उपक्षेत्रको योजनाको प्रथम तीन वर्षको लागि निर्धारण गरिएका १६ ओटा लक्ष्य सूचकहरूमध्ये १० ओटा सूचकको मात्र प्रगति विवरण प्राप्त हुन सकेको छ । १० ओटा सूचकमध्ये ५ ओटा सूचकमा ७५ प्रतिशतभन्दा बढी प्रगति भएको छ भने ३ ओटा सूचकमा ५० प्रतिशतभन्दा कम

प्रगति भएको छ । प्राप्त विवरण अनुसार खासगरी बहुआयामिक गरिबीको रेखा मुनी रहेको जनसङ्ख्या, बाल मृत्यु दर तथा आधारभूत तहको खुद भर्ना दर जस्ता सूचकहरूमा सन्तोषजनक उपलब्धि हासिल भएको देखिन्छ । मानव विकास सूचकाङ्क र विद्युत्मा पहुँच परिवारमा पनि सामान्य वृद्धि भएको छ । शौचालय सुविधा भएका परिवार आधार वर्षको भन्दा फरक देखिदैन । अन्य सूचकहरूमा उपलब्धिको समीक्षाको निमित्त तथ्याङ्क उपलब्ध हुन नसेकेको कारण सोसम्बन्धी विश्लेषण भने प्रस्तुत गर्न सकिएको छैन । हालसम्मको उपलब्धि अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन ।

## ७.२.३ समस्या तथा सुझावहरू

### क. समस्याहरू

गरिबी निवारणको विषय तीनओटै तहका सरकारको प्राथमिकताको विषय भए पनि यो आफैंमा बहुआयामिक र जटिल विषय हो । तसर्थ गरिबी निवारणको विषयमा लामो प्रयासका बावजुद पनि अपेक्षित नतिजा प्राप्त हुन सकेको देखिदैन । खासगरी गरिब घर परिवार पहिचान गरी परिचयपत्र वितरण गर्ने, उपलब्ध स्रोत साधनलाई लक्षित वर्गको हित संरक्षणमा केन्द्रित गर्ने, कृषिको व्यवसायीकरण र उद्योग र सेवा क्षेत्रमा लगानीमैत्री वातावरण तयार गरी पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्ने, भौगोलिक लैङ्गिक जातीय र आय बर्ग बिच रहेको गरिबीको गहनता र असमानता कम गर्ने जस्ता विषय यस क्षेत्रका प्रमुख समस्याको रूपमा रहेका छन् ।

### ख. सुझावहरू

प्रदेश सरकारले आगामी दिनमा गरिबी निवारणसम्बन्धी विषयमा योजना तर्जुमा र कार्यान्वयन गर्दा गरिब घर परिवार पहिचान गरी उपलब्ध स्रोत साधनलाई लक्षित वर्गको हित संरक्षणमा केन्द्रित गर्ने, कृषिको व्यवसायीकरण र उद्योग र सेवा क्षेत्रमा लगानीमैत्री वातावरण तयार गरी पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्ने, भौगोलिक लैङ्गिक जातीय र आय बर्गबिच रहेको गरिबीको गहनता र असमानता कम गर्न त्यस्ता घर परिवारका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, बिमा तथा रोजगारीसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक देखिन्छ ।

## ७.३ सुशासन

### ७.३.१ पृष्ठभूमि

नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्ट्राचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति अवलम्बन गरेको छ । यस नीतिको कार्यान्वयनका लागि नागरिकले संविधान प्रदत्त आधारभूत मौलिक हकको वास्तविक अनुभूति गर्न सक्ने गरी सेवा प्रवाह गर्न सक्ने सार्वजनिक प्रशासनको विकास गर्न जरूरी हुन्छ । खासगरी प्रदेश तहको संरचना नितान्त नौलो भएकोले प्रदेश सरकारको प्रभावकारी कार्यसञ्चालनका लागि आवश्यक नीति तथा कानुनको तर्जुमा जनशक्ति व्यवस्थापन र संस्थागत संरचना निर्माण अहिलेको प्राथमिकताको विषय हो ।

आर्थिक अनियमितता र भ्रष्ट्राचारजन्य गतिविधिमा नियन्त्रण गर्न नसकेसम्म मुलुकको विकास सम्भव छैन। समाजमा नैतिक मूल्यमान्यताको विकास गरी भ्रष्ट्राचारलाई सामाजिक अपराधको रूपमा स्थापित नगरेसम्म भ्रष्ट्राचार नियन्त्रण हुन सक्दैन । त्यसैगरी मुलुकमा शान्ती सुव्यवस्था कायम गरी मानव अधिकारको ग्यारेन्टी गर्नु सरकारको प्रमुख दायित्व हो । यसै सन्दर्भमा प्रदेश योजनाले प्रदेशको शासन प्रणाली समावेशी, कार्यमूलक, जनमुखी, परिणाममुखी, पारदर्शी र उत्तरदायी बनाउने लक्ष्य लिएको छ । साथै यस लक्ष्यको प्राप्तिका लागि कानुनी र नीतिगत पूर्वाधारहरूको निर्माण गर्ने, सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने र सक्षम, दक्ष, गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्ने उद्देश्य निर्धारण गरिएका छन् ।

### ७.३.२ उपलब्धि विश्लेषण

#### ७.३.२.१ नीतिगत उपलब्धि

नतिजा खाकामा "सुशासन र क्षमता विकास" तथा "मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था" गरी दुई ओटा अलग अलग नतिजा खाका तयार गरिएको भए पनि योजना दस्तावेजको मूल खण्डमा "सुशासन" उपक्षेत्रको लागि आवधिक योजनाले निर्धारण गरेका दीर्घकालीन सोच र लक्ष्य उद्देश्य हासिल गर्नका लागि विभिन्न ६ ओटा रणनीति र ४८ ओटा कार्यनीतिहरू तय गरिएका छन् ।

शासन प्रणाली सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिहरूको तर्जुमा गर्ने रणनीति अन्तर्गत आवश्यक नीति, कानुन, मापदण्ड र कार्यविधिहरूको तर्जुमा गर्ने तथा प्रदेश निजामती सेवासम्बन्धी अध्यादेश २०७९, तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गर्ने क्रममा मन्त्री तथा पदाधिकारीहरूको आचारसंहिता, २०७८ जारी भएको छ । सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र

पुरस्कारलाई पद्धतिबद्ध बनाउन प्रदेश निजामती सेवासम्बन्धी अध्यादेश २०७९ तर्जुमा तथा विभिन्न आयोग, केन्द्र, प्रतिष्ठानहरूको गठनसम्बन्धी कानुनहरू समेत तर्जुमा भएका छन् । त्यसैगरी सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गर्न प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको छ ।

प्रदेशले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने रणनीति अन्तर्गत प्रदेशमा निर्माण भएका विभिन्न ऐन/कानुन मार्फत समावेशी प्रतिनिधित्वको अवस्थालाई सुनिश्चित गरिएको छ । जनताका गुनासो सिधै मुख्यमन्त्रीसँग पुग्ने व्यवस्थाका लागि हेलो प्रदेश सरकारको स्थापना गर्न तयारी भइरहेको छ । त्यसैगरी सूचना प्रविधिको प्रयोग र पहुँच बढाउने कार्यक्रम सञ्चालनमा सहयोग पुऱ्याउन स्थानीय तहलाई आवश्यकताअनुसार सहयोग उपलब्ध गराउने गरिएको छ ।

प्रदेश सरकारको कार्यसम्पादनलाई पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउने रणनीति अन्तर्गत प्रदेश भित्रका प्रहरीहरूको क्षमता विकासको लागि प्रहरी भवनहरू निर्माण गरीएको छ भने प्रहरीको लागि आवश्यक सवारी साधनको व्यवस्था गरिएको छ । जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरूसँग नियमित समन्वय र सहकार्य भइरहेको छ । प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९ तथा प्रदेश सूचनाको हकसम्बन्धी ऐन, २०७६ जारी गरिएको छ । त्यसैगरी छनोट भएका निकाय/कार्यलयहरूको सेवाप्रवाहसम्बन्धी सर्वेक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने गरिएको छ ।

त्यसबाहेक प्रदेश निजामती सेवासम्बन्धी अध्यादेश मार्फत कर्मचारीहरूको आचरण, आचारसंहितासम्बन्धी विषय स्पष्ट गरिएको र प्रदेशका उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कार दिने व्यवस्था गरिएको छ । मुख्यमन्त्री तथा मन्त्री, मन्त्री तथा सचिव र सचिव तथा आयोजना प्रमुखहरूसँगको कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाईएको छ । भ्रष्ट्रचार विरूद्ध अभिमुखीकरण, समन्वय तथा सहकार्यको कार्य भइरहेको छ । प्रदेश सरकारको आन्तरिक नियन्त्रण प्रणाली मार्गदर्शन २०७८ तथा वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ जारी भएको छ । त्यसैगरी महालेखा परिक्षकको प्रतिवेदन अनुसारको बेरूजु सार्वजनिक गर्ने गरिएको छ भने कार्यालयहरूमा नगरिक वडापत्र राख्ने व्यवस्था मिलाईएको छ । गुनासो व्यवस्थापन, सूचना अधिकारी लागायतका संयन्त्रहरूको प्रयोग तथा विकास भइरहेको छ । प्रदेश सरकारका मन्त्रालय तथा निकायहरूबाट आफूअन्तर्गत भएका काम कारबाहि बेबसाईटमार्फत सम्प्रेषण गर्ने कार्य भइरहेको छ ।

साङ्गठनिक पुनःसंरचना र जनशक्ति विकास गर्ने रणनीति अन्तर्गत प्रदेशको कार्य आवश्यकता अनुसार मन्त्रालयहरूको व्यवस्थापन गरी कार्यविभाजन नियमावली परिमार्जन गर्ने कार्य भएको छ । प्रदेशमा रहेका जनशक्तिहरूको दक्षता अभिवृद्धिका लागि नीति तथा कार्यक्रमहरूमा व्यवस्था गरिएको छ भने तालिम केन्द्रहरूको विकास तथा विस्तारमा कार्य भइरहेको छ । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र

कर्मचारीको आवश्यकता र मागअनुसार अभिमुखीकरण, तालिम र क्षमता विकासका लागि आधुनिक प्रविधि र स्रोत-साधनसहितको प्रदेश सुशासन केन्द्रको स्थापना गरिएको छ । साथै प्रदेश लोक सेवा आयोग गठन भई कार्य प्रारम्भ भएको छ ।

तालिमलाई व्यवहारिक, प्रविधियुक्त तथा नवप्रर्वतनशील बनाउने रणनीति अन्तर्गत प्रदेशमा रहेका जनशक्तिको दक्षता अभिवृद्धिका लागि नीति तथा कार्यक्रम र वार्षिक बजेटमा तालिम, अनुशिक्षणसम्बन्धी कार्यको लागि बजेट विनियोजन गर्ने गरिएको छ । त्यसैगरी विभिन्न शिक्षण तालिमहरू सञ्चालन गर्ने र सिप विकास तालिम केन्द्रहरूबाट व्यवहारीक तालिमहरू प्रदान गर्ने कार्य भइरहेको छ । प्रदेशका कर्मचारीहरूको सेवाकालीन तालिमको सङ्घीय प्रशिक्षण केन्द्रहरूको उपयोग गरीएको र सङ्घीय इकाइहरूबाट सञ्चालन हुने तालिम, प्रशिक्षणहरूमा प्रदेशका कर्मचारीहरूको सहभागिता सुनिश्चित गर्ने प्रयास गरिएको छ ।

अन्तरसरकार समन्वयलाई प्रभावकारी बनाउने रणनीति अन्तर्गत प्रदेश समन्वय परिषद्को बैठक नियमित रूपमा सञ्चालन भएको छ भने अन्तरतह समन्वयसँगसम्बन्धित समिति, इकाइ मार्फत नियमित सम्पर्क तथा समन्वय गर्ने कार्य भइरहेको छ । प्रादेशिक तथ्याङ्कहरू तयार गर्ने गरी पोर्टलहरू निर्माण गर्ने कार्यको तयारी भइरहेको छ भने प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठक नियमित रूपमा हुने गरेको छ ।

माथि उल्लिखित उपलब्धि बाहेक प्रदेशभित्रका गाउँपालिका र नगरपालिकाको विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधिसम्बन्धी कानुन निर्माण गर्ने तथा सङ्घीय, प्रादेशिक र स्थानीय तहकाबिच सूचना प्रणाली व्यवस्थापनमा समन्वय गर्नुका साथै प्रतिवेदन प्रणालीलाई एकीकृत रूपमा आबद्ध गरी दोहोरो सञ्चार प्रणाली स्थापित गर्ने र स्थानीय तहका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था मिलाउने कार्यनीतिमा भने खासै उपलब्धि हासिल हुन सकेको देखिदैन ।

त्यसैगरी स्थानीय तहका पोर्टलहरूलाई प्रदेश पोर्टलसँग जोड्ने गरी वस्तुगत विवरण तथा स्रोत नक्साहरू र परियोजना विवरण लगायतका सूचना उपलब्ध हुने व्यवस्था मिलाउने एवम् प्रदेशभित्रका स्थानीय तहको कार्यसम्पादन र प्रतिवेदन प्रणालीमा एकरूपता आउने गरी स्थानीय तहको समेत सफ्टवेयरहरूको विकास गरी सहजीकरण गर्ने कार्यमा पनि खासै उपलब्धि हासिल हुन सकेको छैन । समग्रमा यस उपक्षेत्रका ४८ ओटा कार्यनीतिमध्ये अधिकांश अर्थात् ४४ ओटा कार्यनीति कार्यान्वयन भएका छन् । तर कार्यान्वयन भएका कार्यनीतिमध्ये सबैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । सुशासन उपक्षेत्रका रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयन अवस्थासम्बन्धी विवरण *अनुसूची २७* मा समावेश गरिएको छ ।

### ७.३.२.२ परिमाणात्मक उपलब्धि

योजना दस्तावेजको मूल खण्डमा “सुशासन” लाई उपक्षेत्रको रूपमा उल्लेख गरिएको भए पनि नतिजा खाका तयार गर्दा क्षमता विकासको विषय समेत समावेश गरी “सुशासन र क्षमता विकास” अन्तर्गत विभिन्न ३० ओटा सूचकहरू निर्धारण गरिएका छन् भने “मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था” अन्तर्गत १७ ओटा सूचकहरू समावेश गरिएको छ । करिब दुईतिहाई सूचकमा आधार वर्षको तथ्याङ्क उपलब्ध छैन भने आधाजसो सूचकमा योजना अविधका लागि लक्ष्य निर्धारण समेत गरेको देखिदैन । यस्ता सूचकहरूमा योजनाको पहिलो तीन वर्षमा कुनै उपलब्धि हासिल भएको तथ्याङ्क समेत प्राप्त हुन सकेको छैन ।

सुशासन र क्षमता विकास अन्तर्गतका सूचकहरूमध्ये राष्ट्रिय परिचयपत्र वितरण लगायतका कतिपय सूचकहरू प्रदेश सरकारको कार्यक्षेत्र भन्दा बाहिर पर्ने र प्रदेश तहमा तथ्याङ्क उपलब्ध हुने सक्ने देखिदैन । प्रदेश तहबाटै कार्यान्वयन हुने वा प्रदेश तहमा उपलब्ध हुनसक्ने सूचकहरू जस्तैः कार्यसम्पादन सम्झौता लागु भएका प्रदेश सार्वजनिक निकाय, कार्य सम्पादनमा आधारित प्रोत्साहन व्यवस्था लागु भएका निकाय लगायतका अधिकांश सूचकमा योजनाको पहिलो तीन वर्षमा हासिल भएको उपलब्धि विवरण प्राप्त हुन सकेको छैन । सुशासन र क्षमता विकास उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र सोसम्बन्धी उपलब्धिको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।

तालिका ४५: सुशासन र क्षमता विकाससम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| सुशासनमा आधारित नतिजामुखी प्रशासन सूचकाङ्क (+) | -२.५ देखि २.५ | -०.७४ | ०.८ | |
| **असर तह** | | | | |
| कानुनी शासन सूचकाङ्क (+) | सूचकाङ्क | | | |
| भ्रष्टाचार अनुभूति गर्ने जनसङ्ख्याको अनुपात (-) | प्रतिशत | १३ | ७ | |
| भ्रष्टाचार न्यूनता अनुभूति सूचकाङ्क(+) | ० देखि १०० | ३१ | ७० | |
| उत्तरदायित्व, पारदर्शीता र भ्रष्टाचार न्यूनिकरण सूचकाङ्क(+) | १ देखि ६ | ३ | ४.८ | |

| | | | | |
|---|---|---|---|---|
| कार्यसम्पादन सम्झौता लागु भएका सार्वजनिक निकाय | प्रतिशत | ० | ४५ | |
| **प्रतिफल तह** | | | | |
| सेवा प्रवाह गर्ने कार्यालयहरूमा कार्य सम्पादनमा आधारित प्रोत्साहन व्यवस्था | सङ्ख्या | ० | | |
| प्रदेशको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | ०.३५ | ०.१४ | १.६० |
| स्थानीय तहको कुल खर्चमा बेरुजुको अनुपात | प्रतिशत | ३.७३ | २.०९ | ३.४८ |
| सार्वजनिक सेवाको मापदण्ड तयारी र कार्यान्वयन | सङ्ख्या | ० | | |
| अनुगमन तथा प्रगति प्रतिवेदनको अनलाइन प्रणाली स्थापना | सङ्ख्या | ० | १ | |
| व्यवस्थापन परीक्षण (जम्मा) | सङ्ख्या | ० | ३० | |
| सार्वजनिक सुनुवाइ (प्रदेशतहमा ) | सङ्ख्या | २ | ३ | |
| विद्युतीय बोलपत्र (E-bidding) बाट सार्वजनिक खरीद | प्रतिशत | १०० | १०० | |
| गुनासोको फछ्र्यौट | प्रतिशत | १०० | १०० | |
| प्रदेश सरकारका पदाधिकारीको क्षमता विकास (१ पटक २०जना) | पटक | | २ | २० |
| प्रदेशमा कार्यरत कर्मचारीको क्षमता विकास (१ पटक ३० जना) | पटक | २ | ६ | ६० |
| स्थानीय तहका पदाधिकारीको क्षमता विकास (तालिम) | पटक | १ | ३ | ३० |
| स्थानीय तहका कर्मचारीको क्षमता विकास (तालिम) | पटक | | ३ | ३० |
| प्रदेशको प्रशासकीय भवन निर्माण | सङ्ख्या | | | |
| स्थानीय तहको प्रशासकीय भवन निर्माण | सङ्ख्या | | | |
| प्रदेश सभा सदस्यहरूको क्षमता विकास कार्यक्रम | सहभागी | | १०२ | |
| प्रदेश सभामा दर्ता भएका विधेयकसम्बन्धी सरोकारवालासँग छलफल तथा अन्तरक्रिया | सङ्ख्या | | ३० | |
| प्रदेश कानुन तर्जुमा तथा संशोधन | सङ्ख्या | | | |
| संसद सचिबालयका कर्मचारीको क्षमता अभिवृद्धि तालिम | सङ्ख्या | | १२ | |
| निर्माण सामग्री प्रयोगशालाको स्थापना र सञ्चालन | सङ्ख्या | | ८० | |
| आचार संहिता पालनासम्बन्धी अनुगमन प्रणालीको स्थापना र | सङ्ख्या | | १ | |
| प्रदेश सरकारको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार सङ्गठनात्मक पुनसंरचना | पटक | | १ | १ |
| स्थानीय तहका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्रणालीको व्यवस्था | सङ्ख्या | | १ | |
| राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | | ५० | |

सुशासन र क्षमता विकास उपक्षेत्रको नतिजा खाकामा समावेश भएका सूचकहरूमध्ये क्षमता विकास तालिम सञ्चालन गर्ने र प्रदेश सरकारको सङ्गठनात्मक पुनर्संरचना गर्ने कार्यमा उल्लेखनीय उपलब्धि हासिल भए पनि कानुनी शासन सूचकाङ्क, कार्य सम्पादनमा आधारित प्रोत्साहन व्यवस्था, सार्वजनिक सेवाको मापदण्ड तयारी र कार्यान्वयन, व्यवस्थापन परीक्षण, प्रदेश तथा स्थानीय तहको प्रशासकीय भवन निर्माण, आचारसंहिता पालनासम्बन्धी अनुगमन प्रणालीको स्थापना, निर्माण सामग्री प्रयोगशालाको स्थापना लगायतका सूचकहरूमा लक्ष्यको तुलनामा प्राप्त भएका उपलब्धिको समीक्षाको निमित्त आवश्यक सूचना र तथ्याङ्क उपलब्ध हुन नसकेको कारण विश्लेषणात्मक विवरण प्रस्तुत गर्न सकिएको छैन ।

मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था पनि सुशासनकै एउटा पाटो मान्न सकिन्छ । योजना दस्ताबेजको मूल खण्डमा यो विषयलाई छुट्टै समावेश गरिएको छैन । तर नतिजा खाका तयार गर्दा मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थालाई पनि समावेश गरिएको हुँदा यो विषयलाई पनि अन्तरसम्बन्धित क्षेत्रको रूपमा सुशासन उपक्षेत्र अन्तर्गत नै समीक्षा गरिएको छ । मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थासम्बन्धी नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र सोसम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

तालिका ४६: मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थासम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसारको सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| नागरिक सन्तुष्टि अनुभूतिको सूचकाङ्क | सूचकाङ्क | ४.७ | ५.६ | |
| **असर तह** | | | | |
| दर्ता भएका अपराध उजुरीको फछ्र्यौट | प्रतिशत | | | |
| मानव अधिकार उल्लङ्घनका घटना | सङ्ख्या | | | |
| शान्ति सुरक्षाका लागि प्रतिव्यक्ति बजेट | रूपैया | | | |
| स्थानीय तहमा गरीब तथा असहायलाई कानुनी सहायता अभियान | सङ्ख्या | ११६ | ११९ | |
| फैसला कार्यान्वयन | प्रतिशत | | | |
| **प्रतिफल तह** | | | | |

| नतिजा तह अनुसारको सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| स्थानीय तहबाट भएका मेलमिलाप | सङ्ख्या | | | |
| मानव अधिकारसम्बन्धी जनचेतना अभिवृद्धि अभियान सञ्चालन भएका जिल्लाहरू | सङ्ख्या | ३ | १० | |
| विद्युतीय सुरक्षा निगरानी (CCTV) प्रणाली स्थापना भएका स्थानीय तह | सङ्ख्या | | ८० | |
| प्रहरी भवन/चौकी निर्माण | सङ्ख्या | | ४८ | |
| सवारी साधन प्राप्त गरेका प्रहरी इकाइ | सङ्ख्या | | १८ | |
| उपकरण सहयोग प्राप्त गरेका प्रहरी कार्यालय/चौकी | सङ्ख्या | | | |
| प्रदेश सरकार तथा तोकिएका पदाधिकारी विरुद्धका मुद्दाहरूमा प्रतिरक्षा सफलता | प्रतिशत | १०० | १०० | |
| कानुनसम्बन्धी जनचेतना कार्यक्रम | सङ्ख्या | ० | १२ | |
| प्रहरीलाई कानुनी सचेतना तालिम | सङ्ख्या | ० | ५ | |
| कैदीबन्दीलाई क्षमता विकास तालिम | जना | | ५०० | |
| कैदीबन्दीलाई मनोपरामर्श सेवा | सङ्ख्या | ० | २०० | |

मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्थासम्बन्धी नतिजा खाकामा १७ ओटा सूचकहरू समावेश गरिएको छ । नतिजा खाका अध्ययन गर्दा दर्ता भएका अपराध उजुरीको फछ्र्यौट, मानव अधिकार उल्लङ्घनका घटना, शान्ति सुरक्षाका लागि प्रतिव्यक्ति बजेट, फैसला कार्यान्वयन, स्थानीय तहबाट भएका मेलमिलाप र उपकरण सहयोग प्राप्त गरेका प्रहरी कार्यालय/चौकीसम्बन्धी सूचकमा आधार वर्ष र योजना अवधिको कुनै पनि लक्ष्य सूचक समावेश हुन सकेको छैन । त्यसैगरी अन्य विभिन्न ७ ओटा सूचकमा पनि आधार वर्षको तथ्याङ्क समावेश हुन सकेको छैन । योजनाको प्रथम तीन वर्षको लागि निर्धारण गरिएका लक्ष्यको तुलनामा प्राप्त भएका उपलब्धिको समीक्षाको निमित्त आवश्यक विवरण उपलब्ध हुन नसकेको कारण सोको विश्लेषणात्मक समीक्षा प्रस्तुत गर्न सकिएको छैन ।

माथि अल्लिखित दुबै नतिजा खाकामा समावेश भएका परिमाणात्मक लक्ष्यसम्बन्धी ४७ ओटा सूचकमध्ये २३ ओटा सूचकमा मात्र आधार तथ्याङ्क उपलब्ध छ भने ३५ ओटा सूचकमा लक्ष्य निर्धारण गरिएको छ । लक्ष्य निर्धारण गरिएका ३५ सूचकमध्ये ७ ओटा सूचकमा मात्र प्रगति विवरण उपलब्ध भएको छ । प्रगति विवरण उपलब्ध भएका सूचकमध्ये पाँच ओटा सूचकमा ७५ प्रतिशतभन्दा बढी प्रगति भएको छ भने २ ओटा सूचकमा आधार वर्षको भन्दा पनि कम प्रगति भएको छ । उपलब्धिको हालसम्मको अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिदैन ।

### ७.३.३ समस्या तथा सुझावहरू

**क. समस्याहरू**

प्रदेश तहको संरचना नेपालको लागि नितान्त नौलो संरचना भएको कारण योजना अवधिको पहिलो तीन वर्ष अवधिमा प्रदेश सरकारले सुशासन र क्षमता विकास तथा मानव अधिकार, शान्ति सुरक्षा र सुव्यवस्था जस्ता विषयमा पर्याप्त ध्यान पुग्न सकेको देखिँदैन । शान्ति सुरक्षाको विषयमा प्रदेश प्रहरीको संरचना स्थापना हुन नसक्दा धेरै कामहरू हुन सकेका छैनन् । प्रदेश मन्त्रालयको सङ्ख्या थपघट भैरहँदा कार्यक्षेत्रमा परिवर्तन भै कतिपय आयोजना तथा कार्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको देखिन्छ। त्यसबाहेक पुँजीगत बजेट खर्चमा सुधार हुन नसक्नु, कुल खर्चमा बेरूजुको मात्रा बढ्दै जानु, आन्तरिक आयका स्रोतहरू परिचालन हुन नसक्नु जस्ता समस्याले पनि प्रदेश सरकारको भूमिका प्रभावकारी हुन सकेको छैन । साथै स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासको क्षेत्रमा पनि अपेक्षित प्रगति हासिल हुन सकेको देखिँदैन ।

**ख. सुझावहरू**

प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका लागि सञ्चालन हुने कृयाकलापहरूमा गुणस्तर कायम गर्ने तर्फ ध्यान दिन आवश्यक छ । त्यसबाहेक पुँजीगत बजेट खर्चमा सुधार गर्ने, बेरूजुको मात्रा न्यून गरी वित्तीय अनुशासन कायम गर्ने, आन्तरिक आयका स्रोतहरू परिचालन गरी आर्थिक रूपमा सवलता प्राप्त गर्ने र उपलब्ध स्रोत साधनको महत्तम उपयोगमा जोड दिने जस्ता नीतिहरू मार्फत नागरिक सन्तुष्टिको अवस्थामा सुधार गर्ने कार्यमा प्रदेश सरकारको ध्यान जानु जरूरी छ। शान्ति सुरक्षा र मानव अधिकारको संरक्षणका लागि प्रदेश प्रहरी स्थापना र परिचालनमा सङ्घीय सरकारसँगको समन्वयमा जोड दिनुपर्ने देखिन्छ ।

## ७.४ सूचना तथा सञ्चार

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानले सूचना र सञ्चारलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । संविधानमा स्थापित मौलिक हकको कार्यान्वयन गर्ने जिम्मेवारी प्रदेश सरकारमा समेत रहेको हुन्छ । विज्ञान तथा प्रविधिमा आएको विश्वव्यापी परिवर्तनले विगत छोटो अवधिमै सूचना र सञ्चारको क्षेत्रमा आमूल परिवर्तन भएको छ । यद्यपि नेपालको विकट भौगोलिक अवस्थाले गर्दा सूचना र सञ्चार सहज र सर्वसुलभ पहूँच अभिवृद्धि गर्ने कार्य चुनौतीपूर्ण छ । त्यसबाहेक यस क्षेत्रमा भएको निजी लगानीलाई

संरक्षण गर्दै आम सञ्चार क्षेत्रलाई स्वच्छ, निष्पक्ष, मर्यादित, र व्यावसायिक बनाउन पनि उत्तिकै जरुरी छ ।

सूचना र सञ्चारको क्षेत्रमा खासगरी सञ्चार माध्यमको दर्ता, अनुमति, नवीकरण र नियमन गर्ने, छापा सञ्चार माध्यमका लागि आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण, चलचित्र हल निर्माण, सञ्चालन अनुमति र नियमन जस्ता विषय प्रदेश सरकारको कार्यजिम्मेवारी भित्र पर्दछन् । यसै पृष्ठभूमिमा प्रदेश सरकारले आफ्नो प्रथम आवधिक योजनामा पूर्ण प्रेस स्वतन्त्रता सञ्चार र सूचनाको हक कार्यान्वयन गर्दै नागरिकमा सूचनाको पहूँच विस्तार गर्ने लक्ष्य निर्धारण गरेको छ । उक्त लक्ष्य प्राप्तिका लागि आम नागरिकलाई सहज र सर्वसुलभ रूपमा सूचना प्राप्त हुने अवस्था सिर्जना गर्ने र आम सञ्चार माध्यमलाई स्वच्छ सक्षम निष्पक्ष मर्यादित विश्वसनीय व्यावसायिक र प्रतिस्पर्धी बनाउने उद्देश्य निर्धारण गरिएको छ ।

## ७.४.२ उपलब्धि विश्लेषण

### ७.४.२.१ नीतिगत उपलब्धि

सूचना तथा सञ्चार उपक्षेत्रका लक्ष्य उद्देश्य हासिल गर्न योजना दस्ताबेजमा विभन्न ३ ओटा रणनीति र १२ ओटा कार्यनीतिहरू तर्जुमा गरिएका छन् । आम नागरिकको सुसूचित हुन पाउने संवैधानिक हकको लागि उचित वातावरण मिलाउने रणनीति अन्तर्गत प्रदेश सूचनाको हकसम्बन्धी ऐन तर्जुमा गर्ने, प्रदेश सूचनाको हकसम्बन्धी पुनरावलोकन समिति गठन गर्ने र प्रदेशका मन्त्रालय र निकाय गरी १४ ओटा कार्यालयको वेबसाइँटमा राखिएका सूचना एकद्वार प्रणालीबाट नागरिकको पहुँचमा पुग्ने गरी सञ्चार रजिस्टारको कार्यालयबाट सूचना बैंक निर्माण गरी सञ्चालनमा रहेको छ । सूचना बैंकलाई चालु आर्थिक वर्षमा विस्तार गरी प्रदेशअन्तर्गतका कार्यालयका वेबसाइँटमा राखिएका सूचनालाई पनि एकद्वार प्रणालीबाट हेर्न, पढ्न र डाउनलोड गर्न सकिने प्रक्रियामा रहेको छ । प्रादेशिक सूचना सञ्चार रणनीतिको तर्जुमा र कार्यान्वयन गर्ने, प्रदेश मन्त्रालयहरूमा अफिस अटोमेसन प्रणाली लागु गर्ने, टेलिसेन्टरहरूको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने र सबै कार्यालयका वेबसाइट, इमेल, फेसबुक, ट्वीटर, भाईबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाउने कार्यनीतिहरू कार्यान्वयनमा आउन सकेको देखिदैन ।

आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निस्पक्ष, मर्यादित, व्यावसायिक र प्रतिस्पर्धी बनाउने रणनीति अन्तर्गत ४ ओटा कार्यनीतिहरू रहेकोमा प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ तर्जुमा भै प्रशासनीक र आर्थिक अधिकारसहितको पूर्णकालीन सञ्चार रजिस्टार नियुक्त गर्ने तथा प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली २०७६ स्वीकृत गर्ने कार्य सम्पन्न भएको छ । पत्रकारको क्षमता विकासका लागि तालिम सञ्चालन गर्ने र लेखन बृत्ति प्रदान गर्ने गरिएको छ । त्यसैगरी चलचित्र

छायाङ्कन स्थलको निर्माण तथा नेपालको सांस्कृतिक, सामाजिक मूल्य मान्यताका मौलिक चलचित्र निर्माणमा जोड दिने रणनीति अन्तर्गत दोलखामा चलचित्र नगरी निर्माणको लागि लगानी गर्ने बाहेक अन्य कार्यनीतिको कार्यान्वयन हुन सकेको देखिंदैन ।

समग्रमा यस उपक्षेत्रका १२ ओटा कार्यनीतिमध्ये ५८ प्रतिशत कार्यनीति मात्र कार्यान्वयन भएका छन्। कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । यस उपक्षेत्रका रणनीति तथा कार्यनीतिको कार्यान्वयन अवस्थालाई *अनुसूची २८*मा समावेश गरिएको छ ।

### ७.४.२.२ परिमाणात्मक उपलब्धि

योजना दस्तावेजको नतिजा खाकामा सूचना तथा सञ्चार उपक्षेत्रका लागि ११ ओटा नतिजा सूचक समावेश गरिएका छन् । यी सूचकहरूमध्ये कुल जनसङ्ख्यामध्ये इन्टरनेट प्रयोगकर्ता बाहेकका अन्य कुनै पनि सूचकमा आधार वर्ष र योजना अवधिको लक्ष्य सूचक समेत समावेश हुन सकेको छैन । सूचना तथा सञ्चार उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र सोसम्बन्धी उपलब्धिको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।

तालिका ४७: सूचना तथा सञ्चारसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| गार्हस्थ्य उत्पादनमा सञ्चार तथा सूचना प्रविधि क्षेत्रको योगदान | प्रतिशत | | | |
| **असर तह** | | | | |
| सञ्चार क्षेत्रबाट रोजगारी सिर्जना | सङ्ख्या | | | |
| टेलिफोन सबै प्र)कारकाघनत्व ( | प्रतिशत | | | |
| प्रसारणमा पहुँच प्राप्त जनसङ्ख्या | प्रतिशत | | | |
| टेलिभिजन प्रयोग गर्ने परिवार | प्रतिशत | | | |
| रेडियो प्रयोग गर्ने परिवार | प्रतिशत | | | |
| **प्रतिफल तह** | | | | |
| मोबाइलमा पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | | | |
| इन्टरनेट प्रयोगकर्ता (कुल जनसङ्ख्यामा) | प्रतिशत | ७१.२ | ८२.४८ | |
| डिजिटल साक्षरता | प्रतिशत | | | |
| इन्टरनेट सेवा प्रदायक | सङ्ख्या | | | |

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| अप्टिकल फाइबर | स.कि.मि. | | | |

सूचना तथा सञ्चार उपक्षेत्रमा निर्धारित सूचकहरूमा योजनाको पहिलो तीन वर्षको अवधिमा हासिल भएको कुनै पनि उपलब्धि विवरण समीक्षाको क्रममा प्राप्त हुन नसकेकोले सोको विश्लेषण गर्न सकिएन।

## ७.४.३ समस्या तथा सुझावहरू

### क. समस्याहरू

सूचना तथा सञ्चार उपक्षेत्रमा योजना दस्तावेजमा समावेश भएका अधिकांश सूचकको आधार वर्षको तथ्याङ्क परिमाणात्मक लक्ष्य खाली रहेको र योजनाको तीन वर्ष अवधिमा प्राप्त भएको उपलब्धिसम्बन्धी तथ्याङ्क समेत उपलब्ध हुन नसकेको अवस्थाले या त प्रदेश सरकारको कार्यजिम्मेवारी र योजनामा समावेश भएका लक्ष्य सूचकबिच तालमेल नभएको देखाउँछ अथवा यस विषयमा कुनै प्रगति नभएको मान्नु पर्ने हुन्छ । योजनामा समावेश भएका कतिपय सूचकहरू जस्तैः अप्टिकल फाइबर तथा मोबाइल सेवाको विस्तार गर्ने जस्ता विषय प्रत्यक्ष रूपमा प्रदेशको कार्यक्षेत्रभित्र पर्ने देखिदैन । सङ्घीय सरकारले छापाखाना तथा प्रकाशन ऐन संशोधन गरेर प्रदेशलाई कुनै पनि फाइल हस्तान्तरण नगरेका कारण छापासम्बन्धी काम प्रदेश कानुनमा भएर पनि कार्यान्वयनमा लैजान सकिएको छैन ।

बागमती प्रदेशमा रेडियो उपकरणसँग सम्बन्धित इजाजत जारी गर्ने र नियमन गर्न सक्ने कानुनी आधार र जनशक्ति उपलब्ध भए पनि रेडियोमा प्रयोग हुने उपकरणको फाइल सङ्घीय सरकारले हस्तान्तरण नगरेका कारण रेडियो सञ्चालक सेवाग्राही सङ्घ र प्रदेशमा जानु पर्ने बाध्यतामा रहेका छन् । प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन र नियमावलीमा जेष्ठ, दीर्घरोगी र दुर्घटनामा पर्ने पत्रकारलाई सहयोग गर्न पत्रकार कल्याण कोष सञ्चालन गर्ने व्यवस्था रहेकोमा उक्त कोष सञ्चालन गर्न नेपाल राष्ट्र बैंकको निर्देशिकाले रोकेको कारण सञ्चालन हुन सकेको छैन ।

### ख. सुझावहरू

जेष्ठ, दीर्घरोगी र दुर्घटनामा पर्ने पत्रकारलाई सहयोग गर्न स्थापित पत्रकार कल्याण कोष सञ्चालन र परिचालन गर्ने व्यवस्थाका लागि नेपाल राष्ट्र बैंकसँग पहल गर्नुपर्ने देखिन्छ । सञ्चारसम्बन्धी नीति तथा कानुन निर्माण गर्दा सरोकारवालाहरूसँग व्यापक छलफल गर्नुपर्ने हुन्छ । सङ्घीय सरकारले हस्तान्तरण गर्न बाँकी रहेका रेडियोमा प्रयोग हुने उपकरणसम्बन्धी र छापाखाना तथा प्रकाशनसम्बन्धी फाइल हस्तान्तरणका लागि आवश्यक समन्वयन गर्न उपयुक्त हुने देखिन्छ । योजनाको नतिजा खाकामा

समावेश भएका सबैजसो सूचकमा आधार वर्षको तथ्याङ्क र योजना अवधिको लक्ष्य नै निर्धारण नभएको एवम् कुनै पनि सूचकमा प्रगति विवरण समेत उपलब्ध हुन नसकेको अवस्थालाई आगामी योजना तर्जुमा गर्दा ध्यान दिनु जरूरी छ ।

## ७.५ विज्ञान तथा प्रविधि

### ७.५.१ पृष्ठभूमि

नेपालको संविधानले विज्ञान तथा प्रविधिलाई देशको विकाससँग आबद्ध गर्दै वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति अवलम्बन गरेको छ । विज्ञान तथा प्रविधिको विकासले देशको सामाजिक आर्थिक विकास र रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने भए पनि यसको विकासका लागि ठुलो धनराशी लगानी गर्न आवश्यक हुने हुँदा यसका लागि साझा प्रयासको खाँचो हुन्छ। यसै बमोजिम प्रदेश स्तरमा विज्ञान तथा प्रविधिको विकास तथा विस्तार, सोसम्बन्धी तथ्याङ्क सङ्कलन र प्रशोधन, जनशक्ति विकास र उपयोग, वैज्ञानिक अध्ययन, अनुसन्धान एवम् आविष्कार, उन्नयन र विकास, विज्ञान सङ्ग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन जस्ता विषय प्रदेश सरकारको कार्यक्षेत्रभित्र समावेश गरिएको छ ।

प्रस्तुत सन्दर्भमा प्रदेश सरकारको प्रथम आवधिक योजनामा विज्ञान प्रविधिको विकास र उपयोगबाट समाजमा वैज्ञानिक चेतनाको अभिवृद्धि गर्ने र आर्थिक विकासमा टेवा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको छ। सो लक्ष्य हासिल गर्न प्रदेशमा विज्ञान तथा प्रविधिको विकास उपयोग गर्ने र विज्ञान र प्रविधिलाई विकास र सेवा प्रवाहसँग आबद्ध गर्ने उद्देश्य निर्धारण गरिएको छ ।

### ७.५.२ उपलब्धि विश्लेषण

#### ७.५.२.१ नीतिगत उपलब्धि

विज्ञान तथा प्रविधि उपक्षेत्रको लक्ष्य उद्देश्य प्राप्तिका लागि योजनामा ३ ओटा रणनीति र २२ ओटा कार्यनीतिहरू तर्जुमा गरिएको छ । विद्यालयमा विज्ञान शिक्षाको सुदृढीकरण र प्रवर्धनात्मक कार्यक्रमहरूलाई तीव्रता दिने रणनीति अन्तर्गत जिल्लास्तरमा कम्तीमा एउटा प्रयोगशालासहित विज्ञान अध्ययन केन्द्रको स्थापना गर्ने, हरेक स्थानीय तहमा सम्भाव्यता हेरी कम्तीमा एक प्राविधिक विद्यालय स्थापना गर्ने, रणनीतिक स्थानमा विज्ञान र प्रविधिका उत्कृष्ट उच्च शिक्षा केन्द्रहरू स्थापना गर्ने, आवधिक युवा वैज्ञानिक सम्मेलनको आयोजना गर्ने, स्थानीय तह हुँदै प्रादेशिक तहसम्म विज्ञान प्रदर्शनी लगायतका सिर्जनात्मक प्रतियोगिताहरूको आयोजना गर्ने एवम् विज्ञान र प्रविधिसम्बन्धी प्रतिभा पहिचान गरी

विशिष्टीकृत क्षेत्रमा प्रतिभाहरूको विकास र उपयोग गर्ने जस्ता कार्यनीति कार्यान्वयनमा भएको प्रगति बारे कुनै विवरण उपलब्ध हुन सकेको छैन ।

त्यसैगरी प्रदेशको प्राथमिकताका क्षेत्रमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा जोड दिने रणनीति अन्तर्गत नवप्रवर्तन केन्द्रहरूको स्थापना गर्ने, विज्ञान र प्रविधिलाई उत्पादन, उद्योग, उद्यमशीलता र शिक्षण क्षेत्रमा आबद्ध गर्दै लैजाने, प्राविधिक महाविद्यालयको स्थापना गर्ने, सिर्जनशीलतालाई प्रोत्साहन गर्ने गरी सिर्जनशीलता कोषको स्थापना गर्ने, विश्वविद्यालय र अनुसन्धान प्रतिष्ठानहरूसँग सहकार्य गर्ने, युवा वैज्ञानिकहरूलाई वृत्ति विकास र अनुसन्धानका अवसर प्रदान गर्ने, उत्कृष्ट वैज्ञानिक तथा अनुसन्धानकर्तालाई योगदानका आधारमा कदर एवम् पुरस्कृत गर्ने, स्थानीय, परम्परागत तथा मौलिक प्रविधिको वैज्ञानिक विकासमा जोड दिने, वैज्ञानिक तथा प्राविधिक जनशक्तिलाई उद्यमशीलतासँग आबद्ध गर्दै लैजाने लगायतका कार्यनीति कार्यान्वयनको प्रगति बारे पनि कुनै विवरण उपलब्ध हुन सकेको छैन।

विकास निर्माण र सेवा प्रवाहलाई विज्ञान प्रविधि र सूचना प्रविधिमैत्री बनाउने रणनीति अन्तर्गत विज्ञान र प्रविधि क्षेत्र सम्बद्ध जनशक्तिसहितको संस्थागत संरचनाको व्यवस्था गर्ने, विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र छिटो छरितो बनाउन विज्ञान र सूचना प्रविधिको अधिकतम् उपयोग गर्ने, कर्मचारीको क्षमता विकासमा विज्ञान तथा प्रविधिसम्बन्धी पाठ्यक्रम समावेश गर्ने र आवधिकर रूपमा प्रविधि मेलाको आयोजना गर्ने कार्यनीति पनि कार्यान्वयनमा आउन सकेको देखिदैन । विज्ञान तथा प्रविधि उपक्षेत्रका रणनीति तथा कार्यनीतिको कार्यान्वयन अवस्थालाई *अनुसूची २९* मा समावेश गरिएको छ ।

### ७.५.२.२ परिमाणात्मक उपलब्धि

योजना दस्तावेजको नतिजा खाकामा विज्ञान तथा प्रविधि उपक्षेत्रका लागि ५ ओटा नतिजा सूचक समावेश गरिएका छन् । यी सूचकहरूमध्ये कुनै पनि सूचकमा आधार वर्ष र योजना अवधिको लक्ष्य सूचक उल्लेख भएको छैन भने योजना अवधिको पहिलो तीन वर्ष अवधिमा कुनै पनि प्रगति हासिल हुन सकेको देखिदैन । विज्ञान तथा प्रविधि उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र सोसम्बन्धी उपलब्धिको विवरण तलको तालिकामा समावेश गरिएको छ ।

तालिका ४८: विज्ञान तथा प्रविधिसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| विज्ञान र प्रविधिको व्यावसायिक उपयोग | सङ्ख्या | | | |
| **असर तह** | | | | |

| नतिजा तह अनुसार सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| वैज्ञानिक अनुसान्धानमा शैक्षिक संस्था तथा अनुसन्धान केन्द्रहरूसँग सहकार्य | सङ्ख्या | | | |
| **प्रतिफल तह** | | | | |
| अनुसन्धान केन्द्र स्थापना तथा स्तरीकरण | सङ्ख्या | | | |
| उच्च शिक्षामा विज्ञान प्रयोगशाला | सङ्ख्या | | | |
| विज्ञान र प्रविधिको व्यावसायिक उपयोग | सङ्ख्या | | | |

माथिको तालिका हेर्दा अनुसन्धान केन्द्र स्थापना तथा स्तरीकरण गर्ने, उच्च शिक्षामा विज्ञान प्रयोगशाला स्थापना गर्ने र विज्ञान तथा प्रविधिको व्यावसायिक उपयोग गर्ने प्रतिफल तहका तीन ओटै सूचकहरूमा योजनाको पहिलो तीन वर्ष अविधमा कुनै उपलब्धि हासिल नभएको कारण असर र प्रभाव तहका परिमाणात्मक लक्ष्य हासिल हुन नसकेको विषय स्वभाविकै देखिन्छ ।

## ७.५.३ समस्या तथा सुझावहरू

### क. समस्याहरू

विज्ञान तथा प्रविधिको विषय जटिल प्राविधिक विषय हो । यसका लागि विशिष्ट ज्ञान, सिप र अनुभव भएका दक्ष वैज्ञानिकहरूको लामो समयको योगदान आवश्यक हुन्छ । यसका लागि ठुलो परिमाणमा स्रोत साधनको पनि आवश्यकता हुन्छ । प्रदेश सरकार नयाँ संरचना भएको र विज्ञान तथा प्रविधिको क्षेत्रमा आवश्यक सगठन संरचना र दक्ष जनशक्तिको अभाव मात्र नभई लगानीका लागि आवश्यक स्रोत साधनको पनि अभाव रहेको छ ।

### ख. सुझावहरू

प्रदेश सरकारले आगामी दिनमा योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रदेश सरकारको कार्यक्षेत्र भित्र रही विज्ञान प्रविधिको क्षेत्रमा सम्भव हुने कार्यक्रम मात्र योजनामा समावेश गरी कार्यान्वयन गर्नेतर्फ जोड दिन आवश्यक छ । त्यसका लागि उपयुक्त संस्थागत संरचना निर्माण तथा जनशक्ति व्यवस्था गर्ने र पर्याप्त स्रोतसाधन व्यवस्थापनमा प्राथमिकता दिनु पर्दछ । त्यसबाहेक विज्ञान प्रविधिको विषय प्रदेश सरकारको

एकल प्रयासले मात्र सम्भव नहुने हुँदा निजी क्षेत्र र अन्य तहका सरकारी तथा गैर सरकारी निकायसँगको समन्वय र सहकार्यमा पनि ध्यान दिन जरूरी देखिन्छ ।

## ७.६ तथ्याङ्क प्रणाली, योजना प्रक्रिया एवम् अनुसन्धान

### ७.६.१ पृष्ठभूमि

नेपालको संविधानले तथ्याङ्क व्यवस्थापन र योजना प्रकृया तथा अध्ययन अनुसन्धानको दायरालाई तीनओटै तहका सरकारको कार्यक्षेत्र भित्र पर्ने गरी अधिकार र जिम्मेवारी निर्धारण गरेको छ । यस अनुरूप प्रदेशस्तरीय विकास नीति, योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क प्रणाली तथा अभिलेख व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा वैज्ञानिक अनुसन्धान जस्ता विषय प्रदेश सरकारको कार्यजिम्मेवारी भित्र पर्दछन् ।

प्रस्तुत पृष्टभूमिमा प्रदेश सरकारले पहिलो आवधिक योजना तर्जुमा गर्दा योजनाका हरेक शृङ्खलाहरू यथार्थपरक, अन्तरसम्बन्धित, व्यवहारिक भई लक्ष्य र प्रगतिबिचमा सामञ्जस्यता स्थापित गर्ने लक्ष्य निर्धारण गरिएको छ । यस लक्ष्यको प्राप्तिका लागि तथ्याङ्क एवम् मापदण्डमा आधारित योजना तर्जुमा गर्ने, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउने, अनुसन्धान र विकासलाई योजनाको आधारको रूपमा स्थापित गर्ने र परियोजना बैंकमा आधारित योजना प्रणाली स्थापित गर्ने उद्देश्य निर्धारण गरिएको छ ।

### ७.६.२ उपलब्धि विश्लेषण

#### ७.६.२.१ नीतिगत उपलब्धि

तथ्याङ्क प्रणाली, योजना प्रकृया एवम् अनुसन्धान उपक्षेत्रको दीर्घकालीन सोच तथा लक्ष्य उद्देश्य हासिल गर्न योजना दस्तावेजमा ४ ओटा रणनीति र २२ ओटा कार्यनीतिहरू तर्जुमा गरिएका छन् । जसमध्ये सुदृढ तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापनको आधार तयार गर्ने रणनीति अन्तर्गत प्रदेश नीति तथा योजना आयोगमा तथ्याङ्क शाखा स्थापना गर्ने भए पनि जनशक्ति व्यवस्था हुन नसकेको र प्रदेश सरकारलाई आवश्यक पर्ने तथ्याङ्क द्वितिय स्रोतबाट प्राप्त गर्ने गरिएको छ । प्राथमिक एवम् मध्यमस्तरीय तथ्याङ्क सङ्कलन गरी विद्युतीय प्रविधि र सूचना प्रणालीमा आबद्ध गराई आवश्यकता अनुसार तथ्याङ्कको आपूर्ति गर्ने र सङ्घ, प्रदेश र स्थानीय तहबिच तथ्याङ्क र सूचनाहरू सहज आदान प्रदानको लागि विद्युतीय कनेक्टीभिटीको व्यवस्था गर्ने कार्यनीति कार्यान्वयनमा कुनै उल्लेखनीय प्रगति हुन सकेको छैन ।

योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनलाई यथार्थपरक, व्यवहारिक र परिणाममुखी बनाउने रणनीति अन्तर्गत प्रदेश तथ्याङ्क ऐनको मस्यौदा तयार भई छलफलको क्रममा रहेको, विस्तृत अध्ययन प्रतिवेदन तयार भएका र नभएका दुबै प्रकारका आयोजनाहरू प्रदेश योजनामा समावेश हुने गरेको, वार्षिक आयोजना छनोट कार्यविधि तयार भई कार्यान्वनमा रहेको र योजना अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तयार भै अनुगमन संयन्त्र निर्माण भएको छ । प्रदेश तह र स्थानीय तहका योजनाको वर्गीकरण मापदण्ड निर्माण गरी लागु गर्ने, प्रदेश गौरवका परियोजनारू छनोटको कार्यविधि तर्जुमा गर्ने, योजनाका हरेक शृङ्खलाहरूको कारण र परिणामको पर्याप्त विश्लेषण गर्दै अन्तरसम्बन्ध स्थापित गर्ने, योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुदृढीकरण गरी नतिजाप्रति उत्तरदायी बनाउने, परियोजना निर्माण तहमै नतिजा सूचकहरूको विकास गरी सोका आधारमा उपलब्धि मापन गर्ने र केही निश्चित परियोजनाहरूको तेस्रो पक्षद्वारा मूल्याङ्कन गराई त्यसको अनुभव आगामी योजना तर्जुमाको पृष्ठपोषणको रूपमा लिने जस्ता कार्यनीति कार्यान्वयनमा खासै प्रगति हुन सकेको देखिदैन ।

त्यसैगरी योजना निर्माण र मूल्याङ्कनमा सहयोगी हुने नव अनुसन्धान र विकासमा जोड दिने रणनीति अन्तर्गत कृषि तथा वन विश्वविद्यालयसँग पटक पटक छलफल भए पनि त्यसले मूर्त रूप लिन बाँकी रहेको छ । योजना तर्जुमा अनुगमन र मूल्याङ्कनमा नविनतम र प्रभावकारी विधिको उपयोगका लागि विज्ञको सहभागितामा योजना विधि कार्याशाला आयोजना गर्ने र प्राथमिकता प्राप्त विषयमा अनुसन्धान र विकासका लागि वार्षिक बजेटको निश्चित प्रतिशत उपयोग गर्ने कार्यनीतिहरू कार्यान्वयनमा आउन सकेको देखिदैन । त्यसैगरी परियोजना बैंकमा आधारित योजना प्रणालीलाई स्थापित गर्ने रणनीति अन्तर्गत परियोजना बैंक प्रणाली स्थापना भएतापनि सोको कार्यान्वयन हुन नसकेको र प्रदेश नीति तथा योजना आयोगबाट आयोजना बैंक कार्यान्वयनका लागि तयारी भइरहेको भए पनि परियोजनाहरूको पहिचान, वर्गीकरण, छनोट, विश्लेषण, मूल्याङ्कन तथा प्राथमिकीकरणको मापदण्ड निर्माण गर्ने, परियोजना बैंक प्रणालीलाई संस्थागत गर्ने कार्यमा खासै प्रगति भएको देखिदैन ।

समग्रमा यस उपक्षेत्रका २२ ओटा कार्यनीतिमध्ये ३६ प्रतिशत कार्यनीति मात्र कार्यान्वयन भएका छन्। कार्यान्वयन भएका कार्यनीतिमध्ये पनि धेरैजसोमा आंशिक मात्रामा कार्यान्वयन भएको र कतिपयमा कार्यान्वयन प्रारम्भ मात्र भएको अवस्था छ । तथ्याङ्क प्रणाली, योजना प्रकृया एवम् अनुसन्धान उपक्षेत्रका रणनीति तथा कार्यनीतिको कार्यान्वयन अवस्थालाई *अनुसूची ३०*मा समावेश गरिएको छ ।

### ७.६.२.२ परिमाणात्मक उपलब्धि

योजना दस्तावेजको तथ्याङ्क, योजना प्रकृया तथा अनुसन्धान उपक्षेत्रका लागि १९ ओटा नतिजा सूचक समावेश गरिएका छन् । यी सूचकहरूमध्ये अधिकांश सूचकहरूमा आधार वर्षको तथ्याङ्क उल्लेख

गरिएको छैन । त्यसैगरी ७ ओटा सूचकमा योजना अवधिको परिमाणात्मक लक्ष्य उल्लेख भएको छैन। यस उपक्षेत्रको नतिजा खाकामा समावेश भएको परिमाणात्मक लक्ष्य र सोसम्बन्धी उपलब्धि विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४९: तथ्याङ्क, योजना प्रकृया तथा अनुसन्धानसम्बन्धी परिमाणात्मक लक्ष्य र प्रगति अवस्था

| नतिजा सूचक | एकाइ | आधार वर्ष २०७५/७६ | २०७८/७९ सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | उपलब्धि |
| **प्रभाव तह** | | | | |
| नतिजामुखी योजना प्रणाली स्थापना | सङ्ख्या | ० | १२० | |
| **असर तह** | | | | |
| प्रदेशका आधारभूत तथ्याङ्क उपलब्धता | प्रतिशत | ६० | १०० | ६० |
| **प्रतिफल तह** | | | | |
| ठुला आयोजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन | प्रतिशत | ० | १०० | १ |
| प्रदेश तथ्याङ्क सङ्कलन, सङ्ग्रह र प्रकाशनका लागि सूचना प्रणालीको | ओटा | | | |
| प्रदेशको वार्षिक खण्डीकृत तथ्याङ्क प्रतिवेदन तयारी | ओटा | ० | १ | |
| स्थानीय तहको वस्तुगत विवरण तयारी | सङ्ख्या | ६० | ११९ | |
| विषय क्षेत्रगत गुरूयोजना तर्जुमा | सङ्ख्या | | | २ |
| स्थानीय तहको आवधिक योजना तर्जुमा | सङ्ख्या | ० | ११९ | ४४ |
| प्रदेश तथा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा | सङ्ख्या | ० | १२० | २९ |
| सङ्घ र स्थानीय तहसँग तथ्याङ्कको विद्युतीय सञ्जालीकरण | स्थानीय तह सङ्ख्या | १ | १२० | |
| योजना तथा तथ्याङ्क व्यवस्थापनसम्बन्धी क्षमता विकास तालिम | सङ्ख्या | १ | १५ | |
| स्थानीय तहहरूसँग योजना प्रक्रियामा सहजीकरण | सङ्ख्या | ० | | ४ |
| परियोजना बैंक स्थापना र सञ्चालन | सङ्ख्या | १ | ४६ | १ |
| प्रादेशिक विकास समस्या समाधान समितिको बैठक | सङ्ख्या | ० | | ९ |
| प्रादेशिक आयोजनाहरूको अनुगमन | प्रतिशत | | | १ |
| विषयगत अध्ययन अनुसन्धान | सङ्ख्या | | | १ |
| बहुपक्षीय पोषण कार्यक्रमको सहजीकरण | सङ्ख्या | | | १ |
| प्रदेश आवधिक योजनाको मध्यावधि मूल्याङ्कन | सङ्ख्या | ० | १ | १ |
| अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका स्थानीय तह | सङ्ख्या | ० | ११९ | |

योजनाको पहिलो तीन वर्ष अवधिका लागि निर्धारण गरिएका परिमाणात्मक लक्ष्यमध्ये खागरी ४४ ओटा स्थानीय तहको आवधिक योजना तर्जुमा गर्ने र प्रदेश तथा २९ ओटा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने कार्य सम्पन्न भएको छ । प्रादेशिक विकास समस्या समाधान समितिको बैठक, प्रादेशिक आयोजनाहरूको अनुगमन तथा प्रदेश आवधिक योजनाको मध्यावधि मूल्याङ्कन गर्ने जस्ता सूचकहरूमा लक्ष्य अनुरूप प्रगति भएको देखिन्छ । तर पनि खासगरी ठुला आयोजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन, सूचना प्रणालीको स्थापना, सङ्घ र स्थानीय तहसँग तथ्याङ्कको विद्युतीय सञ्जालीकरण, अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका स्थानीय तह जस्ता सूचकमा कुनै उपलब्धि हासिल हुन सकेको छैन ।

नतिजा खाकामा समावेश भएका परिमाणात्मक लक्ष्यसम्बन्धी १९ ओटा सूचकमध्ये १२ ओटा सूचकमा प्रगति विवरण उपलब्ध भएको छ । प्रगति विवरण उपलब्ध भएका सूचकमध्ये एउटा सूचकमा ७५ प्रतिशतभन्दा बढी प्रगति भएको छ भने एउटा सूचकमा ५० देखि ७५ प्रतिशत र ४ ओटा सूचकमा ५० प्रतिशतभन्दा कम प्रगति भएको छ । बाँकी ६ ओटा सूचकमा लक्ष्य नै उल्लेख नभएकोले उपलब्ध प्रगतिलाई प्रतिशतमा उल्लेख गर्न सम्भव भएन । उपलब्धिको हालसम्मको अवस्था हेर्दा योजनाको बाँकी अवधिमा लक्षित प्रगति हासिल हुने अवस्था देखिँदैन ।

### ७.६.३ समस्या तथा सुझावहरू

#### क. समस्याहरू

योजना प्रणालीमा तथ्याङ्कको ठुलो महत्त्व हुने भए पनि प्रदेश सरकार नयाँ संरचना भएको र आवश्यक जनशक्ति तथा साधन स्रोतको व्यवस्थापन नहुँदा भरपर्दो तथ्याङ्क प्रणाली स्थापना गरी आवश्यकताअनुसार तथ्याङ्कको आपूर्ति गर्ने व्यवस्था हुन सकेको छैन । यसबाट योजना तर्जुमा यथार्थपरक नहुने र योजना कार्यान्वयनबाट हासिल भएका उपलब्धि समेत सहज रूपमा प्राप्त हुन नसक्ने अवस्था उत्पन्न भएको छ । त्यसैगरी योजना छनोटको वस्तुपरक मापदण्ड बनाई कार्यान्वयन हुन नसक्दा योजना तर्जुमा पद्धति सहभागितामूलक हुन सकेको छैन । विस्तृत अध्ययन नभएका आयोजना समेत कार्यान्वयन हुने गरेका छन् । सङ्घीय र स्थानीय तहका आयोजना र प्रदेश आयोजनाबिच दोहोरोपन देखिने गरेको छ । परियोजना बैंकको अवधारणा कार्यान्वयनमा आउन नसकेको अवस्था छ। यी सबै कारणले गर्दा प्रदेश सरकारको लगानी उपलब्धिमूलक हुन सकेको छैन । प्रदेश र स्थानीय तहका योजनाबिच अन्तरसम्बन्ध कायम गर्ने गरी स्थानीय तहको आवधिक योजना तर्जुमा र मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यमा प्रदेश सरकारबाट गरिनुपर्ने सहजीकरण पनि पर्याप्त देखिँदैन ।

**ख. सुझावहरू**

प्रस्तुत आवधिक योजना बागमती प्रदेश सरकारको पहिलो प्रयास हो । त्यसकारण पनि योजनाको तर्जुमा र कार्यान्वयनमा समस्याहरू देखा पर्नु स्वभाविकै हो । तसर्थ आगामी दिनमा यस्ता समस्याको समाधानका लागि खासगरी प्रदेश नीति तथा योजना आयोगको संस्थागत क्षमतामा सुधार गरी भरपर्दो तथ्याङ्क प्रणाली स्थापना गर्ने, योजना छनोटको वस्तुपरक मापदण्ड बनाई कार्यान्वयन गर्ने, परियोजना बैंक तथा मध्यमकालीन खर्च संरचनालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउने र स्थानीय तहको योजना प्रकृयामा संस्थागत क्षमता अभिवृद्धि गर्ने जस्ता विषयलाई प्राथमिकतासाथ कार्यान्वयन गर्न जरूरी देखिन्छ।

# अनुसूचीहरू

# अनुसूची १

## सङ्घ, प्रदेश र स्थानीय तहका आवधिक योजनामा सामञ्जस्यताको अवस्था

| सोच लक्ष्य र उद्देश्य | सङ्घीय योजना (पन्ध्रौं योजना) | बागमती प्रदेशको प्रथम आवधिक योजना | नौकुण्ड गाउँपालिका (रसुवा) को आवधिक योजना | सूर्यगढी गाउँपालिका (नुवाकोट) को आवधिक योजना | बुढानिलकण्ठ नगरपालिका (काठमाडौं)को आवधिक योजना |
|---|---|---|---|---|---|
| सोच | "समृद्ध नेपाल, सुखी नेपाली" | "संस्कृति, उद्योग, कृषि, मानव पुँजी र पर्यटन पूर्वाधार; सुसंस्कृत, सुखी र समृद्ध प्रदेशको आधार" | "सुन्दर, सुखी, सुरक्षित, सुसंस्कृत र समृद्ध नौकुण्ड" | "स्वस्थ, शिक्षित समृद्ध पर्यटकीय सूर्यगढी" | "स्वच्छ शान्त समृद्ध पर्यकीय नगर बुढानिलकण्ठ" |
| लक्ष्य | समृद्ध अर्थतन्त्र , सामाजिक न्याय तथा परिष्कृत जीवन सहितको समाजवाद उन्मुख लोककल्याणकारी राज्यकोरूपमा रूपान्तरण गर्दै उच्च आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने आधार निर्माण गर्ने | सामाजिक न्यायसहितकोदिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्दै जीवनस्तरमा सुधार ल्याउने | सुशासनको प्रत्याभूति हुने गरी कृषि र पर्यटनमा जोड दिदै सामाजिक आर्थिक पूर्वाधारको दिगो विकाससहित नागरिकको जीवनस्तरमा सुधार भएको हुने छ | नागारिकको जीवनस्तरमा सुधार भएको हुने | नगरवासीको आर्थिक तथा सामाजिक अवस्थामा सुधार भएको हुने |
| उद्देश्य | १. सर्वसुलभ गुणस्तरीय र आधुनिक पूर्वाधार निर्माण उत्पादनशील उत्पादन र मर्यादित रोजगारी अभिवृद्धि दीगो उच्च गुणस्तरीय रसमावेशी आर्थिक वृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु ।<br>२. गुणस्तरीय स्वस्थ्य शिक्षा तथा | दक्ष मानव पुँजीको विकास गरी प्राकृतिक र सांस्कृतिक सम्पदाको दिगो उपयोगबाट रोजगारी सिर्जना, व्यवस्थित सहरीकरण र भौतिक पूर्वाधार विकास, पर्यावरणीय सन्तुलन, लैङ्गिक समता र सामाजिक समावेशीकरणको माध्यमबाट सामाजिक न्यायसहितको उच्च दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्ने सवल आधार | १.उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नौकुण्डबासीको समष्टिगत जीवनस्तर सुधार गर्नु ।<br>२.समतामूलक, समावेशी, भेदभाव रहित शिक्षा, स्वास्थ्य लगायतका सामाजिक क्षेत्रको विकास गर्नु ।<br>३.गुणस्तरीय र वातावरणमैत्री भौतिक पूर्वाधारको विकास र विस्तार गर्नु ।<br>४.वन वातावरण, जैविक बिविधताको संरक्षण र | १.कृषि, उद्योग तथा पर्यटन जस्ता आर्थिक क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।<br>२.आधारभूत शिक्षा, स्वास्थ्य र स्वच्छ खानेपानीमा सबै नागरिकको पहुँच पुऱ्याउनु ।<br>३.सबैखाले हिंसा र विभेदको न्युनीकरण गर्दै | १.नगरबासीका आयआर्जनका अबसरहरूमा वृद्धि भएको हुने ।<br>२. नगरवासीको स्वास्थ्य शिक्षा तथा सामजिक सुरक्षाको अवस्थामा सुधार भएको हुने ।<br>३. स्थानीय पूर्वाधारमा नगरबासीको पहुँच वृद्धि भएको हुने, |

| सोच लक्ष्य र उद्देश्य | सङ्घीय योजना (पन्ध्रौं योजना) | बागमती प्रदेशको प्रथम आवधिक योजना | नौकुण्ड गाउँपालिका (रसुवा) को आवधिक योजना | सूर्यगढी गाउँपालिका (नुवाकोट) को आवधिक योजना | बुढानिलकण्ठ नगरपालिका (काठमाडौं)को आवधिक योजना |
|---|---|---|---|---|---|
| | सन्तुलित वातावरण सामाजिक न्याय र जवाफदेही सार्वजनिक सेवा का यमगरी सङ्घीय शा सन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई परिष्कृत र मर्यादित जीवनयापनको अनुभूति गराउनु ।<br>३. सामजिक आर्थिक रूपा न्तरण तथा स्वा धिनराष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वतन्त्रता स्वाभिमान र राष्ट्रिय हित संरक्षण गर्नु । | तयार गर्नु । | प्रवर्धनकासाथै जलवायु परिबर्तन अनुकुलन र बिपद व्यवस्थापन सम्बन्धि कार्यबाट विकास र वातावरणबिच सन्तुलन कायम गर्नु ।<br>४. नागरिकलाई सुशासनको प्रत्याभूति महसूस हुने गरी संस्थागत सुदृढीकरण गर्नु । | समाजिक न्यायमा आधारित समाज निर्माण गर्नु ।<br>४.विकास र वातावरण बिच सन्तुलन कायम गरी गुणस्तरीय पूर्वाधारको विकास र विस्तार गर्नु,<br>५. सुशासन कायम गर्नु । | ४. भूमि वन जलाधार तथा जैविक विविधताको दिगो उपयोग र नगरबासीको विपद उत्थानशील क्षमतामा वृद्धि भएको हुने ।<br>५. गरपालिकाको सेवाप्रवाह थप प्रभावकारी हुने र सुशासन अभिवृद्धि भएकोहुने । |

# अनुसूची २

## समष्टिगत आर्थिक क्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १.सार्वजनिक खर्च प्रणालीसम्बन्धी नीतिगत, कानुनी र संरचनागत सुधार गर्ने । | १. सार्वजनिक खर्चसम्बन्धी आवश्यक नीति निर्माण गरिने छ ।<br>२. सार्वजनिक खर्चको स्रोत र संस्थागत दक्षतामा सुधार गरिने छ ।<br>३. आवधिक योजना, क्षेत्रगत योजना र वार्षिक बजेटबिचमा सामञ्जस्य कायम गरिने छ ।<br>४. गैरबजेटरी खर्चलाई निरुत्साहित गरिने छ ।<br>५. मन्त्रालयगत बजेट सूचना प्रणालीलाई सङ्घीय सरकारसँग सहकार्य गरी एकल कोष खातासँग आबद्ध गर्ने व्यवस्था मिलाइने छ ।<br>६. बजेट निर्माण, लेखाङ्कन एवम् सार्वजनिक खर्च व्यवस्थापन प्रणालीलाई एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गरिने छ ।<br>७. सार्वजनिक वित्त व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि गरिने छ । | • प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको ।<br>• मालपोत कार्यालयहरूको संस्थागत क्षमताका लागि रकम विनियोजन गरिएको ।<br>• विषयगत मन्त्रालय/निकायहरूबाट प्रस्ताव भएका आयोजना तथा कार्यक्रमहरूमा छलफल गरि बजेट तर्जुमा गरिएको ।<br>• वार्षिक बजेट तर्जुमा गर्दा नै आयोजना तथा कार्यक्रम छनोट गरि गैरबजेटरी खर्चलाई निरुत्साहन गरिएको ।<br>• प्रदेश मन्त्रालयगत बजेट सुचना प्रणाली (PLMBIS) मार्फत बजेट तर्जुमा गरिएको ।<br>• सार्वजनिक खर्चका लागि CGAS, TSA SUTRA, PAMS जस्ता प्रणाली सञ्चालनमा रहेको । |
| २.सार्वजनिक खर्चलाई बढी उत्पादनशील क्षेत्रमा केन्द्रित गर्ने । | १. मध्यमकालीन खर्च संरचना, सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदनका आधारमा परियोजनाहरूको छनोट गरिने छ ।<br>२. परियोजना बैंक तयार गरी स्थानीय आवश्यकता, जनसहभागिता र मापदण्डका आधारमा परियोजनाहरूको प्राथमिकीकरण र छनोट गरी कार्यान्वयन गरिने छ ।<br>३. तोकिएको सूचक, मापदण्ड र पद्दतिका आधारमा परियोजना र कार्यक्रहरूको मूल्याङ्कन गरिने छ ।<br>४. बहुवर्षीय कार्यक्रम तथा परियोजनाको कार्यान्वयन प्रगतिका आधारमा बजेट विनियोजन गरिने छ । सङ्घीय सरकारबाट हस्तान्तरण भै आएका बहुवर्षीय परियोजनाहरूमा रकम विनियोजन गर्न प्राथमिकता दिइने छ ।<br>५. नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरिने छ ।<br>६. वित्तीय सुशासन तथा बजेट अनुशासनसम्बन्धी नीति | • प्रत्येक आर्थिक वर्षमा मध्यमकालीन खर्च संरचना तयार भएको । विषयगत मन्त्रालय/निकायबाट प्रस्तावित आयोजना तथा कार्यक्रमहरूमा छलफल गरि बजेट विनियोजन गरिएको ।<br>• परियोजना बैंक कार्यान्वनयमा आउन नसकेको ।<br>• बहुवर्षीय कार्यक्रम तथा परियोजनालाई प्राथमिकतामा राखी बजेट विनियोजन गरिएको । बहुवर्षीय आयोजना तथा कार्यक्रमको ठेक्कासम्बन्धी मापदण्ड,२०७८ तर्जुमा गरिएको ।<br>• मन्त्रालय/निकायहरूबाट समयसमयमा अनुगमन तथा मुल्याङ्कन भएको ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तयार भई प्रदेश सभामा पेस गर्ने क्रममा रहेको ।<br>• बजेट तर्जुमाका बखत प्रदेशस्तरिय |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
| --- | --- | --- |
| | तथा कानुनको निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>७. खुला बजेटको अवधारणा अनुरूप बजेट निर्माण प्रक्रियाको अवलम्बन गरिने छ ।<br>८. परियोजना कार्यान्वयन गराउने निकायले कार्यान्वयन गर्ने परियोजना प्रमुखसँग र परियोजना प्रमुखले मातहतका कर्मचारीहरूसँग कार्यसम्पादन करार गर्ने व्यवस्था मिलाइने छ । | कार्यालय, विभिन्न सरोकारवाला निकायसँग छलफल हुने गरेको ।<br>• आर्थिक वर्ष २०७७/७८ देखि कार्यालय प्रमुख र महाशाखा प्रमुख बिच कार्यसम्पादन करार भएको ।<br>• वित्तीय सुशासन कायम गर्न र कार्यान्वयन सहजताका लागि प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका, २०७८ जारी भई कार्यान्वयनमा रहेको । |
| ३.सार्वजनिक, निजी, सहकारी र समुदायको साझेदारीलाई प्रोत्साहित गर्ने । | १. प्रादेशिक गौरवका परियोजनाहरूमा लगानी गर्न निजी तथा वैदेशिक क्षेत्रको निम्ति प्रोत्साहन प्याकेजको अग्रिम घोषणा गरिने छ ।<br>२. ठुला लगानी ल्याउने लगानीकर्ताका निम्ति उनीहरूकै खर्चमा जग्गा प्राप्त गर्न प्रदेश सरकारले सहजीकरण गर्नेछ ।<br>३. निजी क्षेत्रका प्रतिष्ठानहरूको सुरक्षार्थ उनीहरूकै खर्चमा माग भई आएमा सरकारी सुरक्षा प्रदान गरिने छ ।<br>४. सार्वजनिक निजी साझेदारीसम्बन्धी नीति र कानुन कार्यन्वयनमा ल्याइने छ ।<br>५. पूर्वाधार विकासको आवश्यकता, ऊर्जा उपलब्धता र औद्योगिक सुरक्षाका माध्यमबाट निजी क्षेत्रको लगानी आकर्षण गरिने छ ।<br>६. निजी क्षेत्रमा प्रतिष्पर्धाको वातावरण सिर्जना गर्न सिण्डिकेट र कार्टेलिङजस्ता गैरकानुनी अभ्यासहरूलाई कानुनतः नियन्त्रण गरिने छ ।<br>७. विकास परियोजनाहरूमा सहकारी र समुदायको लगानीलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाइने छ । | • प्रादेशिक गौरवका आयोजनाहरूको पहिचान नभएको ।<br>• सार्वजनिक निजी सहकारी साझेदारी ऐन, २०७६ तर्जुमा भएको ।<br>• सार्वजनिक निजी सहकारी साझेदारी नियमावली तर्जुमा हुन बाँकी रहेको । |
| ४.सार्वजनिक ऋण र विकास सहायतालाई प्रभावकारी रूपमा परिचालन गर्ने । | १. सङ्घीय कानुनसँग तादात्म्य हुनेगरी सार्वजनिक ऋणसम्बन्धी प्रादेशिक कानुन तर्जुमा गरी लागु गरिने छ ।<br>२. प्रदेशको समष्टिगत आर्थिक स्थायित्व कायम हुनेगरी सार्वजनिक ऋणको परिचालन गरिने छ ।<br>३. जलविद्युत्, उत्पादनमूलक उद्योग, पर्यटन तथा पूर्वाधार विकास लगायतका बढी प्रतिफल दिने, रोजगारी सिर्जना गर्ने र ऋण तिर्न सक्ने क्षमता भएका परियोजनामा सार्वजनिक ऋणको उपयोग गरिने छ ।<br>४. प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारको विकास सहायतालाई सहायता व्यवस्थापन प्रणालीमा राखिने छ | • प्रदेश सरकारले हालसम्म सार्वजनिक ऋण नलिएको र सोसम्बन्धी प्रादेशिक कानुन समेत तर्जुमा नभएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | । | |
| ५. राजस्व परिचालन क्षमता अभिवृद्धि गर्ने । | १. करका आधार र क्षेत्रहरूको पहिचान र बढोत्तरी गर्दै कर तिर्ने संस्कारको विकास गरिने छ ।<br>२. राजस्व सङ्कलनमा विद्युतीय प्रणालीको प्रयोगलाई प्रोत्साहन गरिने छ ।<br>३. करदाता सूचना प्रणालीको विकास गरी आन्तरिक स्रोत सङ्कलन र परिचालनलाई प्रभावकारी र पारदर्शी बनाइने छ ।<br>४. राजस्व प्रशासनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्न स्थानीय तहलाई सहयोग गरिने छ ।<br>५. करदाताहरूको परामर्शमा करका दर निर्धारण, सङ्कलन र कर सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।<br>६. प्रदेशको बजेटमा आन्तरिक राजस्वको हिस्सा बढाउन कर चुहावट नियन्त्रण र दायरा फराकिलो गरिने छ ।<br>७. तहगत राजस्व बाँडफाँड प्रणाली व्यवस्थित गरी समयबद्ध हस्तान्तरणको व्यवस्था गरिने छ ।<br>८. राजस्व क्षमता र सम्भाव्यता अध्ययनका लागि स्थानीय तहलाई सहयोग गरिने छ । | • प्रत्येक वर्ष आर्थिक ऐन जारी गरि करका दर तोकिनुका साथै दायरा विस्तार गर्ने प्रयास गरिएको छ ।<br>• Revenue management Integrated System (RMIS) मार्फत राजस्व सङ्कलन भएको ।<br>• करको दर तथा दायराको सन्दर्भमा सरोकारवाला निकायहरूसँग छलफल अन्तरक्रिया गरिएको ।<br>• सवारी साधन कर बापतको रकम प्रदेश विभाज्य कोषमा राखी प्रदेश र स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिएको । |
| ६.वित्तीय हस्तान्तरणलाई पारदर्शी तथा न्यायोचित बनाउने । | १. स्थानीय तहको सामाजिक, आर्थिक, पूर्वाधार विकास, राजस्व परिचालन क्षमता लगायतका आधारमा वित्तीय हस्तान्तरण गरिने छ ।<br>२. स्थानीय तहको मानव विकास सूचकाङ्क तयार गरी वित्तीय हस्तान्तरणलाई न्यायपूर्ण, पूर्वानुमानयोग्य र पारदर्शी बनाइने छ ।<br>३. स्थानीय तहको आन्तरिक राजस्व परिचालन क्षमताको विकास गरिने छ । | • वित्तीय हस्तान्तरणका सम्बन्धमा प्रदेश समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७७ प्रदेश विशेष अनुदानसम्बन्धी कार्यविधि,२०७७ तथा प्रदेश ससर्त अनुदान सम्बन्धि (पहिलो) संशोधन कार्यविधि, २०७९ तर्जुमा भई सोही बमोजिम आयोजना तथा कार्यक्रम हस्तान्तरण गरिएको ।<br>• वित्तीय समानीकरण अनुदानको हकमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस भएबमोजिम हस्तान्तरण भएको । |

# अनुसूची ३

## कृषि उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | हालसम्मको कार्यान्वयन अवस्था |
|---|---|---|
| १.कृषिको विशिष्टीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | १. कृषि, पशुपक्षी, माहुरी र माछा विकाससम्बन्धी दीर्घकालीन नीति, कानुन र मापदण्ड तयार गरिने छ । | १. प्रदेश कृषि विकास अध्यादेश २०७९, जारी भएको । |
| | २. कृषि तथा पशुपक्षीजन्य वस्तुहरूको उत्पादनमा वृद्धि गर्न "विशिष्टीकृत बृहत्तर कृषि उत्पादन क्षेत्र" निर्धारण गरी प्रविधि, पूर्वाधार, सिँचाइ, यन्त्र-उपकरण, ऋण, बिमा, मल, उन्नत बिउबिजन तथा बिरूवा लगायतका वस्तु तथा सेवाहरू एकीकृत रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । | २. कार्यान्वयन नभएको । |
| | ३. कृषि तथा पशुपक्षीजन्य उत्पादनलाई बजारीकरणका लागि विशेष सुविधा दिइने छ । | ३. कृषि उपजहरूको न्युनतम समर्थन मूल्य निर्धारण गरी खरिद विक्रीमा सहजीकरण गरेको । |
| | ४. सङ्घीय कानुन अनुसार प्रदेशको भू—उपयोग नीति र कानुन तर्जुमा गरी कृषि भूमिको व्यवस्थित प्रयोगमा जोड दिइने छ । | ४. कार्यान्वयन नभएको । |
| | ५. कृषि भूमिको पहिचान, संरक्षण र विकास गर्न स्थानीय तहसँग सहकार्य गरिने छ । | ५. कार्यान्वयन णबएको । |
| | ६. कृषि भूमिको संरक्षण र चक्लावन्दीलाई प्रोत्साहन गर्दै साझेदारी, सामूहिक, सहकारी र करार खेतीलाई प्रोत्साहित गरिने छ । | ६. कार्यान्वयन नभएको । |
| | ७. कृषि कलेज तथा कृषि अनुसन्धानमा संलग्न सरकारी निकायहरूलाई कृषि प्रयोगशाला, घुम्ती कृषि प्रसार, प्रविधि विस्तार र कृषक अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहित गरिने छ । | ७. त्रिभूवन बिश्वबिद्यालय र कृषि तथा वन बिश्व बिद्यालयलाई अनुसन्धानकोलागि अनुदान दिइएको । |
| | ८. अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारका लागि कृषि क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूको सञ्जाल गठन गरी सेवा प्रवाहमा दोहोरोपन नआउने गरी एकद्वार कृषि प्रसार प्रणालीलाई प्रोत्साहित गरिने छ । | ८. Research, Education & Extention Forum गठन र परिचालन भएको । |
| | ९. खाद्यान्न उत्पादन कम हुने तथा पोषणका हिसावले असुरक्षित ग्रामीण क्षेत्रमा कृषिजन्य खाद्य उत्पादनमा जोड दिइने छ । | ९. कार्यान्वयन नभएको । |

| रणनीति | कार्यनीति | हालसम्मको कार्यान्वयन अवस्था |
|---|---|---|
| | १०. बचत तथा ऋण सहकारी संस्थाले कृषि लगायतका उत्पादनशील क्षेत्रमा अनिवार्य रूपमा कम्तीमा ५० प्रतिशत ऋण प्रवाह गर्नुपर्ने व्यवस्था गरिने छ । | १०. कार्यान्वयन नभएको । |
| | ११. परियोजनामा आधारित कृषि ऋण उपलब्ध गराउने व्यवस्थाका लागि अवश्यक नीति बनाइने छ । | ११. बिउ पुँजी परिचालन कार्यक्रम कार्यान्वयन भएको । |
| | १२. कृषिमा जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील प्रविधिको प्रयोग गरी कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन तथा दिगो उपयोगमा जोड दिइने छ । | १२. कार्यान्वयन नभएको । |
| | १३. ठुला सिँचाइ परियोजना सम्भव नभएका क्षेत्रमा साना प्रकृतिका सतह, भूमिगत, थोपा, लिफ्ट र अन्य बैकल्पिक सिँचाइ प्रविधिबाट सिँचाइ सुविधाको व्यवस्था गरिने छ । | १३. कार्यान्वयन नभएको । |
| | १४. ठुला सडकहरूमा पहुँच पुऱ्याउन साना कृषि सडक निर्माण गरिने छ । | १४. कार्यान्वयन नभएको । |
| | १५. सार्वजनिक तथा वन क्षेत्रमा भएका बाँझो तथा खाली जग्गामा सम्बन्धित निकायसँगको समन्वयमा सामुहिक खेती प्रवर्धन गरी तरकारी, फलफूल, मसला, जडीबुट्टी लगायत अन्य उच्च मूल्यका बाली उत्पादनको लागि आवश्यक व्यवस्था मिलाइने छ । | १५. बाँझो जमिनमा खेति गर्नकोलागि बाँझो जमिनको बैंक स्थापना सम्बन्धमा कार्य भैरहेको । |
| | १६. जंगली जनवारहरूबाट कृषि, पशुपक्षी र मानवीय क्षतिलाई कम गर्न सम्बेदनशील स्थानहरूको पहिचान गरी उपयुक्त प्रविधि र उपायको अवलम्बन गरिने छ । | १६. कार्यान्वयन नभएको । |
| | १७. बाँदरबाट कृषिउपज र सम्पत्तिमा पुगेको क्षतिलाई कम गर्न उपयुक्त प्रविधि र उपायको अवलम्बन गरी व्यवस्थापन गरिने छ । | १७. कार्यान्वयन नभएको । |
| | १८. सिँचाइ सुविधा नभएको क्षेत्रमा वर्षातको पानी सङ्कलन गरी उपयोगमा ल्याउन पोखरी संरक्षण र निर्माणलाई अभियानको रूपमा सञ्चालन गरिने छ । | १८. साना संचाई थोपा सिँचाइ कार्यक्रम सञ्चालन गरिएको । |
| | १९. बिउबिजनको अनुसन्धान तथा चौंरी, भेडा, बाखा, बङ्गुर, गाई, भैंसी लगायतका पशु तथा पक्षीको अनुसन्धान र नश्ल सुधार गर्न उपयुक्त स्थानहरूमा स्रोत केन्द्रहरूको स्थापना गरिने छ । | १९. जिल्लाहरूमा गाई, भैंसी, बाखा तथा बङ्गुर स्रोत केन्द्रहरू स्थापना भएको । |
| | २०. वन्यजन्तु तथा पक्षीहरूको पालन, प्रजनन, | २०. कार्यान्वयन नभएको । |

| रणनीति | कार्यनीति | हालसम्मको कार्यान्वयन अवस्था |
| --- | --- | --- |
| | मांशाहार, बेचबिखन र विदेश निकासी गर्न सकिने सङ्घीय नीतिको कार्यान्वयनमा सहयोग र सहजीकरण गरिने छ । | |
| २.कृषिको यान्त्रिकीकरण, सहजीकरण र बजारीकरणमा सहयोग गर्ने । | १. स्थानीयस्तरमा कृषि औजारहरू उत्पादन गर्न निजी क्षेत्रलाई प्रवर्धन गरिने छ ।<br>२. कृषि सामग्री, अनुदान, बिमा, ऋण, न्यूनतम समर्थन मूल्य, शीत भण्डार, थोक विक्री केन्द्र, बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच स्थापनामा जोड दिइने छ ।<br>३. कृषि तथा पशुपक्षीको उत्पादन वृद्धि गर्न उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।<br>४. कृषिउपज बजार ऐन जारी गरी कृषिउपज बजारीकरणलाई सहजीकरण र नियमन गरिने छ ।<br>५. कृषिउपजको उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकास र विस्तारमा सहयोग गरिने छ ।<br>६. कृषि तथा पशुपक्षीजन्य उत्पादनको व्यवसायीकरणमा निजी तथा सहकारी संस्थाहरूको भूमिका बढाइने छ ।<br>७. कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारण गर्दा कृषकको वास्तविक उत्पादन लागतलाई मुख्य आधार मानिने छ ।<br>८. स्थानीय तह, सहकारी संस्था र दुग्ध व्यवसायीको सहकार्यमा दुध प्रशोधन तथा दुग्ध पदार्थ उत्पादन र बजारीकरणमा प्रोत्साहन गरिने छ ।<br>९. पशुपक्षीको आहार, रोग तथा महामारी नियन्त्रण र बिमामा सुविधा र सहुलियत दिई यिनीहरूको उत्पादनमा वृद्धि ल्याइने छ ।<br>१०. हिमाली क्षेत्रमा पशु चरिचरणका लागि आवश्यक व्यवस्था गरिने छ ।<br>११. कृषि, दुध, मासु तथा माछाजन्य उद्योगहरू स्थापना तथा सञ्चालित उद्योगको आधुनिकीकरण र क्षमता | १. निजी तथा सरकारी साझेदारीमा कृषि औजार कारखाना स्थापना भैरहेको ।<br>२. प्रदेशमा १० ओटा शित भण्डार निर्माणाधीन अवस्थामा रहेका । हेटौंडामा थोक बजार स्थापना भएको ।<br>३. दुध उत्पादनमा आधारित अनुदान तथा विउ उत्पादन अनुदान कार्यक्रम सञ्चालन ।<br>४. कार्यान्वयन नभएको ।<br>५. कार्यान्वयन नभएको ।<br>६. कार्यान्वयन नभएको ।<br>७. आधार लिने गरिएको ।<br>८. हेटौंडामा पाउडर प्लान्ट स्थापना भएको ।<br>९. मत्स्यपालनमा बिमाको सुरुआत गरिएको ।<br>१०. कार्यान्वयन नभएको ।<br>११. दाना उद्योग तथा दुग्ध प्रशोधन केन्द्र स्थापनामा सहयोग गरेको । |

| रणनीति | कार्यनीति | हालसम्मको कार्यान्वयन अवस्था |
|---|---|---|
| | अभिवृद्धि गरिने छ । | |
| ३.कृषिको औद्योगीकरणमा सहयोग गर्ने । | १. कृषि, पशुपक्षी, माछा लगायतका वस्तुहरूमा आधारित उत्पादन, प्रशोधन र औद्योगिक वस्तु उत्पादन गर्ने उद्योगहरूको स्थापना, स्तरोन्नति र प्रवर्धन गरिने छ ।<br>२. कृषिको बहुआयामिक विकासका लागि कृषि, वन, पशु तथा जैविक उत्पादनमा आधारित कृषि पर्यटनको विकास र प्रवर्धन गरिने छ ।<br>३. कृषि रिसोर्टहरूको विकास र प्रवर्धन गरिने छ ।<br>४. काठमाडौं उपत्यका लगायत अन्य सहरी तथा सहरोन्मुख क्षेत्रहरूमा हाइड्रोपोनिक्स र अक्वापोनिक्सजस्ता उच्च प्रविधिको प्रयोग गरी सहरी कृषि उद्योग प्रवर्धनको विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>५. सबै स्थानीय तहको माटो परीक्षणका लागि मोबाइल माटो परीक्षण सेवा सुरू गर्न आवश्यक व्यवस्था मिलाइने छ ।<br>६.निरन्तर कृषि पेसामा लागिरहने कृषकहरूलाई सम्मानित र पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ । | १. पाउडर प्लान्ट स्थापना गरिएको ।<br>२. कार्यान्वयन नभएको ।<br>३. कार्यान्वयन नभएको ।<br>४. कार्यान्वयन नभएको ।<br>५. माटो परीक्षण गरी Soil Health Card वितरण गरिएको ।<br>६. राष्ट्रपति कृषक पुरष्कारको व्यवस्था गरिएको । |
| ४.वडालाई कृषि तथा पशुपक्षी सेवा केन्द्रको रूपमा विकास गर्ने । | १. वडागत रूपमा कृषि, पशु, पक्षी, माछा, मौरी लगायतका पकेट क्षेत्रहरू पहिचान गरी आवश्यक सहयोगहरू एकीकृत रूपमा उपलब्ध गराउन स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>२. आवश्यकताका आधारमा वडास्तरमा नमुना प्राङ्गारिक खेतीको प्रवर्धन गर्न स्थानीय तहको समन्वयमा निजी क्षेत्र, सहकारी र स्थानीय समुदायसँग सहकार्य गरिने छ ।<br>३. स्थानीय तहसँग समन्वय गरी मोवाइल भेटेरिनरी एम्बुलेन्सको व्यवस्था गरी पशु स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त र भरपर्दो बनाइने छ ।<br>४. आवश्यकताको आधारमा दुग्ध पकेट क्षेत्रहरूमा दुध चिस्यान केन्द्र, प्रशोधन केन्द्र एवम् मिल्क पार्लरको विकास गरिने छ ।<br>५. पशु विकासका पकेट क्षेत्रहरूमा भूई तथा डाले घाँसको ब्लक स्थापना गरी पशु आहारको | १. कार्यान्वयन नभएको ।<br>२. Soil Lab स्थापना भएको ।<br>३. कार्यान्वयन नभएको ।<br>४. कार्यान्वयन नभएको ।<br>५. कार्यान्वयन नभएको । |

| रणनीति | कार्यनीति | हालसम्मको कार्यान्वयन अवस्था |
|---|---|---|
| | न्यूनतालाई पूर्ति गरिने छ । | |
| | ६. निजी एवम् सहकारीसँगको साझेदारीमा पशु वधशाला, दाना उद्योग, चीज तथा छुर्पी उत्पादन केन्द्र एवम् दुग्ध पाउडर प्लान्ट स्थापनामा जोड दिइने छ । | ६. कार्यान्वयन नभएको । |
| | ७. लोपोन्मुख बिउबिजन, नश्ल र कृषि तथा पशुपक्षीजन्य जैविक विविधताको संरक्षण र व्यवसायीकरणमा जोड दिइने छ । | ७. कार्यान्वयन नभएको । |
| | ८. बाँझो जमिन राख्ने प्रवृतिलाई नियन्त्रण गर्न स्थानीय तहले दिने सेवा सुविधामा कडाइ गर्न नीतिगत व्यवस्था गरिने छ । | ८. बाझो जमिनमा खेतिको लागि प्रोत्साहनस्वरूप अनुदानको व्यवस्था भएको । |
| | ९. सबै स्थानीय तहका सबै वडाहरूको सहभागिता हुनेगरी कृषिसम्बन्धी आवश्यक तालिमहरू सञ्चालन गरिने छ । | ९. विभिन्न समयमा तालिमको सञ्चालन हुने गरेको । |
| | १०. उत्पादन वृद्धिको लागि उन्नत जातको पशुपक्षी वितरण गरिने छ । | १०. कार्यान्वयनमा नआएको । |
| | ११. कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिने छ । | ११. कार्यान्वयनमा नआएको । |
| | १२. पायक पर्ने स्थानमा सम्भाव्यताको आधारमा सामुदायिक प्रजनन केन्द्रको स्थापना (न्युक्यस एन्ड मल्टिप्लिकेसन) गरिने छ । | १२. कार्यान्वयनमा नआएको । |
| ५. खाद्य स्वच्छता कायम गर्ने । | १. हिमाली क्षेत्र तथा न्यून रासायनिक मल प्रयोग भएको क्षेत्रमा जैविक खेती प्रोत्साहित गर्ने र त्यसको प्रविधि, गुणस्तर निर्धारण, जनशक्ति विकास र बजारीकरणमा सहयोग गरिने छ । | १. कार्यान्वयन नभएको । |
| | २. रसायनिक मल बढी प्रयोग भइरहेका क्षेत्रहरूमा क्रमशः प्रभावकारी प्राङ्गारिक मलतर्फ आकर्षण बढाउनका लागि प्रसार कार्यका साथै प्राङ्गारिक मल र कीटनाशक उत्पादन गर्ने उद्योगहरू सञ्चालन गर्न प्रोत्साहन र सहयोग गरिने छ । | २. विउ पुँजी अनुदान मार्फत प्राङ्गारिक मल कारखाना स्थापनाका लागि प्रोत्साहन गरिएको । |
| | ३. रासायनिक मल तथा जीवनाशक विषादी प्रयोग नभएको क्षेत्रलाई क्रमशः प्राङ्गारिक क्षेत्र घोषणा गर्दै बृहत्तर जैविक उत्पादन कार्यक्रमहरू सञ्चालन गरिने छ । | ३. कार्यान्वयन नभएको । |
| | ४. जैविक कृषिउपज बढाउन आवश्यक स्थानमा | ४. कृषक पाठशालाकारूपमा राष्ट्रपति कृषक फार्म |

| रणनीति | कार्यनीति | हालसम्मको कार्यान्वयन अवस्था |
|---|---|---|
| | कृषक पाठशाला सञ्चालन एवम् तालिम केन्द्र विकास र विस्तार र कृषक पुरस्कार कार्यक्रमहरू सञ्चालन गरिने छ । | स्थापना गरिएको । |
| | ५. आन्तरिक बजारमा खपत हुने कृषि वस्तुको प्रयोगशालामा विषादी अवशेष अनिवार्य रूपले परीक्षण हुने व्यवस्था मिलाउने र निर्यात तथा आयात हुने कृषि तथा पशुपक्षीको लागि क्वारेनटाइनमा सहज पहुँच हुने व्यवस्था गरिने छ । | ५. चितवनमा द्रुत विषादी परीक्षण केन्द्रको स्थापना गरिएको । |

# अनुसूची ४

## उद्योग उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयन अवस्था |
|---|---|---|
| १. औद्योगिक लगानीका निम्ति अनुकूल वातावरण तयार गर्ने । | १. औद्योगिक विकासको लागि उद्योग दर्तादिखि बहिर्गमनसम्मको प्रक्रियालाई सरलीकरण गर्न सहयोग पुग्नेगरी लगानी मैत्री प्रादेशिक औद्योगिक नीति, कानुन आदि तर्जुमा गरी कार्यान्वयन गरिने छ । | १. प्रदेश औद्योगिक व्यवसायक ऐन आइसकेको |
| | २. उद्योग स्थापनाका निम्ति आवश्यक पर्ने जमिन प्राप्त गर्न तथा पूर्वाधार विकासमा लगानीकर्तालाई सहयोग गरिने छ । | २. उद्योग ग्राम तथा औद्योगिक क्षेत्रको स्थापना तथा विकासको कार्य अगाडी बढ्दै |
| | ३. श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापन हुने लगानीलाई प्राथमिकता दिइने छ । | ३. प्रविधि हस्तान्तरण कार्यक्रम नियमित रूपमा हुँदै आएको । |
| | ४. उद्योग विकास तथा लगानी प्रवर्धन कोषको स्थापना गरिने छ । | ४. कर्यान्वयन नभएको |
| | ५. झन्झटमुक्त उद्योगदर्ता र अनुमति, नवीकरण, खारेजी प्रक्रियाको कानुनी सुनिश्चितता गरिने छ । | ५. उद्योग क्षेत्रको प्रशासनिक कार्यको लागि अनलाइन सफ्टवेयर सञ्चालनको अन्तिम चरणमा |
| | ६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुँजी लगानीका लागि प्रदेश लगानी बोर्ड गठन गरिने छ । | ६. प्रदेश औद्योगिक व्यवसाय ऐनमा उद्योग तथा लगानी प्रवर्धन समितिको व्यवस्था । |
| | ७. प्रत्येक स्थानीय तहमा सम्भाव्यताको आधारमा प्राविधिक महाविद्यालय स्थापनामा जोड दिई उत्पादित जनशक्तिलाई स्वरोजगार सिर्जनामा सहयोग गरिने छ । | ७. कार्यान्वयन नभएको |
| | ८. नव प्रवर्तनलाई बढावा दिन बिजनेस इन्क्युवेसन | ८. कार्यान्वयन नभएको |

| रणनीति | कार्यनीति | कार्यान्वयन अवस्था |
|---|---|---|
| | सेन्टर र भेन्चर क्यापिटलको प्रवर्धन गरिने छ । | |
| २. स्थानीय स्रोत साधन, परम्परागत सिप र प्रविधिमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासलाई प्राथमिकता दिने । | १. कृषि तथा गैरकाष्ठजन्य प्रशोधन उद्योगलाई प्राथमिकता दिइने छ ।<br>२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको स्थापनाको लागि सहयोग गरिने छ ।<br>३. बहुमूल्य जडीबुटीबाट अधिकतम् फाइदा लिन जडीबुटी प्रशोधन तथा जडीबुटीमा आधारित औषधीजन्य वस्तुको उत्पादन र निकासीमा विशेष जोड दिइने छ ।<br>४. सहकारीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगलाई प्रोत्साहन दिइने छ ।<br>५. कम्तीका एक चरणको प्रशोधनपछि मात्र कृषि र वनजन्य वस्तुहरूको निकासी गर्न प्रोत्साहित गरिने छ ।<br>६. बन्द भएका खनिज उद्योगहरूलाई सञ्चालनमा ल्याउने व्यवस्था मिलाउनुका साथै सम्भाव्य खानीजन्य वस्तुहरूको अनुसन्धान, अन्वेषण र उत्खननका कार्यक्रमहरू अघि बढाइने छ ।<br>७. रैथाने बाली, जडिबुटी, उच्च मूल्यका फलफूल तथा काष्ठकला र हस्तकलाका सामानहरूको उत्पादनलाई प्रोत्साहित गरिने छ ।<br>८. कृषि उद्योगबाट उत्पादित वस्तुको गुणस्तर प्रमाणीकरणका लागि एकृडिटेड प्रयोगशालाहरूको सहजता, तथा ब्रान्डिङ्ग र ट्रेडमार्कहरू लिन सहज हुने व्यवस्था मिलाइने छ । | १. प्रविधि हस्तान्तरण कार्यक्रम नियमित रूपमा सञ्चालन हुँदै आएको<br>२. प्रविधि हस्तान्तरण कार्यक्रममा स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको लागि मुल्यांकनमा प्राथमिकता<br>३. कार्यान्वयनमा नआएको<br>४. कार्यान्वयनमा नआएको<br>५. कार्यान्वयनमा नआएको<br>६. कार्यान्वयनमा नआएको<br>७. कार्यान्वयनमा नआएको |
| ३.उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधार विकासमा जोड दिने । | १. व्यवस्थित पूर्वाधार र आधुनिक सुविधासहितको औद्योगिक पार्क र औद्योगिक ग्रामहरूको निर्माण गरिने छ ।<br>२. निजी क्षेत्रलाई प्रोत्साहन गर्न उद्योग क्षेत्रमा पहुँचमार्ग, विद्युत् लाइन र सञ्चार सञ्जालको विस्तार गरिने छ ।<br>३. सम्भाव्यताको आधारमा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रहरूको विकास गरिने छ । | १. उद्योग ग्राम तथा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्य सुरु<br>२. कार्यान्वयन नभएको<br>३. कार्यान्वयन नभएको |

| रणनीति | कार्यनीति | कार्यान्वयन अवस्था |
|---|---|---|
| | ४. औद्योगिक उत्पादनको गुणस्तर वृद्धि गर्न गुणस्तर परीक्षण क्षमता वृद्धि गरिने छ । | ४. कार्यान्वयन नभएको |
| ४. समग्र उद्योग क्षेत्रलाई वातावरणमैत्री बनाउने । | १. औद्योगिक प्रदूषण नियन्त्रण तथा न्यूनीकरणका प्रविधिहरूको अवलम्बन गर्न प्रोत्साहित गरिने छ ।<br>२. काठमाडौं उपत्यकाभित्र रहेका छाला, प्लास्टिक, रासायनिक, र ईंटा लगायत अन्य वातावरण प्रदूषण गर्ने उद्योगहरूलाई विकल्पसहित स्थानान्तरण गरिने छ ।<br>३. नदीजन्य सामग्रीहरूको दोहन गर्ने र वातावरणमा असर पुऱ्याउन सक्ने क्रसर उद्योगहरूको नियमन गर्न आवश्यक मापदण्ड बनाइने छ ।<br>४. वातावरण प्रदूषण गर्ने उद्योगहरूबाट निस्कने फोहरहरूको विसर्जन पूर्व अनिवार्य प्रशोधन गर्नुपर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिने छ । | १. कार्यान्वयन नभएको<br>२. कार्यान्वयन नभएको<br>३. कार्यान्वयन नभएको<br>४. कार्यान्वयन नभएको |

# अनुसूची ५

## वाणिज्य तथा आपूर्ति उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. स्वच्छ र स्वस्थ अत्यावश्यक उपभोग्य वस्तुहरूको सुलभ आपूर्ति र वितरण प्रणालीको विकास गर्ने । | २. व्यापार/वाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन गरिने छ ।<br>३. उत्पादित वस्तुहरूमा मापदण्ड अनुसारको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षण प्रयोगशालाहरूको विकास गरिने छ ।<br>४. कृषि वस्तुको समर्थन मूल्य, गोदाम घर, शीत भण्डार, प्रादेशिक बफरस्टकको व्यवस्था गरिने छ ।<br>५. प्रमुख सहरी केन्द्रमा कृषि वस्तु सङ्कलन केन्द्र र विक्री केन्द्र विस्तार गर्न सहयोग गरिने छ ।<br>६. कृषिजन्य वस्तुहरू बजारमा पुऱ्याउनु अघि कृषिको पकेट क्षेत्र र बजार केन्द्रहरूमा विषादी परीक्षण गरिने छ ।<br>७. बजारको सहज पहुँच नभएका क्षेत्रमा सहकारीको माध्यमबाट सुपथ मूल्यका पसलहरू सञ्चालन गरिने छ ।<br>८. आन्तरिक आपूर्ति प्रणालीमा कालोबजारी, कार्टेलिङ, सिन्डिकेट र विचौलियाको नियन्त्रण गरिने छ ।<br>९. आपूर्तिमा आइपर्ने अवरोध घटाउन निजी क्षेत्रसँग सहकार्य गरिने छ । | • प्रादेशिक व्यापार तथा व्यवसायसम्बन्धी ऐन २०७६ र प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ रहेको ।<br>• वार्षिक स्विकृत कार्यक्रमअन्तर्गत वाणिज्यतर्फ बजार अनुगमन, बजार घर निर्माण,सुपथ मुल्य पसल सञ्चालन तथा उपभोक्ता सचेतना आदि साथै उद्योग तर्फ प्रविधि हस्तान्तरण, कोशेली घर/ साझा सुविधा केन्द्र निर्माण जस्ता कार्यक्रम सञ्चालन हुँदै आएको । |
| २. निर्यात हुने वस्तु तथा सेवाको उत्पादन वृद्धि हुने वातावरण तयार गर्ने । | १. निर्यातजन्य वस्तुहरूको पहिचान र विकास गर्न निजी तथा सहकारी संस्थाहरूलाई सहयोग गरिने छ ।<br>२. निर्यात प्रवर्धनका लागि उत्पादन क्षेत्रदेखि निकासी विन्दुसम्मको आवश्यक पूर्वाधार निर्माण गरिने छ । | |

# अनुसूची ६

## पर्यटन उपक्षेत्रको रणनीति र कार्यनीति कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १. नयाँ पर्यटन गन्तव्यहरूको पहिचान र विकास गर्ने । | १. प्रादेशिक पर्यटन गुरुयोजना/ रणनीतिक योजना तर्जुमागरि ने छर चरण बद्ध कार्यान्वयनगरि ने छ । | १. गुरूयोजना वा रणनीतिक योजना तर्जुमाभए को छैन् । |
| | २. सङ्घीय सरकारसँगको सहकार्यमा नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, छनोट र अध्ययन गरी पूर्वाधार विकास गरिने छ । | २. १० ओटा नमुना पर्यटकीय गन्तव्य घोषणा गरिएको सोमध्ये ९ ओटाको डिपिआर र गुरूयोजना तयार भै कार्यान्वयन भैरहेको । |
| | ३. पर्यटनको सम्भाव्यता भएका जिरी, शैलुङ्ग, कालिञ्चोक र महाभारत क्षेत्रका हिलस्टेसनहरूको एकीकृत विकासको लागि सडक लगायतका पूर्वाधार स्तरीकरण वा निर्माणलाई प्राथमिकता दिइने छ । | ३. सडक पूर्वाधारसम्बन्धी सूचना यस मन्त्रालयमा नरहेको । |
| | ४. महाभारत क्षेत्र र अन्य उपयुक्त स्थानहरूको सम्भाव्यताका आधारमा नयाँ (हिलस्टेसन, रिसोर्ट, पदमार्ग आदि) गन्तव्य स्थलको पहिचान, विकास र प्रवर्धन गरिने छ । | ४. १० ओटा हिलस्टेसन घोषणा गरी ४ ओटाको डिपिआर तयार भै कार्यान्वयनमा रहेको । |
| | ५. पर्वतारोहण, पर्यापर्यटन तथा साहसिक पर्यटन र खेलकुद पर्यटन क्षेत्रको पहिचान गरी विकास गरिने छ । | ५. केही सामुदायिक वन क्षेत्रमा पर्यापर्यटनको कार्यबाहेक अन्य पर्यटनमा काम भएको छैन् । |
| | ६. पर्यटन क्षेत्रको लाभलाई ग्रामीण तहसम्म पुऱ्याउन होमस्टेलाई एक प्रमुख माध्यमको रूपमा विकास गरिने छ । | ६. होमस्टे प्रवर्धनको लागि केही भौतिक सहयोग गरिएको । |
| | ७. त्रिभुवन राजपथलाई पर्यटन मार्गको रूपमा विकास गरिने छ । | ७. त्रिभुवन राजपथमा पर्ने थाहा नअन्तर्गत विभिन्न .पा. ठाउँ मा पर्यटन पूर्वाधारतयारभए को । |
| | ८. मौसमी पर्यटकीय स्थानको पहिचान तथा विकास गरिने छ । | ८. भएको छैन् । |
| | ९. जैविक कृषि तथा होमस्टे सहितको कृषि पर्यटनलाई बढावा दिने कार्यक्रम सञ्चालन गरिने छ । | ९. होमस्टे प्रवर्धनका लागि भौतिक निर्माणको काममा सहयोग पुर्याइएको । |
| | १०. चितवनको दासढुङ्गादेखि गादीपुर/ गोलाघाटसम्म मदन-आश्रित एकीकृत बृहद विकास परियोजना तर्जुमा गरीपर्यटन वि कास लगायतकाविविध संरचानाहरू निर्माण गर्न सङ्घीयसर कार रस्थानीय तहसँग सहकार्य गरिने छ । | १०. दासढुङ्गामा मदन आश्रित स्मृति पार्क र मेघौलीमा-रा इनो पार्कनिर्माणाधीनअवस्थामा रहे को । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | ११. राष्ट्रिय, प्रादेशिक र स्थानीय प्रमुख लोकमार्गहरूलाई सम्भाव्यताको आधारमा पर्यटन करिडोरको रूपमा विकास गरिने छ ।<br>१२. गणेश हिमालदेखि गौरीशङ्कर हिमालसम्मको क्षेत्रलाई हिमाली पर्यटन क्षेत्रको रूपमा एकीकृत विकास गरिने छ । | ११. भएको छैन् ।<br>१२. गोञ्जला पास र गौरीशङ्कर परिपथ पदमार्गको डि .आर.पि.तयारभए को । |
| २. मूल्य उच्चको गुणस्तरीय पर्यटनको प्रवर्धन गर्ने । | १. स्थापित पर्यटकीय क्षेत्रहरूमा उच्च मूल्यको पर्यटन विस्तारमा निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ ।<br>२. उच्च मूल्यको पर्यटनका निम्ति आवश्यक जनशक्ति र सेवास्तरको विकासमा प्रोत्साहन दिइने छ र गुणस्तर कायम राख्न प्रभावकारी नियमनको व्यवस्था गरिने छ ।<br>३. गुणस्तरीय पर्यटनका लागि तारे होटलसहितको सुविधा विस्तार र प्रवर्धनमा ध्यान दिइने छ ।<br>४. उच्च शिक्षामा पर्यटनसम्बन्धी पाठयक्रम समावेश गरिने छ । | १. भएको छैन् ।<br>२. प्रदेश पर्यटन ऐन बनेको छ । उपत्य-का पर्यटन कार्यालयकोस्थाप ना गरीसेवा प्रवाह चालू ।<br>३. पर्यटन एजेन्सी र होटल-सङ्घहरूसँ ग नियमित अन्तरकृयासमन्वय हुने गरे /को ।<br>४. यसमा काम भएको छैन । |
| ३.पर्यटन क्षेत्रको विकासको लागि स्थानीयतह , निजी क्षेत्र र समुदायसँग सहकार्य गर्ने । | १. पर्यटन पूर्वाधार विकासमा स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्वदायी भूमिका र सहभागितालाई प्रोत्साहन गरिने छ । पर्यटनलाई स्थानीय समुदायको विकाससँग आबद्ध गरिने छ ।<br>२. पर्यटकीय उपज र मूल्य शृङ्खलाबिच सम्बन्ध कायम गरिने छ ।<br>३. प्रमुख पदमार्गहरूमा जैविक र जाति विशेषका सांस्कृतिक सम्पदाको रूपमा रहेका शैलुङ, फूलचोकी, कालिञ्चोक, दामन लगायतका क्षेत्रहरूको विकास गरिने छ ।<br>४. रसुवा जिल्लाको स्याफ्रुबेशी देखि लाङ्टाङ् उपत्यकाको क्याङजिङ जाने डा. प्रह्लाद योञ्जन रेड पाण्डा पदमार्ग र सङ्ग्रहालयकोवि कास गरिने छ ।<br>५. प्रदेशभित्रका पर्यटन स्थलबाट छिमेकका | १. स्थानीय तहको भूमिका बढाउने गरी पर्यटन पूर्वाधार सञ्चालन तथा व्यवस्थापन कार्यविधि स्वीकृतिको चरणमा रहेको छ ।<br>२. यस सम्वन्धा काम भएको छैन ।<br>३. शैलुङ र दामन क्षेत्रमा केही काम भएका छन् ।<br>४. पदमार्गको डिपिआर बनेको छ । सङ्ग्रहालयको काम भएको छैन ।<br>५. भएको छैन । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
| --- | --- | --- |
| | पर्यटन गन्तव्य पुग्ने पर्यटन पूर्वाधारको स्तरिकरण गरिने छ ।<br>६. निजी क्षेत्रलाई पूर्वाधार निर्माणमा सहयोग गरी प्रमुख पर्यटकीय स्थलहरूमा स्तरीय होटलहरूको विकासलाई प्रोत्साहन दिइने छ । पर्यटन पूर्वाधार निर्माणमा निजी क्षेत्रसँग सहकार्य गरी निजी क्षेत्रको लगानी अभिवृद्धि गरिने छ । | ६. यससम्बन्धी काम भएको छैन । |
| ५. पर्यटक सूचना, यातायात र सेवा प्रवाहलाई गुणस्तरीय र विश्वसनीय बनाउने । | १. पर्यटन गन्तव्यको ब्रान्डिङ गर्दै पर्यटकीय वस्तुको प्रवर्धनमा आधुनिक सूचना प्रविधिको प्रयोग गरिने छ ।<br>२. सम्भाव्यता भएका हरेक स्थानीय तहमा गन्तव्य र सुविधा बारे जानकारी दिन पर्यटन सूचना केन्द्र स्थापना गरिने छ ।<br>३. आन्तरिक पर्यटन प्रवर्धन गर्न सहरी क्षेत्रहरूमा विशेष प्रचारप्र-सा र र सा माजिकसञ्जालकोप्रयोग गरि ने छ ।<br>४. भारतका प्रमुख सहरहरूमा हवाई सेवा र बस सेवा सञ्चालन गर्न सङ्घीय सरकारसँग सहकार्य गरिने छ ।<br>५. काठमाडौं केन्द्रित पर्यटनलाई अन्य क्षेत्रमा पनि विस्तार गर्न काठमाडौं आसपासमा पर्यटन गन्तव्यको विकास र सहज पहुँच मार्गको विकास गरिने छ ।<br>६. पर्यटनमैत्री व्यवहार प्रवर्धनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>७. पर्यटकहरूको नक्कली उद्दार (फेक रेस्क्यू) मा संलग्न पर्यटक, पर्यटन व्यवसायी र सो कार्यमा संलग्न निकाय र व्यक्तिहरूलाई कारवाही गर्ने नीति लिइने छ । | १. केही पर्यटकीय गन्तव्यको सूचनामूलक भिडियोहरू निर्माण भई प्रशारणमा रहेको ।<br>२. कफी टेबल बुक, ब्रोशियर तथा पम्फलेट तयार पारिएको ।<br>३. मन्त्रालय तथा आयोजनाबाट निजी टेलिभिजन संस्थामार्फत पर्यटकीय सूचनामूलक श्रव्यदृष्य सामग्रीको प्रशारण हुने गरेको ।<br>४. भएको छैन् ।<br>५. चित्लाङ् -ककनी -दामन -चिम्टेश्वर -इन्द्रसरोबर नमुना पर्यटकीय गन्तव्य घोषणा गरी पूर्वाधार निर्माणको कार्य थालनी ।<br>६. भएको छैन् ।<br>७. यो पक्षमा काम भएको छैन । |

# अनुसूची ७

## सहकारी उपक्षेत्रको रणनीति तथा कार्यनीतिको कार्यान्वयन अवस्था

| रणनीति | कार्यानीति | कार्यान्वयन अवस्था |
|---|---|---|
| १. नीतिगत र संस्थागत प्रवन्ध गर्ने । | १. एकभन्दा बढी स्थानीय तह कार्यक्षेत्र भएका सहकारी संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण गरिने छ ।<br>२. बचत तथा ऋण सहकारी संस्थाले कृषि लगायतका उत्पादनशील क्षेत्रमा अनिवार्य रूपमा कम्तीमा ५० प्रतिशत लगानी प्रवाह गर्नुपर्ने व्यवस्था गरिने छ । | १. प्रदेश सहकारी ऐन २०७६ र प्रदेश सहकारी नियमावली २०७६ र प्रदेश सहकारी नियमावली २०७६ तर्जुमा भइ कार्यान्वयनमा रहेको ।<br>२. सहकारी सङ्घ/संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षणसम्बन्धी मापदण्ड २०७९ तयार भई कार्यान्वयनमको चरणमा रहेको जसमा कृषि लगायतका उत्पादनशील क्षेत्रमा अनिवार्य रूपमा कम्तीमा ५० प्रतिशत ल गानीप्रवाह गर्नुपर्ने व्यवस्था लगायतकाकु राहरू समावेश गरिएको । |
| २.उत्पादन, वितरण र सेवामूलक सहकारीलाई प्रोत्साहन र विस्तार गर्ने । | १. स्वास्थ्य, उच्च शिक्षा, पर्यटन, यातायात परिवहन, सार्वजनिक वितरण, बिमा, वातावरण संरक्षण, आवास, नवीकरणीय ऊर्जाजस्ता क्षेत्रमा सहकारीको प्रवर्धनलाई प्रोत्साहन दिइने छ ।<br>२. सङ्घीय सरकारसँग समन्वय र स्थानीय तहसँग सहजीकरण गरी सहकारी सङ्घ र महासङ्घ लगायतका निकायहरूसँग सहकार्य गर्दै सहकारीको क्षमता अभिवृद्धि र सहकारी क्षेत्रको प्रवर्धन गरिने छ ।<br>३. कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामग्री आपूर्तिका लागि स्थापना गरिएको सहकारी उद्योग/व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराइने छ ।<br>४. पशुपालनको माध्यमबाट बायोग्याँस उत्पादन गर्ने कृषि तथा दुग्ध सहकारीहरूलाई क्षमता विकास, प्राविधिक र वित्तीय सहयोग उपलब्ध गराइने छ । | १. कार्यान्वयनमा नआएको ।<br>२. सहकारी सङ्घ संस्थाको लागत साझेदारीमा सहकारी व्यवस्थापन तथा लेखा व्यवस्थापन तालिम सञ्चालन गरिएको, आ.व. २०७९ । ०८० मा उत्पादनमुलक सहकारी संस्थाको क्षमता अभिवृद्धि तथा बजारीकरणको लागि प्रविधि तथा मेसिनरी सहयोग कार्यक्रम रहेको ।<br>३. सहकारी संस्थाको संलग्नतामा शीत भण्डार र कृषि बजार निर्माण तथा सञ्चालन गरिएको, सहकारी मार्फत सहुलियतपूर्ण रूपमा कृषिकर्जा को व्यवस्था भएको ।<br>४. साविकको भूमि व्यवस्था कृषी तथा सहकारी मन्त्रालयबाट सहकारी संस्थाको संलग्नतामा चिलिङ भ्याट निर्माण तथा सञ्चालन गरिएको । |
| ३.सामूहिक कृषि उत्पादन र बजारीकरणमा सहकारीलाई | १. सहकारीतालाई कृषि प्रसार, पूर्वाधार विकास, बजारीकरण तथा स्थानीय स्रोत परिचालनको माध्यमको रूपमा विकास गरिने छ र यस्ता कार्यमा विकट भौगोलिक क्षेत्र र सीमान्तकृत समुदायलाई प्राथमिकता दिइने छ । | १. आ.व. मा 080/079 प्रदेशसह का रीनी तितर्जुमाको कार्यक्रम रहेको हुँदा सो नीतिमा यी विषयहरू समेटेर अगाडी लैजाने गरी नीतिको मस्यौदा तयार गरीने । |

| रणनीति | कार्यानीति | कार्यान्वयन अवस्था |
|---|---|---|
| प्रोत्साहित गर्ने । | २. जैविक कृषि विस्तार र विशिष्टीकरणमा सहकारीलाई प्रोत्साहन गरिने छ ।<br>३. जग्गा चक्लाबन्दी गरी सहकारी पद्धतिबाट व्यावसायिक परिमाणमा खेती गर्ने कृषकहरूको सहकारीहरूलाई प्रविधि, बिमा, र कृषि सामग्रीमा अनुदान दिइने छ ।<br>४. कृषिउपजका साथै गैरकृषिउपजहरूको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण गर्न सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिने छ ।<br>५. सहकारी थोक वजार स्थलहरूको निर्माण तथा विकासका लागि साझेदार निकायहरू तथा अन्य सरोकार सङ्घ-संस्थाहरूको सहभागितामा सञ्चालन र व्यवस्थापन गरिने छ ।<br>६. सहकारीद्वारा कृषि वस्तुको आन्तरिक आपूर्ति व्यवस्थापनका लागि शीत भण्डार, ढुवानी साधन, र थोक विक्री केन्द्रका निम्ति आवश्यक थलो र पूर्वाधारमा सहयोग प्रदान गरिने छ ।<br>७. कृषि र वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरूको सञ्चालनमा सहकारीको भूमिका अभिवृद्धि गरिने छ ।<br>८. उत्पादनका क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सहकारीलाई पुरस्कृत गरिने छ । | २. कार्यान्वयनमा नआएको<br>३. कृषकहरूको सहकारीहरूलाई प्रविधि, बिमा, र कृषि सामग्रीमा अनुदान दिने गरिएको ।<br>४. सहकारी संस्थाको संलग्नतामा शीत भण्डार र कृषि बजार निर्माण तथा सञ्चालनमा साझेदारी गरिएको, सहकारी मार्फत सहुलियतपूर्ण रूपमा कृषिकर्जा को व्यवस्था भएको ।<br>५. सहकारी संस्थाको संलग्नतामा कृषि बजार निर्माण तथा सञ्चालन गरिएको ।<br>६. सहकारी संस्थाको संलग्नतामा शीत भण्डार र कृषि बजार निर्माण तथा सञ्चालनमा साझेदारी गरिएको तथा सहकारी मार्फत सहुलियतपूर्ण रूपमा कृषिकर्जा को व्यवस्था भएको ।<br>७. सहकारी संस्थाको संलग्नतामा कृषि र वनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरूको सञ्चालनमा प्रोत्साहन गरिएको ।<br>८. अनुगमनका सूचकहरू मन्त्रालयबाट तयार भएको हुदाँ सोको प्रयोग गरी उत्कृष्ट संस्था छनौ ट गरी पुरस्कृत गर्दै लैजाने |
| ४.प्रशिक्षण, अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने । | १. सहकारी संस्थाहरूमा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनको पालनालाई प्रभावकारी बनाइने छ ।<br>२. नियमन क्षेत्राधिकार अनुसार एकल तथा संयुक्त रूपमा सहकारी संस्थाहरूको प्रभावकारी अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाई सहकारी संस्थाहरूमा सुशासन कायम गरिने छ ।<br>३. सहकारीसम्बन्धी एकीकृत आधारभूत तथ्याङ्क तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन एकीकृत सूचना प्रणालीको विकास गरिने छ ।<br>४. सहकारी क्षेत्रको प्रवर्धन गर्न अध्ययन अनुसन्धानलाई प्रोत्साहित गरिने छ ।<br>५. प्रादेशिक सहकारी तालिम केन्द्रको निर्माण गरी सहकारी सङ्घसंस्थासमेतको सहभागितामा सहकारी शिक्षा तथा तालिम कार्यक्रमलाई | १. सम्पत्ति शुद्धिकरण निवारणसम्बन्धी कानुनको पालना गराउन प्रशिक्षण तथा अनुगमन मार्फत निर्देशन गरीएको छ ।<br>२. सङ्घहरू समेतको सहभागितामा सहकारी सङ्घसंस्थाहरूको प्रभावकारी अनुगमनका लागि मापदण्ड तयार भएको, स्थानीय तहका सहकारी शाखामा कार्यरत कर्मचारीहरूको लागि सहकारी अनुगमन क्षमता अभिवृद्दिसम्बन्धी ९ दिने तालिम यस आ.व.मा प्रस्तावित रहेको ।<br>३. प्रदेशको नियमन क्षेत्राधिकारमा रहेका सहकारी सङ्घ संस्थाको प्रोफाइल तयार भएको तथा चालु वर्षमा प्रदेश भित्रको क्षेत्रको तथ्याङ्क सङ्कलन र प्रकाशन गर्ने कार्यक्रम रहेको ।<br>४. कार्यान्वयन नभएको ।<br>५. प्रदेश सहकारी सङ्घ/प्रदेश स्तरीय विषयगतसङ्घसँग साझेदारीमा सहकारी तालिम सञ्चालन भएको तथा |

| रणनीति | कार्यानीति | कार्यान्वयन अवस्था |
|---|---|---|
| | व्यापकता दिइने छ ।<br>६. सूचना प्रविधिको उपयोग गरी सहकारी सूचना प्रणालीलाई प्रभावकारी बनाई विषयगत सहकारी सञ्जालको स्थापनामा सहयोग गरिने छ ।<br>७. सहकारी क्षेत्रको विकासका लागि आवश्यक कानुनी व्यवस्था, विषयगत सहकारीको दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा एवम् उपयुक्त सङ्गठनात्मक संरचनाको निर्माण गरिने छ ।<br>८. मन्त्रालय रअन्तर्गतबाट सहकारी सङ्घ संस्थाहरूको सदस्यता तथा कर्मचारीहरूका लागि विभिन्न प्रकारका तालिमहरू सञ्चालन भएको । | सहकारी संस्थाहरूको लागत साझेदारीमा सहकारी व्यवस्थापन एवम् लेखा व्यवस्थापन तालिम सञ्चालन भएको आ.व.२०७८ । ७९ मा मात्र ७ ओटा कार्यक्रम सञ्चालन भएको ।<br>६. कार्यान्वयनमा नआएको ।<br>७. सहकारी संस्थाहरूको नियमित अनुगमन तथा उजुरी छानविन र निर्देशन दिने तथा कारवाहीको लागि लेखि पठाउने कार्य भइरहेको छ, प्रदेश सहकारी ऐन , नियम र मापदण्ड जारी भएको ।<br>८. प्रदेश सहकारी सङ्घ/प्रदेश स्तरीय विषयगतसङ्घसँग साझेदारीमा सहकारी तालिम सञ्चालन, सहकारी संस्थाहरूको लागत साझेदारीमा सहकारी व्यवस्थापन एवम् लेखा व्यवस्थापन तालिम सञ्चालन भएको आ.व.२०७८ । ७९ मा मात्र ७ ओटा कार्यक्रम सञ्चालन भएको, जिल्लास्तरीय सहकारी अन्तकृया गोष्ठी सञ्चालन, सञ्चालक समिति लेखा समिति र कर्मचारीहरूलाई तालिम २ दिने पुनर्ताजगी जनचेत)ना तालिम(सञ्चालन, सहकारी ऐन नियम र मापदण्ड सम्बन्धि अन्तर्क्रिया गोष्ठी गोष्ठी तथा) कार्यशाला)सञ्चालन, सहकारी प्रवर्धन कार्यक्रमअन्तर्गत सिलाई कटाई तालिममौरी पालन / तथासामग्रीवितरण , स्थानीय तहको सहकारी शाखामा कार्यरत कर्मचारीहरूको लागि सहकारी अनुगमन क्षमता अभिवृद्धिसम्बन्धी ९ दिने तालिम यस आ. व. मा प्रस्तावित रहेको । |

# अनुसूची ८

## शिक्षा उपक्षेत्रको रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयननको अवस्था |
|---|---|---|
| ५.१.१ शिक्षासम्बन्धी नीति, कानुन, योजना, मापदण्ड तथा पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । | • प्रादेशिक शिक्षा नीति र कानुन तर्जुमा गरी लागु गरिने छ ।<br>• विद्यालय शिक्षाको गुणस्तरमा एकरूपता कायम हुनेगरी पाठ्यक्रम विकास गरिने छ ।<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमसम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण गरी पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री उत्पादन र वितरण गरिने छ ।<br>• मापदण्डका आधारमा विद्यालय गाभ्ने, तह घटाउने, सार्ने र नक्साङ्कन कार्यमा स्थानीय तहलाई सहयोग, सहजीकरण प्रोत्साहन गरिने छ ।<br>• विद्यालयहरूको भौतिक पूर्वाधार आवश्यकताको प्रक्षेपणका साथै कार्ययोजना बनाई लागु गरिने छ ।<br>• विद्यालय तहका शिक्षकहरूको क्षमता तथा पेसागत विकासका लागि आवश्यकता प्रक्षेपण गरी विषयगत शिक्षकको माग र आपूर्तिबिच सन्तुलन कायम गर्न शैक्षिक विकास योजना तर्जुमा गरी लागु गरिने छ ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने गरी तथ्याङ्क व्यवस्थापन, समन्वय र सुदृढीकरण गरी नीति निर्माण र निर्णय प्रक्रियामा उपयोग गरिने छ ।<br>• सामुदायिक र संस्थागत विद्यालयहरूमा ऐच्छिक विषयका समान पाठ्यक्रम लागु गर्नुपर्ने व्यवस्था मिलाइने छ र पाठ्यक्रममा प्रदेशका जातजाति, संस्कृतिका विशिष्टता र भौगोलिक विविधतालाई प्रतिविम्बित गराइने छ ।<br>• शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको नतिजासँग आबद्ध गर्न स्थानीय तहसँग सहकार्य गरिने छ । | • प्रादेशिक शिक्षा नीति तथा शिक्षा ऐनको मस्यौदा तयार भई सरोकारवालाहरूसँग छलफल, सुझाव सङ्कलन सहित अन्तिम मस्यौदाको तयारी ।<br>• प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् ऐन, २०७५ प्रदेश सरकारबाट स्वीकृत भएको ।<br>• प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा प्रणालीगत सुधार गर्नका लागि कार्यान्वयनन रहेको नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना (Nepal Vocational Qualifications System-NVQS) कार्यान्वयन सम्बन्धमा नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना कार्यान्वयन कार्यविधि, २०७८ मन्त्रालयबाट स्वीकृत भई कार्यान्वयनमा रहेको ।<br>• विद्यालय गाभ्ने, तह घटाउने, सार्ने र नक्साङ्कनसम्बन्धी कार्यलाई व्यवस्थित गर्नका लागि सामुदायिक विद्यालय समायोजन प्रोत्साहनसम्बन्धी कार्यविधि, २०७८ मन्त्रालयबाट स्वीकृत भई सो बमोजिम तोकिएको मापदण्ड अनुसार विद्यालय समायोजन भएका विद्यालयहरूलाई आर्थिक वर्ष २०७७/ ०७८ मा १९ ओटा विद्यालय हरूलाई विद्यालय बसको लागि अनुदान प्रदान गरिएको । साथै डिजिटल विद्यालय निर्माण, ई-लाइब्रेरी व्यवस्थापन तथा बालमैत्री कक्षा व्यवस्थापनका लागि अनुदान सहयोग प्रदान गरिएको ।<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउनको लागि EMS Report २०७७/७८ प्रकाशन गरिएको ।<br>• पाठ्यक्रम तथा पाठ्यशामग्री विकास निर्देशिका, २०७७ बागमती प्रदेश सरकारबाट स्वीकृत भई सोको आधारमा २ ओटा ऐच्छिक विषयका पाठ्यक्रमहरू निर्माण भएको अन्य २ ओटाको मस्यौदा तयार भएको ।<br>• विद्यालयहरूमा माध्यमिक तहमा गणित, विज्ञान वा |

| रणनीति | कार्यनीति | कार्यान्वयननको अवस्था |
|---|---|---|
| | • विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय पक्षको अनुगमन गरी सुधारका लागि प्रोत्साहित गरिने छ ।<br>• सिकाइमा सहजता ल्याउन अंग्रेजी, विज्ञान, गणित र प्राविधिक लगायतका विषयमा डिजीटल पाठ्यसामग्री विकास गरी प्रयोगमा ल्याइने छ ।<br>• माध्यमिक शिक्षा उतीर्ण परीक्षा (कक्षा १०) को सञ्चालन र व्यवस्थापनका लागि संस्थागत संरचनाको स्थापना र सञ्चालन गरिने छ ।<br>• उच्चशिक्षामा सबैको सहज पहुँच पुर्‍याउन खुल्ला शिक्षा र दुरशिक्षा प्रणालीलाई संस्थागत गर्न आवश्यक व्यवस्था मिलाइने छ । | अंग्रेजी विषयहरूमा शुन्य दरबन्दी भएका २६२ विद्यालयहरूलाई शिक्षण सहयोग अनुदान प्रदान गरिँदै आएको ।<br>• माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १०) को सञ्चालन तथा व्यवस्थापनका लागि प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति (कक्षा १०) गठन गरिएकोभई कार्य अगाडि बढाइएको । साथै परीक्षा बोर्ड गठनको प्रक्रियामा रहेको ।<br>• उच्च शिक्षाको नियमन, व्यवस्थापनको लागि कानुनी र संस्थागत संरचना निर्माणको लागि प्रदेश उच्च शिक्षा ऐन, २०७८ प्रदेश सरकारबाट जारी भई प्रदेश उच्च शिक्षा परिषद्कोगठन, प्रदेश उच्च शिक्षा नियमावली तथा संस्थागत संचरना निर्माणको कार्य अघि वढाइएको । |
| ५.१.२<br>सार्वजनिक शिक्षालाई गुणस्तरीय, समावेशी, समतामूलक एवम् पहुँच योग्य बनाउने । | • विद्यालय उमेर समूहका सबै बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्न र टिकाउन स्थानीय तहसँग सहयोग र सहकार्य गरिने छ ।<br>• विद्यालय शिक्षामा पहुँच बढाउन तथा विद्यालय छाड्ने दर घटाउन विशेष किसिमका प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• आधारभूत तहमा अनिवार्य निःशुल्क शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चितताका लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गरिने छ ।<br>• मापदण्डका आधारमा पूर्ण साक्षर प्रदेश घोषणा गर्न स्थानीय तहसँगको सहकार्यमा अभियानको रूपमा विशेष कार्यक्रम (विद्यालय केन्द्रित साक्षरता अभियान, अनौपचारिक शिक्षा आदि) सञ्चालन गरिने छ ।<br>• वैज्ञानिक परीक्षा प्रणाली अवलम्बन गरी माध्यमिक तहको शिक्षण सिकाइको गुणस्तरीयताको मूल्याङ्कन गरिने छ ।<br>• योग्यता पुगेका महिलाहरूलाई शिक्षण पेसामा | • गरिब, विपन्न तथा दुर्गम क्षेत्रका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न तथा विद्यालय छाड्ने दरलाई कम गर्न ५ ओटा विद्यालयहरूमा आवासीय सुविधासहित पठनपाठनको व्यवस्था मिलाइएको । सो विद्यालयहरूमा आवासीय सुविधाको लागि भौतिक पूर्वाधार निर्माणको कार्य भइरहेको ।<br>• अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितता सम्बन्धमा विद्यालय उमेर समूहका सबै बालबालिकालाई अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चिता भएको घोषणा गर्ने स्थानीय तहलाई प्रात्साहन अनुदानको लागि आर्थिक वर्ष २०७८/७९ मा बजेटको व्यवस्था गरिएको ।<br>• बागमती प्रदेशका १३ ओटै जिल्लाहरू साक्षर घोषणा भई मिति २०७८ असोज ११ गते बागमती प्रदेशलाई ९७.२२ प्रतिशत साक्षरता सहित नेपालकै पहिलो साक्षर प्रदेशको रूपमा घोषणा गरिएको ।<br>• विद्यालयहरूको भौतिक पूर्वाधार स्तरोन्नतीका लागि विद्यालय भवन निर्माण तथा मर्मत सम्भार, विद्यालय घेराबार खेलमैदान निर्माण, शौचालय निर्माण, खानेपानी व्यवस्थापन लगायतका कार्यक्रमहरू |

| रणनीति | कार्यनीति | कार्यान्वयननको अवस्था |
| --- | --- | --- |
| | आकर्षित गर्नको लागि प्रोत्साहित गरिने छ ।<br>• महिला शिक्षकहरूको नेतृत्व विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>• प्रदेशका उत्कृष्ट सामुदायिक विद्यालयहरूलाई पुरस्कृत गरिने छ ।<br>• सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समितिका पदिधकारी र मन्त्रालय र मातहतका निकायमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिने छ । तालिम पछि अनुगमन र पेसागत सहयोग संयन्त्र बनाई परिचालन गरिने छ ।<br>• सबै सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला र इ—लाइब्रेरी सहितको स्मार्ट कक्षा सञ्चालन र स्मार्ट विद्यालय स्थापना गर्न स्थानीय तहसँग सहकार्य एवम् सहयोग गरिने छ ।<br>• सामुदायिक विद्यालयमा भएका असल अभ्यासहरूलाई अन्य विद्यालयहरूसँग आदान प्रदान गर्ने अवसरमा जोड दिइने छ ।<br>• स्थानीय तहको सहकार्यमा विद्यालय सुरक्षा तथा जोखिम न्यूनीकरणमा न्यूनतम उपायहरूको प्याकेज र विद्यालय भवन मापदण्ड निर्माण गरी कार्यान्वयन गरिने छ ।<br>• सामुदायिक र संस्थागत विद्यालयका सम्पूर्ण शिक्षकले सूचना तथा प्रविधि, भाषा र आधुनिक सिकाइ विधिसम्बन्धी तालिम लिनैपर्ने व्यवस्थाका लागि स्थानीय तहसँग सहकार्य एवम् सहयोग गरिने छ । | कार्यान्वयनन गरिएको ।<br>• विद्यालय तहका शिक्षकहरूको क्षमता तथा पेसागत विकासका लागि मागका आधारमा आधारभूत तथा माध्यमिक तहका शिक्षकहरूको शिक्षक पेसागत विकास तालिम, ICT तालिम, प्रधानाध्यापकको लागि विद्यालय व्यवस्थापन तालिम, विशेष कक्षा शिक्षकहहरूका लागि तालिम कार्यक्रमहरू सञ्चालन गरिएको । साथै शिक्षा सम्बद्ध स्थानीय तह तथा प्रदेशमा कार्यरत कर्मचारीहरूको लागि व्यवस्थापन तालिम सञ्चालन गरिएको ।<br>• सामुदायिक विद्यालयहरूमा सूचना प्रविधि प्रयोगशाला, विषयगत प्रयोगशाला स्थापनाका लागि सहयोग गरिएको । |
| ५.१.३ रोजगारी र उद्यमशीलता विकास गर्नका लागि जीवनोपयोगी, प्राविधिक एवम् व्यावसायिक शिक्षा र तालिमको विस्तार गर्ने । | • आवश्यकताको आधारमा सामुदायिक माध्यमिक विद्यालयमा कम्तीमा एक व्यावसायिक विषयको पठनपाठन गराउन स्थानीय तहलाई सहजीकरण गरिने छ ।<br>• स्थानीय तहमा व्यावसायिक सम्भाव्यतामा आधारित प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गर्न सहयोग गरिने छ ।<br>• प्राविधिक विषयका शिक्षकहरूको क्षमता | • प्राविधिक धार सञ्चालित सामुदायिक विद्यालयका शिक्षकहरूलाई विषयगत तालिम प्रदान गरिएको ।<br>• दिनेश रामजी बहुप्राविधक शिक्षालय भवन बहुवर्षीय कार्यक्रमको रूपमा निर्माण कार्य भइरहेको । जिरी प्राविधिक शिक्षालयको भवन निर्माणको कार्य सम्पन्न भएको । सञ्चालनमा रहेको शिक्षालयहरूको भौतिक पूर्वाधार विकासका लागि सहयोग प्रदान गरिएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयननको अवस्था |
|---|---|---|
| | अभिवृद्धिलाई जोड दिइने छ ।<br>• प्राविधिक तथा व्यावसायिक शिक्षाको दिगो विकासका लागि निजी क्षेत्रसँग सहकार्य गरिने छ ।<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम केन्द्रहरूको स्थापना गरी आधारभूत तहका प्राविधिक जनशक्ति उत्पादन गरिने छ ।<br>• परम्परागत सिप तथा विदेशमा सिकेको सिप र अनुभवलाई मापदण्डका आधारमा प्रमाणीकरण र उपयोग गर्ने व्यवस्था गरिने छ । | • अर्को एक ओटा वहुप्राविधिक शिक्षालय स्थापनाको लागि चालु आर्थिक वर्ष २०७९/०८० मा बजेट विनियोजन गरी कार्य अघि बढाइएको ।<br>• प्राविधिक तथा व्यावसायिक शिक्षाको कार्यान्वयनन सम्बन्धमा मन्त्रालय दिगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना १० ओटा स्थानीय तहहरूमा piloting को रूपमा र नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना प्रदेश तहमा कार्यान्वयननमा रहेको । निजी क्षेत्र रोजगारदाताहरूको सहकार्यमा कार्यक्रमहरू कार्यान्वयनमा लगिएको ।<br>• व्यक्तिले अनौपचारिक विधिबाट सिकेका ज्ञान, सिप, अनुभवको पहिचान तथा प्रमाणीकरणको लागि कार्य अघि बढाइएको । |
| ५.१.४ विशिष्टीकृत उच्चशिक्षा केन्द्रहरूको विस्तार गर्ने । | • आवश्यक सिप तथा प्रविधियुक्त जनशक्ति उत्पादन गर्न सम्भाव्यताका आधारमा प्रत्येक जिल्लामा कम्तिमा एक बहुप्राविधिक महाविद्यालयको स्थापना र सञ्चालन गरिने छ ।<br>• विश्वविद्यालयहरूलाई व्यवहारिक र प्राविधिक विषयहरूमा भौगोलिक क्षेत्रगत स्रोत र प्रसार केन्द्रका रूपमा विकास र उपयोग गर्न सहकार्य गरिने छ ।<br>• उच्चशिक्षामा अनिवार्य रूपमा कम्तीमा ६ महिनाको स्वयंसेवक सेवा कार्यक्रमलाई पाठ्यक्रमको अङ्गकै रूपमा विकास गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>• सामुदायिक क्याम्पसहरूको सुदृढीकरण गरी उच्च शिक्षाको गुणस्तर अभिवृद्धिमा जोड दिइने छ ।<br>• विश्वविद्यालय र विशिष्टीकृत अध्ययन संस्थानहरूबाट शिक्षित विद्यार्थीलाई सम्बन्धित उद्यमसँग आबद्ध गर्न सम्बन्धित निकायसँग सहकार्य गरिने छ ।<br>• प्रदेश विश्वविद्यालय र प्रदेश स्वास्थ्य विज्ञान | • बहुप्राविधिक शिक्षालय स्थापनाको कार्यलाई निरन्तरता प्रदान गरिएको ।<br>• उच्च शिक्षाको नियमन तथा व्यवस्थापनको लागि ऐन जारी भई संरचनागत विकास लगायतका कार्य अघि बढाइएको ।<br>• सामुदायिक क्याम्पसहरूको सुदृढीकरण गरी उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि सामुदायिक क्याम्पस भौतिक सबलीकरण अनुदान कार्यविधि, २०७८ मन्त्रालयबाट स्वीकृत भई आर्थिक वर्ष २०७८/७९ मा २० ओटा सामुदायिक क्याम्पसहरूलाई भौतिक सवलीकरणको लागि अनुदान प्रदान गरिएको । चालु आर्थिक वर्षमा थप २० ओटा सामुदायिक क्याम्पसहरूलाई सवलीकरणको लागि बजेट व्यवस्थापन गरिएक । साथै क्याम्पसहरूको निर्माण मर्मत सम्भारका कार्यक्रमहरू रहेको ।<br>• प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना भई सञ्चालनमा रहेकोमा हाल यो संस्था स्वास्थ्य मन्त्रालयअन्तर्गत रहेको । |

| रणनीति | कार्यनीति | कार्यान्वयननको अवस्था |
|---|---|---|
| | प्रतिष्ठानको स्थापना र सञ्चालन गरिने छ । | |

# अनुसूची ९

## स्वास्थ्य, पोषण र जनसङ्ख्या उपक्षेत्रको रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वनयको अवस्था |
|---|---|---|
| ५.२.१ स्वास्थ्यसम्बन्धी नीति, कानुन र मापदण्ड निर्माण गर्ने । | • स्वास्थ्यसम्बन्धी कानुन, नीति, रणनीति, मापदण्ड, प्रोटोकल, योजनाको निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वियन गरिने छ ।<br>• स्वास्थ्य संस्थाहरूको सेवाको स्तर र मापदण्ड निर्धारण गरिने छ ।<br>• स्वास्थ्य सेवा प्रवाहमा जनसहभागिता प्रवर्धन गर्ने नीति तर्जुमा गरिने छ ।<br>• औद्योगिक प्रतिष्ठान तथा कार्यस्थलमा व्यवसायजन्य स्वास्थ्य र सुरक्षाका उपाय र मापदण्डहरू निर्धारण गरी नियमन र पालना गराईने छ ।<br>• स्वास्थ्य विज्ञान प्रतिष्ठानहरू सञ्चालन र नियमनका लागि आवश्यक कानुनी व्यवस्था गरि कार्यान्वियनन गरिने छ ।<br>• स्वास्थ्य सेवा, औषधी र उपकरणको मूल्यलाई आवश्यक नीति निर्माण गरी व्यवस्थित गरिने छ ।<br>• अस्पतालजन्य फोहर व्यवस्थापनका लागि आवश्यक कानुन र मापदण्ड निर्माण गरी व्यवस्थित गरिने छ ।<br>• औषधी उत्पादन गर्ने स्वदेशी उद्योगहरूलाई प्रवर्धन र प्रोत्साहित गरिने छ ।<br>• जेनेरिक मेडिसिनको प्रवर्धन गर्ने नीतिगत व्यवस्था गरिने छ ।<br>• स्वास्थ्य संरक्षण र प्रवर्धनका लागि पानी, वायु, ध्वनिप्रदूषण र जलवायु परिवर्तनबाट हुने प्रतिकुल असरको प्रभावकारी नियन्त्रण गर्न मापदण्ड बनाई बहुक्षेत्रीय संयन्त्र परिचालन गरी नियमन गरिने छ । | • प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ र प्रदेश स्वास्थ्य सेवा सम्बन्धी नियमावली, २०७६ हाल कार्यान्वियनमा छ । साथै प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) नियमावली २०७९ समेत जारी भएको छ ।<br>• बागमती प्रदेश सरकारको स्वास्थ्यसम्बन्धी नीति निर्माण कार्यलाई आ.व. २०७९/०८० मा प्राथमिकतामा राखि बजेटको सुनिश्चितता सहित नीति निर्माण कार्य अघि बढाईएको छ ।<br>• बागमती प्रदेश सरकारले मिति २०७६/०२/०६गते मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको ऐन जारी गरी प्रतिष्ठानको स्थापना गरेको । प्रतिष्ठान सञ्चालनका लागि बागमती प्रदेश सरकारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना ऐन, २०७६; पदाधिकारी व्यवस्थापन तथा सेवा सुविधासम्बन्धी नियमावली, २०७७; आर्थिक प्रशासन नियमावली, २०७७; कर्मचारी सेवा, सर्त र सुविधासम्बन्धी नियमावली २०७७; अस्पताल सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७७ र शिक्षक सेवा, सर्त र सुविधासम्बन्धी नियमावली २०७७ जारी गरेको छ ।<br>• मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन , २०७६लाई संशोधन गर्न बनेको अध्यादेश २०७९ समेत जारी गरेको छ । |
| ५.२.२ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्ने । | • आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क रूपमा सबै नागरिकको पहुँचमा पुऱ्याइने छ ।<br>• दुर्गम तथा विकट ग्रामीण क्षेत्रमा आधारभूत लगायतका स्वास्थ्य सेवा शुलभ रूपमा पुऱ्याउन | • निःशुल्क आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गराउन प्रत्येक स्थानीय तहमा एक ओटा १५ शैयाको अस्पताल स्थापना तथा सञ्चालन भएको छ |

| रणनीति | कार्यनीति | कार्यान्वनयको अवस्था |
|---|---|---|
| | सङ्घीय सरकार र स्थानीय तहसँगको साझेदारीमा जनस्वास्थ्य कोष स्थापना गरी कार्यक्रम सञ्चालन गरिने छ ।<br>• स्वास्थ्य सेवाको सहज पहुँचका लागि कानुनी र नीतिगत व्यवस्था गरी व्यवधानहरू हटाइने छ ।<br>• स्वास्थ्य सेवाको पहुँच नभएका क्षेत्रमा सहज पहुँच स्थापना गर्न सामुदायिक स्वास्थ्य प्रणालीको सुदृढीकरण तथा सार्वजनिक, निजी र सहकारी साझेदारीलाई प्रोत्साहन गरिने छ ।<br>• सरकारी स्वास्थ्य संस्था र स्वास्थ्य प्रतिष्ठान र मेडीकल कलेजहरूबाट स्थानीय तहमा विशेषज्ञ स्वास्थ्य सेवा र संस्थागत क्लिनिक सञ्चालन गर्न आवश्यक समन्वय गरिने छ ।<br>• स्वास्थ्य बिमालाई प्रदेश स्वास्थ्य प्रणालीसँग समन्वयात्मक रूपमा कार्य गर्ने गरी सयन्त्र विकास, सुदृढीकरण र नियमन गरिने छ ।<br>• जीवनपथकोअवधारणा अनुरूप मातृशिशु, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिकलगायत सबै उमेर समूहका नागरिकको स्वास्थ्य सेवाका आवश्यकतालाई सम्बोधन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।<br>• आयुर्वेद एवम् वैकल्पिक चिकित्सा पद्धतिलाई विशिष्टताको आधारमा एकद्वार प्रणालीबाट सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । | । स्थानीय तहको १५ शैयाको अस्पताल सञ्चालन अनुदान स्वास्थ्य मन्त्रालयबाट निरन्तर प्रदान गरिएको छ ।<br>• स्वास्थ्य सेवाको पहुँच नभएका क्षेत्रमा सहज पहुँच स्थापना गर्न, सामुदायिक स्वास्थ्य प्रणालीको सुदृढीकरण गर्न, मातृशिशु, बालबालिका, किशोर किशोरीको स्वास्थ्य सेवाका आवश्यकतालाई सम्बोधन गर्न विशेषक्षेत्र लक्षित आयोजनाहरू सञ्चालनमा ल्याइएको ।<br>• स्वास्थ्य सेवाको पहुँच नभएका क्षेत्रमा सहज पहुँच स्थापना गर्न सङ्घीय सरकारको स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ बमोजिम स्थापना भएका आधारभूत स्वास्थ्य केन्द्रको भौतिक पूर्वाधार निर्माण, सञ्चालन अनुदान स्थानीय तहलाई व्यवस्थापन गरेकोछ ।<br>• प्राकृतिक चिकित्सा, होमियोपेथिक जस्ता वैकल्पिक चिकित्साको सेवा विस्तार गर्न नेपाल सरकारसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गरिएको छ । प्राकृतिक चिकित्सा, होमियोपेथिक जस्त वैकल्पिक चिकित्साको सेवा विस्तारका लागि मन्त्रालयमा होमियोपेथिक डाक्टरको पदपूर्तिको प्रक्रिया अघि बढाइएको छ ।<br>• चितवनको रत्ननगरमा प्रादेशिक बैद्यखाना स्थापना गरि कर्मचारी व्यवस्थापनको प्रक्रिया अघि बढाईएको छ । |
| ५.२.३<br>स्वास्थ्य संस्था र सेवाहरूको विस्तार गर्ने । | • आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सेवालाई विस्तार गरिने छ ।<br>• अस्पतालहरूलाई प्रेषण र विशिष्ठीकृत सेवा प्रवाह गर्न सक्नेगरी विकास गरिने छ ।<br>• स्थानीय तहमा अस्पताल स्थापना गर्न स्थानीय तहसँग समन्वय र सहजीकरण गरिने छ । | • अस्पतालहरूबाट प्रदान गरिने विशिष्टीकृत सेवाको पहुँच अभिवृद्धि गर्नाका लागि विगतमा रहेको ८ अस्पतालहरू (त्रिशुली अस्पताल, भक्तपुर अस्पताल, रसुवा अस्पताल, चौतारा अस्पताल, धादिङ अस्पताल, हेटौंडा अस्पताल, रामेछाप अस्पताल, सिन्धुली अस्पताल) मा आ.व. |

| रणनीति | कार्यनीति | कान्यान्वनयको अवस्था |
| --- | --- | --- |
| | • वडाहरूमा आवश्यकताको आधारमा प्रसूति सेवा सहितको स्वास्थ्य चौकी स्थापना गर्न स्थानीय तहसँग समन्वय र सहजीकरण गरिने छ ।<br>• मानसिक रोग, उच्च रक्तचाप, दीर्घ श्वास्प्रश्वास रोग,मधुमेह, मुटुरोग लगायतका नसर्ने रोगहरू तथा सडक दुर्घटनाको रोकथाम र नियन्त्रण उपायको रूपमा सचेतना र स्वास्थ्य प्रवर्धन कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्न सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिने छ ।<br>• दुर्गम र पिछडिएका क्षेत्रहरूमा स्वास्थ्य सेवालाई विस्तार र गुणस्तरीय बनाउन दुरस्वास्थ्य सेवालाई उपचार पद्धतिको रूपमा अनुसरण गरिने छ ।<br>• दुर्गम तथा ग्रामीण क्षेत्रमा घुम्ती तथा स्याटेलाइट स्वास्थ्य सेवाहरू सञ्चालन<br>• मानसिक स्वास्थ्य सेवा विस्तार गरी पहुँचलाई सहज बनाइने छ ।<br>• विद्यालय नर्स कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तह र सङ्घसँग सहकार्य गरी यसको विकास र दिगोपनाको लागि समेत आवश्यक कार्यहरू गरिने छ ।<br>• राजमार्ग क्षेत्रमा निश्चित दुरीमा अवस्थित स्वास्थ्य संस्थालाई सडक दुर्घटनाको तत्काल सम्बोधन गर्न सक्ने गरी सवलीकरण गरिने छ । | २०७६/०७७ मा ५ अस्पतालहरू (बकुलहर रत्ननगर अस्पताल, टोखा अस्पताल, बज्रबाराही चापागाईं अस्पताल, पशुपती चौलागाईं अस्पताल, मेथिनकोट अस्पताल) थप गरी हाल १३ प्रादेशिक अस्पतालबाट विशिष्टकृत सेवा सञ्चालनमा ल्याइएको छ ।<br>• स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन प्रादेशिक अस्पतालहरूको भौतिक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापनको लागि हालअस्थाई करार ,स्थाई करार प्रक्रियाबाट पदपूर्ति गरीएको छ भने स्थाई पदपूर्तिको लागि प्रदेश लोक सेवा आयोगबाट आवश्यक व्यवस्थापन भएको ।<br>• प्रदेश सरकारअन्तर्गतका १३ अस्पतालहरू पिसिआर ल्याब स्थापना १२ ओटा अस्पतालर १ जिवाजिवे प्राथमिक स्वास्थ्य केन्द्रमा अक्सिजन प्लान्ट, (booster, pipingसहितजडान, (११ अस्पतालहरूमा NICU स्थापना सेटको प्रक्रिया अघि बढेको ।<br>• प्रादेशिक अस्पतालहरूको सेवा विस्तारअन्तर्गत डायलाईसिस सेवा, अर्थोपेडिक सेवा, गाईनेकोलोजी सेवा, CEONC लागायतका सेवा स्थापना भएको ।<br>• बागमती प्रदेशअन्तर्गतका दुर्गम वडाहरूबाट प्रदान गरिने खोप तथा गाउँघर क्लिनिक सेवाकोपहुँच स्थापना गर्न र सेवाको गुणस्तर सुनिश्चित गर्नाका लागि ११९ स्थानमा गाउँघर क्लिनिक खोप क्लिनिक भवन निर्माण गरिएको ।<br>• अस्पतालको प्रेषण सेवालाई व्यवस्थित बनाउन प्रदेशस्तरीय एम्बुलेन्स डिस्प्याच सेन्टर धादिङ, हेटौंडा, धुलिखेल, काठमाडौंमा स्थापनाको प्रक्रिया अघि बढाइएको छ ।<br>• प्रशुति केन्द्रलाई वतावनुकुल बनाउन |

| रणनीति | कार्यनीति | कार्यान्वनयको अवस्था |
|---|---|---|
| | | कालिन्चोक स्वास्थ्य चौकी, दोलखा फूलखर्क ग्रामीण अस्पताल धादिङ र भाल्चे स्वास्थ्य चौकी, नुवाकोटतातोपा ;नी स्वास्थ्य जलबिरे ,चौकी प्राथमिक स्वास्थ्य केन्द्र , चितव ;सिन्धुपाल्चोकनमा जडानको सम्पन्न भएकोछ ।<br>• अति सीमान्कृत एवम् लोपोन्मुख समुदायका आमाहरूले स्वास्थ्य संस्थामा प्रशुति गराएमा र बालबालिकाहरूलाई पूर्णखोप लगाएमा प्रोत्साहन भत्ता स्वरूप रु. ५००० उत्प्रेरणा खर्च दिने व्यवस्था गरिएकोछ ।<br>• आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सेवालाई विस्तार गरिएको छ ।<br>• स्थानीय तहबाट सञ्चालनमा रहेको नगर/गाउँ अस्पतालहरू लगायतका स्वास्थ्य संस्थाहरूलाई आवश्यक औषधी, औजार उपकरण आवश्यकताको आधारका व्यवस्थापन गरिएको छ ।<br>• नसर्ने रोगको जोखिम कम गर्नका लागि मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम कार्यान्वियनमा ल्याइएको छ ।<br>• दुर्गम र पिछडिएका क्षेत्रहरूको मानसिक स्वास्थ्यको सुधारको लागि रसुवा र सिन्धुपाल्चोक जिल्लामा दुर स्वास्थ्य सेवा सञ्चालनमा ल्याइएको छ ।<br>• राजमार्ग क्षेत्रमा निश्चित दुरीमा अवस्थित स्वास्थ्य संस्थालाई सडक दुर्घटनाको तत्काल सम्बोधन गर्नका लागि राजमार्ग नजिकका स्वास्थ्य संस्थाहरूका लागि दुर्घटनाबाट घाईते हुनेको व्यवस्थापनको लागि सामग्रीको व्यवस्थाप गरिएको छ ।<br>• बागमती प्रदेशअन्तर्गत ४५९माध्यमिक विद्यालयहरूमा विद्यालय नर्स कार्यक्रम कार्यान्वियनमा छ । |
| ५.२.४ | • स्वास्थ्य जनशक्तिको ज्ञान, सिप र दक्षता विकास र | • स्वास्थ्यजन्य महामारी तथा प्रकोप, इमर्जिङ, |

| रणनीति | कार्यनीति | कार्यान्वनयको अवस्था |
|---|---|---|
| स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने । | अभिवृद्धिका लागि आवश्यक तालिम र अभिमुखीकरण लगायतका क्रियाकलापहरू योजना तथा सञ्चालन रस्वास्थ्यसम्बन्धी तालिमको नियमन गरिने छ ।<br>• स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्ड अनुसार स्वास्थ्यसम्बन्धी पूर्वाधारहरूको विकास ज्येष्ठ नागरिक, अपाङ्ग र लैङ्गिकमैत्री हुने गरी गरिने छ ।<br>• स्वास्थ्यजन्य महामारी तथा प्रकोप, इमर्जिङ, रिइमर्जिङ रोगहरूको रोकथाम तथा व्यवस्थापनको अग्रिम तयारी स्वरूप आकस्मिक कोष, जनशक्ति, औषधी तथा अन्य आवश्यक सामग्रीहरू सहितको प्रादेशिक आपतकालीन व्यवस्थापन केन्द्रको व्यवस्था गरिने छ ।<br>• स्वास्थ्यलाई हानी गर्ने सुर्तीजन्य पदार्थ, मदिरा, लागु औषध, अखाद्य वस्तुहरूको मिसावट र प्रयोगलाई न्यूनीकरण गर्न आवश्यक कानुनी व्यवस्था गरी कार्यान्वयन गरिने छ ।<br>• स्वास्थ्यलाई हानी गर्ने खाद्य पदार्थमा रहेको रासायनिक पदार्थको परीक्षणका लागि आवश्यक व्यवस्था गर्न स्थानीय तहलाई सहयोग गरिने छ । | रिइमर्जिङ रोगहरूको रोकथाम तथा व्यवस्थापनको RRT, CICTT टोली गठन तथा परिचालन गरिएको छ ।<br>जिल्लास्तरमा समन्वय व्यवस्थापन समितिको समिती गठन भएको ।<br>• प्रादेशिक आपतकालीन स्वास्थ्य व्यवस्थापन केन्द्रको स्थापना तथा सञ्चालनमा ल्याइएको छ ।<br>• स्वास्थ्य जनशक्तिको ज्ञान, सिप र दक्षता विकास र अभिवृद्धिका लागि प्रदेश स्वास्थ्य तालिम केन्द्रले विभिन्न तालिमहरू आयोजना गरी तालिम कार्यक्रम सञ्चालन गरिएकोछ ।<br>• |
| ५.२.५<br>सबै क्षेत्रको सार्वजनिक नीतिहरूको तर्जुमा र कार्यान्वयनमा स्वास्थ्यसम्बन्धी विषयहरूलाई समावेश गर्ने । | • "स्वास्थ्यसवै नीतिमा" भन्ने बिश्वब्यापी नारालाई प्रभावकारी कार्यान्वयनन गर्नका लागि बहुक्षेत्रीय समन्वय र सहकार्यको लागि निर्देशिका बनाई लागु गरिने छ । खास गरी स्वास्थ्य साक्षरता वृद्धि गर्न, खाद्य पदार्थमा विषादीको प्रयोग न्यूनीकरण र नियमन गर्न, स्वस्थ खाद्य सामग्रीको उपलब्धता गराउन, स्वस्थ वातावारणको सिर्जना गर्न, स्वच्छ पानी र सरसफाइको व्यवस्था गर्न, स्वस्थ आवास र सुरक्षित पूर्वाधारको व्यवस्था गर्न आवश्यक नीतिगत र कानुनी व्यवस्था लगायतका संयन्त्र विकास गरि सम्बधित निकायहरूसँग पैरवी, समन्वय र सहकार्य गरिने छ ।<br>• बहुक्षेत्रीय पोषण कार्यक्रमलाई स्वास्थ्यसँग आबद्ध गरी प्रभावकारी रूपमा सञ्चालन गर्न स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>• विद्यालय शिक्षामा स्वास्थ्य र सरसफाइलाई विद्यालय स्वास्थ्य कार्यक्रमसँग आबद्ध गरिने छ । | • आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमको प्राथमिकताको विषयको रूपमा "स्वास्थ्य सबै नीतिमा" अघि सारिएको छ । "स्वास्थ्य सबै नीतिमा" लाई संस्थागत गराउनका लागि विषयगत मन्त्रालयका प्रमुखसँगको अन्तरक्रिया कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्थापन भएको छ । सरोकारवालाहरूसँग पोषण प्रवर्धन तथा विषादी न्यूनिकरण अभियान कार्यक्रम मार्फत विषादी न्यूनिकरण गरी सर्ने तथा नसर्ने रोगको जोखिम न्यूनिकरण गर्न आ.व. २०७९/०८० मा बजेट व्यवस्थापन गरिएको । |

| रणनीति | कार्यनीति | कार्यान्वनयको अवस्था |
|---|---|---|
| ५.२.६<br>स्वास्थ्य क्षेत्रमा सुशासनको अभिवृद्धि गर्ने । | • स्वास्थ्य सेवालाई जनउत्तरदायी, जिम्मेवार, पारदर्शी र प्रभावकारी बनाउन सामाजिक परिक्षण, सार्वजनिक सुनुवाइ लगायतका कार्यहरूलाई निरन्तर सञ्चालन गरिने छ ।<br>• विकट क्षेत्रमा स्वास्थ्यकर्मीलाई काम गर्न प्रोत्साहित गर्न विशेष सुविधा र अवसरहरूको व्यवस्था गरिने छ ।<br>• स्वास्थ्यकर्मीको कार्यसम्पादनलाई निजको सेवासँग घनिष्ट रूपमा आबद्ध गर्ने पद्धतिको विकास गरिने छ ।<br>• वित्तीय सुशासन अभिवृद्धि गरी स्वास्थ्य क्षेत्रको वित्तीय जोखिम न्यूनीकरण गरिने छ ।<br>• एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीसँग सम्बन्धित सूचनाहरूको गुणस्तरीय र प्रविधिमैत्री सङ्कलनन, सम्प्रेषण र उपभोगलाई व्यवस्थित गर्न प्रदेश स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली विकास गरिने छ । प्रदेशको स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई स्थानीय तहको स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीसँग आबद्ध गराईने छ ।<br>• स्वास्थ्य सेवामा समयानुकुल सुधार, तथ्यमा आधारित योजना तर्जुमा गर्न एवम् नवप्रविधिको विकासका लागि अनुसन्धान र विकासलाई जोड दिँदै नीतिगत र कानुनी व्यवस्था समेत गरिने छ ।<br>• जनसङ्ख्या, भौगोलिक अवस्था र आवश्यकता समेत बिचार गरि सगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रदेश भित्रका स्वास्थ्य संस्थामा कार्य र सेवा बोझको आधारमा समयानुकुल र आवश्यक स्वास्थ्यकर्मीको पद र दरबन्दीको सर्वेक्षण, निर्धारण र व्यवस्था मिलाइ स्वास्थ्य सेवामा सुशासन कायम गरिने छ । | • स्वास्थ्य सेवालाई जनउत्तरदायी, जिम्मेवार, पारदर्शी र प्रभावकारी बनाउन सामाजिक परिक्षण, सार्वजनिक सुनुवाइ लगायतका कार्यहरूलाई निरन्तर सञ्चालनमा रहेको ।<br>• तथ्यमा आधारित योजना तर्जुमा गर्न एवम् नवप्रविधिको विकासका लागि अनुसन्धान र विकासलाई जोड दिन नीति तथा कार्यक्रममा प्राथमिकता दिईएको छ ।<br>• प्रदेश भित्रका स्वास्थ्य संस्थामा कार्य र सेवा बोझको आधारमा समयानुकुल र आवश्यक स्वास्थ्यकर्मीको पद र दरबन्दीको सर्वेक्षण, निर्धारण र व्यवस्था मिलाइ स्वास्थ्य सेवामा सुशासन कायम गर्नाका लागि O&M survey को लागि बजेट व्यवस्थापन गरिएको । |
| ५.२.७<br>स्वास्थ्यप्रवर्धन र स्वास्थ्यसम्बन्धीजनचेतनाविस्तारगर्ने । | • प्रवर्धनात्मक र उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रम स्थानीय तहसँग समन्वय र सहकार्य गरी व्यापक रूपमा सञ्चालन गरिने छ ।<br>• स्वस्थ बानी, व्यवहार र अभ्यासहरूको प्रवर्धन घर घरसम्म पुरयाउन स्थानीय तहसँगको समन्वय र सहकार्यमा शारीरिक अभ्यास र सुगठनका लागि व्यायाम हल, योगाभ्यास केन्द्र निर्माण र पैरवी गरिने | • स्वस्थ बानी, व्यवहार र अभ्यासहरूको प्रवर्धन घर घरसम्म पुऱ्याउन शारीरिक अभ्यास र सुगठनका लागि व्यायाम हल, योगाभ्यास केन्द्र निर्माणको लागि विशेष अनुदानका कार्यक्रमहरू सञ्चालन गरिएको ।<br>• पत्रु खाद्य पदार्थ (जङ्कफुड) विरुद्धको |

| रणनीति | कार्यनीति | कार्यान्वनयको अवस्था |
|---|---|---|
| | छ ।<br>• स्वस्थ बानी, व्यवहार र अभ्यासहरूको प्रवर्धन गर्न सूचना र सञ्चार प्रविधिलाई अभियानको रूपमा सञ्चालन गरिने छ ।<br>• शरीरलाई हानी पुऱ्याउने सुर्तीजन्य पदार्थ, मदिरा, रासायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य, प्रशोधित तथा तयारि खाना र पत्रु खाद्य पदार्थ (जङ्कफुड) विरुद्ध स्थानीय तहसँग समन्वय र सहकार्यका साथै आवश्यक नीतिगत र कानुनी व्यवस्था समेत गरि जनचेतनामुलक र यस्ता पदार्थहरूको तथ्यहीन र भ्रमपूर्ण प्रचार र विज्ञापनलाई नियन्त्रण र नियमन गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।<br>• खेलकुद र स्वास्थ्यलाई अभिन्न अंगको रूपमा विकास गर्न सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय, सहकार्य, पैरवी र सयन्त्रको विकास गरिने छ ।<br>• स्थानीय रूपमा उपलब्ध पौष्टिक खाना तथा पोषणलाई प्रवर्धन गरिने छ ।<br>• जीवनशैलीजन्य रोगहरू मधुमेह, दीर्घ श्वासप्रश्वास रोग,क्यान्सर, मुटुरोग र मानसिक स्वास्थ्य समस्यालाई रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य प्रवर्धन कार्यक्रमलाई प्राथमिकताकासाथ सञ्चालन गरिने छ । | अभियानलाई एक विद्यालय एक नर्समार्फत स्थानीय तहको अगुवाईमा अघि बढाईएको । |
| ५.२.८<br>प्रजनन स्वास्थ्यलाई अधिकारको रूपमा स्थापित र सुनिश्चित गर्ने । | • किशोरीगर्भ र त्यस्ता आमाबाट हुने जन्मदर घटाउने, बाल विवाह न्यूनीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• किशोर किशोरी तथा युवा युवतीका लागि जीवनोपयोगी सिप र क्षमता विकास तथा अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• सुरक्षित यौन तथा प्रजनन स्वास्थ्यलाई प्रवर्धन र व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहित गरिने छ ।<br>• लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मान्याता अनुरूप स्वास्थ्य, जनसङ्ख्या र दिगो विकास कार्यक्रमहरूमा लक्षित बर्गको सहभागितालाई सुनिश्चित गरिने छ । | • किशोरी गर्भ र त्यस्ता आमाबाट हुनेजन्मदर घटाउने, बाल विवाह न्यूनीकरण गर्न, सुरक्षित यौन तथा प्रजनन स्वास्थ्यलाई प्रवर्धन र व्यवस्थित परिवारको अवधारणालाई प्रोत्साहित गर्न विशेष क्षेत्र लक्षित कार्यक्रमहरू सञ्चालन गरिएको छ ।<br>• |
| ५.२.९<br>जनसङ्ख्या, आन्तरिक | • विकास कार्यक्रम र जनसङ्ख्याबिच सामन्जस्य कायम गर्दै जनसङ्ख्या व्यवस्थापनलाई | • जनसङ्ख्या व्यवस्थापन कार्यक्रम मार्फत जनसङ्ख्या व्यवस्थापनलाई असर गर्ने विवध |

| रणनीति | कार्यनीति | कार्यान्वनयको अवस्था |
|---|---|---|
| बसाइँसराइ र सहरीकरणलाई व्यवस्थित गर्ने । | समन्वयात्मक रूपमा सञ्चालन गरिने छ ।<br>• आन्तरिक बसाइँसराइ र सहरीकरणलाई निरुत्साहित गर्न नागरिक बसोबास गरेकै स्थानमा शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार, सडक सञ्जाल, सञ्चार, सूचना,प्रविधि र निर्माण लगायतमा समानुपातिक विकास गर्नेर रोजगारीको अवसर सिर्जना समन्वय गरिने छ ।<br>• जनसङ्ख्या तथा बसाइँसराइसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयनन गरिने छ ।<br>• जन्म, मृत्यु, विवाह, बसाइँसराइ जस्ता घटना दर्तालाई अनिवार्य गर्ने स्थानीय तहसँगको समन्वयमा गरिने छ ।<br>• जनसङ्ख्या र बसाइँसराइसम्बन्धी सूचना, तथ्याङ्क र अभिलेखलाई पारदर्शी, वैज्ञानिक, अध्यावधिक बनाउनर त्यस्ता सूचना नीति र योजना तर्जुमामा उपयोग गर्न जनसङ्ख्या र बसाइँसराइ अध्ययन तथा अनुसन्धानलाई जोड दिइने छ । | पक्ष समेटी कार्यक्रम कार्यान्वयन गर्ने कार्यक्रमहरू सञ्चालनमा रहेको । |

# अनुसूची १०

## लैङ्गिक समानता, सामाजिक समावेशीकरण र संरक्षण उपक्षेत्रका रणनीति र कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ५.३.१ लैससास नीति, पद्धति र संस्थागत संयन्त्रको स्थापना गरी क्रियाशील बनाउने । | • लैससाससम्बन्धी नीति, कानुन तथा योजनालाई संस्थागत गर्न मन्त्रालयहरूबिच समन्वय गरिने छ ।<br>• प्रदेशको लैससास रणनीति तयार गरिने छ र साथै स्थानीय तहलाईसमेत उक्त रणनीति तयार गर्न सहजीकरण गरिने छ ।<br>• लैससाससम्बन्धी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।<br>• लैससाससम्बन्धी अभिलेख व्यवस्थापनका लागि स्थानीय तहलाई सहयोग र सहजीकरण गरिने छ ।<br>• लैससास सूचकहरू तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइने छ ।<br>• सार्वजनिक निकायलाई लैङ्गिक संवेदनशील तुल्याउन नीतिगत व्यवस्था गरिने छ ।<br>• लैङ्गिक समता प्राप्तिका लागि पुरुषको सक्रिय सहभागिता सुनिश्चित गरिने छ । | • सामाजिक विकास महाशाखाको कार्यक्षेत्रः महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागारिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक रहेको छ ।<br>• महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागारिक र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकसम्बन्धी प्रदेश स्तरीय ऐन नीति नियमावली कार्यविधि बनाइने भनिएकोमा प्रदेश बाल अधिकारसम्बन्धी ऐन, २०७६ बनेर कार्यान्वयनको अवस्थामा रहेको<br>• प्रदेश स्तरीय बालअधिकार र महिला अधिकारसम्बन्धी नीतिको मस्यौदा तयार भएको<br>• अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको प्रदेश नीतिको मस्यौदा तयरा भएको । |
| ५.३.२ महिलाहरूको सशक्तीकरण र समावेशीकरणमा जोड दिने । | • महिलाहरूको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण गरी अर्थपूर्ण सहभागिता बढाउँदै लगिने छ ।<br>• लैङ्गिक हिंसाको अन्यका लागि प्रदेशस्तरीय महिला तथा सामाजिक सुरक्षा कोषको स्थापना र सञ्चालन गरिने छ ।<br>• मानव बेचबिखन तथा लैङ्गिक हिंसाबाट पीडित/प्रभावितहरूको संरक्षण र पुनर्स्थापनाका लागि अल्पकालीन र दीर्घकालीन सेवा केन्द्रहरूको स्थापना र सञ्चालन गरिने छ ।<br>• गरिब तथा विपन्न, दलित, आदिवासी जनजाती, एकल तथा अपाङ्गता भएका महिला, चेपाङ, जिरेल, सुरेल, थामी, हायु आदि जस्ता वञ्चितिमा परेका सबै समुदायका महिला तथा किशोरीको आय आर्जन, क्षमता विकास र सशक्तीकरण गर्ने | • जनप्रतिनिधिहरूलाई क्षेमता अभिवृद्धिको लागि नेतृत्व विकास तालिम सम्पन्न ।<br>• लैङ्गिक हिंसा अन्त्यका लागि लैङ्गिक हिंसा/घरेलु हिंसा तथा यौन दुर्व्यवहारबाट प्रभावित पीडितहरूको लागि अल्पकालीन सहित आश्रयसहित सेवा केन्द्रका भवन बनाउन पुँजीगत अनुदान सहयोग (सहयात्री समाज नेपाल धादिङ, राजदेवी महिला बहुउद्देशीय सहकारी संस्थाद्वारा सञ्चालित जिल्ला सेवा केन्द्र मकवानपुर, आवाज नेपाल दोलखा र हिंसा प्रभावित महिला र बालिकाको लागि अल्पकालीन सेवा केन्द्र रामेछाप) निर्माण सम्पन्न भई सञ्चालनमा रहेको ।<br>• लैङ्गिक हिंसा अन्त्यका लागि लैङ्गिक हिंसा/घरेलु हिंस तथा यौन दुर्व्यवहारबाट प्रभावित पीडितहरूको लागि अल्पकालीन आश्रयसहित जिल्ला सेवा केन्द्र, |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | गरी आर्थिक, सामाजिक विकासका कार्यक्रम सञ्चालन गरिने छ । | ग्रामीण सामुदायिक सेवा केन्द्र, मनोविमर्श सेवा केन्द्र र Safe House जस्ता सञ्चालक संस्थाहरूलाई सञ्चालन अनुदान सहयोग । |
| ५.३.३ बालबालिकाको संरक्षण गर्ने र सार्वजनिक निकायलाई बालमैत्री बनाउने । | • बाल श्रमिक र सडक बालबालिकाहरूको उद्धार र संरक्षणको आवश्यक नीति र कार्यक्रमको व्यवस्था गरिने छ ।<br>• बालबालिका तथा किशोर किशोरीहरूमाथि हुने सबै प्रकारको दुर्व्यवहार, हिंसा, शोषण र भेदभाव अन्त्यको लागि स्थानीय तह, समुदाय, विद्यालय, निजी क्षेत्र, सञ्चार जगत र बालअधिकारका क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य गरिने छ ।<br>• अनाथ, असहाय, बेवारिसे, अशक्त, अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोर किशोरीहरूको संरक्षण र प्रवर्धन गर्न संरक्षण सेवाको व्यवस्थापन गरिने छ ।<br>• कानुनी विवादमा परेका बालबालिकाको संरक्षण र बाल सुधार गृहको लागि आवश्यक व्यवस्था मिलाइने छ ।<br>• बाल क्लब, बाल समूह, किशोर किशोरी समूह जस्ता संस्थाको गठन तथा सञ्चालनलाई विस्तार गरी बालबालिका तथा किशोर किशोरीहरूको सहभागिता बढाइने छ ।<br>• सबै स्थानीय तह र प्रदेशलाई बालमैत्री सार्वजनिक निकाय बनाउने नीति र कार्यक्रमको व्यवस्था गरिने छ । | • जिल्लास्थित कार्यालयहरू नरहेकोले स्थानीय तह, सरकारी, गैर सरकारी र सहकारी संस्था तथा सञ्जाल जस्ता संस्थाहरूसँग समन्वय सहकार्यमा निरन्तर रहेको ।<br>• अपाङ्गता भएका बालबालिका, अशक्त, अपाङ्गता भएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरूको संरक्षण र प्रवर्धन गर्न संरक्षण सेवाको व्यवस्थापन (बौद्विक अपाङ्गता, अटिजम भएका बालबालिकाको संरक्षणको लागि अपाङ्गताको क्षेत्रमा काम गर्ने सङ्घ संस्थाहरूलाई चालु अनुदान कार्यक्रममार्फत संरक्षणमा क्रियासिल रहेको ।<br>• वेवारिसे, सडक बालबालिका, हराएका बालबालिकाको खोजतलास, परामर्श, परिवारको खोजी पुनर्स्थापनाको लागि १०९८ सञ्चालक संस्था सिविन काठमाडौं, मकवानपुर र दियालो परिवार चितवनको साझेदारीमा निरन्तरता ।<br>• कानुनी विवादमा परेका बालबालिकाको संरक्षण र बालसुधार (भक्तपुर र मकवानपुर) गृहमा रहेका बालबालिका जीवनोपयोगी तालिम सञ्चालन, स्वास्थ्य शिविर सञ्चालन, सिप विकास तालिम सञ्चालन, चालु आ.व.मा पनि जीवनोपयोगि तालिम सञ्चालन गरिने छ ।<br>• अनाथ बालबालिकाको संरक्षणको लागि बालगृह सञ्चालक संस्थालाई चालु अनुदान सहयोग,<br>• अनाथ बालिकाहरू संरक्षणको लागि बालिका आश्रमको भवन निर्माको लागि पुंजीगत सहयोग तथा चालु अनुदान सहयोग ।<br>• अनाथ,असहाय, बेवारिसे, अशक्त, अपाङ्गता भएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका विशेष संरक्षणका लागि प्रदेश स्तरीय दीर्घकालीन बालसंरक्षण गृह र प्रदेश स्तरीय अपाङ्ग दीर्घकालीन भवन निर्माण सम्पन्न भएको छ । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | | • बागमती प्रदेशलाई २०८० सम्म बालमैत्री प्रदेश निर्माणको नीति बनेपश्चात २०७६/२०७७ देखि प्रदेश भित्रका ११९ तहलाई बालमैत्री स्थानीय तह घोषणा प्रोत्साहान सहयोग कार्यक्रम सञ्चालन गर्न बित्तिय हस्तान्तरणमार्फत बजेट विनियोजन तथा संञ्चालनमा निरन्तरता र हालसम्म ८ ओटा स्थानीय तह बालमैत्री स्थानीय तह घोषणा भएको । |
| ५.३.४ ज्येष्ठ नागरिकहरूको सम्मान र संरक्षण गर्ने । | • ज्येष्ठ नागरिकहरूको संरक्षणसम्बन्धी सङ्घीय र प्रादेशिक कानुनहरूको पालना गर्न गराउन आवश्यक पहल गरिने छ ।<br>• हिंसा, दुर्व्यवहार र भेदभावमा परेका; मानसिक तनावमा रहेका, परेका, अशक्त, परिवारविहीन र विपन्न ज्येष्ठ नागरिकहरूको संरक्षणका लागि दिवा सेवा केन्द्र र बृद्धाआश्रमहरूमार्फत् सेवा प्रदान गर्न आवश्यक व्यवस्था गरिने छ ।<br>• ज्येष्ठ नागरिकहरूको अनुभव, सिप र ज्ञानलाई स्थानीय तह र प्रदेशको विकासमा उपयोग गर्ने नीति लिइने छ ।<br>• स्थानीय तहसँगको समन्वय र सहकार्यमा सहयोगापेक्षि सडक मानवमुक्त प्रदेश बनाउने नीति लिईने छ । | • प्रदेशस्तरिय ज्येष्ठ नागरिक नीतिको पहिलो मस्यौदा बन्ने क्रममा छ ।<br>• हिंसा, दुर्व्यवहार र भेदभावमा परेका; मानसिक तनावमा रहेका, परेका, अशक्त, परिवारविहीन र विपन्न ज्येष्ठ नागरिकहरूको संरक्षणका लागि दिवा सेवा केन्द्र र बृद्धाआश्रमहरूमार्फत् सेवा प्रदान गर्न ज्येष्ठ नागरिक आश्रम र दिवा सेवा केन्द्र सञ्चालक संस्थाहरूको साझेदारीमा भवन निर्माण तथा सञ्चालन खर्च अनुदानमा निरन्तरता ।<br>• ज्येष्ठ नागरिकमा हुने मानसिक स्वास्थ्य समस्याको लागि ज्येष्ठ नागरिक आश्रमका स्याहारकर्ताहरूलाई तालिम दिने कार्यक्रम रहेको ।<br>• बागमती प्रदेशलाई २०८० सम्म सहयोगापेक्षि सडक मानवमुक्त प्रदेश निर्माण गर्ने नीति अनुरूप मानव सेवा आश्रम, मानव कल्याण समाज, कोशिस नेपालको साझेदारीमा चालु अनुदान तथा भौतिक पूर्वाधार निर्माणमा सहयोग । |
| ५.३.५ अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण र सशक्तीकरण गर्ने । | • आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइने छ ।<br>• आम सञ्चार, सूचना र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको व्यवस्था क्रमश गर्दै लगिने छ ।<br>• स्थानीय तह र प्रदेशको विकासमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता बढाउँदै लगिने छ ।<br>• अपाङ्गता भएका व्यक्तिलाई सरकारी र निजी | • अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार सम्बन्धी प्रदेश नीति मन्त्रालयमा पेस भएको र पृष्ठपोषण लिने क्रम निरन्तर रहेको<br>• अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण तथा आर्थिक सशक्तीकरणको लागि जनचेतनामुलक कार्यक्रम र सिप विकास तालिम बिउपुजी उपलब्ध गराईएको ।<br>• राष्ट्रिय अपाङ्ग महासङ्घ बागमती प्रदेशसँगको साझेदारीमा दोभाषे सहितको अपाङ्गता सूचना केन्द्र २०७६ देखि निरन्तर सञ्चालन ।<br>• अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्ने गरी सेवाको उपलब्धता र उपकरणको लागि |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | क्षेत्रमा रोजगारी अवसर वृद्धि गरिने छ ।<br>• अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवन यापन सहज बनाउन सहायक सामग्री उत्पादनको व्यवस्था मिलाई उनिहरूको आवगमनलाई सरल र व्यवस्थित बनाईने छ ।<br>• अपाङ्गगता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि आवश्यक नीति र कार्यक्रमको व्यवस्था गरिने छ । | सहायक सामग्री वितरण गर्दै आएको ।<br>• अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गता पहिचान, परामर्श, उपचार, उपकरण जडानको लागि अपाङ्ग बाल अस्पताललाई पुँजीगत अनुदान निरन्तरता ।<br>• अपाङ्गता भएका व्यक्तिहरूको दैनिक जीवन यापन सहज बनाउन दोभाषे तालिम उपलब्ध गराईएको । |
| ५.३.६ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको अधिकार सुनिश्चित गर्ने । | • लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूमाथि हुने हिंसा, दुर्व्यवहार र सामाजिक भेदभाव अन्त्यका लागि सङ्घीय सरकार, स्थानीय तह, नागरिक संस्था, सञ्चार जगत र सरोकारवाला निकायहरूसँग सहकार्य गरिने छ ।<br>• आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइने छ । | • लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूमाथि हुने हिंसा, दुर्व्यवहार र सामाजिक भेदभाव अन्त्यका लागि प्रदेशस्तरीय नीति बन्ने क्रममा रहेको ।<br>• लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको आत्मनिर्भताको लागि मागमा आधारित सिप विकास तालिम उपलब्ध गराईएको ।<br>• आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको पहुँच सुनिश्चित गर्न प्रदेशमा बन्ने समितिमा सहभागिता गराईएको । |
| ५.३.७ दलित समुदायको सशक्तीकरण र विकास गर्ने । | • दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• जातीय भेदभाव अन्त्यका लागि सङ्घीय सरकार, स्थानीय तह, नागरिक संस्था र सरोकारवाला निकायहरूसँग सहकार्य गरिने छ ।<br>• समुदाय, स्थानीय तह प्रदेशको विकासमा दलित समुदायको अर्थपूर्ण सहभागितालाई संस्थागत गरिने छ । | • दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि मागमा आधारित सिप विकास तालिम उपलब्ध गराईएको । |
| ५.३.८ विपन्न वर्गको सशक्तीकरण र विकास गर्ने । | • विपन्न वर्ग लक्षित सङ्घीय र प्रादेशिक कानुनहरूको पालना गर्न गराउन आवश्यक पहल गरिने छ ।<br>• विपन्न वर्गको आर्थिक, सामाजिक र राजनीति सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा विपन्न र | • गरिब विपन्न सीमान्तक्रित समुदायका महिलाहरूको आर्थिक, सामाजिक र राजनीति सशक्तीकरणको कार्यक्रमहरूको लागि जनचेतनामुलक अभिमुखी कार्यक्रम र मागमा आधारित सिप विकास तालिम सञ्चालन र बिउपुँजी उपलब्ध गराईएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइने छ ।<br>• विपन्न वर्ग लक्षित कार्यक्रम र परियोजनाहरूको पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा विपन्न वर्गको सहभागितालाई सुनिश्चित गरिने छ । | |
| ५.३.९ लोपोन्मुख र सीमान्तकृत समुदायको सशक्तीकरण र विकास गर्ने । | • लोपोन्मुख र सीमान्तकृत समुदायको संरक्षणसम्बन्धी सङ्घीय र प्रादेशिक कानुनहरूको पालना गर्न गराउन आवश्यक पहल गरिने छ ।<br>• लोपोन्मुख र सीमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीति सशक्तीकरणको कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा विपन्न र सीमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाइने छ ।<br>• लोपोन्मुख र सीमान्तकृत समुदाय लक्षित कार्यक्रम र परियोजनाहरूको पहिचान, योजना तर्जुमा र कार्यान्वयनमा उनीहरूको सहभागितालाई सुनिश्चित गरिने छ । | • |
| ५.३.१० लैससास परीक्षण गर्ने । | • प्रदेश सरकार र स्थानीय तहको योजना, बजेट र प्राप्त उपलब्धिहरूको लैससास परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।<br>• प्रदेश सरकार र स्थानीय तहले तर्जुमा गरेका नीति, कानुन र मापदण्ड लैससासमैत्री बनाउन आवश्यक व्यवस्था मिलाइने छ ।<br>• प्रदेश सरकार र स्थानीय तहले विकास गरेका सार्वजनिक निकायका पूर्वाधार संरचना महिला, बालबालिका, अपाङ्गता र ज्येष्ठ नागरिकमैत्री भए नभएको परीक्षण गर्ने व्यवस्था मिलाइने छ ।<br>• महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बालबालिका, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तकृत समुदायसम्बन्धी खण्डीकृत तथ्याङ्क र प्रतिवेदन तयार गर्ने व्यवस्था मिलाइने छ । | • प्रदेश सरकारको योजना, बजेट र प्राप्त उपलब्धिहरूको लैससास परीक्षण गर्ने नीति तथा कार्यक्रममा संबोधन भएको, सो अनुसार कार्यक्रम स्वीकृत भएको, दोहोरोपना अन्त्यको लागि सम्बन्धित निकायसँग समन्वय भएको ।<br>• प्रदेशस्तरीय लैङ्गिक फोकल पर्सनको समिति बनी बैठक तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको । |

# अनुसूची ११

## युवा तथा खेलकुद उपक्षेत्रको रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयननको अवस्था |
|---|---|---|
| ५.४.१<br>युवाहरूको क्षमता विकास गरी रोजगारीसँग आवद्ध गर्ने । | • विद्यालय अध्ययन सम्पन्न गरेका युवाहरूलाई युवामुखी क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।<br>• युवाहरूलाई बजारको आवश्यकता अनुरूप जीवनोपयोगी तथा प्राविधिक शिक्षा र सिपमूलक तालिम प्रदान गरिने छ ।<br>• स्थानीय विकासका कार्यलाई युवारोजगारमुखी बनाउन प्रोत्साहन गरिने छ ।<br>• निजीक्षेत्र, गैसस र विकास साझेदारहरूसँग समन्वय गरी युवा रोजगारीलाई प्रवर्धन गरिने छ । | • १२० जना युवालाई ३९० घण्टे तालिम प्रदान गरिएको ।<br>• ८० जनालाई पूर्वरोजगार तालिम दिइएको ।<br>• ४० जनालाई लेभल एकको तालिम दिइएको । |
| ५.४.२<br>युवाको तालिम, उद्यमशीलता विकास र रोजगारीमूलक कार्यमा लगानी अभिवृद्धि गर्ने । | • युवामा प्रविधि एवम् परम्परागत सिपको आधुनिकीकरण गरी पेसाको व्यवसायीकरण गर्न र स्वरोजगारमूलक कार्यमा सहुलियत लगानी र व्याजमा अनुदान प्रदान गरिने छ ।<br>• युवाहरूको शिक्षा, तालिम तथा रोजगारी अभिवृद्धि गर्ने खालका कार्यक्रममा लगानी बढाइने छ ।<br>• युवा वैज्ञानिकहरूको पहिचान गर्दै विकासका विविध क्षेत्रमा अनुसन्धान र विकासका लागि प्रोत्साहन गरिने छ ।<br>• परम्परागत पेसामा व्यवसायीकरण गर्न लगानी अभिवृद्धि गरिने छ ।<br>• सफल युवाहरूको राम्रा सिकाइ र अनुभव हस्तान्तरण हुने गरी युवा अगुवाहरूको अन्तरक्रिया, अवलोकन भ्रमण र ज्ञान तथा अनुभव आदान प्रदानको व्यवस्था गरिने छ । | • कुनै पनि काम नभएको । |
| ५.४.३<br>शासकीय प्रक्रिया र विकास निर्माणमा युवाहरूको समावेशी | • युवाहरूमा सेवाभाव एवम् स्वयंसेवी संस्कृतिको विकास हुने गरी युवा स्वयंसेवक परिचालन कार्यक्रम सञ्चालन गरिने छ । | • २६० जना युवा स्वयंसेवक तयार गरिएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयननको अवस्था |
|---|---|---|
| सहभागिता अभिवृद्धि गर्ने । | • युवाहरूको नेतृत्व विकास गरी शासकीय जिम्मेवारी वहन गर्न सक्षम बनाउँदै लगिने छ ।<br>• विकास प्रक्रियामा युवा परिचालन गर्दा समावेशिताको सिद्धान्त अवलम्बन गरी सहभागिता सुनिश्चित गरिने छ ।<br>• विदेशबाट फर्केका युवाहरूलाई सामाजिक पुनःएकीकरण गरी आर्जित ज्ञान, सिप र दक्षताको स्वदेशमा प्रयोग गर्न आर्थिक एवम् प्राविधिक सहयोग पुऱ्याइने छ ।<br>• प्रदेश युवा परिषद्को स्थापना गरी प्रादेशिक युवाहरूको क्षमता विकास, उद्यमशिलता, रोजगार र विभिन्न क्षेत्रमा खोज र अनुसन्धानमा जोड दिइने छ । | • विदेशबाट फर्किएका २० जना युवाहरूलाई विदेशी शिप प्रयोग गरी अचार बनाउने तालिम प्रदान गरिएको । |
| ५.४.४<br>सबै प्रादेशिक नीतिहरूमा युवाका आवश्यकतालाई समावेश गर्ने । | • प्रादेशिक युवा नीति र रणनीतिको तर्जुमा गरिने छ ।<br>• हरेक क्षेत्रगत नीतिहरू तर्जुमा गर्दा युवाहरूको आवश्यकताहरूलाई सम्बोधन गरिने छ ।<br>• वातावरण संरक्षण, द्वन्द्व व्यवस्थापन, सामाजिक परिचालन जस्ता बहुसरोकारका विषयहरूमा युवासहभागिता र परिचालनलाई प्राथमिकता दिइने छ । | • प्रदेश युवा युवा नीतिको मस्यौदा तयार गरिएको , अन्तिम रूप दिने अवस्थामा रहेको । |
| ५.४.५<br>खेलकुद पूर्वाधार निर्माण र विस्तार गर्ने । | • गुणस्तरयुक्त खेलकुद पूर्वाधारहरूको विकास गर्न लगानीमा वृद्धि गरिने छ ।<br>• जिल्लामा रङ्गशाला र प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको रङ्गशाला निर्माण गरिने छ ।<br>• निर्वाचन क्षेत्रमा कभर्ड हलको व्यवस्था गरिने छ ।<br>• विद्यालय खेलमैदान र स्थानीय तहमा बहुउद्धेश्यीय खेलकुदस्थल निर्माण गर्न स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>• परम्परागत खेलकुदको पहिचान र प्रवर्धन गरिने छ ।<br>• साहसिक खेलकुदका सम्भाव्य क्षेत्रहरू (साइक्लिङ, हाइकिङ, बञ्जीजम्पिङ, जिपफ्लायर, प्याराग्लाइडिङ आदि) स्थानहरू पहिचान गरी आधारभूत पूर्वाधारहरू विकास | • लगानी वृद्धि गर्दै  लगिएको ।<br>• ७ जिल्लामा रगशाला निर्माण भई सकेको, ६ जिल्लामा निर्माणाधीन रहेको,<br>• मकवानपुरको गौरीटार रगशाला अन्तराष्ट्रिय स्तरमा निर्माणाधीन रहेको ।<br>• चितवन, नुवाकोट र रामेछापका विद्यालयमा खेलमैदान निर्माण भएको ।<br>• साइक्लिङको लागि रसुवा र दोलखा तथा वन्जिजम्पको लागि सिन्धुपाल्चोक पहिचान गरिएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयननको अवस्था |
|---|---|---|
| | र प्रवर्धन गरिने छ । | |
| ५.४.६ व्यावसायिक खेलकुदको विकासलाई संस्थागत गर्ने । | • प्रादेशिक खेलकुद नीति र रणनीतिको तर्जुमा गरिने छ ।<br>• भौगोलिक सम्भाव्यताका आधारमा विभिन्न भौगोलिक क्षेत्रहरूलाई खेलकुद हवको विकास गरिने छ ।<br>• अन्तर्राष्ट्रिय प्रतियोगिता हुने कम्तीमा ५ खेललाई प्राथमिकतामा राखी उक्त खेलहरूको विकास गर्न भौगोलिक क्षेत्र केन्द्रित विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>• व्यावसायिक खेलकुद क्लबहरू स्थापना गर्न प्रोत्साहित गरिने छ ।<br>• व्यावसायिक कम्पनीहरूलाई खेलकुद कार्यक्रमहरूको परियोजना तथा खेलकुद क्लबहरूको गठनमा सामाजिक उत्तरदायित्व कोषहरूको परिचालन गर्न प्रोत्साहन गरिने छ ।<br>• फरक क्षमता भएकाहरूको विशिष्टीकृत खेलकुद प्रतियोगिताहरूको परियोजना गर्ने र उनीहरूलाई खेलकुदप्रति आकर्षित गरिने छ ।<br>• "सबैका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद" भन्ने नारालाई सार्थक बनाउन प्रदेश खेलकुद विकास परिषद गठन गरी प्रत्येक २ वर्षमा प्रादेशिक खेलकुद कार्यक्रम सञ्चालन गरिने छ । खेलाडीहरूको व्यावसायिक जीवनको संरक्षण गरिने छ ।<br>• जनसहभागिता र स्थानीय तहसँगको सहकार्यमा स्थानीयस्तरका खेलकुद पूर्वाधार निर्माणलाई प्रोत्साहित गरिने छ ।<br>• खेलकुद क्षेत्रमा अन्तरसरकार तथा निजीक्षेत्रसँग सहकार्य र समन्वय गरिने छ ।<br>• तुलनात्मक सम्भावनाका खेलहरू | • प्रादेशिक खेलकुद नीतिको लागि मस्यौदा समिती गठन गरिएको ।<br>• भौगोलिक क्षेत्रको रूपमा खेलकुद विकासको लागि दोलखा, रसुवा तथा धादिगका रुबीभ्याली पहिचान गरिएको ।<br>• काठमाडौंमा क्लबहरू स्थापना गर्न प्रोत्साहन गरिएको ।<br>• कार्यक्रम बनाउने प्रयास भई रहेको ।<br>• नेत्रहिन क्रिकेट र प्यारा आलम्पिक कमिटीसग सहकार्य गरिएको ।<br>•<br>• २०७८ मा सम्पन्न गरिएको २०७९ को फागुनमा सम्पन्न गर्न लागिएको ।<br>•<br>• नियमावलीमा व्यवस्था भई कार्यान्वयनको चरणमा रहेको ।<br>•<br>• तीन दिन ९ ओटा खेलकुद चितवन भरतपुरमा सुरु गरिएको ।<br>•<br>• छैन ।<br>•<br>• छैन ।<br>•<br>• माध्यमिक विद्यालयमा खेलकुद शिक्षक व्यवस्थापन गर्न बजेटको व्यवस्था गरिएको ।<br>•<br>•<br>•<br>•<br>•<br>•<br>• कार्यान्वयनको चरणमा रहेको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
| --- | --- | --- |
| | )हात्तीपोलो, प्यराग्लाइडिङ, बन्जिजम्पिङ, क्रिकेट, उचाइमा भलिबल प्रतियोगिता ( सञ्चालन, प्रतियोगिता परियोजना तथा प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• अन्तर स्थानीय तह, प्रादेशिक, अन्तर प्रादेशिक, अन्तर महाविद्यालयस्तरका खेलकुद प्रतियोगिताहरू परियोजना गरिने छ ।<br>• विद्यालय तहदेखि नै प्रतिभावान् खेलाडीको पहिचान गरी खेलकुद क्षेत्रमा प्रतिभा प्रस्फुटनको अवसर प्रदान गरिने छ । | |

# अनुसूची १२

## भाषा, संस्कृति र कला उपक्षेत्रको रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ५.५.१ पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संवर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण गर्ने । | १. ऐतिहासिक, प्राकृतिक एवम् पुरातात्विक सम्पदाहरूको मर्मत र सम्भार गरिने छ ।<br>२. प्रदेश सङ्ग्रहालयको स्थापना गरी स्थानीय कला, भाषा, लिपि, संस्कृति र ऐतिहासिक वस्तुहरू प्रदर्शनको व्यवस्था मिलाइने छ ।<br>३. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रमहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदायस्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।<br>४. परम्परादेखि लाग्दै आएका ठुला मेलाहरूको उचित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइने छ । | १. केही यस्ता ठाउँहरूमा मर्मत सम्भारका कार्यहरू भएका छन् ।<br>२. साँस्कृति मुद्रा सङ्ग्रहालय,दोलखा, रुट आर्ट सङ्ग्रहालय, सिन्धुली र विभिन्न थारु सङ्ग्रहालयहरू चितवन ।<br>३. भएको छैन ।<br>४. केही प्राविधिक तथा आर्थिक सहयोग भएका छन् । |
| ५.५.२ भाषा, साहित्य र कलाको संरक्षण र विकास गर्ने । | १.मातृभाषा, लोक साहित्य, आधुनिक साहित्य, लोक सङ्गीत, आधुनिक सङ्गीत, लोक नाट्य र ललितकलाको अनुसन्धान, संरक्षण र विकासको लागि स्वायत निकायको रूपमा "भाषा, साहित्य तथा कला प्रज्ञा प्रतिष्ठान" को गठन गरिने छ ।<br>२.सामाजिक जागरण, राष्ट्रिय जागरण र परिवर्तनमुखी साहित्य र कलाको संरक्षण र विकास गरिने छ ।<br>३.भाषा, साहित्य, नाट्यकला, सङ्गीत र ललितकलाको क्षेत्रमा योगदान पुऱ्याउने सङ्घ तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अध्यावधिक गरिने छ ।<br>४.भाषा, साहित्य र कला प्रवर्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।<br>५.भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक-सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गर्ने व्यक्तिहरूलाई सम्मानित र पुरस्कृत गरिने छ ।<br>६.गायन, सङ्गीत, नृत्य र नाटकसम्बन्धी व्यावसायिक र गैरव्यावसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एक रूपता कायम गरिने छ ।<br>७.सबै जातजातिको भाषा, संस्कृति, कला आदिको संरक्षण गर्न सङ्ग्रहालयको स्थापना गर्न आवश्यक व्यवस्था मिलाइने छ । | १. गठन भएको छैन ।<br>२. गरिएको छैन ।<br>३. गरिएको छैन ।<br>४.नेवारी र तामाङ भाषालाइ सरकारी कामकाजको पनि भाषा बनाउने नितीगत पकृया अघि वढेको छ ।<br>५. गरिएको छैन ।<br>६.एकरूपता कायम गर्ने सम्बन्धी काम भएको छैन ।<br>७. चितवनमा थारु सङ्ग्रहालय र नुवाकोटमा तामाङ सङ्ग्रहालयको काम भएको छ । |
| ५.५.३ विभिन्न भाषा, | १.लोपोन्मुख स्थानीय कला, भाषा, लिपि र संस्कृतिको अभिलेखीकरण गरी संरक्षाणात्मक र विकास गरिने छ । | १.यस सम्बन्धी काम भएको छैन । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| भाषिका, लिपिको पहिचान गरी तिनीहरूको संरक्षण एवम् उत्थान गर्ने । | २.भाषा, कला, लिपि र संस्कृतिलाई अभ्यास र स्थानीय सघनताका आधारमा समूहिकृत गरी विकास र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिने छ । | २. गरिएको छैन । |
| ५.५.४ परम्परागत मौलिक कला र लोक सङ्गीत, नृत्य, नाट्य लगायतका प्रदर्शनकारी लोक कलाहरूको संरक्षण, अनुसन्धान र विकास गर्ने । | १.विभिन्न जाति र समुदायका लोकगीत, लोककथा, नाट्यकला, परम्परागत भजन लगायतका लोक साहित्यका विभिन्न विद्याहरूको सर्वेक्षण, सङ्कलन, अध्ययन, संरक्षण र प्रवर्धन गरिने छ ।<br>२.प्रदेशको स्थानीय र परम्परागत मौलिक कला र संस्कृति र सम्पदाको संरक्षणमा योगदान दिने व्यक्ति, संस्था र समुदाय वा स्थानीय तहलाई प्रोत्साहित र सम्मानित गरिने छ । | १. गरिएको छैन ।<br>२. गरिएको छैन । |
| ५.५.५ मूर्त तथा अमूर्त सम्पदा, भाषा र लिपिको संरक्षणमा उत्प्रेरित गर्ने । | १.स्थानीय कला, भाषा, लिपि, लोक संस्कृतिको संरक्षणमा सम्बद्ध समुदायलाई उत्प्रेरित गर्न स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>२.भाषा, संस्कृति, लोक साहित्य, कला जस्ता मूर्त तथा अमूर्त सम्पदाको संरक्षणमा विद्यालय/शिक्षण संस्थाहरू, सञ्चार माध्यम र नागरिक समाजको भूमिका प्रभावकारी बनाइने छ । | यस सम्बन्धी काम भएको छैन । |
| ५.५.६ मौलिक भाषा, संस्कृति र कलासम्बन्धी सामग्री शैक्षिक पाठयक्रममा समावेश गर्ने । | १.मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइने छ ।<br>२.मातृभाषासम्बन्धी जानकारीलाई आधारभूत पाठयक्रममा समावेश गरिने छ ।<br>३.लोक तथा परम्परागत संस्कृतिसम्बन्धी जानकारी विद्यालय तहको पाठयक्रममा समावेश गरिने छ । | यस सम्बन्धी काम भएको छैन । |

# अनुसूची १३

## सहरीकरण उपक्षेत्रका रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.१.१<br>काठमाडौं उपत्यकाको दीर्घकालीन विकास सोचसँग मेल नखाने क्रियाकलापहरूलाई उपत्यका बाहिर विकेन्द्रित गर्ने । | • काठमाडौं उपत्यकाको दीर्घकालीन विकास अवधारणालाई सङ्घीयता, बढ्दो सहरी व्यवस्थापनका चुनौती र प्रदेशको आवधिक योजना अनुकूल पुनरावलोकन र कार्यान्वयन गर्न सङ्घीय सरकार र स्थानीय तहहरूसँग समन्वय गरिने छ ।<br>• चितवन, हेटौंडाजस्ता दोस्रो तहका सहरहरूमा सशक्त (स्मार्ट) सहर योजना कार्यान्वयन गरिने छ । जग्गा एकीकरण प्रणाली अवलम्बन गरी स्वास्थ्य, शिक्षा, उद्योग, यातायात र आवासजस्ता विशिष्टीकृत सामाजिक-आर्थिक पूर्वाधार संरचना र सहरी सेवाहरूको विकास र प्रवर्धन गरिने छ ।<br>• सम्भाव्य पर्यटकीय केन्द्रहरूमा सशक्त सहर योजना कार्यान्वयन गरिने छ ।<br>• बस्ती विकास, जग्गा एकीकरण, निर्देशित जग्गा विकास र भवन एकीकरण जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• साना सहर तथा बजार केन्द्रहरूमा आधारभूत सहरी पूर्वाधार सुविधा, आर्थिक अवसरहरूको विकास र प्राकृतिक प्रकोपबाट बच्ने सुरक्षासम्बन्धी उपायहरू कार्यान्वयन गर्ने गरी एकीकृत बस्ती विकासको प्रवर्धन गरिने छ । | • समन्वय बैठक नभएको ।<br>• स्वीकृत कार्यक्रममा नरहेको ।<br>• स्वीकृत कार्यक्रममा नरहेको ।<br>• स्वीकृत कार्यक्रममा नरहेको ।<br>• एकीकृत बस्ती विकास कार्यविधि स्वीकृत भएको तर कार्यान्वायनमा आएको । |
| ६.१.२<br>पूर्वाधार विकासलाई भौतिक योजनाद्वारा निर्देशित गर्ने । | • भौतिक योजना तर्जुमा, स्वीकृति र कार्यान्वयनसम्बन्धी निर्देशिका बनाई कार्यान्वयन गरिने छ ।<br>• स्थानीय तहमा भू-उपयोग योजना अनुरूप पूर्वाधार निर्माण तथा विस्तारलाई प्रोत्साहन गरिने छ ।<br>• सहरी चाप बढी हुने सडक सञ्जालमा आकाशे पुल र अन्डरपासको निर्माण गरिने छ ।<br>• जिरी र स्याफ्रुवेंशी लगायतका स्थानहरूमा स्मार्ट सहर र जग्गा विकासका योजनाहरू सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । | • निर्देशिका तयार नभएको ।<br>• स्वीकृत कार्यक्रममा नरहेको ।<br>• केही आकाशेपुल निर्माण स्वीकृत कार्यक्रममा रहेको<br>• स्वीकृत कार्यक्रममा नरहेको । |
| ६.१.३<br>सहरहरूको एकीकृत विकास गर्ने । | • राजमार्ग, औद्योगिक र व्यापारिक क्षेत्र समेटेर आवश्यकताअनुसार नयाँ सहर र आर्थिक कोरिडोरहरूको विकास गरिने छ ।<br>• एकीकृत सहरी विकासको लागि सङ्घ, प्रदेश, स्थानीय तह, निजीक्षेत्र र समुदायसँग सहकार्य गरिने छ ।<br>• स्थानीय विशेषता अनुरूप नयाँ सहरको विकास गरिने छ । | • स्वीकृत कार्यक्रममा नरहेको ।<br>• छैन |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | • व्यवस्थित सहर विकासको लागि वैदेशिक लगानी आकर्षित गर्ने व्यवस्था मिलाइने छ ।<br>• सङ्घीय सरकार र स्थानीय तहसँगको सहकार्यमा काठमाडौं उपत्यकाको सहरी विकासको लागि विशेष योजना बनाई कार्यान्वयन गरिने छ ।<br>• सहरी क्षेत्रबाट उत्सर्जन हुने मानव मलमूत्र लगायतका जैविक फोहरको व्यवस्थापन गरिने छ ।<br>• सहरी गरिब परिवारको लागि आवास र आधारभूत पूर्वाधार र अन्य सेवासुविधाको व्यवस्था गर्न स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>• सङ्घ र स्थानीय तहसँगको सहकार्यमा सहरी नदी प्रणालीलाई स्वच्छ, व्यवस्थित र मनोरम क्षेत्रको रूपमा विकास गर्ने योजना सञ्चालन गरिने छ । | • स्वीकृत कार्यक्रममा नरहेको ।<br>• छैन<br>• स्वीकृत कार्यक्रममा नरहेको<br>• स्वीकृत कार्यक्रममा नरहेको<br>• छैन |

# अनुसूची १४

## यातायात उपक्षेत्रका रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.२.१<br>यातायात पहुँच (एक्सेसिबिलिटी) र गतिशीलता (मोबिलिटी) मा सुधार गर्ने । | • प्रादेशिक यातायात गुरूयोजना तर्जुमा गरिने छ ।<br>• प्रदेशस्तरीय सडकहरूको अधिकार क्षेत्र तथा कोरिडोरको चौडाई यकिन गरी सोको परिभाषा, छनोट एवम् नामावली तयार गरिने छ ।<br>• सबै स्थानीय तहको केन्द्रसम्म पक्की सडक निर्माण गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>• प्रादेशिक र स्थानीय तहको केन्द्र जोड्ने सडकको नियमित तथा पटके मर्मत सम्भारलाई प्राथमिकता दिइने छ ।<br>• अन्तरप्रदेश, अन्तरसहरी लामो दुरीका ठुला बस तथा मालबाहक सवारी साधनहरूको पार्किङ तथा मर्मत सुविधाहरूसहितको बहुउद्देश्यीय क्षेत्रीय लजिस्टिक अटोपार्क र क्षेत्रीय बसपार्कको विकास गर्न स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>• आवागमनलाई सहजीकरण गर्न लिङ्क सडक, बाइपास, र टनेल निर्माण गरिने छ<br>• पहुँच र गतिशीलता बढाउन तथा दुरी र लागत कम गर्न रणनीतिक महत्त्वका भीमफेदी-कुलेखानी लगायतका सुरुङमार्गहरूको निर्माणलाई प्राथमिकता दिइने छ । | • ड्राफ्ट तयार भएको<br>• प्रदेश सार्वजनिक सडक ऐन, २०७८ मा तोकिएको<br>• निर्माण कार्य भइरहेको<br>•<br>• सडक हेरालुद्वारा नियमित मर्मत सम्भार कार्यको सुरुआत गरिएको<br>•<br>• नभएको<br>• रासी बाईपास निर्माणाधिं रहेको<br>• डी.पी.आर. तयार भई आयोजना कार्यालय स्थापना भएतापनि हाल स्थगित रहेको<br>• |
| ६.२.२<br>सडक सञ्जाल सुधार गर्ने । | • सडक तथा पुल निर्माणको लागि पर्याप्त अध्ययन तथा अनुसन्धान गरिने छ ।<br>• वातावरणमा न्यूनतम क्षति हुनेगरी आर्थिक प्रतिफल पाउने सुनिश्चित गरेर मात्र ठुला सडक तथा पुलहरू निर्माण गर्ने व्यवस्था मिलाइने छ ।<br>• बायो इन्जिनियरिङ लगायतका उपयुक्त प्रविधिलाई उपयोग गरी सतही भूक्षय नियन्त्रण गरिने छ ।<br>• निजी क्षेत्र र अन्य विकास साझेदारहरूको आर्थिक सहभागितासहितको विशेष साङ्गठनिक संयन्त्र (स्पेशल पर्पोस भेहिकल) बनाई प्रादेशिक नयाँ यातायात संरचनाहरूको विकास गरिने छ । | • प्रदेश वातावरण संरक्षण ऐन, २०७७ बमोजिम सडक तथा पूल निर्माणको वातावारणीय अध्ययन गरिएको<br>• डी.पी.आर. मा नै समावेश गरी कार्यान्वयन गरिएको<br>• छैन |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.२.३ प्रादेशिक सडक र संरचनाहरूलाई व्यावसायिक सिद्धान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने । | • प्रादेशिक भौतिक योजना अनुरूप अन्तर-सहरी रणनीतिक सडक र पक्की तथा झोलुङ्गे पुलहरूको अवस्था बारे सूची (इन्भेन्ट्री) तयार गरिने छ र आवश्यक मर्मत सम्भारका लागि प्राथमिकता निर्धारण गरिने छ ।<br>• सडक संरचना मर्मत सम्भारको निम्ति निश्चित बजेट प्रदेशले नै छुटयाई वा प्रयोगकर्ताबाट नै निर्धारित शुल्क उठाई संरचनाहरूको (डिजाइन) कार्य क्षमता बनाइ राख्ने विधिमा आधारित सक्रिय (प्रो-एक्टिभ) मर्मत सम्भार व्यवस्था (पर्फमेन्स बेस्ड मेन्टेनेन्स) मिलाइने छ र सोका लागि आवश्यक सहकार्य गरिने छ | • इन्भेन्ट्री तयार भइरहेको<br>•<br>•<br>• नभएको<br>• |
| ६.२.४ यातायात व्यवस्थापन प्रणालीलाई व्यवस्थित गर्ने । | • यातायातसम्बन्धी नीति, कानुन र मापदण्ड तयार गरिने छ ।<br>• रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रणालीको विकास र प्रवर्धन गरिने छ ।<br>• नारायणी नदीमा क्रुजसिप र जेट/मोटरबोट आदि सञ्चालन हुने व्यवस्था मिलाइने छ ।<br>• हेटौंडा काठमाडौं रज्जुमार्ग सञ्चालन गरी आपूर्तिको व्यवस्था सहज बनाइने छ ।<br>• दिगो तथा वातावरणमैत्री सवारी साधनको प्रयोगका लागि नीतिगत व्यवस्था गरिने छ ।<br>• सार्वजनिक यातायात सञ्चालनमा स्थानीय तह, निजी क्षेत्र र सहकारीसँग सहकार्य गरिने छ । | • प्रदेश सवारी तथा यातायात व्यवस्थापन ऐन २०७५<br>• सवारी चालक अनुमतिपत्र परीक्षा सन्चालन प्रोत्साहन भत्तासम्बन्धी कार्यविधि, २०७८<br>• सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनोट तथा सञ्चालन) कार्यविधि, २०७८<br>• सार्वजनिक यात्रुवाहक विद्युतीय ट्याक्सी सेवाको गुणस्तर, सन्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८<br>• प्रदेश भित्र सञ्चालन हुने (ट्याक्सी बाहेकका) साना यात्रुबाहक सार्वजनिक सवारी साधनको गुणस्तर, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७९ |

# अनुसूची १५

## उर्जा उपक्षेत्रको रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.३.१<br>प्रदेश भित्र सबै भौगोलिक क्षेत्रमा ऊर्जालाई भरपर्दो र सुलभ बनाउने । | • जलविद्युत् उत्पादन बढाउन सङ्घ, स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरिने छ ।<br>• बहुउपयोगी जलाशययुक्त, रन अफ रिभर, लघु जलविद्युत् परियोजनाहरूको विकास गरिने छ ।<br>• बिजुलीको पहुँच नपुगेका क्षेत्रमा विद्युत् प्रसारण लाइनको विस्तार गर्न सहयोग गरिने छ ।<br>• साना जलविद्युत् परियोजना र नवीकरणीय तथा वैकल्पिक ऊर्जालाई प्रवर्धन गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>• ऊर्जा उत्पादनमा निजी क्षेत्रको भूमिकालाई बढावा दिइने छ । | • जलविद्युत् परियोजना र जलविद्युत् उत्पादन नभएको ।<br>• बिजुलीको पहुँच नपगेकोमा वितरण लाईनको विस्तार गरेको ।<br>• सङ्घ र स्थानीयको सहकार्यमा काम अगाडी बढाइको । |
| ६.३.२<br>ऊर्जाको वृहद् प्रयोगमा जोड दिने । | • सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरी यातायात, कृषि, तथा उद्योगको आधुनिकीकरणमा विद्युत्को उपयोग गर्ने नीतिगत व्यवस्था गरिने छ ।<br>• आधारभूत स्वास्थ्य, गरिबी निवारण जस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, लिफ्टसिँचाइ, घरेलु उद्योग लगायतको क्षेत्रमा खपत हुने बिजुलीमा सहुलियत प्रदान गर्ने व्यवस्था मिलाइने छ । | • विद्युत् ऐनको मसौदा तयार भएको ।<br>• |
| ६.३.३<br>वि. सं. २०८५ सम्ममा पेट्रोलियममा निर्भर यातायातका साधनहरूलाई क्रमशः विस्थापन गर्ने । | • हाइब्रिड प्रविधि र बिजुलीबाट चल्ने सार्वजनिक तथा निजी यातायातका साधनहरूलाई उचित सहुलियत दिई प्रवर्धन गर्न चरणबद्ध योजना बनाईलागु गरिने छ ।<br>• निजीक्षेत्र समेतको सहभागितामा विद्युतीय सवारी साधनहरूको लागि चार्जिङ्स्टेशनहरूको स्थापना र सञ्चालन गरिने छ । | • |

# अनुसूची १६

## दूरसञ्चार उपक्षेत्रको रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.४.१ प्रदेशभित्र सूचना सञ्चार प्रविधि सेवाहरूलाई सरल र सुलभ बनाउने । | • सबै स्थानमा दूरसञ्चार सेवा विस्तार गरिने छ ।<br>• सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरी आवश्यक वडाहरूमा "इ-भिलेज" स्थापना गरिने छ ।<br>• सरकार र सरकाबिचको सहकार्य, सरकार र व्यावसायिक/निजी संस्थाबिचको सहकार्य तथा सरकार र समुदायबिच सहकार्यको सम्भाव्यतालाई अध्ययन गरी संरचनाहरूको विस्तार र सेवाहरूलाई संस्थागत गरिने छ ।<br>• दूरसञ्चार सेवा नपुगेका वडाहरूमा सो सेवा पुऱ्याउन सेवा प्रदायक संस्थाहरूलाई सहजीकरण गरिने छ । | • ई-भिलेज कार्यक्रम कार्यान्वयन नभएको ।<br>• यस आ.व.मा अपाङ्गमैत्री बेबसाइट निर्माण गर्ने योजना भएको । |
| ६.४.२ प्रदेश सरकार र स्थानीय तहको प्रभावकारी व्यवस्थापनका लागि विद्युतीय शासन (इ-गभरनेन्स) क्षमता विकास गर्ने | • प्रदेश सरकारको विद्युतीय शासन क्षमता विकास गर्न व्यावसायिक योजना बनाई कार्यान्वयन गरिने छ ।<br>• स्थानीय तहको विद्युतीय शासन क्षमता विकास गर्न व्यावसायिक योजना बनाई कार्यान्वयन गर्न सहजीकरण गरिने छ ।<br>• सूचना प्रविधि पूर्वाधारहरूको निर्माण तथा विकास गरिने छ । | • प्रदेशले गरेको निर्णयहरू बेबसाइट मार्फत प्रकाशन गर्ने गरेको ।<br>• प्रदेश सरकारका मन्त्रालयहरूको बेबसाइट अद्यावधिक गर्ने गरिएको । |

# अनुसूची १७

## सिँचाइ उपक्षेत्रको रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.५.१<br>उपयुक्त प्रविधिमा आधारित सिँचाइ प्रविधिको प्रयोग गरी सिँचाइ सुविधा विस्तार गर्ने । | • सिँचाइको दीर्घकालीन गुरूयोजना/रणनीतिक योजना निर्माण गरिने छ ।<br>• सङ्घीय सरकारबाट अध्ययन भइसकेका मझौला तथा बहुउदेश्यीय सिँचाइ परियोजनाहरूलाई प्राथमिकता दिई कार्यान्वयन गर्न सङ्घीय सरकार, स्थानीय तह र समुदायसँग सहकार्य गरिने छ ।<br>• विभिन्न क्षेत्रमा उपयुक्तताको आधारमा सतह सिँचाइ, स्यालो तथा डिपट्युववेल सिचाई तथा नयाँ प्रविधिमा आधारित सिँचाइ योजनाहरूबाट संयोजनात्मक रूपमा खेतियोग्य जमिनमा दिगो, भरपर्दो र वर्षभरी सिँचाइ सुविधाको प्रवन्ध गरिने छ ।<br>• बहुउद्देश्यीय सुनकोसी-मरिन डाइभर्सन सिँचाइ परियोजनाबाट लाभ लिनको लागि सङ्घीय सरकार तथा स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>• सिँचाइका लागि वर्षातको पानी सङ्कलन, पोखरी, तालतलैया, सिमसार र जलाधार क्षेत्रको संरक्षण तथा सुदृढीकरण गरिने छ ।<br>• सिँचाइ प्रणालीलाई सरकारी निकायद्वारा व्यवस्थापन गर्ने प्रणाली (एजेन्सी म्यानेज्ड इरिगेशन सिस्टम)बाट किसानद्वारा व्यवस्थापन गर्ने प्रणाली (फारमर्श म्यानेज्ड इरिगेशन सिस्टम)मा क्रमिक रूपमा हस्तान्तरण गर्ने नीति अवलम्बन गरिने छ । | • १३ ओटै जिल्लामा सिँचाइ गुरयोजना निर्माण भैसकेको ।<br>• हरेक वर्ष संधिय ससर्त अनुदान प्राप्त हुदै आएको र स्थानियलाई पनि ससर्त अनुदान पठाएको ।<br>• बहुउद्देश्यीय सुनकोसी-मरिन डाइभर्सन सिँचाइ परियोजना निर्माणधिन रहेको ।<br>• विभिन्न पोखरी, ताल तलैयाको निर्माण, संरक्षण तथा सुदृढीकरण गरेको ।<br>• सिँचाइ योजना सम्पन्न पश्चात योजना जलउपभोक्ता संस्थालाई हस्तान्तरण गर्ने गरेको । |

# अनुसूची १८

## आवास, बस्ती विकास र भवन निर्माण उपक्षेत्रको रणनीति कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.६.१ आवास, बस्ती विकास र भवनसम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने । | • आवास, बस्ती विकास र भवनसम्बन्धी आवश्यक नीति तथा मापदण्डहरू तर्जुमा गरी कार्यान्वयन गरिने छ । | • एकीकृत वस्ती विकाससम्वन्धी कार्यविधि,२०७७<br>• खरको छानामुक्त वागमती प्रदेश कार्यक्रम कार्यान्वयन मापदण्ड २०७७, चेपाङ, वनकरिया, मुसहर, वोटे र हायु एकीकृत वस्ती तथा आवास निर्माणसम्वन्धी कार्यविधि २०७९ र प्रदेश पूर्वाधार साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थपन) कार्यविधि २०७८ तयार भई जारी भएको । |
| | • भू-उपयोग नीति अनुसार सङ्घीय सरकार, स्थानीय तह र निजी क्षेत्रसमेतको सहकार्यमा आवास तथा बस्ती विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने छ । | • एकीकृत मुसहर वस्ती विकास कार्यक्रम, एकीकृत माझी वस्ती विकास कार्यक्रमको सर्भेक्षण भई प्रतिवेदन तयार भएको । |
| | • निजी क्षेत्रबाट भइरहेको घडेरी तथा आवास विकास कार्यलाई उचित मापदण्डका आधारमा नियमन तथा प्रवर्धन गर्न स्थानीय तहसँग सहकार्य गरिने छ । | • नभएको । |
| | • न्यून आय वर्गका लागि सुलभ आवास (एफोर्डेबल हाउजिङ)को व्यवस्था गर्न सङ्घीय सरकार, स्थानीय तह र निजी क्षेत्रसँग सहकार्य गरिने छ । | • जनता आवास कार्यक्रम (नुवाकोट रसुवा धादिङ्ग, चितवन, मकवानपुर, सिन्धुपलान्चोक, काभ्रेपलान्चोक, दोलखा, सिन्धुली र रामेछापन) मा संचालन भई रहेको । |
| ६.६.२ सुरक्षित र व्यवस्थित बस्ती विकास र सूचना प्रणालीलाई प्रवर्धन गर्ने । | • सुरक्षित र व्यवस्थित बस्ती विकासको लागि योग्ग र अयोग्य भूमिको पहिचान गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिने छ । | • नभएको । |
| | • जोखिममा रहेको बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिने छ । | • नभएको । |
| | • अत्याधिक छरिएका पहाडी बस्तीहरूलाई एकीकरण गर्न सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिने छ । | • नभएको । |
| | • सार्वजनिक जग्गा र नदी किनार लगायतका क्षेत्र अतिक्रमण गरी गरिने बस्ती विकासलगायतका कार्यहरूलाई निरुत्साहित गर्न स्थानीय सरकारसँग सहकार्य गरिने छ । | • नभएको । |
| | • सुकम्बासी बस्ती, अव्यवस्थित बस्ती र | |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | गुठी जग्गासँग सम्बन्धित समस्याहरू समाधान गर्नका लागि सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिने छ ।<br>• घर जग्गा व्यवसायलाई औपचारिक क्षेत्रमा ल्याउन आवश्यक व्यवस्था गरिने छ । | • नभएको ।<br>• नभएको । |
| ६.६.३ एकीकृत सरकारी भवन निर्माण गर्ने । | • प्रदेशस्तरमा प्रशासनिक सेवालाई सहज र मितव्ययी बनाउन प्रशासनिक प्लाजा तथा एकीकृत सरकारी भवन निर्माण गरिने छ ।<br>• मन्त्री तथा कर्मचारीको लागि आवश्यक आवासगृह एकीकृत रूपमा निर्माण गरिने छ ।<br>• सरकारी भवनहरू निर्माण गर्दा वातावरणमैत्री, किफायती र परम्परागत निर्माण प्रविधि एवम् वास्तुकलासमेतको जगेर्ना हुनेगरी निर्माण गरिने छ । | • एकीकृत प्लाजा बनाउने काम भएको छैन । प्रदेश राजधानीको गुरु योजना निर्माण भएको छ। प्रदेश सभा हल निर्माण भई रहेको छ।<br>• मन्त्री अवास तला थप निर्माण हेटौडा सिमेन्ट फयाक्ट्री<br>• भइरहेको छ। |

# अनुसूची १९

## खानेपानी, सरसफाइ र फोहोरमैला व्यवस्थापन उपक्षेत्रको रणनीति कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.७.१<br>स्वच्छ खानेपानीलाई सर्वसुलभ र सरसफाइलाई व्यवस्थित गर्ने । | • खानेपानी, सरसफाइसम्बन्धी आवश्यक नीति, कानुन र मापदण्ड तर्जुमा गरिने छ ।<br>• आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित क्षेत्रमा खानेपानी तथा सरसफाइका कार्यक्रम सञ्चालन प्राथमिकतासाथ गरिने छ ।<br>• उच्चस्तरीय खानेपानी तथा सरसफाइ सेवाको विकासका लागि वैकल्पिक स्रोतको परिचालन गरिने छ ।<br>• खानेपानी तथा सरसफाइको आधारभूत पूर्वाधार र सेवाको गुणस्तर वृद्धि गर्न स्थानीय तह र सेवा प्रदायकहरूलाई सहयोग गरिने छ ।<br>• एकभन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने संरचनाको विकासलाई प्राथमिकता दिइने छ ।<br>• सुक्खा क्षेत्रहरूमा प्राकृतिक नाला, पोखरी तथा जलाधार क्षेत्रको संरक्षण र सुकेका त्यस्ता स्रोतहरूको पुनर्उत्थानका लागि जल सम्भाव्य भू-अध्ययन तथा नक्साङ्कनमा (हाइड्रो जिओलोजिकल एसेसमेन्ट वा सर्भे) आधारित संरक्षण तथा पुनरूत्थान कार्यहरू बारे मापदण्ड बनाइने छ ।<br>• स्वच्छ खानेपानीको प्राकृतिक स्रोतहरूको संरक्षण, सामूहिकीकरण, वितरण र भूमिगत जलको पुनर्भरण तथा व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र निर्देशिका बनाई कार्यान्वयनको लागि सबै स्थानीय तहलाई सहजीकरण गरिने छ ।<br>• वितरण गरिने खानेपानीको गुणस्तर वृद्धिकालागि विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• 'प्रदुषकले नै व्यहोर्ने' सिद्धान्त बमोजिम औद्योगिक फोहर पानी प्रशोधन गर्ने व्यवस्था मिलाइने छ । | • प्रदेश खानेपानी तथा सरसफाइ बिधेयक तयार<br>• सञ्चालन भइ रहेको<br>• भइ रहेको<br>• खानेपानी योजनाको कार्य स्थानीय तहसँगको सहकार्यमा भइ रहेको<br>• सञ्चालनमा नल्याएको<br>• नभएको<br>• भइ रहेको<br>• भइ रहेको<br>• नभएको |
| ६.७.२<br>फोहरमैलालाई सुरक्षित रूपमा विसर्जन गर्ने । | • सुरक्षित फोहर मैला विसर्जन स्थलको पहिचान र व्यवस्थापन गर्न स्थानीय तहलाई सहयोग, समन्वय र सहजीकरण गरिने छ ।<br>• "फोहरलाई मोहोर बनाउने" प्रविधिको प्रयोगलगायतका कार्यमा स्थानीय तहलाई सहयोग गरिने छ ।<br>• शुन्य फोहर कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई सहयोग गरिने छ । | • नभएको<br>• नभएको |

# अनुसूची २०

## प्राकृतिक प्रकोप तथा मानव सिर्जित जोखिमबाट सुरक्षासम्बन्धी रणनीति कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.८.१<br>जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्ने उपायहरूलाई अवलम्बन गर्ने र संस्थागत गर्ने । | • प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्न अपनाउनुपर्ने सुरक्षासम्बन्धी एकीकृत मापदण्ड निर्माण गरी लागु गरिने छ ।<br>• प्राकृतिक प्रकोपको जोखिमबाट बच्न अपनाउनुपर्ने सुरक्षामा (क) स्थलीय (लोकेसन) सुरक्षासम्बन्धी स्थानीय प्रकोप नक्साङ्कन (ख) जल उत्पन्न प्रकोपको जोखिमको सुरक्षासम्बन्धी एकीकृत जल व्यवस्थापन (ग) भवनमा भूकम्प प्रतिरोधात्मक क्षमताका लागि राष्ट्रिय भवन संहितालाई संस्थागत गर्न सहजीकरण गरिने छ ।<br>• सहरी बनावट, डिजाइन, क्रियाकलाप र वातावरणीय गुणस्तरको अभावले हुने मानव सिर्जित जोखिमबाट अपनाउनु पर्ने सुरक्षामा (क) योजना तथा भवन निर्माणसम्बन्धी मापदण्ड (ख) भौतिक पूर्वाधार र सेवाको गुणस्तरसम्बन्धी नर्मस तथा स्टेन्डर्ड (ग) वातावरणीय गुणस्तरसम्बन्धी मापदण्डलाई संस्थागत गर्न सहजीकरण गरिने छ ।<br>• प्राकृतिक प्रकोप र मानव सिर्जित जोखिमबाट बच्न अपनाउनुपर्ने सुरक्षासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिने छ । | • मापदण्ड तयार भएको छैन ।<br>• सहजीकरणा लागि ठोस कदम चालिएको छैन<br>•<br>•<br>•<br>• यससम्बन्धी ठोस कार्यक्रम सञ्चालन भएको छैन ।<br>• विभिन्न तालिम drill simulation लगायतका गतिविधिहरू भएका छन् ।<br>•<br>• |

# अनुसूची २१

## लगानी, वित्त, जग्गा र संस्थागत व्यवस्थासम्बन्धी रणनीति कार्यनीति कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ६.९.१ उच्च प्रतिफल र दिगो रणनीतिक पूर्वाधारको विकास र मर्मत सम्भारमा लगानीलाई प्राथमिकता दिने । | • सम्भाव्यता अध्ययन, वातावरणीय मूल्याङ्कन तथा प्रकोपबाट हुनसक्ने क्षति र उपायसम्बन्धी विश्लेषण गरिएको भौतिक पूर्वाधारमा मात्र लगानी गरिने छ ।<br>• छुट्टै कोषको व्यवस्था गरी पूर्वाधार मर्मत सम्भारको व्यवस्था मिलाइने छ । | • |
| ६.९.२ प्रादेशिक पूर्वाधार परियोजनामा वित्तीय स्रोत जुटाउन बहुसंस्थागत साझेदारी पद्धति अवलम्बन गर्ने । | • पूर्वाधार विकासमा स्वदेशी र विदेशी लगानीलाई आकर्षित गर्ने । पूर्वाधार लगानीको निम्ति वित्तीय स्रोत जुटाउन स्थानीय तह, निजी क्षेत्र र परियोजनाबाट लाभान्वित परिवारहरूसमेतको साझेदारीमा आधारित वित्तीय पद्धतिलाई प्राथमिकता दिइने छ ।<br>• सहरी विकासका लागि वैकल्पिक वित्तीय स्रोतको रूपमा "भ्यालु क्याप्चर" अवधारणाको प्रयोग गरिने छ । | • |
| ६.९.३ भौतिक पूर्वाधारको लागि जग्गाको व्यवस्था गर्ने । | • जग्गा प्राप्तिसम्बन्धी नीतिगत आधार र कानुनी संयन्त्र निर्माण गरिने छ ।<br>• सहभागितामूलक जग्गा विकास, जग्गा व्यवस्थापन तथा जग्गा सट्टापट्टा जस्तो विकल्पहरूलाई प्राथमिकता दिई भौतिक पूर्वाधारको लागि जग्गा व्यवस्था गर्ने । | • |
| ६.९.४ प्रदेशले दिगो साङ्गठनिक विकास र प्रभावकारी कार्यान्वयनका लागि अपुग विज्ञता र जनशक्ति बाहिरबाट ल्याउने (आउट सोर्स) र सङ्गठनलाई चुस्त र व्यावसायिक (लिन एन्ड मिन) बनाउने । | • सङ्गठनको दिगो विकासका लागि विशेषज्ञ सेवा सङ्घीय सरकार वा निजी क्षेत्रबाट प्राप्त गरिने र सिप-ज्ञानको हस्तान्तरण गरिने प्रणाली स्थापित गरिने छ ।<br>• कर्मचारीको काम-जिम्मेवारीमा सुस्पष्टता, वृत्ति विकास र विद्युतीय प्रविधिको प्रयोगलाई जोड दिइ नतिजामूलक कार्य सम्पादन र व्यावसायिक कुशलता संस्थागत गर्ने प्रक्रियालाई प्राथमिकता दिइने छ ।<br>• प्रभावकारी कार्यान्वयनका लागि प्रदेशको विद्यमान साङ्गठनिक संरचनालाई मुख्यतः नीतिगत र प्रशासनिक व्यवस्थाको अनुपालन र अनुगमनमा (कमप्लायन्स् ओभरसाइट) केन्द्रित गर्दै लगिने र प्रदेशस्तरमा छुट्टै संरचना गठन गरी परियोजना कार्यान्वयनको समन्वय र व्यवस्थापन गर्दै लगिने छ ।<br>• पूर्वाधार परियोजनाको विस्तृत प्रतिवेदनमा नै परियोजना कार्यान्वयनको निम्ति प्रदेश वा फिल्ड तहमा आवश्यक संस्थागत संरचना/एकाइ, विज्ञ, प्राविधिक, कर्मचारी, स्रोत, औजार, सामग्रीको निम्ति बहुवर्षीय बजेटको आँकलन गरिने र सो अनुरूप वार्षिक बजेट मिलाइने छ । | • |

# अनुसूची २२

## वन व्यवस्थापन तथा जलाधार संरक्षण उपक्षेत्रको रणनीति कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ७.१.१<br><br>वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापन गर्न नीति र कार्यान्वयन संरचना निर्माण गर्ने । | • संविधानमा व्यवस्था भए अनुसार प्रादेशिक वन, जलाधार तथा प्राकृतिक स्रोतहरूको व्यवस्थापन गर्न आवश्यक नीति, मापदण्ड र सङ्गठनात्मक संरचना (जस्तै, प्रदेश स्तरीय आयोग वा प्राधिकरण) निर्माण गरिने छ ।<br>• प्रदेशभित्रका वन, जलाधार एवम् प्राकृतिक स्रोतहरूको तथ्याङ्क आधार तयार गरी दुरुस्त राखिने छ ।<br>• प्रदेशस्तरीय वन तथा जैविक विविधता अध्ययन, सर्वेक्षण तथा अनुसन्धान केन्द्र, सङ्ग्रहालय, उद्यान तथा हर्वेरियमहरूको स्थापनाका लागि आवश्यक तयारी गरिने छ ।<br>• चुरे क्षेत्र र अन्यत्र पाइने नदीजन्य पदार्थ जस्तै ढुङ्गा, गिट्टी, बालुवा आदिको दिगो उपयोग गर्ने नीति तर्जुमा गरिने छ ।<br>• चुरे क्षेत्र, भिरालो र पहाडी धरातलमा सडक र पूर्वाधार निर्माणका लागि नियमावली बनाइ निश्चित मापदण्ड र तोकिएका प्राविधिक अवस्था बाहेक डोजर, एक्सक्याभेटर आदिको प्रयोगमा प्रतिबन्ध लगाइने व्यवस्था गरिने छ ।<br>• चुरे, मध्यवर्ती क्षेत्र लगायतका क्षेत्रको नदीजन्य वन पैदावर, ढुङ्गा, गिटी, बालुवाहरूको सङ्कलन, ओसारपसार र विक्री वितरणलाई व्यवस्थित गर्न नीतिगत व्यवस्था गरिने छ । | • वैज्ञानिक वन व्यवस्थापन कार्यविधि २०७१ खारेज भए पश्चात उक्त कार्यविधि  वमोजिम वन व्यवस्थापन कार्ययोजना तयारी एवम् स्वीकृत गरी लागु भएका सामुदायिक वनहरूमा कार्ययोजना बमोजिम ढलापडा काठ दाउराको सङ्कलन तथा सदुपयोगसम्बन्धी कार्य गर्ने गराउने प्रदेश सरकार (माननीय मन्त्रीस्तरीय) को मिति २०७८/११/१ को निर्णय<br>• वन वन्यजन्तु संरक्षणको सन्दर्भमा वातावरण संरक्षण ऐन २०७७ तथा वन ऐन २०७६ जारी भई कार्यान्वयनमा रहेको । साथै १५ डिभिजन वन कार्यालय ३ ओटा स्थायी भू तथा जलाधार व्यवस्थापन कार्यालय सथै ५ ओटा अस्थायी जलाधार व्यवस्थापन कार्यलय स्थापना भई सेवा प्रवाह भएको ।<br>• वन तथा जलाधार एवम् प्राकृतिक स्रोतहरूको तथ्याङ्क अभिलेखीकरण गरी राखीएको  । वन क्षेत्र (५३.७%) संरक्षीत क्षेत्रको (२९.९८%) समुदायबाट व्यव्थापन भएको (४३३ हजार) ।<br>• वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र मार्फत विभिन्न अध्ययन अनुसन्धान कार्य भएको साथै विरुवा उत्पादनका निमित्त २ ओटा हाइटेक नर्सरी स्थापनाको लागि ठेक्का खोलि सम्झौता समेत भईसकेको ।<br>• चुरे क्षेत्रबाट ढुङ्गा गिट्टी बालुवा सङ्कलन गर्नको लागि बागमती प्रदेशको वातावरण संरक्षण ऐन २०७७ मा व्यवस्था भए अनुसार IEE/EIA गर्नुपर्ने । ढुंगा गिट्टी बालुवासम्बन्धी उद्योग सञ्चालनको लागि वनपैदावारमा आधारित उद्योग र राष्ट्रिय वनबिचको दुरीसम्बन्धी मापदण्ड, २०७७ जारी गरिएको छ ।  नदीजन्य पदार्थ )सङ्क र लन (उपयोगसम्बन्धी कार्यविधि, २०७५ जारी भएको |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | | साथै हाल ढुङ्गा गिट्टी बालुवा विक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ बमोजिम कार्य सञ्चालन भएको ।<br>• चुरे क्षेत्रबाट सडक निर्माण तथा विस्तार गर्नको लागि बागमती प्रदेशको वातावरण संरक्षण ऐन २०७७ मा व्यवस्था भए अनुसार IEE/EIA गर्ने व्यवस्था रहेको स्थान विशेषलाई संवेदनशील क्षेत्र तोक्न सक्ने । |
| ७.१.२<br><br>प्रदेशभित्र वैज्ञानिक वन व्यवस्थापन परियोजनाहरू सञ्चालन गरी मौजुदा एवम् उत्पादित वन पैदावारको उपयोग गर्ने । | • जैविक विविधताको दिगो संरक्षण गर्दै वनक्षेत्र तथा वन पैदावारको उत्पादन वृद्धि गरी रोजगारी सिर्जना र आपूर्तिमार्फत् प्रादेशिक अर्थतन्त्रमा योगदान पुऱ्याउन वनक्षेत्रको वैज्ञानिक व्यवस्थापन गरिने छ ।<br>• प्रदेशभित्रका क्षेत्रहरूमा वन डढेलो र जथाभावी चरिचरन नियन्त्रणका लागि संस्थागत संरचनाको निर्माण तथा पूर्वतयारी क्षमता अभिवृद्धि गरिने छ ।<br>• प्रदेशभित्रका अन्तरस्थानीय तहहरूमा रहेका नदीतटको उचित व्यवस्थापन एवम् सिमसार तथा पानीका स्रोतहरूको संरक्षण र सहरी वनको बृहत्तर विस्तार गरी दिगो संरक्षण गर्न समुदायलाई जिम्मेवार बनाइने छ ।<br>• प्रदेशमा अवस्थित अति महत्त्वपूर्ण पारिस्थितिकीय प्रणाली र वन्यजन्तुका जोखिमयुक्त वासंस्थानहरूको पहिचान र व्यवस्थापन गरिने छ ।<br>• रैथाने वनस्पति लगायत उपयोगी जडीबुटीहरूको संरक्षण, विस्तार र उपयोग गरिने छ ।<br>• वन संरक्षण र विकास तथा भौतिक संरचना निर्माणमा रहेको अस्पष्टता अन्त्य गरी यसका बिचमा उपयुक्त सन्तुलन कायम गरिने छ ।<br>• उच्च प्रविधिको नर्सरीको प्रवर्धन गरिने छ । | • वनक्षेत्रको दिगो संरक्षण गरी आ.व. २०७८/०७९ मा सामुदायिक वन, सरकारद्धारा व्यवस्थित वन र नीजि वनबाट गरी जम्मा १८३२४० क्यू फिट काठ सङ्कलन भएको । साथै समुदायिक वनबाट ३०२२७ के. जि., सरकारद्धारा व्यवस्थित वनबाट ९५८३९.९ र निजीबाट ३५५३३१.३ के.जी. जडीबुटी सङ्कलन गरिएको । विरुवा जम्मा ११४०४८२ उत्पादन भएको ।<br>• हरेक वर्ष बैशाख १ देखि ७ सम्म वन डढेलो सप्ताह साथै बजेटमा वन डढेलो क्षमता अभिबृद्धी कार्यक्रम र नियन्त्रण सामग्री खरीदको लागि व्यवस्थापन गरीएको साथै चरीचरण नियन्त्रणको लागि तारबार सहित वृक्षारोपण गरिएको ।<br>• वार्षिक कार्यक्रम मार्फत गत आ.वमा ०.५ हेक्टर सिमसार क्षेत्रको व्यवस्थापन साथै ११.५ हेक्टर पानिको मुहान संरक्षण गरिएको । साथै भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत विभिन्न नदी तथा खहरे तटको क्षेत्रमा विभिन्न संरचना निर्माण गरिएको जसको माध्यमबाट २५०५३४ रोजगारी सिर्जना साथै ४०५३७१ घरधुरी लाभान्वित भएको ।<br>• वार्षिक बजेट मार्फत वन्यजन्तु संरक्षण तथा बासंस्थान संरक्षणको लागि रु२७०,०००/बजेट विनियोजन गरीएको । जसअनुरूप पानीको मुहान संरक्षण, वासंस्थान व्यवस्थापन wetland management जस्ता कार्यक्रमहरू गरिएको छ ।<br>• जडीबुटीहरू चिराइतो, सतुवा, टिमुर, लौठसल्ला आदी जडिबुटीहरूको सरक्षण विस्तार र उपयोगको लागि यथेष्ठ बजेट विनियोजन गरिएको छ । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | | • वन संरक्षण र विकास तथा भौतिक संरचना निर्माणमा सन्तुलन कायम गर्न वातावरण संरक्षण ऐन २०७७ अनुरूप नियमन भइरहेको ।<br>• उच्च गुणस्तरको वन तथा फलफूलजन्य प्रजातीको उत्पादनको लागि मकवानपुर र काठमाडौं जिल्लामा उच्च प्रविधिको नर्सरी स्थापना गरिएको । |
| ७.१.३<br><br>वन्यजन्तु ओहोर-दोहोर हुने जैविक मार्गको विकास तथा क्षतिपूर्ति व्यवस्थाद्वारा मानव-वन्यजन्तु बिचको द्वन्द घटाउने । | • प्रदेश र यससँग जोडिएका प्रदेसहरूको संरक्षित क्षेत्र तथा निकुञ्जहरूलाई जोड्ने मौजुदा वन क्षेत्र र नदीहरूलाई वन्यजन्तु आवत-जावत गर्न मिल्ने जैविक मार्गको रूपमा विकास गरी वन्यजन्तुबाट मानव बस्ती र बालीनालीको संरक्षण गरिने छ, जस्तै, पर्सा-मकवानपुर-चन्द्रागिरी-नागार्जुन-शिवपुरी-लाङटाङ वा बरन्डाभार-गाईघाट-सेती उपत्यका-पन्चासे-अन्नपूर्ण ।<br>• वन तथा संरक्षित क्षेत्र हुँदै जाने राजमार्गहरूमा तत्काल सुधार गरी वन्यजन्तु वारपार गर्न सक्ने सुरूङ मार्ग वा पुलहरूको विकास गरिने छ ।<br>• वन्यजन्तुबाट हुने मानवीय तथा बालीनाली क्षतिबापत पीडितलाई यथाशीघ्र उचित सहयोग उपलब्ध गराइने छ । साथै, त्यस्ता क्षतिको सम्भावनालाई ध्यानमा राखी बिमाको व्यवस्था गरिने छ । | • प्रदेश र यससँग जोडिएका प्रदेसहरूको संरक्षित क्षेत्र तथा निकुञ्जहरूलाई जोड्ने मौजुदा वन क्षेत्र र नदीहरूलाई वन्यजन्तु आवत-जावत गर्न मिल्ने जैविक मार्गको रूपमा विकास गरी वन्यजन्तुबाट मानव बस्ती र बालीनालीको संरक्षणको लागि बरन्डबार संरक्षीत क्षेत्रमा वन संरक्षण क्षेत्र व्यवस्थापनको लागि ३० लाख बजेट विनियोजन गरिएको ।<br>• वन्यजन्तुबाट हुने मानवीय तथा बालीनाली क्षतिबापत पीडितलाई यथाशीघ्र उचित सहयोगको सम्बन्धमा बजेट विनियोजन भएको । |
| ७.१.४<br><br>सामुदायमा आधारित वन कार्यक्रमलाई थप समावेशी बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्गलाई लाभ पुऱ्याउने । | • सामुदायिक वन कार्यक्रमलाई थप समावेशी र व्यापक बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्ग एवम् महिलाहरूलाई प्राथमिकताका साथ संलग्न गरी लाभान्वित गरिने छ ।<br>• सार्वजनिक खाली जग्गाहरूमा वनपैदावार उत्पादन गर्ने खालका प्रजातिहरू लगाई वन क्षेत्रको विस्तार र आपूर्तिमा सघाउने नीति तथा कार्यक्रम तर्जुमा गरिने छ ।<br>• विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सबै वन व्यवस्थापन प्रणालीमा कार्यान्वयन गरिने छ ।<br>• सामुदायिक तथा कबुलियती वन क्षेत्रहरूमा तुलनात्मक लाभ हुने उच्च मूल्यका जडीबुटी र वन | • सामुदायिक वन कार्यक्रमलाई थप समावेशी र व्यापक बनाउँदै समुदायका विपन्न र सीमान्तकृत वर्ग एवम् महिलाहरूलाई निर्णय प्रक्रियामा प्राथमिकताका दिएको र वनपैदावर विक्रीवितरण तथा उपयोगमा सहुलियत प्रदान गर्ने गरेको ।<br>• सार्वजनिक खाली जग्गाहरूमा वनपैदावार उत्पादन गर्ने खालका प्रजातिहरू लगाई वन क्षेत्रको विस्तार र आपूर्तिमा सघाउने नीति तथा कार्यक्रम तर्जुमा अनुरूप कबुलियती तथा सामुदायिक वनहरूमा वृक्षारोपणको लागि बजेट विनियोजन गरिएको ।<br>• विपन्नमुखी आयमूलक, रोजगारमूलक तथा जीविकोपार्जन सुधारसम्बन्धी कार्यक्रमहरू सामुदायिक तथा कबुलियती वनको |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
| --- | --- | --- |
| | अनुकूल फलफूल रोपण तथा गैरकाष्ठ वन पैदावारको खेती लगाउन प्रोत्साहित गरिने छ । | कार्ययोजनाहरूमा समावेश गरिएको छ ।<br>• सामुदायिक वन तथा अन्य क्षेत्रमा गत आ.व मा कुल ६२२९८५ जडिबुटीको विरुवा ३९६ हे. मा वृक्षारोपण गरिएको । साथै वार्षिक बजेटमा बहुमूल्य प्रजातिको जडीबुटीलाई कम्तिमा पनि १०० रोपनी जग्गामा एकमुष्ठ रूपले वृक्षारोपण गर्नलाई रकम विनियोजित गरिएको । |
| ७.१.५<br>नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | • प्रदेशभित्रका नदी प्रणाली र नदीको वास्तविक क्षेत्र निर्धारण र संरक्षण, नदी क्षेत्रको एकीकृत उपयोगसहितका लागि रिभरफ्रन्ट परियोजना विकास र कार्यान्वयन गरिने छ ।<br>• जलाधारको उपल्लो तथा तल्लो तटीय क्षेत्रको अन्तरसम्बन्धलाई महत्त्व दिंदै स्थानीय तह र जोडिएका प्रदेसहरू भएर बग्ने नदी-नालाहरूको संरक्षण र उपयोग निम्ति समन्वयात्मक एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरिने छ ।<br>• घना मानव बस्तीमा मासिँदै गएका जलाधारहरूको पुनरुत्थान गरिने छ र संवेदनशील जलाधारको संरक्षण तथा विकासका लागि विशेष जलाधार क्षेत्र घोषणा गरी भू-उपयोगको आधारमा व्यवस्थापन गरिने छ ।<br>• जलाधारसँग प्रत्यक्ष सम्वन्ध रहने उत्पादन क्षेत्र जस्तै वन, कृषि, पशु, खानेपानी र भूमि व्यवस्थापन एवम् जलविद्युत्, सिँचाइजस्ता विकास परियोजनाहरूबाट नदी किनारमा नकारात्मक असर पर्नबाट जोगाउन आवश्यक समन्वय कायम गरिने छ ।<br>• तामाकोसी, भोटेकोसी, सुनकोसी तथा नारायणी लगायतका नदीलाई धार्मिक र आर्थिक कोरिडोरको रूपमा विकास गरिने छ । | • प्रदेश सरकारले जलाधार क्षेत्रको प्राथमिकरण गरी स्थानीय तह समुदाय र वन तथा वातावरण मन्त्रालयको सहकार्यमा ५ ओटा जलाधार व्यवस्थापन कार्यालयमार्फत नदी तटिय क्षेत्र पहिरो जाने साथै विभिन्न खहरे तथा खोल्सीमा तटबन्धन निर्माण कार्य जारी गरेको साथै सिन्धुपाल्चोक क्षेत्रलाई आकस्मीक रूपमा ५ करोड बजेट विनियोजन गरिएको र बाँस तथा मेन्डुला जस्ता विरुवाहरूको रोपण कार्य समेत सञ्चालन गरेको ।<br>• नदी नालाहरूलाई संरक्षण गर्ने तवरले २ ओटा अस्थायी जलाधार कार्यालय स्थापना साथै आगामी आ.व. को लागि २ ओटा जलाधार व्यवस्थापन कार्यालय थप गरी कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन समेत गर्ने व्यवस्था गरेको ।<br>• जलाधार पुनरुत्थानको लागि पानीको मुहान संरक्षण साथै रिभर ट्रिटमेन्टका विभिन्न कार्यहरू तटबन्धन निर्माण, वृक्षारोपण कार्य सञ्चालन गरेको ।<br>• प्रमुख जलाधार क्षेत्रलाई प्राथमिकरण गरी उपजलाधार क्षेत्रमा एकमुष्ठ रूपमा प्रति उप जलाधार ४० लाख रकम विनियोजन गरिएको । साथै दोलखा देखि जनकपुरसम्म रामायण सर्किटको लागि अध्ययन कार्य समेत सम्पन्न गरिएको । |
| ७.१.६<br>चुरे अतिक्रमण र वन्यजन्तु चोरी-शिकारी जस्ता गैरकानुनी र | • चुरे क्षेत्रको वातावरण र विकासबिच सन्तुलन कायम राखी र पूर्वाधार निर्माण कार्यक्रममा हुने वातावरणीय क्षतिलाई कम गर्ने उपायहरूलाई अवलम्बन गरिने छ ।<br>• चुरेक्षेत्रको अतिक्रमण र वन्यजन्तु चोरीशिकारी जस्ता गैरकानुनी र वातावरण बिनाश गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यमाथि नियन्त्रणका | • हरिहरपुरगढी गा.पा. मा कृषि वन प्रणालिको अध्ययन गरी कार्ययोजना समेत तयार गरी सोही कार्ययोजनाले निर्देश गरेबमोजिमको योजनाहरू तर्जुमा र बजेट विनियोजन गरिएको ।<br>• चुरेक्षेत्रको अतिक्रमण र वन्यजन्तु चोरीशिकारी जस्ता गैरकानुनी र वातावरण बिनाश गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यमाथि नियन्त्रणका |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| वातावरण बिनास गर्ने खुल्ला चरिचरन, वन डढेलोजस्ता कार्यमाथि नियन्त्रणका साथै कृषि वन जस्ता वैकल्पिक जीवनयापनका उपायहरूको प्रवर्धन गर्ने । | साथै कृषि वनजस्ता वैकल्पिक जीवनयापनका उपायहरूको प्रवर्धन गरिने छ । चुरे क्षेत्रको वन अतिक्रमण नियन्त्रणको लागि कार्ययोजना बनाई लागु गरिने छ ।<br>• चुरेक्षेत्रलाई भू-उपयोग नीति अनुरूप वर्गीकरण गरी यसलाई अविच्छिन्न पारिस्थितिकीय प्रणालीको रूपमा दिगो व्यवस्थापन गरिने छ । चुरे क्षेत्र भएर जाने सडक मार्गको निर्माण निरुत्साहित गरिने छ । भैरहेका सडक मार्गको व्यवस्थापन र सम्भार निश्चित वातावरणीय मापदण्डहरू बनाई गरिने छ ।<br>• प्रदेश भित्रको चुरेक्षेत्रमा कृषि-वन र चुरेमैत्री विकास र संरक्षण योजना तर्जुमा तथा कार्यान्वयन गरी चुरेमा आश्रित विपन्न वर्गले लाभ लिन सक्ने बनाइने छ ।<br>• चुरेक्षेत्रको संरक्षण र व्यवस्थापनको लागि सङ्घीय सरकार र स्थानीय तहसँग सहकार्य गरिने छ । | साथै कृषि वनजस्ता वैकल्पिक जीवनयापनका उपायहरूको प्रवर्धनका लागि तारबार सहितको वृक्षारोपण, अग्निरेखा निर्माण, गस्ति परिचालन जस्ता कार्यक्रमका लागि बजेट विनियोजन गरिएको छ । |

# अनुसूची २३

## वातावरण व्यवस्थापन र जलवायु परिवर्तनसम्बन्धी रणनीति र कार्यनीति कार्यान्वयन अवस्था

### क. वातावरण प्रदूषण नियन्त्रण

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ७.२.१<br><br>यातायातका साधनहरू तथा उद्योगलाई वातावरणमैत्री उन्मुख, वैकल्पिक ऊर्जा र स्वच्छ प्रविधिको प्रयोग तथा हरियाली वृद्धि गर्ने । | • सार्वजनिक निजी साझेदारीमा सहर बस्तीमा विद्युतीय सार्वजनिक यातायात प्रणालीलाई सञ्चालनमा ल्याइने छ र हरियाली वृद्धि गरिने छ ।<br>• प्रमुख क्षेत्रहरूमा सवारी प्रदूषण मापनका लागि स्वचालित प्रविधिको स्थापना गर्दै सवारी साधनको आयु, प्रदूषण मापदण्ड र क्षमताको पुनर्मापन गरी कानुनमा भएका व्यवस्था कडाइका साथ लागु गरिने छ ।<br>• वैकल्पिक तथा नवीकरणीय ऊर्जाबाट चल्ने सवारी साधनहरूलाई प्रोत्साहन गर्दै वि.सं २०८५ वैशाख १ गतेदेखि काठमाडौं उपत्यका, चितवन, हेटौंडा, बनेपा, धुलिखेल र पनौतीमा पेट्रोलियम पदार्थमा आधारित सवारीसाधनमा पूर्ण प्रतिबन्ध लगाइने छ ।<br>• प्रदूषणकारी उद्योगहरूलाई मानव बस्तीभन्दा पर सारी आधुनिक प्रविधिसहितको वातावरणमैत्री उद्योगलाई प्राथमिकता, प्रोत्साहन, अनुदान दिइने छ ।<br>• बायोग्याँस, सुधारिएको चुलो, ग्यासीफायर, बायोब्रिकेटजस्ता किफायती जैविक ऊर्जाहरूको प्रवर्धन एवम् विस्तार गरिने छ ।<br>• पेट्रोलियम पदार्थको आंशिक विकल्पका रूपमा जैविक इन्धनको उत्पादन गर्न किसान र उद्यमीहरूलाई प्रोत्साहित गर्न आवश्यक नीति तर्जुमा गरिने छ ।<br>• गरिब र विपन्नवर्गसम्म नवीकरणीय ऊर्जा प्रविधिको पहुँच सुलभ गरी दाउराको प्रयोग कम गरिने छ । | • प्रदेश सरकारले तोकियबमोजिम प्लास्टिकजन्य सामग्री उत्पादन गर्ने उधोगलाइ सहुलियत दिन सकिने व्यवस्था प्रदेश वातावरण संरक्षण ऐन २०७७ मा गरिएको छ ।<br>• बायोब्रिकेट उत्पादनको लागि प्रविधी हस्तान्तरण तथा मेसिन सहयोगको निमित्त बजेट विनियोजन गरिएको । |
| ७.२.२<br><br>नगर तथा नगर उन्मुख क्षेत्रमा ढल प्रशोधन, फोहोरमैला व्यवस्थापन, पुनःप्रशोधन र पुनःप्रयोग विधि अवलम्बन गर्ने । | • प्रदेशका प्रमुख सहर, नगरपालिका र गाउँपालिकामा खानेपानी, ढल निकास तथा प्रशोधन परियोजनाहरूको अध्ययन गरी निर्माण कार्य प्रारम्भ गर्नुका साथै सञ्चालित परियोजनाहरूको स्तरोन्नति गरिने छ ।<br>• नदीनालाहरू तथा अन्य पानीका स्रोतहरूको संरक्षण र वातावरणीय व्यवस्थापन गर्ने कार्य सञ्चालनमा ल्याइने छ ।<br>• राजमार्ग छेउ जथाभावी फोहर र शौच गर्ने र नदी किनारमा जथाभावी सवारी साधन धुने, पखाल्ने कार्यमा नियन्त्रण गरी शौचालय र सर्विस सेन्टरहरूको विकास गरिने छ । | • नदीनालाहरू तथा अन्य पानीका स्रोतहरूको संरक्षण र वातावरणीय व्यवस्थापन गर्ने कार्य सञ्चालनमा भु तथा जलाधार व्यवस्थापन कार्यलयहरू मार्फत गर्ने गरिएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | • "एक घर एक शौचालय" को योजनालाई कार्यान्वयनमा ल्याई सार्वजनिक स्थानहरूमा शौचालय निर्माण गरी प्रदेशलाई खुला दिसामुक्त घोषणा गरिने छ ।<br>• फोहरमैलाको उपयुक्त व्यवस्थापन गर्न फोहर पुनःप्रशोधन, पुर्नप्रयोग र प्राङ्गारिक मल उत्पादन गर्नेजस्ता कार्यक्रम सञ्चालनका लागि स्थानीय तहमा फोहोर प्रशोधन केन्द्र र अन्तरपालिका साझेदारीमा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्रको स्थापना गरिने छ । नयाँ र विकास हुँदै गरेका सहरहरूमा घरपरिवारकै तहदेखि" शून्य फोहर "को व्यवस्था कार्यान्वयन गरिने छ ।<br>• सङ्घीय सरकारको समन्वयमा फोहोरबाट ऊर्जा उत्पादन गर्ने आवश्यक प्रविधि र प्रणालीहरूको प्रवर्धन र विस्तार गरिने छ । | |
| ७.२.३<br><br>कीटनाशक विषादी र रासायनिक मल प्रयोगलाई दुरुत्साहन गरी जैविक उपाय र प्राङ्गारिक मलको प्रयोग र प्लास्टिक झोलाको सट्टामा स्थानीय सामग्रीबाट उत्पादित वातावरण मैत्री झोला उपयोगमा ल्याउने । | • आगामी तीन वर्षभित्र प्लास्टिक झोलामुक्त प्रदेश बनाइने छ ।<br>• स्थानीय सामग्रीको प्रयोग गरी" हरित झोला "उत्पादन गरी प्रयोगमा ल्याइने छ ।<br>• अस्पताल र अन्य संस्थागत हानिकारक फोहरहरू व्यवस्थापन गर्न अटो-क्लेभजस्ता प्रभावकारी प्रविधिको प्रयोग गरिने छ ।<br>• प्राङ्गारिक मल तथा जैविक विषादी उद्योग स्थापना तथा 'ब्लाक् सोल्जर फ्लाई प्रविधि' लगायतका प्रविधिहरूको प्रवर्धन गर्दै प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान एवम् उत्पादन गरी "हरित-वस्तु" को ब्रान्ड प्रवर्धन र बजारीकरण गरिने छ ।<br>• कीटनाशक औषधी व्यवस्थापन गर्ने काममा स्थानीय तहसँग समन्वय र सहकार्य गरिने छ । | • ४० माईक्रोन भन्दा कम मोटाईको प्लास्टिक झोला प्रयोगमा प्रतिबन्ध गरिएको अवस्था छ । |
| ७.२.४<br><br>प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी वातावरण व्यवस्थापनलाई विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा | • प्रदूषण नियन्त्रण र फोहोर व्यवस्थापनसँग सम्बन्धित कानुनहरूको तर्जुमा र विद्यमान कानुनहरू, वातावरणीय नीति नियम अद्यावधिक, संयन्त्रको सबलीकरण र संस्थागत क्षमता विकास गरिने छ ।<br>• प्रदूषण मापन र फोहोर वस्तुको प्रयोग एवम् नवीकरणीय ऊर्जासम्बन्धी प्रादेशिक अनुसन्धान तथा विकास केन्द्रको स्थापना गरी वैज्ञानिक अनुगमनसमेत गरिने छ ।<br>• वातावरणीय चेतना र सावधानी, फोहर वर्गीकरण र फोहोर व्यवस्थापनसम्बन्धी शैक्षिक तथा जनचेतनाका कार्यक्रमहरूलाई तीव्र पारिने छ । | • डिभिजन तथा सब डिभिजनहरू मार्फत वातावरणीय चेतना र सावधानीका विषयवस्तुहरूमा कार्यक्रमको लागि बजेट विनियोजन भएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| आबद्ध गर्ने । | • "प्रदुषकले नै व्यहोर्ने" भन्ने सिद्धान्त अनुरूप आवश्यक संयन्त्रको विकास एवम् कार्यान्वयन गर्दै वातावरणीय सीमाको निरुपण गरिने छ । | |

## ख. जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ७.३.१<br>उपलब्ध पानीका स्रोतहरूको संरक्षण तथा वैकल्पिक उपायहरू अवलम्बन गर्ने । | • पानीका स्रोतहरूको पहिचान गर्ने, संरक्षण गर्ने र वर्षातको पानी सङ्कलन गर्ने प्रविधि र पद्धतिलाई प्रवर्धन गरिने छ ।<br>• जलाधार पुनरुत्थान र नदीहरूको प्राकृतिक बहाव कायम गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छन् ।<br>• स्थानीय अनुकूलन कार्ययोजनालाई व्यापक बनाई अनुकूलनलाई विकास कार्यक्रमसित आबद्ध गरिने छ ।<br>• स्थानीय र आधुनिक ज्ञानलाई संयोजन गर्दै जलस्रोत र ऊर्जाको व्यवस्थापनमा अनुकूलनका कार्यक्रम सञ्चालन गरिने छ ।<br>• नदी, ताल, पोखरी र सीमसार क्षेत्रको संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिने छ । | • Water harvesting pond, पानी मुहान संरक्षणका लागि बजेट विनियोजन गरिएको ।<br>• भू तथा जलाधार व्यवस्थापन कार्यलायहरू मार्फत जलाधार पुनरुत्थान र नदीहरूको प्राकृतिक बहाव कायम गर्ने कार्यक्रमहरू जस्तै तटबन्ध निर्माण, वृक्षारोपणको लागि बजेट विनियोजन गरिएको ।<br>• नदी, ताल, पोखरी र सीमसार क्षेत्रको संरक्षणका कार्यक्रमको लागि बजेट विनियोजन गरिएको । |
| ७.३.२<br>जलवायु ज्ञान व्यवस्थापन तथा मौसम पूर्वानुमान प्रणालीलाई सुदृढीकरण गर्दै विपद् न्यूनीकरण गर्ने । | • मौसम पूर्वानुमान प्रणाली र तथ्याङ्क सङ्कलन पद्धतिलाई सङ्घीय सरकारसँग सहकार्य गरी स्वचालित प्रणाली (उच्च प्रविधियुक्त मौसमी राडार, माथिल्लो वायुमण्डलको सूचना लिने, चट्याङसम्बन्धी सूचना दिने संयन्त्र र उच्च गतिको कम्प्युटर प्रणाली) मा स्तरोन्नति गरिने छ र प्रदेशस्तरको जल तथा मौसम सूचना सेवा केन्द्रको स्थापना गरिने छ ।<br>• आधुनिक प्रविधि अनुरूप बाढी भविष्यवाणी प्रणालीको सुरुआत गरिने छ । सङ्घको सहकार्यमा उच्च क्षेत्रमा अवस्थित जोखिममा रहेका हिमतालहरूको सर्वेक्षण, अनुगमन एवम् जोखिम न्यूनीकरणका कार्यहरू गरिने छ ।<br>• प्रमुख पर्यटकीय क्षेत्रहरूमा जलवायुजन्य प्रकोपका घटनाहरू केलाउने तथा जोखिम न्यूनीकरण एवम पूर्वतयारी योजना तयार गरी कार्यान्वयन गरिने छ ।<br>• बाढी र नदी कटानको समस्यालाई समाधान गर्न तटबन्ध कार्यक्रमलाई प्रभावकारी गरिने छ र पूर्वाधार विकासलाई वातावरणमैत्री बनाइने छ ।<br>• जलवायु परिवर्तन शिर्षकअन्तर्गत छुट्टयाइने बजेटको ठुलो | |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | हिस्सा स्थानीय तहमा खर्च गरिने छ । | |
| ७.३.३<br><br>चरम जलवायुजन्य घटनाहरूको पहिचान गरी मानव स्वास्थ्यको रक्षा गर्ने । | • प्रदेशमा रहेका अस्पताल र स्वास्थ्य सेवा केन्द्रहरूमा जलवायु परिवर्तनले ल्याएका र ल्याउन सक्ने रोगहरूको निदान गर्नसक्ने क्षमता अभिवृद्धि गरिने छ ।<br>• जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पारेको प्रभाव र अनुकूलनसम्बन्धी तालिम लगायत चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ ।<br>• जलवायु परिवर्तनबाट फैलिन सक्ने रोगव्याधि र सोको नियन्त्रणमा स्वास्थ्य व्यवसायी र सम्बन्धित सरोकारवालाहरूको अभिमुखीकरण एवम् क्षमता विकास गरिने छ । | • जलवायु परिवर्तनले ल्याएको र ल्याउन सक्ने रोगहरूको निदान गर्नसक्ने क्षमता अभिवृद्धिको लागि बजेट विनियोजन गरिएको साथै सामुदायिक वन समूहको कार्ययोजनामा पनि जलवायु परिवर्तनको विषयवस्तुलाइ समावेश गर्ने व्यवस्था गरेको । |
| ७.३.४<br><br>जलवायुमैत्री ऊर्जा र कृषि प्रविधिको छनोट र विस्तार गर्ने । | • हरित अर्थतन्त्रमा आधारित विकास अवधारणालाई आर्थिक क्रियाकलापका विविध क्षेत्रहरूमा लागु गर्न प्रोत्साहित गरिने छ ।<br>• कृषि (पशुपक्षीसमेत) जैविक विविधताको संरक्षण गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री र जलवायु सशक्त कृषि प्रविधिको विकास र विस्तार गरिने छ ।<br>• जलवायु परिवर्तनबाट प्रभावित क्षेत्रमा उपयुक्त कृषि प्रणाली र वैकल्पिक ऊर्जा प्रविधिको पहिचान, प्रवर्धन र प्रसार गरिने छ ।<br>• स्थानीय परාम्परागत ज्ञानलाई प्रयोग गरेर कृषि व्यवस्थापनमा अनुकूलनका कार्यक्रम सञ्चालन गरिने छ ।<br>• विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूमार्फत् खडेरी वा अधिक वर्षा सहनसक्ने बालीहरूको अनुसन्धान तथा विकास र बाली विविधीकरण, एवम् जलवायुमैत्री मासु उत्पादकत्व वृद्धि गर्ने उपायहरूको विकास गरिने छ । | • कृषि वनलाई प्रवर्धन गर्ने गरी कृषि वन कार्यक्रम सञ्चालनमा बजेट विनियोजन गरेको ।<br>• विश्वविधालयहरूमा अध्ययनरत विद्यार्थीहरूका लागि खोज तथा अनुसन्धानको निमित्त Research Grant का लागि बजेट विनियोजन गरको । |
| ७.३.५<br><br>अन्तर्राष्ट्रिय अभिसन्धिहरूबाट बनेका जलवायु कोष र संयन्त्रहरूबाट उपलब्ध वित्तीय सहयोग तथा | • सामुदायिक वनमार्फत् स्वच्छ विकास संयत्रबाट लाभ लिने ।<br>• स्थानीय परम्परागत ज्ञानलाई आधार मानेर जैविक विविधता व्यवस्थापनमा अनुकूलनका कार्यक्रम सञ्चालन गरिने छ ।<br>• मिचाहा प्रजातिको नियन्त्रणको लागि अनुसन्धानसहितको विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>• बहुउपयोगी र व्यावसायिक प्रजातिहरूको वृक्षरोपणको | • भु तथा जलाधार व्यवस्थापन कार्यलय तथा डिभिजन वन कार्यलयहरू मार्फत् स्थानीय परम्परागत ज्ञानलाई आधार मानेर जैविक विविधता व्यवस्थापनमा अनुकूलनका कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरिएको ।<br>• विश्वविधालयहरूमा अध्ययनरत विद्यार्थीहरूका लागि Research Grant |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| लाभ हासिल गर्ने । | अभियान व्यापक गरिने छ । | तथा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र गोदावरीमा खोज तथा अनुसन्धानका लागि बजेट विनियोजन गरेको |

# अनुसूची २४

## विपद् जोखिम व्यवस्थापनसम्बन्धी रणनीति कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ७.४.१<br><br>विपद् जोखिमको बुझाई अभिवृद्धि गर्ने तथा सबै तह र वर्गमा विपद् जोखिमसम्बन्धी जानकारीको पहुँच सुनिश्चित गर्दै पूर्वतयारी सुदृढ गर्ने । | • हरेक प्रकोपको सम्मुखता, सङ्कटासन्नता र जोखिमको आँकलन तथा नक्साङ्कन गरिने छ ।<br>• बहुप्रकोप जोखिम आँकलनको लागि अन्तरनिकाय समन्वय संयन्त्र स्थापना गरिने छ ।<br>• प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाह गरिने छ ।<br>• विपद् जोखिम बारे बुझाइका लागि क्षमता अभिवृद्धि गर्न विभिन्न अध्ययन, अध्यापन, अनुसन्धान तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गरिने छ ।<br>• जोखिमपूर्ण अवस्थामा रहेका खोला, खोल्सी, खहरे आदिको तटवन्धन र बस्ती संरक्षणका कार्यमा स्थानीय तह र समुदायसँग सहकार्य गरिने छ । | • सिन्धुपाल्चोक जिल्लाको जोखिम तथा सङ्कटासन्नता नक्साङ्कन भएको ।<br>• पूर्वचेतावनी तथा अन्य सचेतनामूलक सामग्री प्रदान गर्न EWS App तयार भएको ।<br>• विपद्सम्बन्धी बुझाई अभिवृद्धिका लागि तालिम, गोष्ठीको आयोजना गरिएको । |
| ७.४.२<br><br>विपद् जोखिम बुझ्न र न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् जोखिम व्यवस्थापनमैत्री शासनको सुदृढीकरण गर्ने । | • प्रादेशिक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरिने छ ।<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कानुनी र नियामक संरचनाको निर्माण गरिने छ ।<br>• विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि गर्दै विपद् जोखिम व्यवस्थापनमा संलग्न सङ्घीय सरकार र अनुसन्धान संस्थाहरूसँग सहकार्य र साझेदारी विकास गरिने छ ।<br>• विपद् जोखिम व्यवस्थापनका विभिन्न प्रक्रियामा सबैको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता वृद्धि गरी समावेशिताको सुनिश्चितता गरिने छ ।<br>• प्रदेशको योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा विपद उत्थानशीलताको अवधारणालाई आन्तरिकरण गरिने छ । | • प्राधिकरण स्थापना गरिएको छैन ।<br>• संरचना निर्माण भएको छैन । |
| ७.४.३<br><br>विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्ने । | • सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरू तथा भौतिक पूर्वाधारहरूको गुणस्तरीय निर्माण र प्रवलीकरणमा लगानी वृद्धि गरी उत्थानशीलता प्रवर्धन गरिने छ ।<br>• प्रदेश तथा स्थानीयतहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि कोषको व्यवस्था गरिने छ ।<br>• निजी क्षेत्र, बैंक, सहकारी तथा सामुदायिक संस्थाहरूले विपद् जोखिम न्यूनीकरणमा गर्ने लगानीका लागि सहज व्यवस्था मिलाइने छ ।<br>• जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक सुरक्षामार्फत् विपद् उत्थानशीलता अभिवृद्धि गरिने छ । | • सङ्घीय सरकारको कार्यविधि बमोजिम जि.प्र.का.हरू मार्फत तोकिएको रकम भौतिक पूर्वाधार (घर) पूनःनिर्माण एवम् पुनस्थापनाका लागि पठाईएको ।<br>• प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना गरिएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | • विपद् जोखिम न्यूनीकरणका लागि खोरिया र भिरालो जमिनमा गरिने खेतीलाई निरुत्साहित गरी फलफूल, अमृसो, बाँस, निगालो, डालेघाँस र पोषिलो जातको अन्य घाँस खेती गर्न किसानहरूलाई प्रोत्साहित गरिने छ । | |
| ७.४.४<br><br>"अझ राम्रो र अझ बलियो" अवधारणा अनुरूप विपद्पश्चातको पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माण सुनिश्चित गर्ने । | • प्रदेश तहमा दक्ष एवम् स्रोतसाधनयुक्त एकीकृत संस्थामार्फत् खोज र उद्धार क्षमता अभिवृद्धि गरिने छ ।<br>• विपद्पश्चात पुनर्लाभ, पुनर्निर्माण र पुनर्स्थापनाका लागि स्तरीय निर्माण सामग्रीको आपूर्ति गर्न र निर्माण कार्यलाई जोखिम प्रतिरोधक बनाउन निर्माण कार्यमा संलग्न व्यवसायी तथा प्राविधिकहरूको क्षमता अभिवृद्धि गरिने छ ।<br>• नयाँ प्रविधिको अनुकूलन, अनुसन्धान र विकास गरिने छ साथै विपद् जोखिमको आधारमा जमिनको वर्गीकरण गरी उच्च जोखिमयुक्त क्षेत्रमा संरचना निर्माणमा रोक लगाईने छ । | • खोज तथा उद्धारका लागि सुरक्षा निकायहरू मार्फत तालिम सञ्चालन गरिएको । |

# अनुसूची २५

## श्रम तथा रोजगार उपक्षेत्र अन्तर्गतका रणनीति कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | हालसम्मको अध्यावधिक अवस्था |
|---|---|---|
| ८ १.१.श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना हुने कानुनी तथा आर्थिक आधार तयार गर्ने । | • राष्ट्रिय रोजगार नीति तथा श्रमिकको हक एवम् रोजगारीको हकसम्बन्धी कानुन प्रभावकारी कार्यान्वयन गरिने छ ।<br>• सामाजिक सुरक्षा योजनाको प्रभावकारी कार्यान्वयनद्वारा असल श्रम सम्बन्धको विकास गरिने छ ।<br>• विभिन्न क्षेत्रका कामदारहरूको निर्धारित न्यूनतम पारिश्रमिकको कार्यान्वयन सुनिश्चित गरिने छ ।<br>• औद्योगिक प्रतिष्ठानहरूमा व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्ड लागु गरिने छ ।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सफल बनाउन स्थानीय तह, निजी क्षेत्र र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरिने छ । | • श्रम नीति तर्जुमाको चरणमा रहेकोले यसै आ व भित्र श्रम.नी ति कार्यान्वयनमा लगिने छ ।<br>• समन्वय तथा अनुगमन गर्ने गरिएको ।<br>• नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक लागु गराउन आवश्यक कार्य गरेको ।<br>• अनुगमन तथा समन्वयसम्बन्धी कार्य ।<br>• रोजगार संयोजकहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गरिएको । अनुगमन तथा समन्वय गर्ने गरिएको । |
| ८ १.२.निजी तथा सामुदायिक/सहकारी क्षेत्रको निम्ति लगानीमैत्री वातावरण सिर्जना गरी स्वदेशमै पर्याप्त र मर्यादित रोजगारी एवम् स्वरोजगारीका अवसरहरू सिर्जना गर्ने | • श्रम सघन उत्पादन क्षेत्र (जस्तै कृषि, साना तथा मझौला उद्योग, होमस्टे) मा लगानी विस्तार गरी रोजगारीका अवसर बढाइने छ ।<br>• रोजगार सेवा केन्द्रलाई स्थानीय तहमा विस्तार गरी व्यवस्थित रूपमा श्रम तथा रोजगार सूचना प्रणालीमा आम जनतामा पहुँच विस्तार गरिने छ । | • स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रलाई सुद्रधिकरण गरि श्रम तथा रोजगार सम्बन्धि सूचना प्रणालीमा आम जनताको पहुँच पुर्‍याउन प्रदेश भित्रकमा प्रत्येक स्थानीय तहलाई रु दुई लाखका दरले यस आ.व मा बजेट विनियोजन गरिएको । |
| ८ १.३.प्राविधिक शिक्षा, सिप तथा व्यावसायिक तालिमका माध्यमबाट प्रतिस्पर्धी, दक्ष श्रम शक्तिको उत्पादन गर्ने । | • कम्तीमा एउटा बहुविषयगत सिप विकास तालिम केन्द्र स्थापना गरिने छ ।<br>• तालिम प्राप्त जनशक्तिका निम्ति व्यावसायिक योजना, वित्तीय सहायता, र बजारमा पहुँचमा सरकारले सहयोग गरी व्यवसायमा आउन उत्प्रेरित गरिने छ ।<br>• | • हेटौंडा तथा गजुरीमा रहेको सिप विकास तालिम केन्द्रलाई थप स्रोत साधन र जनशक्ति प्रदान गरि सिप विकाससम्बन्धी तामिमहरू सञ्चालन गर्ने कार्यक्रम रहेको ।<br>• यससम्बन्धी विभिन्न कार्यक्रमहरू यस आ.वमा तर्जुमा भई कार्यान्वयनको चरणमा रहेको । |
| ८ १.४.वैदेशिक रोजगारीलाई कम खर्चिलो, सुरक्षित र लाभप्रद बनाउने र आर्जित विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने । | • विप्रेषणलाई पूर्वाधार विकासजस्ता उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति र विश्वासिलो संयन्त्र बनाइने छ ।<br>• वैदेशिक रोजगारीमा जानेका निम्ति श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्व तालिमको व्यवस्था गरिने छ ।<br>• वैदेशिक रोजगारीलाई सुरक्षित र लाभप्रद बनाउन नियमित अनुगमनको व्यवस्था गरिने छ । | • देश भित्र वा वैदेशिक रोजगारमा जानेका निम्ति सिप विकास गर्न प्रदेश भित्रका दश हजार युवाहरूलाई तालिम दिने कार्यक्रममा चालु आ.व.मा कार्यान्वयन हुने छ । |

# अनुसूची २६

## गरिबी निवारणसम्बन्धी रणनीति तथा कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | प्रगति विवरण |
|---|---|---|
| 8.2.1 प्राकृतिक र अन्य स्रोत र उत्पादनका साधनमा विपन्न घरपरिवारको पहुँच र स्वामित्व बढाउने । | • सामुदायिक र कबुहलियत वन कार्यक्रमहरू मार्फत उत्पादन वृद्धि गर्न गरिब र सीमान्त गरिबहरूलाई प्राथमिकता दिई सहभागी हुन प्रोत्साहन दिइने छ । | • गरिबी निवारणमा बहुक्षेत्रीय लगानी र सहकार्य आवश्यक हुने भएकोले उल्लेखित रणनीति र कार्यनीतिका क्षेत्रमा वन र कृषीसँग सम्बन्धित मन्त्रालयबाट कार्यक्रम सञ्चालन भएको । |
| | • उपयूक्त सार्वजनिक जग्गामा वातावरणमैत्री र उत्पादनमूलक कार्यक्रममा गरिबहरूलाई प्राथमिकता दिई संलग्न गराइने छ । | • स्थानीय तहहरूसँगको साझेदारीमा सरकारी सार्वजनिक जग्गाहरूको खोजविन बारे स्थानीय तहका पदाधिकारीहरूसँग पालिकास्तरीय गोष्ठी कार्यक्रम यस आ.व.मा प्रस्तावित रहेको । |
| | • बाँझो राखिएका निजी जग्गाहरूमा स्थानीय तहको रोहवरमा उत्पादनमूलक खेती गर्न विपन्न घरपरिवारलाई प्रोत्साहन गर्ने व्यवस्था गरिने छ । | • स्थानीय तहहरूसँगको साझेदारीमा सरकारी सार्वजनिक जग्गाहरूको खोजविन बारे स्थानीय तहका पदाधिकारीहरूसँग पालिका स्तरीय गोष्ठी कार्यक्रम यस आ.व.मा प्रस्तावित रहेको । |
| | • प्रदेश तहमा गरिबी निवारण कोषको स्थापना गरिने छ र स्थानीय तहका गरिबी निवारण कार्यक्रमलाई सघाउन सहकार्य गरिने छ । | • |
| | • कृषि वन जस्ता क्षेत्रमा उत्पादकत्व वृद्धिमा सघाउने कार्यक्रममा (जस्तै प्रंगारिक मल, नर्सरी आदि) विपन्न र सिमान्त विपन्न घरपरिवारलाई प्राथमिकता दिई संलग्न गराइने छ । | • गरिबी निवारणमा बहुक्षेत्रिय लगानी र सहकार्य आवश्यक हुने भएकोले उल्लेखित रणनीति र कार्यनीतिका क्षेत्रमा वन र कृषीसँग सम्बन्धित मन्त्रालयबाट कार्यक्रम सञ्चालन भएको । |
| | • सम्भाव्यताका आधारमा सहरी क्षेत्रहरूमा जग्गामा सहभागिता (ल्याण्ड सेयरिङ) कार्यक्रम मार्फत गरिबहरूक आवास व्यवस्थापन गरिने छ । | • स्थानीय तहहरूसँगको साझेदारीमा सरकारी सार्वजनिक जग्गाहरूको खोजविन बारे स्थानीय तहका पदाधिकारीहरूसँग पालिका स्तरीय गोष्ठी कार्यक्रम यस आ.व.मा प्रस्तावित रहेको । |
| 8.2.2 गरिब र सीमान्त गरिबको पहिचान गरी उनीहरूको क्षमता उत्पादकत्व वृद्धि गर्ने । | • विपन्न घर परिवारको पहिचान गरी परिचय पत्र वितरण गरिने छ । | • सङ्घीय मन्त्रालयबाट विपन्न घर परिवार पहिचान परिचयपत्र वितरण भैरहेको र बागमती प्रदेशमा सो कार्य अन्तिम चरणमा रहेको तथा प्रदेशको तथ्याङ्क प्राप्ति र भण्डारणको लागि समन्वय भै रहेको । |
| | • स्थानीय साधन स्रोत र आवश्यकताका आधारमा विपन्न घर परिवारका सदस्यलाई प्राथमिकता दिई एकद्वार प्रणाली मार्फत सम्भाव्य तालिम र क्षमता | • गरिब घरपरिवार लक्षित गरी सिलाई कटाई तालिम मौरी पालन तथा/सामग्रीवितरण  कार्यकंम सम्पन्न गरिएको । |

| रणनीति | कार्यनीति | प्रगति विवरण |
|---|---|---|
| | अभिवृद्धि कार्यक्रममा संलग्न गराइने छ । र उद्यम विकासमा सहुलियत सहित प्रोत्साहन गरिने छ । गरिबहरूलाई सहकारीमा आबद्ध हुन प्रोत्साहित गरिने छ र लघु वित्तमा पहुँच सुनिश्चित गरिने छ । | • गरिबी निवारण कार्यक्रमलाइ लक्षित समुदायसम्म पुग्ने गरी कार्यान्वयनमा लग्न आवश्यक पर्ने तथ्याङ्क सङ्कलनको लागि प्रदेश गरिबी सर्भेक्षण कार्यक्रम यस आ.व.मा राखिएको छ । |
| | • गरिब किसानहरूलाई जलवायु परिवर्तनसँग अनुकुलित हुने प्रविधिको तालिम दिइने छ र सहुलियतमा प्रविधि उपलब्ध गराइने छ । | • |
| | • सहरी क्षेत्रमा फोहर व्यवस्थापनमा स्लग्न सफाई मजदुरहरूको स्वास्थ्य बिमा गरी पेसालाई सुरक्षित र मर्यादित बनाइने छ । | • |
| | • विपन्न दलितहरू र अन्य समुदायको पारस्परिक त्तानको सम्वर्धन गर्दै पेसागत कामलाई व्यावसायिक बनाउन आवश्यक तालिमदक्षता अभि ,वृद्धिर स्वरोजगा रकार्यक्रमअन्तर्गतवित्त िय सहयोग गरिने छ । सिप परीक्षण गरी प्रमाणीकरण गरिने व्यवस्था मिलाइने छ । | • गरिबी निवारण कार्यक्रमलाइ लक्षित समुदायसम्म पुग्ने गरी कार्यान्वयनमा लग्न आवश्यक पर्ने तथ्याङ्क सङ्कलनको लागि प्रदेश गरिबी सर्भेक्षण कार्यक्रम यस आ.व.मा राखिएको । |
| | • गरिबमुखी योजना र कार्यक्रमहरूको नियमितअनुगमन र प्रभावकारिताको मूल्याङ्कन र परिमार्जन गरिने छ। | • |
| 8.2.3 सार्वजनिक सेवा प्रवाह र विकासाका काममा गरिबहरूको सहभागीता बढाउने । | • शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता सेवाहरूको प्रवाहमा गरिब र सिमान्ता गरिबलाई प्राथमिकता दिइने छ । | • |
| | • गरिबहरूलाई सहुलियत दरमा स्वास्थ्य बिमाको व्यवस्था गरिने छ । | • |
| | • रोजगारी नपाएका विपन्न घरपरिवारका एक जना सदस्यले वर्षमा कम्तीमा दिन आयमूलक १५० रोजगारी पाउने सुनिश्चित गरिने छ । | • गरीव घरपरिवारको रोजगारी तथा स्वरोजगारीको लागि व्यावसायिक सिप अभिवृद्दि कार्यक्रम (२०० जना ९० दिनको) कार्यक्रम यस आ.व.मा रहेको। |
| | • सार्वजनिक निर्माण कार्यमा महिलाहरूबाट गर्न सकिने कामहरूको पहिचान गरि आवश्यक मजदुरको १० प्रतिशत सङ्ख्या सङ्ख्या विपन्न घरपरिवार र एकल महिलाहरूको निम्ती छुट्याइने छ । | • |

| रणनीति | कार्यनीति | प्रगति विवरण |
|---|---|---|
| | • प्रदेश सरकार वा स्थानीय तहअन्तर्गतका पसल कवलजस्ता सार्वजानिक संरचना भाडामा दिँदा २० घरपरिवार र एकल प्रतिशत सङ्ख्या विपन्न महिलाहरूकोनिम्ती उपलब्ध ग राउने व्यवस्था गरिने छ । | • |
| 8.2.4 भौगोलिक र समुदायमा रहेको गरिवी सघनताका आधारमा गरिवी निवारणका लक्षित कार्यक्रम तर्जुमा गर्ने । | • भौगोलिक र समुदायमा रहेको गरिवीको सघनता र विद्यमान सम्भावनालाई मध्यनजर गरि त्यस्ता भौगौलिक क्षेत्र र समुदायका निम्ति गरिवी निवारणको अल्प र मध्यकालीन योजना र कार्यक्रमको तर्जुमा र चरणबद्ध कार्यान्वयन गरिने छ । | • गरिवी निवारण सम्वन्धमा सरोकारवालाहरूबिच कार्यशाला गोष्ठी २ दिने कार्यक्रम यस आ.व.मा प्रस्तावित रहेको ।<br>• भौगोलिक र समुदायमा रहेको गरिवीको सघनता र विद्यमान सम्भावनालाई मध्यनजर गरि त्यस्ता भौगौलिक क्षेत्र र समुदायका निम्ति गरिवी निवारणको अल्प र मध्यकालीन योजना गर्नको लागि प्रदेश गरिवी निवारण नीति मस्यौदा तयारी यस आ.व.मा गर्ने कार्यक्रम रहेको । |
| | • २०७२ को भूकम्पबाट बास गुमेका जोखिममा अवस्थित विपन्न घरपरिवारलाई सम्भाव्य ठाउँहरक्रमा एकीकृत बस्ती विकासका माध्यमबाट बसोबासको व्यवस्था मिलाउन सहजीकरण गरिने छ । | • |

# अनुसूची २७

## सुशासन उपक्षेत्रका रणनीति कार्यनीति कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ८.३.१<br><br>शासन प्रणाली सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिहरूको तर्जुमा गर्ने । | प्रदेश सरकार सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिहरूको तर्जुमा गरिने छ । | आवश्यक नीति, कानुन, मापदण्ड र कार्यविधिहरूको तर्जुमा गरिएको र कार्यान्वयनमा ल्याइएको । |
| | प्रदेश निजामती सेवाको गठनसम्बन्धी कानुन निर्माण गरी प्रशासन संयन्त्रलाई प्रदेशप्रति उत्तरदायी बनाइने छ । | प्रदेश निजामती सेवासम्बन्धी अध्यादेश २०७९, तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको । |
| | सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिने छ । | प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७४ मा कार्यजिम्मेवारी स्पष्ट पारिएको । |
| | सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गराइने छ । | बागमती प्रदेश सरकारका मन्त्री तथा पदाधिकारीहरूको आचार संहिता, २०७८ जारी भएको । |
| | सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई पद्धतिबद्ध बनाइने छ । | प्रदेश निजामती सेवासम्बन्धी अध्यादेश, २०७९ तर्जुमा भई यसै अनुसार कार्य भएको ।<br>विभिन्न आयोग, केन्द्र, प्रतिष्ठानहरूको गठनसम्बन्धी कानुनहरू द्वारा समेत व्यवस्थापन भएको । |
| | प्रदेशको साङ्गठनिक संरचनालाई आवश्यकता र कार्य जिम्मेवारी अनुसार पुनःसंरचना गरिने छ । | प्रदेशको सगठन संरचना तयार भएको ।<br>निर्माण भएका नयाँ मन्त्रालयहरूको लागि संक्षिप्त सगठन संरचना तयार भएको । |
| | कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइने छ । | प्रदेश निजामती सेवासम्बन्धी अध्यादेश, २०७९ तर्जुमा भएको र सोही अनुसार कार्यान्वयन भएको। |
| | सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिने छ । | प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ तर्जुमा भई कार्यान्वयनमा रहेको । |
| ८.३.२<br><br>प्रदेशले प्रवाह गर्ने सेवामा | सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिने छ । | प्रदेशमा निर्माण भएका विभिन्न ऐन/कानुन मार्फत समावेशी प्रतिनिधित्वको अवस्थालाई सुनिश्चित गरिएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| अधिकारमुखी पहुँच स्थापना गर्ने । | सेवाग्राहीको माग सापेक्ष, सहभागितामूलक विकास प्रक्रियाको अवलम्बन गरिने छ । | विभिन्न स्थानीय तह, स्थानीय नागरिकको माग र आवश्यकता अनुसार वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने गरिएको । |
| | विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइने छ । | विद्युतीय शासनको अवधारणलाई क्रमशः विस्तार गर्दै लगिएको । |
| | जनताका गुनासो सिधै मुख्यमन्त्रीसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जवाफदेहिता, कारबाही र जानकारीको सुनिश्चितता गरिने छ । | गुनासो सुन्ने गरी हेलो प्रदेश सरकारको स्थापना गर्न तयारी भइरहेको । |
| | स्थानीय तहहरूलाई एकद्वार प्रणालीबाट एकीकृत सेवा प्रदान गर्न सहजीकरण गरिने छ । | वित्तीय हस्तान्तरणसम्बन्धी सबै कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयबाट हुने गरी व्यवस्था गरिएको । |
| | सूचना प्रविधिको प्रयोग र पहुँच बढाउने कार्यक्रम सञ्चालनमा सहयोग पुर्‍याउन स्थानीय तहलाई सहजीकरण गरिने छ । | स्थानीय तहको आवश्यकता अनुसार सहजीकरण गरिएको । |
| ८.३.३<br>प्रदेश सरकारको कार्यसम्पादनलाई पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउने । | प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरिने छ । | प्रदेश भित्रका प्रहरीहरूको क्षमता विकासको लागि प्रहरी भवनहरू निर्माण गरीएको । प्रहरीको लागि आवश्यक सवारी साधनको व्यवस्था गरिएको ।<br>जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरूसँग नियमित समन्वय र सहकार्य भइरहेको ।<br>प्रदेश प्रहरी समायोजनका लागि सङ्घीय सरकारको ध्यानाकर्षण गरिएको ।<br>प्रदेश अनुसन्धान ब्युरो ऐन, २०७९ जारी गरिएको |
| | सूचनाको हकसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन गरी सार्वजनिक सरोकार विषयमा सूचनाको सार्वजनिक गर्ने कार्यलाई अनिवार्य बनाइने छ । | प्रदेश सूचनाको हकसम्बन्धी ऐन, २०७६ जारी भई सोहीअनुसार कार्य भएको । |
| | गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइने छ । | प्रदेश सूचनाको हकसम्बन्धी ऐन, २०७६ जारी भई सोहीअनुसार कार्य भएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | सेवा प्रदायकप्रति नागरिकहरूको सन्तुष्टिको स्तर मापन र नियमित पृष्ठपोषण लिइने छ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्‌न प्रणालीसमेतको अवलम्बन गरिने छ । | छनोट भएका निकाय/कार्यलयहरूको सेवाप्रवाहसम्बन्धी सर्वेक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने गरिएको । |
| | कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आबद्ध गरिने छ । यसका लागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाईसमेत आधार बनाइने छ । | प्रदेश निजामती सेवासम्बन्धी अध्यदेश तथा अन्य आयोग, प्रतिष्ठान गठनसम्बन्धी कानुनबाट कार्यसम्पदानको विषय समेटिएको ।<br><br>निर्माण हुने विभिन्न सेवा सँगसम्बन्धी ऐन/नियम मार्फत व्यवस्थित गर्ने तयारी भएको । |
| | नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइने छ । | प्रदेश निजामती सेवासम्बन्धी अध्यादेश मार्फत कर्मचारीहरूको आचरण, आचारसंहितासम्बन्धी विषय स्पष्ट गरिएको ।<br><br>प्रदेशका उत्कृष्ट कर्मचारीहरूलाई पुरस्कार दिने व्यवस्था गरिएको । |
| | निश्चित लागत र बजेट सीमाभन्दा माथिका परियोजनाका प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता गरी नतिजाप्रति उत्तरदायी बनाइने छ । | मुख्यमन्त्री तथा मन्त्री, मन्त्री तथा सचिव र सचिव तथा आयोजना प्रमुखहरू सँगको कार्यसम्पदान सम्झौता गर्ने व्यवस्था मिलाईएको |
| | सार्वजनिक निर्माणको गुणस्तर परीक्षणका लागि प्रयोगशालाहरूको स्थापना गरिने छ । | विषयगत मन्त्रालयहरूबाट सार्वजनिक निर्माणको गुणस्तर परिक्षणसम्बन्धी कार्यहरू भइरहेको । |
| | स्थानीय तहसँग एवम् प्रदेश कार्यालयहरूसँग विद्युतीय सूचना प्रविधि कनेक्टिभिटी हुने गरी प्रदेशस्तरीय सूचना केन्द्रको स्थापना गरिने छ । | |
| | भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता अपनाइने छ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारवाहीलाई सशक्त बनाउन भ्रष्टाचार विरूद्ध अन्तरनिकाय समन्वय र सहकार्य प्रभावकारी बनाइने छ । | भ्रष्टचार विरूद्धको प्रादेशिक नीति लिईएको ।<br><br>भ्रष्ट्रचार विरूद्ध अभिमुखीकरण, समन्वय तथा सहकार्यको कार्य भइरहेको । |
| | आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिने छ । | बागमती-प्रदेश-सरकारको-आन्तरिक-नियन्त्रण-प्रणाली-मार्गदर्शन-२०७८ जारी भएको<br><br>प्रदेशको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ जारी भएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिने छ । | महालेखा परिक्षकको प्रतिवेदन अनुसारको बेरूजु सार्वजनिक गरिएको । |
| | सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन नागरिक बडापत्र राखिने छ । | कार्यालयहरूमा नगरिक वडापत्र राख्ने व्यवस्था मिलाईएको । |
| | महत्त्वपूर्ण सेवा प्रदायकको मूल्याङ्कनमा सेवाग्राहीको संलग्नता रहने व्यवस्था गरिने छ । | सेवाप्रवाहसम्बन्धी सर्वेक्षणमा सेवाग्राहीको धारणा, सन्तुष्टिलाई आधार लिने गरिएको । |
| | सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन आदि)लाई प्रभावकारी र नियमित गराइने छ । | गुनासो व्यवस्थापन, सुचना अधिकारी लागायतका संयन्त्रहरूको प्रयोग तथा विकास भइरहेको । |
| | सरकारको क्षेत्र र कार्यक्रमगत बजेट, कार्ययोजना, आवधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत् नियमित रूपमा सार्वजनिक गरिने छ । | प्रदेश सरकारका मन्त्रालय तथा निकायहरूबाट आफूअन्तर्गत भएका काम कारबाहि बेबसाईटमार्फत सम्प्रेषण गर्ने कार्य भइरहेको । |
| | गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिने छ । | प्रदेशअन्तर्गतका गैसस, नागरिक समाज सँग विषयगत मन्त्रालयहरूबाट समन्वय र सहकार्य भइरहेको । |
| ८.३.४<br>साङ्गठनिक पुनःसंरचना र जनशक्ति विकास गर्ने । | प्रदेशको कार्य आवश्यकता अनुसार प्रशासनिक पुनःसंरचना गरिने छ । | प्रदेशको कार्य आवश्यकता अनुसार मन्त्रालयहरूको व्यवस्थापन गरी कार्यविभाजन नियमावली परिमार्जन गरिएको । |
| | सङ्गठनको लागि आवश्यक पर्ने दक्ष जनशक्तिको विकास र उपयोगका लागि एकीकृत जनशक्ति विकास योजना तयार गरिने छ । | प्रदेशमा रहेका जनशक्तिहरूको दक्षता अभिवृद्धिका लागि नीति तथा कार्यक्रमहरूमा व्यवस्था गरिएको ।<br>विभिन्न तालिम केन्द्रहरूको विकास तथा विस्तारमा कार्य भइरहेको । |
| | वार्षिक बजेटको निश्चित प्रतिशत तालिम तथा क्षमता विकास र आवश्यक अनुसन्धानका लागि विनियोजन गरिने छ । | आवश्यकता अनुसार बजेट विनियोजन भएको |
| | प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आवश्यकता र माग अनुसार अभिमुखीकरण, तालिम र क्षमता विकासका लागि आधुनिक प्रविधि र स्रोत-साधनसहितको प्रदेश सुशासन प्रशिक्षण प्रतिष्ठानको | प्रदेश सुशासन केन्द्रको स्थापना भएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | स्थापना गरिने छ । | |
| | प्रदेश लोक सेवा अयोगको सिफारिसमा प्रदेश तथा स्थानीय तहमा पदपपूर्तिको व्यवस्था गरिने छ । | प्रदेश लोक सेवा आयोग गठन भई कार्य प्रारम्भ भएको । |
| ८.३.५ तालिमलाई व्यवहारिक, प्रविधियुक्त तथा नवप्रर्वतनशील बनाउने । | कार्यक्षेत्र र कार्यप्रकृति अनुसार नयाँ ज्ञान, सूचना र प्रविधिको निरन्तर अनुसरण गर्न सक्ने नवप्रर्वतनमुखी व्यवहारिक, प्राविधिक तथा सिपमूलक तालिम, परामर्श र सिकाइमा जोड दिइने छ । | प्रदेशमा रहेका जनशक्तिहरूको दक्षता अभिवृद्धिका लागि नीति तथा कार्यक्रमहरूमा व्यवस्था गरिएको ।<br>वार्षिक बजेट तथा कार्यक्रममा तालिम, अनुशिक्षणसम्बन्धी कार्यको लागि बजेट विनियोजन हुने गरेको । |
| | शिक्षण, सिकाइ, तालिम र सङ्गठनात्मक व्यवहारद्वारा नैतिकता र सदाचार पद्धतिलाई प्रोत्साहन गरिने छ । | विभिन्न शिक्षण तालिमहरू सञ्चालन भएको<br>सिप विकास तालिम केन्द्रहरूबाट व्यवहारीक तालिमहरू प्रदान भइरहेको । |
| | विषय दक्षताका अधारमा सङ्घीय निकाय र प्रशिक्षण केन्द्र, विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा निजी र गैरसरकारी क्षेत्रलाईसमेत तालिमका लागि उपयोग गरिने छ । अन्य प्रदेशका राम्रा सिकाइ र उत्तम अनुभवलाई आत्मसात् गरिने छ । | प्रदेशका कर्मचारीहरूको सेवाकालीन तालिमको सङ्घीय प्रशिक्षण केन्द्रहरूको उपयोग गरीएको ।<br>सङ्घीय इकाइहरूबाट सञ्चालन हुने तालिम, प्रशिक्षणहरूमा प्रदेशका कर्मचारीहरूको सहभागिता सुनिश्चित गर्ने प्रयास गरिएको । |
| ८.३.६ अन्तरसरकार समन्वयलाई प्रभावकारी बनाउने । | प्रदेश समन्वय परिषद्लाई नियमित, प्रभावकारी र परिणाममुखी गरिने छ । | प्रदेश समन्वय परिषद्को बैठक नियमित रूपमा सञ्चालन भएको । |
| | सङ्घीय र स्थानीय तहसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिने छ । | विभिन्न अन्तरतह समन्वयसँग सम्बन्धित समिति, इकाइमार्फत नियमित सम्पर्क तथा समन्वय भइरहेको । |
| | प्रदेशभित्रका गाउँपालिका र नगरपालिकाको विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधिसम्बन्धी कानुन निर्माण गरी कार्यान्वयन गरिने छ । | |
| | सङ्घीय, प्रादेशिक र स्थानीय तहकाबिच सूचना प्रणाली व्यवस्थापनमा समन्वय गरिनुका साथै प्रतिवेदन प्रणालीलाई एकीकृत रूपमा आबद्ध गरी दोहोरो सञ्चार प्रणाली स्थापित गरिने छ । | सङ्घ, प्रदेश र स्थानीय तहलाई सूचना प्रणाली मार्फत जोड्न र प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित बनाउन समन्वय भइरहेको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | स्थानीय तहहरूकाबिच कार्यसम्पादनमा प्रतिस्पर्धा अभिवृद्धिका साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था मिलाइने छ । | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनसम्बन्धी कार्यक्रमहरू मार्फत स्थानीय तहको कार्यसम्पादनमा विकास गर्ने कार्य भएको। |
| | प्रदेशमा आधिकारिक तथ्याङ्क केन्द्रको स्थापना गरी विगतका अभिलेख एवम् परियोजना दस्तावेजहरू/ प्रतिवेदनहरूलाई पोर्टलमा राखिने छ । | प्रादेशिक तथ्याङ्कहरू तयार गर्ने गरी पोर्टलहरू निर्माण गर्ने कार्यको तयारी भइरहेको । |
| | स्थानीय तहका पोर्टलहरूलाई प्रदेश पोर्टलसँग जोड्ने गरी वस्तुगत विवरण तथा स्रोत नक्साहरू र परियोजना विवरण लगायतका सूचना उपलब्ध हुने व्यवस्था मिलाइने छ । | हाल प्रदेश तथा स्थानीय तहमा सङ्घीय पोर्टलहरू सङ्घबाट निर्माण भएअनुसार नै प्रयोगमा आएको र यस्ता पोर्टलहरूको एकीकरणका लागि सङ्घीय सरकारसँग समन्वय भइरहेको । |
| | प्रदेशभित्रका स्थानीय तहको कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा एकरूपता आउने गरी स्थानीय तहकोसमेत सफ्टवेयरहरूको विकास गरी सहजीकरण गरिने छ । सङ्घीय सरकारबाट कार्यान्वयनमा आउने र अन्य सूचना प्रणालीलाई प्रभावकारी बनाइने छ । | |
| | प्रदेशस्तरीय विकास समस्या समाधान समितिलाई समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिने छ । | प्रदेशस्तरीय विकास समस्या समाधान समितिको बैठक नियमित रूपमा हुने गरेको । |

# अनुसूची २८

## सूचना तथा सञ्चार उपक्षेत्रका रणनीति कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ८.४.१<br>आम नागरिकको सुसूचित हुन पाउने संवैधानिक हकको लागि उचित वातावरण मिलाउने । | • सूचनाको हकसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा तथा प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइने छ ।<br>• सामाजिक र आर्थिक विकासका क्षेत्रमा केन्द्रित प्रादेशिक सूचना सञ्चार रणनीतिको तर्जुमा र कार्यान्वयन गरिने छ ।<br>• प्रदेशस्तरका मन्त्रालयहरूमा अफिस अटोमेसन प्रणाली लागु गरिने छ ।<br>• टेलिसेन्टरहरूको स्थापना र सञ्चालनको व्यवस्था मिलाइने छ ।<br>• सबै कार्यालयका वेबसाइट, इमेल, फेसबुक, ट्वीटर, भाईबरजस्ता माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनुवाइ हुने व्यवस्था मिलाइने छ । | • सूचनाको हकसम्बन्धी प्रदेश कानुन बनेको र उक्त कानुन बमोजिम पुनरावलोकन समिति गठन भई कार्यप्रारम्भ गरेको ।<br>• प्रादेशिक सूचना रणनीतिमा काम भएको छैन ।<br>• प्रदेशका मन्त्रालय र निकाय गरी १४ ओटा कार्यालयको वेबसाइटमा राखिएका सूचना एकद्वार प्रणालीबाट नागरिकको पहुँचमा पुग्ने गरी सञ्चार रजिस्टारको कार्यालयबाट सूचना बैंक निर्माण गरी सञ्चालनमा रहेको ।<br>• सूचना बैंकलाई चालु आर्थिक वर्षमा विस्तार गरी प्रदेशअन्तर्गतका कार्यालयका वेबसाइँटमा राखिएका सूचनालाई पनि एकद्वार प्रणालीबाट हेर्न, पढन र डाउनलोड गर्न सकिने प्रक्रियामा रहेको ।<br>• टेलिकम्युनिकेसनका बारेमा सङ्घीय र प्रादेशिक कानुनको अभावमा काम हुन सकेको छैन ।<br>• कार्यालयहरूले आफना सूचना सामाजिक सञ्जाल मार्फत वितरण गर्ने गरेका छन् । |
| ८.४.२<br>आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निस्पक्ष, मर्यादित, व्यावसायिक र प्रतिस्पर्धी बनाउने । | • आम सञ्चारसम्बन्धी कानुन तर्जुमा गरिने छ ।<br>• छापा तथा विद्युतीय सञ्चार माध्यमको विकास र सुदृढीकरण गरिने छ ।<br>• आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निस्पक्ष, मर्यादित, व्यावसायिक, विश्वसनीय र प्रतिस्पर्धी हुने वातावरण बनाइने छ ।<br>• पत्रकार प्रतिष्ठान स्थापना र सञ्चालनको लागि सहयोग उपलब्ध गराइने छ । | • आम सञ्चार माध्यम र पत्रकारको नियमन र व्यवस्थापन गर्न प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ जारी गरिएको ।<br>• सो ऐनको दफा ३१ बमोजिम प्रशासनिक र आर्थिक अधिकारसहितको पूर्णकालीन सञ्चार रजिष्टार नियुक्त । रजिस्टारलाई सञ्चार माध्यमको दर्ता, अभिलेखीकरण, इजाजत, अनुगमन,नियमन र वर्गीकरण गर्ने अधिकार दिइएको । पत्रकार परिचयपत्र वितरण गर्ने, पत्रपत्रिका, अनलाइन सञ्चार माध्यम, एफएम रेडियो, सामुदायिक रेडियो, केबल टेलिभिजन र केबल वितरकको अभिलेख राख्ने अधिकार पनि ऐनले सञ्चार रजिस्टारलाई दिएको ।<br>• प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ चौथो वर्षसम्म आइपुग्दा दुई पटक संशोधन भएको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
| --- | --- | --- |
| | | • प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली प्रदेश मन्त्रिपरिषदले २०७६ असार ९ गते स्वीकृत गरेको । यी कानुन बमोजिम सञ्चार रजिस्टार कार्यालयमा नवीकरण हुने र नियमनमा रहने सञ्चार माध्यम देहाय बमोजिम रहेका ।<br>• केबल टेलिभिजन ३८<br>• एफएम रेडियो ९६<br>• पत्रकार परिचयपत्र ७७२<br>• अनलाइन १५६<br>• वार्षिक योजना कार्यान्वयनका लागि विभिन्न कार्यविधि बनाई स्वीकृत गराएर कार्यान्वयन गर्ने गरिएको छ ।<br>• ती सञ्चार माध्यम र पत्रकारले दर्ता, नवीकरण, जरिवाना बापतको राजस्त सञ्चार रजिस्टार कार्यालय मार्फत बुझाउने गरेका छन् । सञ्चार रजिस्टार कार्यालयलाई खर्च गर्न प्रदेश सरकारबाट खर्च गर्न उपलब्ध गराइने बजेट र सञ्चार रजिस्टार कार्यालयबाट उठाइने राजस्व झण्डै झण्डै बरावर जस्तो हुने गरेको छ ।<br>• बिद्युतीय सञ्चार माध्यमको विकास र सुदृढीकरणका लागि पत्रकारको क्षमता विकासका लागि तालिम आधुनिक सिप र प्रविधियुक्त तालिम सञ्चालन गर्ने गरिएको छ ।<br>• सङ्घले छापाखाना तथा प्रकाशन ऐन संशोधन गरेर प्रदेशलाई कुनै पनि फाइल हस्तान्तरण नगरेका कारण छापासम्बन्धी काम प्रदेश कानुन भएर पनि कार्यान्वयनमा लैजान सकिएको छैन ।<br>• हालसम्म दुई सय भन्दा बढी पत्रकारले सञ्चार रजिस्टार कार्यालयबाट तालिम प्राप्त गरेका छन् । पत्रकारहरूलाई लेखनबृत्ति दिएर लेखन क्षेत्रमा उत्प्रेरणा जगाउने काम गरिएको छ ।<br>• आमसञ्चार प्रतिष्ठानले गर्ने पत्रकारको क्षमता विकास गर्ने तालिम सञ्चार रजिस्टार कार्यालयबाट हुँदै आएको छ । |
| ८.४.३ चलचित्र छायाङ्कन स्थलको निर्माण | • नेपाललाई चलचित्र छायाङ्कनको स्थलको रूपमा विकसित गर्न दोलखा र अन्य सम्भाव्य स्थानहरूमा चलचित्र नगरी तथा छायाङ्कन | • दोलखाको डाङडुङे डाँडामा चलचित्र निर्माण स्थल निर्माण गर्न सम्बन्धित स्थानीय तहसँग समन्वय गरी लगानी गरेको । |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| तथा नेपालको सांस्कृतिक, सामाजिक मूल्य मान्यताका मौलिक चलचित्र निर्माणमा जोड दिने । | स्थलहरूको निर्माण गरिने छ ।<br>• सांस्कृतिक तथा सामाजिक मूल्य मान्यता तथा सदभाव कायम राख्ने मौलिक र देशभक्तिपूर्ण चलचित्र निर्माणलाई प्रोत्साहन गरिने छ ।<br>• चलचित्रसम्बन्धी नीति बनाई चलचित्रसम्बन्धी मापदण्ड र वर्गीकरण गरिने छ । | • चलचित्रसँग सम्बन्धित कानुन प्रदेशमा बनेको छैन |

# अनुसूची २९

## विज्ञान तथा प्रविधि उपक्षेत्रका नीति कार्यनीति कार्यान्वयनको अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ८.५.१<br><br>विद्यालयमा विज्ञान शिक्षाको सुदृढीकरण र प्रवर्धनात्मक कार्यक्रमहरूलाई तीव्रता दिने । | • प्रदेशको शिक्षा नीति र आवधिक कार्य योजनामा विद्यालयको विज्ञान पाठ्यक्रम र क्रियाकलापको तर्जुमा गरिने छ ।<br>• विद्यालयहरूमा विज्ञान प्रयोगशालालाई सुदृढ गर्ने र जिल्लास्तरमा कम्तीमा एउटा प्रयोगशालासहित विज्ञान शिक्षा प्रदान गर्ने विद्यालमा विज्ञान अध्ययन केन्द्रको स्थापना गरिने छ ।<br>• हरेक स्थानीय तहमा सम्भाव्यता हेरी कम्तीमा एक प्राविधिक विद्यालय स्थापना गरिने छ ।<br>• भविष्यमा प्रदेश विश्वविद्यालय हुनसक्ने गरी विज्ञान र प्रविधिका उत्कृष्ट उच्च शिक्षा केन्द्रहरू रणनीतिक स्थानमा स्थापना गरिने छ ।<br>• विद्यालय, क्याम्पस तथा व्यवसायमा आवद्ध युवा वैज्ञानिकहरूलाई प्रोत्साहन तथा प्रतिभा प्रस्फुरण गर्न आवधिक युवा वैज्ञानिक सम्मेलनको आयोजना गरिने छ ।<br>• वैज्ञानिक प्रतिभा प्रवर्धन गर्न नियमित रूपमा स्थानीय तह हुँदै प्रादेशिक तहसम्म विज्ञान प्रदर्शनी लगायतका सिर्जनात्मक प्रतियोगिताहरूको परियोजना गरिने छ ।<br>• विज्ञान र प्रविधिसम्बन्धी प्रतिभा पहिचान गरी विशिष्टीकृत क्षेत्रमा प्रतिभाहरूको विकास र उपयोग गरिने छ । | |
| ८.५.२<br><br>प्रदेशको प्राथमिकताका क्षेत्रमा वैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा जोड दिने । | • कृषि, जनस्वास्थ्य, साना उद्योग, ऊर्जा, यातायात र आवासजस्ता विषयहरू र सूचना प्रविधिमा विकासमूलक र व्यवहारिक अनुसन्धान, अन्वेषण गर्न र प्रविधि विकास र उपयोगमा सहयोग पुऱ्याउन नवप्रवर्तन केन्द्रहरूको स्थापना गरिने छ ।<br>• विज्ञान र प्रविधिलाई उत्पादन, उद्योग, उद्यमशीलता र शिक्षण क्षेत्रमा आबद्ध गर्दै लगिने छ ।<br>• औद्योगिक क्षेत्रको स्थापना सँगसँगै प्राविधिक महाविद्यालयको स्थापनासमेतलाई एकीकृत गरिने छ ।<br>• विज्ञान र प्रविधिका क्षेत्रमा मौलिक सिर्जनशीलतालाई प्रोत्साहन गर्ने गरी सिर्जनशीलता कोषको स्थापना गरिने छ ।<br>• प्रदेशको प्राथमिकताका क्षेत्रमा अध्ययन, अनुसन्धान र ज्ञान हस्तान्तरणको लागि विश्वविद्यालय र अनुसन्धान प्रतिष्ठानहरूसँग सहकार्य गरिने छ ।<br>• प्रदेशस्तरमा युवा वैज्ञानिकहरूलाई विज्ञान र प्रविधिको अध्ययन अनुसन्धान र विकासका लागि प्रोत्साहन हुने गरी प्राथमिकताका क्षेत्रहरूमा प्रतियोगात्मक वृत्ति विकास र अनुसन्धानका अवसर प्रदान | |

| रणनीति | कार्यनीति | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | गरिने छ ।<br>• विज्ञान तथा प्रविधिसँग सम्बद्ध प्रदेशका उत्कृष्ट सङ्घ संस्था वैज्ञानिक तथा अनुसन्धानदातालाई योगदानका आधारमा कदर एवम् पुरस्कृत गरिने छ ।<br>• स्थानीय, परम्परागत तथा मौलिक प्रविधिको पहिचान गरी तिनको वैज्ञानिक विकासमा जोड दिइने छ ।<br>• वैज्ञानिक तथा प्राविधिक जनशक्तिलाई उद्यमशीलतासँग आबद्ध गर्दै लगिने छ ।<br>• विश्वविद्यालय र अनुसन्धान प्रतिष्ठान तथा औद्योगिक प्रतिष्ठानहरूबिच सहकार्य गराइने छ ।<br>• औद्योगिक प्रतिष्ठानहरूमा अनुसन्धान र विकासमा लगानी गर्न प्रोत्साहित गरिने छ । | |
| ८.५.३<br>विकास निर्माण र सेवा प्रवाहलाई विज्ञान प्रविधि र सूचना प्रविधिमैत्री बनाउने । | • प्रदेश सरकारमा विज्ञान र प्रविधि विषय क्षेत्र सम्बद्ध जनशक्तिसहितको संस्थागत संरचनाको व्यवस्था गरिने छ ।<br>• प्रदेशको दैनिक कार्य सञ्चालन, स्थानीय तहसँगको सहकार्यका साथै विकास निर्माण र सेवा प्रवाहलाई प्रभावकारी र छिटो छरितो बनाउन विज्ञान र सूचना प्रविधिको अधिकतम् उपयोग गरिने छ ।<br>• कर्मचारीको क्षमता विकासमा विज्ञान प्रविधि र सूचना प्रविधिको पाठ्यक्रम समावेश गरिने छ ।<br>• प्रदेशमा भएको सेवाप्रवाहमैत्री नवीन प्रविधिलाई प्रोत्साहन गर्न आवधिक प्रदेश प्रविधि मेलाको परियोजना गरिने छ । | |

# अनुसूची ३०

## तथ्याङ्क प्रणाली, योजना प्रकृया एवम् अनुसन्धान उपक्षेत्रका रणनीति कार्यनीति कार्यान्वयन अवस्था

| रणनीति | कार्यनीति | कार्यान्वयन अवस्था |
|---|---|---|
| ८.६.१<br>सुदृढ तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापनको आधार तयार गर्ने । | • प्रदेश नीति तथा योजना आयोगमा तथ्याङ्क महाशाखा/विभाग स्थापना गरी तथ्याङ्क सङ्कलन, प्रशोधन, व्यवस्थापन, समन्वय र वितरणको जिम्मा दिइने छ ।<br>• आवश्यकता अनुसार प्राथमिक एवम् मध्यमस्तरीय तथ्याङ्क सङ्कलन गरी विद्युतीय प्रविधि र सूचना प्रणालीमा आबद्ध गराई आवश्यकत अनुसार तथ्याङ्कको आपूर्ति गरिने छ ।<br>• सङ्घ, प्रदेश र स्थानीय तहबिच तथ्याङ्क र सूचनाहरू सहज आदान प्रदानको लागि विद्युतीय कनेक्टिभिटीको व्यवस्था गरिने छ । | • आयोगमा तथ्याङ्क शाखा रहेको तर तथ्याङ्कसँग सम्बन्धित जनशक्तिको आपूर्ति नभएको ।<br>• प्रदेश सरकारलाई आवश्यक पर्ने तथ्याङ्क उपलब्ध द्वितीय स्रोतबाट सङ्कलन गरी आपूर्ति गर्ने गरिएको ।<br>• नभएको |
| ८.६.२<br>योजना तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनलाई यथार्थपरक, व्यवहारिक र परिणाममुखी बनाउने । | • तथ्याङ्क र सूचनाहरूको पर्याप्त विश्लेषण गरी यथार्थपरक योजना तर्जुमा गर्न आवश्यक नीतिगत व्यवस्था गरिने छ ।<br>• प्रदेश तह र स्थानीय तहका योजनाको वर्गीकरण मापदण्ड निर्माण गरी लागु गरिने छ ।<br>• विस्तृत अध्ययन प्रतिवेदन सम्पन्न भएका पूर्वाधार विकास परियोजनालाई मात्र प्रदेश योजनामा समावेश गरिने छ ।<br>• प्रदेश गौरवका परियोजनारू छनोटको कार्यविधि तर्जुमा गरिने छ ।<br>• योजना तर्जुमाका हरेक चरणमा लाभग्राहीहरूसँग पर्याप्त छलफल र सहभागिता गराई स्थानीय तहहरूसमेतको सहभागितामा योजना तर्जुमा गरिने छ । यसका लागि प्रदेश योजना तर्जुमा दिग्दर्शन तर्जुमा गरिने छ ।<br>• योजनाका हरेक शृङ्खलाहरूको कारण र परिणामको पर्याप्त विश्लेषण गर्दै अन्तरसम्बन्ध स्थापित गरिने छ । साथै, अन्तरक्षेत्रीय सम्बन्धहरूलाई सम्बद्ध योजना र कार्यक्रमहरूमा आत्मसात् गरिने छ ।<br>• योजना कार्यान्वयन गर्ने निकायको संस्थागत सुदृढीकरणका साथै आवश्यक कर्मचारीहरूको व्यवस्था एवम् तिनीहरूको क्षमता विकास गरी नतिजाप्रति उत्तरदायी बनाइने छ ।<br>• योजनासँग सम्बन्धित निकायहरूबिच समन्वय र साझेदारीको व्यवस्था गरिने छ ।<br>• योजनाका लागत, जनसहभागिता, परिणाम, गुणस्तर, समयपालना आदि विविध विषयमा मापदण्ड बनाई प्रभावकारी कार्यान्वयन गरिने छ ।<br>• योजना अनुगमन तथा मूल्याङ्कन निर्देशिका/दिग्दर्शन बनाई | • प्रदेश तथ्याङ्क व्यवस्थापनको लागि प्रदेश तथ्याङ्क ऐनको मस्यौदा तयार भई छलफलको क्रममा रहेको ।<br>• मापदण्ड तयार नभएको<br>• प्रतिवेदन तयार भएका र नभएका आयोजनाहरू समावेश हुने गरेको ।<br>• तयार नभएको ।<br>• वार्षिक आयोजना छनोट कार्यविधि तयार भई कार्यान्वनमा रहेको ।<br>• हुन नसकेको ।<br>• आवश्यक कर्मचारीको व्यवस्था हुन नसकेको ।<br>• सामान्य समन्वय र साझेदारी हुने गरेको ।<br>• नयाँ मापदण्ड तयार नभएको ।<br>• दिग्दर्शन तयार भएको र सो बमोजिम |

| रणनीति | कार्यनीति | कार्यान्वयन अवस्था |
|---|---|---|
| | तहगत रूपमा परियोजना अनुगमनका लागि मन्त्रालय, नीति तथा योजना आयोग र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुगमन संयन्त्र गठन गरी नियमित समीक्षा गरिने छ ।<br>• अनुगमन प्रणालीलाई नियमित र प्रभावकारी बनाउन कार्यक्रम वा परियोजना निर्माण तहमै नतिजा सूचकहरूको विकास गरी सोका आधारमा पारदर्शी उपलब्धि मापन गरिने छ ।<br>• केही निश्चित परियोजनाहरूको तेस्रो पक्षद्वारा मूल्याङ्कन गराई त्यसको अनुभव आगामी योजना तर्जुमाको पृष्ठपोषणको रूपमा लिइने छ । | अनुगमन संयन्त्र तयार भएको ।<br>• अनुगमन प्रणाली पराम्परागत रहेको ।<br>• तेस्रो पक्षबाट मूल्याङ्कन हुन नसकेको |
| ८.६.३<br>योजना निर्माण र मूल्याङ्कनमा सहयोगी हुने नव अनुसन्धान र विकासमा जोड दिने । | • सामाजिक आर्थिक विकासमा नयाँ आयामको खोजी गर्न र मौजुदा व्यवस्थामा सुधार गर्न अनुसन्धान र विकासमा जोड दिइने छ ।<br>• विशिष्टताका आधारमा विश्वविद्यालय तथा विभिन्न विषयपरक अनुसन्धानमूलक संस्थाहरूलाई अनुसन्धानमा संलग्न गराइने छ ।<br>• नवीनतम् र प्रभावकारी विधिहरूलाई योजना तर्जुमा, अनुगमन र मूल्याङ्कनमा समावेश गर्न नेपाल र छिमेकी मुलुकका विज्ञको सहभागितामा आवधिक योजना विधि कार्यशाला परियोजना गरिने छ र त्यसको नतिजालाई आगामी योजना प्रक्रियामा पृष्ठपोषण गरिने छ ।<br>• विकास कार्यक्रमहरूको वार्षिक बजेटको निश्चित प्रतिशत प्राथमिकता दिइएका अनुसन्धान र योजना विधि विकासमा प्रयोग गरिने छ । | • आवश्यकता महसुस भए पनि कार्य हुन नसकेको ।<br>• कृषि तथा वन विश्वविद्यालयसँग पटक पटक छलफल भए पनि त्यसले मूर्त रूप लिन बाँकी रहेको ।<br>• नभएको ।<br>• नभएको । |
| ८.६.४<br>परियोजना बैंकमा आधारित योजना प्रणालीलाई स्थापित गर्ने । | • परियोजनाहरूको पहिचान, वर्गीकरण, छनोट, विश्लेषण, मूल्याङ्कन तथा प्राथमिकीकरणको मापदण्ड बनाई लागु गरिने छ ।<br>• परियोजना बैंकमा रहेका परियोजनाहरू व्यवस्थित अभिलेखीकरणका लागि परियोजना बैंक विद्युतीय व्यवस्थापन सूचना प्रणालीमा आबद्ध गरी परियोजना बैंकबाट परियोजना छनोट प्रणालीलाई संस्थागत गरिने छ ।<br>• स्थानीय तहमा परियोजना बैंक स्थापना गर्न आवश्यक समन्वय गरिने छ । | • परियोजना बैंक प्रणाली स्थापना भए तापनि सोको कार्यान्वयन हुन नसकेको।<br>• प्रदेश नीति तथा योजना आयोगबाट हाल आयोजना बैंक कार्यान्वयनका लागि तयारी भइरहेको । |